# सिद्ध कुमाख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय, ढोरचौर, सल्यान
# कर्णाली प्रदेश, नेपाल

आवधिक योजना २०८०/०८१ – २०८५/०८६

## तयार गर्ने परामर्शदाता


## सेस्मिक रेजिलियन्ट स्ट्रक्चरल सोलुसन प्रा.लि.
## बानेश्वर, काठमान्डौं

**Email:- srssyrs16@gmail.com**

---

| | | |
|---|---|---|
| प्रकाशन | : | सिद्ध कुमाख गाउँपालिका कार्यालय, ढोरचौर, सल्यान कर्णाली प्रदेश |
| फोन | : | ९८५७८७९५५० |
| ईमेल | : | ito.siddhakumakh@gmail.com |
| वेव | : | siddhakumakhmun.gov.np |
| सर्वाधिकार | : | सिद्ध कुमाख गाउँ कार्यपालिकाको कार्यालय, ढोरचौर सल्यान |
| मुद्रक | : | |

सिद्ध कुमाख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
ढोरचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल



दुई शब्द

सिद्ध कुमाख गाउँपालिकाको वस्तुगत अवस्थाको चित्रण गर्दै मध्यकालीन र दिर्घकालीन आयोजनाहरु सहितको पालिका आवधिक योजना तयार गर्दा अत्यन्तै हर्षित भएको छु। सल्यान जिल्लाका अन्य स्थानीय तहहरुको तुलनामा भौगोलिक हिसाबले जटिल रहेता पनि यहाँ उपलब्ध सिमित स्रोत र साधनको व्यवस्थित तरिकाले उच्चतम उपयोग गर्दै आए जनताको अपेक्षा अनुसारको विकास गर्न सकिन्छ भन्ने विश्वास लिएको छु। सुशासन प्रभावकारी सेवा प्रवाह, पर्यटकीय पूर्वाधारको निर्माण, स्थानीय औद्योगिकरण, कृषिमा व्यवसायीकरण, उत्पादन तथा आयमुलक कार्यमा लगानी गर्दै रोजगार सिर्जना बाट आर्थिक समृद्धिमा गाउँपालिकालाई पुऱ्याउन सकिन्छ। त्यसकालागि संघीय, प्रदेश तथा स्थानीय सरकार लगायत राजनैतिक दल, विभिन्न संघ संस्था तथा निजीक्षेत्र सहित बुद्धिजीवी तथा स्थानीयहरु एकतावद्ध भई दृढ संकल्पका साथ लाग्नुपर्ने देखिन्छ।

अन्त्यमा, सिद्ध कुमाख गाउँपालिकाको आवधिक योजना तयार गर्दा विभिन्न तरिकाले सहयोग गर्नुहुने जननिर्वाचित प्रतिनिधि ज्युहरु, कर्मचारी मित्रहरु, राजनैतिक दलहरु, बुद्धिजीवी साथीहरु लगायत प्राविधिक सहयोग गर्ने सेस्मिक रेजीलियन्ट स्ट्रक्चरल सोलुसन प्रा.लि. लाई विशेष धन्यवाद दिन चाहन्छु।

भरत गिरी
सिद्ध कुमाख गाउँपालिका अध्यक्ष

सिद्ध कुमाख गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

ढोरचौर, सल्यान

कर्णाली प्रदेश, नेपाल



दुई शब्द

नेपालको संविधान २०७२ ले परिकल्पना गरे अनुरुप मुलुकमा संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुसार संघ, प्रदेश र स्थानिय तह गरि ३ वटा सरकारहरु मार्फत राज्य व्यवस्था संचालन भई रहेको छ। यसको मुख्य उदेश्य नेपालमा समाजवाद उन्मुख निति कार्यक्रम मार्फत नेपालि समाजमा रहेको जातिय, वर्गिय, लैङ्गिक, सामाजिक, आर्थिक, साँस्कृतिक, राजनैतिक, भौगोलिक, शैक्षिक आदि यस्तै प्रकारको विभेदहरुको अन्त्य गरि आर्थिक, शैक्षिक, समान्ता, समृद्धि र सामाजिक न्यायको सुनिश्चितता समानुपातिक समावेशी र सहभागिता मुलक सिद्धान्तका आधारमा समान्तामुलक समाज निर्माण गर्ने संकल्प लिएको कुरा सर्वविधितै छ।

यसै सन्दर्भमा सिद्ध कुमाख गाउँपालिकाको समग्र विकास लागि यस पालिकाको पहिलो आवधिक योजनाले लिएका लक्ष्य र उदेश्यहरु कार्यन्वयन गर्दैजाँदा आ.व २०८०/२०८१ सम्म थुप्रै सकारात्मक काम भएका छन । भने केही पुरा गर्न नसकिएका काम र अब गर्नु पर्ने योजनाहरु यस सिद्ध कुमाख गाउँपालिकाको दोस्रो आवधिक योजना आ.व २०८०/२०८१ देखि २०८५/२०८६ सम्मका योजनामा विभिन्न स्रोत नक्साहरु सहित पालिकाको आर्थिक, सामाजिक, पूर्वाधार, वनवातावरण तथा विपद लगायत अवस्थाको यथार्थ चित्रण गरिएको छ।

यस पालिकाको दोस्रो आवधिक योजना यस सिद्ध कुमाख गाउँपालिकालाई स्वच्छ र समृद्ध गाउँपालिका बनाउने प्रतिवद्धताका साथ पालिकाका हरेक बस्तिस्तरका भौतिक पूर्वाधार निर्माण र मानव संसाधनको समग्र विकासको लागी यस पालिकाका सम्पूर्ण जनसमुदायहरुको भावना र आकाँक्षालाई अधिकतमरुपमा समेटेर तयार पारिएको छ ।

उक्त आवधिक योजना तयार गर्दै गर्दा यस पालिकालाई भौतिक निर्माण, आर्थिक, समाजिक, साँस्कृतिक शैक्षिक, समाजिक रुपान्तरण, स्वास्थ्य सुधार र अन्य क्षेत्रको उत्थान गरेर समुन्नत गाउँपालिका बनाउनका लागी भावि परिकल्पना र दिर्घकालिन सोच सहित अगाडी बढ्ने सोचिएको छ ।

अन्त्येमा यस गाउँपालिकाको दोस्रो आवधिक योजना तयार गर्ने क्रममा प्रत्येक्ष अप्रत्येक्षरुपमा महत्वपुर्ण सहयोग गर्नु हुने सम्पूर्णामा हार्दिक आभार व्यक्त गर्दै यसलाइ समयअनुकुल परिमार्जन गर्दै पूर्णरुपमा कार्यन्वयन गर्नुका साथै आफु सधै सहकार्य सह अस्थित्व र सहमतिका साथ अगाडी बढ्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

राम बहादुर वस्नेत

सिद्ध कुमाख गाउँपालिका उपाध्यक्ष

सिद्ध कुमाख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
ढोरचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल



## दुई शब्द

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहमा विभाजन गरि तिनै तहको सरकारको अधिकारको बाँडफाँड गरी संघीयता कार्यान्वियनको लागि आधार तयार गरेको छ। संविधानको कार्यान्वियनको माध्यमबाट संघीय शासन प्रणालीलाई मजबुत बनाउन तिनै तहको सरकारको प्रमुख कर्तव्य हो। आफ्नो एकल तथा साझा अधिकारको कार्यान्वियनको माध्यमबाट संविधानमा उल्लेखित मौलिक अधिकारहरुको प्रत्याभुति गरी शासन प्रणालीलाई सुदृढ बनाउन सकिन्छ।

नेपालको योजनाबद्ध विकासको क्रममा १४ वटा आवधिक योजनाहरुको कार्यान्वियन भई सकेको छ भने चालु पन्ध्रौं योजना कार्यान्वियनको अन्तिम चरणमा रहेको छ। यसको मध्यावधि समिक्षा समेत सम्पन्न भई सकेको छ। नेपाल सरकारको 'समृद्ध नेपाल र सुखी नेपाली' को दीर्घकालीन सोच २१०० को आधार योजनाको रुपमा चालु आवधिक योजना रहेको छ भने सोही परिकल्पनालाई पुरा गर्न कर्णाली प्रदेशको प्रथम आवधिक योजना कार्यान्वियनमा रहेको छ। संघ र प्रदेशको आवधिक योजनाले राखेको उद्देश्य कार्यान्वियनका लागि स्थानीय आवश्यकता पहिचान गरी सिद्ध कुमाख गाउँपालिकाले यो दोस्रो आवधिक योजना (२०८०/०८१ - २०८५/०८६) तर्जुमा गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ 'छ' अनुसार स्थानीय स्तरको विकास निर्माण सम्बन्धि आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई कार्यान्वियन गर्ने व्यवस्था अनुरुप स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार यो योजना तर्जुमा गरिएको छ। स्थानीय तहका असिमित आवश्यकता तथा सिमित स्रोत, साधन बिचको तादात्म्यता कायम गरी स्थानीय विकासलाई आधार प्रदान गर्नु यसको उद्देश्य हो।

दोस्रो आवधिक योजना तर्जुमाको क्रममा सहयोग गर्ने सम्पुर्ण जनप्रतिनिधि, विषय विज्ञ, कर्मचारी, सेस्मिक रेजीलियन्ट स्ट्रक्चरल सोलुसन प्रा.लि., काठमाडौं तथा सम्बद्ध सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। यो योजना सिद्ध कुमाख गाउँपालिकाको सर्वाङ्गीण विकासको लागि कोशे ढुङ्गा साबित हुने विश्वास लिएको छु।

डिल्ली खड्का
प्रमुख प्रशासकीय अधिकृत

☎ ९८५७८५५००५ वेबसाईट :- www.siddhakumakhmun.gov.np E-mail:ito.siddhakumakhmun@gmail.com

**विषय सूचि**

परिच्छेद (एक)....................1
आवधिक योजनाको परिचय र विधि....................1
१.१ पृष्ठभूमि....................१
१.२ आवधिक योजनाको अवधारणा....................२
१.३ आवधिक योजनाको नीति तथा वैधानिक प्रावधान....................२
१.४ संघ, प्रदेश र गाउँपालिकाको आवधिक योजनासँग अन्तरसम्बन्ध....................३
१.५ आवधिक योजना तर्जुमाका उद्देश्यहरू....................४
१.६ आवधिक योजनाका क्षेत्र तथा सीमाहरू....................४
१.७ अध्ययन विधि....................६
१.८ योजना तर्जुमाको प्रक्रिया....................११
१.९ प्रारम्भिक मस्यौदा योजना लेखन, प्रस्तुति तथा छलफल....................१४
परिच्छेद (दुई)....................१६
गाउँपालिकाको विकास विद्यमान स्थिति र उपलब्धि समिक्षा....................१६
२.१ गाउँपालिकाको परिचय....................१६
२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना....................१६
२.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा....................१९
१.१.३ जनसांख्यिक अवस्था....................२४
२.२ आर्थिक विकासको अवस्था....................२६
२.२.१ कृषि तथा खाद्य सुरक्षा....................२७
२.२.२ पर्यटन तथा संस्कृति....................३४
२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति....................३४
२.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा....................३९
२.२.५ सहकारी....................४४
२.३ सामाजिक विकासको अवस्था....................४५

२.३.१ स्वास्थ्य तथा पोषण ........................................................................४५

२.३.२ शैक्षिक विकास...............................................................................४८

२.३.३ खानेपानी तथा सरसफाई ....................................................................५४

२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ..........................................६४

२.३.५ युवा, खेलकुद तथा कला ....................................................................६७

२.४ पूर्वाधार तथा शहरी/ग्रामिण विकासको अवस्था ...............................................६९

२.४.१ बस्ति, आवास, भवन तथा सार्वजनिक निर्माण...............................................६९

२.४.२ सडक, पुल तथा यातायात ....................................................................७१

२.४.३ विद्युत तथा वैकल्पिक उर्जा ..................................................................७५

२.४.४ सूचना, सञ्चार तथा प्रविधि ..................................................................७६

२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ..................७७

२.५.१ वन तथा जैविक विविधता....................................................................७७

२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन .......................................................७८

२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन ................................७८

२.५.४ महामारी तथा विपद् व्यवस्थापन.............................................................७८

२.६ सुशासन तथा संस्थागत व्यवस्थापन...........................................................७९

२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन.............................................................७९

२.६.२ संगठनात्मक विकास ..........................................................................८१

२.६.३ श्रोत परिचालन.................................................................................८२

२.६.४ योजना व्यवस्थापन............................................................................८३

परिच्छेद ३ (तिन)...................................................................................८५

सोच तथा विकासको अवधारणा.....................................................................८५

३.१ पृष्ठभूमि ...........................................................................................८५

३.२ प्रमुख समस्या तथा चुनौती.....................................................................८५

३.३ प्रमुख सम्भावना तथा अवसर ..................................................................९१

३.४ निर्देशक सिद्धान्त ........................................ ९५

३.५ सोच, लक्ष्य तथा उद्देश्य ........................................ ९७

३.६ परिमाणात्मक लक्ष्य ........................................ १०१

३.७ रणनीति तथा प्राथमिकता (प्राथमिकता निर्धारित समेत) ........................................ १११

३.८ लगानी स्रोत र अनुमान र बाँडफाँड ........................................ १२३

परिक्षेद ४ (चार) ........................................ १२७

आर्थिक विकास ........................................ १२७

४.१ कृषि तथा पशुपन्छी ........................................ १२७

४.१.१ पृष्ठभूमि ........................................ १२७

४.१.२ समस्या तथा चुनौती ........................................ १२७

४.१.३ सम्भावना तथा अवसर ........................................ १२९

४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........................................ १३०

४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................................ १३९

४.१.६ अनुमन तथा जोखिम पक्ष ........................................ १४०

४.२ सिंचाई ........................................ १५७

४.२.१ पृष्ठभूमि ........................................ १५७

४.२.२ समस्या तथा चुनौती ........................................ १५७

४.२.३ सम्भावना तथा अवसर ........................................ १५८

४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........................................ १५८

४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................................ १६०

४.२.६ अनुमान तथा जोखिम पक्ष ........................................ १६०

४.३ पर्यटन, संस्कृति तथा सम्पदा ........................................ १७५

४.३.१ पृष्ठभूमि ........................................ १७५

४.३.२ समस्या तथा चुनौती ........................................ १७६

४.३.३ सम्भावना तथा अवसर ........................................ १७६

४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........................................ १७७
४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका........................................ १७९
४.३.६ अनुमान तथा जोखिम पक्ष ........................................ १८०
४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति........................................ १८५
४.४.१ पृष्ठभूमि ........................................ १८५
४.४.२ समस्या तथा चुनौती ........................................ १८५
४.४.३ सम्भावना तथा अवसर........................................ १८६
४.४.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........................................ १८६
४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका........................................ १८९
४.४.६ अनुमान तथा जोखिमपक्ष........................................ १९०
४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा........................................ १९५
४.५.१ पृष्ठभूमि ........................................ १९५
४.५.२ समस्या तथा चुनौति ........................................ १९६
४.५.३ सम्भावना तथा अवसर........................................ १९६
४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य रणनीति, कार्यक्रम तथा आयोजना ........................................ १९७
४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका........................................ २००
४.५.६ अनुमान तथा जोखिम पक्ष ........................................ २००
परिच्छेद (पाँच)........................................ २०४
सामाजिक क्षेत्र........................................ २०४
५.१ स्वास्थ्य तथा पोषण........................................ २०४
५.१.१ पृष्ठभूमि ........................................ २०४
५.१.२ समस्या र चुनौती ........................................ २०४
५.१.३ सम्भावना र अवसर ........................................ २०६
५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना........................................ २०६
५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका........................................ २०९

५.१.६ अनुमान तथा जोखिम पक्ष................................................................ २१०

५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन................................................................ २१७

५.२.१ पृष्ठभूमि ................................................................ २१७

५.२.२ समस्या र चुनौती ................................................................ २१७

५.२.३ सम्भावना र अवसर................................................................ २१८

५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना................................................................ २१८

५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका................................................................ २२२

५.२.६ अनुमान तथा जोखिम पक्ष................................................................ २२३

५.३ खानेपानी तथा सरसफाइ................................................................ २४२

५.३.१ पृष्ठभूमि ................................................................ २४२

५.३.२ समस्या र चुनौती ................................................................ २४२

५.३.३ सम्भावना र अवसर................................................................ २४३

५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना................................................................ २४३

५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका................................................................ २४५

५.३.६ अनुमान तथा जोखिम पक्ष................................................................ २४६

५.४ महिला, बालबालिका तथा लक्षित वर्ग................................................................ २६४

५.४.१ पृष्ठभूमि ................................................................ २६४

५.४.२ समस्या र चुनौती ................................................................ २६४

५.४.३ सम्भावना र अवसर................................................................ २६४

५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना................................................................ २६५

५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका................................................................ २६९

५.४.६ अनुमान तथा जोखिम पक्ष................................................................ २६९

५.५ युवा तथा खेलकुद................................................................ २७३

५.५.१ पृष्ठभूमि ................................................................ २७३

५.५.२ समस्या र चुनौती ................................................................ २७३

५.५.३ सम्भावना र अवसर ........ २७३
५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ २७४
५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ २७६
५.५.६ अनुमान तथा जोखिम पक्ष ........ २७६
परिच्छेद (छ) ........ २८०
पूर्वाधार क्षेत्र ........ २८०
६.१ बस्ति, आवास भवन तथा सार्वजनिक निर्माण ........ २८०
६.१.१ पृष्ठभूमि ........ २८०
६.१.२ समस्या तथा चुनौती ........ २८०
६.१.३ सम्भावना तथा अवसर ........ २८१
६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ २८२
६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ २८४
६.१.६ अनुमान तथा जोखिम पक्ष ........ २८५
६.२ सडक, पुल तथा यातायात ........ २८९
६.२.१ पृष्ठभूमि ........ २८९
६.२.२ समस्या तथा चुनौती ........ २८९
६.२.३ सम्भावना तथा अवसर ........ २९०
६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ २९०
६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ २९४
६.२.६ अनुमान तथा जोखिम पक्ष ........ २९६
६.३ जलश्रोत, विद्युत तथा बैकल्पिक उर्जा ........ ३१५
६.३.१ पृष्ठभूमि ........ ३१५
६.३.२ समस्या तथा चुनौती ........ ३१५
६.३.३ सम्भावना तथा अवसर ........ ३१५
६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ३१६

६.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... ३१७
६.३.६ अनुमान तथा जोखिम पक्ष ..... ३१७
६.४ सूचना, सञ्चार तथा प्रविधि ..... ३२२
६.४.१ पृष्ठभूमि ..... ३२२
६.४.२ समस्या तथा चुनौती ..... ३२२
६.४.३ सम्भावना तथा अवसर ..... ३२३
६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति कार्यत्रम तथा आयोजना ..... ३२३
६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... ३२५
६.४.६ अनुमान तथा जोखिम पक्ष ..... ३२५
परिच्छेद (सात) ..... ३२८
वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र ..... ३२८
७.१ वन तथा जैविक विविधता ..... ३२८
७.१.१ पृष्ठभूमि ..... ३२८
७.१.२ समस्या तथा चुनौती ..... ३२८
७.१.३ सम्भावना तथा अवसर ..... ३२९
७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य रणनीति, कार्यक्रम तथा आयोजना ..... ३३०
७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... ३३३
७.१.६ अनुमान तथा जोखिम पक्ष ..... ३३५
७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ..... ३३८
७.२.१ पृष्ठभूमि ..... ३३८
७.२.२ समस्या तथा चुनौती ..... ३३८
७.२.३ सम्भावना तथा अवसर ..... ३३९
७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... ३३९
७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... ३४०
७.२.६ अनुमान तथा जोखिम पक्ष ..... ३४०

७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन ........ ३४३
७.३.१ पृष्ठभूमि ........ ३४३
७.३.२ समस्या तथा चुनौती ........ ३४३
७.३.३. संभावना तथा अवसर ........ ३४४
७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ३४५
७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका........ ३४८
७.३.६ अनुमान तथा जोखिम पक्ष ........ ३४९
७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थाशिलता ........ ३५२
७.४.१ पृष्ठभूमि ........ ३५२
७.४.२ समस्या तथा चुनौती ........ ३५२
७.४.३ सम्भावना तथा अवसर........ ३५४
७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ३५५
७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका........ ३५७
७.४.६ अनुमान तथा जोखिम पक्ष ........ ३५८
परिच्छेद ८ (आठ)........ ३६३
संस्थागत विकास तथा सुशासन क्षेत्र........ ३६३
८.१ संस्थागत विकास तथा सुशासन........ ३६३
८.१.१ पृष्ठभूमि ........ ३६३
८.१.२ समस्या तथा चुनौती ........ ३६५
८.१.३ संभावना तथा अवसर ........ ३६६
८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ३६७
८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका........ ३७०
८.१.६ अनुमान तथा जोखिम पक्ष ........ ३७२
परिच्छेद ९ (नौ) ........ ३८५
कार्यान्वयन व्यवस्था........ ३८५

९.१ पृष्ठभूमि ........ ३८५

९.२ संस्थागत व्यवस्था तथा मानव संशोधन योजना ........ ३८६

९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट ........ ३८९

९.४ स्रोत अनुमान तथा प्रक्षेपण ........ ३९३

९.५ स्रोत परिचालन रणनीति ........ ३९६

९.६ आवधिक योजना कार्यान्वयन ........ ३९७

९.७ अनुगमन तथा मूल्याङ्कन योजना ........ ३९८

९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता ........ ३९८

९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी ........ ३९९

९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया ........ ३९९

## संक्षिप्त शब्दावलीहरु

| | |
|---|---|
| उ.स. | उपभोक्ता समिति |
| गा.पा.चि. | गाउँपालिका पार्श्व चित्र |
| रा.यो.आ | राष्ट्रिय योजना आयोग |
| दि.वि.ल. | दिगो विकास लक्ष्य |
| दि.रा.ल. | दिगो राष्ट्रिय लक्ष्य |
| सि.गा.पा. | सिद्ध कुमाख गाउँपालिका |
| स.सं. | सहकारी संस्था |
| सा.सं. | सामुदायिक संस्था |
| गा.पा. | गाउँपालिका |
| घ.धु | घरधुरी |
| अ.मु. | अनुगमन तथा मूल्याङ्कन |
| अ/गैसस. | अन्तराष्ट्रिय/गैर सरकारी संस्था |
| आ.व. | आर्थिक वर्ष |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| आ.वि. | आधारभूत विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| ने रु | नेपाली रुपैयाँ |
| ने स | नेपाल सरकार |
| लि. | लिटर |
| मि. | मिटर |
| कि.मि. | किलोमिटर |
| घ.मि | घन मिटर |
| हे. | हेक्टर |
| मे.ट. | मेट्रिक टन |
| नं. | नम्बर |
| व.नं. | वडा नम्वर |
| क्र.स | क्रम संख्या |
| सि.नं. | सिरिअल नम्बर |
| % | प्रतिशत |
| NA | Not Available |

# परिच्छेद (एक)
# आवधिक योजनाको परिचय र विधि

## १.१ पृष्ठभूमि

सिद्ध कुमाख गाउँपालिका सल्यान जिल्लाका दश वटा स्थानीय तह (तिन नगरपालिका र सात गाउँपालिका) मध्ये एक हो। भौगोलिक रूपमा सल्यानको कुल क्षेत्रफल १,४६२ वर्ग कि.मि. मध्ये ८९.३६ वर्ग कि.मि. क्षेत्रफलमा यो गाउँपालिका फैलिएको छ। यस गाउँपालिका नेपालको मध्य पहाडी भू-भागमा अवस्थित रहेको छ। मध्य पहाडी भूभाग भएता पनि जमिनको उर्वराशक्ति राम्रो रहेको छ। भौतिक पूर्वाधार निर्माणका दृष्टिले तुलनात्मक रुपमा प्रतिकूल रहेको यो गाउँपालिकाका सबै वडा कार्यालयसम्म कच्ची सडक पुऱ्याएको छ। नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदान गरेको अधिकारभित्र रही गाउँपालिकाको विकास र सम्वृद्धिको खाका आफै कोर्ने र निर्धारित खाका अनुसार योजनाबद्ध कार्यान्वयन गर्दै जनताको दिगो तथा उच्च जीवनस्तर हासिल गर्न स्थानीय सरकारको दायित्वलाई व्यवस्थित गर्ने उद्देश्यले प्रस्तुत आवधिक योजना तयार गरिएको छ। जनताको प्रत्यक्ष सहभागिता र निगरानीमा सहभागितामूलक, समावेशी, समन्यायिक द्रुत आर्थिक तथा सामाजिक विकासको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन दृष्टिकोण राख्दै विकासका उद्देश्यहरू, रणनीतिक कार्यक्रमहरू र आयोजनाहरूको छनौट गर्ने, कार्यान्वयनको कार्ययोजना र अनुगमन तथा मूल्याङ्कनको सुस्पष्ट ढाँचा र कार्यविधि प्रस्तुत गर्नु यस आवधिक योजनाको कार्यभार रहेको छ। यस योजनाले विकास निर्माण र सार्वजनिक सेवा प्रवाहलाई स्थानीय जनताको निकट पहुँचमा राखी उनीहरूको सम्वृद्धिको रेखा आफै कोर्ने सहभागितामूलक रणनीति अवलम्वन गरेको छ। कार्यान्वयन र मूल्यांकनमा समेत स्थानीय जनताको प्रत्यक्ष संलग्नता, दिगो विकासका लक्ष्य, संघीय, प्रादेशिक सरकारका नीति तथा कार्यक्रम, गैरसरकारी संघ संस्थाहरू तथा निजी क्षेत्रको क्रियाकलाप समेतलाई साझेदार क्रियाकलापका रूपमा ग्रहण गरी गाउँपालिकालाई समन्वयात्मक भूमिका र विकासको केन्द्र (Focal Point) का रूपमा सुदृढ गर्ने अवधारणा राखेको छ।

नेपालको संविधानको सफल कार्यान्यनका लागि नेपाल सरकारले लिएको “समृद्ध नेपाल, सुखी नेपाली” को सोचलाई साकार पार्न सबै तहका सरकारहरूको योजना चक्र प्रभावकारी हुन जरूरी छ। तसर्थ संविधानले स्थानीय तहलाई आफ्नो क्षेत्रको प्राकृतिक तथा आर्थिक स्रोत संकलन तथा परिचालनका लागि जिम्मेवार बनाएको छ। यिनै जिम्मेवारीलाई पुरा गर्न स्थानीय तहले आ–आफ्नो क्षेत्रको समष्टिगत विकासका लागि आवधिक योजना बनाई कार्यान्वयन गर्न आवश्यक रहेको छ। जनताको जीवनस्तरमा सुधार ल्याउन गाउँपालिका भित्रका विकासका संभावनाहरूको आधार तथा नेपाल सरकारले आन्तरिकीकरणमा जोड दिएको दिगो विकासका लक्ष्यहरूलाई समेत आधार मानी विकासमा लगानीको अभिवृद्धि गर्नका लागि आगामी ५ वर्ष भित्र सामाजिक न्याय सहितको शिक्षित, स्वस्थ तथा समृद्ध र विभेद रहित समाजको निर्माण गर्न तथा उच्च आर्थिक वृद्धि गर्दै गाउँ बासीको जीवनस्तरमा सुधार ल्याउने लक्ष्य लिएको छ। नेपालको संविधान, संघ तथा प्रदेश सरकारका दीर्घकालीन सोचलाई आत्मसात गर्दै जनताको आवश्यकता, गाउँपालिकाको क्षमता तथा स्थानीय यथार्थताका आधारमा गाउँपालिका भित्रका जनताका आधारभूत र बदलिदो परिवेशका आवश्यकताहरूलाई मध्यनजर गर्दै समावेशी विकासको धारणालाई समेत ध्यानमा राखी सिद्ध कुमाख गाउँपालिकाले यो आवधिक योजना २०८१/२०८२–२०८५/२०८६ तयार पारिएको छ।

## १.२ आवधिक योजनाको अवधारणा

विकास योजना पूर्वनिर्धारित आर्थिक/सामाजिक उद्देश्य र लक्ष्यहरू प्राप्त गर्न निर्धारित अधिकार प्राप्त निकायले आधिकारिक तथ्यहरूको व्यापक सर्वेक्षणका आधारमा व्यवस्थित रूपमा तयार गर्ने वैधानिक दस्तावेज (Document) हो। यसलाई कार्यक्रम वा क्रियाकलापहरूको प्रक्षेपित लक्ष्यहरू प्राप्त गर्ने प्रभावकारी कार्यान्वयनको मार्गदर्शन पनि भन्न सकिन्छ। आवधिक योजनालाई दीर्घकालीन योजनाको कार्यान्वयनको अल्पकालीन र मध्यमकालीन समयवद्ध खाका, विद्यमान श्रोतको उपयुक्त बाँडफाँड र क्रियाकलापहरूको कार्यान्वयनको चरणवद्ध कार्यक्रम भन्न सकिन्छ। स्थानीय निकायको आवधिक योजना भनेको जनताका विकासका चाहना र आकांक्षाहरूको सर्वेक्षणका आधारमा जनताकै प्रत्यक्ष सहभागिता र संग्लनतामा बनाइने तलबाट उठेको (Bottom up) ढाँचा, श्रोत साधनहरूको समयवद्ध र क्षेत्रगत बाँडफाँडका आधारमा पूर्व निर्धारित उद्देश्य र लक्ष्यहरूको प्राप्तिका लागि बनाइएका सुस्पष्ट, विशिष्ट कार्यक्रम र कार्ययोजनाहरूको खाका र रणनीतिको रूपमा बुझ्न सकिन्छ। यस्तो योजना प्रकृयामा सम्वद्ध जनता र समुदायको अर्थपूर्ण सहभागिता र साझेदारी, स्थानीय श्रोतहरू र संभावनाहरूको उपयोगबाट स्थानीय आवश्यकताहरूको परिपूर्ति तथा स्थानीय जनताको विकास निर्माणमा प्रत्यक्ष निगरानी, अनुगमन र मूल्यांकनको स्थानीय ढाँचा र जिम्मेवारीको बाँडफाँड महत्वपूर्ण हुन्छ।

केन्द्रीकृत योजना निर्माणको माथिबाट लादिएको (Top-Down) प्रकृयाभन्दा तलबाटै उठेका (Bottom-up) योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्यांकनको वैकल्पिक प्रकृया राष्ट्रिय तथा अन्तर्राष्ट्रिय योजना र विकासका अनुभवहरूले सिद्ध गरेको जनमुखी प्रकृया हो। यसमा दिगो विकासका आधारभूत मान्यताहरू समेटिनुका साथै आर्थिक, सामाजिक, भौतिक, वातावरणीय र संस्थागत योजनाहरूको उपयुक्त सन्तुलन स्थापित गर्ने प्रयत्न हुन्छ। यस्तो योजनामा योजनाको प्रारम्भदेखि आवश्यकता पहिचान, दीर्घकालीन सोच, ध्येय तथा उद्देश्य तय गर्ने, योजना, कार्यक्रम र परियोजनाहरूको छनौट र प्राथमिकता निर्धारण, कार्यक्रम र आयोजनाको कार्यान्वयनका साथै स्थानीय मूल्य मान्यता र संस्कृतिको संरक्षण, श्रोत र साधनहरूको व्यवस्थापन, कार्यान्वयन प्रकृयाको अनुगमन र मूल्याकंनमा स्थानीय जनताको सक्रिय सहभागिताको महत्वपूर्ण भूमिका हुने भएकाले यस्ता योजनाहरूमा आम जनसमुदायको अपनत्व र स्वामित्व स्थापित भै योजनावद्ध कार्यक्रमहरूको अधिकतम प्रतिफल प्राप्ति हुने र त्यसबाट समयमै आयोजना तथा कार्यक्रमहरू सम्पन्न हुने कुराको सुनिश्चितता हुन्छ। यस्ता योजनाले आयोजना र कार्यक्रमहरूबाट प्राप्त हुने अपेक्षित प्रतिफलको वितरण समन्यायिक र दिगो समेत हुने विश्वास गरिन्छ।

## १.३ आवधिक योजनाको नीति तथा वैधानिक प्रावधान

यो आवधिक योजना स्थानीय तहले आफ्नो संवैधानिक हैसियत र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६, दफा २४ को व्यवस्थाअनुसार स्थानीय तहलाई प्रदान गरिएका अधिकारहरूको कार्यान्वयन गर्ने क्रममा तयार गरिएको हो। उक्त ऐनले निर्धारण गरेको क्षेत्राधिकार र त्यसले स्थानीय तहलाई आफ्नो क्षेत्रको विकास आफै गर्न सक्ने र त्यसका लागि वार्षिक, आवधिक र दीर्घकालीन योजना तथा कार्यक्रमहरू निर्माण गर्नुपर्ने प्रावधान बमोजिम सिद्ध कुमाख गाउँपालिकाको विनियोजित बजेट र कार्यनिर्देशन (TOR) को अधिनमा रहि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७२ बमोजिम प्रकृया पूरा गरी सेस्मिक

रेजिलियन्ट स्ट्रक्चरल सोलुसन प्रा.लि.लाई नियमानुसार परामर्शदाता नियुक्त गरी योजना निर्माण गर्ने जिम्मेवारी दिइएको थियो। सो जिम्मेवारी अनुसार परामर्शदाता संस्थालाई दिएको कार्यनिर्देशन (TOR) अनुसार व्यापक सर्वेक्षण र अन्तरक्रियाबाट सहभागितामूलक प्रकृया अवलम्बन गरी यो आवधिक योजना तयार गरिएको छ। विभिन्न विषयगत समितिहरूसँग व्यापक छलफल गरी परामर्शदाता संस्थाले तयार गरेको यस योजनालाई गाउँपालिकाको निर्देशक समिति (Steering Committee) बाट पारित भए पछि गाउँकार्यपालिकाले स्वीकृत गरी गाउँसभाले अनुमोदन गरेपछि यो आवधिक योजना लागू हुनेछ। यो आवधिक योजना तयार गर्दा देहायवमोजिमका नीतिहरूलाई अवलम्बन गरिएको छ:

- राष्ट्रिय योजना आयोगको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा आधारित
- सिद्ध कुमाख गाउँपालिकाको आवधिक योजना तर्जुमाको निर्दिष्ट कार्य निर्देशिका (Term of Reference) मा आधारित,
- गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक तथा प्राकृतिक स्रोतको विद्यमान अवस्थामा आधारित,
- जनताको आवश्यकता र आकांक्षाको संकलन र छलफलमा आधारित,
- गाउँपालिकाको विगतको वित्तीय अवस्था र भविष्यको प्रक्षेपणमा आधारित,
- स्थानीय स्रोत, सामग्री र जनशक्तिको अधिकतम प्रयोग गर्ने सोंचमा आधारित,
- गाउँपालिकाको दीर्घकालीन सोंच, लक्ष्य र रणनीतिहरूमा आधारित,
- संघ र प्रदेशका योजना तथा कार्यक्रमहरूसँग तादात्म्यतामा आधारित,
- विकास योजनाहरूको क्षेत्रगत बाँडफाँड र सन्तुलनमा आधारित,
- समयवद्ध कार्यान्वयनको ढाँचा र लगानीको योजनामा आधारित र
- योजना र कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्यांकनको सुस्पष्ट प्रणालीमा आधारित।

### १.४ संघ,प्रदेश र गाउँपालिकाको आवधिक योजनासँग अन्तरसम्बन्ध

राज्यको पुर्नसंरचनासँगै संघ, प्रदेश र स्थानीय सरकारले आफ्नो आवश्यकतामा आधारित विकासका आवधिक योजनाहरू निर्माण गरी कार्यान्वयनका लागि नीति, कार्यक्रम र बजेटका माध्यमबाट समृद्धिको यात्रा तय गर्ने अधिकार रहेको छ। राष्ट्रको समग्र विकास एकल प्रयासबाट मात्र संभव नहुने भएकाले अन्तर सरकार सम्बन्ध र योजनाका माध्यमबाट एकतावद्ध ढंगले एउटै सोचाई राखेर गरिएको विकास प्रयासले सीमित स्रोत र साधनको एकीकृत ढंगले उपयोग गरी छोटो समयमा उपलब्धिमूलक प्रगति गर्नका लागि तीन वटै तहका सरकारहरूको विकास योजनाहरू एक अर्काका परिपुरक हुनु पर्दछ। तिनीहरू बिचको सम्बन्ध र तादात्म्यता हुनुपर्ने आवश्यकतालाई यो आवधिक योजनामा पनि मध्यनजर गरिएको छ। खासगरी केन्द्रीय, प्रादेशिक र स्थानीय योजना र कार्यक्रमहरू परस्पर बाझिने, दोहोरिने संभावना र त्यसबाट कार्यान्वयनमा पैदा हुने जटिलतालाई योजना बनाउँदा विशेष हेक्का राखिएको छ। सुख र समृद्धि सबैंको चाहना भएकाले संघीय सरकारले पन्ध्रौं योजनामा परिकल्पना गरेको **"समृद्ध नेपाल र सुखी नेपाली"** को नारालाई आफ्नो दीर्घकालीन सोचको रूपमा अगाडि सारेको छ र यही नारालाई एकाकार गर्दै कर्णाली प्रदेश सरकारले पनि आगामी वर्षहरूको विकासको सोच **"समृद्ध कर्णाली, सुखारी कर्णालीबासी"** को नारालाई विकास अभियानको रूपमा कायम गरेको छ। सिद्ध कुमाख गाउँपालिकाको सोच र विकास अभियानलाई सोहि अनुकूल बनाइ तिनै

तहका सरकारहरूको विकास अभियानलाई एकअर्काका पूरकका रूपमा अगाडि बढाउने गरी यो आवधिक योजना तयार गरिएको छ। केन्द्र, प्रदेश र स्थानीय तहको अधिकारको सूचीलाई समेत मध्यनजर गरी तिनीहरूबाट निक्षेपित हुने अनुदान र राजश्व बाँडफाँडलाई यस आवधिक योजनाको वित्तीय योजना र क्षेत्रगत लगानी कार्यक्रम तय गर्दा विशेष ध्यान पुऱ्याइएको छ। साथै नेपालले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता, राष्ट्रिय र प्रादेशिक विकास नीति र कार्यक्रमसँग यो आवधिक योजनालाई आवद्ध गरिएको छ।

### १.५ आवधिक योजना तर्जुमाका उद्देश्यहरू

संविधानको अनुसूची ८ अन्तर्गत २२ एकल अधिकार र अनुसूची ९ अन्तर्गत प्रदेशसँगका साझा अधिकार स्थानीय सरकारलाई प्रदान गरेको सन्दर्भमा यस आवधिक योजना तर्जुमाको मुख्य उद्देश्य सिद्ध कुमाख गाउँपालिकाको विकासको दीर्घकालीन सोच बमोजिम क्षेत्रगत विकासको समग्र योजना र कार्यक्रमहरू तय गरी सिद्ध कुमाखबासी जनताको सम्वृद्धिलाई सुनिश्चित गर्नु रहेको छ। यसका विशिष्ट उद्देश्यहरू देहायवमोजिम रहेका छन्

- गाउँपालिका र यसका विभिन्न क्षेत्रभित्र उद्योग, व्यापार, कृषि, पशुपालन, पर्यटन, ऊर्जा र रोजगारी प्रर्वद्धन कार्यक्रमहरू मार्फत आर्थिक गतिविधिमा विस्तार र विकास गर्न आर्थिक विकास योजना तर्जुमा गर्नु।
- आवधिक योजनाका विभिन्न कार्यक्रमहरूको संचालनका लागि आवश्यक पर्ने वित्तीय श्रोत परिचालन र त्यसको क्षेत्रगत लगानी योजना प्रस्तुत गर्नु।
- पछौटे, विपन्न र सामाजिक हिसाबले वञ्चितीकरणमा परेका क्षेत्र, वर्ग र लिङ्गका जनताको शिक्षा, स्वास्थ्य, खेलकुद एंव मनोरञ्जनको आवश्यकतालाई परिपूर्ति गर्न योजना तर्जुमा गर्नु।
- सिद्ध कुमाख गाउँपालिकाका विद्यमान पूर्वाधारहरूको अधिकतम उपयोग गर्दै योजनावद्ध तवरले आर्थिक सामाजिक पूर्वाधारको दिगो विकास योजना तर्जुमा गर्नु।
- सिद्ध कुमाख गाउँपालिका क्षेत्रको पर्यावरणीय सन्तुलन, वातावरण संरक्षण र व्यवस्थापन तथा संभावित विपद् व्यवस्थापनको योजना तर्जुमा गर्नु।
- गाउँपालिकाको सांगठनिक स्वरूप, संस्थागत व्यवस्थापन, जनशक्ति व्यवस्थापन र असल शासनका कार्यक्रमहरू समेटिएको संस्थागत योजना प्रस्तुत गर्नु।
- गाउँपालिकाको आवधिक योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको कार्ययोजना निर्माण गर्नु।

### १.६ आवधिक योजनाका क्षेत्र तथा सीमाहरू

#### १.६.१ योजनाका क्षेत्रहरू

राष्ट्रिय योजना आयोगले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनले निर्दिष्ट गरेको कार्य निर्देशन, सिद्ध कुमाख गाउँपालिका र परामर्शदाता बीच भएको सम्झौताको परिधिभित्र रही यो आवधिक योजना तयार गरिएकोले तद्नुरूप यस योजनामा निम्न लिखित क्षेत्रका योजनाहरू समेटिएका छन्ः

**क) सिद्ध कुमाख गाउँपालिकाको दीर्घकालीन योजनाको प्रारूपः**

यस भित्र विकासको दीर्घकालीन सोंच, ध्येय, लक्ष्य, उद्देश्यहरू र विकासका प्राथमिकताहरू साथै सिद्ध कुमाख गाउँपालिका क्षेत्रका सवलता, दुर्वलता, संभावना र चुनौतीहरू समेत प्रस्तुत गरिएको छ।

**ख) आर्थिक विकास योजनाः**

यस योजना अन्तर्गत कृषि, पशुपालन, जलस्रोतको उपयोग, वनमा आधारित आर्थिक क्रियाकलाप, उद्योग तथा वाणिज्य, पर्यटन, रोजगारी प्रर्वद्धन, गरिवी निवारण, घरेलु तथा साना उद्यम विकासका कार्यक्रम, वित्तीय क्षेत्र, एकल अधिकार अन्तर्गत सहकारी संस्था, स्थानीय बजार व्यवस्थापन (हाटबजार, स्थानीय स्तरका व्यापारिक फर्म), बेरोजगारको तथ्याङ्क संकलन (रोजगार सूचना केन्द्र, वैदेशिक रोजगार), कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण जस्ता विषय क्षेत्र समेटिएका छन्।

**ग) सामाजिक विकासः**

यस योजना अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, भाषा संस्कृतिको संरक्षण र विकास, जेष्ठ नागरिक, अपाङ्ग तथा असहाय भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन, लैङ्गिक तथा जातजातिगत समानता, बसाइसराई व्यवस्थापन, सार्वजनिक सम्पत्तिमा जनताको पहुँच, सामुदायिक स्रोत विकास, वालविकास, दलित तथा सीमान्तकृत समुदायको सामाजिक मूल प्रवाहीकरणमा सहभागिता सुनिश्चित गर्ने, सामाजिक सुरक्षाका कार्यक्रमहरू, युवा तथा खेलकुद विकास, ऐतिहासिक स्थलको संरक्षण, खाद्य गुणस्तर, प्रदुषण, स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापन, खेलकुद, पत्रपत्रिका, स्वास्थ्य (स्वास्थ्य संस्था दर्ता अनुमति, औषधीजन्य वनस्पति, औषधी खरिद, आकस्मिक सेवा), सामाजिक सुरक्षा तथा गरीबी निवारण (लक्षित समूह) जस्ता विषय क्षेत्र समेटिएका छन्।

**घ) भौतिक पूर्वाधारः**

स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, साना सिंचाई तथा जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा, नदी नियन्त्रण, स्वच्छ खानेपानी, सुरक्षित आवास, सामाजिक पूर्वाधार (शिक्षा, स्वास्थ्य र सामुदायिक भवन) पर्यटन पूर्वाधार विकास तथा औद्योगिक पूर्वाधारहरूः सडक तथा पुल, झोलुङ्गे पुल, भवन तथा शहरी विकास, सञ्चार, स्थानीयस्तरका विकास आयोजना तथा परियोजना र साझा अधिकार अन्तर्गतः स्थानीय स्तरका पुरातत्व, प्राचीन स्मारक र सँग्राहलय संरक्षण, सम्बर्द्धन र पुननिर्माण, न्यूनतम दररेट निर्धारण, भवन निर्माण इजाजत जस्ता भौतिक विकास योजना समेटिएको छ।

ङ) **वन, वातावरण तथा विपद् व्यवस्थापनः**

यस अन्तर्गत सरसफाइ, ठोस फोहोर व्यवस्थापन, प्राकृतिक तथा सांस्कृतिक वातावरणको संरक्षण, नदीजन्य कटान नियन्त्रण, भूक्षय नियन्त्रण, वन तथा वातावरणको संरक्षण, वन पैदवारको उपयोग र विकास प्रर्वद्धन, जलाधार संरक्षण, जल उपयोग, जलउत्पन्न प्रकोप नियन्त्रण, खानी तथा खनिज पदार्थ संरक्षण, वन्यजन्तु, चराचुरूंगी, जैविक विविधता संरक्षण, विपद् व्यवस्थापन पर्यावरणीय (जलवायु) अनुकूलन कार्यक्रमहरू समेटिएका छन्। जोखिमयुक्त स्थानहरूको पहिचान गरी भूकम्प, आगलागी, बाढी, पहिरो, सुख्खा खडेरी र

महामारीजस्ता विपद्हरूको पूर्वतयारी, सूचना प्रणालीको विकास, विपद् पश्चात् उद्धार र पुनस्थापनाका कार्यक्रमहरू समावेश गरिएका छन्।

**च) वित्तीय व्यवस्थापन योजनाः**

यस योजना अन्तर्गत गाउँपालिकाको आय–व्ययको विश्लेषणका आधारमा आगामी योजना अवधिको लागि आय र व्ययको प्रक्षेपण गरिनुका साथै गाउँपालिकाको बजेटको क्षेत्रगत बाँडफाँड, आन्तरिक राजश्व वृद्धिका योजना, निजी र सहकारीको योगदान, अन्तर सरकारी वित्तीय बाँडफाँड र हस्तान्तरण, खर्चको बाँडफाँड र व्यवस्थापनको योजना समेटिएको छ।

**छ) संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनः**

यस अन्तर्गत गाउँपालिकाको सेवा प्रवाहको सहजता, स्वच्छ र प्रभावकारी सेवा, असल शासन प्रर्वद्धन, लेखा र अभिलेखहरूको प्रभावकारी व्यवस्थापन, स्थानीय स्रोत तथा साधनको प्रभावकारी उपयोग, अन्य संस्थाहरूसँगको साझेदारी र सञ्जाल (Networking), कर्मचारी र जनशक्ति व्यवस्थापन, अभिप्रेरणा र सुदृढीकरण, विकास प्रशासनको ढाँचा र कार्यविधिको विकास जस्ता कार्यक्रमहरू समेटिएका छन्। वडागाउँपालिका, गाउँपालिका, प्रदेश र संघीय कार्यक्रमहरूसँग तादात्म्यता र जिम्मेवारी बाँडफाँड गरी कार्यक्रम कार्यान्वयनको ढाँचा प्रस्तुत गरिएको छ भने विकास निर्माण र गाउँपालिकाबाट प्रवाह हुने सेवाहरूको अनुगमन र मूल्यांकनको योजना समेटिएको छ।

### १.६.२ आवधिक योजनाका सीमा

प्रस्तुत आवधिक योजना तयार गर्दा निम्न लिखित सीमाहरूलाई मध्यनजर गरिएको छः

- वडा भेलामा सहभागीहरूको विचार प्रतिनिधिमूलक रूपमा आवधिक योजनामा समावेश गरिएको।
- स्रोत साधन र समयको सीमितताको कारणले वडाबासीहरूका सम्पूर्ण अपेक्षा र आकांक्षाहरू योजनामा समेटन नसकिएको।
- यो आवधिक योजना सिद्ध कुमाख गाउँपालिकाको प्रथम आवधिक योजना भएकोले कतिपय द्वितीय स्रोतबाट प्राप्त हुनु पर्ने तथ्याङ्कहरू पर्याप्त रूपमा उपलब्ध हुन नसकेको।
- गाउँपालिकाका विभिन्न कार्यक्रमहरू दीर्घकालीन प्रकृतिका र विस्तृत परियोजना प्रतिवेदनको आवश्यकता पर्ने खालका भएकाले परियोजनागत विस्तृत लगानी योजना तयार गर्न तत्काल सम्भव नभएको।

## १.७ अध्ययन विधि

### १.७.१ पूर्व अध्ययनहरूको पुनरावलोकन

पूर्व अध्ययनको क्रममा आवधिक योजनासँग सम्वन्धित सिद्ध कुमाख गाउँपालिकाको पाश्र्वचित्र, नेपालको संविधान २०७२, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, स्थानीय तहको आवधिक योजना तयारी निर्देशिका २०७८, पन्ध्रौं योजना, स्थानीय सरकार संचालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय विभिन्न नीतिहरू, भू–उपयोग नीति २०७२, विकास सहायता नीति, कृषि, सिंचाई, वन तथा वातावरण सम्बन्धि नीतिहरू,

गाउँपालिकाको आ.व. २०७९/२०८० को नीति, कार्यक्रम तथा बजेट, गाउँपालिकाको योजनाका अर्धवार्षिक समीक्षा २०८१ लगायतका दस्तावेज तथा जानकारी तथ्याङ्क तथा नक्साहरूको अध्ययन गरिएको छ। यसका अतिरिक्त सिद्ध कुमाख गाउँपालिकामा हाल आवद्ध साविक गाउँ विकास समितिका सूचनाहरू अध्ययन गरिएको छ। मुख्य रूपमा सिद्ध कुमाख गाउँपालिका र साविकका गाउँ विकास समितिहरूको आर्थिक, सामाजिक, राजनैतिक, भौतिक तथा भौगोलिक अवस्थाको बारेमा वृहत अध्ययन गरिएको छ। साथै यो योजना तयार पार्दा सिद्ध कुमाख गाउँपालिकाबाट प्राप्त तथ्याङ्कहरू तथा प्रतिवेदनहरू संकलन गरी ती तथ्याङ्क तथा सूचनाहरूको अध्ययन तथा विश्लेषण गरिएको छ। सूचना संकलनको क्रममा गाउँपालिकाका विभिन्न वडाहरू (साविकका गाउँ विकास समिति) बाट प्राप्त तथ्याङ्कहरू, ईन्टरनेटबाट प्राप्त सूचनाहरू तथा केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त सूचनाहरूलाई समेत प्रयोग गरिएको छ। सिद्ध कुमाख गाउँपालिका क्षेत्रका विविध समस्याहरूका बारेमा विज्ञबाट प्रस्तुत लेख तथा अनुसन्धान प्रतिवेदनहरू समेत अध्ययन गरी समस्याहरूको पहिचान र समाधानका उपायहरूलाई योजनामा समावेश गरिएको छ। यो योजना निर्माणका क्रममा योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवमा आधारित प्रकाशित प्रतिवेदन, जर्नल, लेख र सन्दर्भ पुस्तकहरूको समेत सिंहावलोकन गरिएको छ।

### १.७.२ पूर्व योजना तयारी कार्यशाला गोष्ठीः

गाउँपालिकाको सहमतिमा तयारी चरणका सिलसिलामा २०८० साल फागुन १४ गतेका दिन सिद्ध कुमाख गाउँपालिकाका अध्यक्ष श्री भरत गिरी ज्यूको अध्यक्षतामा, उपाध्यक्ष श्री राम बाहादुर बस्नेत, लगायत गाउँकार्यपालिकाका सदस्यहरू र गाउँपालिकाका शाखा प्रमुखहरू, समाजका प्रतिष्ठित समाजसेवी, बौद्धिक व्यक्तित्वहरु, विभिन्न संस्थाका प्रतिनिधिहरु सहित ४३ जनाको उपस्थितिमा एक दिने कार्यशाला गोष्ठी सम्पन्न गरिएको थियो। उक्त कार्यशाला गोष्ठीमा गाउँपालिकाको आवधिक योजना निर्माणका लागि विधि, प्रक्रिया, समय र सरोकारवालाहरूको भूमिका, आवधिक योजना निर्माण गर्दा आर्थिक, सामाजिक, भौतिक, वन तथा वातावरण, सुशासन र संस्थागत विकास योजना निर्माणका सन्दर्भमा ध्यान दिनुपर्ने कुराहरुका बारेमा प्रस्तुतीकरण गरी सहभागीहरुसँग छलफल पश्चात निर्णय गरिएको थियो। गाउँपालिकाको सम्भावना, चुनौति, अवसर र समस्याहरुका (SWOT analysis) गरिएको थियो। जसका आधारमा गाउँपालिकाको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रमहरु निर्धारण गरियो।

### १.७.३ आवधिक योजना तर्जुमाका लागि निर्देशक समिति तथा विषयगत उपसमिति गठनः

आवधिक योजना तर्जुमा तयार गर्ने सिलसिलामा गाउँपालिकाका अध्यक्ष श्री भरत गिरी ज्यूको संयोजकत्वमा उपाध्यक्ष श्री राम बहादुर बस्नेत, प्रमुख प्रशासकीय अधिकृत डिल्ली खड्का, वडा अध्यक्षहरु, राजनैतिक दलका प्रतिनिधिहरू, गाउँपालिकाको विकाससँग सम्बन्धित कार्यालयका प्रमुखहरू, गैर–सरकारी तथा अन्य संघ–संस्थाका प्रतिनिधिहरू, स्थानीय बुद्धिजीवी, दलित, पिछडिएका वर्ग, अपांग तथा महिला प्रतिनिधिहरू रहेको निर्देशक समिति गठन गरिएको थियो। गाउँपालिकामा कायम रहेका आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, संस्थागत विकास तथा वित्तीय व्यवस्थापन विकास समितिलाई आवधिक योजना तर्जुमाका विषयगत समितिसँग गाउँपालिकामा गर्नुपर्ने विविध विषयगत योजना तथा कार्यक्रम र सो क्षेत्रमा कसरी विकासको खाका तयार गर्न सकिन्छ भन्ने

विषयमा समेत विस्तृत छलफल गरिएको थियो। प्रत्येक विषयगत समितिसँग छलफल गरी छलफलको निचोडलाई आवधिक योजनामा समावेश गरिएको छ।

योजनाका विषयगत समितिहरूलाई कायम राख्दै यो आवधिक योजना तर्जुमालाई सहजीकरण गर्न निम्न अनुसारको निर्देशक र संयोजन तथा सहजीकरण समिति गठन गरियो।

**अ) आवधिक योजना तर्जुमा निर्देशक समिति**

| | |
|---|---|
| संयोजकः | गाउँपालिकाका अध्यक्ष |
| सदस्यः | गाउँपालिकाका उपाध्यक्ष |
| सदस्यः | १ देखि ५ सम्मका सम्पूर्ण वडा अध्यक्षहरू |
| सदस्यः | विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्ने ३ जना प्रतिनिधि |
| सदस्य सचिवः | प्रमुख प्रशासकीय अधिकृत |

**आ) योजना तर्जुमा संयोजन तथा सहजीकरण समिति**

| | |
|---|---|
| संयोजकः | गाउँपालिका उपप्रमुख |
| सदस्यः | प्राविधिक शाखा प्रमुख |
| सदस्यः | शिक्षा शाखा प्रमुख |
| सदस्यः | कृषि शाखा प्रमुख |
| सदस्यः | स्वास्थ्य शाखा प्रमुख |
| सदस्यः | लेखा शाखा प्रमुख |
| सदस्यः | सूचना तथा सञ्चार प्रविधि शाखा प्रमुख |
| सदस्य सचिवः | योजना शाखा प्रमुख |

### १.७.४ तथ्याङ्क एवं सूचना संकलनः

प्रतिवेदन तयारीका क्रममा द्वितीय श्रोतबाट प्राप्त आधिकारिक सूचनाहरूलाई समावेश गरिएको छ। तत्कालीन सल्यान जिल्लाका विकास योजनाका प्रतिवेदनहरू (२०७० देखि २०७४ सम्म) समेतलाई पनि आधार तथ्याङ्क (Baseline) को रूपमा लिइएको छ। यसका अतिरिक्त अन्य द्वितीय श्रोतहरू जस्तै अन्य नगरपालिका तथा गाउँपालिकाका पूर्व आवधिक योजनाको अध्ययन समेत गरिएको छ। यसका साथै जिल्ला विकास समिति सल्यानका विभिन्न वर्षहरूका जिल्ला विकास योजना र सिद्ध कुमाख गाउँपालिकाको आ.व. २०७४/०७५ देखि २०८०/०८१ सम्मका नीति कार्यक्रम तथा बजेट र विकास योजना समेतलाई अध्ययन गरिएको छ। आवधिक योजना तर्जुमा गर्नको लागि आवश्यक पर्ने तथ्याङ्क तथा सूचनाहरू जस्तैः जनसंख्या, शिक्षा, स्वास्थ्य, खानेपानी, आर्थिक विकास, सामाजिक अवस्थालाई सिद्ध कुमाख गाउँपालिकाको पाश्र्वचित्र (Profile) बाट संकलन गरिएको छ। उक्त पाश्र्वचित्रबाट गाउँपालिकाको वडागत तथ्याङ्कका अलावा सडक, खानेपानी, विद्युत्, जलसम्पदा, जंगल, जमिन, आदिसँग सम्बन्धित सूचनाहरू प्राप्त गरी प्रयोग गरिएको छ। यसका

साथै गाउँपालिकामा वडास्तरीय भेला गरी गुणात्मक तथा मात्रात्मक सूचना समेत संकलन गरिएको छ। मुख्य सूचनादाता (Key informants) बाट प्राप्त सूचनाहरू, अभिमत र सुझावहरूलाई समेत प्रतिवेदन तयार गर्दा समावेश गरिएको छ।

### क) श्रोत व्यक्तिहरूसँगको छलफल

गाउँपालिकाको आवधिक योजना तयार गर्ने सिलसिलामा सिद्ध कुमाख गाउँपालिकासँग सम्वन्धित विभिन्न व्यक्तिहरूलाई श्रोत व्यक्तिहरूको रूपमा अन्तर्वार्ता लिइ सूचना संकलन गर्ने काम गरिएको छ। आवधिक योजना तर्जुमाको सिलसिलामा गाउँपालिकाका विभिन्न क्षेत्रहरू रोजगारी, व्यवसाय, राजनीति र अध्यापन तथा प्राध्यापनमा संलग्न व्यक्तिहरूसँग छलफल गरिएको थियो। नेपाल सरकारका उच्च तहदेखि जिल्ला र गाउँपालिका स्तरका कर्मचारी तथा केन्द्रीयदेखि स्थानीय स्तरका राजनीतिक नेतृत्वहरूसँग समेत छलफल गरेर उनीहरूको अनुभवजन्य रायसमेत संकलन गरिएको छ। यसरी स्रोत व्यक्तित्वहरूबाट प्राप्त सुझाव, अभिमत र सोंचहरूले यो योजना निर्माणमा उल्लेख्य योगदान पुऱ्याएको छ।

### ख) वडास्तरीय वृहत भेला तथा अपेक्षा संकलन

गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्नको लागि निर्देशक समिति तथा विषयगत समिति गठन पश्चात् प्रत्येक वडामा वडा अध्यक्ष, निर्वाचित वडा समितिका सदस्यहरू र सरोकारवाला अन्य व्यक्तित्वहरू सहितको भेलामा विज्ञहरूले तयार पारेका प्रश्नावलीमा कार्यशाला गोष्ठी गरिएको थियो। यसबाट वडागत समस्या पहिचान गर्ने, वडास्तरका कार्यक्रम तथा आयोजनाहरूको प्राथमिकीकरण गर्ने तथा समस्या न्यूनीकरणको लागि सुझावहरू संकलन गरिएको थियो। यसरी नै गाउँपालिकाको क्षेत्रगत आधारमा २०८० फागुन १९ गतेदेखि २० गतेसम्म सबै (५) वडामा वडागत रूपमा क्षेत्रगत प्रतिनिधिहरूको प्रतिनिधित्व हुने गरी छलफल तथा अन्तरक्रियाबाट आवधिक योजनाका दीर्घकालीन सोंच, ध्येय, लक्ष्य, उद्देश्य तथा कार्ययोजना निर्धारणमा राय संकलन गरी वडाका अपेक्षा पहिचान समेत गरिएको थियो। त्यसैगरी परामर्शदाताका प्राविधिक समूहहरूबाट विभिन्न समूह विभाजन गरी ती समूहमा सहजीकरण गरी चेक लिष्टबाट आएका आवश्यकता तथा कार्यक्रमहरूको पुनः छलफल र विश्लेषण गरी प्राथमिकताका आधारमा आगामी ५ वर्षको योजनाको मार्गचित्र तयार गरिएको छ। यस मार्गचित्रलाई परामर्शदाताका विज्ञ टोलीबाट सोही क्षेत्रका स्थानीय बुद्धिजीवी, राजनीतिक दलका प्रतिनिधि तथा विषयविज्ञहरूसँगको छलफलबाट कार्ययोजना प्रतिवेदनमाथि टिप्पणी सहित सुझाव समेत संकलन गरिएको थियो।

### ग) स्थलगत सर्वेक्षण तथा प्रमाणीकरण

परामर्शदाताका तर्फबाट खटिएका विषय विज्ञसहितको स्थलगत अध्ययन समूहले सिद्ध कुमाख गाउँपालिकाका प्रत्येक वडा र टोलसमेत भ्रमण गरी स्थलगत सर्वेक्षण तथा अवलोकनको माध्यमबाट तथ्याङ्क संकलन गरेको थियो। सबै वडाहरूमा वडा भेला गरी संकलित तथ्याङ्कहरू वडामा गठित सम्पर्क समितिसँगको छलफलबाट पुनः अद्यावधिक गरिएको थियो। नापी विभागबाट तयार गरिएको स्थलरूप नक्सालाई आधार नक्साको रूपमा लिई स्क्यान (Scan) गरी GIS Software बाट हालसम्मको स्थलगत सर्वेक्षण तथा अवलोकन पश्चात् स्रोत नक्साहरू तयार गरिएको छ। यस सन्दर्भमा मुख्य रूपमा गाउँपालिकामा रहेका भौतिक पूर्वाधारहरू जस्तै: सडक, सञ्चार, विद्युत्, खानेपानी आदिका सम्वन्धमा सर्वेक्षण, अवलोकन तथा स्थलगत जाँच गरी नक्शामा समेत

अध्यावधिक गरिएको छ। यसरी विविध स्रोतबाट संकलित तथ्याङ्कबाट गाउँपालिकाको विभिन्न स्रोत नक्साहरू समेत तयार गरिएको छ। वडा भेला मार्फत वडागत आवश्यकता तथा समस्याको पहिचान गरी प्रत्येक वडामा गठित वडा सम्पर्क समिति मार्फत प्राथमिकीकरण गरिएको छ। यही प्राथमिकता क्रमका आधारमा वडागत योजना तर्जुमा गरिएको छ भने रणनैतिक योजनाको लागि विषयगत समिति, विज्ञ तथा निर्देशक समितिमा विस्तृत छलफल गरिएको छ।

### घ) जिल्लास्तरीय सम्बन्धित निकायबाट तथ्याङ्क संकलन

जिल्ला स्थित कृषि, पशु, वन, शिक्षा, स्वास्थ्य, ऊर्जा आदिसँग सम्बन्धित विज्ञहरू तथा जनप्रतिनिधिहरू (स्थानीय, प्रदेश तथा संघीय) र राजनैतिक दलका प्रतिनिधि, शिक्षक, बुद्धिजीविहरू सँग व्यापक छलफल तथा अन्तरक्रियाबाट सुझाव संकलन गर्नुका साथै आवधिक योजनाका दीर्घकालीन सोंच, ध्येय र लक्ष्यलाई अन्तिम रूप दिइएको छ।

### १.७.५ तथ्याङक विश्लेषण

गाउँपालिकाको रणनैतिक योजना, कार्यक्रम तथा अल्पकालीन र दीर्घकालीन आयोजनाहरू छनौट गर्नको लागि तथ्याङ्क विश्लेषणको महत्वपूर्ण स्थान हुन्छ। आयोजना छनौटका लागि समष्टिगत विकासका चुनौती र सम्भावनाहरूको सन्दर्भमा प्राप्त तथ्याङ्क र सूचनाहरूलाई विस्तृत रूपमा विश्लेषण गरिएको छ। स्थलगत अध्ययन भ्रमण, वडा भेला, सामुहिक छलफल, अन्तरक्रिया र विज्ञहरूको राय सुझावका साथै द्वितीय स्तरका तथ्याङ्कहरूको आधारमा तपशिल बमोजिम तथ्याङ्क विश्लेषण गरिएको छ।

### क) भौगोलिक अवस्थाको विश्लेषणः

सिद्ध कुमाख गाउँपालिकाको भौगोलिक अवस्थाको विश्लेषण गर्ने क्रममा यसको भू–भौतिक अवस्था, क्षेत्र, अवस्थिति, भू–स्वरूप, नदीनाला, वातावरणीय अवस्था आदिको विश्लेषण गरिएको छ। यसैगरी भौगोलिक अवस्थाको परिणाम स्वरूप उत्पन्न सम्भावना र चुनौतीहरूलाई पनि विश्लेषण गरिएको छ। साथै विश्लेषण गर्ने क्रममा भौगोलिक अवस्थितिले विकासमा पारेको चुनौती, वास्तविकता समेतलाई कसरी योजनागत हिसाबमा समेट्न सकिन्छ, कुन कुन क्षेत्रगत योजनालाई प्राथमिकता दिदैं विकास आयोजनाहरू सञ्चालन गरिनुपर्दछ भन्ने कुरालाई ख्याल गरिएको छ। यसले गर्दा क्षेत्रगत विशिष्टताका आयोजनाहरू तथा रणनैतिक दीर्घकालीन आयोजनाहरूको छनौटमा समेत मद्दत पुगेको छ।

### ख) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषणः

जनसंख्याको बनावट, जनसंख्या वृद्धि, भाषा, धर्म संस्कृति, रीतिरिवाज, परम्परा, बसाँइसराइ, जनसंख्याको प्रक्षेपण आदि सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण गरिएको छ। यी तथ्याङ्कले भविष्यमा गाउँपालिकाका कार्य कस्तो किसिमको रूपमा विकास गराउने भन्ने कुराको मूल्याङ्कन र प्रक्षेपण गर्न मद्दत पुग्नेछ। त्यसैगरी अध्ययन क्षेत्रको सामाजिक अवस्था थाहा पाउनका लागि शिक्षा, स्वास्थ्य, सुरक्षा, वातावरणीय अवस्था आदिको विश्लेषण गरिएको छ। यसैगरी भविष्यको लागि विकास निर्माणमा प्राथमिकता दिनुपर्ने क्षेत्र, सामाजिक रूपमा समावेशीकरणको सिद्धान्त अवलम्बन गर्नु पर्ने पक्षहरू, शिक्षा, स्वास्थ्य र सामाजिक पूर्वाधारमा गर्नुपर्ने लगानी जस्ता विषयमा समेत यसले महत्वपूर्ण योगदान पुऱ्याउने छ।

### ग) आर्थिक अवस्थाको विश्लेषणः

आवधिक योजना तर्जुमाको क्रममा गाउँपालिकाको विद्यमान आर्थिक अवस्था र भविष्यको आर्थिक अवस्थाको प्रकृतिलाई समेत विश्लेषण गरिएको छ। गाउँपालिकाको भविष्यमा कस्तो र कुन रूपमा विकास गर्ने, मुख्य आर्थिक गतिविधि के हुने ? यस्ता आर्थिक गतिविधिबाट गाउँपालिकाको विकासको लागि कस्तो फाइदा पुग्ने? भन्ने सन्दर्भमा लेखाजोखा गरिएको छ। मानव बस्तीलाई भविष्यमा कति क्षेत्रमा विस्तार गर्न सकिने, कुन क्षेत्रमा विस्तार गर्न सकिने, छरिएर रहेको कुन कुन बस्तीलाई कहाँ र कसरी एकीकृत गर्ने साथै कस्तो प्रकारको आर्थिक क्रियाकलापमा ध्यान केन्द्रित गर्ने भन्ने विषयमा विश्लेषण गरिएको छ। दिगो योजनाका लागि गाउँपालिकाले खेलेको भूमिका, आर्थिक आम्दानीका श्रोतहरू, बसाँइसराइँको प्रभाव आदि कुराहरूमा समेत समीक्षा गरिएको छ। यसका साथै गाउँपालिकाको विगत ५ वर्षको आय व्यय अभिलेखको आधारमा आगामी ५ वर्षको आम्दानीलाई प्रक्षेपण गरी सोको आधारमा आगामी ५ वर्षको गाउँपालिकाको व्ययको योजना तयार गरी गाउँपालिकाको आयोजना छनौट तथा योजना तर्जुमामा समेत यसको विश्लेषण गरिएको छ।

### घ) भौतिक र वातावरणीय अवस्थाको विश्लेषणः

भौतिक विकासका पूर्वाधार मध्ये सडक तथा ढल, यातायात, सञ्चार, नदी नियन्त्रण, पिउनेपानीको उपलब्धता, विद्युत् आदिको अवस्थाको अध्ययन तथा विश्लेषण गरिएको छ। गाउँपालिकाले आफ्नो क्षेत्रको व्यवस्थित विकास गर्न आवश्यक पर्ने भौतिक पूर्वाधारहरूको विकासमा जोड दिनु पर्दछ । यस क्रममा दिगो विकास र विस्तारको लागि वातावरणीय पक्षको पनि अध्ययन गरिएको छ। विद्यमान वातावरणीय अवस्थालाई विशेष ध्यान दिई वातावरणीय व्यवस्थापनमा खास गरी भू–क्षय, नदीखोला नियन्त्रण तथा प्रदुषण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन आदिको अध्ययन तथा त्यसको समाधानका लागि विभिन्न विषयमा विश्लेषण गरिएको छ।

### ङ) संस्थागत विकासको विश्लेषणः

यस अन्तर्गत गाउँपालिकाको सेवा प्रवाहको सहजता, स्वच्छ र प्रभावकारी सेवा, असल शासन प्रर्वद्धन, लेखा र अभिलेखहरूको प्रभावकारी व्यवस्थापन, स्थानीय स्रोत तथा साधनको प्रभावकारी उपयोग, अन्य संस्थाहरूसँगको साझेदारी र सञ्जाल (Networking), कर्मचारी र जनशक्ति व्यवस्थापन, अभिप्रेरणा र सुदृढिकरण, विकास प्रशासनको ढाँचा र कार्यविधिको विकास आदिको अध्ययन तथा त्यसको समाधानका लागि विभिन्न विषयमा विश्लेषण गरिएको छ।

## १.८ योजना तर्जुमाको प्रक्रिया

### क) सिद्ध कुमाख गाउँपालिकाको अग्रणी क्षेत्र पहिचान र विश्लेषण

प्रत्येक गाउँ वा सहरको भविष्यमा हुने विकासका आ–आफ्नै विशेष सम्भावनाहरू हुन्छन् र यिनै सम्भावनाहरूले बस्तीहरूको विकासको खाका कोर्ने गरेको हुन्छ। यही विशेष सम्भावनालाई अग्रणी क्षेत्र भनिन्छ, जुन उक्त क्षेत्रको विकासका लागि महत्वपूर्ण हुन्छ साथै बस्तीको विकास र विस्तारलाई निर्देशित गर्दछ। आवधिक योजना तयारीको सन्दर्भमा बस्तीको सम्भावित विस्तार र विकासका लागि सिद्ध कुमाख गाउँपालिकाका अग्रणी क्षेत्रको पहिचान गरिएको छ। सिद्ध कुमाख गाउँपालिकाको मुख्य अग्रणी क्षेत्रहरूमाः

कृषि, जलस्रोत, पूर्वाधार, सामाजिक विकास, उद्योग, पर्यटन, वातावरण तथा आर्थिक क्रियाकलाप रहेका छन्। तसर्थ यसै दृष्टिकोणमा गाउँपालिकाको अग्रणी क्षेत्र पहिचान गरिएको छ र सोही आधारमा योजनाहरू समेत तयार पारिएको छ।

**ख) अपेक्षा पहिचान**

विकास योजना तर्जुमा र विकास निर्माणको क्रममा समस्याहरूलाई पहिचान गर्दै क्रमबद्ध रूपमा विश्लेषण गरिएको छ। सिद्ध कुमाख गाउँपालिकाको समस्या पहिचान गर्दा स्थलगत अध्ययनका क्रममा बस्तीहरूमा देखिएका मुख्य समस्याहरू अवलोकन तथा मुख्य सूचनादाताहरूको छलफलबाट जानकारी प्राप्त गरिएको छ। छलफल तथा अन्तरक्रियाको क्रममा गाउँपालिकाका प्रतिनिधिहरू, विज्ञ समूहहरू लगायत अन्य निकायका प्रतिनिधिहरू तथा स्थानीय तहका विभिन्न पेशा, वर्ग र समूहहरूसँग आबद्ध विद्वान्, समाजसेवी, शिक्षक, सामाजिक कार्यकर्ता, महिला, सम्बन्धित क्षेत्रका सर्वसाधारणहरूसँग बैठक आयोजना गरी मुख्य समस्याहरू पहिचान गरिएको छ। यस्तो सहभागितामूलक छलफलमा धेरै भन्दा धेरै मानिसको सहभागिता गराउने प्रयास गरिएको थियो। यसले गर्दा वास्तविक आवश्यकता पहिचान सहित योजना तर्जुमा गर्न सहयोग पुगेको महशुस गरिएको छ। यस्तो छलफलबाट एकातिर सम्बन्धित क्षेत्रको प्रमुख समस्या पहिचान गर्न मद्दत पुग्यो भने अर्कोतिर गाउँपालिकाका सम्भावना समेत पहिल्याउन सहयोग पुगेको छ। अपेक्षा पहिचान गर्दा वडागत तहमा देखिएका मुख्य समस्याहरू समेत पहिचान गरिएको थियो। यसले वडागत आयोजना तथा रणनैतिक योजना तर्जुमामा महत्वपूर्ण सहयोग पुगी गाउँपालिकाको ५ वर्षे आवधिक योजना तर्जुमा गर्दा प्राथमिकीकरण गर्न तथा अग्रणी क्षेत्र सहितको कार्ययोजना बनाउन समेत विशेष सहयोग पुगेको छ।

**ग) रणनीतिक योजना तयारी**

रणनीतिक योजनाहरूले गाउँपालिकाको दिर्घकालीन समस्या समाधान गर्न मद्दत पुऱ्याउँछ भने यसैका आधारमा गाउँपालिकालाई भविष्यमा कुन दिशातर्फ विस्तार र विकास गर्न सकिन्छ भन्ने कुराको निर्धारण गर्दछ। तसर्थ रणनैतिक योजनाले गाउँपालिकाको अग्रणी स्रोतहरूको आधारमा योजना तर्जुमा गर्न सहयोग पुऱ्याउदछ भने भू–उपयोग नीतिलाई कार्यान्वयन गरी भविष्यको विकासलाई मार्ग निर्देश गर्न सहयोग गर्दछ। दीर्घकालीन रूपमा गाउँपालिकाको विकासको लागि दीर्घकालीन रणनीतिक योजनाको आवश्यकता पर्दछ जसले गाउँपालिकाको समस्या समाधान तथा विद्यमान मुख्य सम्भावनालाई सम्बोधन गर्न सक्दछ। त्यसैले यस अन्तर्गत गाउँपालिकाको दीर्घकालीन विकासको लागि स्थानीय, प्रादेशिक तथा राष्ट्रिय महत्व भएका रणनीतिक योजनाहरू प्रस्ताव गरिएको छ। उक्त योजना अनुसारको विकास योजना सञ्चालन गरिने कार्ययोजनाहरू प्रस्ताव गरिएको छ। गाउँपालिकाको दिर्घकालीन सोच निर्धारण गरी सोही अनुसार क्षेत्रगत योजना तर्जुमा गरी मुख्य आयोजनाहरूलाई तर्कबद्ध प्रणाली (Logical Framework Analysis) मा समेत राखिएको छ। यस्ता योजना र कार्यक्रमहरूलाई स्थानीय तहका प्रमुख लगानीकर्ताहरू, छिमेकी नगरपालिका तथा गाउँपालिकासँग सम्बन्धित वाणिज्य संघसंस्थाहरू, सम्बन्धित सरकारी तथा गैरसरकारी संघसंस्थाहरू र स्थानीय राजनैतिक दलहरूसँग छलफल गरी अन्तिम निर्णयमा पुगिएको छ भने उनीहरूको भूमिका र योगदानमा समेत जोड दिइएको छ। यी रणनीतिक योजनाहरूले विद्यमान समस्याहरूलाई सम्बोधन गर्नुका साथै भविष्यमा अग्रणी

क्षेत्रहरूलाई ग्रहण गर्दै निरन्तर रूपमा विकास दिगो भै अघि बढाउन मद्दत गर्ने छ। गाउँपालिकाको दिर्घकालीन सोचले निर्धारण गरेको लक्ष्य हाँसिल गर्न समेत मद्दत पुग्ने अपेक्षा गरिएको छ।

**घ) नक्सांकन तथा विश्लेषण**

यस कार्यमा नक्सा तयारी र अद्यावधिकलाई विशेष प्राथमिकता दिई नक्साङ्कनको कार्य सम्पन्न गरिएको छ। गाउँपालिकाको भौतिक पूर्वाधारहरू जस्तै सडक, ढल, खानेपानी, विद्युत्, संचार लगायत पूर्वाधारहरू नक्साङ्कनद्वारा प्रस्तुत गरिएको छ भने सामाजिक पूर्वाधारहरू जस्तै शिक्षा, स्वास्थ्य, खेलकुद, धार्मिक मठमन्दिर लगायतलाई नक्सांकन गरिएको छ। साथै भौगोलिक तथा प्राकृतिक श्रोतहरूको पहिचानको नक्सांकन र वर्तमान भू–उपयोगको स्थिति र प्रस्तावित भू–उपयोगको समेत नक्सांकन सहितको विश्लेषण गरिएको छ। नक्सांकन कार्य गर्दा सर्भे विभागको टोपोसिट, Landsat Image 2022 का तस्बीरहरू, Google Earth Pro, Open street map बाट तथ्याङ्क प्राप्त गरिएको छ। उक्त तथ्याङ्कलाई GIS Software प्रयोगबाट तथ्याङ्क विश्लेषण गरी निम्नानुसारका नक्सा तयार गरिएको छः

- राजनैतिक तथा प्रशासनिक नक्साङ्कन
- भूबनोट नक्साङ्कन
- नदी प्रवाह प्रणाली नक्साङ्कन
- जनघनत्व नक्साङ्कन
- सडक पहुँचको नक्साङ्कन
- वर्तमान तथा प्रस्तावित भू—उपयोग नक्साङ्कन
- वनस्पति तथा पर्यावरणीय नक्साङ्कन
- माटो तथा खनिजको नक्साङ्कन
- प्राकृतिक प्रकोप जोखिमका सम्भावित क्षेत्रहरूको पहिचान र नक्साङ्कन

**ङ) विषयगत विकास योजनाहरूको तर्जुमा**

विकास योजना भनेको अर्थतन्त्रको सबै विषयगत वा क्षेत्रगत योजनाहरूको समग्रता हो। यस अन्तर्गत भौतिक विकास, आर्थिक विकास, सामाजिक विकास, वातावरण संरक्षण र व्यवस्थापन, विपद् तथा प्रकोप व्यवस्थापन, संस्थागत विकास र वित्तीय विकास योजनाहरू समेटिएका हुन्छन्। गाउँपालिकाको यस आवधिक योजनामा उपरोक्त सबै क्षेत्रगत योजनाहरूलाई वस्तुगत रूपमा विश्लेषण गरी ५ वर्षका लागि विभिन्न लक्ष्यहरू राखी कार्यक्रमहरू प्रस्ताव गरिएको छ। सबै योजनाहरूको कार्यक्रमका उपलब्धिका सूचकहरू, आधारहरू र मान्यताहरू समेटेर तर्कवद्ध ढाँचामा सबै विषयगत योजनाहरू निर्धारण गरिएको छ।

**च) योजना कार्यान्वयन रणनीति**

योजना तर्जुमा जति महत्वपूर्ण छ त्यत्तिकै कार्यान्वय रणनीति पनि महत्वपूर्ण मानिन्छ। प्रायः योजनाहरू बनाइन्छन् तर सही रूपमा कार्यान्वयन हुन नसकेको परिप्रेक्ष्यमा कार्यान्वयन र अनुगमन पक्ष बलियो बनाउनु जरूरी हुन्छ। गाउँपालिकाको आवधिक योजना कार्यान्वयनका लागि सम्बन्धित सरोकारवाला निकायहरूलाई सजग गराउँदै सम्बद्ध निकायहरूलाई सक्रिय बनाउनु पर्दछ। यसका लागि सबै सरोकारवाला निकायसँग अन्तरक्रिया गरी कार्यान्वयनमा संलग्न गराउन जोड दिनु पर्दछ भने आयोजनाको लगानीका लागि बहुपक्षीय

छलफल गरी बहुक्षेत्रगत लगानी योजनालाई समेत यस योजनामा समावेश गरिएको छ। यस्ता बहुक्षेत्रगत लगानी कार्ययोजनाले कुन निकायले कुन वर्ष कति लगानी गर्ने भन्ने कुराको समेत जानकारी दिन्छ भने सम्बद्ध निकायलाई बढी उत्तरदायी बनाउन मद्दत गर्दछ।

### १.९ प्रारम्भिक मस्यौदा योजना लेखन,प्रस्तुति तथा छलफल

गाउँकार्यपालिकाको मिति २०८१/०१/१० गते गाउँपालिकाको हलमा बसेको सिद्ध कुमाख गाउँपालिका सभा तथा अधिवेशनमा गाउँपालिकाको आवधिक योजनाको मस्यौदा प्रतिवेदन प्रस्तुत गरी गाउँसभाका सदस्यहरूबाट राय, सुझाव संकलन समेत गरिएको थियो। प्रस्तुतीकरणका क्रममा सहभागीहरूबाट आएका सुझावहरूलाई समेत संकलन गरिएको थियो। प्राप्त राय तथा सुझावहरूलाई मस्यौदा प्रतिवेदनमा समावेश गरिएको छ। त्यसैगरी मिति २०८१/०१/०८ गते गाउँपालिका विषयगत समितिका सदस्यहरू, राजनैतिक दलका प्रतिनिधिहरू, विभिन्न कार्यालयका विज्ञहरूको अन्तरक्रिया कार्यक्रममा मस्यौदा प्रतिवेदन प्रस्तुतीबाट प्राप्त सुझावहरूलाई समेत समावेस गरी परिमार्जित मस्यौदा प्रमुख तथा गाउँपालिका कार्यसमिति समक्ष प्रस्तुत गरिएको थियो उक्त प्रस्तुतीकरणमा प्राप्त सुझावहरूलाई समावेश गरी योजनाको अन्तिम प्रतिवेदन तयार गरिएको छ।

### १.१० आवधिक योजनाको अन्तिम प्रतिवेदन प्रस्तुतिः

विभिन्न अन्तरक्रिया तथा छलफल कार्यक्रमबाट प्राप्त सुझावहरूलाई पुनः आवधिक योजनामा समावेश गरी सिद्ध कुमाख गाउँपालिकाको ५ वर्षे आवधिक विकास योजना (२०८१/०८२ देखि २०८५/०८६) अन्तिम प्रतिवेदन २०८१/०३/१०. गते गापालिकाको कार्यालय गाउँ सभा हलमा प्रस्तुत गरी अनुमोदनका लागि गाउँसभा समक्ष पेश गरिएकोमा सभाले सर्वसम्मत अनुमोदन गरी पारित गरेको छ।

### १.११ प्रतिवेदनको संगठनः

यस आवधिक योजनाको प्रतिवेदनलाई ९ भागमा विभाजन गरिएको छ। पहिलो भागमा आवधिक योजनाको परिचय र विधिलाई समावेश गरिएको छ। दोस्रो भागमा गाउँपालिकाको वस्तुस्थिति विवरण, तेस्रो भागमा गाउँवासीको अपेक्षाको विश्लेषण गरिएको छ। त्यसैगरी चौथो भागमा गाउँपालिकाको सम्भावना, अवसर, समस्या र चुनौतीको विश्लेषण र पाँचौ भागमा समग्र लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र परिमाणात्मक लक्ष्यहरु समावेश गरिएको छ। छैटौ भागमा पालिकाको आर्थिक विकास योजना, सातौं भागमा सामाजिक विकास योजना, आठौं भागमा भौतिक विकास योजना, नवौं भागमा वन तथा वातावरण संरक्षण र विपद् व्यवस्थापन तथा दिगो विकास योजना, दशौं भागमा संस्थागत विकास योजना र वित्तीय विकास योजना, एघारौं भागमा अनुगमन तथा मूल्याङ्कनलाई समेटिएका छन्।

## परिच्छेद (दुई)
## गाउँपालिकाको विकास विद्यमान स्थिति र उपलब्धि समिक्षा

### २.१ गाउँपालिकाको परिचय

सिद्ध कुमाख गाउँपालिका नेपालको मध्य पहाडी भू-भागमा अवस्थित कर्णाली प्रदेश अन्तर्गत सल्यान जिल्लाका साविकका सिद्धेश्वरी, बाँझकाँडा र चान्देकरेञ्जी गा.वि.स. मिलेर बनेको हो। यस गाउँपालिकाको उत्तरतर्फ कुमाख नगरपालिका, दक्षिणतर्फ शारदा नगरपालिका, पश्चिमतर्फ बनगाड कुपिण्डे नगरपालिका र पुर्वतर्फ कुमाखमालिका नगरपालिका अवस्थित छन्।यस गाउँपालिकाको जिल्ला सदरमुकाम खलंगा जुन करिब ८ घण्टाको पैदल दुरीमा पर्दछ। ८९.३६ वर्ग कि.मी. क्षेत्रफल रहेको छ। सिद्ध कुमाख गाउँपालिका सल्यान जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरुमा विकासका सम्भावना बोकेको गाउँपालिका हो। सचेत राजनैतिक दल र उत्प्रेरीत गाउँबासी यो गाउँपालिकाको दरिलो अनि दीगो विकासको श्रोतका रुपमा रहेका छन्। २०७८ को जनगणना अनुसार यस गाउँपालिकाको जनसंख्या १३१२७ रहेको छ जसमध्ये महिलाको जनसंख्या ६८६९ (५२.३३ प्रतिशत) र पुरुषको जनसंख्या ६२५८ (४७.६७ प्रतिशत) रहेको छ। यस सिद्ध कुमाख गाउँपालिकामा औसत अधिकतम तापक्रम ३१ डिग्री सेल्सियस, न्युनतम तापक्रम ३ डिग्री सेल्सियस रहेको पाइन्छ। जम्मा पाँच वडा रहेको यस गाउँपालिका साबिक सिद्धेश्वरी, बाँझकाँडा र चाँदेकरेञ्जी गा.वि.स को समाबेशबाट गठन भएको छ।

गाउँपालिका पर्यटन, कृषि तथा उद्योगको पर्याप्त सम्भावना रहेको, धार्मिक सांस्कृतिक पहिचान बोकेको, प्राकृतिक श्रोत र साधनको प्रचुरता भएको एवं स्थानीय कृषि उत्पादनको बजारीकरण गर्न सकिने आधार भएकोले विकासका लागि पर्याप्त सम्भावना भएको गाउँको रुपमा रहेको छ। विगतका नीति, योजना तथा कार्यक्रमको कार्यान्वयनबाट आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकासमा केहि उपलब्धिहरु भएका छन्। त्यस्ता उपलब्धि हरुलाई दिगो र संस्थागत गरी दीर्घकालिन सोचका साथ योजना तथा कार्यक्रम बनाउन जरुरी देखिन्छ। विकासको स्वामित्वबोध नहुनु, गैर योजनामा नयाँ ट्र्याक खोल्ने प्रवृत्ति, युवा श्रम शक्तिको विदेश पलायन, कृषिलाई व्यवसायीकरण नगरिनु, लघु, घरेलु तथा साना उद्योग ओझेलमा पर्नु, कृषि पेशालाई गौरवान्वित पेशाको रुपमा स्वीकार नगरिनु, उत्पादन मुलक भूमिको खण्डिकरण, आवास तथा भूमिको वैज्ञानिक ढंगले उपयोग गर्न नसक्नु, प्राकृतिक श्रोत साधनको वैज्ञानिक उपयोग गर्न नसक्नु, शिक्षा र स्वास्थ्यमा पर्याप्त लगानी हुन नसक्नु, नैतिकता र आत्मउत्तरदायित्व कमजोर हुनु जस्ता समस्या तथा चुनौतीहरु हाम्रो सामू विद्यमान छन्।

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

भौगोलिक अवस्थिति र अवस्थाका आधारमा, यस गाउँपालिकाको सम्पूर्ण भू-भाग पहाडी क्षेत्रमा पर्दछ। राज्यको पुन संरचना संगै गरिएको स्थानीय तहहरुको पुन संरचनामा कुल ८९.३६ वर्ग कि.मी मा क्षेत्रफल कायम रहने गरी यस गाउँपालिकालाई विकास निर्माण र सेवा प्रवाहमा सकेसम्म सहजता हुने गरी गाउँपालिका स्तरीय राजनीतिक तथा प्रशासनिक संरचनाका हिसाबले ५ वटा वडामा विभक्त गरिएको छ।

तालिका नं. २.१ वडा विभाजनको वर्तमान अवस्था

| वडा नं | समावेश भएको साविकका गा.वि.स/न.पा | साविकको वडा नं. |
|---|---|---|

| | | |
|---|---|---|
| १ | बाँझकाँडा | सबै |
| २ | सिद्धेश्वरी | १,२,३,४ र ५ |
| ३ | सिद्धेश्वरी | ६,७,८ र ९ |
| ४ | चाँदिकरेञ्जी | १,२,३ र ४ |
| ५ | चाँदिकरेञ्जी | ५,६,७,८ र ९ |

श्रोतः गाउँपालिका पार्श्वचित्र

२०७९ बैसाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा ने.का. ले अध्यक्ष र उपाध्यक्ष तथा वडाहरुमा मिस्रित जनप्रतिनिधिको प्रतिनिधित्व रहेको छ। गाउँ कार्यपालिका केन्द्रमा रहेको विभिन्न विषयगत शाखा बाट यस गाउँपालिकाले ऐन कानूनको परिधि भित्र रही विकास निर्माण र सेवा प्रवाहको कार्य गरिरहेको छ भने सबै वडा बाट स्थानीय आवश्यकता बमोजिम स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था र गाउँ कार्यपालिका तथा गाउँपालिकासभाले पारित गरेका स्थानीय विकास निर्माण र सेवा प्रवाह सँग सम्बन्धित कार्यहरु गर्दै आइरहेका छन्।

चित्र नं. २.१ सिद्ध कुमाख  गाउँपालिकाको भौगोलिक स्वरूप तथा वडा विभाजनको अवस्थिति




### २.१.१.१ भू-उपयोगको वर्तमान अवस्था

तालिका नं. २.२  वर्तमान भू-उपयोग सम्बन्धी विवरण

| भू-उपयोगको विवरण,सिद्ध कुमाख गाउँपालिका | | | |
|---|---|---|---|
| क्र.सं. | क्षेत्रको नाम | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
| १ | वनजंगल क्षेत्र | ५१.३६ | ५९ |
| २ | कृषि क्षेत्र | २७.५५ | ३१.६४ |
| ३ | झाडी बुट्यान क्षेत्र | १.३७ | १.५७ |
| ५ | चरण क्षेत्र | ०.५५ | ०.६३ |
| ७ | अन्य | ६.२२९ | ७.१५ |
| कुल क्षेत्रफल | | ८९.३६ | १००.०० |

श्रोतः गाउँपालिका पार्श्वचित्र

चित्र नं. २.२ वर्तमान भू-उपयोगको अवस्था




चित्र नं.२.३ भू-उपयोगको अवस्था




## २.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा

सिद्ध कुमाख गाउँपालिका प्राकृतिक तथा सांस्कृतिक सम्पदाको हिसाबले मध्यम स्तरमा रहेको छ। कुनै पनि स्थान वा क्षेत्रको विकासको प्राथमिक जग सम्बन्धित स्थान र क्षेत्रमा उपलब्ध प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूमा निर्भर रहने गर्दछ। सिद्ध कुमाख गाउँपालिका भित्र ३७ वटा सामुदायिकवन, एउटा कवुलियति वन विभिन्न वडा भएर बग्ने ४६ वटा प्रमुख खोला तथा खोल्सी, ३७ वटा सांस्कृतिक सम्पदा तथा मठ मन्दिरहरु, साथै ५ वटा पार्क मनोरंजन स्थलको समेत उपस्थिति रहेको छ। यसका अतिरिक्त वनजङ्गलका साथमा पाईने विभिन्न प्रकारका जडिबुटी, चराचुरुङ्गी, बन्यजन्तु यस गाउँपालिकाको समृद्धि निर्माणमा सहयोगी सिद्ध रहने छन्। तर यिनीहरुको वास्तविक अवस्था सहितको विवरण सङ्कलन हुन सकेको छैन। यस गाउँपालिका भित्र पाईने यस प्रकारका प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरुलाई यस आवधिक योजना मार्फत सम्बोधन गरी यिनीहरुको दिगो संरक्षण, सम्बर्द्धन विकासको माध्यम बाट आर्थिक तथा प्राकृतिक र सांस्कृतिक समृद्धिको मार्ग पहिचानयुक्त बनाउन सकिने सम्भावना रहेको छ। यस गाउँपालिका भित्र उपलब्ध प्राकृतिक सम्पदा र पूर्वाधारहरुको वर्तमान अवस्था सहितको विवरण तालिका नं. २.३ देखि २.६ मा उल्लेख गरिएको छ भने पर्यटकीय क्षेत्र सँग जोडिएका प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरुको हकमा सोहि शिर्षक अन्तर्गत समेटिएका छन्।

तालिका नं. २.३ सामुदायिक तथा निजी वन जङ्गलको विवरण

| क्र. सं. | नाम | ठेगाना (स्थान) | वर्तमान अवस्था |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | ठुला पोखरा सामुदायिक वन | वडा नं. १ | |
| २ | दुवेरी खोला सामुदायिक वन | वडा नं. १ | |
| ३ | सातगैरी सामुदायिक वन | वडा नं. १ | |
| ४ | छरीखोला सामुदायिक वन | वडा नं. १ | |
| ५ | खर्सेनि खोला, कवुलियति वन | वडा नं. १ | |
| ६ | सोताखोला सामुदायिक वन | वडा नं. १ | |
| ७ | धनखन्ने टाकुरी सामुदायिक वन | वडा नं. १ | |
| ८ | ठुलाचौर सामुदायिक वन | वडा नं. १ | |
| ९ | पिपल चौतारी सामुदायिक वन | वडा नं. १ | |
| १० | जामुने गैरी सामुदायिक वन | वडा नं. १ | |
| ११ | चौतारी सामुदायिक वन | वडा नं. १ | |
| १२ | जलामारे सामुदायिक वन | वडा नं. १ | |
| १३ | रातामाटा सामुदायिक वन | वडा नं. १ | |
| १४ | पारिवन पाखा सामुदायिक वन | वडा नं. १ | |
| १५ | चौखे ढुङ्गा सामुदायिक वन | वडा नं. १ | |
| १६ | हरियालि वन नर्सरी, निजी वन | वडा नं. १ | |
| १७ | सिमखोली सामुदायिक वन | वडा नं. २ | |
| १८ | त्रिवेणी सामुदायिक वन | वडा नं. २ | |
| १९ | लालझारी सामुदायिक वन | वडा नं. २ | |
| २० | कैलाश जागृत सामुदायिक वन | वडा नं. २ | |
| २१ | हलोगारे सामुदायिक वन | वडा नं. ३ | |
| २२ | दुवेरिचौर सामुदायिक वन | वडा नं. ३ | |
| २३ | ठुलागैरा सामुदायिक वन | वडा नं. ३ | |
| २४ | जलुके सामुदायिक वन | वडा नं. ३ | |
| २५ | सुसेली कुसुम सामुदायिक वन | वडा नं. ३ | |
| २६ | तामाखानी सामुदायिक वन | वडा नं. ४ | |
| २७ | हरियाली सामुदायिक वन | वडा नं. ४ | |
| २८ | सयपत्री सामुदायिक वन | वडा नं. ४ | |
| २९ | मुना संरक्षण सामुदायिक वन | वडा नं. ४ | |
| ३० | मुनाल सामुदायिक वन | वडा नं. ४ | |
| ३१ | कौली सामुदायिक वन | वडा नं. ४ | |
| ३२ | सिद्ध सामुदायिक वन | वडा नं. ४ | |
| ३३ | जनज्योती सामुदायिक वन | वडा नं. ५, माझखर्क | |
| ३४ | देउराली सामुदायिक वन | वडा नं. ५, माझखर्क | |

| | | | |
|---|---|---|---|
| ३५ | बस्ने ढुंगा सामुदायिक वन | वडा नं. ५, गुईदे | |
| ३६ | रोलखोला सामुदायिक वन | वडा नं. ५, बडाकाडा | |
| ३७ | तारादेवी सामुदायिक वन | वडा नं. ५, दहगाउँ | |
| ३८ | ध्रुवतारा सामुदायिक वन | वडा नं. ५, राम्री | |

श्रोतः आवधिक योजना सर्वेक्षण, २०८०

तालिका नं. २.४ खोला तथा खोल्सिको विवरण

| क्र. सं. | नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | शारदा खोला/नदि | वडा नं. १ | |
| २ | हमपाल खोला | वडा नं. १ | |
| ३ | सतिपोले खोल्सि | वडा नं. १ | |
| ४ | पटारे खोला | वडा नं. १ | |
| ५ | ज्यामिरे खोला | वडा नं. १ | |
| ६ | मुख्य खोला | वडा नं. १ | |
| ७ | सेता खोला | वडा नं. १ | |
| ८ | जुके खोला | वडा नं. १ | |
| ९ | ढारबास खोला | वडा नं. १ | |
| १० | भाङ्गाचौर खोला | वडा नं. २ | |
| ११ | नयाँ खोला | वडा नं. २ | |
| १२ | तुसारे खोला | वडा नं. २ | |
| १३ | बोरि खोला | वडा नं. २ | |
| १४ | रातामाटा खोला | वडा नं. २ | |
| १५ | जलुके खोला | वडा नं. २ | |
| १६ | तेजु खोला | वडा नं. २ | |
| १७ | ठुलि खोला | वडा नं. २ | |
| १८ | गैरा खोला | वडा नं. २ | |
| १९ | कोप्चे खोला | वडा नं. २ | |
| २० | पनेरी खोला | वडा नं. २ | |
| २१ | मङ्ग्रा खोला | वडा नं. २ | |
| २२ | भित्री खोला | वडा नं. २ | |
| २३ | चिल खोलेसी खोला | वडा नं. २ | |
| २४ | भालुकाटे खोला | वडा नं. २ | |
| २५ | कटमारे खोला | वडा नं. २ | |
| २६ | खाली खोला | वडा नं. २ | |

| | | | |
|---|---|---|---|
| २७ | गोतमे खोला | वडा नं. २ | |
| २८ | फल्टे खोला | वडा नं. ३ | |
| २९ | झारगाउँ खोला | वडा नं. ३ | |
| ३० | साउने खोला | वडा नं. ३ | |
| ३१ | भालु खोला | वडा नं. ३ | |
| ३२ | जुगे खोला | वडा नं. ३ | |
| ३३ | झारा खोला | वडा नं. ३ | |
| ३४ | चोरपानी खोला | वडा नं. ३ | |
| ३५ | साईकुमारी खोला, कालालेख | वडा नं. ३ | |
| ३६ | जलुके खोला | वडा नं. ३ | |
| ३७ | गिद्ध खोल्सी | वडा नं. ३ | |
| ३८ | उम खोला | वडा नं. ३ | |
| ३९ | भांग खोला | वडा नं. ४ | |
| ४० | सिरमिला खोला | वडा नं. ४ | |
| ४१ | सम्मारा खोला | वडा नं. ४ | |
| ४२ | डाङडुंगे खोला | वडा नं. ४ | |
| ४३ | उल्लेरी खोला | वडा नं. ४ | |
| ४४ | बेद खोला | वडा नं. ४ | |
| ४५ | अधेरी खोला | वडा नं. ४ | |
| ४६ | सागिनी खोला | वडा नं. ४ | |

श्रोत : आवधिक योजना सर्वेक्षण, २०८०

तालिका नं. २.५ मठ मन्दिर तथा सांस्कृतिक महत्वका स्थल तथा स्थानहरु

| क. सं. | नाम | वडा नं. | वर्तमान अवस्था |
|---|---|---|---|
| १ | ज्यामिरे गुफा | वडा नं. १ | |
| २ | कुरिल्ला तामाखानी | वडा नं. १ | |
| ३ | नागेश्वर मन्दिर | वडा नं. १ | |
| ४ | कालिका मन्दिर तल्लो बाँझकाँडा | वडा नं. १ | |
| ५ | कालिका मन्दिर, देवीदर्गा | वडा नं. १ | |
| ६ | गामालेखी बराह मन्दिर, सेतीखोला | वडा नं. १ | |
| ७ | कालिका मन्दिर,उपल्लो बाझकाँडा | वडा नं. १ | |
| ८ | बेलाउती घारी शिव गुफा | वडा नं. १ | |
| ९ | दार्दा शिव गुफा | वडा नं. १ | |
| १० | पटारे बजार नागेश्वरी | वडा नं. १ | |

| | | | |
|---|---|---|---|
| ११ | कुखुरेखोर चर्च | वडा नं. १ | |
| १२ | मोखला चर्च | वडा नं. १ | |
| १३ | सिद्ध गुफा | वडा नं. २ | |
| १४ | कुमाख लेक | वडा नं. २ | |
| १५ | सिद्ध मन्दिर, कुईयाझोल | वडा नं. २ | |
| १६ | सिद्ध कैलाश गुफा, टाकुरा | वडा नं. २ | |
| १७ | मस्टथान मन्दिर, कुईयाझोल | वडा नं. २ | |
| १८ | राधाकृष्ण मन्दिर, त्रिवेणी | वडा नं. २ | |
| १९ | बराहथान मन्दिर | वडा नं. २ | निर्माणाधीन |
| २० | बराहथान मन्दिर | वडा नं. २ | निर्माणाधीन |
| २१ | कागखोलि गाउँ चर्च भवन, कुईयाझोल | वडा नं. २ | निर्माण सम्पन्न |
| २२ | बराहचौर चर्च भवन, बराहचौर | वडा नं. २ | |
| २३ | रोका गाउँ चर्च भवन, रोका गाउँ | वडा नं. २ | |
| २४ | कालिका मन्दिर, टाकुरा | वडा नं. २ | पुनःनिर्माण |
| २५ | बेउली ओडार गुफा, बल्लेगुरा कुमाख | वडा नं. २ | माग गरिएको |
| २६ | राधाकृष्ण मन्दिर, त्रिवेणी | वडा नं. २ | DPR माग |
| २७ | त्रिवेणी तिर्थधाम स्थल निर्माण | वडा नं. २ | माग गरिएको |
| २८ | मुर्तिलेख ढुंगा | वडा नं. ३ | |
| २९ | शिव मन्दिर डाँडाकटेरी | वडा नं. ३ | घेरवार, मुर्ति, फिल्ड माग |
| ३० | मुर्ति लेख शिव मन्दिर, फलाटे | वडा नं. ३ | घेरवार माग |
| ३१ | शिव मन्दिर,ढोरचौर | वडा नं. ३ | घेरवार माग |
| ३२ | काप्रेचौर मिनिपार्क मन्दिर | वडा नं. ३ | |
| ३३ | विश्वकर्मा बाबा र गणेश भगवानको मुर्ति, काप्रेचौर | वडा नं. ३ | माग गरिएको |
| ३४ | साइकुमारी मन्दिर, कालालेख | वडा नं. ३ | माग गरिएको (मिनी पार्कमा) |
| ३५ | सुवाकोटी भगवती मन्दिर | वडा नं. ३ | |
| ३६ | शिव मन्दिर | वडा नं. ४ | निर्माणाधीन |
| ३७ | छापडाडा शिव मन्दिर | वडा नं. ५ | |

श्रोतः आवधिक योजना सर्वेक्षण, २०८०

तालिका नं. २.६ पार्क तथा मनोरंजनका क्षेत्र

| क्र.सं. | नाम | ठेगाना(स्थान) | वर्तमान अवस्था |
|---|---|---|---|
| १ | कालिका मन्दिर, देवीदर्दा | वडा नं. १ | |
| २ | माझकोट | वडा नं. १ | स्तरउन्नति आवश्यक |
| ३ | कुमाख लेख | वडा नं. २ | |
| ४ | सिद्ध कैलाश गुफा | वडा नं. २ | |
| ५ | काप्रेचौर मिनीपार्क | वडा नं. ३ | स्तरउन्नति गर्नुपर्ने |

श्रोतः आवधिक योजना सर्वेक्षण, २०८०

### १.१.३ जनसांख्यिक अवस्था

सिद्ध कुमाख गाउँपालिकाको पछिल्लो संरचना बमोजिम बि.सं. २०७८ सालको विवरणका आधारमा केन्द्रित तथ्याङ्क विभागले सल्यान जिल्लाको स्थानीय तहहरुको वस्तुगत विवरण, २०७८ का आधारमा यस गाउँपालिकामा कुल १३१२७ जनसंख्या रहेको छ। यो संख्या २०६८ सालको तुलनामा घटेको अवस्थामा रहेको देखिन्छ। केन्द्रिय तथ्याङ्क विभागले २०७८ सालमा गरेको राष्ट्रिय जनगणनाको अन्तिम प्रतिवेदनका आधारमा यस गाउँपालिकामा घरपरिवार संख्या २८९८ पुगेको छ भने ६२५८ पुरुष र ६८६९ महिला समेत कुल जनसंख्या मध्ये ०.०५ प्रतिशत साथै प्रदेशको कुल मध्ये ०.७८ प्रतिशत साथै जिल्लाको कुल जनसंख्याको ५.५० प्रतिशत यसै गाउँपालिकामा बसोबास गर्ने गरेको अवस्था छ। केन्द्रीय तथ्याङ्क विभागकै वर्तमान विवरणका आधारमा यस गाउँपालिकाको जनसंख्या वृद्धि दर -०.३३ प्रतिशत रहेको छ भने जनघनत्व करिब १४७ प्रति वर्ग कि.मी. पुगेको अवस्था छ। राष्ट्रिय जनगणनाको अन्तिम प्रतिवेदनका आधारमा कर्णाली प्रदेश शहरी क्षेत्रमा ६२.३२ प्रतिशत मानिसहरुको बसोबास रहेको छ भने ग्रामिण क्षेत्रमा ३७.६८ प्रतिशतको रहेको छ।

तालिका नं.२.७ प्रदेश, जिल्ला र गाउँपालिकाको तुलनात्मक जनसंख्या विवरण

| | घरधुरी | कुल जनसंख्या | महिला | पुरुष | लैङ्गिक अनुपात (पुरुष प्रति १०० महिला) | वार्षिक वृद्धि दर | परिवारको औसत आकार | जनघनत्व प्रति वर्ग कि.मी. |
|---|---|---|---|---|---|---|---|---|
| कर्णाली प्रदेश | ३६६२५५ | १६८८४१२ | ८६४६५१ | ८२३७६१ | ९५.२७ | ०.७० | ४.६१ | ६० |
| सल्यानजिल्ला | ५४७०१ | २३८५१५ | १२३५३३ | ११४९८२ | ९३.०८ | -०.१६ | ४.३६ | १६३ |
| सिद्ध कुमाख गाउँपालिका | २८९८ | १३१२७ | ६८६९ | ६२५८ | ९१.१० | -०.३३ | ४.५३ | १४७ |

श्रोतः नेपाल सरकार, राष्ट्रिय योजना आयोग, तथ्याङ्क विभाग, २०७८

चित्र नं. २.४ गणना वर्षका आधारमा घरपरिवार तथा जनसंख्या विवरण




तालिका नं. २.८ गणना वर्षको आधारमा घरपरिवार तथा जनसंख्या विवरण

| गणना वर्षको आधारमा | घर परिवार तथा जनसंख्या | | | | |
|---|---|---|---|---|---|
| | घरपरिवार | पुरुष | महिला | अन्य | जम्मा |
| २०६८ | २४०४ | ६५०४ | ७०८९ | ० | १३५९३ |
| २०७८ | २८९८ | ६२५८ | ६८६९ | ० | १३१२७ |

श्रोतः राष्ट्रिय जनगणना २०७८

तालिका नं.२.९ गाउँपालिकाको जनसंख्याको तुलनात्मक विवरण

| वडा नं. | घरपरिवारको संख्या | जनसंख्या | | | औसत् परिवार संख्या | लैङ्गिक अनुपात (पुरुष प्रति १०० महिला) |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| १ | ७४२ | ३२९९ | १५७८ | १७२१ | ४.४५ | ९१.६९ |
| २ | ४४९ | २०२९ | ९४६ | १०८३ | ४.५२ | ८७.३५ |
| ३ | ६०८ | २५९४ | १२५० | १३४४ | ४.२७ | ९३.०१ |
| ४ | ५९३ | २९०३ | १३८६ | १५१७ | ४.९० | ९१.३६ |
| ५ | ५०६ | २३०२ | १०९८ | १२०४ | ४.५५ | ९१.२० |
| जम्मा | २८९८ | १३१२७ | ६२५८ | ६८६९ | ४.५३ | ९१.१० |

श्रोतः राष्ट्रिय जनगणना, २०७८

#### २.१.३.१ जातजातिका आधारमा जनसंख्या

४ जात ३६ वर्णको फूलबारीको रुपमा परिचित र स्थापित नेपालको मध्य पश्चिमी भागमा अवस्थित सिद्ध कुमाख गाउँपालिकामा समेत विभिन्न जात जातिहरुको बसोबास रहदै आएको छ। राष्ट्रिय जनगणना २०७८ का आधारमा सिद्ध कुमाख गाउँपालिकामा पहाडे क्षेत्रीको बसोबास रहेको घर परिवार संख्या सबै भन्दा धेरै छ भने दोस्रोमा पहाडे कामीको  संख्या छ। विभिन्न जातजातिहरु विभिन्न समयमा बसाइसराई गरी सल्यान जिल्लामा आएरहेका छन्। यो गाउँपालिकामा पनि यसले गर्दा यो गाउँपालिका सामाजिक विविधताले अझ उन्मुख हुदै गएको अवस्था छ। यो गाउँपालिकाको गौरवपनि हो। गाउँपालिकामा जातिगत विविधता भएपनि सामाजिक सद्भाव कायम गर्दै अगाडि बढेको छ।

तालिका नं. २.१० जातजातिको आधारमा घरपरिवारको विवरण

| क्र.सं. | जातजाति | जनसंख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १ | क्षेत्री | ४९५४ | ५३७९ | १०३३३ |
| २ | कामि | ५६२ | ६६८ | १२३० |
| ३ | मगर | १२० | १३५ | २५५ |
| ४ | परियार | २०३ | २४१ | ४४४ |
| ५ | ब्राह्मण पहाडी | ३३ | ३१ | ६४ |
| ६ | मिजार | १५२ | १६९ | ३२१ |
| ७ | सन्यासी/दसनामी | १५५ | १५३ | ३०८ |
| ८ | ठकुरी | ५६ | ५५ | १११ |
| ९ | सोनार | ५ | ८ | १३ |
| १० | वादी | १४ | १९ | ३३ |
| ११ | अन्य | ४ | ११ | १५ |
| सबै जात जाति | | ६२५३ | ६८६१ | १३१२७ |

श्रोतः  राष्ट्रिय जनगणना २०७८

## २.२ आर्थिक विकासको अवस्था

अर्थतन्त्रको विकास र विस्तारले समृद्धि प्राप्तिको गन्तव्य निर्धारण गर्दछ। सिद्ध कुमाख गाउँपालिकाको कुल ८९.३६ वर्ग कि.मी. क्षेत्रफल मध्ये २७.५५ वर्ग कि.मी. भन्नाले कुल भू-भागको ३१.६४ प्रतिशत क्षेत्रफल कृषि कार्यकालागि उपयूक्त छ, २०७८ को कृषि गणना अनुसार त्यसमध्य ११.४५ वर्ग कि.मी. क्षेत्रफल कृषक परिवारले चलन गरिरहेका छन्। यो कुल क्षेत्रफलको १२.८१ प्रतिशत रहेको छ। यस गाउँपालिकाको भौगोलिक बनावट मध्य पहाडी क्षेत्र र वेशी क्षेत्र रहेको छ, पहाडी क्षेत्रका कारण कृषि कार्यकालागि तेती उपयुक्त रहेको नभएर पछिल्लो अवस्थामा यहाँका बासिन्दा हरु शिक्षा स्वास्थ्य, रोजगारी र दैनिक सुविधाको खोजीमा बसाई सरि शहरी क्षेत्रमा जाने क्रम बढी रहेका कारण यहाँका कृषि योग्य जामिनलाई सिचाईको र अन्य कुराहरुको व्यवस्था मिलाई दिनु पर्ने देखिन्छ। पछिल्लो समय तिब्र गतिमा घटी रहेको जनसंख्या, उद्योग, व्यापार तथा व्यवसाय साथै उर्वर माटो नभएका कारण कृषि उत्पादनलाई आर्थिक विकासको प्रमुख आधार र पशुपन्छी पालन, माछापालन, पर्यटन विकासलाई सहयोगी आधारको

रुपमा स्थापित केन्द्र बनाउनु पर्छ। यस गाउँपालिकामा आर्थिक विकासका प्रमुख र सहयोगी साधनको रुपमा देहाय बमोजिमको वर्तमान अवस्था रहेको छ।

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

संघीयताको कार्यान्वयन संगै गाउँपालिकाले स्थानीय सरकारको रुपमा कार्याक्रम गरेपछिका विगत ४ वर्षमा आर्थिक समृद्धिको मार्ग प्रसस्त गर्ने कार्यमा गाउँपालिका क्रियाशील रहेको छ। कृषिको व्यवसायिकरणको माध्यम बाट खाद्यान्नमा आत्म निर्भर हुने तथा निकासी योग्य उत्पादनलाई प्राथमिकताका साथ कृषक सँग गाउँपालिकाका अवधारणका साथ आफ्ना नीति कार्यक्रम अवलम्बन गरेपछि यस क्षेत्रको विकास र उत्पादनमा गुणात्मक सुधार गर्नु पर्दछ। कृषि विकास संस्थाहरु संगको साझेदारीमा साना सिंचाई आयोजना सञ्चालनमा रहेका छन्। यस गाउँपालिका भित्र पशुपन्छी पालन तथा वस्तु उत्पादन व्यवसाय ७, गाई भैंसी पालन फर्म ३, बाखा पालन फर्म ३९, सुँगुर बंगुर पालन फर्म तथा माछा पालन फर्म ४, कुखुरा पालन फर्म १६, मासु पसल ९, र तरकारी तथा फलफुल फर्म ४ वटा रहेका छन्।

हालसम्म कृषि विकास शाखा तथा पशु सेवा शाखामा ११५ वटा फर्म दर्ता भै व्यवसायिक उत्पादन गरिरहेका छन्। गाउँक्षेत्रभित्र ९ वटा मासु पसलहरु गाउँपालिका दर्ता भै संरचनामा आएका छन्।

तालिका नं. २.११ कृषि तथा पशुपालन व्यवसाय

| क्र.सं. | कृषि तथा पशुपालन व्यवसाय | संख्या |
|---|---|---|
| १ | कृषि समूह | १०२ |
| २ | पशुपन्छी पालन तथा वस्तु उत्पादन व्यवसाय | ७ |
| २.१ | गाई भैंसी पालन फर्म | ३ |
| २.२ | बाखा पालन फर्म | ३९ |
| २.३ | सुँगुर बंगुर पालन फर्म तथा माछा पालन फर्म | ४ |
| २.४ | कुखुरा पालन फर्म | १६ |
| २.६ | मासु पसल | ९ |
| २.७ | तरकारी तथा फलफुल फर्म | ४ |
| जम्मा | | १८४ |

श्रोतः आवधिक योजना सर्वेक्षण, २०८०

चित्र नं. २.५ कृषि तथा पशुपन्छी पालन व्यवसायमा संलग्न समूह तथा कृषकहरु




| तालिका नं. १२ कृषि तथा पशुपालन व्यवसाय | | |
|---|---|---|
| क्र.सं. | कृषि तथा पशुपालन व्यवसाय | संख्या |
| १ | कृषि समूह | १०२ |
| २ | गाई भैंसी पालन फर्म | ३ |
| ३ | बाखा पालन फर्म | ३९ |
| ४ | सुँगुर बंगुर पालन फर्म | ४ |
| ५ | कुखुरा पालन फर्म | १६ |
| ६ | कृषि फर्म | ४ |
| जम्मा | | १६८ |

श्रोतः आवधिक योजना सर्वेक्षण, २०८०

तालिका नं २.१३ वर्तमान हाटबजारहरु

| क्र.सं. | नाम | ठेगाना (स्थान) |
|---|---|---|
| १ | मोखला | वडा नं. १ |
| २ | पटारे | वडा नं. १ |

| | | |
|---|---|---|
| ३ | चाख्लीघाट | वडा नं. १ |
| ४ | चाख्लीघाट | वडा नं. २ |
| ५ | भडारे | वडा नं. २ |
| ६ | टाकुरा | वडा नं. २ |
| ७ | खानिगाउँ | वडा नं. २ |
| ८ | फल्लेखर्क | वडा नं. २ |
| ९ | भाङ्गाचौर | वडा नं. २ |
| १० | ढोरचौर | वडा नं. ३ |
| ११ | फलाटे | वडा नं. ३ |
| १२ | कालालेखा | वडा नं. ३ |
| १३ | डाँडाकटेरी | वडा नं. ३ |
| १४ | उचाल्ने | वडा नं. ३ |
| १५ | खार्वन | वडा नं. ४ |
| १६ | करेन्जी | वडा नं. ४ |
| १७ | चाँदे | वडा नं. ४ |
| १८ | छापडाँडा | वडा नं. ५ |

श्रोतः आवधिक योजना सर्वेक्षण, २०८०

चित्र नं. २.६ पशुपन्छी पालनमा संलग्न फर्म तथा समूह




### २.२.१.१ कृषि उपज तथा पशुपन्छी बाली बिक्रि केन्द्र

कृषि तथा पशुपन्छी बालीको व्यवसायिकरण बाट उत्पादन हुने कृषि उपज तथा पशुपन्छी तथा पशुपन्छी जन्य उत्पादनको बजारीकरण वा निकासीकालागि सङ्कलन केन्द्र तथा बजार केन्द्रहरुको सुविधा अनिवार्य सर्त हो। यस पालिका भित्र व्यवस्थित कृषि उपज सङ्कलन केन्द्र, चिस्यान केन्द्र तथा खाद्य भण्डारण केन्द्र जस्ता अति महत्वपूर्ण पूर्वाधारहरुको संरचनाको पर्याप्त व्यवस्थापन हुन सकेको छैन। यस गाउँपालिका भित्र सुविधायुक्त तथा बजार केहि मात्रामा सुधारात्मक भएता पनि गाउँपालिका ग्रामिण भेगमा रहेका परम्परागत रुपमा सञ्चालनमा रहेका दैनिक तथा साप्ताहिक हाटबजार हरुको न्युनतम भौतिक पूर्वाधारका अवस्था समेत कमजोर रहेको देखिन्छ। उल्लेखित हाटबजारहरु बाट स्थानीयबासीले आफ्ना दैनिक आवश्यकताका बस्तुको आवश्यकता पुरा गर्ने गरेको छन्। यति मात्र हैन यस गाउँपालिका भित्र वर्तमानमा सञ्चालनमा रहेका यी हाटबजारहरु बाट करिब १५ प्रतिशत कृषि उपज तथा पशुपन्छी जन्य बस्तु छिमेकी गाउँपालिकाका बजार तथा अन्य बजार सम्म जानेगरेको स्थानिय सरोकारबालाको भनाइ रहेको छ।

### २.२.१.२ कृषि उपज तथा पशुपन्छी जन्य बस्तुको निर्यातको अवस्था

आवधिक योजना तर्जुमाको सन्दर्भमा वडागत रुपमा गरिएको स्थलगत छलफल कार्यक्रममा स्थानीयबासीको भनाई बमोजिम यस गाउँपालिकाका ग्रामिण क्षेत्रमा रहेका वडा बाट सामान्य रुपमा सुन्तला, टिमुर, अदुवा, दलहन, तेलहन, फलफुल तथा मसला जन्य बस्तुहरु निकासी हुने गरेको अवस्था देखिन्छ। गाउँपालिका सँग यस गाउँपालिका बाट निकासी भएर जाने कृषि तथा पशुपन्छी जन्य उत्पादनहरुको विवरण प्राप्त हुन नसकेको भएता पनि वडागत सर्वेक्षण तथा आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीमा सहभागी रहनु भएका सरोकारवालाको भनाइ बमोजिम वार्षिक रुपमा करिब १ करोड बराबरका स्थानीय उत्पादनहरु बाहिर जाने गरेको अनुमान रहेको छ भने यस परिमाणमा सुन्तला, टिमुर र अदुवाको बिक्रि वितरण अन्त्यको तुलनामा बढी रहेको स्थानीयबासीका भनाइरहेको छ।

### २.२.१.३ सिंचाई

कृषि कार्यलाई व्यवसायिक रुप प्रदान गर्न बाह्रै महिना सिंचाईको दिगो पूर्वाधार निर्माण विकास हुन अनिवार्य छ। यस गाउँपालिकाको वस्तुगत अवस्थाका आधारमा गाउँ क्षेत्रभित्र कुल २७५५ हेक्टर कृषियोग्य जमिन रहेको छ। राष्ट्रिय कृषिगणना २०७८ अनुसार कृषक परिवारले चलन गरेको जग्गाको क्षेत्रफल ११४४.८ हेक्टर छ, त्यस मध्य ३०.५५ प्रतिशत (३४९.८ हेक्टर) जग्गामा सिंचाई सुविधा प्राप्त भएको छ। साना सिंचाई कार्यक्रमका लागि गाउँपालिका, कृषि ज्ञान केन्द्र, प्रदेश सरकार, स्थानीय संघ संस्था र कृषकहरुको लागत साझेदारी रहेको छ।

तालिका नं. २.१४ वर्तमान सिंचाई पूर्वाधारहरुको विवरण

| क्र.सं. | नाम | ठेगाना (वडा) |
|---|---|---|
| १ | करनी सिंचाई कुलो (५० घरधुरी लाभान्वीत) | वडा नं.१ |
| २ | तामाबी सिंचाई कुलो (३० घरधुरी लाभान्वीत) | वडा नं.१ |
| ३ | बगर सिंचाई कुलो (५० घरधुरी लाभान्वीत) | वडा नं.१ |
| ४ | सिमल तरी सिंचाई कुलो (२५/३० घरधुरी लाभान्वीत) | वडा नं.१ |
| ५ | काजीका बगर सिंचाई कुलो (८० घरधुरी लाभान्वीत) | वडा नं.१ |
| ६ | चाख्लीघाट सिंचाई कुलो (६० घरधुरी लाभान्वीत) | वडा नं.१ |
| ७ | चुचुरे ढुंगा राक्स्य रह सिंचाई कुलो (२५ घरधुरी लाभान्वीत) | वडा नं.१ |
| ८ | सतिपोले बगर सिंचाई कुलो (१५ घरधुरी लाभान्वीत) | वडा नं.१ |
| ९ | खर्सेनीखोला सिंचाई कुलो (२० घरधुरी लाभान्वीत) | वडा नं.१ |
| १० | रावल सिंचाई कुलो निर्माण (१८ घरधुरी लाभान्वीत) | वडा नं.१ |
| ११ | पल्लाखोला टाटके रातामाता सिंचाई कुलो (१७ घरधुरी लाभान्वीत) | वडा नं.१ |
| १२ | ज्यामिरे टाटके सिंचाई कुलो २ ( घरधुरी लाभान्वीत) | वडा नं.१ |
| १३ | ज्यामिरे पाखे सिंचाई कुलो (३ घरधुरी लाभान्वीत) | वडा नं.१ |
| १४ | चुरेनीगारे सिंचाई कुलो (२० घरधुरी लाभान्वीत) | वडा नं.१ |
| १५ | चौखे ढुंगा सिंचाई कुलो (७ घरधुरी लाभान्वीत) | वडा नं.१ |
| १६ | बजाउने ढुंगा सिंचाई कुलो निर्माण (८ घरधुरी लाभान्वीत) | वडा नं.१ |
| १७ | ढारखेत सिंचाई कुलो (२५/३० घरधुरी लाभान्वीत) | वडा नं.१ |
| १८ | चिल्ली भिर सिंचाई कुलो (१० घरधुरी लाभान्वीत) | वडा नं.१ |
| १९ | सिस्नेवरल रुक्सेबजार सिंचाई कुलो मर्मत योजना (१५ घरधुरी लाभान्वीत) | वडा नं.१ |
| २० | तुसारेमुल, राराबराजु देखि गोलटाकुरी सिचाई आयोजना(६० घरधुरी लाभान्वीत) | वडा नं. २ |
| २१ | काबलारुख देखि पेदिखोला सिंचाई आयोजना (२२ घरधुरी लाभान्वीत) | वडा नं. २ |

| | | |
|---|---|---|
| २२ | तुसारे देखि ढाँडागाउँ सिंचाई आयोजना (४५ घरधुरी लाभान्वीत) | वडा नं. २ |
| २३ | ओबरीगारे हुदै काउलीखोलि सिंचाई आयोजना (१५ घरधुरी लाभान्वीत) | वडा नं. २ |
| २४ | सिमखेत सिंचाई आयोजना (९ घरधुरी लाभान्वीत) | वडा नं. २ |
| २५ | पातिमारे सिंचाई आयोजना (८ घरधुरी लाभान्वीत) | वडा नं. २ |
| २६ | दारिमबोट सिंचाई आयोजना (१५ घरधुरी लाभान्वीत) | वडा नं. २ |
| २७ | लामापाटा सिंचाई आयोजना (३२ घरधुरी लाभान्वीत) | वडा नं. २ |
| २८ | लामापाटा सिंचाई आयोजना (३६ घरधुरी लाभान्वीत) | वडा नं. २ |
| २९ | पेदिखोला सिंचाई आयोजना (२५ घरधुरी लाभान्वीत) | वडा नं. २ |
| ३० | माथिल्लो रिठाबोट सिंचाई आयोजना (१५ घरधुरी लाभान्वीत) | वडा नं. २ |
| ३१ | पिपल चौतारा सिंचाई आयोजना (१२ घरधुरी लाभान्वीत) | वडा नं. २ |
| ३२ | घट्टेखोला देखि रातामाटा चौके सम्म  लिफ्ट सिंचाई आयोजना (४० घरधुरी लाभान्वीत) | वडा नं. २ (माग गरिएको) |
| ३३ | बीच सिंचाई आयोजना (१८ घरधुरी लाभान्वीत) | वडा नं. २ (माग गरिएको) |
| ३४ | बाटुले सिंचाई आयोजना (२० घरधुरी लाभान्वीत) | वडा नं. २ (माग गरिएको) |
| ३५ | कागखोलीदेखि काजिपाखा सिंचाई आयोजना (२५ घरधुरी लाभान्वीत) | वडा नं. २ (माग गरिएको) |
| ३६ | तुसारेमुल देखि सुहारा सिंचाई आयोजना (१६ घरधुरी लाभान्वीत) | वडा नं. २ (माग गरिएको) |
| ३७ | माथिल्लो रिठाबोट सिंचाई आयोजना (१५ घरधुरी लाभान्वीत) | वडा नं. २ (माग गरिएको) |
| ३८ | पिपल चौतारा सिंचाई आयोजना (१२ घरधुरी लाभान्वीत) | वडा नं. २ (माग गरिएको) |
| ३९ | झारगाउँ सिंचाई कुलो (२५ घरधुरी लाभान्वीत) | वडा नं. ३ |
| ४० | ठुलासिम टाटके सिंचाई कुलो (३० घरधुरी लाभान्वीत) | वडा नं. ३ |
| ४१ | बाहुनीबजै देखि मुनिको संचाई कुलो (१६ घरधुरी लाभान्वीत) | वडा नं. ३ |
| ४२ | पनालीरुख देखि खालि सम्म आउने संचाई कुलो (१६ घरधुरी लाभान्वीत) | वडा नं. ३ |
| ४३ | माथिल्लो काप्रेचौर संचाई कुलो (१५ घरधुरी लाभान्वीत) | वडा नं. ३ |
| ४४ | बिरौटे देखि रिठारुख सम्म सिंचाई कुलो (१७ घरधुरी लाभान्वीत) | वडा नं. ३ |
| ४५ | कजेरी खोला सिंचाई कुलो आयोजना (१० घरधुरी लाभान्वीत) | वडा नं. ३ |
| ४६ | फलाटे खोला तल्लो वाटुले सिंचाई कुलो आयोजना (१२ घरधुरी लाभान्वीत) | वडा नं. ३ |
| ४७ | कामि सांटा तल्लो संचाई कुलो योजना (८ घरधुरी लाभान्वीत) | वडा नं. ३ |
| ४८ | फलाटे खोला माथिल्लो बाटुले संचाई कुलो योजना (१५ घरधुरी | वडा नं. ३ |

| | | |
|---|---|---|
| | लाभान्वीत) | |
| ४९ | ठारीखोरे संचाई कुलो योजना (७ घरधुरी लाभान्वीत) | वडा नं. ३ |
| ५० | कामीकोभिर सिंचाई कुलो योजना (१२ घरधुरी लाभान्वीत) | वडा नं. ३ |
| ५१ | ढारखोली सिंचाई कुलो योजना (८ घरधुरी लाभान्वीत) | वडा नं. ३ |
| ५२ | गिद्धेखोलि सिंचाई कुलो योजना (१० घरधुरी लाभान्वीत) | वडा नं. ३ |
| ५३ | फलाटेखोला बाहुनीबजै सिंचाई कुलो (१५ घरधुरी लाभान्वीत) | वडा नं. ३ |
| ५४ | ठुलाखेत टुनीबोट सिंचाई कुलो (२० घरधुरी लाभान्वीत) | वडा नं. ३ |
| ५५ | कजेरीखोला बेराचारी सिंचाई कुलो (८ घरधुरी लाभान्वीत) | वडा नं. ३ |
| ५६ | ठुलासिम पिपलबोट सिंचाई कुलो  (२० घरधुरी लाभान्वीत) | वडा नं. ३ |
| ५७ | माथिल्लो नौघारे सिंचाई कुलो (७०० मी.) | वडा नं. ४ |
| ५८ | माझको नौघारी सिंचाई कुलो (८०० मी. ४० घरधुरी लाभान्वीत) | वडा नं. ४ |
| ५९ | तल्लो नौझारी सिंचाई कुलो (६०० मी. ४० घरधुरी लाभान्वीत) | वडा नं. ४ |
| ६१ | वेतखोला-पनेरिखोला संचाई कुलो (१५०० मी. ७५  घरधुरी लाभान्वीत) | वडा नं. ४ |
| ६२ | हात्तीढुंगा वाह्रमासे संचाई कुलो (१२०० मी. ८०  घरधुरी लाभान्वीत) | वडा नं. ४ |
| ६३ | घटला-सगीनी संचाई कुलो (१८०० मी. बनेको, बाकी निर्माणाधीन) | वडा नं. ४ |
| ६४ | खार्वन जिउला सगिनी संचाई कुलो (१२०० मी. | वडा नं. ४ |
| ६५ | सिस्नेरी विरौटा सिंचाई कुलो | वडा नं. ५ |
| ६६ | रोलखोला वारमासे सिंचाई कुलो | वडा नं. ५ |
| ६७ | गतेखोला हगिरी सिंचाई कुलो | वडा नं. ५ |
| ६८ | जलले खोलि हुदै पुजागर्ने गैरीसम्मको सिंचाई कुलो | वडा नं. ५ |
| ६९ | पनेरी खोला देखि वारमासे सिंचाई कुलो | वडा नं. ५ |
| ७० | भित्रीखोला उकाला सिंचाई कुलो | वडा नं. ५ (माग गरिएको) |
| ७१ | जागिरिखोला सिंचाइ योजना | वडा नं. ५ (माग गरिएको) |
| ७२ | ठुलोखोला हुदै रातामाता संचाई कुलो | वडा नं. ५ (माग गरिएको) |
| ७३ | पेदिको संचाई कुलो | वडा नं. ५ (माग गरिएको) |
| ७४ | साकीखोला मरुडाँडा संचाई कुलो | वडा नं. ५ (माग गरिएको) |
| ७५ | कालाखोला हुदै चोतरेनी संचाई कुलो | वडा नं. ५ (माग गरिएको) |
| ७६ | ठुलाखोला हुदै बुगीखोला संचाई कुलो | वडा नं. ५ (माग गरिएको) |

स्रोतः आवधिक योजना सर्वेक्षण, २०८०

### २.२.२ पर्यटन तथा संस्कृति

सिद्ध कुमाख गाउँपालिका विभिन्न जातजाति तथा धार्मिक समुदायको बसोबास रहेको पालिका हो। विभिन्न प्रकारका जातजातिहरुको बसोबास रहेको यो गाउँपालिकामा क्षेत्री, कामि, मगर, परियार, ब्राह्मण पहाडी, मिजार, सन्यासी/दसनामी, ठकुरी, सोनार, वादी आदि जातजातिको बसोबास रहेको छ। यस गाउँपालिका भित्र बसोबास गर्ने विभिन्न जातजाति तथा समूदायले परम्परादेखिनै मनाउदै आएका आ-आफ्नो परम्परा र संस्कृतिमा आधारित चाडपर्व लगायत विभिन्न जातजाति सँग सम्बन्धित ३७ वटा मठ मन्दिर, तथा ५ वटा पार्कहरु रहेका छन् जस्ले यस क्षेत्रको पहिचानलाई जोगाईराख्न सफल भएको अवस्था छ। यसका अतिरिक्त पर्यटन र विकासका लागि व्यवसायिक कृषि तथा पशुपालन, उद्योग व्यापार तथा व्यवसाय साथै कला, साहित्य समेतका विषय बस्तुको समेत सम्भावना रहेका पाइन्छ। यस गाउँपालिका भित्र विभिन्न प्रकारको धार्मिक आस्था र विचार हुदाहुदै पनि धार्मिक तथा जातीय सहिस्नुता सहितको एकता एक महत्वपूर्ण गहनाको रुपमा रहेको कारण सांस्कृतिक तथा धार्मिक विविधता भित्रको एकताका आधारमा आवधिक गाउँपालिका विकास योजना मार्फत समृद्धिको मार्ग निर्माणमा बलियो योगदान पुग्न सक्ने प्रसस्तै सम्भावनाहरु रहेको छ।

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

विश्वव्यापी आर्थिक विकासको मेरुदण्डको रुपमा स्थापित उद्योग, व्यापार तथा व्यवसायको अवस्था को अध्ययन गर्दा उद्योगहरुको स्थापना, सञ्चालनतथा व्यवस्थापनको हकमा कुटिर, घरेलु तथा साना गरी जम्मा १८ वटा मात्र उद्योग व्यवसाय सञ्चालनमा रहेको अवस्था देखिन्छ भने करिव १३ वटा लघु उद्योग सञ्चालनमा रहेका छ। यस गाउँपालिका भित्र मझौला तथा ठुला उद्योगहरु सञ्चालनमा आउन सकेको पाईदैन। यसैगरी व्यापार व्यवसायको लेखाजोखा गर्दा समग्रमा यस पालिका भित्र पर्यटन व्यवसाय सँग समेत सम्बन्धित ३६ वटा विभिन्न प्रकृति र स्तरका होटल व्यवसाय समेत कुल ६६ वटा पसल व्यवसाय सञ्चालनरहेका अवस्था छ। वर्तमान अवस्थामा स्थानीयबासीका दैनिक आवश्यकताका उपभोग्य बस्तुको समेत पर्याप्त व्यवस्थापन तथा माग पुरा गर्न वर्तमान पसल व्यवसायले सकिरहेको देखिदैन। दैनिक उपभोग्य बस्तु समेत नियमित रुपमा आपूर्ति हुन सकिरहेको छैन। उल्लेखित विवरणहरुले के संकेत गर्दछन भने गाउँपालिकाले आगामी दिनमा उद्योग, व्यापार र व्यवसायको क्षेत्रमा अवलम्बन गर्ने नीति तथा कार्यक्रमका आधारमा क्रमश आर्थिक विकासका पूर्वाधारहरुको विकास हुँदै जाने र सोहि बमोजिम आर्थिक समृद्धिको मार्ग सुनिस्चित हुनेछ भने वर्तमान अवस्थाका सुचिकृत नभएका वा गाउँपालिकामा दर्ता नभएका व्यापार व्यवसायलाई पालिकामा सुचिकृत गराई थप व्यापार व्यवसायका क्षेत्रको विस्तार गर्न अनिवार्य भएका कारण यस आवधिक गाउँपालिका विकास योजनालाई आर्थिक विकासका यावत क्षेत्रमा केन्द्रित गुरुयोजना तर्जुमा र कार्यान्वयनको वातावरण सृजना गर्नु पर्ने आवश्यकता देखिएको छ।

तालिका नं. २.१५ उद्योग व्यवसायको विवरण

| क्र.सं. | उद्योग व्यवसायको नाम | नाम | वडा नं | वर्तमान अवस्था |
|---|---|---|---|---|
| १ | बंगुर फर्म | हाम्रो सहयात्रा बंगुर तथा माछा पालन फर्म | वडा नं. १ | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २ | भेडा/बाख्रा फर्म | हिमान्सु बाख्रा पालन फर्म | वडा नं. १ | |
| | | शंकर बाख्रा पालन फर्म | वडा नं. १ | |
| | | गड गिफ्टेड व्यावसायिक बाख्रा पालन फर्म | वडा नं. ४ | |
| | | माया व्यावसायिक बाख्रा पालन कृषि फर्म | वडा नं. ४ | |
| | | सौरेटा बाख्रा पालन फर्म | वडा नं. ४ | |
| | | लाली गुँरास बाख्रा फर्म | वडा नं. ४ | |
| | | प्रेम बाख्रा फर्म | वडा नं. ५ | |
| | | बोहरा बाख्रा फर्म | वडा नं. ५ | |
| | | धन बहादुर बाख्रा फर्म | वडा नं. ५ | |
| ३ | कुखुरा फार्म | बस्नेत कुखुरा पालन फर्म, हामपाल | वडा नं. १ | |
| | | बस्नेत कुखुरा पालन फर्म, ज्यामिरे | वडा नं. १ | |
| | | समिर कुखुरा पालन फर्म | वडा नं. १ | |
| | | बाला कृषि तथा पशुपन्छी फर्म | वडा नं. २ | |
| | | त्रिशक्ति बहुउद्धेश्यी कृषि तथा पशुपन्छी फर्म | | |
| ४ | गाई भैंसी फार्म | बाटिका वहूउद्धेश्यीय कृषक तथा पशुपालन फर्म | वडा नं. १ | |
| | | रमेश भैसी तथा पशुपन्छी फर्म | वडा नं. ४ | |
| | | वायु कृषि तथा भैसी फर्म | वडा नं. | |

| | | | | |
|---|---|---|---|---|
| | | | ४ | |
| ५ | कृषि समूह | जागृति बहुउद्धेश्यीय कृषक समुह | वडा नं. १ | |
| | | जन उत्थान बहुउद्धेश्यीय कृषक समुह | वडा नं. १ | |
| | | शारदा बहुउद्धेश्यीय कृषक समुह | वडा नं. १ | |
| | | सृष्टि बहुउद्धेश्यीय कृषक समुह | वडा नं. १ | |
| | | सिद्ध कुमाख बहुउद्धेश्यीय कृषक समुह | वडा नं. १ | |
| | | मनकामना बहुउद्धेश्यीय कृषक समुह | वडा नं. १ | |
| | | शिवशक्ति बहुउद्धेश्यीय कृषक समुह | वडा नं. १ | |
| | | गणेश स्थान बहुउद्धेश्यीय कृषक समुह | वडा नं. १ | |
| | | सयपत्री बहुउद्धेश्यीय कृषक समुह | वडा नं. १ | |
| | | गुरुदेव बहुउद्धेश्यीय कृषक समुह | वडा नं. १ | |
| | | लालीगुराँस बहुउद्धेश्यीय कृषक समुह | वडा नं. १ | |
| | | कालिका भगवती बहुउद्धेश्यीय कृषक समुह | वडा नं. १ | |
| | | सरस्वती बहुउद्धेश्यीय कृषक समुह | वडा नं. १ | |
| | | खैरावांग बहुउद्धेश्यीय कृषक समुह | वडा नं. १ | |
| | | दुर्गा भगवती बहुउद्धेश्यीय कृषक समुह | वडा नं. १ | |
| | | सगरमाथा बहुउद्धेश्यीय कृषक समुह | वडा नं. १ | |
| | | प्रगतिशील बहुउद्धेश्यीय | वडा नं. | |

| | | | | |
|---|---|---|---|---|
| | | कृषक समुह | १ | |
| | | जन चेतना बाख्रा पालन कृषक समूह | वडा नं. १ | |
| | | धानेटाकुरा बाख्रा पालन कृषक समूह | वडा नं. १ | |
| | | फुलवारी कृषक समुह | वडा नं. २ | |
| | | सिद्धगुफा कृषक समुह | वडा नं. २ | |
| | | हरियाली एकीकृत कृषि फर्म | वडा नं. २ | |
| | | हरियाली कृषक समुह | | |
| | | इन्द्रेणी कृषक समुह | वडा नं. २ | |
| | | नवविहानी बाख्रा पालन समुह | | |
| | | सईकुमारी कुमाख कृषक समुह | वडा नं. २ | |
| | | चलाउने बाख्रा पालन समुह | वडा नं. २ | |
| | | सुनटाकुरी अदुवा तथा विउभिजन कृषक समुह | वडा नं. ४ | |
| | | हरियाली व्यावसायिक कृषि फर्म | वडा नं. ४ | |
| | | कागबेनी कृषि व्यावसायिक फर्म | वडा नं. ४ | |
| | | लेखबेसी बाख्रा पालन समुह, गुईदे | वडा नं. ५ | |
| | | हरियाली बाख्रा पालन समुह माझखर्क | वडा नं. ५ | |
| | | मालिका बाख्रा पालन कृषक समुह, घरेली | वडा नं. ५ | |

श्रोतः आवधिक योजना सर्वेक्षण तथा गाउँ कार्यपालिकाको अभिलेख, २०८०

तालिका नं. २.१६ पसल व्यवसायको विवरण

| क्र.सं. | पसल व्यवसायको नाम | वडा नं. | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | |
| १ | खाद्य्य तथा किराना पसल | १७ | ३ | २६ | ८ | ५ | ६६ |
| २ | खाजा तथा नास्ता होटल | २ | | ९ | | १ | १२ |
| ३ | अन्य मर्मत सेवा | २ | | १ | | | ३ |
| ४ | इलेक्ट्रोनिक्स एण्ड इलेक्ट्रोनिक्स सामानहरु | ४ | | ३ | | | ७ |
| ५ | कपडा पसल | ७ | १ | १० | २ | २ | २२ |
| ६ | कुटानी पिसानी, घट्ट | १ | २ | | १ | १ | ५ |
| ७ | कुटानी पिसानी मिल | १ | | १ | | १ | ३ |
| ८ | कृषि जन्य औषधी बिउ विजन तथा मलखाद तथा दाना | २ | | २ | | | ४ |
| ९ | खाजा तथा नास्ता होटेल/ खाद्य किराना पसल | २ | १ | ३ | | | ६ |
| | खाद्य किराना तथा फलफुल पसल | | | २ | | | २ |
| १० | खाद्य किराना तथा मदिरा पसलहरु | | | | | १ | १ |
| ११ | खाद्य किराना तथा श्रृगार, खेलौना तथा गिफ्ट सामानहरु | | | २ | | | २ |
| १२ | खाद्य किराना नास्ता तथा मदिरा | | | १ | | | १ |
| १३ | खाना तथा नास्ता होटेल | ३ | | ६ | | १ | १० |
| १४ | खाना नास्ता तथा खाद्य किराना | | १ | | | | १ |
| १५ | खाना, खाजा तथा नास्ता होटेलहरु | १ | | | | | १ |
| १६ | खुकुरी जस्ता हतियार | १ | | | | | १ |
| १७ | खुकुरी जस्ता हतियार निर्माण तथा मर्मत | १ | | | | | १ |
| १८ | सुनचादी तथा गरगहना | १ | | | | | १ |
| १९ | घुम्ती मिल | | | १ | | | १ |
| २० | जुता चप्पल पसल | | | १ | | | १ |
| २१ | निर्माण सामाग्री तथा हार्डवेयर | १ | | १ | | १ | ३ |
| २२ | पानी घट्ट | | | | १ | | १ |
| २३ | भाडा पसलहरु | १ | १ | ४ | | | ६ |
| २४ | भाडा पसलहरु/ गयास | | | १ | | | १ |
| २५ | मासु बिक्रेता | २ | | ६ | १ | | ९ |
| २६ | मोटरसाइकल मर्मत | | १ | | | | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २७ | विद्यार्थिहरुलाइ आवश्यक सामान खरिद विक्री | | | १ | | | १ |
| २८ | व्युटिपार्लर तथा हजाम सेवा | १ | | १ | | | २ |
| २९ | श्रृगार, खेलौना तथा उपहार गिफ्ट सामानहरु | | | २ | १ | | ३ |
| ३० | सिलाइ बुनाइ | १ | | १ | १ | | ३ |
| ३१ | सुचना तथा संचार व्यवसाय | | | १ | | | १ |
| ३२ | स्टेशनरी सामान विक्री वितरण | | | १ | १ | | २ |
| ३३ | स्वास्थ्य सेवा सम्बन्धी संस्था | १ | २ | ३ | २ | १ | ९ |
| ३४ | हार्डवेयर सामाग्री | | | १ | | | १ |
| ३५ | अन्य | | | | | | ५ |
| जम्मा | | | | | | | १९९ |

श्रोतः आवधिक योजना सर्वेक्षण तथा गाउँ कार्यपालिकाको अभिलेख, २०८०

### २.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा

#### २.२.४.१ आम्दानी

सिद्ध कुमाख गाउँपालिकाले स्थानीय सरकारको हैसियतमा कार्य जिम्मेवारी सम्हालेको करिव ७ वर्ष व्यथित भएको छ। संविधान तथा सञ्चालन ऐन २०७४ ले निर्धारण रहेका क्षेत्राधिकार भित्र रही आन्तरिक तथा बाह्य आयको वर्तमान अवस्थामा व्यापक सुधार गर्न आवश्यक छ। स्थानीय सरकारको हैसियतमा कानूनत प्राप्त अधिकार र स्थानीयबासीका असिमित आकांक्षाहरुलाई एकै पटक सम्बोधन गर्न सम्भव छैन। स्थानीयबासिकै सहयोग र सहभागितामा आयको दिगो आधार निर्माण गर्न र स्थानीयबासीको माग बमोजिमका विकास निर्माण र सेवा प्रवाहका कार्यलाई सँगसँगै अघि बढाउनु वर्तमानको प्रमुख जिम्मेवारी भित्र रहेको छ। यस पालिकाका लागि संघीय तथा प्रदेश सरकार बाट प्राप्त हुने वित्तीय हस्तान्तरण वापतको रकम, राजश्व बाँडफाँड बाट प्राप्त हुने रकम आन्तरिक कर तथा गैर कर राजश्व बाट प्राप्त हुने आय गाउँपालिकाका वर्तमान स्थानीय आय श्रोतको रुपमा रहेका छन्। उल्लेखित शिर्षक बाट वर्तमानमा प्राप्त भईरहेको यस गाउँपालिकाको आम्दानीको अवस्थाको अध्ययन गर्दा विगत देखिनै यस गाउँपालिकाले कर तथा गैर कर राजश्व सङ्कलनका लागि लिएको नीति तथा सिद्धान्तका आधारमा आ.व. २०७९/०८० मा रु ३२ करोड ५९ लाख १८ हजार यथार्थ आन्तरिक आय (बेरुजु असुली र बैंक तथा नगद मौज्दात बाहेक) भएको छ भने आ.व. २०८०/०८१ मा गरिने राजश्व सुधार सम्बन्धित कार्यक्रम समेतका आधारमा रु ३६ करोड, ०८ लाख, ०८ हजार आय गर्न सकिने अनुमान गरिएको छ। यसै गरी सोहि आ.व. मा संघीय तथा प्रदेश सरकार बाट वितिय हस्तान्तरण लगायत सशर्त अनुदान समेत गरी क्रमश रु २३ करोड, १७ लाख, ३७ हजार र २ करोड २२ लाख १२ हजार गरी कुल रु २५ करोड ३९ लाख ४९ हजार प्राप्त हुन आयो भने चालु आ.व का लागि दुवै सरकार बाट २४ करोड १४ लाख ४५ हजार प्राप्त हुने अनुमान गरिएको छ। राजश्व बाँडफाँडको अवस्था अध्यन गर्दा आ. व २०७९/०८० मा रु ६ करोड ८० लाख ७१ हजार प्राप्त भएकोमा चालु आ.व. मा यो रकम ६ करोड ७३ लाख ६३ हजार अनुमान गरिएको छ।

तालिका नं २.१७ सिद्ध कुमाख गाउँपालिकाको आन्तरिक आयको वर्तमान अवस्था

| क.सं. | आय स्रोतको आधार | आ.व. २०७९/०८० को यथार्थ रु हजारमा | आ.व. २०८०/०८१ को अनुमान रु हजारमा |
|---|---|---|---|
| १ | संघीय सरकार | २३१७३७००० | २१८६००,००० |
| २ | प्रदेश सरकार | २२२१२००० | २२८४५००० |
| ३ | राजश्व बाँडफाँड | ६८०७१००० | ६७३६३३२८ |
| ४ | आन्तरिक आय | ६३३३०९४२ | ५२०००००० |
| ५ | अन्य आय | ९४८२५० | ० |
| कुल जम्मा | | ३८६२९९१९२ | ३६०८०८३२८ |
| श्रोत; गाउँ कार्यपालिकाको अभिलेख, २०८०/०८१ | | | |

चित्रः नं. २.७ गाउँपालिका वर्तमान आयको अवस्था




संघीय तथा प्रदेश ऐन कानून साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनमा आइसके पश्चात उत्क ऐनमा भएको व्यवस्था बमोजिम विभिन्न कर, दस्तुर सेवा शुल्क आदि लाई प्रगतिशील कर प्रणालिको मान्यता बमोजिम व्यवस्थापन गर्न अवको दायित्व बनेको छ। साविक देखिने कर तथा गैरकर राजश्वका विभिन्न क्षेत्रहरुमा आन्तरिक आयश्रोतलाई परिचालन गरिदै आएको भएता पनि यस गाउँपालिकाले सवै क्षेत्रलाई करको दायरामा समेटन सकेको पाइदैन। एकातर्फ स्थानीयतहको आन्तरिक आयको प्रमुख श्रोतको रुपमा स्थापित हुन पर्ने सम्पति कर यस गाउँपालिकाले अपेक्षाकृत व्यवस्थापन गर्न सकेको छैन भने अर्कोतर्फ प्रगतिशील कर प्रणाली अवलम्बन गर्न नसकेकै कारण विद्यालय श्रोत र साधनको आधारमा गाउँपालिकाको आन्तरिक आय लक्ष्य बमोजिम पुग्न सकेको अवस्था देखिदैन। आवधिक योजनाको माध्यम बाट तत्काल राजश्व सुधार योजनाको कार्य सम्पन्न गरी वित्तीय व्यवस्थापन रणनीति समेत तर्जुमा गरी थप गति प्रदान गर्न

आवश्यक छ। सिद्ध कुमाख गाउँपालिकाले चालु आ.व. २०७९/८० मा प्राप्त गरेको आन्तरिक तथा वाह्य आयको यथार्थ विवरण साथै आ.व. २०८०/०८१ को लक्ष्य देहाय बमोजिम रहेको छ।

तालिका नं. १८ आन्तरिक आयको विवरण

| गाउँपालिकाको आन्तरिक आय विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | आय शिर्षक | आय वर्ष | | | |
| | | आ.व.२०७८/७९ को यथार्थ रु | आ.व.२०७९/८० को अनुमान रु | आ.व.२०८०/८१ जेष्ठ महिना सम्मका यथार्थ आय रु | प्रगति पतिशत |
| १ | सम्पत्ति कर/एकिकृत सम्पत्ति कर | ० | ० | १५०००० | |
| २ | भूमिकर/मालपोत | ३२९४०५ | ५००००० | ३५०००० | |
| ३ | वहाल कर | ६४७९७ | ५०००० | ५०००० | |
| ४ | बहाल बिरौटी कर समेत अन्य | ५०० | ५०००० | ५०००० | |
| ५ | सवारी साधन कर | ० | ० | ० | |
| ६ | सम्पत्ति, बहाल तथा पट्टाबापत आयमा लाग्ने कर | ० | १००००० | ० | |
| ७ | व्यवसाय कर | ७८१७५ | ३००००० | २००००० | |
| ८ | अन्य कर | ० | ५०००० | ० | |
| ९ | सरकारी सम्पत्तिको बहाल बाट आय | ० | ५०००० | २००००० | |
| १० | अन्य सेवा शुल्क तथा बिक्री | ० | ० | ० | |
| ११ | पर्यटन शुल्क | ० | ० | ० | |
| १२ | शिक्षा क्षेत्रको आम्दानी | ० | ० | ० | |
| १३ | अन्य प्रशासनिक सेवा शुल्क | ० | ० | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | परिक्षा शुल्क | १९६०० | ५०००० | २००००० | |
| १५ | नक्सापास दस्तुर | ० | ० | ० | |
| १६ | सिफारीस दस्तुर | ५८४१९० | ३५०००० | ४००००० | |
| १७ | व्यक्तिगत घट्ना दर्ता दस्तुर | १८७०७० | १५०००० | १५०००० | |
| १८ | नाता प्रमाणित दस्तुर | ० | १५०००० | ५०००० | |
| १९ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ० | ० | ० | |
| २० | न्यायीक दण्ड जरिमाना र जफत | ० | ० | ० | |
| २१ | प्रशासनिक दण्ड जरिवाना र जफत | ० | ० | ० | |
| २२ | रेडियो एफ.एम. संचालन दस्तुर | ० | ० | ० | |
| २३ | न्यायीक दस्तुर | ० | ५००० | १०००० | |
| २४ | अन्य श्रोत बाट प्राप्त रोयल्टी | ० | ० | ० | |
| २५ | कृषि उत्पादनको बिक्री बाट प्राप्त आम्दानी | ० | २०००० | १०००० | |
| २६ | अन्य दस्तुर | ६८२८७२८ | ० | ८०००० | |
| २७ | सरकारी सम्पत्ति बिक्री बाट आय | ० | ० | ० | |
| २८ | बेरुजु | ० | ० | ० | |
| २९ | अन्य राजस्व | ० | ० | ० | |
| ३० | अन्य संस्थागत आन्तरिक अनुदान | ० | ० | ० | |
| ३१ | अन्य संस्थागत/व्यक्तिगत आन्तरिक अनुदान | ० | ० | ० | |
| ३२ | धरौटी सदर्स्या | ० | ० | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३ | अन्य बिक्री बाट | ० | ० | ० | |
| ३४ | नगद | ० | ३८०९४२ | ० | |
| | अन्य आय | ० | ११२५००० | १००००० | |
| जम्मा | | ८०९२४६५ | ३३३०९४२ | २०००००० | |
| आन्तरिक आय वृद्धि अनुमान % | | | | | |
| अघिल्लो आयको आधारमा लक्ष्य प्राप्ति (जेष्ठ सम्मको) % | | | | | |
| १ | कर तर्फ | ४७२८७७ | १०००००० | ८००००० | |
| २ | गैर कर तर्फ | ७६१९५८८ | २३३०९४२ | १२००००० | |
| जम्मा | | ८०९२४६५ | ३३३०९४२ | २०००००० | ० |

श्रोतः गाउँ कर्यापलिकाको अभिलेख, २०८०

तालिका नं. २.१९ आन्तरिक आयको विवरण

| संघीय तथा प्रदेश सरकार साथै विकास साझेदार बाट प्राप्त आय विवरण | | | | |
|---|---|---|---|---|
| क्र.सं. | आय शिर्षक | आय रु | | |
| | | आ.व. २०७९/०८० को यथार्थ | आ.व. २०८०/०८१ को अनुमान | वृद्धि प्रतिसत |
| १ | संघीय सरकार | २३,१७,३७,००० | २१,८६,००,००० | -०.०५ |
| २ | प्रदेश सरकार | २,२२,१२,००० | २,२८,४५,००० | १.०२ |
| ३ | राजश्व बाँडफाँड | ६,८०,७१,००० | ६,७३,६३,३२८ | -०.०१ |
| ४ | आन्तरिक आय | ३२,५९,१८,२५० | ३६,०८,०८,३२८ | १.१० |

श्रोतः गाउँ कार्यपालिकाको अभिलेख, २०८०

### २.२.४.२ रोजगारीको वर्तमान अवस्था

सिद्ध कुमाख गाउँपालिका रोजगारीका क्षेत्रहरु विविद्य देखिन्छन। व्यापार, कृषि, वैदेशिक रोजगार, श्रमिक (दक्ष/अदक्ष) जागिर (सरकारी र गैरसरकारी क्षेत्र)। आम्दानीको श्रोतका लागि श्रमिक पेशामा लाग्नेहरु सबैभन्दा धेरै देखिएका छन। त्यस्तै व्यापार व्यवसायलाई पेशाको रुपमा अंगाल्नेको संख्यापनि उल्लेख्य देखिएको छ अन्यको तुलनामा कृषि रोजगारहरु कमै देखिन्छन्। यसको अर्थ यो गाउँपालिकामा कृषि पेशा गरी आयआर्जन गर्ने तुलनात्मक रुपमा कम देखिन्छन। विशेष गरी व्यापार वैदेशिक रोजगारलाई पेशाको रुपमा अंगाल्ने संख्याको अवस्था बढी देखिन्छ। पूर्वको व्यापारिक नाका र पश्चिमी पहाडको केन्द्र भएकाले कृषि भन्दा व्यापार व्यवसायमा लाग्नेको संख्या उल्लेख्य छ। यस गाउँपालिकाले निरपेक्ष गरिवीको अन्त्य र सापेक्ष गरिवीको दुरी कम गर्ने उद्देश्यका साथ यस आवधिक योजनामा रोजगारी सृजना सँग प्रत्येक्ष सरोकार राख्ने उद्योग, व्यापार व्यवसाय लगायतको प्रबन्ध गरी बेरोजगारीको अन्त्यका साथै स्वदेशमा रोजगारीको दिगो

व्यवस्थापन गर्ने र विदेशिने युवा युवतीको स्वदेशकै भूमिमा कर्म गर्ने वातावरण सृजना गर्न अनिवार्य छ। यसै गाउँपालिकाले गरेको घर परिवार सर्वेक्षण, सन् २०२० का आधारमा यस गाउँपालिकाको रोजगारीको वर्तमान अवस्था देहाय बमोजिम रहेको छ।

### २.२.४.३ वित्तीय सेवा

वित्तीय पहुँच आर्थिक विकासको मूल केन्द्र हो। कुनै पनि उद्योग, व्यापार तथा व्यवसाय सञ्चालनकालागि होस वा दैनिक रुपमा पारिवारिक, धार्मिक, साँस्कृतिक लगायतका मूल्य र मान्यतामा आधारित मानवीय क्रियाकलापकालागि आवश्यक वित्तीय श्रोत व्यवस्थापनकालागि होस वित्तीय सेवा प्रदायक संघ संस्थाको अति आवश्यक रहेको हुन्छ। स्थानीय स्तरमा रहेका साहु महाजन बाट महँगो व्याजमा ऋण लिएर संधै भरिपर निर्भरताको जालोमा परिरहन बाध्य हाम्रो सामाजिक आर्थिक अवस्था बाट माथि उठाउन संघीयताको कार्यान्वयन संगै गाउँपालिकामा अनिवार्य कुनै एक बैंक तथा वित्तीय संस्थाको अनिवार्य शाखा रहने व्यवस्था गरियो। सुगमताका कारण तथा व्यापारिक तथा व्यवसायिक केन्द्रको रुपमा विकसित हुँदै गएकाले विगत १० वर्ष भित्र सिद्ध कुमाख गाउँपालिकामा बैंक वित्तीय संथाहरुको शाखागत संख्या २ रहेको छ वित्तीय सेवा प्रवाह गरिरहेका छन्। यिनका अतिरिक्त गाउँ टोल वस्तीमा स्थानीय सहकारीहरूले समेत केहि हद सम्म वित्तीय सेवा प्रवाह गरी सामान्य स्वरुपको खाँचो गारो टारिरहेको अवस्था देखिन्छ। जुन प्रकारले यस गाउँपालिकाले कृषि तथा पशुपालनको व्यवसायिकिकरण, उद्योग, व्यापार तथा व्यवसायको वृद्धि र विकास, निर्यात प्रवर्द्धन, बजार सञ्चालन व्यवस्थापन र भौतिक पूर्वाधार निर्माणका कार्यलाई तिब्र गतिमा अघि बढाउने सङ्कल्पका साथ अघि बढी रहेको छ त्यसका आधारमा वर्तमान अवस्थामा बैंक शाखा स्थापना नभएका १, २, ४, र ५ वडामा समेत विस्तार गर्न आवश्यक देखिएको छ। तसर्थ यस गाउँपालिकाले यस आवधिक योजना मार्फत वित्तीय सेवाको दिगो र भरपर्दो आधार निर्माण गर्ने तर्फ विशेष कार्यक्रम ल्याउन आवश्यक देखिएको छ।

तालिका नं.२.२० बैंक तथा वित्तीय संस्थाको विवरण

| क्र.सं. | बैंक तथा वित्तीय संस्थाको नाम | स्थान | वडा नं. | अवस्था |
|---|---|---|---|---|
| १ | लक्ष्मी बैंक | ढोरचौर बजार | वडा नं. ३ | सञ्चालन/सेवा प्रवाह गरिरहेको |
| २ | ग्लोबल आईएमई बैंक | ढोरचौर बजार | वडा नं. ३ | सञ्चालन/सेवा प्रवाह गरिरहेको |

श्रोतः गाउँ कार्यपालिकाको अभिलेख तथा आवधिक योजना सर्वेक्षण,२०८०

### २.२.५ सहकारी

नेपालको हकमा सहकारीहरुको स्थापना र विकासको इतिहास धेरै लामो नरहेको भएता पनि वर्तमान अवस्था सम्म आईपुग्दा स्थानीयबासीका आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्र र तिनको विकास सँग जोडिएका तमाम् कार्यको हकमा स्थानीय सहयोगी र साझेदारको रुपमा स्थापित हुन पुगेका छन्। यस गाउँपालिकामा बैंक वित्तीय संस्थाको उपस्थित गणनायोग्य रहेको भएतापनि वडामा स्थानीयबासीको वित्तीय आवश्यकताको समेत केहि हद सम्म सहकारीहरूले परिपूर्ति गरिरहेको अवस्था छ। यस पालिकामा २ वटा बचत तथा ऋण सहकारी संस्था, ३ वटा कृषि सहकारी संस्था, १ वटा सहकारी संस्था क्रियाशील रहेको देखिन्छ। तसर्थ यस पालिकाको आर्थिक संस्थाहरुको स्थापना र विकासका साथ अघि बढ्न अनिवार्य देखिएको छ। बचत तथा

ऋण सहकारीहरुको विवरण देहाय बमोजिम रहेको छ भने कृषि सहकारी र सहकारीको विस्तृत विवरण अनुसूची २ मा उल्लेख गरिएको छ।

तालिका नं. २.२१ बचत तथा ऋण सहकारी संस्थाहरु

| क्र.सं. | बचत तथा ऋण सहकारी संस्थाको नाम | स्थान |
|---|---|---|
| १ | महिला आय आर्जन तथा बचत सहकारी संस्था | वडा नं. १ |
| २ | सनाकिसान सहकारी सस्था | वडा नं. ३ |
| ३ | ढोरचौर बजार कृषि सहकारी | वडा नं. ३ |
| ४ | तारन कृषि सहकारी | वडा नं. ३ |
| ५ | महिला जनचेतना बचत तथा ऋण सहकारी | वडा नं. ३ |
| ६ | संजीवनी कृषि सहकारी संस्था | वडा नं. ४ |

श्रोतः गाउँ कार्यपालिकाको अभिलेख तथा आवधिक योजना सर्वेक्षण,२०८०

## २.३ सामाजिक विकासको अवस्था

मानव जीवनको स्तरिकिकरण र सभ्यताको आर्को एक महत्वपूर्ण पक्ष सामाजिक विकास हो। गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने मानिसहरुको शिक्षा, स्वास्थ्य, सरसफाई र मानव अधिकार तथा विकासका कार्यमा सहभागिता लगायतका विषय प्रतिको चेतना र उल्लेखित विषयहरुमा उपलब्ध स्रोत युक्त ग्रामिण तथा शहरी पूर्वाधारको अवस्थाले सुचित गर्ने गर्दछ। विश्वव्यापी रुपमा समस्याको रुपमा रहेको ग्रामिण तथा शहरी गरिवी तथा अव्यवस्थित पूर्वाधार आर्थिक तथा सामाजिक समृद्धिका प्रमुख चुनौती हुन र रहेका छन्। तसर्थ सिद्ध कुमाख गाउँपालिकाले दिगो विकासमा आधारित समृद्धि निर्माणका लागि सामाजिक विकासमा आधारित न्युनतम पूर्वाधार विकासमा आधारित गाउँपालिकाबासीको चेतना विकास र सहभागिता लाई केन्द्र विन्दुमा राखेर आवधिक विकास योजना तर्जुमा गर्नु पर्ने आवश्यकता रहेको छ।

### २.३.१ स्वास्थ्य तथा पोषण

गाउँपालिका समृद्धिको अर्को प्रमुख आधार स्वस्थ नागरिकको बसोबास र श्रमशक्ति युक्त मानवीय श्रोतको उपस्थिति हो। कुनै पनि मानिस निरोगी रहन उसले दैनिक रुपमा उपभोग गर्ने खाद्य पदार्थ वा पोषणको अवस्था, दैनिक रुपमा स्वास्थ्य सरसफाई र वातावरण संरक्षणमा राखेको चासो, उठेको क्रियाशीलता तथा लगाएको लगानिले सुचित गर्ने गर्दछ। यसको आयाम मानिसको ब्यतिगत सरसफाई देखि उसले दैनिक रुपमा गर्ने क्रियाकलापमा समेत निर्भर रहने गर्दछ। सिद्ध कुमाख गाउँपालिकाको वर्तमान बस्तुगत अवस्थाको अध्ययन गर्दा सिद्ध कुमाख गाउँपालिका द्वारा सञ्चालित गाउँ अस्पतालले विशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य उपचार सेवा उपलब्ध गराईरहेको छ भने सवै वडामा आधारभुत स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरु मार्फत सेवा प्रवाह भैरहेको छ। सरसर्ती अध्ययन गर्दा सिद्ध कुमाख गाउँपालिकाले सेवा सुबिधाको स्तरमा थप योगदान गर्न सके सरकारी निजी क्षेत्रका शिक्षण संस्था समेतको क्रियाशिलतामा थप बढोत्तरी भई यो गाउँ स्वास्थ्य केन्द्रको रुपमा समेत स्थापित हुने अवस्था देखीएको छ। वर्तमानमा यस गाउँपालिका क्षेत्र भित्र क्रियाशिल रहेका सरकारी तथा निजी क्षेत्रका स्वास्थ्य संस्थाहरुको विवरण देहाय बमोजिम रहेको छ।

तालिका नं.२.२२ स्वास्थ्य संस्थाहरु

| क्र.सं. | नाम | ठेगाना | | वर्तमान अवस्था |
|---|---|---|---|---|
| | | स्थान | वाड नं. | |
| क. सरकारी स्तर बाट सञ्चालित | | | | |
| १ | स्वास्थ्य चौकी, बाझकाँडा | बाझकाँडा | वडा नं. १ | भवन छ<br>बर्थिंग सेन्टर (Birthing Center) छ<br>क्षयरोग उपचार केन्द्र छ<br>घेरवार छैन<br>खानेपानी छैन<br>इन्टरनेट छ<br>बिजुली छ<br>शौचालय छ पर्याप्त छैन<br>खोप क्लिनिक/गाउँघर खोप क्लिनिक छ (भवन छैन)<br>महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका संख्या ९ जना |
| २ | सामुदायिक स्वास्थ्य ईकाइ, भडारे | भडारे | वडा नं. २ | भवन छैन<br>जिर्ण भवन छ<br>DPR भइसकेको छ<br>बर्थिंग सेन्टर छ<br>क्षयरोग उपचार केन्द्र छैन<br>खोप क्लिनिक/गाउँघर खोप क्लिनिक छ<br>महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका संख्या ५ जना |
| ३ | आधारभूत स्वास्थ्य केन्द्र डाँडाकटेरी, ३ सल्यान | डाँडाकटेरी | वडा नं. ३ | भवन छ<br>बर्थिंग सेन्टर छ<br>क्षयरोग उपचार केन्द्र छैन<br>का. सहयोगी<br>घेरवार छैन<br>खानेपानी छैन<br>इन्टरनेट छैन<br>भवन छ/सानो छ/फिल्ड छैन<br>बिजुली छ<br>टेलीफोन छैन |

| | | | | |
|---|---|---|---|---|
| | | | | बाटो छैन (५०मी. सडक बनाउनुपर्ने)<br>शौचालय छ |
| ४ | सामुदायिक स्वास्थ्य ईकाइ | खार्वन | वडा नं. ४ | भवन छ<br>घेरवार छैन<br>खानेपानी आंसिक छ<br>बर्थिंग सेन्टर छैन<br>क्षयरोग उपचार केन्द्र छैन<br>फोहोरजन्य पदार्थ व्यवस्थानपनगर्न नसकियको<br>शौचालय छ<br>खोप क्लिनिक/गाउँघर खोप क्लिनिक छ<br>महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका संख्या ५ जना |
| ५ | स्वास्थ्य चौकी चादे करेन्जी | चादे करेन्जी | वडा नं. ५ | जग्गा छ<br>भवन पुरानो १<br>भवन नया ट्रस भवन १<br>घेरवार छैन<br>भवन मर्मत गर्नुपर्ने<br>शौचालय छ<br>खानेपानी आंसिक छ<br>बर्थिंग सेन्टर छ<br>क्षयरोग उपचार केन्द्र छ<br>खोप क्लिनिक/गाउँघर खोप क्लिनिक छ<br>महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका संख्या ५ जना |
| ६ | स्वास्थ्य चौकी सिद्धेश्वरी | | | |

श्रोतः गाउँ कार्यपालिकाको अभिलेख तथा आवधिक योजना सर्वेक्षण,२०८०

### २.३.१.१ खोप तथा सुरक्षित मातृत्व

आ.व. २०७९/८० को वार्षिक समिक्षा प्रतिवेदनका आधारमा यस गाउँपालिका भित्र बालबालिका तथा गर्भिनी महिलाले अनिवार्य प्राप्त गर्नु पार्ने खोप लक्ष्य भन्दा माथि रहेको पाईएको छ। यसको अर्थ गाउँपालिका

भन्दा बाहिरका मानिसहरुले समेत आफ्ना छोरा छोरीलाई खोप लगाएको अनुमान गर्न सकिन्छ। यस पालिकाको सुरक्षित मातृत्वको अवस्था अध्ययन गर्दा सोहि प्रगति समिक्षा प्रतिवेदनका आधारमा मातृ मृत्युदर प्रतिहजारमा शून्य रहेको छ, स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवतीमहिला संख्या ९९ र दक्ष प्रसुतीबाट गराइएको जन्म ३०.७ प्रतिशत रहेको छ।यस पालिकामा भिटामिन ए प्राप्त गर्ने बालबालिका १०० प्रतिशत र सबै खोप प्राप्त बालबालिका ८९.५ प्रतिशत रहेको छ। आ.व. २०७९/८० को प्रगति समिक्षामा आधारित स्वास्थ्य अवस्था देहाय बमोजिम रहेका छ।

तालिका नं. २.२३ खोप तथा सुरक्षित मातृत्व सम्बन्धी विवरण, (२०७९/०८०)

| बालबालिका तथा महिलालाई दिईएको खोपको अवस्था | | | | |
|---|---|---|---|---|
| क्र.सं. | खोपको नाम | लक्ष्य संख्या | उपलब्धि | उपलब्धि प्रतिशत |
| १ | वि.सि.जि. | | | |
| २ | डि.पि.टि. | | | |
| ३ | हेपाटाइटिस "वि" | | | |
| ४ | दादुरा | | | |
| ५ | पोलियो पिसिभि | | | |
| ६ | जे.इ. | | | |

तालिका नं.२.२४ सुरक्षित मातृत्व कार्यक्रमको प्रगति

| क्र.सं. | खोपको नाम | लक्ष्य संख्या | उपलब्धि | उपलब्ध प्रतिशत |
|---|---|---|---|---|
| १ | भिटामिन ए | | | १००% |
| २ | सबै खोप लिएका बालबालिका | | | ८९.५% |
| ३ | | | | |

श्रोतः आ.व. २०७७/७८ को वार्षिक प्रगति समिक्षा प्रतिवेदन, २०७९/८०

### २.३.२ शैक्षिक विकास

सहज र सुलभ रुपमा गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउनु मानवको नैसर्गिक अधिकार हो। शिक्षा मानव जीवनको तथा मानव विकास सुचनाको एक अनिवार्य आधार हो। यस अधिकार बाट बन्चित हुन नदिन बालबालिकाको पहुँच भित्र बालविकास केन्द्रमा विद्यालय तथा माहाविद्यालयहरुको सुविधा उपलब्ध हुन अनिवार्य छ। सिद्ध कुमाख गाउँपालिकाको समृद्धि तथा विकास यस गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने गाउँपालिकाबासिको शैक्षिक स्थिति तथा यस क्षेत्र भित्र रहेका शैक्षिक संस्थाको स्तर र अध्ययन अध्यापन गराइने विषयमा समेत निर्भर रहने गर्दछ। सिद्ध कुमाख गाउँपालिका भित्रको शैक्षिक अवस्था र उपलब्ध सेवा सुविधाका बारेमा स्थानीय सरोकारवाला सँगको सम्बाद र गाउँ कार्यपालिका शिक्षा शाखा र सम्बन्धित विद्यालयका प्रतिवेदन बाट वर्तमान वास्तविक अवस्थाको अध्ययन गरिएको छ।

दिगो विकास लक्ष्यका आधारमा सन् २०३० सम्ममा सबैले प्राथमिक शिक्षा पाएका हुनेछन् साथै सवै तहको लैंगिक विभेदको अन्त्य भएको हुनेछ भन्ने रहेको छ। यसै लक्ष्यका आधारमा नेपाल सरकारले समेत सवै नेपालीलाई कम्तिमा साक्षर बनाउने नीति तथा रणनीति लिएको अवस्था छ। शिक्षालाई समृद्धि निर्माणको एक आधार सुचकको रुपमा स्वीकारिएको विश्व परिवेशलाई समेत मनन् गर्दा यस पालिकाले समेत प्राविधिक शिक्षा

विकासका साथै शैक्षिक पूर्वाधारको विकास र गुणस्तर सुधारमा बिशेष योजना निर्माण गरी अधि बढ्न अनिवार्य देखिएको छ।

सिद्ध कुमाख गाउँपालिका शैक्षिक हवको रुपमा विकास गर्न सकिने प्रवल सम्भावना रहेको छ। यस गाउँपालिका भित्र हाल २७ वटा सामुदायिक विद्यालय, ४ वटा संस्थागत विद्यालय, कक्षा सञ्चालनमा रहेका छन् भने उक्त विद्यालयहरुमा बालबालिकाहरु अध्यनरत छन्। उच्च शिक्षा तर्फ यस गाउँपालिकामा कुनैपनि क्याम्पसहरु हाल सम्म सञ्चालनमा छैनन्। उल्लेखित विद्यालय समेतका शैक्षिक संस्था तथा भाषा पाठशाला साथै बालविकाश केन्द्र समेतको विवरण देहाय बमोजिम रहेको छ।

तालिका नं. २.२५ वर्तमान शैक्षिक संस्थाहरुको विवरण

| क्र.सं. | नाम | ठेगाना(स्थान) | वडा नं. | वर्तमान अवस्था (उपलब्ध जग्गा, भवन लगायत आवश्यक उपकरण समेत) |
|---|---|---|---|---|
| सामुदायिक विद्यालय | | | | |
| १ | श्री महेन्द्र आदर्श माध्यमिक विद्यालय | बाझकाँडा, सल्यान | वडा नं. १ | भवन पर्याप्त छैन<br>तारवार/गेट छैन<br>खानेपानी छ<br>शौचालय पर्याप्त छैन<br>दरबन्दी छ<br>खेल मैदान व्यवस्थित छैन<br>पुर्वआधार हरु पुराना (मर्मत आवश्यकता |
| २ | सरस्वती आधारभूत विद्यालय | हामपाल, सल्यान | वडा नं. १ | भवन पर्याप्त छैन<br>तारवार/गेट छ<br>खानेपानी छ (व्यवस्थित छैन)<br>शौचालय छ<br>दरबन्दी छ<br>खेल मैदान छैन<br>पुर्वआधार हरु आवश्यकता अनुसार छ तर मर्मत आवश्यक छ |
| ३ | जागृति आधारभूत विद्यालय | | वडा नं. १ | भवन पर्याप्त छ<br>घेरवार कम्पाउड वाल गेट छ<br>खानेपानी छ<br>शौचालय छ |

| | | | | |
|---|---|---|---|---|
| | | | | दरबन्दी छ<br>खेल मैदान छ<br>पुर्वआधार हरु डेक्स बेन्चहरु छ |
| ४ | भगवति प्रारम्भिक वाल विकास | | वडा नं. १ | भवन पुरानो छ(मर्मत आवश्यक)<br>घेरवार/गेट छैन<br>खानेपानी छ<br>शौचालय छ<br>दरबन्दी छ<br>खेल मैदान छ<br>पुर्वआधार हरु डेक्स बेन्च छ |
| ५ | श्री कालिका आधारभूत विद्यालय | | वडा नं. १ | भवन छ<br>घेरवार/गेट छ<br>खानेपानी छैन<br>शौचालय छ<br>दरबन्दी छ<br>खेल मैदान छ<br>डेक्स बेन्चहरु छ |
| ६ | शान्ति आधारभूत विद्यालय | उपल्लो बाझकाँडा, सल्यान | वडा नं. १ | भवन पर्याप्त छ (मर्मतको आवश्यकता)<br>घेरवार छैन/गेट छ<br>खानेपानी छैन<br>शौचालय छ<br>दरबन्दी छ<br>खेल मैदान छैन<br>डेक्स बेन्चहरु छ |
| ७ | पशुपति आधारभूत विद्यालय | तल्लो बाझकाँडा, सल्यान | वडा नं. १ | भवन पर्याप्त छैन<br>घेरवार/गेट छैन<br>खानेपानी छ<br>शौचालय छ<br>दरबन्दी पर्याप्त छैन<br>खेल मैदान छ<br>बेन्च डेक्सहरु पर्याप्त छैन |
| ८ | शान्ती आधारभूत विद्यालय | कागखोला, | वडा नं. | भवन छ (मर्मत आवश्यक) |

| | | | | |
|---|---|---|---|---|
| | | सल्यान | १ | घेरवार, गेट छ/कम्पाउण्ड वाल छैन<br>खानेपानी छ (व्यवस्थित छैन)<br>शौचालय छ<br>दरबन्दी छ<br>खेल मैदान छ<br>डेक्स बेन्चहरु छ |
| ९ | महेन्द्र आधारभूत विद्यालय | सालघारि | वडा नं. २ | ४ कोठे भवन जिर्ण<br>तारवार/गेट छैन<br>खानेपानी छ/व्यवस्थित छैन<br>शौचालय छ |
| १० | श्री कैलाश आधारभूत विद्यालय | काजिगाँउ | वडा नं. २ | भवन छ<br>तारवार/गेट छैन<br>खानेपानी छैन<br>शौचालय बनायको छ<br>दरबन्दी पर्याप्त छ |
| ११ | श्री देउरालि माध्यमिक विद्यालय | कुयाझोल | वडा नं. २ | भवन पर्याप्त छैन<br>तारवार/गेट छ<br>खानेपानी छ<br>शौचालय पर्याप्त छैन<br>दरबन्दी पर्याप्त छ |
| १२ | श्री विष्णु आधारभूत विद्यालय | खानिगाँउ | वडा नं. २ | भवन पर्याप्त छैन<br>तारवार छ/ गेट छैन<br>खानेपानी छ<br>शौचालय छ<br>दरबन्दी पर्याप्त छ |
| १३ | श्री सिद्ध माध्यमिक विद्यालय | फुलगाँउ, भडारे | वडा नं. २ | भवन पर्याप्त छैन<br>तारवार/गेट छ<br>खानेपानी छ<br>शौचालय पर्याप्त छैन<br>दरबन्दी पर्याप्त छ |
| १४ | श्री निराजन माध्यमिक विद्यालय | ढोरचौर | वडा नं. ३ | भवन पर्याप्त छ<br>तारवार छ/गेट छ<br>खानेपानी छ<br>शौचालय छ |

| | | | | |
|---|---|---|---|---|
| | | | | दरबन्दी अभाव |
| १५ | श्री वाल कल्याण आधारभूत विद्यालय | फलाटे | वडा नं. ३ | भवन जिर्ण<br>कम्पाउण्ड वाल छैन<br>खानेपानी पर्याप्त छैन<br>शौचालय छैन<br>दरबन्दी अभाव |
| १६ | श्री हिमालय आधारभूत विद्यालय | डाँडाकटेरी | वडा नं. ३ | भवन पुरानो/जिर्ण/जोखिम<br>जग्गा अभाव<br>तारवार आंसिक<br>खानेपानी सुख्खायाम अभाव<br>शौचालय आवश्यकता<br>दरबन्दी अभाव |
| १७ | श्री जनकल्याण प्रारम्भिक बाल शिक्षा | खर्पुले | वडा नं. ४ | भवन पर्याप्त छ<br>घेरवार छैन<br>खानेपानी छ<br>शौचालय छ<br>विद्यालय जाने बाटोको आवश्यकता |
| १८ | श्री जनता कालिका आधारभूत विद्यालय | चिनाली | वडा नं. ४ | भवन पर्याप्त छैन<br>घेरवार पुरा नभएको<br>खानेपानी व्यवस्थित नभएको<br>शौचालय छ<br>फिल्ड पर्याप्त छैन |
| १९ | श्री जनसेवा आधारभूत विद्यालय | सागिने | वडा नं. ४ | भवन पर्याप्त छ<br>घेरवार तथा गेट छैन<br>खानेपानी छैन<br>शौचालय पर्याप्तछैन<br>बिजुली तथा इन्टरनेट पर्याप्तछैन<br>विज्ञान प्रयोगशाला नभएको<br>फर्निचरको पर्याप्तछैन |
| २० | श्री वाल उद्यान आधारभूत विद्यालय | करेन्जि | वडा नं. ४ | भवन पर्याप्त छ<br>गेट छैन<br>खानेपानी पर्याप्तछैन<br>शौचालय छ<br>फर्निचरको पर्याप्त छैन |

| | | | | |
|---|---|---|---|---|
| २१ | श्री युवा जनता आधारभूत विद्यालय | दारिमटाकुरा | वडा नं. ४ | भवन पर्याप्त छैन<br>घेरवार छ<br>खानेपानी छैन<br>शौचालय छैन<br>फिल्ड पर्याप्त छैन |
| २२ | श्री शान्ति सुन्दर माध्यमिक विद्यालय | खार्वन | वडा नं. ४ | भवन पर्याप्त छैन<br>घेरवार /कम्पाउण्ड वाल छैन<br>खानेपानी छैन<br>शौचालय पर्याप्त छैन |
| २३ | श्री तारादेवि आधारभूत विद्यालय | | वडा नं. ५ | भवन पर्याप्त छैन<br>घेरवार छ/कम्पाउण्ड वाल छैन<br>खानेपानी पर्याप्त छैन |
| २४ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | छापडाँडा | वडा नं. ५ | भवन हालसम्म पुगेको +२ संचालनको लागि पर्याप्त छैन<br>घेरवार छैन<br>खानेपानी पर्याप्त छैन<br>शौचालय पर्याप्त छैन |
| २५ | श्री वाल विकास आधारभूत विद्यालय | नाम्री | वडा नं. ५ | भवन पर्याप्त छ<br>घेरवार /कम्पाउण्ड वाल छैन<br>खानेपानी पर्याप्त छैन |
| २६ | श्री सरस्वती आधारभूत विद्यालय | घरेली | वडा नं. ५ | भवन पर्याप्त छ<br>घेरवार /कम्पाउण्ड वाल छैन<br>खानेपानी पर्याप्त छैन |
| २७ | श्री हिमालय आधारभूत विद्यालय | | वडा नं. ५ | घेरवार छैन<br>भवन पर्याप्त छ |
| निजि विद्यालय | | | | |
| २८ | कुमाख मालिका ऐकेडेमी | पोखरा | वडा नं. ४ | |
| २९ | एमआरवि ऐकेडेमी | | वडा नं. १ | |
| ३० | ब्राईट ह्युमन ऐकेडेमी | ढोरचौर | वडा नं. ३ | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | सिद्ध कुमाख बोर्डिङ स्कुल | त्रिवेणी | वडा नं. २ | |

श्रोतः आवधिक योजना सर्वेक्षण, २०८०

चित्र नं. २.८ वर्तमान शैक्षिक पूर्वाधारहरुको अवस्थित




## २.३.३ खानेपानी तथा सरसफाई

### २.३.३.१ खानेपानी

पानी प्राणि जगतको जीवन हो। पानी बिना जीवन असम्भव छ। पानी अन्य प्राणीकालागी मात्र हैन शुक्ष्म जिवानुको बाँच्ने र वासस्थानको एम प्रमुख आधार समेत हो। मानिसलाई लाग्ने रोगहरु मध्ये आउँ, हैजा झाडापखाला लगायतका पेट सँग सम्बन्धित करिब ८५% रोगहरुको स्रोत पानी र पानीमा हुने जिवानुनै हो। मानव जातीको बाल्यकालमा रोग प्रतिरोधात्मक शक्ति कम हुने भए बाट बालबालिकाका लागि प्रयोग गरिने पानीको शुद्धिकरणमा विशेष ध्यान पुऱ्याउनु पर्दछ। पानी पिउनु अघि वा हाम्रो दैनिक खाद्य पदार्थमा पानीको प्रयोग गर्नु अधि शुद्धिकरण एक अनिवार्य शर्त हुन आउछ। पानीको स्रोत देखि उपयोग वा उपभोगको स्थल र क्षण सम्म यसमा कहि कतै बाट दुषित हुन नदिने तर्फ विशेष ध्यान दिनु पर्दछ भने पानीलाई उमालेर मात्र प्रयोग गरेमा यसको माध्यमबाट मानिसमा सर्ने वा लाग्ने रोगको प्रकोप न्यून हुन जान्छ। यस गाउँपालिकामा वर्तमान अवस्थामा साना देखि ठुला मिलाएर करिब २०९ वटा खानेपानी आयोजना सञ्चालन रहेका छन्।

सिद्ध कुमाख गाउँपालिकामा करिव ३२.८८ प्रतिशत घरपरिवारले निजी पाइप/धाराको पानी उपयोग गरिरहेको, ४७.२७ प्रतिशत घरपरिवारले सार्वजनिक पाइप/धाराको पानी को उपयोग गरिरहेको, १०.३९ प्रतिशत घरपरिवारले वर्षाको पानी शुद्धिकरण गरेर उपयोग गरिरहेको र करिब ९.४५ प्रतिशत घरपरिवारले निजी इनार/सार्वजनिक ईनार/नदीनालाको पानी आदि को उपयोग गरिरहेको छन्। वर्तमान आधुनिक दुनियामा समेत इनार र कुवाका पानी प्रयोग गर्ने घरपरिवार रहनु आफैंमा विडम्बनायुक्त छ। तसर्थ यस गाउँपालिकाले आवधिक योजना मार्फत सबै घरपरिवारमा शुद्ध र सुरक्षित खानेपानीको सुविधा उपलब्ध हुने गरिको योजनालाई प्रथम प्राथामिकता राखी कार्यान्वयनमा ल्याउन आवश्यक देखिएको छ।

तालिका नं. २.२६ घरपरिवारका आधारमा खानेपानी उपभोगको वर्तमान अवस्था

| क्र.सं. | पानीको श्रोत | वडा नं. | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | |
| १ | पाइप/निजी धारा | २४१ | १४३ | ७० | २३१ | २६८ | ९५३ |
| २ | पाइप/धाराको पानी सार्वजनिक | २९७ | २७२ | ४०१ | ३३७ | ६३ | १३७० |
| ३ | ट्युवेलको पानी | ० | ० | ० | ० | ० | ० |
| ४ | निजी ईनार | ३ | ० | ७ | २ | १०५ | ११७ |
| ५ | सार्वजनिक ईनार | ८१ | ० | ३५ | १७ | १० | १४३ |
| ६ | वर्षाको पानी | १११ | ३३ | ९४ | ६ | ५७ | ३०१ |
| ७ | नदि नालाको पानी | २ | ० | १ | ० | २ | ५ |
| ८ | जार/बोतलको पानी | ० | ० | ० | ० | ० | ० |
| ९ | अन्य | ७ | १ | ० | ० | १ | ९ |
| जम्मा घरधुरी | | ७४२ | ४४९ | ६०८ | ५९३ | ५०६ | २८९८ |

श्रोतः राष्ट्रिय जनगणना, २०७८

चित्र नं. २.९ घरपरिवारका आधारमा खानेपानी उपभोगको वर्तमान अवस्था




तालिका नं. २.२७ खानेपानी पूर्वाधारहरुको विवरण

| क्र.सं. | नाम | ठेगाना(स्थान) | वर्तमान अवस्था |
|---|---|---|---|
| १ | बाझकाँडा गैरागाँउ खा.पा.आ | वडा नं. १ | सञ्चालनमा |
| २ | ढुंगेपानी खा.पा.आ | वडा नं. १ | सञ्चालनमा |
| ३ | कुकुरखोर खा.पा.आ | वडा नं. १ | सञ्चालनमा |
| ४ | कोट खा.पा.आ | वडा नं. १ | सञ्चालनमा |
| ५ | पटारे खा.पा.आ | वडा नं. १ | सञ्चालनमा |
| ६ | बाझकाँडा खा.पा.आ | वडा नं. १ | सञ्चालनमा |
| ७ | मेलचौर खा.पा.आ | वडा नं. १ | सञ्चालनमा |
| ८ | सोताखाला खा.पा.आ | वडा नं. १ | सञ्चालनमा |
| ९ | मोरालेखोला खा.पा.आ | वडा नं. १ | सञ्चालनमा |
| १० | छरिखोला रिठारुख खा.पा.आ | वडा नं. १ | सञ्चालनमा |
| ११ | बइसारुख कुकुरेखोर खा.पा.आ | वडा नं. १ | सञ्चालनमा |
| १२ | जुगेखोला माथिल्लो कुकुरेखोर खा.पा.आ | वडा नं. १ | सञ्चालनमा |
| १३ | बाझकाँडा लिफ्ट खानेपानी तथा सरसफाई आयोजना | वडा नं. १ | सञ्चालनमा |
| १४ | मगरा जोगिडेरा दुवेरी तल्लो बाझकाँडा खा.पा.आ-१ | वडा नं. १ | सञ्चालनमा |
| १५ | मगरा तल्लो बाझकाँडा खा.पा.आ-१ | वडा नं. १ | सञ्चालनमा |
| १६ | मगरा खर्केडाँडा खा.पा.आ-१ | वडा नं. १ | सञ्चालनमा |

| | | | |
|---|---|---|---|
| १७ | चुरेनिगारे सरस्वति आ.वि खानेपानी योजना-१ | वडा नं. १ | सञ्चालनमा |
| १८ | रावलडाँडा खा.पा.आ | वडा नं. १ | नयाँ |
| १९ | राजा काल्न लिफ्ट खा.पा.आ | वडा नं. १ | नयाँ |
| २० | सिसउधारा खा.पा.आ | वडा नं. १ | नयाँ |
| २१ | चलाउनेधारा खा.पा.आ | वडा नं. १ | नयाँ |
| २२ | चिउरीखोला खा.पा.आ | वडा नं. १ | नयाँ |
| २३ | उचाल्ने खा.पा.आ | वडा नं. १ | नयाँ |
| २४ | धनेटाकुरा बिचगाँउ खा.पा.आ | वडा नं. १ | नयाँ |
| २५ | धनेटाकुरा माथिल्लो टोल खा.पा.आ | वडा नं. १ | नयाँ |
| २६ | पयतखोला खा.पा.आ | वडा नं. १ | नयाँ |
| २७ | बाँसरुख खा.पा.आ | वडा नं. १ | नयाँ |
| २८ | जागृति प्रा.वि खा.पा.आ | वडा नं. १ | नयाँ |
| २९ | सिउरेनि दुवेरी खा.पा.आ | वडा नं. १ | नयाँ |
| ३० | कईनिखोला दुवेरी खा.पा.आ | वडा नं. १ | नयाँ |
| ३१ | मोख्या पनेरा दुवेरी खा.पा.आ | वडा नं. १ | नयाँ |
| ३२ | सातगईरी हाम्पाल खा.पा.आ | वडा नं. १ | नयाँ |
| ३३ | सोताखोला हाम्पाल खा.पा.आ | वडा नं. १ | नयाँ |
| ३४ | लाकुरिबोट पनेरा खा.पा.आ | वडा नं. १ | नयाँ |
| ३५ | उपल्लो बाउनछरी हाम्पाल खानेपानी मुल | वडा नं. १ | नयाँ |
| ३६ | निपालझाप्रेनि हाम्पाल खा.पा.आ | वडा नं. १ | नयाँ |
| ३७ | पल्लो बाउनछरी हाम्पाल खा.पा.आ | वडा नं. १ | नयाँ |
| ३८ | बाउनछरी हाम्पाल खा.पा.आ | वडा नं. १ | नयाँ |
| ३९ | पाखेसिम हाम्पाल खा.पा.आ | वडा नं. १ | नयाँ |
| ४० | सातगईरी हाम्पाल खा.पा.आ | वडा नं. १ | नयाँ |
| ४१ | बाँसारुख लघु मुहान योजना | वडा नं. १ | नयाँ |
| ४२ | सल्यानडाँडा खा.पा.आ | वडा नं. १ | नयाँ |
| ४३ | ज्यामिरे खा.पा.आ | वडा नं. १ | नयाँ |
| ४४ | महेन्द्र मा.वि वडा कार्यालय स्वास्थ्य चौकी खा.पा.आ | वडा नं. १ | नयाँ |
| ४५ | तल्लो बाँसखोली खा.पा.आ | वडा नं. १ | नयाँ |
| ४६ | धर्बासखोला कागखोला खा.पा.आ | वडा नं. १ | नयाँ |
| ४७ | बोरीखोला कागखोला खा.पा.आ | वडा नं. १ | नयाँ |
| ४८ | पातेखोला कागखोला खा.पा.आ | वडा नं. १ | नयाँ |
| ४९ | सिमचउतारा कागखोला खा.पा.आ | वडा नं. १ | नयाँ |

| | | | |
|---|---|---|---|
| ५० | तामाधारा कागखोला खा.पा.आ | वडा नं. १ | नयाँ |
| ५१ | स्यानिपँधेरा कागखोला खा.पा.आ | वडा नं. १ | नयाँ |
| ५२ | खर्वा रुक्से खा.पा.आ | वडा नं. १ | नयाँ |
| ५३ | रोटेपानी खा.पा.आ | वडा नं. १ | नयाँ |
| ५४ | स्यानी मरा खा.पा.आ | वडा नं. १ | नयाँ |
| ५५ | जुकेखोला टल्लो कुकुरेखोर खा.पा.आ | वडा नं. १ | नयाँ |
| ५६ | घारि पिपल मेल्बोट खा.पा.आ | वडा नं. १ | नयाँ |
| ५७ | ६०९०४१५१- मेल्बोट खा.पा.आ | वडा नं. १ | नयाँ |
| ५८ | हरलेखोली खा.पा.आ | वडा नं. १ | नयाँ |
| ५९ | घारी पिपल मेल्बोट खा.पा.आ | वडा नं. १ | नयाँ |
| ६० | तिनुखोला खा.पा.आ | वडा नं. १ | नयाँ |
| ६१ | जजुल्के खोला खा.पा.आ | वडा नं. १ | नयाँ |
| ६२ | ध्यार्लोटेखोला मेलचौर खा.पा.आ | वडा नं. १ | नयाँ |
| ६३ | जुकेखोला मेलचौर खा.पा.आ | वडा नं. १ | नयाँ |
| ६४ | माझपनेरा खा.पा.आ | वडा नं. १ | नयाँ |
| ६५ | जोगिनिगारे  मेलचौर खा.पा.आ | वडा नं. १ | नयाँ |
| ६६ | मोखाला बजार लिफ्ट खा.पा.आ | वडा नं. १ | नयाँ |
| ६७ | बाटिका टोल खा.पा.आ | वडा नं. १ | नयाँ |
| ६८ | पटारे बजार खा.पा.आ | वडा नं. १ | नयाँ |
| ६९ | जुकेखोला पटारे खा.पा.आ | वडा नं. १ | नयाँ |
| ७० | छरिखोला घारी पटारे खा.पा.आ | वडा नं. १ | नयाँ |
| ७१ | जुकेखोला खा.पा.आ | वडा नं. १ | नयाँ |
| ७२ | सागिने खोला खा.पा.आ | वडा नं. १ | नयाँ |
| ७३ | सतिपोले खा.पा.आ | वडा नं. १ | नयाँ |
| ७४ | अधारेखोला खा.पा.आ तल्लो बाझकाँडा | वडा नं. १ | नयाँ |
| ७५ | पनेरीखोला तल्लो बाझकाँडा खा.पा.आ | वडा नं. १ | नयाँ |
| ७६ | पनेरीखोला तल्लो बाझकाँडा खा.पा.आ | वडा नं. १ | नयाँ |
| ७७ | जुकेखोला तल्लो बाझकाँडा खा.पा.आ | वडा नं. १ | नयाँ |
| ७८ | चरीखोला खा.पा.आ | वडा नं. १ | नयाँ |
| ७९ | टिमुरखोले खा.पा.आ | वडा नं. १ | नयाँ |
| ८० | बेसुरेखोला खानेपानी मुल | वडा नं. १ | नयाँ |
| ८१ | सिमखोला खा.पा.आ | वडा नं. १ | नयाँ |
| ८२ | गुईयाखोला खा.पा.आ | वडा नं. १ | नयाँ |
| ८३ | गोथखोला खा.पा.आ | वडा नं. १ | नयाँ |

| | | | |
|---|---|---|---|
| ८४ | साउनेखोला खा.पा.आ | वडा नं. १ | नयाँ |
| ८५ | महेन्द्र मा.वि वडा कार्यालय स्वास्थ्य चौकी खा.पा.आ | वडा नं. १ | निर्माणाधीन |
| ८६ | हुलाकि टोल खा.पा.आ | वडा नं. १ | निर्माणाधीन |
| ८७ | सारदा देखि उपल्लो बाझकाँडा लिफ्ट खानेपानी योजना | वडा नं. १ | निर्माणाधीन |
| ८८ | सालघारी १ खा.पा.आ | वडा नं. २ | सञ्चालनमा |
| ८९ | सिद्धेश्वोरी खर्के खा.पा.आ | वडा नं. २ | सञ्चालनमा |
| ९० | गाँउरा खोला खा.पा.आ | वडा नं. २ | सञ्चालनमा |
| ९१ | त्रिवेणी खा.पा.आ | वडा नं. २ | सञ्चालनमा |
| ९२ | बडाचौर खा.पा.आ | वडा नं. २ | सञ्चालनमा |
| ९३ | चिसापानी खा.पा.आ | वडा नं. २ | सञ्चालनमा |
| ९४ | सालघारी खा.पा.आ-२ | वडा नं. २ | सञ्चालनमा |
| ९५ | लाम्लीखोली खा.पा.आ | वडा नं. २ | सञ्चालनमा |
| ९६ | रोकासीम खा.पा.आ | वडा नं. २ | सञ्चालनमा |
| ९७ | जुगेपानी खा.पा.आ | वडा नं. २ | सञ्चालनमा |
| ९८ | चौरागाँउ खा.पा.आ | वडा नं. २ | सञ्चालनमा |
| ९९ | कागखोली खा.पा.आ | वडा नं. २ | सञ्चालनमा |
| १०० | सिद्धेश्वरी खा.पा.आ स्किम नं. ३ | वडा नं. २ | सञ्चालनमा |
| १०१ | सिद्धेश्वरी खा.पा.आ स्किम नं. ४ | वडा नं. २ | सञ्चालनमा |
| १०२ | सिद्धेश्वरी खा.पा.आ स्किम नं. ५ | वडा नं. २ | सञ्चालनमा |
| १०३ | सिद्धेश्वरी खा.पा.आ स्किम नं. ६ | वडा नं. २ | सञ्चालनमा |
| १०४ | बोरीखोला खा.पा.आ | वडा नं. २ | नयाँ |
| १०५ | माझगाँउ खा.पा.आ | वडा नं. २ | नयाँ |
| १०६ | माझगाँउ दलित खा.पा.आ | वडा नं. २ | नयाँ |
| १०७ | खानिगाँउ खा.पा.आ | वडा नं. २ | नयाँ |
| १०८ | पनेरी खा.पा.आ | वडा नं. २ | नयाँ |
| १०९ | घारिसिम खा.पा.आ | वडा नं. २ | नयाँ |
| ११० | तल्लो माथिल्लो खा.पा.आ | वडा नं. २ | नयाँ |
| १११ | रोगागाँउ तल्लो टोल खा.पा.आ | वडा नं. २ | नयाँ |
| ११२ | पेदिखोला खा.पा.आ | वडा नं. २ | निर्माणाधीन |
| ११३ | भित्री खोला खा.पा.आ | वडा नं. २ | निर्माणाधीन |
| ११४ | भित्र खोला खा.पा.आ | वडा नं. २ | निर्माणाधीन |
| ११५ | फल्लेखर्क खा.पा.आ | वडा नं. ३ | सञ्चालनमा |

| | | | |
|---|---|---|---|
| ११६ | खरीखाना खा.पा.आ | वडा नं. ३ | सञ्चालनमा |
| ११७ | फलाटे १ खा.पा.आ | वडा नं. ३ | सञ्चालनमा |
| ११८ | फलाटे २ खा.पा.आ | वडा नं. ३ | सञ्चालनमा |
| ११९ | जुगेखोला खा.पा.आ | वडा नं. ३ | सञ्चालनमा |
| १२० | गतेरन खा.पा.आ | वडा नं. ३ | सञ्चालनमा |
| १२१ | मर्मलचौर खा.पा.आ | वडा नं. ३ | सञ्चालनमा |
| १२२ | सिमपाखा खा.पा.आ | वडा नं. ३ | सञ्चालनमा |
| १२३ | चोरपानी खा.पा.आ | वडा नं. ३ | सञ्चालनमा |
| १२४ | डाँडाकटेरी खा.पा.आ दलित | वडा नं. ३ | सञ्चालनमा |
| १२५ | डाँडाकटेरी १ खा.पा.आ परिगाँउ धाराटाकुरा टोल | वडा नं. ३ | सञ्चालनमा |
| १२६ | डाँडाकटेरी ज्युला खा.पा.आ | वडा नं. ३ | सञ्चालनमा |
| १२७ | ठुलोपोखरा खा.पा.आ | वडा नं. ३ | सञ्चालनमा |
| १२८ | बिसुन्थली खा.पा.आ | वडा नं. ३ | सञ्चालनमा |
| १२९ | ढोरचौर खा.पा.आ | वडा नं. ३ | सञ्चालनमा |
| १३० | सिद्धेश्वरी खा.पा.आ स्किम नं. २ | वडा नं. ३ | सञ्चालनमा |
| १३१ | जुगे खोला मुहान खा.पा.आ | वडा नं. ३ | सञ्चालनमा |
| १३२ | गगने खोली खा.पा.आ | वडा नं. ३ | सञ्चालनमा |
| १३४ | (उस्तेनी) पल्लो चोरपानी खा.पा.आ | वडा नं. ३ | सञ्चालनमा |
| १३५ | उचाल्ने खा.पा.आ | वडा नं. ३ | सञ्चालनमा |
| १३६ | झारगाँउ खरीखोला खा.पा.आ | वडा नं. ३ | सञ्चालनमा |
| १३७ | पनेरी खोला खा.पा.आ | वडा नं. ३ | सञ्चालनमा |
| १३८ | चोरपानी लिफ्ट खा.पा.आ-३ | वडा नं. ३ | सञ्चालनमा |
| १३९ | नयामारे खा.पा.आ -३ | वडा नं. ३ | सञ्चालनमा |
| १४० | धारापानी खा.पा.आ-३ | वडा नं. ३ | सञ्चालनमा |
| १४१ | मर्मलचौर खा.पा.आ-३ | वडा नं. ३ | सञ्चालनमा |
| १४२ | गतेर्ना राउटेचौर बाटुले खा.पा.आ-३ | वडा नं. ३ | सञ्चालनमा |
| १४३ | खरिखोला खा.पा.आ-३ | वडा नं. ३ | सञ्चालनमा |
| १४४ | ठुलासिम खानेपानी टयाङ्की निर्माण योजना-३ | वडा नं. ३ | सञ्चालनमा |
| १४५ | रेउले टोल पिनारा खानेपानी टयाङ्की निर्माण योजना-३ | वडा नं. ३ | सञ्चालनमा |
| १४६ | पट्लेनि खानेपानी टयाङ्की निर्माण योजना-३ | वडा नं. ३ | सञ्चालनमा |
| १४७ | खक्र कालिमाटी खानेपानी टयाङ्की निर्माण योजना-३ | वडा नं. ३ | सञ्चालनमा |
| १४८ | ढोरचौर थापाटोल टयाङ्की निर्माण योजना | वडा नं. ३ | नयाँ |

| | | | |
|---|---|---|---|
| १४९ | गोगन खोली खा.पा.आ | वडा नं. ३ | निर्माणाधीन |
| १५० | गाँउपालिका खा.पा.आ | वडा नं. ३ | निर्माणाधीन |
| १५१ | कालालेख दलितटोल  खा.पा.आ | वडा नं. ३ | निर्माणाधीन |
| १५२ | वल्लो दलित टोल खा.पा.आ | वडा नं. ३ | निर्माणाधीन |
| १५३ | लिसेखोला दलित टोल खा.पा.आ | वडा नं. ३ | निर्माणाधीन |
| १५४ | सिमपाखा खा.पा.आ | वडा नं. ३ | निर्माणाधीन |
| १५५ | ढोरचौर लिफ्ट खा.पा.आ | वडा नं. ३ | निर्माणाधीन |
| १५६ | जलुके खोला देखि पल्लो दलितटोल खा.पा.आ | वडा नं. ३ | निर्माणाधीन |
| १५७ | पल्लो कल्लेचौर खानेपानी टयाङ्की निर्माण योजना | वडा नं. ३ | निर्माणाधीन |
| १५८ | सिमपाखा खा.पा.आ | वडा नं. ४ | सञ्चालनमा |
| १५९ | किमिरेगैरा गाँउ खा.पा.आ | वडा नं. ४ | सञ्चालनमा |
| १६० | कोटवारा खा.पा.आ | वडा नं. ४ | सञ्चालनमा |
| १६१ | गोगनपानी खा.पा.आ | वडा नं. ४ | सञ्चालनमा |
| १६२ | काफलखोली खा.पा.आ | वडा नं. ४ | सञ्चालनमा |
| १६३ | गौरिखोला खा.पा.आ-४ | वडा नं. ४ | सञ्चालनमा |
| १६४ | गाईखोली खा.पा.आ | वडा नं. ४ | सञ्चालनमा |
| १६५ | बुग्रीघर खा.पा.आ | वडा नं. ४ | सञ्चालनमा |
| १६७ | राम्री खा.पा.आ | वडा नं. ४ | सञ्चालनमा |
| १६८ | बडाकाँडा खा.पा.आ | वडा नं. ४ | सञ्चालनमा |
| १६९ | घरेली खा.पा.आ | वडा नं. ४ | सञ्चालनमा |
| १७० | चाँदेकरेन्जी खा.पा.आ.स्कीम नं. ४ | वडा नं. ४ | सञ्चालनमा |
| १७१ | चाँदेकरेन्जी खा.पा.आ.स्कीम नं. ३ | वडा नं. ४ | सञ्चालनमा |
| १७२ | काँशीगैरी खा.पा.आ | वडा नं. ४ | सञ्चालनमा |
| १७३ | चाँदे माथिल्लो टोल खा.पा.आ | वडा नं. ४ | सञ्चालनमा |
| १७४ | छरिखोला खा.पा.आ | वडा नं. ४ | सञ्चालनमा |
| १७५ | कुवा खोला पधेरी खा.पा.आ | वडा नं. ४ | सञ्चालनमा |
| १७६ | स्यानी पाखा खा.पा.आ | वडा नं. ४ | सञ्चालनमा |
| १७७ | उल्लेरी, कोटबाद, कत्तरकारे DWS-4 | वडा नं. ४ | सञ्चालनमा |
| १७८ | भुजे खोला खा.पा.आ | वडा नं. ४ | सञ्चालनमा |
| १७९ | खरमुल जिउला खा.पा.आ | वडा नं. ४ | सञ्चालनमा |
| १८० | बाङ्गेखोला रतनखल खा.पा.आ | वडा नं. ४ | सञ्चालनमा |
| १८१ | काल्चे सागिने खा.पा.आ | वडा नं. ४ | सञ्चालनमा |
| १८२ | गयखोली खा.पा.आ | वडा नं. ४ | नयाँ |
| १८३ | पारिखोला खा.पा.आ | वडा नं. ४ | नयाँ |

| | | | |
|---|---|---|---|
| १८४ | बइशा खा.पा.आ | वडा नं. ४ | नयाँ |
| १८५ | बइशाधारा खा.पा.आ | वडा नं. ४ | नयाँ |
| १८६ | रेउले खरायो खा.पा.आ | वडा नं. ४ | नयाँ |
| १८७ | कुलापारी खा.पा.आ | वडा नं. ४ | नयाँ |
| १८८ | चरीपानि खा.पा.आ | वडा नं. ४ | नयाँ |
| १८९ | जाँतिखानि खा.पा.आ | वडा नं. ४ | नयाँ |
| १९० | खुर्कुनि खा.पा.आ | वडा नं. ४ | नयाँ |
| १९१ | गउरीखोला खा.पा.आ | वडा नं. ४ | नयाँ |
| १९२ | नाउलि खा.पा.आ | वडा नं. ४ | नयाँ |
| १९३ | शान्ति सुन्दर मा.वि खा.पा.आ | वडा नं. ४ | निर्माणाधीन |
| १९४ | चिसापानी खा.पा.आ | वडा नं. ४ | निर्माणाधीन |
| १९५ | घारिकुर्ला खा.पा.आ | वडा नं. ४ | निर्माणाधीन |
| १९६ | झलेढुङ्गा खा.पा.आ | वडा नं. ४ | निर्माणाधीन |
| १९७ | पटला खा.पा.आ | वडा नं. ४ | निर्माणाधीन |
| १९८ | दहखोली खा.पा.आ | वडा नं. ५ | सञ्चालनमा |
| १९९ | लेखटोल खा.पा.आ | वडा नं. ५ | सञ्चालनमा |
| २०० | चाँदेकरेन्जी खा.पा.आ.स्कीम नं. ५ | वडा नं. ५ | सञ्चालनमा |
| २०१ | बुदेगारे खा.पा.आ | वडा नं. ५ | सञ्चालनमा |
| २०२ | राम्री खा.पा.आ २ | वडा नं. ५ | सञ्चालनमा |
| २०३ | पन्ने खोला खा.पा.आ | वडा नं. ५ | सञ्चालनमा |
| २०४ | तिर्सेखोला खा.पा.आ | वडा नं. ५ | सञ्चालनमा |
| २०५ | मगरा धारा खा.पा.आ | वडा नं. ५ | सञ्चालनमा |
| २०६ | सार्किखोला खा.पा.आ | वडा नं. ५ | सञ्चालनमा |
| २०७ | पथरेपानी खा.पा.आ ५ | वडा नं. ५ | सञ्चालनमा |
| २०८ | रन्गुमारे खा.पा.आ | वडा नं. ५ | नयाँ |
| २०९ | त्रिवेणी खा.पा.आ | वडा नं. ५ | निर्माणाधीन |

श्रोतः वास प्लान रिपोर्ट

चित्र नं. २.१० गाउँपालिका क्षेत्रमा पानीको श्रोतको वर्तमान अवस्थित




## २.३.३.२ सरसफाई

स्वास्थ्य र सरसफाई मानव सभ्यताको एक प्रमुख सूचक हो। मानिसले आफु सधै स्वास्थ्य र सभ्य रहन उसले आफैंमा उत्पादन गरेको फोहोरमैलाको सहि विसर्जन गर्छ या गर्दैन, शौचालयको उचित प्रबन्ध गरेर त्यसको सहि प्रयोग गर्छ या गर्दैन, शौचालयको प्रयोग पछि त्यसको सरसफाई तथा साबुन पानीले हात धुने परिपाटीको विकास भएको छ या छैन शुद्ध र सुरक्षित पिउने पानीको प्रयोगको अवस्था कस्तो छ, यी तमाम विषयमा रहेको अभिभावकको चेतना स्तर र उनीहरुले दैनिक चेतना सहितको आनीवानीको विकासमा गहिरो प्रभाव पर्ने भएका कारण यो एक महत्वपूर्ण आयाम हो। आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीका सहभागीहरुको भनाइ अनुसार यस गाउँपालिकाका ग्रामिण बस्तीहरुका अधिकाम्स घर तथा बस्तिहरुबाट निस्कने फोहोरमैला मध्ये धेरै जसो जैविक फोहोर निस्कने गरेको, यसरी निस्केको जैविक फोहोरमैला घर नजिकैको बारीमा खाल्डो बनाएर मल बनाउन प्रयोग गर्ने गरेका छन् भने शहरी क्षेत्रमा दैनिक रुपमा गाउँपालिकाले सङ्कलन गरी व्यवस्थापन गर्ने गरेको अवस्था छ। यस पालिकामा स्थायी फोहोरमैला प्रशोधन केन्द्र/ल्यान्डफिल्ड/डम्पिंग साइट नभएको, विशेषगरी शहरी क्षेत्रमा अजैविक फोहोरको रुपमा निस्कने फलाम, किला ब्याट्री, शिशाका बोतल जस्ता बस्तुहरु घरघरमा आउने अनौपचारिक सङ्कलनहरुलाई सम्बन्धित घरधनीले बिक्री गर्ने गरेको छन् भने प्लास्टिक र अन्य अजैविक फोहोरहरु जलाउन वा अव्यवस्थित विसर्जन गर्ने गरेको अवस्था देखिन्छ। फोहोर प्रसोधनशाला नभएको, विद्यमान १ वटा सार्वजनिक शौचालय ढोरचौर बजारमा सञ्चालनमा भएको गाउँपालिकालाई खुला दिसा मुक्त गाउँपालिका घोषणा गरिएको भएतापनि अझै ८७ घर पारिवारको शौचालय नबनेको तथा ७ घरपरिवारले सार्वजनिक शौचालय प्रयोग गरिरहेको, ३४३ घरपरिवारको असुरक्षित खाल्डे शौचालय प्रयोग गरिरहेका, फल्स भएको सौचालय ४९ घरपरिवार र फल्स नभएको सौचालय २४१२ घरपरिवार प्रयोग गरिरहेको छन। सबै विद्यालयमा बालबालिकाका लागि अलग

अलग र पर्याप्त मात्रामा शौचालयको व्यवस्था हुन नसकेको, विद्यालयमा बालबालिकाका लागि चेंजिङ्ग कक्षको व्यवस्था हुन नसकेको जस्ता समस्या तथा अभाव कायमै रही रहेका कारण यस आवधिक योजना मार्फत दिगो विकासमा आधारित योजना तर्जुमा गरी सरसफाईको वर्तमान अवस्थालाई प्रारम्भ बताई व्यवस्थित बनाउदै लानु आवश्यक रहेको छ।

तालिका नं. २.२८ शौचालय भए नभएको र शौचालयको प्रकारका आधारमा घरपरिवार विवरण

| क्र.सं. | चर्पीका प्रकार | वडा नं. | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | |
| १ | फल्स भएको प्यान चर्पी | १८ | १० | १४ | ६ | १ | ४९ |
| २ | फल्स नभएको प्यान चर्पी | ६८८ | ४२२ | ३६५ | ५१८ | ४१९ | २४१२ |
| ३ | खाल्डे चर्पी | २९ | ४ | २१३ | ४० | ५७ | ३४३ |
| ४ | सार्वजनिक चर्पी | ० | ३ | २ | ० | २ | ७ |
| ५ | चर्पी नभएका खुला ठाउँ | ७ | १० | १४ | २९ | २७ | ८७ |
| जम्मा | | ७४२ | ४४९ | ६०८ | ५९३ | ५०६ | २८९८ |

श्रोतः राष्ट्रिय जनगणना, २०७८

चित्र नं. २.११ शौचालय भए नभएको र शौचालयको प्रकारका आधारमा घरपरिवार विवरण




### २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

प्रजातन्त्रको पुनर्वहाली पछी लैङ्गिक समानता र सामाजिक समावेशीकरणका क्षेत्रमा उल्लेख्य कार्यहरु हुदै आएका छन्। राजनीतिक रुपले यस गाउँपालिकामा १० जना महिला जनप्रतिनिधिहरुले जिम्मेवारी निर्वाह गरिरहेका छन् भने ४६ जना महिला कर्मचारीहरु सेवा प्रवाह र विकास निर्माणका कार्यमा खटिरहेको अवस्था

छ। स्थानीय तहका योजना तर्जुमा देखि कार्यान्वयनको तह सम्म समाजमा पछी परेका तथा पारिएका महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरिकमा दलित आदिवासी, दलित, आदिवासी जनजाती, मधेशी पिछिडीएका वर्ग समेतलाई पालिका स्तरका सवै क्रियाकलापमा सहभागीता गराउने कार्यले मुर्त रुप लिएको छ।

(क) लैङ्गिक समानता

राष्ट्रिय जनगणना २०७८ का आधारमा सिद्ध कुमाख गाउँपालिकामा महिलाहरुको जनसंख्या ५२.३२% रहेको छ। महिला विरुद्धको लैङ्गिक तथा घरेलु हिंसा, महिला हकहित र गृहिणी महिलाको लागि covid-१९ महामारी रोग नियन्त्रण र वातावरणमैत्री सचेतना कार्यक्रम गाउँपालिका क्षेत्रभित्र रहेका सवै वर्ग र क्षेत्रहरुको समान सहभागिता हुने गरी गाउँपालिका स्तरीय र वडा स्तरीय र वडा स्तरीय महिला समिति गठन, घरेलु हिंसापिडित महिलाहरुलाई सामाजिक न्याय र कानुनी सहायताका लागि सहयोग गर्न घरेलु हिंसापिडित महिला सहायताकालागि लैङ्गिक हिंसा निवारण कोष स्थापना, गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने सवै प्रकृतिका कार्यक्रमहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीति अवलम्बन, गाउँपालिका क्षेत्रमा महिला समूह, आमा समुहका नाममा सञ्चालित विभिन्न बचत समूहलाई गाउँपालिका/वडा कार्यालयमा दर्ता गराई त्यस्ता समूहहरुलाई गाउँपालिकाले लक्षित कार्यक्रम मार्फत हितकारी समुहको रुपमा विकास गराई सहकारी संस्थामा रुपान्तरण गर्न आवश्यक सहयोग, गाउँपालिका क्षेत्र भित्रका महिला सहकारीको संस्थागत क्षमता विकास र सुदृढीकरणका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन, विपन्न एवम् लक्षित वर्ग र क्षेत्रका महिलाहरुका लागि आत्मनिर्भरता र स्वार्जन सँग सम्बन्धित विषयमा कानूनी सचेतना कार्यक्रम सञ्चालन, गाउँपालिकाको विकास निर्माण कार्यमा महिलाको सहभागिता अभिवृद्धि गर्न गाउँपालिका महिला समूह र सहकारी समूह बाहेक विकास निर्माण सम्बन्धी उपभोक्ता समितिमा शतप्रतिशत महिलाहरुले आयोजना कार्यान्वयन वा योजना सञ्चालन गरेमा जनसहभागिता वापतको रकम विशेष छुट दिने व्यवस्था, कानूनको अनविज्ञतामा पैत्रिक सम्पति माथि महिलाको अधिकार गुम्ने सम्भावना अन्त्यकालागि महिलाहरुलाई कानूनी ज्ञान प्रदान जस्ता विविध कार्यक्रमहरु सञ्चालनका लागि नीतिगत व्यवस्थाका साथ क्रियाशिल रहेको अवस्था छ। यसका अतिरिक्त जेष्ठ नागरिक एकल महिला सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउदै आएको छ। वर्तमानमा अन्य विवरण प्राप्त नभएका कारण २०७८ सालको विवरणलाई आधार मान्दा सिद्ध कुमाख गाउँपालिकामा १.१० प्रतिशत घर मात्र भएको महिलाको, ६.६६ प्रतिशत घर जग्गा दुवै भएको, ८.७३ प्रतिशत जग्गा मात्र भएको, ७९.१९ प्रतिशत घर जग्गा दुवै नभएको र ४.३१ प्रतिशत उल्लेख नभएको अवस्था देखिएको छ।

(ख) बालबालिका

संविधानत बालबचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता विषयहरु समेटी विकासको आधार निर्माण गर्न बालबालिकाको हकलाई समेत मौलिक हकमा राखेको अवस्था छ। केन्द्रिय तथ्याङ्क विभागले प्रकाशन गरेको सल्यान जिल्लाको स्थानीय तहहरुको विवरण, २०७८ बमोजिम यस गाउँपालिका भित्र कुल १३१२७ जनसंख्या रहेकोमा सो को आधारमा करिव ४३.७६ प्रतिशतको हाराहारी ० देखि १८ वर्ष उमेर समूहका रहेका छन् भने ९.५३ प्रतिशत ० देखि ५ वर्षका, करिब २१.१५ प्रतिशत ६ देखि १४ वर्ष उमेर समूहका र १३.०८ प्रतिशत १५ देखि १९ वर्ष उमेर समुहका रहेका छन् भने भर्खर प्राप्त राष्ट्रिय जनगणना २०७८ को संख्या १३१२७ लाई आधार मान्दा करिव २३.३८ प्रतिशत बालबालिका विद्यालयको

पहुँचमा रहेको अवस्था छ। यस गाउँपालिका भित्र बाल श्रमिक रहेको भएतापनि एकिन विवरण उल्लेख नभएको, सडक बालबालिकाको अवस्था पहिचान नगरिएको, विद्यालयहरु पूर्णता बालमैत्री नभईसकेका कारण भय रहित वातावरण सिर्जना नभई सकेको अवस्था छ। तसर्थ आवधिक योजना मार्फत बालमैत्री स्थानीय शासनको पूर्ण कार्यान्वयन बाट यस गाउँलाई बालमैत्री गाउँको रुपमा घोषणाको तह सम्म सहज पुग्ने अवस्था सिर्जना गर्न अनिवार्य देखिएको छ।

तालिका नं. २.२९ बालबालिकाको उमेरगत वितरण

| क्र.सं. | उमेर समुह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ० देखि ५ वर्ष | १५०५ | ११.४६ |
| २ | ६ देखि १४ वर्ष | २५२२ | १९.२१ |
| ३ | १५ देखि १८ वर्ष | १४३९ | १०.९६ |
| जम्मा | | ५४६६ | ४१.६३ |
| ४ | विद्यालयको पहुँचमा रहेका बालबालिका | ३८६८ | ७०.७६ |
| राष्ट्रिय जनगणना २०७८ लाई आधार मान्दा | | | |

श्रोतः राष्ट्रिय जनगणना, २०७८

(ग) जेष्ट नागरिक

अग्रजहरुको प्रतिको सम्मान र संरक्षण पारिवारिक, सामाजिक तथा राजनैतिक दायित्व भित्र पर्दछ। जेष्ठ नागरिक यस समाजका तस्विर हुन। यिनै जेष्ठ नागरिकको देनका कारण आज हामी यहाँ छौं। उनीहरुसंग अन्तरनिहित ज्ञान र सिप वर्तमान आधुनिक दुनियाले ग्रहण र अध्ययन गरी अवको दुनियाँको विकासको मोडेलको खाका कोर्न आवश्यक छ। तसर्थ यस गाउँपालिकाले विगत देखिनै जेष्ठ नागरिकहरुको परिचय-पत्र वितरणलाई सहजता र निरन्तरता प्रदान, स्वास्थ्य बीमा कार्यक्रमलाई सहज र प्रभावकारी बनाउने, जेष्ठ नागरिक स्वास्थ्य सेवाकेन्द्र स्थापना र सञ्चालन, आवश्यकताका आधारमा उचित स्थानहरुमा जेष्ठ नागरिक मिलन चौतारी निर्माण जस्ता कार्यक्रम मार्फत सेवा प्रवाह गराउने लक्ष्यका साथ अघि बढी रहेको छ भने ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिकलाई राष्ट्रिय कार्यक्रम मार्फत सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउंदै आएको छ भने गाउँपालिका स्तरमा समेत सम्मान र संरक्षणका कार्यक्रमलाई निरन्तरता दिईएको छ। केन्द्रीय तथ्याङ्क विभागले तयार पारेको सल्यान जिल्लाका स्थानीय तहहरुको बस्तुगत विवरण, २०७५ का आधारमा २०७८ को प्रारम्भिक जनसंख्या विवरण सँग तुलनामा सोहि प्रतिशतलाई आधार मानि गणना गर्दा यस उमेर समुहका जेष्ठ नागरिकको संख्या ३५१ को हाराहारीमा रहेको अनुमान गरिएको छ।

(घ) अपाङ्गता

अपाङ्गता मानिसको इच्छा विपरितको अवस्था हो। प्राकृतिक विपत्ति, दुर्घटना, कुपोषण, स्नायु प्रणालीको कमजोरी लगायतका विभिन्न कारण बाट अपाङ्गता जस्तो डरलाग्ने, कहालीलाग्दो परिस्थितिको सामना गर्न बाध्यता आइपर्ने गर्दछ। भएका व्यक्तिहरुको शारीरिक र मानसिक अवस्था अनुसारको क्षमता अभिवृद्धि, अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण, अपाङ्गता भएका व्यक्तिहरुका लागि सम्पर्क कार्यालयको स्थापना सहयोग, सहज सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यमा गाउँपालिकाले अग्रणी भूमिका निर्वाह गरिरहेको अवस्था छ। यसका अतिरिक्त यस गाउँपालिकाले पूर्ण अपाङ्गता भएका, अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ भने आत्मनिर्भरताकालागि सिप विकास

जस्ता कार्यक्रम समेत प्राथमिकताकासाथ सञ्चालन गर्दै आइरहेको छ। यस आवधिक योजनाले समेत अपाङ्गता भएका व्यक्तिको हित र आत्मनिर्भरता उन्मुख योजना तथा कार्यक्रम साथै अपाङ्गमैत्री भौतिक संरचनाहरु निर्माण गर्ने कार्यलाई थप प्रभावकारी बनाउन आवश्यक छ।

(ङ) दलित तथा आदिवासी, जनजाती

माथि उल्लेख गरिए बाहेकका सामाजिक समावेशीकरणकालागि महिला सिलाई बुनाई प्रशिक्षण, दलित तथा आदिवासी, जनजाती क्षमता विकास, उद्घोषण र प्रस्तावना लेखन कार्यक्रम, महिला सिपमुलक तालिम, सचेतनामुलक कार्यक्रम जस्ता कार्यक्रमहरुलाई सञ्चालन गरिएका छन्। तसर्थ यस आवधिक योजना मार्फत सामाजिक समावेशीकरणलाई थप गतिसिल बनाउँदै सार्थक परिणाम प्राप्तिका लागि लक्ष्य, रणनीति तथा कार्यनीतिका साथ योजना तर्जुमा गर्न सके आगामी दिनमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका कारण यस गाउँपालिकाको समृद्धि निर्माणमा यथेष्ट योगदान रहने विश्वास गरिएको छ।

## २.३.५ युवा, खेलकुद तथा कला

(क) युवा

वि.सं. २०७८ सालको तथ्याङ्कलाई आधार मानेर केन्द्रीय तथ्याङ्क विभागले प्रकासन गरेको सल्यान जिल्लाको स्थानीय तहहरुको बस्तुगत विवरण, २०७५ का आधारमा १९ वर्ष देखि ४० वर्ष उमेर समुहका युवाहरुको जनसंख्या ३०.६८ प्रतिशत रहेकोमा वि.सं. २०७८ सालको जनगणना बमोजिमको कुल जनसंख्याका आधारमा सोहि प्रतिशतका दरले प्रक्षेपण गर्दा करिव ३४.५७ प्रतिशत युवा रहेको अवस्था छ। सिद्ध कुमाख गाउँपालिकाले राष्ट्रिय जनगणना २०७८ मा गरेको घरपरिवार सर्वेक्षणका आधारमा ९५५ जना युवा वैदेशिक रोजगारीका लागि विदेशीएको अवस्था छ। देश विकासको मुख्य भूमिका युवाहरुको उपस्थिति, उनीहरुमा विकास हुने सिप, कला र क्षमता साथै काम प्रतिको लगनशिलतामा निर्भर रहने गर्दछ। युवाहरुमा राष्ट्रबादी भावना जागृत गरे श्रमप्रति सम्मान गर्ने भावनको विकास गर्ने क्रियाकलापहरु सञ्चालन गर्न आवश्यक छ। स्वदेश भित्रै पर्याप्त रोजगारीको अभावका कारण युवाहरु विदेशिन बाध्य रहेका छन्। वर्तमान सम्ममा आइपुग्दा यो गाउँपालिका पनि यस परिवेश बाट मुक्त हुन सकेको देखिएन।

युवाहरुलाई स्वरोजगार बन्नका लागि आवश्यक व्यवसायिक (होमस्टे समेत) तथा प्राबिधिक प्रशिक्षण तथा तालिम प्रदान गर्ने, युवा उद्यमीहरुलाई सहुलियत ऋण तथा निश्चित अनुदानको व्यवस्था गर्ने, युवाहरुलाई उद्यमशिल बन्न प्रोत्साहन गरिनुका साथै नेपाल सरकारको नीति अनुरुप योग्यताको प्रमाणपत्रका आधारमा ऋण उपलब्ध गराउने, युवाहरुलाई गाउँपालिकाको विकासका साथै खेलकुद, कला साहित्य लगायतका क्षेत्रहरुमा सहभागी गराउने विदेशी मुलुक गई फर्की आएका युवा वर्गलाई सकेसम्म आफ्नै क्षेत्रमा आत्मनिर्भर र स्वरोजगार बनाउन उनीहरुले प्राप्त गरेको ज्ञान शिपलाई उपयोग गर्दै गाउँपालिका स्तरीय कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने, युवाहरुलाई दुर्ब्यसन एवम् कुलत जस्ता सामाजिक बिकृतिबाट टाढै राख्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको सहकार्यमा विशेष कार्यक्रमहरु सञ्चालन गर्ने, प्रधानमन्त्री रोजगारमा कार्यक्रमलाई प्रभावकारी बनाएर स्थानीय युवाहरुलाई रोजगारीका अवसर उपलब्ध गराउने, वैदेशिक रोजगारीमा जान चाहने युवाहरुको लागि पनि सोहि अनुसारको अभिमुखिकरण तालिम र सचेतना सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने, स्वरोजगार सम्बन्धी तालिम कार्यक्रमहरुलाई निरन्तरता दिने जस्ता नीतिगत निर्णयका साथ सिद्ध कुमाख गाउँपालिका अधि बढिरहेको भएतापनि लक्ष्य बमोजिम उद्योग

धन्दा तथा कलकारखानाको विकास हुन नसकेको, औद्योगिक ग्रामको निर्माण तथा व्यवस्थापन नभएको, कृषि तथा पशुपालनको व्यवसायीकरणले तिब्र गति लिन नसकेको, पर्यटन उद्योग र व्यवसाय नतिजामुलक हुन नसकेको, लगायत यस पालिकाले यसै आवधिक योजना बाट उल्लेखित विषय बस्तुको व्यवस्थापनका साथ युवा लक्षित योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन ल्याउन अनिवार्य देखिएको छ।

(ख) खेलकुद तथा कला

खेलकुदको विकास र व्यवस्थापन युवा शक्तिको सदुपयोगको अर्को महत्वपूर्ण आयाम हो। शारीरिक शुगठन र स्वास्थ्य रक्षा साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय भाइचाराको विकास र पहिचानका लागि विभिन्न प्रकारका खेल एक अनिवार्य आवश्यकता भित्र पर्दछन। आज विश्वमा खेलको माध्यम बाट विभिन्न मुलुकहरुले आफ्नो पहिचानमा ब्यापकता ल्याउन र विश्व सामु आर्थिक गतिविधिको बाटो निर्माण गर्न सकेका कयौं उदाहरण हाम्रो सामु छन्। विद्यालय स्तरीय खेलमैदानको विकास र व्यवस्थापन बाट बालबालिकाको क्षमताको खोजी गर्न होस् वा विद्यालय उमेरबाट बाहिरीए पछी खेल क्षेत्र बाट आफ्नो क्षेत्रको उपयोग र मुलुकको छवि उच्च राख्न खेलकुदको महत्वपूर्ण योगदान रहन्छ। खेलकुद क्षेत्रको विकासकालागी उपयुक्त खेलमैदानको व्यवस्था र उपलब्धता पहिलो सर्तका रुपमा रहन्छ।

यस पालिकामा उपलब्ध रहेका उल्लेखित खेलमैदानहरुको वर्तमान पूर्वाधारको अवस्था कमजोर रेहका कारण खेलकुदको माध्यम बाट आफ्नो पहिचान उच्च बनाउन सक्ने थुप्रै सम्भावना रहेको यस गाउँपालिकाले आवधिक योजना मार्फत खेलमैदानहरुको निर्माण, विकास र प्रवर्द्धनका साथ मापदण्ड बमोजिमको पालिका स्तरीय खेलमैदान १, सवै वडामा वडास्तरीय खेलमैदान कम्तिमा एक एक वटा साथै सवै विद्यालयमा मापदण्ड बमोजिमको खेलमैदानको अनिवार्य निर्माण व्यवस्थापन सहित व्यवसायिक खेलाडी उत्पादन गर्ने हैसियतका साथ खेलकुद सम्बन्धित योजना तथा कार्यक्रम संस्थाको संरक्षण र सम्बर्द्धनमा समेत योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्ने आवश्यकता देखिएको छ भने कला र साहित्य विकासकालागी यस प्रकारका संस्थाको संरक्षण र सम्बर्द्धनमा समेत तर्जुमा गरी विद्यालय तह बाटै यसको विकासका साथ सुरक्षाको विकासमा लाग्न अनिवार्य देखिएको छ।

तालिका नं. २.३० खेलमैदानहरुको विवरण (विद्यालय बाहेक)

| क्र.सं. | नाम | स्थान | वर्तमान अवस्था |
|---|---|---|---|
| १ | वडा स्तरीय खेल मैदान | वडा नं. १ | स्तरउन्नति आवश्यक |
| २ | बेलाउतिघारी खेल मैदान | वडा नं. १ | माग गरिएको |
| ३ | वन नर्सरी मारेगैरा खेलमैदान | वडा नं. ३ | मर्मत |
| ४ | चोरपानी खेलमैदान | वडा नं. ३ | स्तरउन्नति |
| ५ | झारगाउँ ढार खेलमैदान | वडा नं. ३ | स्तरउन्नति |
| ६ | थापाटोल खेलमैदान | वडा नं. ३ | माग गरिएको |
| ७ | सईकुमारी खेलमैदान | वडा नं. ३ | माग गरिएको |
| ८ | पोखरा डाँडा खेलमैदान | वडा नं. ३ | माग गरिएको |
| ११ | काप्रेचौर खेलमैदान | वडा नं. ३ | माग गरिएको |

| | | | |
|---|---|---|---|
| १२ | मेलसता खेलमैदान | वडा नं. ५ | स्तरउन्नति गर्नुपर्ने |
| १३ | माझखर्क खेलमैदान | वडा नं. ५ | स्तरउन्नति गर्नुपर्ने |

श्रोतः आवधिक योजना सर्वेक्षण, २०८०

## २.४ पूर्वाधार तथा शहरी/ग्रामिण विकासको अवस्था

कुनै पनि स्थान वा क्षेत्रको आर्थिक समृद्धिको एक प्रमुख आधार भौतिक पूर्वाधारको अवस्थाले इन्कित गर्ने गर्दछ। यस गाउँपालिकाको आर्थिक समृद्धिको प्रमुख आधार उद्योग, व्यापार, व्यवसाय साथै कृषि तथा पशुपालन र तिनबाट उत्पादित बस्तुको औद्योगिकिकरणनै हो। व्यवस्थित र सुरक्षित बासको सुनिश्चितताकालागि भूकम्प प्रतिरोधी घरको निर्माणमा छरिएर रहेको बस्तीमा न्युनतम मापदण्ड बमोजिमका भौतिक पूर्वाधार पुऱ्याउन समेत कठन हुने भए बाट एकिकृत सुरक्षित बस्ति विकास, सुरक्षित र व्यवस्थित सडक संजाल, विद्युत, खानेपानी, सार्वजनिक शौचालय, दुरसञ्चार लगायतका अति आवश्यक पूर्वाधारहरुको जगमा मात्र यस पालिकाको शहरीकरण अवस्थालाई दिगो बनाउदै शहरी विकासको प्रारूप तयार हुदै जाने गर्दछ। यस आवधिक योजना तर्जुमा सिलसिलामा गरिएको सर्वेक्षण, वडागत छलफल, कार्यशाला गोष्ठी, स्थानीय सरोकारवाला संगको संवाद बमोजिम पूर्वाधार तथा ग्रामिण विकासको अवस्था देहाय बमोजिम रहेको छ।

### २.४.१ बस्ति, आवास, भवन तथा सार्वजनिक निर्माण

बस्ति तथा आवासको अवस्थाको अध्ययन गर्दा सिद्ध कुमाख गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ अन्तिम प्रतिवेदनका आधारमा कुल २८९८ घरहरु रहेका छन्। यस गाउँपालिकाको गाउँ बजार केन्द्र बाहेकका स्थानहरु छरिएर रहेको अवस्था छ। ग्रामिण बस्तिहरुमा घरका भवनहरु प्राय ढुङ्गा, ईटा, काठ र जस्ताले बनेका छन्। परिवारको आर्थिक अवस्थानुसार घरको बनावटपनि फरक फरक छ। धेरैजसो परिवारको चाहना पिलर सहितको आरसीसी भवन बनाउनेतिर उन्मुख देखिन्छ। सिद्ध कुमाख गाउँपालिकामा सबैभन्दा धेरै २६५६ (कुल घर संख्याको ९१.६५ प्रतिशत) माटो ले जोडेको ईँटा ढुंगा को घर देखिन्छ भने ८.११ प्रतिशत ढुङ्गा/ईटा सिमेन्ट जोडाइ र जस्ता पातको छाना भएका मिश्रित घरहरु बनेको अवस्था छ कच्ची (खर, छवाली, जस्ता) ले बनेका घर तथा आरसीसी ढलान गरेका तर पिलर नहालेका घरहरुपनि उल्लेख रहेको अवस्था छ।

तालिका नं. २.३१ वडागत तहमा निजी आवासका प्रकारको अवस्था।

| क्र.सं | भवनका प्रकार | वडा नं. | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा |
| १ | माटो ले जोडेको ईँटा, ढुङ्गा घर | ६६८ | ४४१ | ५०० | ५४७ | ५०० | २६५६ |
| २ | पक्कि घर आरसिसि ढलान पिलर सहित | ७१ | ८ | १०४ | ४६ | ४ | २३३ |
| ३ | काठले बनेको घर | १ | ० | ४ | ० | १ | ६ |
| ४ | बासले बनेको घर | ० | ० | ० | ० | ० | ० |
| ५ | काचो ईँटाले बनेको घर | ० | ० | ० | ० | ० | ० |
| ६ | खर, फुस जस्ताले बनेको | २ | ० | ० | ० | ० | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | Pre fabricated | ० | ० | ० | ० | ० | ० |
| ८ | अन्य | ० | ० | ० | ० | १ | १ |
| जम्मा | | | | | | | २८९८ |

श्रोतः राष्ट्रिय जनगणना २०७८

चित्र नं. २.१२ वडागत तहमा निजी आवासका प्रकारको अवस्था




स्थानीय तहहरुबाट जनतालाई नियमित र प्रभावकारी सेवा प्रवाह र विकास निर्माणका कार्यहरु सञ्चालनगर्न श्रोत र साधन युक्त सुविधा सम्पन्न कार्यालय भवन एक अनिवार्य र अपरिहार्य सर्त हो। यस गाउँपालिकाको आफ्नै पक्कि कार्यालय भवन निर्माण भएको छ। यिनका अतिरिक्त विभिन्न वडाहरुमा विभिन्न सरकारी तथा गैरसरकारी कार्यालयका भवन हरु समेत रहेको अवस्था छ। सामुदायिक तथा निजी विद्यालय, शिक्षण अस्पताल, व्यवसायिक मल तथा भवनहरु, सामुदायिक भवन खेलमैदान समेत रहेको अवस्था छ जसको वितरण विषयगत शिर्षकका अनुसुचीहरुमा उल्लेख गरिएको छ। यस गाउँपालिका भित्र व्यवसायिक तथा निजी भवनहरु समेत निर्माण हुने क्रम बढेका कारण भवन संहिताको पूर्ण कार्यान्वयनका साथ यस गाउँपालिका भित्र निर्माण हुने आवासीय समेतका सबै प्राकृतिक आवास तथा भवनहरुको नियमन र व्यवस्थापन गर्न अनिवार्य देखिएको छ।

तालिका नं.२.३२ सरकारी तथा स्थानीय तहका कार्यालयहरु

| सरकारी तथा स्थानीय तहका कार्यालय | | | |
|---|---|---|---|
| क्र.सं. | नाम | ठेगाना (स्थान) | वर्तमान अवस्था |
| १ | गाँउपालिकाको कार्यालय | वडा नं. ३, ढोरचौर | |
| २ | वडा कार्यालय | वडा नं. १, बाँझकाँडा | |
| ३ | वडा कार्यालय | वडा नं. २, भडाँरे | |
| ४ | वडा कार्यालय | वडा नं. ३, डाँडाकटेरी | |
| ५ | वडा कार्यालय | वडा नं. ४, खार्वन | |
| ६ | वडा कार्यालय | वडा नं. ५, छापडाँडा | |

| | | | |
|---|---|---|---|
| ७ | स्वास्थ्य चौकी, बाझकाँडा | वडा नं. १ | |
| ८ | स्वास्थ्य चौकी सिद्धेश्वरी | वडा नं. | |
| ९ | स्वास्थ्य चौकी चाँदिकरेन्जी | वडा नं. ५ | |
| १० | आधारभूत स्वास्थ्य केन्द्र डाँडाकटेरी | वडा नं. ३ | |
| ११ | आधारभूत स्वास्थ्य केन्द्र खार्वन | वडा नं. ४ | |
| १२ | सामुदायिक स्वास्थ्य इकाई भडारे | वडा नं. २ | |

श्रोतः आवधिक योजना सर्वेक्षण, २०८०

### २.४.२ सडक, पुल तथा यातायात

सिद्ध कुमाख गाउँपालिका शहरीकरणको तिब्र गतिमा प्रवेश गरेको अवस्था छ। यातायातको प्रारम्भिक पूर्वाधारको रुपमा रहेका सडक, पुल तथा कलभर्टहरुको स्तरले त्यस क्षेत्रको विकास र समृद्धिको मार्ग कति सहज र प्रभावकारी छ भन्ने कुराको सङ्केत गर्दछ। अर्को शब्दमा भन्ने हो भने यातायात पूर्वाधारको अवस्था आर्थिक विकास र समृद्धिको एक प्रमुख आधार सूचक हो। आवधिक योजना तर्जुमा सर्वेक्षणका आधारमा यस पालिका भित्र ३२८ कि.मी. लम्बाई का कुल ६१ वटा सडक विद्यमान रहेको अवस्था देखिन्छ। उल्लेखित सडक सञ्जाल मध्ये संख्यात्मक हिसाबले वडा नं. २ र ३ तथा लम्बाईको हिसाबले वडा नं. १ मा रहेको छ। वडागत छलफल बाट नयाँ सडक निर्माणकालागि प्रस्ताव भएका छन्। विद्यमान सडकमा करिब ० कि.मि. कालोपत्रे, ४ कि.मी. ग्राभेल, ३२४ कि.मी. पूर्णकच्ची रहेको अवस्था देखिएको छ। सिद्ध कुमाख गाउँपालिकाको प्रत्यक वडामा सडक संजाल पुगेको छ। उल्लेखित पुला तथा कलभर्टले यातयात सञ्चालनलाई एक बस्ति बाट अर्को बस्ति, टोल तथा बजार सम्म सहज पहुँच तथा आवगमन स्थापित गरेको अवस्था छ।

तालिका नं.२.३३ वडागत सडक सञ्जाल

| क्र.स. | नाम | स्थान | लम्बाई |
|---|---|---|---|
| १ | वडा नं. १ रिङ्गरोड, मोखला सिमाना बजार देखि कागखोला सम्म कच्ची सडक | वडा नं. १ | १६ कि.मी. |
| २ | पटारे हामपाल हुँदै बा.न.पा जोड्ने कच्ची सडक | वडा नं. १ | ११ कि.मी. |
| ३ | पटारे कुखेखोर कृषि कच्ची सडक | वडा नं. १ | ६ कि.मी. |
| ४ | सतिपोले धनेटाकुरा कच्ची सडक | वडा नं. १ | ४ कि.मी. |
| ५ | वडा कार्यालय हुँदै उपल्लो बाझकाँडा जोड्ने कच्ची सडक | वडा नं. १ | ६ कि.मी.. |
| ६ | मेलबोट पटारे हुँदै उपल्लो बाझकाँडा जोड्ने कच्ची सडक | वडा नं. १ | ३ कि.मी.. |
| ७ | ज्यामिरे हुँदै तल्लो बाझकाँडा जोड्ने कच्ची सडक | वडा नं. १ | ३ कि.मी. |
| ८ | बेलाउति घारि उपल्लो बाझकाँडा जोड्ने कृषि कच्ची सडक | वडा नं. १ | ६ कि.मी. |
| ९ | गुनखोलि हुँदै बेलाउति घारि जोड्ने कच्ची सडक | वडा नं. १ | १.५ कि.मी. |

| | | | |
|---|---|---|---|
| १० | त्रिवेणी हुँदै उपल्लो बाझकाँडा जोड्ने कच्ची सडक | वडा नं. १ | ८ कि.मी. |
| ११ | तल्लो बाझकाँडा मेलचौर कच्ची सडक | वडा नं. १ | २.५ कि.मी. |
| १२ | चाख्लिघाट देखि कागखोला कुमाख जोड्ने कच्ची सडक | वडा नं. १ | ११ कि.मी. |
| १३ | कागखोला ढाडबास बिसाउन कच्ची सडक निर्माण कच्ची सडक | वडा नं. १ | ३ कि.मी. |
| १४ | चाख्लिघाट देखि वडा कार्यालय हुदै गोलटाकुरा जोड्ने कच्ची सडक | वडा नं. २ | १० कि.मी. |
| १५ | त्रिवेणी हुदै पेदिखोला, खानीगाउँ, रोगागाउँ जोड्ने कच्ची सडक | वडा नं. २ | ८ कि.मी. |
| १६ | चाख्लीघाट हुदै महेन्द्र आ. वि. जोड्ने कच्ची सडक | वडा नं. २ | ४ कि.मी. |
| १७ | तोरिखोला हुदै महेन्द्र आ. वि. जोड्ने कच्ची सडक | वडा नं. २ | १.५ कि.मी. |
| १८ | कोप्चिखोला देखि खर्केडाँडा जोड्ने कच्ची सडक | वडा नं. २ | २ कि.मी. |
| १९ | कोप्चिखोला देखि माथिगाउँ जोड्ने कच्ची सडक | वडा नं. २ | २.५ कि.मी. |
| २० | बोरिखोला देखि बिष्णु आ. वि. जोड्ने कच्ची सडक | वडा नं. २ | २ कि.मी. |
| २१ | रातामाता हुदै पेदिखोला जोड्ने कच्ची सडक | वडा नं. २ | ३ कि.मी |
| २२ | फलेखर्क देखि बराहथान जोड्ने कच्ची सडक | वडा नं. २ | २ कि.मी. |
| २३ | नयाँखोला हुदै भङ्गाचौर जोड्ने कच्ची सडक | वडा नं. २ | १.५ कि.मी. |
| २४ | फल्लेखर्क, नयाँखोला हुदै चौकेडाँडा कच्ची सडक | वडा नं. २ | २ कि.मी. |
| २५ | फल्लेखर्क आर्यचौर कच्ची सडक | वडा नं. २ | १.५ कि.मी. |
| २६ | आर्यचौर बोराधारा सडक | वडा नं. २ | १ कि.मी. |
| २७ | महेन्द्र आ. वि. देखि माथिगाउँ जोड्ने कच्ची सडक | वडा नं. २ | १.५ कि.मी. |
| २८ | महेन्द्र आ. वि. देखि माथिल्लो बढाचौर जोड्ने सडक | वडा नं. २ | ३ कि.मी (माग गरिएको) |
| २९ | राबजीगाउँ देखि सिद्धगुफा जोड्ने सडक | वडा नं. २ | १ कि.मी (माग गरिएको) |
| ३० | लाकुरीबोट देखि पैयाहाल्ने डाँडा जोड्ने सडक | वडा नं. २ | १ कि.मी (माग गरिएको) |
| ३१ | तल्लोखर्के डाँडा देखि माथिल्लो खर्के डाँडा जोड्ने सडक | वडा नं. २ | २ कि.मी (माग गरिएको) |
| ३२ | टोनचौर देखि पिपलारुख जोड्ने सडक | वडा नं. २ | १.५ कि.मी. (माग गरिएको) |
| ३३ | खेतापाखा देखि बयल टाकुरा जोड्ने सडक | वडा नं. २ | १ कि.मी (माग गरिएको) |
| ३४ | पैयाँ डाँडा बाजारुख पिरो हाल्ने गैरी हुदै चौरगाउँ जोड्ने सडक | वडा नं. २ | २ कि.मी (माग गरिएको) |
| ३५ | मेलटाकुरा देखि गर्तेना कच्ची सडक | वडा नं. ३ | ३ कि.मी. |
| ३६ | खरीखोला देखि वडा कार्यलय जोड्ने कच्ची सडक | वडा नं. ३ | ३ कि.मी. |
| ३७ | ढोरचौर देखि बिसन्थली हुदै हिमालय आ. वि. जोड्ने | वडा नं. ३ | ५ कि.मी. |

| | | | |
|---|---|---|---|
| | कच्ची सडक | | |
| ३८ | दलितटोल देखि बराहचौर हुदै सालघारी जोड्ने कच्ची सडक | वडा नं. ३ | ५ कि.मी. |
| ३९ | वमिथान पिनारा हुदै वडा कार्यलय जोड्ने कच्ची सडक | वडा नं. ३ | २ कि.मी. |
| ४० | बिसन्थली हुदै गर्कच जोड्ने कच्ची सडक | वडा नं. ३ | ३ कि.मी. |
| ४१ | वडा कार्यलय देखि चिनाली जोड्ने कच्ची सडक | वडा नं. ३ | १० कि.मी. |
| ४२ | मर्मल चौर सिमपाखा हुदै तल्लो उचाल्ने कच्ची सडक | वडा नं. ३ | ५ कि.मी. |
| ४३ | कल्लेचौर देखि बिसन्थली जोड्ने कच्ची सडक | वडा नं. ३ | ४ कि.मी. |
| ४४ | सचेतना भवन देखि विसाखोला हुदै पत्लेनी जोड्ने कच्ची सडक | वडा नं. ३ | ३ कि.मी. |
| ४५ | सिमाधारा देखि वाल्लोकल्लेचौर हुदै भालुखोला जोड्ने कच्ची सडक | वडा नं. ३ | ३ कि.मी. |
| ४६ | धुपिसल्ला देखि मुल जोड्न सडक | वडा नं. ३ | |
| ४७ | सिमपाखा हुदै तीनकुने चौतारी कच्ची सडक | वडा नं. ३ | ५ कि.मी. (माग गरिएको) |
| ४८ | माझगाउँ, खानिगैरा, जुगेखोला हुदै तिनकुने चौतारी जोड्ने कच्ची सडक | वडा नं. ३ | ५ कि.मी (माग गरिएको) |
| ४९ | डुरा खोला हुदै धाराटाकुरा जोड्ने सडक | वडा नं. ३ | ३ कि.मी. (माग गरिएको) |
| ५० | धोविसल्ला हुदै मुल जोड्ने सडक | वडा नं. ३ | ३ कि.मी. (माग गरिएको) |
| ५१ | पाल्लोकल्लेचौर देखि जलुकेखोला हुदै पोखरा डाँडा जोड्ने सडक | वडा नं. ३ | ३ कि.मी. (माग गरिएको) |
| ५२ | परिगाउँ देखि मुलाखोला हुदै पोखरा डाँडा जोड्ने सडक | वडा नं. ३ | ४ कि.मी. (माग गरिएको) |
| ५३ | जिउला मन्दिर देखि माझगाउँ हुदै हिमालय आ. वि. जोड्ने सडक | वडा नं. ३ | ३ कि.मी. (माग गरिएको) |
| ५४ | ढोरचौर, छापडाँडा, उचाल्ने, रतनताल, सल्लीबजार निर्माणाधीन नाली सहितको सडक | वडा नं. ४ | ३० कि.मी. |
| ५५ | उचाल्ने, खर्वन, सागीनी,सल्लीबजार (समपुरक) सडक | वडा नं. ४ | ४० कि.मी. |
| ५६ | उचाल्ने, चनाली कच्ची सडक | वडा नं. ४ | ७ कि.मी. |
| ५७ | उचाल्ने, सौंडोटा, चिनाली, घरजले माथिल्लो सागिने कच्ची गाडी गुड्ने सडक | वडा नं. ४ | ३० कि.मी. |
| ५८ | चिनाली, खार्वन कच्ची गाडी गुड्ने सडक | वडा नं. ४ | ८ कि.मी. |

| | | | |
|---|---|---|---|
| ५९ | उचाल्ने, करेन्जी, दरिमटाकुरा, कच्ची सडक | वडा नं. ४ | ६ कि.मी. |
| ६० | खार्वन, जिउला, कृषि सडक निर्माणाधीन नयाँ ट्र्याक खुल्दै | वडा नं. ४ | ६ कि.मी. |
| ६१ | करेन्जी, छापडाँडा सडक | वडा नं. ४ | ६ कि.मी (माग गरिएको) |
| ६२ | चिनाली, सल्लेरी सडक | वडा नं. ४ | ६ कि.मी (माग गरिएको) |
| ६३ | सागीनी तल्लो टोल बाट माथिल्लो टोल जाने सडक | वडा नं. ४ | २ कि.मी (माग गरिएको) |
| ६४ | माथिल्लो घडेरी हुदै बाघखोर सम्म सडक | वडा नं. ५ | १४ कि.मी. |
| ६५ | भैसिमारे, सिमखेत हुदै लामपोखारा जोड्ने सडक | वडा नं. ५ | ५ कि.मी. |
| ६६ | टिमुरखोला, राम्री, दह, हुदै छापडाँडा जोड्ने सडक | वडा नं. ५ | १५ कि.मी. |
| ६७ | उचाल्ने हुदै माझखर्क जोड्ने सडक | वडा नं. ५ | ४ कि.मी. |
| ६८ | शारदा नगरपालिका वडा न. ७ को तिलपोखरा हुदै राम्री जोड्ने बाटो | वडा नं. ५ | ३ कि.मी. |
| ६९ | गुईदे देखि बारमासे सागिने जोड्ने बाटो | वडा नं. ५ | १२ कि.मी. (माग गरिएको) |
| ७० | टिमुरखोला हुदै गतेखोला बयलडाडा जोड्ने मोटरबाटो | वडा नं. ५ | (माग गरिएको) |
| ७१ | दह तल्लो पिपलवोट हुदै जिउला जोड्ने मोटरबाटो | वडा नं. ५ | (माग गरिएको) |
| ७२ | दहनेटा हुदै दलितटोल मोटरबाटो | वडा नं. ५ | (माग गरिएको) |

श्रोतः आवधिक योजना सर्वेक्षण, २०८०

यस गाउँपालिकाको आर्थिक विकासको प्रमुख आधार उद्योग, व्यापार, व्यवसायको स्थापना, प्रवर्द्धन र विकास साथै कृषि तथा पशुपालनको व्यवसायिकिकरण तथा पर्यटनको विकास भएकाले सडक सञ्जाल नपुगेको टोल तथा बस्ति र औद्योगिक स्थलहरुमा यातायात पूर्वाधारको रुपमा सडक विस्तार गर्ने साथै ग्रामिण स्तरमा रहेका कृषि सडकहरुको स्तरोउन्नती गर्दै सवै खाले मौसममा यातायात तथा ढुवानीका साधन सञ्चालन हुन सक्ने बनाउने र वर्तमान माटोका सतह भएको कच्ची सडकलाई न्युनतम रुपमा ग्राभेल गर्ने साथै ग्राभेल गरिएका सडकलाई क्रमशः प्राथमिकताका आधारमा कालोपत्रे गर्ने गरी यस आवधिक विकास योजनाले सम्बोधन गर्न अनिवार्य देखिएको छ। यस पालिका भित्र रहेका सडकहरुको सतहका आधारमा उपलब्ध विवरण देहाय बमोजिम रहेको छन्।

चित्र नं. २.१३ सडक सञ्जालको वडागत विवरण




## २.४.३ विद्युत तथा वैकल्पिक उर्जा

सिद्ध कुमाख गाउँपालिकामा सतप्रतिशत घर परिवारमा विद्युत सेवाको पहुँच पुग्न सकेको देखिदैन। उद्योगको विकास र विस्तारका लागि आवश्यक विद्युत पूर्वाधारका साथै व्यापारिक क्षेत्र, कृषि क्षेत्र, सिंचाईको प्रबन्ध समेतका लागि अझै थप व्यवस्थापन गर्नु पर्ने अवस्था छ। जलश्रोत मार्फत प्राप्त गर्न सकिने उर्जाको प्रचुर सम्भावना रहेको जस्तो मुलुकमा इन्धन र उर्जाको रुपमा प्रयोग हुँदै आएको काठ दाउराको प्रयोगको अन्त्य गरी भविष्यमा मानवीय क्रियाकलापमा धेरै जसो आवश्यकता विद्युत बाटै व्यवस्थापन गर्न आवश्यक रहेको छ भने वैकल्पिक उर्जाको रुपमा सोलार र बायो ग्याँस प्लान्टको समेत सम्भावना रहेकाले यसको समेत व्यवस्थापन गर्न अनिवार्य देखिन्छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा बिजुलीको पहुँच भएका घरपरिवार करिव ३०.४० प्रतिशत, छन् भने सोलार प्रयोग गर्ने ६२.७४ प्रतिशत घरपरिवार रहेका छन् । यसका अतिरिक्त इन्धनको रुपमा विद्युतको प्रयोग गर्ने घरपरिवार देखिएको छैन। यस पालिका भित्र खाना पकाउने इन्धनको रुपमा दाउराको प्रयोग गर्ने घरपरिवार २७४३ गाईको गोबर बाट बनेको गुइठा प्रयोग गर्ने देखिएन र मट्टीतेल प्रयोग गर्ने घरपरिवार १५ रहेको छ। यस गाउँपालिका भित्र वैकल्पिक तथा नविकरणीय उर्जाको रुपमा १३९ घरपरिवारले LPG ग्याँसको प्रयोग गरेको अवस्था छ । तसर्थ यस गाउँपालिकाले यस आवधिक

योजना मार्फत विद्युत पहुँच नपुगेका घरपरिवारमा पहुँच विस्तार, उद्योग, व्यापार र व्यवसायका क्षेत्रमा क्षमता विस्तार साथै वैकल्पिक उर्जा व्यवस्थापन विशेष योजना तर्जुमा तयार गरी कार्यान्वयनमा ल्याउन आवश्यक देखिएको छ।

तालिका नं. २.३४ वडागत तहमा विद्युत पहुचको अवस्था

| उर्जाका श्रोत र अवस्था | वडा नं. | | | | | |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | जम्मा |
| इलेक्ट्रिसिटि | ५२१ | ७० | ३६३ | ५ | ६७ | १०२६ |
| सोलार | २०८ | ३६७ | २४१ | ५७३ | ४२९ | १८१८ |
| बायो ग्याँस | ० | ० | ० | ० | ० | ० |
| क्यरोसिन | २ | ३ | १ | १ | १ | ८ |
| अन्य | ११ | ९ | ३ | १४ | ९ | ४६ |
| जम्मा घरधुरी | ७४२ | ४४९ | ६०८ | ५९३ | ५०६ | २८९८ |

श्रोतः राष्ट्रिय जनगणना २०७८

तालिका नं. २.३५ वडागत तहमा खानापकाउने उर्जाको प्रयोगको अवस्था

| खाना पकाउने इन्धनका प्रकार | वडा नं. | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | |
| काठ दाउरा | ७२० | ४३१ | ५३८ | ५८७ | ४६७ | २७४३ |
| LPG ग्याँस, पेट्रोलियम | २२ | १८ | ६९ | ६ | २४ | १३९ |
| विद्युतीय उपकरण | ० | ० | ० | ० | ० | ० |
| गोबर को चिप्री | ० | ० | ० | ० | ० | ० |
| गोबर ग्याँस | ० | ० | ० | ० | ० | ० |
| क्यरोसिन | ० | ० | १ | ० | १४ | १५ |
| अन्य | ० | ० | ० | ० | १ | १ |
| जम्मा घरधुरी | ७४२ | ४४९ | ६०८ | ५९३ | ५०६ | २८९८ |

श्रोतः राष्ट्रिय जनगणना २०७८

### २.४.४ सूचना, सञ्चार तथा प्रविधि

सिद्ध कुमाख गाउँपालिकामा सूचना प्रविधिको पहुँच तिब्र गतिमा विस्तार र विकास भईरहेको अवस्था छ। केन्द्रीय तथ्याङ्क विभागले २०७८ को विवरणलाई आधार मानी तयार पारेको सल्यान जिल्लाका स्थानीय तहहरुको बस्तुगत विवरण २०७८ का आधारमा यस गाउँपालिकामा रेडियोको प्रयोग गर्ने १९९५ घरपरिवार, टेलिभिजन प्रयोग गर्ने ३३१, कम्पुटर/ल्यापटोप प्रयोग गर्ने ११५, इन्टरनेट प्रयोग कर्ता १३३८ साथै टेलिफोन प्रयोगकर्ता ६६ तथा मोबाईल प्रयोगकर्ता ४४१० कुनै पनि उपकरण नभएको ७९ घरपरिवार र कम्तिमा कुनै एक उपकरण भएको २८१९ घरपरिवार रहेको अवस्था देखिन्छ। यस १० वर्षको अवधिमा यो संख्यामा तिब्र गतिले विकास भई यस गाउँपालिकामा करिब ८० प्रतिशत जनसंख्या तथा घरपरिवारले नेट इन्टरनेटको सेवा सुविधा उपयोग गरिरहेको अनुमान गरिएको छ।

यसगाउँपालिकाको कार्यपालिका भवन र वडाकार्यालय भवनमा नेट इन्टरनेटको सेवा विस्तार भई सकेको अवस्था छ भने केहि विद्यालय साथै सार्वजनिक महत्वका स्थलहरुमा समेत पहुँच विस्तार अघि बढिरहेको छ। विद्यमान अवस्थामा नेपाल टेलिकम, ऐनसेल, नेपल टेलिभिजन, रेडियो नेपाल, कान्तिपुर समेतका विभिन्न एफ एम रेडियो लगायतका प्रयास सवै सञ्चालन स्रोत साधन र ऐनटिसि, वोल्ड लिङ्क, सुबिसु लगायतका संस्थाहरुबाट नेट इन्टरनेटको सेवा प्रवाह हुदै आएको छ। यस गाउँपालिकाले कार्यपालिका भवन लगायतका मातहतका संम्पूर्ण कार्यालयहरु, विभिन्न विद्यालय लगायतका संघ संस्थामा सूचना प्रविधिका पहुँच विस्तार गरेको, कार्यपालिकाका धेरै जसो काम सरसफाईको माध्यम बाट गरिएको, विद्यालय र स्वास्थ्य संस्थाहरुमा समेत विद्युतीय हाजिरीको व्यवस्था गरेको, सार्वजनिक खरिदकालागि विधुतीय दरभाउपत्र प्रणाली पूर्ण रुपले कार्यान्वयन गरेको, वएभसाइटर फेसबुक पेजमा दैनिक गतिविधि राखिने गरिएको, छिटो र सरल सूचना प्रवाहकालागि समुह ऐसएमऐस प्रणालीको अवलम्बन माध्यम बाट सञ्चालन गर्ने गरिएको साथै डिजिटल प्रोफाईल समेत तयार गरी कार्यान्वयन गरेको छ। सूचना प्रविधिको व्यवस्थापन र प्रयोगमा यो गाउँपालिकाले अग्रणी भूमिका निर्वाह गरिरहेको भएता पनि वर्तमान परिवेश बमोजिम अभाव तथा अपुग भएको यस प्रबिधि सँग सम्बन्धित विषय बस्तुलाई आवधिक योजना मार्फत गाउँपालिकाका सवै स्थानमा सूचना र संचारको सहज सेवा प्रवाहकालागि सम्बन्धित सेवा प्रदायक संस्था संगको समन्वय र सहकार्यमा विस्तार तथा व्यवस्थापन गर्न आवश्यक छ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

सिद्ध कुमाख गाउँपालिका भित्र ३७ वटा सामुदायिकवनको उपस्थिति रहेको तथा उल्लेखित वनजङ्गलका साथमा पाइने जैविक विविधताका आधारित विभिन्न प्रकारका जडिबुटी, चराचुरुंगी, वन्यजन्तु पाईने गरेको स्थानीयबासीको भनाइ रहेको छ। यस पालिकामा उपलब्ध वनजङ्गल तथा जैविक विविधताका विषयमा प्राकृतिक श्रोत र सम्पदा खण्डमा तालिका नं. २.३ उल्लेख गरिएको छ। यस क्षेत्रमा पाइने बन्य जन्तुको संरक्षण गर्न, वनक्षेत्र भित्र पाइने विभिन्न प्रकारका जडिबुटीको खोजि, संरक्षण र विकास गर्न, घाँस दाउराको नाममा हुने वन क्षेत्रको आनाधिकृत अतिक्रमण रोक्न, सामुदायिक वनजङ्गल भित्र पाइने साल, सल्ला, साज, बाँझ, कटुस, लालिगुराँस, काफल, उतिस, चिउरी, पैयु, कोइरालो, वोटधाइरो, दारुहल्दी, काउलो, गोकुलधुप, अमला, रिठा, पाखनवेद, बोझो काफलको बोक्रा लगायतका रुख विरुवाको संरक्षण र सार्थक रुपमा स्थानीयबासीको जीवनस्तरको सुधारमा प्रयोग योग्य बनाउन वनजङ्गलमा आधारित उद्योग व्यवसायको स्थापना र विकास गर्न, साथै वृक्षारोपणको कार्यलाई प्राथमिकताका साथ अघि बढाउदै विद्यमान जैविक विविधतालाई थप विकास गर्न, आवश्यक घेराबार, अग्नि नियन्त्रणको प्रवन्ध लगायतका विषयमा यस आवधिक योजना मार्फत संघीय तथा प्रदेश सरकार सँगको सहयोग र समन्वयमा स्थानीय उपभोक्ता र गाउँपालीकाको संयुक्त प्रयास र साझेदारी सञ्चालन व्यवस्थापन गर्ने गरी दिगो योजना तर्जुमा र कार्यान्वयन गर्न आवश्यक रहेको महशुस गरिएको छ।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

आवधिक सेवा योजना सर्वेक्षण, २०८० का आधारमा यस गाउँपालिका भित्र शारदा खोला, हमपाल खोला, सतिपोले खोला सागिनी खोला, बेद खोला गरी कुल ४६ वटा खोला तथा खोल्सिहरु रहेका छन्। उल्लेखित खोलाहरु गाउँपालिकाका अन्य वडाहरूबाट समेत बग्ने भएका कारण यिनको प्रभाव प्राय सवै वडामा पर्ने गरेको अवस्था छ। उल्लेखित खोलाहरु मध्ये केहि खोलाहरुमा पानीका वहाव नियमित हुने गरेको छ भने केहीमा वर्षमा वर्षातको समयमा मात्र वहाव आउने गरेको अवस्था छ। वर्षाको समयमा प्राय सवै खोलाहरुमा वर्षातमा समयमा आउने पानीले छेउछाउको जमिन कटान गरी उर्वर भूमिलाई क्षति पुर्याईरहेको छ भने केहि अवस्थित बस्तीहरु समेत असुरक्षित रहेको अवस्था छ। उल्लेखित खोला तथा खोल्सीहरुलाई प्राकृतिक देनको रुपमा स्वीकार गरी यिनको सहि व्यवस्थापन गर्न सकियो भने यिनिहरुबाट राम्रो प्रतिफल प्राप्त गर्न सकिन्छ। यस गाउँपालिकामा रहेका उल्लेखित खोला तथा खाल्सीमा विगत देखिनै सामान्य रुपमा तटबन्द लगाइदै आएको भएता पनि पूर्ण हुन सकेको छैन। यिनीहरुले वर्तमानमा पुर्याईरहेको क्षतिको अवस्था र भविष्यमा पुऱ्यानउन सक्ने सम्भावनालाई केन्द्रबिन्दुमा राखेर प्राथमिकता निर्धारण गरी उर्वर भूमिको संरक्षण र आर्थिक उपार्जनमा सहयोगी बन्न सक्ने गरी जलाधार व्यवस्थापन गर्न यस आवधिक योजनाले सम्बोधन गर्न आवश्यक रहेको छ।

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन

सिद्ध कुमाख गाउँपालिका भौगोलिक विविधताले भरिपुर्ण गाउँपालिका हो। यहाँको भौगोलिक बनावट अनुसार यस गाउँपालिका मौसम तथा जलवायुमा पनि विविधता पाइन्छ। यहाँको मौसम अथवा जलवायुलाई उष्णर शामशितोष्ण गरि दूई भागमा विभाजन गर्न सकिन्छ। गाउँपालिकामा खोलानाला, पोखरी तथा तालतलैयाहरु धेरै भएतापनि हिउँद र बिशेष गरि बर्षात हुनुभन्दा पुर्व गर्मि महिनामा अधिकांश खोलानाला, पोखरी तथा तालहरु सुख्खा हुने गर्दछन। यस गाउँपालिकाको औषत आधिक्तम तापक्रम ३१ डिग्री सेल्सीयस सम्म पुग्ने गरेको छ भने औषत न्युनतम तापक्रम ३ गिग्री सेल्सीयस छ। गाउँपालिकामा ग्रिष्म ऋतु, गर्मी र हिउँदमा सामान्य जाडो महसुस हुन्छ। बंगालको खाडीबाट चल्ने मनसुनी वायुबाट यहाँ वर्षा हुने गर्दछ, जुन असार महिनाबाट सुरु भै भदौ महिनासम्म सक्रिय रहन्छ। हिउँदमा भने पश्चिमी मनसुनी हावाबाट फाटफुट पानि पर्ने गर्दछ।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

गएका झन्डै २ वर्ष विश्वनै कोभिड १९ को महामारीको चपेटमा पर्यो। यस परिवेश बाट सिद्ध कुमाख गाउँपालिका पनि अछुतो रहन सकेन। यसका अतिरिक्त यदाकदा देखिने आउँ, ज्वरो लगायतका विषय बाहेक खासै महामारीको अवस्था यस गाउँपालिकामा रहेको छैन।आगलागीबाट हुने क्षतिबाट प्रारम्भिक रुपमै नियन्त्रित गर्न गाउँपालिकाका कार्यालय, वडा कार्यालयहरुका साथै गाउँपालिकाको हकमा पालिका क्षेत्रमा दमकलको प्रयोग गर्ने, भूकम्प प्रतिरोधक भवन निर्माणमा संलग्न दक्ष/अदक्ष निर्माणकर्मिलाई तालिम दिने, विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन समिति मार्फत गाउँपालिका स्तरीय विपद् प्रतिकार्य योजनाको निर्माण गर्ने, बाढी प्रभावित क्षेत्रका जनताहरुको तत्काल उद्धार गर्नका लागि लाइफ ज्याकेट, डोरी नाउ आदि खरिद गरी सुरक्षा निकाय तथा जिल्ला दैबी प्रकोप उद्दार समिति सँग समन्वय गरी तयारी अवस्थामा रहने,

गाउँपालिकामा विपद् व्यवस्थापन कोषको व्यवस्थापन गर्ने, विपद व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्ने, नदि कटान र भू-क्षयको खतरा हुने स्थानको पहिचान गरी ढुङ्गा, बालुवा र गिट्टी लगायत उत्खनन गर्ने कार्यमा बन्देज लगाउने, जलाधार क्षेत्रमा पानीको वहावलाई न्यूनीकरण गर्न सम्बन्धीत विज्ञहरुको परामर्शमा जलाधार क्षेत्रको संरक्षण एवम् व्यवस्थापन कार्ययोजना निर्माण गर्ने, गाउँपालिका भित्र रहेको बाढी प्रभावित क्षेत्रहरुमा खोलाको दुवै तर्फ निश्चित क्षेत्र तोकी खनजोत गर्न निषेध गर्ने, बाढी प्रभावित क्षेत्रमा पुर्व सूचना प्रणालीको विकास वा अन्य उपयुक्त र आवश्यक सामग्रीहरुको व्यवस्था मिलाउने लगायत खोला बाढीको कटान पहिरो लाई नियन्त्रण तथा रोकथाम गर्न उपयुक्त व्यवस्था मिलाउने नीतिगत निर्णय समेत गरी अति जोखिम रहेको तथा प्रभावित क्षेत्र विपद् व्यवस्थापनको कार्य केहि हद सम्म हुँदै आएको छ। तथापी विपद् जोखिम न्यूनीकरण र विपद् व्यवस्थापनकालागि विपद व्यवस्थापन कोषलाई अझ प्रभावकारी बनाउदै सम्भावित जोखिम युक्त क्षेत्रको विवरण अध्यावधिक गर्ने, विपद् जोखिम न्यूनीकरण गरुयोजना तर्जुमा गर्ने र सोहि गुरुयोजना बमोजिम भावी कार्यक्रम कार्यान्वियन गर्ने तर्फ यस आवधिक योजना मार्फत अम्बोधन हुन अनिवार्य देखिएको छ।

### २.६ सुशासन तथा संस्थागत व्यवस्थापन

संविधान, स्थानीय सरकार सञ्चालन ऐन, प्रचलित ऐन कानून, दिगो विकास लक्ष्य र पन्ध्रौ योजनाले अघि सारेका विकास लक्ष्य पुरा गर्न स्थानीय सरकारको हैसियतमा सिद्ध कुमाख गाउँपालिकाले सुशासन तथा संस्थागत व्यवस्था अन्तर्गत संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, सार्वजनिक सुनुवाई बाट नागरिक संतुस्टि सर्वेक्षण तथा सामाजिक उत्तरदायित्व, आन्तरिक र अन्तिम लेखा परिक्षण, सेवा प्रवाह, सूचना प्रविधिको प्रयोग, अन्तर निकाय समन्वय, वार्षिक समिक्षा आदिका क्षेत्रमा योजनावद्ध रुपमा क्रियाशिल हुन र सार्थक व्यवस्थापन गर्न अनिवार्य छ। यहाँ उल्लेख गरिएको विषय बस्तु मध्ये केहि विषयबस्तु सम्बन्धित विषय शिर्षक अन्तर्गत समेटिएकाले देहाय बमोजिमका विषयहरु यहाँ उल्लेख गरिएको छ।

#### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

##### २.६.१.१ स्थानीय नीति

सिद्ध कुमाख गाउँपालिकाले पुनसंरचना ग्रहण गरेको प्रारम्भ बाटै नेपालको संविधानमा भएका अनुसूची-८ समेतका व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएका साथै र जनप्रतिनिधिलाई प्राप्त अधिकार, राष्ट्रिय योजना, दिगो विकासका लक्ष्यहरु, अर्थ मन्त्रालयबाट प्राप्त मार्ग निर्देशन, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट जारी भएका परिपत्रहरू, गाउँपालिका बाट गठित विभिन्न विषयगत समिति र राजश्व परामर्श समिति, सम्पूर्ण वडा समिति, बजेट, नीति तथा कार्यक्रम तर्जुमा समिति समेत बाट प्राप्त सुझाव हरुलाई समेटेर आफ्नो नीति तथा कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गर्दै आएको छ। स्थानियबासि आम नागरिकहरुको विकासप्रतिको उच्च आकाङ्क्षालाई सुशासनको माध्यम बाट न्यायोचित रुपमा सम्बोधन गर्नकालागी गाउँपालिकाको दिगो विकास र समृद्धिका लागि राष्ट्रियता, लोकतन्त्र र कानूनी शासनलाई आत्मसात गर्दै शान्ति र स्थिरता कायम गर्न जनताद्वारा, जनताका लागि जनताको शासन भन्ने मुल सिद्धान्त लाई आत्मासात गर्दै सिद्ध कुमाख गाउँपालिकाको विकास र समृद्धिलाई यथार्थतामा परिणत गर्ने उद्देश्यका साथ आ.व. २०८०/०८१ का लागि आफ्ना नीति तथा कार्यक्रम तर्जुमा गरेको अवस्था छ। उक्त नीति तथा कार्यक्रमहरुको भावार्थ संक्षेपमा देहाय बमोजिम रहेको छ।

नीति तथा कार्यक्रमका उद्देश्यहरु

- सेवा प्राप्तिमा सर्वसुलभता, छिटो र गुणस्तरीयता कायम गर्ने
- गाउँपालिकाप्रति आम नागरिकहरुको आस्थालाई वृद्धि गर्ने
- सिद्ध कुमाखबासि नागरिकहरुको आर्थिक तथा सामाजिक क्षेत्रमा सुधार गर्ने
- भौतिक पूर्वाधारको विकास गर्नुका साथै मानवीय संशाधनको समुचित परिचालन र विकास गर्ने
- सामाजिक न्याय सहितको समतामुलक समाज निर्माण गर्ने
- तिब्र गतिमा विकास र विस्तार हुँदै गरेको व्यापार र व्यवसाय क्षेत्रको थप विकास र विस्तारका साथमा कृषि क्षेत्रलाई रुपान्तरण सहितको आधुनीकिकरण, विविधिकरण, बजारीकरण र व्यवसायीकरण मार्फत आय तथा स्वरोजगारमुलक बनाउने
- लक्षित वर्गको सशक्तिकरण गर्ने

उद्देश्य पुरा गर्न आ.व. ०८०/०८१ का प्राथमिकताहरु

- सिद्ध कुमाख गाउँपालिकाले दिगो विकास लक्ष्य र पद्धौं योजना समेतले अघि सरेका विकास लक्ष्य समेत पुरा गर्दै जाने गरी दायरा बमोजिमका कार्यक्रमका प्राथमिकता निर्धारण गरेको र सोहि बमोजिम आफ्ना वार्षीक योजना तथा कार्यक्रमहरु तर्जुमा गरेको अवस्था छ।
- कृषि, पशुपालन, पर्यटन प्रवर्द्धन तथा कृषिको व्यवसायिकरण गर्ने
- कोभिड १९ महामारीलाई मध्यनजर गर्दै स्वास्थ्य सेवा प्रभावकारी एवंम् सर्वशुलभ बनाउने
- सडक पूर्वाधार निर्माण र स्तरोउन्नतीमा जोड़ दिने साथै यसका माध्यम बाट उद्योग, व्यापार र व्यवस्थापन क्षेत्रमा उल्लेख योगदान पुऱ्याउने
- पर्यटकीय गन्तव्यहरुको उजागर गरी आर्थिक उपार्जन सँग पर्यटन क्षेत्रलाई एकिकृत (tie up) गर्ने
- शिक्षाको गुणस्तरमा सुधार सहित वैकल्पिक विधिहरुको अवलम्बन गर्ने
- रोजगारीको अवसरमा वृद्धि गर्ने
- सामाजिक सुरक्षा भत्ता वितरणमा व्यवस्थित र सहजता ल्याउने
- संस्थागत क्षमतामा वृद्धि गर्ने
- वन तथा वातावरणको संरक्षण गर्ने
- सुशासनमा जोड़ दिने
- सेवा प्रवाहमा प्रभावकारिता ल्याउने

### २.६.१.२ स्थानीय ऐन कानूनहरु

संविधानत नेपालमा राज्य शक्तिको बाँडफाँड संघ, प्रदेश र स्थानीय तह गरी तिन तहमा विभक्त रहेको अवस्था छ। संविधानको धारा ५७ मा स्थानीय तहको अधिकार अनुसूची-८ उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँपालिकाको हकमा गाउँ सभाले बनेको कानून बमोजिम हुनेछ। यसरी गाउँ सभाले कानून बनाउदा संघीय तथा प्रदेश कानूनसँग नबाझिने गरी बनाउनु पर्नेछ र गाउँ सभाले बनेको त्यस्तो कानून संघीय तथा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ भनी स्पष्ट व्यवस्था रहेको छ। यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ५ को दफा २०,२१, र २२ मा स्थानीय तहले स्थानीय सरकारको हैसियतमा स्थानीय आवश्यकता बमोजिम आफ्ना अधिकारका क्षेत्रहरुलाई व्यवस्थित रुपमा सञ्चालन व्यवस्थापन गर्न स्थानीय कानूनको निर्माण गर्नु पर्ने र

उक्तकानून निर्माण गर्न गरिनु पर्ने प्रक्रिया र पद्धति समेतको व्यवस्था गरेको छ। यस प्रकारको संवैधानिक तथा कानूनी आधारमा रहेर प्राप्त अधिकारलाई स्थानीय बासीको आवश्यकता र अपेक्षा पुरा गर्ने गरी आर्थीक विनियोजन ऐन, आर्थिक ऐन, न्यायिक समितिको (कार्यविधि सम्बन्धि) ऐन, करारमा प्राविधिक जनशक्ति नियुक्ति गर्ने कार्यविधि लगायतको ११ वटा ऐन कानुन, ३१ वटा कार्यविधि मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिरेहेको छ।

उल्लेखित विवरणको अध्ययन गर्दा स्थानीय सरकारको हैसियतमा यस गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन बमोजिमका जिम्मेवारी निर्वाह गर्न, सुशासनलाई थप प्रभावकारी बनाउन र सवै कार्यहरुलाई बिधि सम्मत कार्यान्वयनमा ल्याउन अझ थप स्थानीय ऐन र कानूनहरुको निर्माण गर्नु पर्ने अवस्था देखिएकोले यस आवधिक योजना मार्फत अति आवश्यक ऐन कानूनको निर्माणकालागि योजनाबद्ध कार्यको थालनी गर्ने वातावरण सिर्जना गर्न आवश्यक देखिएको छ।

### २.६.२ संगठनात्मक विकास

संगठन विकास तथा व्यवस्थापन कुनै पनि संघ, संस्था, निकाय तथा कार्यालयको सुशासन तथा संस्थागत विकास र व्यवस्थापनको आधार संरचना हो। बिकास निर्माण, सेवा प्रवाह र प्रशासनिक क्षेत्रका दैनिक कार्य जिम्मेवारीहरु सम्पादन तथा व्यवस्थापन हुदै आएको अवस्था छ। कुल कर्मचारीहरुमा प्रमुख प्रशासकीय अधिकृत सहित विगतमा गाउँपालिका तथा गा.वि.स. मा कार्यरत रहेका र विभिन्न कार्यालय बाट समायोजन भइ आएका साथै अत्यावश्यक सेवा अन्तर्गत कानूनको परिधि भित्र रही करारमा नियुक्ति गरी विकास निर्माण र सेवा प्रवाहका कार्यहरु सञ्चालन व्यवस्थापन हुँदै आएका छन्। स्थानीय सरकारको हैसियतमा यस गाउँपालिकाले आफना दैनिक जिम्मेवारि हरुलाई सुशासनको माध्यम बाट सञ्चालन, व्यवस्थापन गर्न वर्तमानमा आवश्यक पर्ने साथै कर्मचारीको प्रवृतिमा विकास र स्थायीत्वका लागि संगठन विकास तथा व्यवस्थापन सर्वेक्षणको आवश्यकता महसुस गरी सो बमोजिमका कार्य सम्पन्न गरिसकेको अवस्था छ। वर्तमानमा कार्यरत कर्मचारी तथा जनशक्तिले मात्र यस पालिकाको विकास निर्माण र सेवा प्रवाहको जिम्मेवारी स्थानीय आवश्यकता बमोजिम पुरा गर्न केहि समस्या रहेको कारण संगठन तथा व्यवस्थापन सर्वेक्षण मार्फत प्राप्त प्रतिवेदनका आधारमा थप जनशक्तिको व्यवस्थापन गर्नुपर्ने आवश्यकता देखिएको छ भने करारमा रहेका कर्मचारीको वित्तियविकासको सुनिश्चित गर्न अनिवार्य छ।

| तालिका नं. २.३६ कार्यरत कर्मचारीका तहगत विवरण | | |
|---|---|---|
| १ | अधिकृत स्तर सातौं तहमा | १ |
| २ | अधिकृत स्तर छैठौं तहमा | ६ |
| ३ | सहायक स्तर पाँचौंमा | १५ |
| ४ | सहायक स्तर चौथोमा | २६ |
| ५ | सहायक स्तर तेश्रोमा | ० |
| ६ | श्रेणी विहिन | १५ |
| जम्मा | | ६३ |

स्रोतः सिद्ध कुमाख गाउँपालिका, संगठन तथा व्यवस्थापन सर्वेक्षण, २०८०

चित्र नं. २.१४ सेवाको प्रकृति अनुसार कार्यरत कर्मचारीको विवरण




चित्र नं.२.१५ वर्तमान कार्यरत कर्मचारीको तहगत विवरण




### २.६.३ श्रोत परिचालन

सिद्ध कुमाख गाउँपालिकाले आफुमातहत रहेको मानवीय श्रोतलाई संगठन विकास तथा व्यवस्थापन सर्वेक्षणले निर्धारण गरेको कार्य विवरणका आधारमा परिचालन गर्दै आएको छ भने संघीय तथा प्रदेश सरकार बाट प्राप्त हुने वित्तीय हस्तान्तरन, सशर्त वा विशेश अनुदान वापद प्राप्त हुने साथै विभिन्न विकास साझेदारहरुबाट र

आन्तरिक आय बाट प्राप्त हुने वित्तीय श्रोतलाई ऐन कानूनको परिधि भित्र रही विनियोजन ऐन मार्फत चालु खर्च र पुँजीगत खर्च (लगानी) अन्तर्गत परिचालन गर्दै आएको अवस्था छ। आ.व. २०७९/०८० मा यस पालिकाले प्राप्त गर्न सक्ने अनुमान गरिएको वित्तीय श्रोत लाई चालु खर्च अन्तर्गत कर्मचारी/जनप्रतिनिधिको सेवा सुबिधा, कार्यालय सञ्चालन खर्च र पुँजीगत लगानी अन्तर्गत भौतिक पूर्वाधार निर्माण विकास, आर्थिक विकास, वातावरण विकास, सामजिक विकास, वित्तीय व्यवस्थापन साथै संस्थागत विकास र व्यवस्थापन क्षेत्रमा परिचालन गरिदै आएको अवस्था छ।

### २.६.४ योजना व्यवस्थापन

संविधान तथा स्थानीय सरकार सञ्चालनऐन मार्फत स्थानीय तहहरुलाई प्राप्त विकास निर्माण र सेवा प्रवाह सम्बन्धिका जिम्मेवारी व्यवस्थापन गर्न सिद्ध कुमाख गाउँपालिकामा १२ शाखा, ३ इकाई र १ केन्द्र रहेका छन् भने ५ वटा वडा समितिका कार्यालयहरु रहेका छन् ।यस गाउँपालिकामा प्रमुख प्रसासकीय अधिकृत सातौं तहमा १ जना, अधिकृत स्तर छैठौं तहमा ६ जना, सहायक स्तर पाँचौ १५ जना, सहायक स्तर चौथोमा २६ जना र श्रेणी विहिन १५ जना गरीकुल ६३ जना कर्मचारी (जसमध्ये ३६ जना करारमा कार्यरत रहेको देखिन्छ) बाट बिकास निर्माण, सेवा प्रवाह र प्रशासनिक क्षेत्रका दैनिक कार्य जिम्मेवारीहरु सम्पादन तथा व्यवस्थापन हुँदै आएको अवस्था छ। योजनाको तर्जुमा समिति मार्फत पेश भएका विषयगत तथा क्षेत्रगत योजनाहरु क्रमश गाउँ कार्यपालिका हुदै गाउँ सभा बाट पारित भए पछी कार्यान्वयनमा आउने गरेको अवस्था छ। सवै शाखाहरुलाई निर्धारण गरिएको कार्य विवरणका आधारमा विषयगत शाखा अन्तर्गतका योजनाहरु सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी मुख्य गरी सम्बन्धित शाखाको रहेको छ। गाउँ सभा बाट स्वीकृत भएका योजना, आयोजना तथा परियोजनाहरुको वास्तविक लागत तयार पारी वार्षिक खरिद योजना बमोजिम सम्बन्धित शाखा प्रमुखले प्रस्ताव तयार पारी प्रमुख प्रशासकीय अधिकृतबाट कार्यान्वयनकालागि स्वीकृत भएपछि निम्नानुसार कार्यान्यनमा जाने व्यवस्था रहेको छ। गाउँ सभा बाट पारित वा स्वीकृत भएका विषयगत योजनाहरु मध्ये सवै विषयगत भौतिक पूर्वाधारका योजनाको हकमा योजना शाखा र पूर्वाधार विकास तथा प्राविधिक शाखाको जिम्मेवारी रहने व्यवस्था रहेको छ। निर्माण व्यवसायी, उपभोक्ता समिति वा परामर्शदाता सँग भएको निर्माण सञ्चालन तथा व्यवस्थापन सम्झौता बमोजिम कार्यान्वयनमा गएका योजनाहरुको गुणस्तर कायम राख्न पालिकाको हकमा उपप्रमुखको अध्यक्षतामा गठित अनुगमन समिति मार्फत अनुगमन गर्ने तथा वडाको हकमा वडा अध्यक्षको संयोजकत्वका गठित अनुगमन समितिले अनुगमन गरी यथार्थ विवरणका आधारमा पेश भएको प्रतिवेदनका आधारमा निर्माण प्रगति गुणस्तर सुधार वा योजना सम्पन्न पछी फरकफरक हुने व्यवस्था रहेको छ। तसर्थ वर्तमानको आवश्यकता बमोजिम संगठन विकास तथा व्यवस्थापन सर्वेक्षण मार्फत प्राप्त प्रतिवेदन बमोजिम थप व्यवस्थापन गर्ने तर्फ आवधिक योजना परिलक्षित गर्नु पर्ने आवश्यकता देखिएको छ।


योजनाको तर्जुमा (समिति)
योजनाको स्वीकृति (पालिका सभा)
प्रमुख प्रशासकीय अधिकृत लाई खर्च तथा योजना कार्यान्वयन अख्तियारी (गा.पा. प्रमुख)
योजनाको लागत तयारी (सम्बन्धि शाखा प्रमुख)
योजनाको लागत स्वीकृति (प्रमुख प्रशासकीय अधिकृत)
योजना कार्यान्वयनको प्रक्रिया र व्यवस्थापन (सम्बन्धि
योजना कार्यान्वयन तालिका तर्जुमा, कार्यान्वयन र अनुगमन (योजना शाखा)
योजना सन्चालन (सम्बन्धित निर्माण व्यवसायी, उपभोक्ता समिति
योजना फरकफरक (आ.ले.प. सम्बन्धित शाखा प्रमुख, प्रमुख
योजनाको अनुमान (अनुगमन समिति)

## परिच्छेद ३ (तिन)
## सोच तथा विकासको अवधारणा

### ३.१ पृष्ठभूमि

कुनै पनि देश, भूगोल वा क्षेत्रको दिगो विकासको आधारमा पुग्ने वा प्राप्त गर्ने स्वरूप वा प्रतिफल सँग सम्बन्धित रहन्छ। सिद्ध कुमाख गाउँपालिकाको हकमा समेत आवधिक योजना तर्जुमाको सन्दर्भमा दिर्घकालिन सोच निर्माण एक अनिवार्य शर्त हो। दीर्घकालिन सोचले भविष्य वा दीर्घकालिन हासिल गर्न चाहेको सम्बन्धित स्थान वा क्षेत्रको विकासको आदर्श अवस्थाको परिकल्पना गर्दछ। सिद्ध कुमाख गाउँपालिका आफ्नो स्थापनाकाल बाटै दिगो विकासको माध्यमबाट एक समृद्ध र व्यवस्थित गाउँको रुपमा निर्माण विकास गरी मानव बसोबासकालागि सुविधा सम्पन्न शहरको रुपमा विकास गर्न क्रियाशिल रहेको छ। सिद्ध कुमाख गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सम्भावना र अवसरहरुको पहिचान गरी तिनीहरुको प्राथमिकता क्रमका आधारमा दीर्घकालिन सोच निर्माण गरेको छ। यस पालिकाले आगामी २० वर्ष भित्र के कस्ता प्रगति हासिल गरी आफ्नो भौगोलिक स्वरुपलाई शहरी सजावट सहितको आकार दिन सकिन्छ र यस सजावट बाट स्थानीयबासीको जीवनस्तरमा के के परिवर्तन तथा विकास हुन सक्छ भन्ने विषयगत परिमाणात्मक लक्ष्य सहितको आवधिक योजना तयार गरेको छ। यस गाउँपालिकाले २०८१/०१/१० गते सम्म संचालित दिर्घकालिन सोच निर्माण तथा योजना प्राथमिकिकरण कार्यशाला गोष्ठी मार्फत पालिकामा रहेका विद्यामान समस्या, चुनौती, सम्भावना र अवसरहरुलाई केन्द्रबिन्दुमा राखेर देहाय बमोजिम विकास सम्भावनाका प्राथमिकता प्राप्त विषयगत क्षेत्र निर्धारण गरी दीर्घकालिन सोच निर्माण गरेको छ।

विकास सम्भावनाका प्रमुख आधार क्षेत्रहरु

- शिक्षा
- स्वास्थ्य
- भौतिक पूर्वाधार
- विद्युतीकरण, यातायात (सडक), खानेपानी पूर्वाधार
- कृषि तथा पशुपालन
- पर्यटन
- उद्योग तथा औद्योगिक विकास
- संस्कृति, सम्पदा, ललितकला
- वनजङ्गल

### ३.२ प्रमुख समस्या तथा चुनौती

संघीयताको कार्यान्वयन सँगै सिद्ध कुमाख गाउँपालिका पुन संरचित भएको करिब ७ वर्ष व्यतित हुन लागेको अवस्था छ। यस गाउँपालिकालाई संविधान र स्थानीय सरकार सञ्चालन ऐन मार्फत अधिकारहरुको पूर्ण कार्यान्वनयको माध्यम बाट स्थानीयबासीको वर्तमान जीवनस्तरमा सुधार गरी समृद्धि निर्माणको हिसावले अग्रणी गाउँपालीकाको रुपमा विकास र व्यवस्थापन गर्न विद्यमान समस्या तथा चुनौती लाई तहगत रुपमा व्यवस्थापन गरी अघि बढ्न अनिवार्य रहेको अवस्था छ। यस गाउँपालिकाको वर्तमान अवस्थाका बारेमा विभिन्न स्थानीय सरोकारवालाहरु, कार्यशाला गोष्ठीका सहभागीताहरु सँगको अन्तरक्रिया तथा उपलब्ध तथ्याङ्क

र विवरणका आधारमा समग्र रुपमा देहाय बमोजिमका समस्या तथा चुनौतिहरु रहेको र तिनको सहज समाधान तर्फ यो आवधिक योजना लक्षित हुनु पर्ने अवस्था देखिएको छ।

| क्र.सं. | विषयगत क्षेत्र | समस्या/चुनौतीहरु |
|---|---|---|
| ३.२.१ | नागरिक सहभागिता | • गाउँपालिकाको सामाजिक आर्थिक रुपान्तरण गर्न गाउँपालिकाबासीको सार्थक सहभागिता न्यून<br>• लक्ष्य र शिपयुक्त जनशक्ति उचित उपयोगमा कमि र श्रम शक्ति युक्त प्रतिभा पलायन<br>• पूर्वाधारहरुको नयाँ स्थिति र परिवर्तन अनुसार गाउँपालिकाको भौतिक विकासको अवधारणामा परिवर्तन ल्याउन अझै थप प्रयासको खाँचो |
| ३.२.२ | जनसंख्या | • केन्द्रीय तथ्याङ्क विभागले भर्खरै सार्वजनिक गरेको जनगणना, २०७८ को अन्तिम प्रतिवेदनका आधारमा महिला ६८६९ रहेका छन् भने ६२५८ पुरुष गरी सिद्ध कुमाख गाउँपालिकाको कुल जनसंख्या १३१२७ रहेको छ। २०७८ को राष्ट्रिय जनगणना अनुसार यस पालिकाको वृद्धिदर -०.३३ ले घटदो क्रममा रहेको छ। सिद्ध कुमाख गाउँपालिकाको वार्षिक जन्मदर ०.९७ प्रतिशत रहेको छ।<br>• जनसंख्याको बनावटमा झन्डै दुई तिहाई अंश बालक र जेष्ठ नागरिकहरुले ओगटेको हुँदा शिक्षा, स्वास्थ्य, रोजगारी र युवा विकासको क्षेत्रमा थप प्रयासको आवश्यकता |
| ३.२.३ | भौतिक योजना तथा विकास | • दिगो विकासमा आधारित योजनाको अभाव<br>• गाउँपालिका विकासका लागि नयाँ सोच विकासको आवश्यकता<br>• आर्थिक समृद्धि निर्माणमा प्रत्येक्ष योगदान पुऱ्याउने पूर्वाधारहरुको कमी<br>१. सडक<br>• सडक गुरुयोजनाको निर्माण तथा कार्यान्वयन<br>• कालो पत्रे सडकको न्यूनता, पक्कि मोटरेवल पुल तथा कलभर्ट हरुको थप निर्माण विकासको आवश्यकता<br>• वर्तमानमा निर्मित पूर्वाधारहरुको मर्मत सम्भारको संयन्त्र सहितको दिगो व्यवस्थापन<br>• यर्थात फरक, मापदण्डको अभाव<br>२. ढल तथा सतह नाला<br>• गुरुयोजनाको अभाव<br>• तत्कालिन स्थानीय समस्या हल गर्ने कार्यमा मात्र जोड़<br>• निर्मित पूर्वाधारको नियमित मर्मत सम्भारको अभाव<br>• गाउँपालिकाको केहि भू-भाग बाढी तथा पहिरो बाट प्रभावित |

| | | |
|---|---|---|
| | | • Sewage र फोहोर पनि प्रसोधन केन्द्रको अभाव<br>३. खानेपानी<br>• शुद्ध र सुरक्षित खानेपानीको अपर्याप्तता<br>• वितरण लाइनको अभाव<br>• खानेपानिको मुख्य स्रोत संरक्षणको अभाव<br>• पानी भण्डारण ट्याङ्कीहरुको अपर्याप्तता<br>• नियमित मर्मत संभारको अभाव<br>• नियमित पानीको गुणस्तरमा परिक्षण हुने नगरेको<br>• विभिन्न NGO/INGO हरुसँगको समन्वयमा कमी<br>४. विद्युत<br>• अपर्याप्त आपूर्ति र सिमित सडक बत्ति<br>• नयाँ क्षेत्रमा लाइन विस्तारको समस्या<br>• अनियमित आपूर्ति<br>५. दुर सञ्चार<br>• प्रिपेड मोबाइलको माग बढी<br>• लेन लाइन विस्तारको समस्या<br>• सार्वजनिक टेलिफोनबुथहरुको अपर्याप्त<br>• टेलिफोने टावरको कमी<br>६.गाउँपालिकाको वातावरण<br>• आयात निर्यात केन्द्रहरुको अभाव तथा विद्यामान बजार केन्द्रहरु अव्यवस्थित<br>• बजार लगायतका सार्वजनिक क्षेत्रहरुमा हरित र मनोरंजन साथै खुला क्षेत्रको कमी तथा भएकाहरुको संरक्षण र सम्बर्द्धनमा कमी<br>• जलवायु तथा ध्वनि प्रदुषणको प्रचुरता<br>• फोहोरमैला प्रसोधन केन्द्र तथा ल्याण्डफिल साइड सहितको दिगो फोहोर मैला व्यवस्थापन हुन नसकेको<br>• फोहोर व्यवस्थापन गर्ने वैकल्पिक उपायहरुको कमी<br>• विभिन्न NGO/INGO हरुसँगको समन्वयमा कमी<br>७. यातायात तथा ढुवानीका साधनहरुको सही पार्किङ्ग स्थलको अपर्याप्तता साथै यातायात व्यवस्था ऐन तथा कार्यविधिको अभाव<br>८. पूर्वाधारयुक्त खेलमैदानको अभाव |
| ३.२.४ | सामाजिक पूर्वाधार तथा सेवा | १. मानव संसाधन विकास<br>• गणनायोग्य संख्यामा बालबालिका विद्यालय बाहिर रहनु<br>• सामुदायिक विद्यालयहरुमा विद्यालय छाड्ने दर (Ddropout rate) अत्याधिक हुनु साथै तहको वृद्धि सँगै (Dropout rate) बढ्दै जानु<br>• सञ्चालनमा रहिरहेका समुदायिक विद्यालयहरुमा बालमैत्री पूर्वाधार |

| | | |
|---|---|---|
| | | तथा भौतिक सुविधाहरुको अपर्याप्तता<br>• शिक्षित महिलाहरुको संख्यामा प्रयास वृद्धि हुन नसक्नु साथै सिप तथा क्षमता विकास तालिमको अभाव रहनु<br>• महिलाहरुलाई रोजगारी दिन हिच्किचाउने पुरातनवादी संस्कार यथावत रहनु<br>• महिलाले घरको मात्र कम गर्न सक्छन, घर बाहिर काम गर्नु हुदैन भन्ने प्रचलनमा खासै परिवर्तन आउन नसकेको<br>• २. सामाजिक सुरक्षा<br>• दक्ष र विशेषज्ञ चिकित्सक सहितको सुविधा युक्त अस्पतालको थप आवश्यकता<br>• बालबालिका तथा महिलाको स्वास्थ्य प्रजनन् स्वास्थ्यमा सुधार, सरुवा रोग (औलो, कालाजर,अन्य रोग, HIV आदि) नियन्त्रणमा थप प्रयासको आवश्यकता<br>• खाद्य गुणस्तर नियन्त्रण हुन नसकेको<br>• आपतकालीन तथा प्राकृतिक प्रकोप न्यूनिकरणकालागि दिगो योजनाको अभाव<br>• महिला, असक्त, असहाय, विधवा तथा जेष्ट नागरिक संरक्षण तथा सुरक्षाकालागि दिगो योजनाको अभाव<br>• गरिवी निवारण र सामुदायिक विकास, तथा लक्षित समूह समावेशीकरण र शसक्तिकरणका लागि थप प्रयासको खाँचो<br>• शहरी तथा ग्रामिण गरिवी (Urban and Rural Poverty) को मात्रा सोचे अनुरुप घट्न नसक्नु<br>• गाउँपालिकामा योजना बद्ध रुपमा रोजगारी श्रीजना क्षेत्रमा थप कार्यक्रमको आवश्यकता<br>• विशेष गरी दलित जनजाति मधेसी समुदाय तथा अन्य विभिन्न क्षमता भएका नागरिकहरुको पहुँचमा अभिवृद्धि गर्ने दिर्घकालिन योजना र कार्यक्रमको अभाव रहेको<br>• समाज तथा परिवारमा महिला विरोधी आर्थिक राजनैतिक र सांस्कृतिक संरचना र मान्यता कायम रहिरहेको<br>• महिला असमानता न्यून गर्न चेतना, सूचना र आय आर्जनको बृहत प्याकेज कार्यक्रम जरुरि रहेको<br>• सूचना, चेतना, आयआर्जन र सहभागिता सम्बन्धी विशेष कार्यक्रम सञ्चालन हुन नसकेको |
| ३.२.५ | आर्थिक तथा रोजगारी स्थिति (Rural and Urban | १. श्रमशक्ति र रोजगार<br>• निम्न आय भएका तथा शिप र क्षमता कम भएका मानिसहरु श्रमिकको रुपमा निर्माण, उद्योग तथा व्यापार र कृषिमा सम्लग्न |

| | | |
|---|---|---|
| | Economy) | • शिप र क्षमता सहितका स्तरीय जनशक्ति वैदेशिक रोजगारीका लागि विदेश पलायन भएका तथा रहेका जनशक्तिको उचित उपयोग हुन नसकेको<br>• स्वरोजागरमुलक व्यवसायिक तालिमको कमी<br>२. व्यवसायिक, औद्योगिक तथा व्यापारिक क्षेत्र<br>• कृषि तथा पशुपन्छीपालनको व्यवसायिकिकरणमा थप प्रयासको खाँचो साथै निकासी योग्य कृषि तथा पशुपन्छी बाली उत्पादनमा कमी<br>• कृषि कार्यकालागि आवश्यक मल तथा सिचाइको अपर्याप्तता<br>• पशुपन्छी बालि उत्पादनकालागि आवश्यक आहार र चरन क्षेत्रको न्युनता<br>• खाद्य भण्डारण तथा चिस्यान केन्द्रहरुको अभाव<br>• गाउँपालिका क्षेत्र भित्रका प्राकृतिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदानको संरक्षण, सम्बर्द्धन विस्तार हुन नसक्नु<br>• व्यवस्थित औद्योगिक क्षेत्र/ग्रामको विकास र आधारशिला नभएको पूर्वाधारहरुको कमी<br>• मौजुदा उद्योगहरुमा सरकारी संरक्षण र सम्बर्द्धनको अभाव<br>• घरेलु तथा परम्परागत शिपमा आधारित उद्योगहरु लाई प्रोत्साहन र बजार सुनिस्चितताको अभाव<br>• दिगो वातावरणीय सन्तुलनका बारेमा औद्योगीहरु थप चेतना र जागरुकताको आवश्यकता<br>• नीति नियम मा स्पष्टता साथै सरकारी संयन्त्र भरपर्दो नहुनु<br>• समयानुकुल प्रविधिको विकास हुन नसक्नु<br>• आर्थिक विकास साथै वातावरण संरक्षण र सम्बर्द्धनकालागि बनेका ऐन नियमको कार्यान्वयन प्रभावकारी हुन नसक्नु<br>• थोक तथा खुद्रा व्यापारको लागि विद्यमान बजार केन्द्रहरुमा न्युनतम पूर्वाधारको समेत कमी साथै संरक्षणको अभाव<br>• अव्यवस्थित बजार तथा व्यापारी र व्यवसायिक बीच समन्वयको अभाव<br>• सुविधायुक्त बजारको पूर्वाधार निर्माण व्यवस्थापनमा कमी उद्यम विकास र व्यापार प्रवर्द्धन सम्बधि पर्याप्त ज्ञानको कमी<br>• आर्थिक विकासका क्षेत्रलाई रोजगारी श्रीजना सँग आवद्ध गर्न नसक्नु |
| ३.२.६ | गाउँपालिकाको वित्तीय स्रोत तथा क्षमता | • गाउँपालिका क्षेत्र भित्र संचालित उद्योग, व्यापार तथा व्यवसाय र उपलब्ध पारिवारिक सम्पतिको हिसाबमा आन्तरिक राजस्व न्यून रहेको |

| | | |
|---|---|---|
| | | • उपभोक्ता लागत सहभागिता तथा संस्थागत लागत सहभागिता र साझेदारी नगन्य तथा स्पष्ट<br>• तालिम प्राप्त जनशक्तिको थप आवश्यकता<br>• राजस्व स्रोत परिचालनका लागि आय वृद्धिमा तत्परता, आन्तरिक स्रोतको पहिचान र Resource mapping अभाव<br>• आन्तरिक लेखापरिक्षणको सिफारिसमा मात्र खर्च गर्ने कानूनी व्यवस्थाको कडाईको साथ परिपालना<br>• ऐन नियममा व्यवस्था भएअनुसार प्रतिवेदन प्रणालीको विकास हुन नसक्नु<br>• चौमासिक, अर्धवार्षिक र वार्षिक समिक्षा गोष्ठीको व्यवस्थापन र प्रतिवेदन प्रणालीको कार्यमाकमी<br>• गाउँपालिकाको सम्पूर्ण सम्पतिको अभिलेख राख्न नसक्नु<br>• वेरुजुको लागत अनुसार फच्र्चौटको कारवाहीमा थप प्रयासको खाँचो<br>• खर्च निर्देशिका नहुनु<br>• उद्योग, व्यापार तथा व्यवसायिक प्रतिष्ठानहरु बाट सम्पति तथा व्यवसाय सङ्कलन चुनौतिपूर्ण रहेको |
| ३.२.७ | गाउँपालिकाको संस्थागत स्रोत तथा क्षमता | • प्राबिधिक कर्मचारीको कमी<br>• कर्मचारीहरुको कार्य विवरण बमोजिम अधिकार प्रत्यायोजनको कार्य बाँकी रहेको साथै कार्यकुसलताको आधारमा सूचक निर्धारण सहितको मुल्याङ्कन पर्द्धतिको विकासमा कमी<br>• अत्यावश्यक अभिलेखहरुको व्यवस्थापनको अभाव<br>• संगठन क्षमता अभिवृद्धिका लागि अभिलेख प्रणालीको विकासको अभाव<br>• कर्मचारी तथा जनप्रतिनिधिको सम्पति विवरण पूर्ण रुपले अद्यावधिक हुन नसकेको<br>• कर्मचारीको प्रतिस्पर्धात्मक क्षमताको अभाव<br>• योजना कार्यान्वयन र व्यवस्थापन पक्षमा सुधारको खाँचो<br>• योजना र बजेटको बीचमा थप तालमेलको आवश्यकता<br>• योजना तर्जुमा र कार्यान्वयनमा उपभोक्ताहरुको सार्थक सहभागिताको कमी<br>• अन्तरशाखा कार्यगत सञ्चार र समन्वयमा कमी<br>• शाखाहरुले अभिलेख लाई व्यवस्थित रुपमा राख्न नसकेको अवस्था<br>• कतिपय शाखा/उपशाखाहरुलाई दराज न्याकहरुको समेत कमी<br>• प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने सवारी साधनको अभाव |

| | | |
|---|---|---|
| | | • कार्यान्वयन भएका योजनाहरुको मर्मत सम्भारको दिगो व्यवस्थामा कमी<br>• मापदण्ड विपरित निर्माण भएका भवन तथा कम्पाउण्ड बाल नियन्त्रण हुन नसकेको अवस्था<br>• घर निर्माण इजाजत साथै विगतका बनेका भवन तथा घरहरुको अभिलेखीकरण अनिवार्य गरिनु पर्ने साथै निरक्षण अनुगमनमा कमी<br>• सिफारिसको लागि गरिने सर्जमिन, आदेश-पत्र तथा सर्जमिन मुचुल्काहरु स्वयं निवेदकले वडा कार्यालय लाने तथा वडा कार्यालयबाट गा.पा. मा ल्याउने कार्य गर्ने गरेको अवस्था<br>• वातावारण संरक्षण तथा फोहोरमैलाको उचित व्यवस्थापनमा गाउँपालिका पूर्ण सक्षम हुन नसकेको<br>• गाउँपालिका सरसफाईको लागि फोहोर फाल्ने साधनको कमी तथा स्थानको अभाव<br>• गाउँपालिका सवारी साधनहरु राख्ने ग्यारेज स्थलको कमी |

## ३.३ प्रमुख सम्भावना तथा अवसर

यस गाउँपालिकाको वर्तमान अवस्थाका बारेमा विभिन्न स्थानीय सरोकारवालाहरु सँगको अन्तरक्रिया तथा उपलब्ध तथ्याङ्क र विवरण साथै दिर्घकालिन सोच निर्माण कार्यशाला गोष्ठी समेतका आधार समग्रमा देहाय बमोजिमका सम्भावना तथा अवसरहरु रहेको देखिन्छ।

| क्र.सं. | विषयगत क्षेत्र | सम्भावना/अवसरहरु |
|---|---|---|
| ३.३.१ | नागरिक सहभागिता | • संघीयताको कार्यान्वयन भएपछी पुन संरचित भएको गाउँपालिका<br>• विधायिकी कार्यपालिका र न्यायपालिका सहितको स्थानीय सरकारको रुपमा स्थापित<br>• निर्वाचित जनप्रतिनिधिहरु बाट स्थानीय सरकारको नेतृत्व साथै गाउँपालिका प्रमुखको नेतृत्वमा पुरुष<br>• दिगो र सबल राजनैतिक आधारशिला निर्माण<br>• बौद्धिक र चेतनशील समाजको क्रमिक विकास<br>• समावेशिता र सहकार्यमा अभिवृद्धि |
| ३.३.२ | जनसंख्या | • विकास प्रति गाउँपालिका बासीहरुको प्रतिबद्धमा गुणात्मक परिवर्तन<br>• बदलिएको परिवेश र समयको माग सँगै जनचेतना अभिवृद्धिका साथ पूर्ण मापदण्ड सहितका गाउँपालिकाका आवश्यक पूर्वाधार निर्माणका लागि प्रसस्तै सम्भावना र श्रमशक्ति युक्त गाउँपालिकाबासि को साथ रहने अवस्था |

| | | |
|---|---|---|
| ३.३.३ | भौतिक पूर्वाधार विकास योजना | • गाउँपालिका क्षेत्र भित्र निर्माण गरिनुपर्ने भौतिक पूर्वाधार संरचना विकासका लागि पर्याप्त जग्गा जमिनको उपलब्धता<br>• करिव १५ कि.मी. कालोपत्रे, ५० कि.मी. ग्राभेल र कच्ची ३२८ कि.मी. हाराहारीमा सडक संजाल निर्माण भइ सञ्चालनमा रहेको<br>• आगामी ३ वर्ष भित्र सवै घर परिवारलाई शुद्ध र स्वास्थ खानेपानी सेवा उपलब्ध गराउने गरी कार्य भइरहेको<br>• नया उद्योगहरु क्रमश गाउँपालिकाको सान्निकट क्षेत्रमा विकास हुने क्रममा जारी रहेको<br>• गाउँकार्यपालिकाको कार्यालय भवन निर्माण भइसकेको छ वडासमितिका कार्यालय सञ्चालन गर्ने कार्यमा तिब्रता<br>• विद्यालय भवनहरु निर्माण तथा निर्माण सुधार हुदै गरेको |
| ३.३.४ | सामाजिक पूर्वाधार तथा सेवा | • विगतको तुलनामा विद्यालयहरुको शैक्षिक गुणस्तरमा क्रमिक सुधार हुदै गएको<br>• वालमैत्री स्थानीय शासनको माध्यम बाट बाल अधिकार संरक्षण र सम्बर्द्धनको कार्य व्यवस्थित रुपमा अघि बढाउने नीतिगत निर्णय भइ कार्यान्वयनको चरणमा रहेको<br>• विगतको तुलनामा गाउँपालिकाबासीको शिक्षाको महत्व बारेमा चेतनामा अभिवृद्धि हुदै गएको साथै अभिभावकले आफ्ना छोरीहरुलाई समेत विद्यालय पठाउने कार्यमा सुधार हुँदै गएको<br>• सामाजिक चेतना अभिवृद्धिकालागि विभिन्न संघ संस्थाहरुको क्रियाशिलतामा अभिवृद्धि हुदै गएको<br>• राजनैतिक तथा विभिन्न संघ संस्थामा महिला सहभागिता र प्रतिनिधित्व अभिवृद्धि हुँदै गएको<br>• विगतको तुलनामा महिला तथा वालबालिकाहरु सँग सम्बन्धित शोषण र उत्पीडितका घटनाहरुमा कमी हुँदै गएको<br>• जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई हेर्न दृष्टिकोण र गर्ने व्यवहारमा सकारात्मकता अभिवृद्धि हुदै गएको<br>• केहि खेलमैदानहरुको निर्माण र स्तरोउन्नतीको कार्य भइरहेको<br>• करिव ९५३ व्यक्तिगत र १३७० सार्वजनिक गरी कुल २३२३ घरपरिवारले पाईपलाईन बाट खानेपानी सेवा उपभोग गरिरहेका<br>• करिव ३५ प्रतिसत भन्दा बढी घरपरिवारमा विद्युत सेवाको पहुँच पुगेको<br>• आधारभुत स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरु मार्फत सवै वडामा स्वास्थ्य सेवाको पहुँच विस्तार रहेको |

| | | |
|---|---|---|
| | | • थोरै संख्यामा भए पनि स्वास्थ्यकर्मीहरु क्रियाशिल रहेका<br>• महिलाको उपस्थिति र सहभागिता तथा निर्णय प्रकृयमा वरावरी साझेदारी गराउने कार्यमा अग्रगामि सोचको विकास हुदै गएको<br>• सिप तथा क्षमता विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि गाउँसभाले निर्णय लिई सकेको |
| ३.३.५ | आर्थिक तथा रोजगारी स्थिति (Rural Economy) | • वास्तविक विवरण तयार नभएको भएतापनि यस गाउँपालिकाले कुल भू-भाग मध्ये करिव १२.८१ प्रतिशत ११.४५ वर्ग कि.मि. भू-भाग कृषि कार्यमा प्रयोग भईरहेको<br>• कृषि तथा पशुपन्छी पालनका कार्यमा क्रमश व्यवसायिकता अभिवृद्धि हुँदै गएको<br>• कृषिको व्यवसायीकरण मार्फत क्रमश कृषि उपजको वृद्धि र यसमा आधारित उद्योगहरुको विकासका माध्यम बाट निकासीमा वृद्धि गर्न सकिने<br>• Value addition को दृष्टिले उद्योग, सुचना प्रबिधि, होटल पर्यावरण तथा सेवामुलक उद्योग, वित्तीय प्रबिधि जस्ता उद्योग स्थापनाको प्रचुर सम्भावना<br>• औद्योगीक ग्राम स्थापना स्थानको छनौट भइरहको<br>• उद्योगहरुको स्थापना र विकासमा नीतिगत तथा कानूनी आधार निर्णय गर्ने कार्य अघि बढेको<br>• पर्यटन विकासका सम्भाव्य सवै क्षेत्रलाई एकिकृत गरी पर्यटन विकास गुरुयोजना तयारी गर्ने कार्यलाई प्राथमिकता राखिएको<br>• व्यापारिक क्षेत्रको विकास, बजार पूर्वाधार निर्माण विकास लगायतका कार्यलाई प्राथमिकताका साथ अघि बढाउने गरी नीतिगत व्यवस्था गरिएको<br>• रोजगारीको प्रसस्त सम्भावना रहेको साथै विगतको तुलनामा रोजगारीको क्षेत्रमा केहि मात्रामा भए पनि सुधार हुँदै गएको<br>• विद्यमान अवस्थामा साना तथा ठुला गरी १८ वटा साना तथा मझौला उद्योगहरु सञ्चालनमा रहेका साथै ६६ वटा पसल व्यवसाय गाउँपालिकामा सुचिकृत रहेका छन्।<br>• ढुवानीका लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्न सकिने<br>• सूचना प्रबिधिको विकासलाई आधार मानेर इन्टरनेट वेबसाईट बाट गाउँपालिकाका विभिन्न सूचनाहरु लगायत कृषि उपजको मूल्य परिणामलाई ईच्छुक समुदायमा जानकारी गराई सम्भावित बजार र उत्पादन बीच सामन्जस्य ल्याई आर्थिक क्रियाकलापमा वृद्धि गर्न |

| | | |
|---|---|---|
| | | सकिने सम्भावना<br>• आर्थिक उद्यम समुहको उत्पादित वस्तुलाई E-Commerece को माध्यमबाट अन्तराष्ट्रियकरण गरी व्यवसायिक वृद्धि गर्न सकिने सम्भावना रहेको |
| ३.३.६ | गाउँपालिकाको वित्तीय श्रोत तथा क्षमता | • करको दायरा पुनरावलोकन गरी आन्तरिक राजस्व वृद्धिको प्रसस्त सम्भावना रहेको<br>• जनचेतना अभिवृद्धि र पारदर्शी खर्च प्रणालीको माध्यमबाट स्थानीय पूर्वाधार निर्माण र सामाजिक विकासका कार्यमा जनसहभागिता अभिवृद्धि गर्न सकिने साथै गैर सरकारी संघ संस्था सँगको साझेदारीलाई थप मजबूत र वृद्धि गर्न सकिने<br>• लेखा तथा राजस्व व्यवस्थापनलाई थप व्यवस्थित गर्न सकिने<br>• राजस्व समयमा बुझाउनेलाई पुरस्कार र ढिलो बुझाउने दण्डको व्यवस्थालाई प्रभावकारी बनाउने सकिने<br>• कर्मचारीलाई क्षमता विकास योजना मार्फत तालिमको माध्यम बाट efficient बनाउन सकिने<br>• गाउँपालिकाको कम उत्पादन योग्य जमिनलाई बढी उत्पादन योग्य बनाउन सकिने<br>• राजस्व सुधार योजना तयार गरी समयानुकुल करको दायरा र दरलाई प्रगतिशिल बनाउन सकिने<br>• करदाताको लागत कम्प्युटरकृत गर्न तथा कर बुझाउनका लागि आधुनिक प्रविधिको प्रयोग र व्यवस्थापन गर्न सकिने<br>• स्थापित र सञ्चालित साना तथा मझौला उद्योगको संरक्षण र साझेदारी तथा ससाना उत्पादनमुलक उद्योगको स्थापना तथा प्रवर्द्धनमा गाउँपालिकाले आफ्नो भूमिकालाई बढाई रोजगारीको समेत सृजनागरी सर्वसाधारण गाउँपालिकाबासीको आय वृद्धि गर्न सकिने<br>• सडक वत्ती, विज्ञापन, सवारी पार्किङ्गलाई उचित व्यवस्थापन गरी वृद्धि गर्न सकिने<br>• यस गाउँपालिकाको स्वामित्वमा रहेको तथा स्वामित्वमा आउने लगायत गाउँपालिकाले संरक्षत्व प्रदान गर्नु पर्ने सार्वजनिक जग्गा तथा भवनको व्यवस्थित ढंगबाट सञ्चालन गर्न सकेमा हाल असुली भैरहेको रकमको दुई गुणा थप रकम असुल गर्न सकिने<br>• सम्पति कर लागु गरी व्यवस्थित गर्नका लागि पूर्वाधार विकासको थालनी गर्न सकिने<br>• प्रशासनिक खर्च नियन्त्रणका लागि आवश्यक रहेका मात्र दरवन्दी |

| | | |
|---|---|---|
| | | सृजना गर्न सकिने<br>• कार्यरत कर्मचारीहरुको कार्यकुशलता मापन गरी त्यसको आधारमा काममा लगाउन सकिने<br>• सौर्य बत्तिको जडान तथा निजी क्षेत्रको सहभागितामा सडक बत्तीको व्यवस्था गर्न सकिने<br>• ईन्धन तथा तेलिफोन लगायतका आन्तरिक खर्च कटौतीमा Log Book लाई अनिवार्य गर्न सकिने<br>• बजेटको परिधिभित्र रही खर्च गर्ने<br>• पेश्की खर्च नियन्त्रण गर्न सकिने<br>• चन्दा दान उपहार आदिलाई कार्यविधि बनाएर नियन्त्रण गर्न सकिने। |
| ३.३.७ | गाउँपालिकाको संस्थागत श्रोत तथा क्षमता | • संगठन विकास सर्वेक्षणले प्रस्ताव गरे बमोजिम आवश्यक प्राविधिक कर्मचारीको दरबन्दि सृजना गरी पदपूर्ति गर्न सकिने<br>• आवधिक गाउँपालिका विकास योजना निर्माण गुरुयोजना र बजेट बिचको तालमेल, योजनाको प्रथामिकिकरण र यसैका आधारमा कार्यान्वयनगर्न सकिने<br>• कार्यालय भवन भित्र आवश्यक साधन र स्रोतको व्यवस्थापन सहितको शाखागत अन्तरसम्बन्ध विकास लगायतका सवै क्षेत्र र विषयमा आवश्यक व्यवस्थापन गर्न सहज |

### ३.४ निर्देशक सिद्धान्त

वर्तमान संविधान कार्यान्वयनको सँगै पुनसंरिचित भएको कर्णाली प्रदेश को सल्यान जिल्लामा अवस्थित सिद्ध कुमाख गाउँपालिकाले स्थानीय सरकारको हैसियतमा रहेर निर्वाचित जनप्रतिनिधिको नेतृत्वमा विकास र सेवा प्रवाहका कार्यको जिम्मेवारी सम्हाल्नु भएको छ। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिलाई संस्थागत गर्ने तयारी गरी नेपालको संविधान जारी भएको समेत करिव ८ वर्ष बितिसकेको छ। वर्तमान संविधान बमोजिम समाजबाट उन्मुख राज्य व्यवस्थाका राष्ट्रिय लक्ष्यको रुपमा स्थापित **"समृद्ध नेपाल सुखी नेपाली"** सङ्कल्पलाई पुरागर्ने मूल अभियानमा यस गाउँपालिकाको तर्फबाट विशेष योगदान पुर्याउने दिगो विकास लक्ष्य सँग आवद्ध रहने गरी यर्थाथ परक दीर्घकालिन सोच निर्धारण र त्यसले स्थापित गरेको लक्ष्यलाई गन्तव्यको मुख्य मार्गको रुपमा स्वीकार गर्दै विद्यमान र भविष्यमा हुने प्राप्त सम्पूर्ण स्रोत र साधनको परिचालन गर्ने कार्यमा केन्द्रिकृत रहने गरी यस गाउँपालिकाले देहाय बमोजिमका निर्देशक सिद्धान्तहरु स्वीकार गरेको छ।

- स्थानीय सरकार सञ्चालनकालागि आवश्यक सम्पूर्ण स्थानीय ऐन तथा नियमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने
- स्थानीय सरकारको रुपमा स्थापित गाउँपालिकाको जिम्मेवारीमा रहेका जनप्रतिनिधि तथा कर्मचारीकालागि आवश्यक आचार संहिता निर्माण गरी विकास निर्माण तथा सेवा प्रवाहलाई समय सापेक्ष प्रभावकारी बनाउने

- गाउँपालिकाको समग्र भू-उपयोग उत्पादनमुलक बनाउन भू-उपयोग नक्सा, नीति तथा योजना तयार पारि भौतिक विकासको स्वरूप सुनिस्चित गर्ने
- भू-उपयोग नक्साका आधारमा गाउँपालीकाको सम्पूर्ण भू-भागलाई वर्गीकृत गरी समृद्धि निर्माणको कार्यमा उपयोग गर्न २० वर्षे लक्ष्य र ५ वर्षे आवधिक योजना सहितको आवधिक गाउँपालिका विकास योजना तयार गर्ने
- गरिवी निवारण, आम्दानी र रोजगारी सिर्जना, समावेशी तथा दिगो विकास र वातावरण संरक्षणमा प्रत्यक्ष योगदान पुग्ने, लागत सहभागिता जुट्ने तथा निर्धारित समय सिमा भित्र सम्पन्न गर्न सकिने साथै स्थानीय स्रोत साधन र सिपको पर्याप्त पर्योग गर्न सकिने टोल बस्ती हुदै वडासमिति बाट प्राप्त भएका तथा स्रोत साधन र क्षमताको हिसाबले वडा बाट सम्पन्न गर्न कठिन हुने गाउँपालिका स्तरीय योजना तथा कार्यक्रमहरुलाई प्रथम प्राथमिकता भित्र राख्ने
- भौतिक पूर्वाधार निर्माणलाई गुरुयोजनामा आधारित दिगो र गुणस्तरीय बनाउने
- दिगो विकास र वातावरण संरक्षण तथा सन्तुलनमा प्रत्यक्ष योगदान ठुला तथा मध्यम प्रकारका योजनाको पहिचान गरी सोहि बमोजिम लगानी तथा कार्यान्वयनको सुनिस्चितता गर्ने
- गाउँपालिकाको समग्र विकासकालागि संघीय तथा प्रदेश सरकारका नीति, योजना कार्यक्रम तथा बजेट समेतलाई समन्वयात्मक र कृयात्मक बनाउने
- स्थानीय स्रोत र साधनको खोजि र विकासका माध्यम बाट गाउँपालिकाको दिगो आयको मार्ग पहिचान गरी कार्यान्वयनमा ल्याउने
- गाउँपालिकाबासि जनसमुदायको जीवनस्तर उच्च बनाउन कृषिको व्यवसायिकिकरणकालागि पकेट क्षेत्र घोषणा गरी कार्यान्वयनमा ल्याउने साथै बजार संजाल सँग आवद्ध गर्ने
- वितरणमुखी तथा परम्परागत शैलीमा बजेट बाँडफाँड र विनियोजन गर्ने विगतको परिपाटीमा सुधार गरी आवधिक गाउँपालिका विकास निर्माणलाई प्राथमिकतामा राख्ने साथै काल्पनिक र देखावटी रुपमा हुन सक्ने उपभोक्ता सहभागिताको अन्त्य गर्ने
- शिक्षा, स्वास्थ्य लक्षित वर्ग र समुदायमा आधारित सामाजिक समावेसिकरण, संरक्षण तथा अवसरको सुनिस्चितका माध्यम बाट समानता सहितको सामाजिक विकास र परिवर्तनको दिगो आधार निर्माण गर्ने
- बालमैत्री स्थानीय शासनको पूर्ण कार्यान्वयन बाट सृजनसिल र क्षमतावान मानवीय स्रोतको दिगो जग स्थापित गर्ने
- गाउँपालिकाको दिगो आन्तरिक आयको सुनिश्चितताकालागि पारदर्शिता, जवाफदेहीता तथा उत्तरदायी स्थानीय सरकारको संघीय परिकल्पनालाई साकार पार्ने सम्भाव्य सवै उपाय अवलम्बन गर्ने
- उत्पादनमा आधारित आर्थिक आधारसिला निर्माण गरी आत्मनिर्भर आन्तरिक आयआर्जन तर्फ केन्द्रित रहने
- निजी क्षेत्र, सहकारी तथा सहयोगी र साझेदारी संघ संस्थाको सार्थक उपस्थिति र साझेदारीलाई दिगो बनाउने तर्फ क्रियाशिल रहने
- बलियो र भरपर्दो संस्थागत संरचना निर्माणका साथ सेवा प्रवाहलाई सर्वसाधारण गाउँपालिकाबासीको पहुँच सम्म सहज रुपमा पुग्ने वातावरण सिर्जना गरी गाउँपालिकाबासीको विश्वासमा बढोत्तरी ल्याउने

- संस्थागत सुशासन कायम गरी नीतिगत, संस्थागत, प्रकृयागत तथा कार्यान्वयन गत तहमा हुन सक्ने सम्भावित ढिलासुस्ती र भ्रस्टाचारमा सुन्य सहनसिलता अपनाउने साथै सोहि बमोजिमको स्थानीय ऐन कानूनको समेत तर्जुमा गरी कार्यान्वयन गर्ने
- गाउँ कार्यपालिकाका तथा वडा समितिको कार्यालयबाट प्रवाह हुने सवै प्रकारका विकास निर्माण र सेवा प्रवाह दक्ष जनशक्तिको व्यवस्थापन बाट सहज र सम्भव पार्ने
- संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा स्थानीय तह सञ्चालन व्यवस्थापनमा प्रत्यक्ष सरोकार राख्ने प्रचलित ऐन कानून साथै संघीय तथा प्रदेश सरकारबाट प्रतिपादन भई कार्यान्वयन आउने ऐन कानूनको पूर्ण पालनामा प्रतिवद्ध रही गाउँपालिका सञ्चालन व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउने
- गाउँपालिकाबासिले तिरेको कर तथा राजस्व बाट साथै संघीय तथा प्रदेश सरकार र विकास साझेदारको सहयोगमा संचालित योजना, आयोजना, परियोजना तथा कार्यक्रमको प्रगति विवरण प्रत्यक महिनाको १० गते भित्र सर्वसाधारण नागरिकले जानकारी पाउने गरी विद्युतीय माध्यम बाट सूचना प्रसारण गर्ने

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

सिद्ध कुमाख गाउँपालिकाको आवधिक योजना तर्जुमा विषयका कार्यशाला गोष्ठी मार्फत दिर्घकालिन सोच निर्माण, योजनाको प्राथमिकीकरण तथा अनुमानित बजेटको खाका निर्धारण गर्ने शिलशिला गठन गरिएको दिर्घकालिन सोच निर्माण तथा लक्ष्य एवम् उद्देश्य तर्जुमा समिति मार्फत प्रस्ताव भई आएको तथा कार्यशाला गोष्ठीमा उपस्थित सहभागीहरुले व्यापक छलफल गरी थप सुझाव र परिमार्जन सहित अनुमोदन गरिएको दिर्घकालिन सोच, त्यसमा आधारित लक्ष्य र उद्देश्य देहाय बमोजीम रहेका छन्।

३.५.१ दिर्घकालिन सोच (vision)

"उद्योग, व्यापार, स्वास्थ्य, शिक्षा, कृषि, र रोजगारीको अभिवृद्धि
सिद्ध कुमाख गाउँपालिकाको विकास र सुशासन  सहितको समृद्धि"

### ३.५.१.१ दिर्घकालिन सोच निर्माणका आधारहरु

सिद्ध कुमाख गाउँपालिकामा स्वीकार गरेको विकास र सेवा प्रवाहमा निर्देशक सिद्धान्त, विद्यमानमा रहेका र भविष्यमा उपलब्ध हुन सक्ने श्रोत र साधनको खाका र यस गाउँपालिकामा रहेका विद्यमान सम्भावना र अवसरहरुका आधारमा दिर्घकालिन सोच निर्माणकालागि देहाय बमोजिम आधारहरुमा स्वीकारिएको छ।

१.औद्योगिक विकास तथा व्यवसाय

- सिद्ध कुमाख गाउँपालिका क्षेत्र भित्र वर्तमानमा स्थापित भएका उद्योगको संरक्षण र सम्बर्द्धन साथै सिद्ध रुपमा विकास सहित कृषि उपजमा आधारित उद्योगहरुको थप विकास गर्न सकिने प्रसस्त सम्भावना रहेको औद्योगिक क्षेत्रको पूर्वधार विकासमा निजी क्षेत्र समेत उत्साहित रहेको कारण नयाँ उद्योग स्थापना सञ्चालनकालागि उपयुक्त कानूनी संरचना निर्माण गरिने छ।
- स्थानीय स्तरमा उत्पादन हुने कच्चा पदार्थ, स्रोत साधन र सीपमा आधारित घरेलु तथा साना उद्योग स्थापना, विकास र प्रवद्धन गरी औद्योगिक उत्पादनमा बढोत्तरी ल्याउन सकिने

- उद्योगहरुबाट हुन प्रदुषण न्यून गर्न वातावरण मैत्री अवस्थाको विकास र विस्तारका लागि सम्बन्धित सरोकारवाला तयार रहेको
- आवश्यक नीति तथा कानून निर्माण गरी व्यापार तथा ब्यापारिहरुको सुरक्षा प्रत्याभूति साथ मुख्य बजार केन्द्र भित्र व्यापार व्यवसायलाई चौविसै घण्टा सञ्चालन हुने वातावरण तयार गर्न सकिने सम्भावना रहेको
- दलीय सहभागिताको आधारमा बन्दमुक्त सिद्ध कुमाख लाई निर्माण गर्न सकिने
- कृषि उत्पादनमा आधारित उद्योगहरुको स्थापना र विकास साथै व्यापारिक तथा व्यवसायिक कारोवार अभिवृद्धि बाट वैदेशिक रोजगारीमा जाने जनशक्तिको मात्रा कटौती गर्न सक्ने

२. स्वास्थ तथा सरसफाई

- गाउँपालिको सवै वडामा प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूले स्थानीय स्तरमा सेवा प्रवाह गरिरहेको
- गाउँ अस्पतालको निर्माण गरी विशेषज्ञ चिकित्सक सहितको सेवा विस्तार विकास गर्न सकिने
- जेष्ट नागरिक तथा अपाङ्गता भएका हरुका लागि नियमित रुपमा स्वास्थ्य परिक्षण तथा उपचारको सेवालाई होमडीलेभरि सेवा सञ्चालन गर्ने तथा यसका लागि विशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य क्रिटिकल केयर एम्बुलेन्स सञ्चालन गर्ने तयारी गाउँपालिकाले गरेको
- आर्थिकरुपमा पछाडी परेका समुदाय सम्म स्वास्थ्य सेवाको पहुँच विस्तार र विकास हुँदै गएको
- खानेपानी पूर्वाधारको क्रमिक विकास भइ रहेका कारण आगामी ३ वर्ष भित्र यस गाउँपालिकाका ९८ प्रतिशत भन्दा बढी घरपरिवारलाई शुद्ध, सफा, सुरक्षित र गुणस्तरीय पानी उपलब्ध गराउने लक्ष्यका साथ गाउँपालिकाले आफ्ना योजनाहरु कार्यान्वयनमा ल्याएको
- पशुपंक्षी स्वास्थ्य सेवा अस्पताल तथा कृषिबाली विकासकालागि माटो परिक्षण समेतका परिक्षण शालाको विकास गर्न गाउँपालिका प्रतिवद्ध रहेको
- कृषि विषादीको प्रयोग बाट कृषि बालिमा हुने संक्रमण रोगहरुको नियन्त्रण गर्न सकिने सम्भावना रहेको
- विभिन्न स्थानमा सार्वजनिक शौचालयहरुको स्थापना गर्न गाउँपालिका प्रतिवद्ध रहेको

३. शिक्षा

- सिद्ध कुमाख गाउँपालिका शैक्षिक हवको रुपमा विकाश गर्न सकिने सम्भावना रहेक छ
- यस गाउँपालिका भित्र हाल ७ वटा माध्यमिक विद्यायय १६ वटा आधारभूत विद्यालय र ४ वटा प्राथमिक विद्यालय, ४ संस्थागत पुर्ण प्रा.लि विद्यालयहरु छन् भने कृषि तथा पशुपन्छी बालि प्रवर्द्धन र विकासका लागि प्राविधिक शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक पूर्वधारको सहज व्यवस्थापन गर्न सकिने र सोका लागि प्राविधिक शिक्षालयको व्यवस्था गर्न सकिने
- गाउँपालिका क्षेत्रमा प्राविधिक शिक्षालाई उच्च प्राथमिकता दिई सञ्चालनमा ल्याउने गरी गाउँपालिकाले प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउने नीति लिएको
- पशुपन्छी बालि उद्योग व्यापार तथा व्यवसायको सिद्ध कुमाख अध्यन अनुसन्धान केन्द्र स्थापना गरी कार्यान्वयनमा ल्याउने गरी गाउँपालिकाले तयारि गर्न थालेको

- आवधिक योजना अवधिमा ८७ प्रतिशत भन्दा बढी विद्यार्थिले उच्च शिक्षा हासिल गर्न सक्ने अवसर सिर्जना गर्न सकिने सम्भावना रहेको
- ५ वर्ष सम्म माध्यमिक तह सम्मको शिक्षा पूर्णता निशुल्क गर्ने अभियानमा गाउँपालिका क्रियाशिल रहेको
- प्राविधिक शिक्षा (इन्जिनियर, होटल म्यानेजमेन्ट, पर्यटन, कृषि पशु आदि) स्नातकोत्तर तह सम्मको अध्ययन अध्यापनका लागि सम्बन्धित सरोकारवालाहरु क्रियाशिल हुने वातावरण बन्दै गएको
- आधारभुत तहमा सतप्रतिशत र माध्यमिक तहमा न्युनतम ९० प्रतिशत बालबालिकाले अध्ययन गर्न पाउने वातावरण विकास गर्न गाउँपालिका शिक्षा शाखा क्रियाशील रहेको

४.कृषि तथा पशुपन्छी

सिद्ध कुमाख गाउँपालिकाको जम्मा ८९.३६ वर्ग किमी क्षेत्रफल मध्ये ३१.६४ प्रतिशत कृषि क्षेत्र रहेको

- धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी फलफुल र आदि कृषि उत्पादन हुने
- सम्पूर्ण कृषि क्षेत्रहरु मध्ये १२.७५ प्रतिशत ३४९.८ हे. जग्गामा सिचाई सुविधा उपलब्ध भएको
- हाल गाउँ क्षेत्र १०२ वटा कृषक समूहहरु ४ वटा कृषि फर्महरू दर्ता भै सञ्चालनमा रहेको
- गाउँपालिका क्षेत्रभित्र परम्परागत प्राय सवै कृषक परिवारले पशुपालन गरिरहेको छन् भने हालसम्म पशुपंक्षी तथा मत्स्य विकास शाखामा १०२ वटा कृषक समूहहरु, ३ गाइ/भैसि फर्महरु, ३९ बाख्रा फर्महरू १६ कुखुरा फर्महरू, ४ बंगुर तथा माछा पालन फर्महरू दर्ता भइ व्यवसायिक उत्पादन गरिरहेका छन्। गाउँक्षेत्र भित्र ९ वटा मासु पसलहरु गाउँपालिकामा दर्ता भइ सञ्चालनमा आएका छन्।
- कृषक तथा गाउँपालिकाको सहकार्यबाट कृषि क्षेत्रलाई उन्नत मल बिउ र प्रविधि सहित विकास गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिने प्रसस्त सम्भावना रहेका कारण, खसिको मासु, कुखुराको मासु अन्डा, तरकारीमा र फलफुलमा आगामी ५ वर्ष भित्र पूर्णरुपले आत्मनिर्भर हुन सक्ने गरी कार्यक्रम सञ्चालन गरिने

५. भौतिक पूर्वाधार

- विद्यमान रहेका सडकको स्तरोउन्नती गर्दै उपयोग सहितको सडक निर्माण गरिने
- नयाँ निर्माण हुने सडकमा नालि, कलभर्ट, रिटेनिङ वाल, ब्रेस्ट वाल तथा वायो-इन्जिनियरिङ् गरिने
- सवै सडकमा ५ वर्ष भित्र उच्चस्तरीय ग्राभेल गरी सवै सडकको स्तरो उन्नति भइ सक्ने
- ५ वर्षमा २५ कि.मि. सडक कालो पत्रे तथा पेवर्स लगाएको हुने (२५ कि.मि. कालो पत्रे ५० कि.मी ग्रावेल हुने)
- करिब १२ वटा झोलुङ्गे पुल सञ्चालनमा रहेका छन भने थप २ वटा झोलुङ्गे पुल आगामी ५ वर्षमा निर्माण सम्पन्न गरी सञ्चालनमा भएको हुने
- ५ वर्ष भित्र सवै घरमा विद्युत सेवा पुऱ्याउने
- सिमाना बजार धाने टाकुरा हम्पाल कुकुरे खोर उपल्लो बाझकाडा खानीगाउँ टाकुरा कालालेख सडक लम्बाइ ३९ कि.मि. चौडाइ ६ मि आगामी ५ वर्ष भित्र निर्माण सम्पन्न भई सञ्चालनमा आएको हुने
- सतह नाला सहितको शहरी विकास गुरुयोजना निर्माण गरिने
- स्थानीय बजार सञ्चालन व्यवस्थापनको लागि कानूनी संरचना निर्माण गरिने छ भने भइरहेको कृषि थोक बजार लाई व्यवस्थित गर्दै लाने तथा वैकल्पिक कृषि बजारको समेत अध्ययन गरिने

- यातायात व्यस्थापन ऐन निर्माण गरी व्यवस्थित सञ्चालनको सुनिस्चितता गरिने
- खेलमैदानहरुलाई पनि व्यवस्थित गर्दै लगिने छ र खेलप्रति यहाका युवा पिढीलाई जागरुकता जगाउने
- पालिकास्तरीय अस्पताल आगामी ५ वर्ष भित्रमा निर्माण गरी सञ्चालनमा आएको हुने

६.पर्यटन विकास

- गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय एवं धार्मिक क्षेत्रलाई व्यापक प्रचार प्रसार गरी आन्तरीक तथा बाह्रय पर्यटकलाई आकर्षक गरिनेछ।
- कुमाख लेख र सिद्ध गुफालाई प्रमुख पर्यटकीय एवं धार्मिक क्षेत्र मानि त्यस आसपसका क्षेत्रहरुको समेत पहिचान गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गरिने छ।
- ग्रामिण क्षेत्रलाई होमस्टे सञ्चालन गर्न विशेष प्रोत्साहन गरिनेछ।
- परम्परागत भाषा संस्कृति र भेषभुषा पर्वको संरक्षण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- पर्यटन पूर्वाधार विकासमा ध्यान दिई सिद्ध कुमाख गाउँपालिकालाई महत्वपूर्ण पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ।

७. वनजङ्गल

- विद्यमान वनजङ्गललाई संरक्षण र प्रवर्द्धन गरी काष्ठ उद्योगको विकास गर्न सकिने साथै पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न सकिने।
- शहरी वन विकास कार्यलाई जोड़ दिदै हरित गाउँको प्रारूप तयार गर्ने
- सडक पेटी, नदि किनार र खुला क्षेत्रमा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गरिने

८. भू- उपयोग

- भू-उपयोग योजना निर्माण बाट सिद्ध कुमाख गाउँपालिकाका प्रथामिकता प्राप्त क्षेत्रको विकासलाई व्यवस्थीत पार्ने
- खेतीयोग्य, आवासीय, उद्योगिक, कृषि योग्य जग्गा वर्गीकरण गरी सोहि अनुसार मापदण्ड तयार गरी land use plan अनुसार विकास कार्य अगाडि बढाउने

३.५.२ मिसन (mission)

सिद्ध कुमाख गाउँपालिकाको शिक्षालाई पहिलो, स्वास्थ्यलाई दोस्रो, भौतिक पूर्वाधारलाई तेस्रो, कृषि तथा पशुपालनलाई चौंथो र पर्यटनलाई पाँचौ प्राथमिकतामा राखी श्रोत साधन परिचालन गर्दै रोजगारी सिर्जना र गरिवी न्यूनीकरणका साथै गाउँको सुशासन सहितको समृद्धि तर्फ अगाडि बढ्ने मुख्य मार्गदर्शक हुनेछ।

**३.५.३ लक्ष्य (goal)**

क. अगाडि २० वर्षमाः-

मानव विकासका तिन वटै सुचकमा वृद्धि गर्दै आगामी २० वर्षमा सिद्ध कुमाख गाउँपालिकाका नेपालको मानव विकास सूचाङ्कमा शिर्ष पाँच स्थापना रहेको गाउँपालिका हुनेछ

**ख. अगामी ५ वर्षमाः-**

- सिद्ध कुमाख बासीहरुको शिक्षा, स्वास्थ्य, आय र जीवनस्तरमा गुणात्मक सुधार भइ निरपेक्ष गरिवी ५ प्रतिशत झरेको हुनेछ।

३.५.४ उद्देश्य

क. मुलभूत उद्देश्य

- गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिकम, भौतिक तथा भौतिक पूर्वाधार विकासकालाई दिर्घकालिन सोचले निर्धारण गरेको लक्ष्य प्राप्त गर्न कम्तिमा ५ वर्ष अवधिका लागी आवधिक योजना तर्जुमा गर्ने

ख. सहायक उद्देश्यहरु

- वर्तमान संविधान, ऐन कानूनले अधिनमा रही यस गाउँपालिकाको समृद्धिको मार्ग प्रशस्त गर्न स्थानीय आवश्यकता बमोजिम दिगो विकासको जग बलियो बनाउन आवश्यक योजना तथा कार्यक्रमहरु परिचालन गर्ने
- वर्तमान अवसर र भावी सम्भावना समेतका आधारमा गाउँपालिकाको दिर्घकालिन सोचअनुरुप विकाश लक्ष्य प्राप्त गर्न सवै विषयगत गुरुयोजना, मध्यमकालीन खर्च संरचना यस गाउँपालिकाको संस्थागत स्वमुल्याङ्कनमा आधारित सूचकहरुका लागि मार्ग निर्माण गर्ने
- गाउँपालिकाको वार्गीकित विकासमा आधारित भौतिक, सामाजिक वातावरण व्यवस्थापन, आर्थिक, वित्तीय, संस्थागत विकास जस्ता विषयगत क्षेत्रहरु र तदनुरूप लक्ष्य, उद्देश्य, नतिजा रणनीतिक, कार्यक्रमहरु बजेट दिर्घकालिन योजना तथा कार्यक्रम तर्जुमा गर्ने
- संविधान, स्थानीय सरकार सञ्चालन ऐनको मूल मर्म र भावना बमोजिमको विकास लक्ष्य प्राप्त गर्न दिगो विकास लक्ष्यलाई स्थानिकरण गर्ने

### ३.६ परिमाणात्मक लक्ष्य

तालिका नं. ३.६.१ दिगो विकास लक्ष्य

| क्र.सं. | विषयगत आधार | एकाई | आधार वर्ष | सन २०३० |
|---|---|---|---|---|
| १ | गरिवी दरलाई (झार्ने) | % | २१.६ | ४.९ |
| २ | पुड्को पनलाई (ल्याउने) | % | ३६ | १५ |
| ३ | मातृ मृत्यूदरलाई (ल्याउने) | जना | २५८ | ६९ |
| ४ | यूवाहरुलाई रोजगारी सिर्जना गर्ने | % | | ७५ |
| ५ | व्यावसायिक तथा प्राविधिक काममा महिलाको सहभागिता | % | २४ | ४० |
| ६ | पाईप लाइन बाट खानेपानी वितरण (पुऱ्याउने) | % | ४९.५ | ९० |
| ७ | विद्युत पहुँचलाई (पुऱ्याउने) | % | ७४ | ९९ |
| ८ | यूवा बेरोजगार दर (झार्ने) | % | ३५.८ | १० |
| ९ | कार्वन उत्सर्जन तह (सिमित गर्ने) | मे.टन | ०.१० | ०.०५ |
| १० | जोखिमपूर्ण अवस्थामा काम गरिरहेको बालबालिकाको दर (झार्ने) | % | ३० | ० |

तालिका नं.३.६.२ समष्टिगत लक्ष्य

| क्र. सं. | सूचक/लक्ष्य | एकाइ | आधार वर्षसम्मको अवस्था | | | योजनाको अन्त्यको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | प्रदेश | गा.पा. | नेपाल | प्रदेश | गा.पा. |
| क. समष्टिगत गन्तव्य तथा सूचक | | | | | | | | |
| १ | मानव विकास सुचकाङ्क | इन्डेक्स | ०.५७९ | ०.४२७ | | ०.६२४ | ०.५८८ | |
| | लैङ्गिक विकास सूचक सुचकाङ्क | | ०.८९७ | | | ०.९६३ | ०.९३ | |
| २ | औसत् आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ६७ | | ७२ | ७५ | |
| ३ | ग्राहस्थल प्रतिव्यक्ति आम्दानी वार्षिक | युएस डलर | १०४७ | ६०६ | | १५९५ | ११४७ | |
| ४ | बेरोजगारी दर | % | ४.४४ | ९.७ | | २ | ६ | |
| | बेरोजगारी दर (कृषि क्षेत्रमा सम्लग्न बाहेकको हकमा) | % | | | | | | |
| ५ | निरपेक्ष गरिबीको रेखामुनीको जनसंख्या | % | १८.७ | २८.९ | | ९.५ | १८ | |
| | बहुआयामिक गरिबीको रेखामुनीको जनसंख्या | % | | | | | | |
| ६ | आर्थिक वृद्धिदर (स्थिति मूल्य) | % | | | | | | |
| | कुल गार्हस्थ्य उत्पादन (उत्पादनको मूल्यमा) | रु (करोड मा) | | | | | | |
| | आर्थिक रुपले सक्रिय जनसंख्या | % | | | | | | |
| ७ | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसंख्या प्रतिशत | | १७ | ५ | | ६० | ४८ | |
| ८ | विपदबाट हुने वार्षिक क्षति रकम | % | | | | | | |
| ९ | बिपदबाट हुने वार्षिक क्षति रकम | रु हजार | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | मा | | | | | | |
| ख. विषय क्षेत्रगत गन्तव्य र सूचक | | | | | | | | |
| १ | खाद्यान बालि उत्पादन (हजारमा) | मे. टन | | | | | | |
| २ | काठको उत्पादन (लाखमा) | घ. मि . | | | | | | |
| ३ | उद्योगबाट रोजगारीको सिर्जना | सख्या | | | | | | |
| ४ | निर्यात आयात अनुपात | अनुपात | | | | | | |
| ५ | पर्यटन आगमन (हजारमा) | संख्या | | | | | | |
| ६ | पर्यटन क्षेत्रमा रोजगारी (हजारमा) | | | | | | | |
| ७ | विद्युतमा पहुँच प्राप्त परिवार | % | ८८ | ६७.५ | | १०० | ९० | |
| ८ | विद्युत उत्पादन (मेगावाट) | मेगावाट | १२५० | ८.२५ | | ५८२० | २०० | |
| ९ | सिंचित क्षेत्रफल भूमिमा सिँचाई | | | | | | | |
| १० | सडक निर्माण लंम्बाई (पक्कि/ग्राभेल/धुले) | | | | | | | |
| | कालोपत्रे | कि.मि. | | | | | | |
| | ग्राभेल | | | | | | | |
| | कच्ची (माटोको सतह भएको) | | | | | | | |
| | रेलमार्ग | | | | | | | |
| | ३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको परिवार | | ८२ | | | ९५ | ७५ | |
| ११ | इन्टरनेट प्रयोगकर्ता जनसंख्या | % | ६५.९ | ४० | | ८० | ६५ | |
| १२ | साक्षरता दर (१५ वर्ष माथि) | % | ६५.९ | ६६ | | ९६ | ९५ | |
| १३ | विद्यालय (समुदायिक र संस्थागत) | | | | | | | |
| १४ | प्रारम्भिक बाल शिक्षा विकास/पूर्व प्राथमिक शिक्षामा कूल भर्नादर | | ८५ | ७५ | | १०० | ९९ | |
| १५ | खुद भर्ना दर | | | | | | | |
| | क. आधारभुत तह (कक्षा १- | % | ९३ | ९३.२ | | ९९ | ९८ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ८.) | | | | | | | |
| | ख. माध्यमिक तह कक्षा (९-१२) | % | ४६ | ५९.४ | | ६५ | ६५ | |
| | ग. उच्च शिक्षामा कुल भर्ना दर | | १२ | ६.१ | | २२ | १९ | |
| १६ | विद्यालय निरन्तरता दर | | | | | | | |
| १७ | आधारभूत तह ९ देखि १२ सम्मको विद्यालय छाड्ने दर | | ३.८ | ४.५ | | १ | ०.५ | |
| १८ | आधारभूत तह ९ देखि १२ सम्मको विद्यालय छाडने दर | | २.६ | ३.९ | | ०.५ | ०.५ | |
| १९ | प्राविधिक र व्यवसायिक शिक्षामा तालिम प्राप्त जनसंख्या | | | | | | | |
| २० | मातृ मृत्युदर (प्रति लाख जीवित जन्म) | | २३९ | | | ९९ | १२५ | |
| २१ | पाँच वर्ष मुनिको बल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | % | ३९ | ५८ | | २४ | ३५ | |
| २२ | शिशु वर्ष मुनिको बाल मृत्युदर प्रति हजार जीवित जन्ममा) | | | | | | | |
| २३ | नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | | | | | | | |
| २४ | तौल कम भएको बालबालिका | % | २७ | ३५.५ | | १५ | २० | |
| २५ | ३० मिनेट सम्मको दुरीमा स्वास्थ्य संस्थामा पहुँच भएको घरपरिवार प्रतिशत | | ४९.३ | २३.६ | | ८० | ६० | |

**तालिका नं. ३.६.३ विषयगत परिमाणात्मक लक्ष्य**

**१. आर्थिक विकासको लक्ष्य तथा गन्तव्यका सूचकहरु**

| नतिजा तहहरु | आर्थिक उपलब्धिका सूचकहू | आधार वर्ष २०८०/०८१ | २०८५/०८६ सम्मको लक्ष्य |
|---|---|---|---|
| प्रभाव | दुई वर्ष मुनिका बालबालिका कुपोषित संख्या | ३ जना | ३ जनामा झार्ने |
| | वार्षिक न्यून आय सरदर रु ४०,००० भन्दा कम भएका परिवारको संख्या | ५परिवार | १०० मा झार्ने |
| | वार्षिक सरदर आय रु ४० हजारदेखि | ५ परिवार | ७०० पुऱ्याउने |

| | | | |
|---|---|---|---|
| | १,००,००० सम्म आय भएका परिवारको संख्या | | |
| असर | बेरोजगारको संख्या | ९९४ जना | १५०० मा झार्ने |
| | आफ्नो उत्पादनले ० देखि ३ महिनासम्म मात्र खान पुग्ने परिवार संख्या | २०० परिवार | १३१४ झार्ने |
| | आफ्नो उत्पादनले ४ देखि ६ महिनासम्म मात्र खान पुग्ने परिवार संख्या | ३०० परिवार | २०१४ पुऱ्याउने |
| | आफ्नो उत्पादनले ७ देखि ९ महिनासम्म मात्र खान पुग्ने परिवार संख्या | १७० परिवार | ७०० पुऱ्याउने |
| | आफ्नो उत्पादनले १० देखि १२ महिनासम्म मात्र खान पुग्ने परिवार संख्या | १०० परिवार | ५०० पुऱ्याउने |
| | समग्रमा आफ्नो उत्पादनले १२ महिना खान र बेच्न पुग्ने परिवारको संख्या | ५० परिवार | १०० पुऱ्याउने |
| | वैदेशिक रोजगारीमा जानेको संख्या | १००० को रेकर्ड | १३०० मा झार्ने |
| क्र.सं. | आर्थिक उत्पादनका लक्ष्य तथा गन्तव्यका सूचकहरु | आधार वर्ष २०८०/०८१ | २०८५/०८६ सम्मको लक्ष्य |
| १ | माछा तथा मासु उत्पादन | ६ मे.टन | थप ...... मे टन समेत ........ मे.टन पुऱ्याउने |
| २ | मासु उत्पादन | मे.टन १६ | थप ...... मे टन समेत ........ मे.टन पुऱ्याउने |
| ३ | खसी, बाख्रा तथा भेडाको संख्या | १२०० वटा | ........ पुऱ्याउने |
| ४ | कूल चरा प्रजाति मध्ये कुखुरा, हाँस, कालिज तथा बट्टाइको संख्या | १२०० वटा | ........ पुऱ्याउने |
| ५ | बंगुरको संख्या | ० वटा | ........ पुऱ्याउने |
| ६ | वार्षिक दुध उत्पादन | २ मे ट | ........ लिटर पुऱ्याउने |
| ७ | गाई भैंसीको संख्या मध्ये दुध दिने गाई भैसीको संख्या | १,३०० वटा | ........ संख्या पुऱ्याउने |
| ८ | अण्डा उत्पादन | २२,००० वटा | ........ पुऱ्याउने |
| ९ | आलु उत्पादन | ५७० मे टन | ...... मे टन |
| १० | फलफूल उत्पादन | ५० मे. टन | ...... मे टन |
| ११ | तरकारी उत्पादन | ३० मे. टन | ...... मे टन |
| १२ | मकै, भटमास तथा तरकारीको बीउ उत्पादन | 30 मे टन | ...... मे टन |
| १३ | खाद्यान्न उत्पादन | 600 मे टन | ...... मे टन उत्पादन |

| | | | |
|---|---|---|---|
| १४ | उद्यम स्थापना | १५ | ........ पुऱ्याउने |
| १५ | सहकारीमा आवद्ध हुनेको संख्या | ९०० जना | ........ पुऱ्याउने |
| १६ | उद्यम व्यवसाय श्रम बजारबाट रोजगारी सिर्जना | ४० | ...... नयाँ रोजगारी सिर्जना हुने |
| १७ | सिंचाई हुने जमिनको क्षेत्रफल | ५० हेक्टर | ..... हेक्टर |
| १८ | बाह्रै महिना सिंचाई पाउने कृषियोग्य जमिन | ५० हेक्टर | ..... हेक्टर |

*औद्योगिक ग्राम अध्ययन सर्वेक्षण, २०७६

२.सामाजिक विकासका लक्ष्य तथा गन्तव्यका सूचकहरु

| नतिजा तहहरु | सामाजिक विकासका उपलब्धिका सूचकहरु | आधार वर्ष २०८०/०८१ | २०८५/०८६ सम्मको लक्ष्य |
|---|---|---|---|
| प्रभाव | साक्षरता दर | ५४.४ प्रतिशत | ९० प्रतिशत पुऱ्याउने |
| | शिशु मृत्यु दर | २८ जना | शुन्यमा झार्ने |
| | बाल मृत्यु दर | ३३ जना | यथावत कायम राख्ने |
| | मातृ मृत्यु दर | १ जना | शुन्यमा झार्ने |
| असर | प्रारम्भिक बालविकास कुल भर्नादर | ११० प्रतिशत | सत प्रतिशत कायम राख्ने |
| | प्रारम्भिक बालविकास खुद भर्ना दर | ५७.५१ प्रतिशत | .९५ प्रतिशत पुऱ्याउने |
| | आधारभूत तहमा कुल भर्ना दर | ११० प्रतिशत | सत प्रतिशत कायम राख्ने |
| | आधारभूत तहमा खुद भर्ना दर | ९६ प्रतिशत | सत प्रतिशत कायम राख्ने |
| | माध्यमिक तहमा कुल भर्ना दर | १०.५प्रतिशत | .... प्रतिशत पुऱ्याउने |
| | माध्यमिक तहमा खुद भर्ना दर | ५१ | .... प्रतिशत पुऱ्याउने |
| | हिंसामा परेका महिलाको संख्या | ५६ जना | शून्यमा झार्ने |
| | वार्षिक बाल विवाहको अवस्था | २० जना | शून्यमा झार्ने |
| | सुरक्षित पिउने पानीमा पहुँच भएका परिवार संख्या | ३० प्रतिशत | शत् प्रतिशत पुऱ्याउने |
| क्र.सं. | सामाजिक विकासका उपलब्धिका सूचकहरु | आधर वर्ष २०८०/०८१ को | २०८५/०८६ सम्मको लक्ष्य |

| | | अवस्था | |
|---|---|---|---|
| १ | १५ वर्ष माथिको निरक्षर जनसंख्या | ४५.६ | १ |
| २ | विभिन्न कारणले विद्यालय छाड्ने बालबालिकाको प्रतिशत | २० प्रतिशत (गाउँपालिका अभिलेख) | शन्यमा झार्ने |
| ३ | विद्यालय जाने उमेर समूहका बालबालिका मध्य ३ देखि ४ वर्ष उमेर समूहका भर्ना दर | शत प्रतिशत (पालिका) | यथावत कायम राख्ने |
| ४ | ५ देखि ९ | | |
| ५ | विद्यालय जाने उमेर समूहका बालबालिका मध्ये ३ देखि ४ वर्ष उमेर समूहकाको भर्ना दर | शत प्रतिशत (पालिका) | यथावत कायम राख्ने |
| ६ | ५ देखि ९ वर्ष समूहका विद्यालय नगएका बालबालिकाको संख्या | ......५% जना | शुन्यमा झार्ने |
| ७ | १० देखि १२ वर्ष समूहका विद्यालय नगएका बालबालिकाको संख्या | ५% | शुन्यमा झार्ने |
| ८ | १३ देखि १६ वर्ष समूहका विद्यालय नगएका बालबालिकाको संख्या | ....५%.. जना | शुन्यमा झार्ने |
| ९ | खुल्ला क्षेत्रमा शौचालय बस्नेको संख्या | १२ प्रतिशत | शुन्यमा झार्ने |
| १० | घरेलु फोहर जथाभावी नदी तथा खोल्सामा फाल्ने परिवारको संख्या | २० प्रतिशत | शुन्यमा झार्ने |
| ११ | घरबाट निस्केको पानीलाई करेसा बारी वा घरबारी व्यवस्थापनमा उपयोग गर्ने परिवारको संख्या | २०% परिवार | ...... पुर्‍याउने |
| १२ | सडक तथा सार्वजनिक स्थानमा फोहर फाल्ने परिवारको संख्या | १० प्रतिशत | शुन्यमा झार्ने |
| १३ | दलित तथा विपन्न वर्गको सामाजिक सहभागिता | १५ प्रतिशत | सत प्रतिशत |
| १४ | परिचयपत्रका आधारमा फरक क्षमता भएका व्यक्तिहरूले सेवा सुविधा पाउनेको संख्या | ४० जना | सत प्रतिशत |
| १५ | वृद्ध चौतारीका माध्यमबाट जेष्ठ नागरिकको जीवन यापन उत्साहप्रद् बनाउँन वृद्ध चौतारी स्थापना | ० | प्रत्येक वडामा कम्तिमा एउटा निर्माण गर्ने |
| १६ | परम्परागत सांस्कृतिक मूल्य, मान्यता र संस्कारको संरक्षण, सम्वद्र्धन र प्रवद्र्धनको अवस्था | परम्परागत रुपमा संचालनमा रहेको | संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनका कार्यक्रम संचालन गर्ने |

## ३. भौगोलिक तथा भौतिक पूर्वाधार विकासका लक्ष्य तथा गन्तव्यका सूचकहरु

| नतिजा तहहरु | सूचकहरु | आधर वर्ष २०८०/०८१ को अवस्था | २०८५/०८६ सम्मको लक्ष्य |
|---|---|---|---|
| प्रभाव | भरपर्दो र सुरक्षित यात्राका लागि योजना अवधिमा कि.मि. सडक निर्माण तथा स्तरोन्नति गर्ने | ५ किलोमिटर | ५० किलोमिटर |
| असर | १२ महिना भरपर्दो र सुरक्षित सडक यातायात किलोमिटर | १५ किलोमिटर | २०० किलोमिटर |
| | कालोपत्रे सडक | …… किलोमिटर | २०० किलोमिटर |
| क्र.सं. | लक्ष्य तथा गन्तव्य र सूचकहरु | आधर वर्ष २०८०/०८१ को अवस्था | २०८५/०८६ सम्मको लक्ष्य |
| १ | कच्ची सडकको जम्मा लम्बाइ (कि.मि.) | ३२७.५ किलो मिटर | ४२७.५ किलो मिटर |
| २ | ग्राभेल तथा सोलिङ्ग सडक जम्मा लम्बाइ (कि.मि.) | ४ किलो मिटर | १०० किलो मिटर |
| ३ | नाला सहित कालोपत्रे सडकको जम्मा लम्बाइ (कि.मि.) | …… किलो मिटर | २५ किलो मिटर |
| ४ | भरपर्दो विद्युत् तथा वैकल्पिक उर्जामा पहुँच सुनिश्चितता भएको परिवारको संख्या | ७० प्रतिशत | शत प्रतिशत |
| ५ | सार्वजनिक सेवा प्रवाहका लागि गाउँपालिका तथा वडा भवन र सामुदायिक संरचनाहरू स्थापनाको अवस्था | ४ वडा कार्यालय भवन, ५ वटा स्वास्थ्य चौकी भवन, ० कृषि उपज हाट बजार, १ वटा आयुर्वेदिक भवन | १ वटा वडा कार्यालय निर्माण १ वटा स्वास्थ्य चौकी भवन निर्माण कम्तिमा ३ वटा कृषि उपज हाट बजार निर्माण गर्ने विकास १० शैयाको अस्पताल १ वटा |

**४. विपद् व्यवस्थापन तथा वातावरण संरक्षणका लक्ष्य तथा गन्तव्यका सूचकहरु**

| नतिजा तहहरु | सूचकहरु | आधर वर्ष २०८०/०८१ को अवस्था | २०८५/०८६ सम्मको लक्ष्य |
|---|---|---|---|
| प्रभाव | विपद् सम्बोधन भएको अवस्था | | |

| | |
|---|---|
| | जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि प्रतिकार्यहरू भएका |
| असर | खाली तथा प्रति जमिनमा वृक्षारोपण गरी व्यवस्थित वनले ओगटेको क्षेफलमा वृद्धि भएको |
| | जोखिम क्षेत्रका नदी खहरे, खोला तथा पहिरोहरू नियन्त्रण भएका हुनेछन्। |
| | महामारी विरुद्ध लड्ने तयारी भएको अवस्था |

| क्र.सं. | विपद् व्यवस्थापन तथा वातावरण संरक्षणका लक्ष्य तथा गन्तव्य र सूचकहरु | आधर वर्ष २०८०/०८१ को अवस्था | २०८५/०८६ सम्मको लक्ष्य |
|---|---|---|---|
| १ | गाउँपालिका तहमा विपद् कोषको व्यवस्था भएको वा नभएको | १० लाख भएको | रु. ३०. लाख पु्र्याउने |
| २ | विपद् प्रतिकार्यका लागि स्वयंसेवक तयार भए नभएको | १५ जना | प्रत्येक वडामा ५० जनाका दरले जम्मा ….. |
| ३ | खाली प्रति जमिन, सामुदायिक वन तथा नदी र सडक किनारामा वृक्षारोपणको अवस्था | ५ प्रतिशत | २० प्रतिशत |
| ४ | जलवायु परिवर्तन अनुकुलका उपायहरू अवलम्बनको अवस्था | कार्यक्रमहरु सञ्चालनमा रहेको | निरन्तरता दिने |
| ५ | खाना पकाउन दाउरा प्रयोग गर्ने परिवारको संख्या | ९० प्रतिशत | ७० प्रतिशत झार्ने |
| ६ | विपद्मा प्रत्येक वडामा प्रतिकार्यको अवस्था | ५० प्रतिशत | योजना निर्माण गर्ने |
| ७ | खर र परालले छाएका असुरक्षित र जोखिमयुक्त आवासको संख्या | २० प्रतिशत | शून्यमा झार्ने |
| ८ | वनले ढाकेको क्षेत्रफल | ३०.४ प्रतिशत | यथावत राखे |

**५. सस्थागत विकास सेवा प्रवाह र सुशासनका लक्ष्य तथा गन्तव्यका सूचकहरु**

| नतिजा तहहरु | सूचकहरु | आधर वर्ष २०८०/०८१ को अवस्था | २०८५/०८६ सम्मको लक्ष्य |
|---|---|---|---|
| प्रभाव | योजना अवधिको अन्त्यमा गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माणमा प्रभावकारिता वृद्धि गरी आम जनताले समावेशी र सहभागितामूलक असल शासनको अनुभूति गरेका हुनेछन्। | | |
| असर | मूल संविधानको अधिनमा रही सेवामुखी आवश्यक कानुन निर्माण, समयसापेक्ष संशोधन र कार्यान्वयन गरिएको हुनेछ। | | |
| | एकीकृत सेवा प्रवाहका लागि प्रविधि मैत्री भौतिक पूर्वाधारहरूको निर्माण र निरन्तर मर्मत सम्भार गर्ने परिपाटीको विकास भएको हुनेछ। | | |
| | समयानुकूल सेवा प्रवाहका लागि दक्ष मानव संशाधनको व्यवस्था भएको हुनेछ। | | |
| | सेवा बजारहरूको विकास, विस्तार र परिचालन गरिएका हुनेछन्। | | |

| | |
|---|---|
| | वित्तीय व्यवस्थापनलाई चुस्त, दुरुस्त, पारदर्शी र जवाफदेही बनाउनका लागि माग पक्ष र आपूर्ति पक्ष दुवै सचेत, इमान्दार र प्रतिवद्ध भएका हुनेछन्। |

| क्र.सं. | लक्ष्य तथा गन्तव्य र सूचकहरु | आधर वर्ष २०८०/०८१ को अवस्था | २०८५/०८६ सम्मको लक्ष्य |
|---|---|---|---|
| १ | सेवा बजारका रूपमा दक्ष, जनशक्ति उत्पादनको अवस्था | १० प्रतिशत | ५० पुऱ्याउने |
| २ | सूचना तथा सञ्चार र इन्टरनेटको पहुँच भएका परिवारको संख्या प्रतिशत | २० प्रतिशत | ९० |
| ३ | गाउँपालिका तथा वडामा वेभ वेस तथ्याङ्क प्रणाली स्थापनाको अवस्था | राजश्व पञ्जिकरण स्वास्थ्य लेखा शिक्षा रोजगार | सबै सेवा क्षेत्रमा स्थापना गर्ने |
| ४ | गाउँपालिकाको आय व्यय विवरण वेवमा आधारित बनाइ लेखा परीक्षण गर्ने परिपाटी | लागु भएको | निरन्तरता दिने |
| ५ | भू–उपयोग योजना निर्माणको अवस्था | भएको | कार्यान्वयन गर्ने |
| ६ | राजश्व सुधार योजना निर्माणको अवस्था | भएको | कार्यान्वयन गर्ने |
| ७ | कर्मचारी, जन प्रतिनिधि र सरोकारवाला संस्थाहरूको क्षमता विकास योजना निर्माण | निर्माण भएको | कार्यान्वयन गर्ने |
| ८ | हाल सम्म तयार भएका ऐन, नियम, कार्यविधि तथा मापदण्डहरूको संख्या | ४८ | आवश्यकता अनुसार तयार गर्दै जाने |
| ९ | संगठन र संरचना सर्भे भए ÷नभएको अवस्था | नभएको | सर्भे गर्ने |
| १० | गाउँपालिका तथा वडाहरूबाट प्रवाह हुने सेवा सुविधाको विस्तृत विवरण नागरिक बडापत्र (होडिङ्ग बोर्ड) को राखेको/ नराखेको अवस्था | राखिएको | निरन्तरता दिने |
| ११ | गाउँपालिका तथा वडाहरूमा सुझाव पेटिका राखेको/नराखेको अवस्था | राखिएको | निरन्तरता दिने |
| १२ | गाउँपालिकाका गुनासो सुनुवाई गर्ने अधिकारी तोकिएको/ नतोकिएको अवस्था | तोकिएको | क्षमता विकास गरी थप जनमैत्री बनाउने |
| १३ | गाउँपालिकाको कार्य विवरण सार्वजनिक गर्ने गरेको/ नगरेको | गरेको | निरन्तरता दिने |
| १४ | गाउँपालिकाको आन्तरिक राजश्वको अवस्था | आन्तरीक राजश्व रु ७०,००००० | रु. ....... पुऱ्याउने |
| १५ | करदाताको लगत संकलन गरी अभिलेखिकरण गरे/नगरेको अवस्था | ५० प्रतिशत भएको | करदाताको प्रकार अनुरुप दुरुस्त राख्ने |

| | | | |
|---|---|---|---|
| १६ | गाउँपालिकाको राजश्व शाखा छुट्टै व्यवस्था भए/नभएको अवस्था | भएको | निरन्तरता दिने |
| १७ | सूचना तथा सञ्चार प्रविधिको प्रयोगको अवस्था (सफ्टवयर, एसएमएस, इमेल, टेलिफोन आदि) | ७० प्रतिशत भएको | वडाहरु र पालिकामा दुरुस्त राख्ने |
| १८ | नतिजामुखी अनुगमन प्रणालीको स्थापना भए/नभएको अवस्था | आंशिक रुपमा भएको | पुर्ण रुपमा कार्यान्वयन गर्ने |
| १९ | आर्थिक विकास र निजी क्षेत्रसँगको साझेदारी नीति तयारी भए/नभएको अवस्था | भएको | निरन्तरता दिने |
| २० | बेरूजुको अवस्था | १.१४ प्रतिशत | शुन्य प्रतिशतमा झर्ने |
| २१ | परियोजना तथा कार्यक्रम बीच सहकार्य र समन्वय गर्ने गरेको÷नगरेको अवस्था | गरेको | निरन्तरता दिदै अर्थपूर्ण बनाउने |
| २२ | अन्तर सरकारी योजना, बजेट, नीति नियम तथा कार्यगत तालमेल र एकता बारे संघ, प्रदेश र गाउँपालिका बीच समन्वय गर्ने गरेको/नगरेको अवस्था | आंशिक रुपमा हुने गरेको | पूर्ण रुपमा गर्ने |

### ३.७ रणनीति तथा प्राथमिकता (प्राथमिकता निर्धारित समेत)

सिद्ध कुमाख गाउँपालिकाको आवधिक योजना मार्फत दिर्घकालिन सोच, लक्ष्य, उद्देश्य, बमोजिमका परिमाणात्मक लक्ष्य पुरा गर्न विषय क्षेत्रगत रणनीति निर्माण गरी सोहि बमोजिम आफ्ना क्रियाकलाप सञ्चालन व्यवस्था गर्न अनिवार्य छ। तसर्थ यस आवधिक योजनाले स्वीकार गरेका विकास लक्ष्य बमोजिमका विषयगत क्षेत्रको योजना, आयोजना तथा परियोजनाको सफल कार्यान्वयनका लागि देहाय बमोजिमका क्रमका आधार र रणनीति अवलम्बन गरिनेछ।

#### ३.७.१ रणनीति

#### ३.७.१.१ आर्थिक क्षेत्र विकास रणनीति

आर्थीक विकास सँग सम्बन्धित सवै खाले गाउँपालिका स्तरीय ऐन, नियम निर्देशिका तथा कार्यविधि तयार गर्ने आर्थिक विकासका तमाम योजना र कार्यक्रममा समन्वयन गर्न संस्थागत संजाल समन्वय समितिको निर्माण गर्ने

- तथ्याङ्क सङ्कलन तथा अध्यावधिक गर्ने
- गरिवी नक्साङ्कन तयार पार्ने साथै गरिवी परिवारलाई परिचय पत्र दिने
- कृषि, पशुपन्छी पालन, उद्योग, व्यापार, व्यवसाय, पर्यटन एकीकृत बजार लगायतका आर्थिक विकासमा आधारित सवै क्षेत्रलाई समेटेर एकीकृत आर्थिक विकास गुरुयोजना तयार गर्ने
- अर्थ, यन्त्र उपकरण, प्रविधि मानवीय श्रोत र साधनको व्यवस्थापनका लागी गाउँपालिकाबासी, निजी क्षेत्र, संघीय तथा प्रदेश सरकार, सहयोगि तथा विकास साझेदार लगायतका सवै साझेदारी र सहयोगि हरु सँग समन्वय गरी साझेदारीको सुनिश्चितता गर्ने

- सार्वजनिक निजी साझेदारी, सामुदायिक निजी साझेदारी, सार्वजनिक सामुदायिक निजी साझेदारी जस्ता विधि र प्रक्रियालाई र पद्धतिलाई आर्थीक विकास र व्यवस्थापनको मुल आधार बनाउने
- माटो परिक्षण गरी कृषिबाली उत्पादनको आधारमा क्षेत्र निर्धारण गर्ने
- सिचाइको पूर्वाधार नपुगेको क्षेत्रमा पूर्वाधार पुऱ्याउने, बेमौसमी तरकारी खेतीलाई प्राथमिकता र प्रोत्साहन गर्ने साथै कृषि यन्त्रको प्रयोगमा सहुलियत प्रदान गर्ने
- विउ विजन केन्द (सिड बैंक) को स्थापना साथै नश्ल सुधार कार्यक्रमका लागि प्राविधिक जनशक्ति सहितको दिगो व्यवस्थापन गर्ने
- नेपाल सरकार कृषि विकास मन्त्रालय अन्तर्गत सञ्चालन गरिने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सँग समन्वय गरी आवश्यक कार्यक्रम कार्यान्वयन गर्ने
- व्यवसायिक कृषि फर्म सञ्चालनमा कर छुट सहित विशेष सहुलियत प्रदान गर्ने तथा आवश्यक स्थानीय कानूनको निर्माण गरी आफु सँग रहेको जग्गा जमिन शेयरमा रुपान्तरण गरी त्यस प्रकारका संस्था दर्ता गर्न सामुहिक कृषि व्यवसाय सञ्चालन विशेष भूमिका निर्वाह गर्ने
- गाउँपालिकाले निर्धारण गरेको विशेष जातका बाली लगाएर प्रति रोपनी तोकिएको मात्रा भन्दा बढी उत्पादन गर्ने किसान तथा व्यवसायीलाई स्थानीय सरकारको हैसियतमा गणनायोग्य सुविधाहरु घोषणा गरी कार्यान्वयनमा ल्याउने
- निजी क्षेत्र समेतको सहयोग र साझेदारीमा प्राङ्गारिक मलको उत्पादन गर्ने साथै मल खाद्यमा गाउँपालिकालाई आत्मनिर्भर बनाउन भण्डारण केन्द्रको व्यवस्था गर्ने
- रोगनिरोधक विषादीको सुलभ व्यवस्थापन गर्ने साथै प्राङ्गारिक (अर्गानिक) खेतिकालागी गरिएको योजनाबद्ध कार्यक्रमलाई थप प्रभावकारी र प्रोत्साहन गरी रासायनिक मल्लको प्रयोगलाई विस्थापित गर्दै लाने
- श्रोत तथा सङ्कलन केन्द्रको स्थापना र विकास गर्ने, व्यवसायमुलक तालिम तथा सुरक्षित र सुनिश्चित बजार सञ्जाल निर्माण गर्ने
- चरण क्षेत्रमा डाले तथा भुइँघासको विकास र विस्तार गर्ने
- पशुपन्छी आहार उत्पादन तथा आवश्यक आहारको आपूर्ति गर्ने
- रोगनिरोधक औषधिको सुलभ उपलब्धता अनिवार्य गर्ने साथै यसकालागी आवश्यकताका आधारमा संघीय तथा प्रदेश सरकार सँग आवश्यक समन्वय गर्ने
- सम्भाव्य वडामा कृषि प्रशोधन केन्द्र सञ्चालन व्यवस्थापन गर्ने साथै दुग्ध पदार्थ प्रशोधन केन्द्रको स्थापना, पशुबधस्थल निर्माण लगायतका कार्यलाई विशेष प्राथमिकता दिने
- उद्योग, कृषि पर्यटन सहकारी तथा सांस्कृतिक विकास लगायतका आर्थिक विकासका क्षेत्रमा योगादन पुऱ्याउने सवै खाले व्यवसायिक संघसंस्था, कार्यालय तथा व्यक्तिलाई गाउँपालिका बाट प्रवाह हुने सेवा सुविधामा विशेष सहुलियत प्रदान गर्ने
- पर्यटन विकास अन्तर्गत धार्मिक साँस्कृतिक तथा ऐतिहासिक क्षेत्रहरुको संरक्षण, सम्बर्द्धन र विकास गर्ने तथा यसकालागी निजी क्षेत्रलाई आकर्षित गर्ने
- गाउँपालिकाका सवै वडाहरुमा वडाबासीको माग बमोजिम बचत तथा ऋण सहकारी संस्था, लघुवित्त विकास संस्था वित्तीय संस्था तथा बैंकहरुका कार्यालय तथा शाखा पुऱ्याउने

- घरपरिवार तथा वचत कार्यक्रम र वित्तीय साक्षरताका लागि बैंक तथा वित्तीय संस्थाहरु सँग साझदारी गर्ने तथा युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने
- सवै घरपरिवार अनिवार्य बैंक खाता हुने व्यवस्था मिलाउने
- न्युनतम ब्याजदर र सहज रुपमा आवश्यक आर्थिक श्रोत प्राप्त गर्न सक्ने अवस्थाहरुको सिर्जना गर्न बैंक तथा वित्तीय संस्था र सहकारी विकास गर्ने
- आर्थीक विकासक सवैखाले क्षेत्रमा गाउँपालिकाले औधोगिक, ब्यापारिक तथा व्यवसायिक दुतको भुमिका निर्वाह गर्ने
- कोसेली घर निर्माण गरी पर्यटकलाई आकर्षित तथा स्थानीय उत्पादनको बजारीकरण गर्ने

### ३.७.१.२ सामाजिक क्षेत्र विकास रणनीति

क. विषय क्षेत्रगत रणनितिया

- संविधान, संघीय तथा प्रदेश कानूनको समेत अधिनमा रही आवश्यक स्थानीय नीति, ऐन नियम, निर्देशिका वा कार्यविधिहरु तर्जुमा तथा व्यवस्थापन गर्ने
- स्रोतको पहिचान तथा परिचालन र व्यवस्थापन गर्ने साथै स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग र परिचालन गर्ने
- नागरिक तथा सरोकारवाला र साझेदार संघ संस्थाको सहभागितालाई प्राथमिकता दिने
- अनुत्पादन खर्चमा कटौती गर्ने
- सवै योजना तथा कार्यक्रमलाई उत्पादकत्व सँग आवद्ध गर्ने
- रोजगारीको सिर्जना, गरिवी निवारण तथा न्यूनीकरण साथमा दिगो विकासमा आधारित योजना र कार्यक्रमको कार्यान्वयनलाई विशेष प्राथमिकता दिने
- शिक्षा र साक्षरताका साथमा सिप विकास र प्रविधिको विकास र व्यवसाय प्रवर्द्धनमा विशेष लगानी गर्ने
- कम्तिमा २० वर्षको आवश्यकलाई ध्यानमा राखी सामाजिक विकासका लागि सवै पूर्वाधारहरुको निर्माण र विकास गर्ने
- भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक जग्गा जमिन तथा वडा तथा गाउँपालिका स्तरीय क्षेत्र निर्धारण गर्ने
- सार्वजनिक निजी साझेदारी, सार्वजनिक सामुदायिक साझेदारी तथा सार्वजनिक सामुदायिक निजी साझेदारी कार्यक्रमलाई विशेष प्राथमिकता राख्ने
- आधुनिक प्रविधिको विकास, विस्तार र जनचेतना अभियान बाट सामाजिक कुरीति र अन्धविश्वाशको अन्त्य गर्ने
- सन्तुलित आहार स्वास्थ्य जीवनको लागि अन्त्यतै आवश्यक भएकाले एक घर एक करेसाबारी कार्यक्रमका लागि सुआहार लगायतका दातु निकाय तथा गैर सरकारी संस्थाहरु मार्फत साझेदारी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने
- विभिन्न जातजातिको बसोबास रहेको गाउँपालिका सामाजिक, संस्कृतिक तथा जातीय सदभाव कायम राख्न समन्वयात्मक कार्य प्रणालीको विकास गर्ने
- खाद्य पदार्थ तथा खानेपानीको गुणस्तर परिक्षणका लागि प्रयोगशालाको व्यवस्थापन गर्ने साथै उक्त व्यवस्था नहुदाको बखत सम्म सम्भाव्य निकाय सँग समन्वयन र साझेदारी गर्ने

- स्थापित दिर्घकालिन सोच लक्ष्य र उद्देश्य पुरा गर्न समग्र सामाजिक विकासको माध्यम बाट एक उतकृष्ट, आधुनिक र सुविधा सम्पन्न गाउँपालिकाको विकास गर्ने

ख. विषय शिर्षक गत रणनीतिहरु

१. शिक्षाः

- शैक्षिक सत्रको सुरुवात बाटै विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक संघ समेतलाई परिचालन गरी घरदैलो अभियान सञ्चालनका साथ विद्यालय भर्नालाई सतप्रतिसत बनाउने
- विद्यालयको नियमितताका आधारमा बालबालिकालाई पुरस्कृत गर्ने
- सवै विद्यालयहरुमा अनिवार्य इ-हाजिरीको व्यवस्था गर्ने साथै बालकक्षा को प्रभावकारी व्यवस्थापन र डिजिटल कक्षा कोठाको विकास गर्ने
- विद्यालय शिक्षकलाई बालमैत्री अवधारणा र बालमैत्री कक्षा व्यवस्थापन सहितका आवश्यक तालिम प्रदान गरी सवै शिक्षकलाई सर्वप्रथम आफु सहजकर्ता भएको अनुभुति दिलाउने तथा बाल मनोविज्ञान आधारित पाठन कला र शैली तथा विद्यार्थी शैक्षिक गुणस्तर र उतिर्ण स्तरका आधारमा सम्बन्धित विषय शिक्षकलाई पुरस्कृत गर्ने व्यवस्था मिलाउने
- विद्यालयका लागि आवश्यक भवन, कक्षा कोठामा डेस्कबेंच, शौचालय, खानेपानि, सरसफाई, सेवा सुविधा र सुरक्षामा सुधार गरी बालबालिका विद्यालय जाउँजाउँ लाग्ने गरि बालमैत्री मापदण्ड बमोजिम निर्माण तथा व्यवस्थान गर्ने
- विद्यालयहरुमा सूचना र प्रविधिको विकासका लागी इन्टरनेट सुविधाको अनिवार्य व्यवस्था गर्ने
- विद्यालयमा दिवा खाजालाई अनिवार्य गर्ने साथै आफ्ना छोराछोरीकालागि आफ्नै घरमा पाकेको खाजा अनिवार्य पठाउनु पर्ने व्यवस्था मिलाउने
- विद्यार्थीलाई विद्यालय हाता भित्र र शिक्षकलाई कक्षा कोठा भित्र मोबाइलको प्रयोगमा प्रतिबन्ध लगाउने साथै अभिभावकले आफ्ना छोराछोरीललाई मोबाइलको प्रयोगमा व्यवहारिक बनाउन जिम्मेवारी भूमिका निर्वाह गर्ने
- विद्यालयमा आर्थिक सुशासन कायम गर्न सवै विद्यालयहरुले आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र विद्यालयका आम्दानी र खर्च हिसाब सार्वजनिक गर्ने व्यवस्था मिलाई सोको अनुगमनको व्यवस्था मिलाउने
- विगतमा जिल्ला शिक्षा कार्यालय बाट अनुमति प्राप्त गरेका तर आवश्यक दरबन्दीको व्यवस्था नभएको प्रस्तावित विद्यालय हरुमा दरबन्दी तथा अनुदानको व्यवस्था गर्ने
- सवै विद्यालयमा सिसिटिभी जडान गरी नियमित अनुगमनलाई प्रविधि मैत्री बनाउने

२. स्वास्थ्य :

- गाउँपालिकामा पालिका स्तरीय १ वटा अस्पताल, प्रत्येक वडामा भएका स्वास्थ्य संस्थाहरुलाई सुविधा सम्पन्न आधारभुत स्वास्थ्य संस्थाको रुपमा निर्माण र दक्ष  स्वास्थ्यकर्मीहरुको व्यवस्थापन गर्ने

- महिला तथा बालमैत्री स्वास्थ्य केन्द्रको व्यवस्थापनका साथ गर्भवती महिला र बालबालिकालाई खोपको सुनिश्चितता र नियमितताको व्यवस्थापन गर्ने तथा घरमा सुत्केरी गराउने प्रथालाई सुन्यमा झार्ने
- पानी उमालेर खाने तथा मिचिमिची हात धुने बानीको थप विकास गर्न प्राथमिकताका साथ जनचेतना अभियान सञ्चालन गर्ने साथै यसरि गाउँपालिका सँग साझेदारी गर्नेलाई गाउँपालिकाको तर्फबाट विशेष सहयोग वा सहुलियत उपलब्ध गराउने
- आधारभुत स्वास्थ्य सेवा केन्द्रमा औषधि, उपकरणको व्यवस्था गर्ने साथै नेपाल सरकार बाट निःशुल्क वितरण गर्ने भनि तोकिएका औषधी वितरणमा प्रभावकारी व्यवस्थापन गर्ने
- आधारभुत स्वास्थ्य सेवा केन्द्रमा प्रयोगशाला, स्वास्थ्य परिक्षण कोठा, बिरामी आराम कक्ष प्रतिक्षालय तथा बालबालिका तौलने मेसिन लगायतका सवै उपकरणको व्यवस्था गर्ने
- सवै उमेर समुहका स्थानीय बासिकालागी सामान्य तर महत्वपूर्ण रहेको ब्लड ग्रुप, ब्लड सुगर, ब्लड प्रेसर जस्ता जाँचलाई निशुल्क गर्ने साथै महिला स्वास्थ्य स्वयम् सेविकाहरुको सेवालाई थप प्रभावकारी बनाउने
- निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाहरुको सेवालाई सर्वसुलभ र प्रभावकारी बनाउन स्थानीय मापदण्ड निर्माण गरी कार्यान्वयनमा ल्याउने

३. खानेपानी

- खानेपानीका मुहानहरुको सरसफाई र संरक्षण गर्ने साथै खानेपानी गृह (टयाङ्की) निर्माण गर्ने
- पानीको शुद्धिकरणका लागि परिक्षण र प्रशोधनको व्यवस्था गर्ने (खानेपानीको मुहान नजिक प्राकृतिक पानी प्रशोधन केन्द्रहरुको निर्माण गर्ने)
- गाउँपालिकाभित्रको सम्पूर्ण घरपरिवारमा एक घर एक स्वच्छ र शुद्ध खानेपानी धाराको अवधारणा बमोजिम खानेपानी सुविधा पुऱ्याउने साथै सवै घरपरिवार, विद्यालय लगायतले अनिवार्य फिल्टरको प्रयोग गर्नु पर्ने व्यवस्था मिलाउने
- प्रत्येक विद्यालय, सार्वजनिक सेवाका क्षेत्र कार्यालय र सार्वजनिक स्थलहरुमा आवश्यक संरचना निर्माण विकास गरी सुरक्षित र स्वच्छ खानेपानी उपलब्ध हुने व्यवस्था मिलाउने
- विद्यालय तथा सार्वजनिक स्थान र क्षेत्रमा बालमैत्री तथा अपाङ्गमैत्री खानेपानी प्रवाह धाराको व्यवस्था गर्ने
- समुदायको प्रत्यक्ष सहभागिता रहने गरी समुदाय स्तरीय खानेपानी आयोजनालाई विशेष प्राथमिकताका साथ कार्यान्वयन ल्याउने

४.शौचालय :

- सवै घरपरिवारलाई अनिवार्य पानीको पर्याप्तता हुने गरी सुविधायुक्त शौचालय अनिवार्य निर्माण गर्नु पर्ने वाध्यात्मक व्यवस्था मिलाउने साथै यसकार्यलाई घर नक्सा पास तथा घर सूचीकरण वा अभिलेखीकरण सँग आवद्ध गर्ने
- सवै घरपरिवारले शौचालय सँगै अनिवार्य साबुन पानि सहितको हाथधुने स्थानको व्यवस्था अनिवार्य गर्ने यस कार्यलाई सेवा प्रवाह सँग आवद्ध गर्ने

- सवै वडाका आवश्यक सार्वजनिक स्थलहरुमा सुविधा युक्त सार्वजनिक शौचालयहरु निर्माण गरी सञ्चालन व्यवस्थापन गर्ने र यसरि सञ्चालनमा आउने शौचालयहरु अनिवार्य बालमैत्री तथा अपाङ्गमैत्री निर्माण गर्ने
- पूर्ण सरसरफाई लागि चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने साथै खुला दिशामुक्त गाउँपालिकालाई थप व्यवस्थापन गरी निरन्तरता दिने

५. महिला, बालबालिका तथा लक्षित वर्ग

५.१ महिला

- सामाजिक विभेद, घरेलु हिंसा र दुर्व्यवहार अन्धविस्वास लगायतका सामाजिक कुरीतिको अन्त्यकालागी महिला तथा पुरुष सम्मिलित सामाजिक न्याय सञ्चार समुह गठन गरी क्रियाशील गराउने
- शिप विकास सहित महिलालाई आर्थिक उपार्जनका क्षेत्रका क्रियाशिल गराउन महिला द्वारा प्रवर्द्धित उद्योग कलकारखाना तथा व्यापार व्यवसायलाई संरक्षण र सम्बर्द्धन गर्ने साथै सहुलियत पूर्ण आर्थिक स्रोको व्यवस्थापनकालागी सहकारी तथा बैंक वित्तीय संस्था सँग सहकार्य गर्ने
- महिलाले मात्र सञ्चालन तथा व्यवस्थापन गर्ने प्रकृतिका उद्योग व्यापार तथा व्यवसाय सँग सम्बन्धित परियोजना बैंक तयार गर्ने
- महिला द्वारा प्रवर्द्धित आय आर्जन र रोजगारी सिर्जना गर्ने प्रकृतिका आयोजनामा बिशेष सहयोग कोष स्थापना गरी उक्त कोषको पूर्ण सदुपयोग गर्ने
- समान कामको समान ज्यालाको कानूनी मान्यतालाई कडाईका साथ व्यवहारमा ल्याउने
- सामाजिक संस्कारहरुमा महिला माथि गरिने विभेदको अन्त्यकालागी सामाजिक न्याय सहितको गाउँपालिका स्तरीय कानून निर्माण गरी कार्यान्वयन गर्ने

५.२ बालबालिका

- बालमैत्री स्थानीय शासनमा आधारित रणनीतिक योजना समेतका आधारमा बालमैत्री गाउँपालिकाको दिगो पनाको सुनिश्चितता गर्ने
- घरपरिवार, सार्वजनिक संघ संस्था तथा कार्यालय लगायत सम्पूर्ण सरोकारवाला निकाय र स्थानमा बालमैत्री वातावरण विकास गर्ने साथै घरपरिवार लगायतका सवै सरोकारवालाले आफ्नो भौतिक संरचना अनिवार्य बालमैत्री बनाउने
- समुदाय स्तरीय तथा विद्यालय स्तरीय साथै वडा र गाउँपालिका स्तरीय बाल क्लबहरुलाई थप क्रियाशील गराउने
- लागु औषध लगायतका कुलतमा लागेको बालबालिकाको उद्धार गर्ने तथा यसो हुन नदिन बालक्लबलाई परिचालन गर्ने
- अनाथ तथा सडक बालबालिकाको उद्धार, पुनर्स्थापना, व्यवस्थापन र संरक्षण गर्ने
- सामाजिक तथा पारिवारिक अवहेलना र तिरस्कारको अन्त्यकालागी आवश्यक कानून समेत निर्माण गरी सामाजिक सुरक्षाको प्रत्याभूतिको सुनिश्चितता गर्ने

५.३ लक्षित वर्ग तथा समुदाय

- वडा तथा टोलटोलमा जेष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण सेवा तथा औषधी उपलब्धताको व्यवस्था गर्ने
- जेष्ठ नागरिकहरुकालागि अनुभव, ज्ञान र सिपको आदान प्रदान लक्षित शैक्षिक भम्रण, सिप विकास लगायतका कार्यक्रमको व्यवस्था गर्ने
- जेष्ठ नागरिकलाई वहाँहरुको वासस्थानमा नै गएर सम्मान गर्ने व्यवस्था मिलाउने
- जेष्ठ नागरिक दिवा सेवा केन्द्र, जेष्ठ नागरिक मिलन चौतारीहरुमा व्यवस्थापन गरी पारिवारिक एक्लोपन वा अभावको न्यूनिकरण गर्ने
- गाउँपालिका भित्र सञ्चालन हुने सार्वजनिक यातायात साधनमा छुटको व्यवस्थालाई अनिवार्य र व्यवस्थित गर्ने
- स्थानीय कानूनको निर्माण गरी आर्थिक, सामाजिक तथा पारिवारिक अपहेलनाको अन्त्य गर्ने
- अपाङ्गता भएका व्यक्तिहरुको प्रकृति र क्षमताका आधारमा सिप विकास तथा आय आर्जन कार्यत्रम सञ्चालन गरी स्वनिर्भरता तर्फ उत्प्रेरणाकासाथ अघि बढाउने
- न्यायिक अधिकार र पहुँचमा अभिबृद्ध गर्न लक्षित वर्ग तथा समुदाय सचेतना अभियान लाई अघि बढाएर समान पहुँच स्थापित गराउने साथै कानूनी साक्षरता तालिम प्रदान गर्ने
- राज्य बाट प्राप्त अधिकारको सुनुश्चितताकालागि लक्षित वर्ग तथा समुदायको क्रियाशीलतालाई थप प्रभावकारी बनाउने
- सिप तथा क्षमता विकासका माध्यम बाट स्वरोजगार बनाउने

६.युवा तथा खेलकुद

- खेलकुदकालागि आवश्यक पूर्वाधारहरुको विकासका साथ गाउँपालिका खेलकुद प्रशिक्षकको व्यवस्था गरी व्यवसायिक खेलाडी उत्पादन गर्ने
- विद्यालयहरुमा अनिवार्य खेलमैदानको निर्माण विकास गर्ने
- जिल्ला तथा गाउँपालिका स्तरीय खेल मैदान (रंगशाला का साथमा एक वडा एक खेलमैदान हिसाबले प्रत्येक वडामा वडास्तरीय खेलमैदानको निर्माण विकास गर्ने)
- विद्यालय तह देखिनै खेलकुदको दिगो विकास गर्न अन्तर वडा खेलकुद प्रतियोगीता सञ्चालन गर्ने
- स्वास्थ्यकालागि खेलकुद अभियानलाई कार्यान्वयन गर्ने
- युवा स्वरोजगारिको सिर्जना गरी रोजगारीको सिलसिला विदेशिने प्रकृयालाई निरुत्साहित गर्ने

७. खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण

- आवश्यक भौतिक पूर्वाधार निर्माण गरी गाउँपालिकाबासीलाई आफ्नै उत्पादनले धान्ने गरी खाद्य भण्डारको व्यवस्था गर्ने तथा आत्म निर्भरताकालागि खाद्य उत्पादनमा वृद्धि गर्ने
- उपभोक्ता हित सँग समन्धीत गाउँपालिका स्तरीय ऐनको व्यवस्था गरी सोही बमोजिम उपभोक्ता हित संरक्षणका गतिबिधि सञ्चालन व्यवस्थापन गर्ने साथै बजार अनुगमनलाई नियमित र व्यवस्थित बनाउने
- प्राङ्गारिक तथा विषादी रहित खाद्य पदार्थको मात्र उत्पादन र बिक्रिबितिरणलाई अनिवार्य गर्ने साथै विषादीयुक्त खाद्य पदार्थ बिक्रि वितरण गर्नेकालागि  नियमन गर्ने

### ३.७.१.३ पूर्वाधार क्षेत्र विकास रणनीति

- भौतिक पूर्वधार निर्माण विकास सँग सम्बन्धित आवश्यक ऐन, नियम निर्देशिका तथा कार्यविधिहरु निर्माण, व्यवस्थापन तथा कार्यान्वयन गर्ने
- अतिनै बिकट भौगोलिक स्वरूप, छरिएको बस्ति, स्थानीय उत्पादनहरुको बजारीकरण र सार्वजनिक सेवा प्रवाहमा स्थानीयबासीको पहुँचमा विकास, विस्तार र सुगमताकालागी सडक तथा पुलहरुको बिस्तारमा बढोत्तरी गर्ने
- यातायात गुरुयोजना तयार गरी सो अनुसार सडकहरुको वर्गीकरण गरी न्युनतम रुपमा सतह नाला, फुटपाथ अलगै रहने १४ मिटर १० मिटर ८ मिटर र ६ मिटरका कृषि, पर्यटन, औद्योगिक र आवासीय सडकहरुको न्युनतम मापदण्ड निर्धारण गर्ने साथै कुनै पनि संरचना निर्माण गर्दा अनिवार्य सेडब्याक छाड्नु पर्ने व्यवस्था मिलाई कडाईकासाथ कार्यान्वयनमा ल्याउने
- विषयगत क्षेत्र उल्लेख गरिएका भौतिक पूर्वाधार निर्माण विकास सँग सम्बन्धित योजना तथा आयोजना र कार्यत्रमहरु समेत समन्वयात्मक रणनीति र मापदण्ड बमोजिम कार्यान्वयन गर्ने
- वातावरणीय प्रभावको विषयलाई ध्यानमा राखी भौतिक पूर्वाधार निर्माण गर्दा वर्गीकरण र मापदण्डका आधारमा वातावरणीय अध्यापन (BEA/IEE/EIA) गर्नु पर्ने व्यवस्थालाई अनिवार्य गर्ने
- निर्मित भौतिक पूर्वाधारहरु मर्मत संभार गर्नु पर्ने अवस्थामा गाउँपालिकाले खडा गरेको मर्मत सम्भार कोषबाट प्राथमिकताका आधारमा मर्मत सम्भार गर्ने
- तालिम, गोष्ठी, सफ्टवेयरका कार्यक्रम र लक्षित वर्गको आयोजना बाहेकका प्रत्यक आयोजनाबाट २% रकम कट्टा गरी मर्मत सम्भार कोषमा जम्मा गरिने
- आवधिक योजनामा प्राथमिकता क्रम बमोजिम निर्माण सम्पन्न गर्नु पर्ने भौतिक पूर्वाधार निर्माणकालागि आवश्यक जग्गा जमिन तथा स्थानको व्यवस्थापन गर्ने
- विषयगत र क्षेत्रगत गुरुयोजना तयार गर्ने साथै लगानी क्षमता र महत्वका आधारमा यस आवधिक गाउँपालिका विकास योजनामा गरिएका प्रथम प्राथमिकतामा परेका आयोजनाको विशेष प्राथमिकीकरण गर्ने
- प्रचलित कानूनको अधिनमा रही गाउँपालिका दर रेट निर्धारण गर्ने
- गाउँपालिकाको आन्तरिक सार्वजनिक खरिद कार्यविधि र खरिद योजना तयार गर्ने
- सडक पूर्वाधार गुणस्तर मापदण्ड निर्धारण गर्न गाउँ स्तरीय निर्माण सामग्रीको उपलब्धताको सुनिश्चितता गर्ने
- सडक पूर्वाधार गुणस्तर मापदण्ड निर्धारण गर्न गाउँ स्तरीय निर्माण सामग्री प्रयोगशाला स्थापना गर्ने
- स्थानीय स्तरमा रहेको आर्थिक, भौतिक तथा मानवीय स्रोत र साधनको प्रयोग तथा व्यवस्थापना साथै पारदर्शी तथा न्यायोचित, मितब्ययी र दिगो विकासमा आधारित लगानीको सुनिश्चितता गर्ने
- छरिएर रहेका बस्ति वा घरहरुलाई समेटेर सेवा सुविधा प्रवाहमा सहजता ल्याउनकालागि एकिकृत गर्ने प्रयोजनकालागि उपयुक्त स्थानमा एकिकृत बस्ति विकास योजना सञ्चालन गर्ने
- गाउँपालिकामा नक्सा पास नगरी नयाँ संरचना निर्माण गर्ने कार्यमा पूर्णरुपमा प्रतिबन्ध लगाउने साथै पुरानो घरको अभिलेख कार्यलाई प्राथमिकता दिने
- संघीय तथा प्रदेश सरकार लगायत सम्भाब्य सवै स्थानीय तथा बाहृय विकास साझेदार सँग समन्वय र सहकार्य गर्ने

- लागत सहभागिता अभिवृद्धिमा जोड़ दिने साथै लागत सहभागीतामा आधारित कार्यक्रमलाई पहिलो प्राथमिकतामा राख्ने
- भौतिक पूर्वाधार निर्माणकालागि आवश्यक यन्त्र उपकरणको सहज व्यवस्थापन र उपलब्धतामा निर्माण व्यवसायीलाई सशक्तिकरण गर्ने।
- उपभोक्ता तथा नागरिक समाजलाई सङ्कल्प सहितको सिद्ध कुमाख विकास अभियानमा सहभागिता, साझेदारी र अगुवाई गराउने
- तोकिएको समय सिमा भित्र निर्माण कार्य अनिवार्य सम्पन्न गर्ने लाई पुरस्कार तथा दण्ड जरिवाना सहितको सवै खाले उपाय बिधि र प्रक्रियाहरुको अवलम्बन गर्ने।
- सवै ठेक्काहरू विद्युतीय प्रणालीहरुबाट इ-बिडिंग मार्फत गरिएको र सो लाई निरन्तरता दिने।
- पालिकाको प्राविधिक जनशक्ति वृद्धि गरी प्रत्येक वडामा एक प्राविधिक जनशक्ति व्यवस्थापन गर्ने साथै प्राविधिक जनशक्ति क्षमता अभिवृद्धि हुने कार्यक्रम सञ्चालन गर्ने।
- हरेक आ.वा. मा १०० जनाका दरले मिसन तालिम आयोजना गरी ५ वर्षमा भूकम्प प्रतिरोधी भवन निर्माणको ज्ञान भएको दक्ष जनशक्ति डकर्मि उत्पादन गर्ने।
- हरेक आ.व. मा ५० जनाका दरले अदक्ष श्रमिकहरुलाई दक्षमा रुपान्तरण गर्न तालिम सञ्चालन गरी ५ वर्षमा २५० दक्ष श्रमिक उत्पादन गर्ने।
- भवन निर्माणमा नेपाली नागरिकको प्रयोग अनिवार्य गरी विदेशिमुलुकका ठेकेदार न्यूनीकरण गर्ने।

### ३.७.१.४ वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र विकास रणनीतिहरु

- स्थानीय ऐन नियम, निर्देशिका र कार्यविधिलाई दुरुस्त र प्रभावकारी बनाउने
- गाउँपालिका स्तरीय प्राकृतिक प्रकोप उद्धार समितिको निर्माण गर्ने
- प्रकोप न्यूनीकरण, राहत तथा उद्धार कोषको स्थापना र विकास गर्ने साथै प्राकृतिक प्रकोप उद्धार कोष सञ्चालन व्यवस्थापन कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याउने
- दीर्घकालिन वातावरण संरक्षण, सम्बर्द्धन र विकासकालागी सवै सम्भाव्य क्षेत्रलाई समेटने गरी एकिकृत वातावरण संरक्षण सम्बर्द्धन गुरुयोजना तर्जुमा गर्ने
- सरकारी, सामुदायिक, कवुलियति तथा निजी वनजङ्गलको संरक्षण, सम्बर्द्धन र विकासका साथमा चरण क्षेत्रको रेखाङ्कन सहित सुनिश्चितता गर्ने साथै निजी क्षेत्रले समेत आनाधिकृत रुपमा रुखको कटानी गर्ने कार्यलाई नियमन गर्ने
- मुख्य बजार क्षेत्रमा आफ्नो घर कम्पाउण्ड अनिवार्य प्रत्यक घरले २ वटा विरुवा र गाउँपालिकाका अन्य क्षेत्रमा एक घर १० विरुवा (घाँसे वा फलफूलका विरुवा) रोप्नै पर्ने गरी अभियान सञ्चालन गर्ने सार्वजनिक स्थलमा रोपिएका विरुवाको हेरचार र संरक्षणकालागि टोल विकास वा सामुदायिक विकास संघ संस्था लाई जिम्मेवारी दिने
- सयौं वर्ष पुराना रुख काट्न नपाइने नियमिति ल्याउने र रुख काटिएको ठाउँमा १ रुख काटे वापत अनिवार्य ५ वटा रुख रोप्ने अनिवार्य गर्ने व्यवस्था मिलाउने साथै वनक्षेत्र तथा खेत बारीमा डालेघाँसकालागि उपयोगी र करेसा बारी लगायतका घरनजिकका क्षेत्रमा फलफूलका विरुवा रोप्ने कार्यलाई विशेष प्रोत्साहन गर्ने
- कम्तिमा १०० रोपनी जग्गाको व्यवस्था गरी फोहोरमैला बिसर्जन केन्द्र बनाउने साथै उक्त क्षेत्रलाई फोहोरमैला प्रशोधन केन्द्रको रुपमा विकास गरी रोजगारीको सिर्जना र आय आर्जन मुलक बनाउने

वा छिमेकी गाउँपालिका तथा निजी क्षेत्र सँगको साझेदारीमा फोहोरमैला प्रसोधन केन्द्र सञ्चालन व्यवस्थापन गर्ने

- डस्टविनको प्रयोग गरी प्रत्येक घरले कुहिने र न कुहिने फोहोरमैलालाई छुट्याउनै पर्ने गरी फोहोरमैला व्यवस्थापन ऐन मार्फत बाध्यकारी व्यवस्था गर्ने साथै जग्गा जमिन उपलब्ध रहेका घरपरिवारले अनिवार्य रुपमा कुहिने फोहोरमैलालाई कम्पोष्ट तथा गड्यौले मल बनाउनै पर्ने बाध्यकारी व्यवस्था सहित कम्पोष्ट मल बनाउने घरपरिवारलाई अनुदान दिने
- फोहोरमैलाको व्यवस्थित विसर्जनाकालागि ढुवानीका साधनको व्यवस्था गर्ने, सवै घरपरिवारले गाउँपालिकाले तोकेको समय र स्थानमा मात्र फोहोर फाल्न अनिवार्य गर्ने साथै टोल टोलमा फोहोरमैला व्यवस्थापन सम्बधि जनचेतनामुलक तालिम दिने
- २० वर्ष भन्दा माथिका प्राविधिक रुपमा सञ्चालनका लागि अयोग्य ठहरिएका पुराना गाडीको प्रयोगमा गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा प्रतिबन्ध लगाउने
- धुलो धुवाको नियन्त्रण साथै विभिन्न धार्मिक तथा संस्कृतिक गतिविधिमा हुने ध्वनि प्रदुषण नियन्त्रणकालागि मुख्य बजार क्षेत्र, विद्यालय, अस्पताल तथा स्वास्थ्य केन्द्र रहेका स्थान र क्षेत्रमा हर्न माइक तथा डीजेबाजालाई निषेध गर्ने।
- उद्योग, सार्वजनिक स्थल लगायतका स्थानबाट निस्कने फोहोर पानीको नियन्त्रण गर्ने, फोहोर पानी प्रशोधन गरेर मात्र खोला तथा सार्वजनीक प्रयोगका स्थानमा निस्कासन गर्न आवश्यक पूर्वाधारको व्यवस्था गर्ने साथै मुख्य बजार केन्द्रहरुमा ढल/पानी निकासनको आवश्यक व्यवस्थापन मिलाउने
- मुख्य बजार क्षेत्रमा यत्रतत्र छरिएर रहेका विद्युत, टेलिफोने तथा केवलका तार पानीका पाइपलाई बजारको सुन्दरता र सेवा प्रवाहमा अवरोध नआउने गरी व्यवस्थापन गर्ने गराउने
- प्लास्टिक अथवा प्लास्टिक जन्य वस्तुलाई जलाउने प्रचलनलाई निषेध गर्ने तथा निषेधित कार्य गर्नेलाई दण्ड जरिवाना गर्ने
- धुम्रपान तथा मध्यपान निश्चित क्षेत्र र स्थानमा मात्र यस प्रकारका बस्तुको प्रयोग गर्न पाउने व्यवस्था गर्ने
- विपद जोखिम वडा टोलको नक्साङ्कन गर्ने, विपद व्यवस्थापन टोलसमुह गठन गर्ने.
- गाउँपालिका क्षेत्र भित्र निर्माण हुने सडक, भवन लगायतका सवै प्रकृतिका भौतिक संरचना निर्माण गर्दा निर्माण स्थलको भौगोलिक बनोट र अवस्थाको अध्ययन गरेरमात्र निर्माण गर्ने तथा निर्माण इजाजत दिने व्यवस्था गर्ने
- भूकम्प प्रतिरोधक घर निर्माणलाई अनिवार्य गर्ने बाढीको जोखिम रहेका स्थानमा अनिवार्य वृक्षारोपण गर्ने गराउने साथै आगलागी तथा महामारी जस्ता जोखिमबाट बच्न जनचेतना अभियान सञ्चालन गर्ने
- असुरक्षित स्थानमा तथा छरिएर रहेको मानव बसोबासलाई एकीकृत आवास क्षेत्र निर्माण विकास गरी सुरक्षित स्थानमा स्तानान्तरण गर्ने
- आगलागी बाट वनजङ्गलको संरक्षणकालागि अग्निरेखा निर्माण, सुख्खा क्षेत्रमा पानी संरक्षणकालागि पक्कि पानी पोखरी निर्माणको कार्यलाई अधि बढाउने
- सके सम्म प्रत्येक टोलमा स्थानीयबासीको सहभागितामा सुरक्षित पानी पोखरी निर्माण गर्ने
- प्रकोपको जोखिम देखिएका वा सम्भावना रहेका भौतिक संरचना निर्माण तथा वासस्थानको रुपमा रोक लगाउने

- गाउँपालिकाको आन्तरिक आम्दानीको १०% रकम सर्व साधारण गाउँपालिकाबासी, नागरिक समाज, उद्योगी तथा व्यवसायिक र व्यापारिक प्रतिष्ठान, बैंक तथा वित्तीय संस्था लगायत सबैलाई उनीहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गरिनु पर्ने कुल रकमको १० देखि १५ % रकम, प्रदुषण गरेवापत तथा जथाभावी फोहोरमैला गरेवापत गरिने दण्ड जरिवाना बाट उठेको १०० % रकम, पर्यटन बाट प्राप्त शुल्कको १५ % रकम, वन व्यवस्थापन सँग सम्बन्धित संघ संस्था बाट वनपैदावारको उपयोग तथा बिक्रि वितरण गर्दा हुने आम्दानीको १० % रकम सवारी साधन बाट लिइने सडक पूर्वाधार सेवा शुल्क बाट उठेको रकमको १० % रकम प्रकोप उद्धार तथा न्यूनीकरण कोषमा जम्मा गर्नै पर्ने बाध्यकारी व्यवस्था मिलाउने
- उद्धार र राहत कार्यबारे नियमित अभ्यास द्वारा गाउँपालिकाबासी हरुलाई सुचित गर्ने
- प्रदुषण रहित यातायातका साधन तथा उद्योग व्यवसायलाई व्यवसाय करको निश्चित प्रतिसत छुट दिने
- वायुमण्डल मा रहेका तथा रहने कार्वन तथा क्लोरोफ्लोरो कार्वनको मात्रा साथै वायुमण्डलीया तापक्रमलाई कमी पार्न वातावरणीय विकासको माध्यम बाट सहयोग गर्ने
- वनजङ्गलको संरक्षण र सम्बर्द्धन बाट वन्यजन्तु, पशुपन्छी तथा जडिबुटीको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन गरी स्थानीय तथा राष्ट्रिय आय वृद्धिमा सहयोग पुऱ्याउने
- वातावरण विकास र वन्यजन्तु संरक्षण बाट पर्यापर्यटनको विकास र विस्तार सहित पर्यटन विकासमा सहयोग पुऱ्याउने
- हरित क्षेत्रको विकास र विस्तार तथा संरक्षण गरी ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा सांस्कृतिक स्थल र क्षेत्रको प्रवर्द्धन गर्ने
- फोहोरमैला व्यवस्थापन, वृक्षारोपण तथा वायु, जल तथा ध्वनि प्रदुषण र नियमको माध्यम बाट सिद्ध कुमाख गाउँपालिकाको दिगो विकासलाई सुनिश्चित गर्ने साथै प्रदुषणका कारण उत्पन्न हुने रोगब्याधिको प्रकोपमा न्युनिकारण गर्ने

### ३.७.१.५ संस्थागत विकास सुशासन क्षेत्र विकास रणनीति

- आवश्यकताका आधारमा गाउँपालिका सञ्चालन तथा व्यवस्थापनका लागि अनिवार्य रहेको स्थानीय कानूनहरु निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ
- प्रचलित कानून बमोजिम वा सहयोगी र साझेदारी संघ संस्था वा व्यक्ति संगको सहकार्य र साझेदारीमा गाउँपालिका कार्यपालिकाको कार्यालय भवन तथा वडाकार्यालय भवन निर्माणकालागि आवश्यक जग्गा नपुगे भए सोको प्राप्ति गरिनेछ।
- कार्यपालिका तथा वडाकार्यालय भवन निर्माणकालागि आवश्यक श्रोत व्यवस्थापन गर्न संघीय तथा प्रदेश सरकार साथै विकास साझेदार सँग समन्वय र साझेदारी गरिने छ।
- निर्धारित समय सिमा भित्र गाउँपालिका तथा वडा कार्यालय भवन निर्माण, पुन निर्माण तथा स्तरोउन्नतीको कार्य सम्पन्न गरिनेछ।
- गाउँ कार्यपालीका (कार्य विभाजन) नियमावली तथा गाउँपालिका कार्यपालिका (कार्य सम्पादन) नियमावली साथै आवधिक गाउँपालिका विकास योजना समेतका आधारमा संगठिक संरचना र जनशक्ति व्यवस्थापन गर्दै जाने नीति अबलम्बन गरिनेछ।
- सुशासन कार्यान्वयन तर्फ सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र उपभोक्ता समितिबाट सार्वजनिक परिक्षणलाई व्यवस्थित र प्रविधिमैत्री गर्दै लगिनेछ।

- सुशासन एकाई र सार्वजनीक खरिद इकाईलाई सक्रिय पारिने छ।
- स्थानीय सञ्चार माध्यमहरुलाई गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माण सूचना प्रवाहको साझेदारको रुपमा विकास गर्ने।
- आयोजना स्थलमा होड्रिङ्ग बोर्ड राख्ने, खर्च सार्वजनिक गर्ने, कार्यालयमा उजुरी पेटिका राख्ने सहयोगी कक्ष स्थापना गुनासो सुन्ने अधिकारी र सम्पर्क अधिकारी थप क्रियाशिल गर्ने गाउँकार्यपालिकाको प्रवक्ता तोकिएको, डिजिटल नागरिक वडापत्रमा, सीसि टिभी क्यामरा सञ्चालन गर्ने कार्यलाई प्रभावकारी ढङ्गले बढाइने छ।
- गाउँपालिकालाई आन्तरिक तथा बाह्य रुपमा चिनाउने प्रशोधन भण्डारण र प्रवाह गर्न सक्ने स्वचालित आधुनिक सूचना प्रबिधि मैत्री गाउँपालिका सूचना केन्द्र तत्काल सञ्चालन गरी वडा कार्यालय विस्तार गरिनेछ।
- क्षमता विकास योजना निर्माण गरी प्रत्येक वर्ष जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि क्षमता अभिवृद्धि सँग सम्बन्धित तालिमहरु सञ्चालन गरिनेछ।
- समायोजन भई आउने प्राविधिक तथा प्रशासनिक क्षेत्रका कर्मचारीहरुको दिगो व्यवस्थापन गरिनेछ।
- सङ्गठन विकास तथा व्यवस्थापन सर्वेक्षण मार्फत प्रस्ताव भइ आएका दरबन्दीलाई स्वीकृत गरी उक्त स्वीकृत दरबन्दीका आधारमा अस्थायी र करार सेवामा कार्यरत कर्मचारिलाई व्यवस्थापनगर्दै थप गर्नु पर्ने कर्मचारी तथा जनशक्तिको हकमा नेपाल सरकारको नीति निर्देशन र प्रचलित ऐन नियम बमोजिम प्रक्रिया पुऱ्याई पदपूर्ति गरिने

### ३.७.२ योजनाको प्राथमिकता क्रम निर्धारणमा आधारहरु

आवधिक योजनातर्जुमाका आधारमा टोल वस्ती तथा वडा स्तर हुदै गाउँपालिका स्तर सम्म भएका छलफल, कार्यशाला गोष्ठी र स्थानीय आवश्यकता पहिचानका साथ प्रस्ताव भएका योजनाको लागत गाउँपालिकाको वर्तमान आयले धान्न सक्ने अवस्था रहने तथा आर्थिक, सामाजिक भौतिक, वातावरणीय तथा संस्थागत विकासमा अग्राणी स्थान हासिल गर्ने तथा गाउँपालिकाको आय स्रोत र संघीय तथा प्रदेश सरकार विकास साझेदारीहरु बाट प्राप्त हुन सक्ने सम्भावित सहयोग र साझेदारी समेत केन्द्र बिन्दु मा राखेर प्राथमिकता क्रम $P_१$, $P_२$ र $P_३$ मा वर्गिकरण गरी लगानी योजना समेत तयार गरिएको छ। यसरी छनौट तथा प्राथमिकता क्रम निर्धारण भएको योजनाहरु प्राथमिक क्रम $P_१$ मा रहेका योजना सम्भावना र जोखिम पक्ष समेतलाई ख्याल राख्दै सकेसम्म यसै आवधिक योजना अवधिभित्र संम्पन गर्ने र सम्पन्न हुन नसकेमा साथै बहुवर्षीय योजनाहरु त्यस पछीको आवधिक योजना प्राथमिकताका साथ सञ्चालन व्यवस्थापन गर्ने साथै $P_२$ र $P_३$ का योजनाहरु अति आवश्यक देखिएमा मात्र आवधिक योजनामा समावेश गर्न सकिने अन्यथा दोस्रो तथा तेस्रो आवधिक योजनामा क्रमिक रुपले समावेश गर्ने व्यवस्था गरिएको छ। समग्र लगानी योजना समेत प्राथमिकता $P_१$ का योजनालाई आधार मानेर तर्जुमा गरिएको छ भने संघ र प्रदेश सरकारको नीति, लक्ष्य उद्देश्य, समय सिमा र प्रक्रिया सँग अनुकुल हुने, वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुल, विपद् व्यवस्थापन गर्न सकिने, सुशासन, लैङ्गिक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरणमा अन्तरसम्बन्धित रहने, समाजका सवै वर्ग क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिस्चित गर्न सकिने, अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने साथै विषयगत र क्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम गर्ने विषय तथा पक्षहरुलाई योजनाको प्राथमिकता निर्धारण गर्दा विशेष ध्यान पुर्याउने देहाय बमोजिमका आधारमा प्राथमिकता क्रम निर्धारण गरिएको छ।

योजना प्राथमिकता क्रम निर्धारणका आधारहरु देहाय बमोजिम रहेको छन्।

- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने
- उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
- गाउँपालिकाबासीको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने
- स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
- स्थानीय स्रोत साधनको र सिपको अधिकतम प्रयोग हुने
- महिला, बालबालिका र पिछिडीएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा अभिवृद्धि हुने
- दिगो विकास वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिकी सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने
- गाउँपालिकाले देखेका तथा गाउँपालिकाबासी र सरोकारवालाहरुको तर्फ बाट माग भइ आएका गाउँपालिकाको विकास सँग जोडिएका अन्य महत्वपूर्ण विषयहरु

### ३.८ लगानी स्रोत र अनुमान र बाँडफाँड

कुनै पनि क्षेत्र र स्थानको विकास निर्माण तथा सेवा प्रवाहको गति आर्थिक अवस्था र भावी सम्भावनामा निर्भर रहने गर्दछ। संविधान, स्थानीय सरकार सञ्चालन ऐन समेतका प्रचलित ऐन दोगो विकास लक्ष्य, पन्ध्रौ योजनाले स्विकारेका आर्थिक विकासका क्षेत्र लाई आधार मानेर गाउँपालिकाले यस आवधिक योजनामा समेटिएका योजना, आयोजना तथा परियोजनामा लगानी प्रस्ताव गर्नु अघि विगतको अवस्था र भावी सम्भावनामा टेकेर स्रोतको अनुमान गरिएको छ। यसरि गरिएको अनुमानित आयलाई पुँजीगत लगानीमा अधिकतम कसरि परिचालन गर्न सकिन्छ त्यस केन्द्रित भई स्रोतको बाँडफाँड गरिएकको छ। यस आवधिक योजनाले ५ वर्ष भित्र यसपालिकाको वास्तविक स्वरूप निर्माण गर्ने दिर्घकालिन सोच निर्माण गरीसोहि सोच बमोजिमको लक्ष्य र परिणात्मक लक्ष्य सुनिस्चित गरेको छ। लक्षित परिणात्मक लक्ष्य लाई केन्द्र बिन्दुमा राखेर यस गाउँपालिकाले स्रोतको अनुमान, लगानीको सुनिस्चितता तथा रकमको बाँडफाँड गरकोछ। यसरी लगानीको सुनिश्चितता गर्दा सम्भावित विस्तृत विवरण अनूशुचिमा उल्लेख गरिएको छ।

- स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, तर्जुमा समिति र राजश्व परामर्श समितिलाई थप क्रियाशिल बनाएर लगानीका प्राथमिकता प्राप्त क्षेत्रको पहिचान र छनौट साथै राजश्वका श्रोत, क्षेत्र र दायराको खोजि, व्यवस्थापन र बिकासमा लगाउने व्यवस्था गरिएको
- योजना तर्जुमा, वित्तीय व्यवस्थापन तथा स्रोत परिचालन र योजना कार्यान्वयन सँग सम्बन्धित सवै खाले स्थानीय ऐन, नियम निर्देशिका तथा कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने गुरुयोजना अघि बढाईएको
- स्रोत अनुमानको आधारमा बजेट विनियोजना गर्दा विषयगत क्षेत्रको महत्व र भारका आधारमा प्राथमिकता प्राप्त योजनामा मात्र कार्य सम्पन्न हुने गरी बजेट बिनियोजन तथा बाँडफाँड प्रस्ताव गरिएको
- अनुत्पादक खर्चको कटौति गरी व्यवसायिक कृषि अथुवा पशुपंछी पालन, उद्योग पर्यटन लगायतका उत्पादनमुलक योजना तथा आयोजना तथा सो सँग प्रत्यक्ष सरोकार राख्ने आयोजनामा अधिक लगानीको सुनिस्चितता गरिएको

- गाउँपालिकाका सवै खाले विकास निर्माण सँग सम्बन्धित विषय बस्तुलाई उत्पादन र उत्पादकत्वको मापदण्ड भित्र आवद्ध गर्ने प्रयास गरिएको
- आन्तरिक आयको निश्चित प्रतिशत रकम सम्बन्धित वडाबासीले माग गरेको स्थानीय योजनामा परिचालन गर्ने व्यवस्था गरिएको
- गाउँपालिकाको समृद्धि निर्माणमा प्रत्यक्ष योगदान पुग्ने गाउँपालिकाका गौरवका योजना साथै शहरी पूर्वाधारमा आधारित गाउँपालिका निर्माणकालागि ग्रामिण स्याटलाइट स्मार्ट ग्रामिण बजार केन्द्र जस्ता ठुला तथा देखिने योजनामा अधिक लगानीको व्यवस्था गरिएको
- वडा रुपमा हुने वा गरिनुपर्ने विकासको आवश्यकताका आधारमा मात्र लगाई गर्ने व्यवस्था गरिएको
- संघीय, प्रदेश र विकास साझेदारको सहयोग र साझेदारीलाई विशेष प्राथमिकतामा राखिएको

तालिका नं.३.४ स्रोतको अनुमान, बाँडफाँको संक्षिप्त अङ्क

| आवधिक योजना अवधिको सम्भाव्य स्रोतको अनुमान तथा प्रक्षेपण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | बजेटको स्रोतहरु | आ.व. २०७८/७९ को यथार्थ (रु) | चालु आ.व. २०७९/८० को अनुमान (रु) | आगामी ५ वर्षको स्रोतअनुसार प्रक्षेपण रकम (रु हजारमा) | | | | | ५ वर्षको जम्मा |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व. | पाचौं आ.व. | |
| १ | आन्तरिक आय | ३३३०९४२ | २०००००० | ४९२१९१६ | ५४१४१०७ | ५९५५५१८ | ६५५१०७० | ७२०६१७७ | ३००४८७८८ |
| २ | राजस्व बाँडफाँड | ६८०७१००० | ६७३६३३२८ | ६८६९८६७५ | ७५५६८५४२ | ८३१२५३९७ | ९१४३७९३६ | १००५८१७३० | ४१९४१२२८० |
| ३ | रोयल्टी बाँडफाँड | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | नेपाल सरकारबाट प्रात्प हुने अनुदान | २३१७३७००० | २०५६००००० | २५०२७१३८९ | २७५२९८५२८ | ३०२८२८३८० | ३३३१११२१८ | ३६६४२२३४० | १५२७९३१८५६ |
| ५ | प्रदेश सरकारबाट प्राप्त हुने अनुदान | २२२१२००० | २२८४५००० | १९६९५३४७ | २१६६४८८१ | २३८३१३७० | २६२१४५०७ | २८८३५९५७ | १२०२४२०६१ |
| ६ | अन्य अनुदान (सामाजिक सुरक्षा) | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | जनसहभागिता | ० | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | निजी लगानी | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | अन्तर स्थानीय तह साझेदारि रकम | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | गै.स.स र सामुदायिक क्षेत्रकोलगानी | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११ | आन्तरिक ऋण परिचालन | ० | ० | ० | ० | ० | ० | ० | ० |
| कुल जम्मा | | ३२५३५०९४२ | ३१५८०८३२८ | ३४३५८७३२७ | ३७७९४६०५८ | ४१५७४०६६५ | ४५७३१४७३१ | ५०३०४६२०४ | २०९७६३४९८५ |
| प्रतिवर्ष कुल वृद्धि दर % | | | (३ | ९ | १० | १० | १० | १० | |

# परिच्छेद ४ (चार)

# आर्थिक विकास

## ४.१ कृषि तथा पशुपन्छी

### ४.१.१ पृष्ठभूमि

नेपाल कृषि प्रधान देश हो। नेपालका करिव ७३.८ प्रतिशत जनता कृषि कार्यमा आवद्ध रहेका छन् भने देशको कुल गार्हस्थ्य उत्पादनको २७ प्रतिशत क्षेत्रको योगदान रहेको छ। सिद्ध कुमाख गाउँपालिकाको जम्मा ८९.३६ वर्ग कि.मी. क्षेत्रफल मध्ये ३१.६४ प्रतिशत कृषि क्षेत्र रहेको छ। कृषि क्षेत्रहरुमा मुख्य गरेर धान, गहुँ, मकै, कोदो, तोरी, आलु, तरकारी खेति गरिन्छ। सम्पूर्ण कृषि क्षेत्रहरु मध्ये १२.७५ प्रतिशत (३४९.८ हे.) जग्गामा सिंचाई सुविधा उपलब्ध भएको छ। हाल गाउँ क्षेत्र भित्र १०२ वटा कृषक समूहहरु, ४ वटा फलफुल तथा तरकारी  दर्ता भइ सञ्चालनमा आएका छन्। सिद्ध कुमाख गाउँपालिका भित्रको जम्मा जमिन ८९३६ हेक्टर मध्ये कृषि तथा मानव बसोबासका लागि २७५५ हेक्टर अर्थात् ३१.१ प्रतिशत रहेको छ उक्त जमिनमा बसोबास गर्ने जनसंख्याको आफ्नो स्वामित्वमा भएको जग्गालाई खेत, पाखो बारी, आवासीय, औद्योगिक, व्यापारिक र अन्य गरी उपयोग गरिएको छ। राष्ट्रिय कृषि गणना २०७८ अनुसार यस गाउँपालिकामा करिब ९१.७५ प्रतिशत परिवारको केही मात्रामा आफ्नो स्वामित्वको खेतीयोग्य जमिन रहेको छ।

यसै गरी गाउँपालिका क्षेत्रभित्र परम्परागत रुपमा प्राय सवै कृषक परिवारहरुले पशुपालन गरिरेहेका छन् भने व्यवसायिक पशुपंछी पालनमा केहि कृषकहरु आवद्ध रहेका छन्। हाल सम्म पशु सेवा शाखामा ३ गाइ/भैंसी फर्महरू, ३९ बाखा फर्महरू, १६ कुखुरा फर्महरू, ४ सुँगुर बंगुर तथा माछा पालन फर्महरू र ७ पशुपन्छी पालन तथा वस्तु उत्पादन व्यवसाय र दर्ता भई व्यवसायिक उत्पादन गरिरहेको छन्। गाउँक्षेत्र भित्र ९ वटा मासु पसलहरु गाउँपालिकामा दर्ता भै सञ्चालनमा आएका छन्। कुखुराको मासु, बंगुरको मासु तथा पाठा पाठी, र दुधमा गाउँ आत्मनिर्भर भई सकेको छैन भने च्याउ उत्पादनमा र माहुरीपालनमा पनि आत्मनिर्भर उन्मुख रहेको छ।

### ४.१.२ समस्या तथा चुनौती

#### ४.१.२.१ समस्या

- सिद्ध कुमाख गाउँपालिका भित्रका सबै स्थानहरूमा माटो र हावापानी सुहाउँदो खेती गर्ने चलनको कमी रहेको छ,
- सबै खेतीयोग्य जमिनमा खेती नगर्नु, भिरालो पाखाहरूमा भूवनोट अनुसारको व्यावसायिक फलफूल तथा लहरे खेती गर्न नसक्नु,
- उर्वरायुक्त पाखोबारी भएता पनि व्यवस्थित सिंचाइ नहुनु, जल र जमिनको सदुपयोग गर्न नसक्नु, व्यावसायीकरणका लागि दिगो योजना नभएकाले उत्पादकत्व वृद्धिमा समस्या हुनु,
- कृषिको उत्पादनमा वृद्धि गर्नका लागि उन्नत जातका विउविजनहरू प्रयोग तथा उपयोग नहुनु नयाँ विउवीजन र नवीनतम प्रविधिको प्रयोगको ज्ञान नहुनु,
- कृषि प्राविधिक जनशक्तिको अभाव र परिचालन गर्न नसक्नु,

- कृषि उपजको विक्री वितरणका लागि सडक पहुँच, बजारीकरण, संकलन केन्द्र र मूल्य स्थिरताको समस्या हुनु,
- साना तथा मझौला स्तरमा रहेका कृषकको दक्षता वृद्धि गरी व्यावसायिक बनाउनु चुनौती रहेको छ।
- प्राकृतिक प्रकोप विभिन्न किसिमका कृषिजन्य रोग र कतिपय जंगली जनावर तथा पंक्षीबाट बाली बालीनाली जोगाउनु चुनौती रहेको छ।
- उत्पादकत्व बढाउने प्रयास नहुनु, परम्परागत बालीहरू लोप हुँदै जानु, कृषिमा ब्यवसायिक तथा उत्पादनको बजारीकरणबारे ज्ञान कम हुनु, उत्पादन पकेट क्षेत्रहरूमा १२ महिना यातायात चल्ने सडक नहुनु, आवश्यक मात्रामा सिंचाइको व्यवस्था नहुनु,
- कृषिमा यान्त्रीकरण र आधुनिकीकरण नहुनु, आपूर्ति श्रृंखलाको दिगो व्यवस्थापन नहुनु,
- परम्पगत कृषि प्रणालीमा मात्र भर पर्नु, उच्च मूल्यका बाली छनौट गरी न्यूनतम लगानीमा अधिकतम् लाभ लिन नसक्नु, स्थानीय रैथाने जातका खाद्यान्न बालीको महत्व बुझाउन र संरक्षण गर्न नसक्नु,
- माटोको नियमित परीक्षण नहुनु, आवश्यक श्रमशक्तिको अभाव हुनु, बजार सञ्जालको निर्माण नहुनु, प्राविधिक जनशक्तिको अभाव हुनुजस्ता समस्याहरू रहेका छन्,
- व्यावसायिक ज्ञान तथा सूचनाको कमी, कृषि बजारको अभाव, कृषि बीमाको अभ्यासको कमी, संकलन केन्द्रको अभाव मुख्य चुनौतीको रूपमा रहेका छन्,
- स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालका विभिन्न प्रजातीका बीउविजन उत्पादन गर्ने नर्सरी नहुँदा कृषकहरूले माग र आवश्यकता अनुसारको बोटविरूवा प्राप्त गर्न सकेका छैनन,
- वाह्य तथा आनुवांशिक जातीय शुद्धता र गुणस्तर कम हुने बीउविजनको परीक्षण विना जथाभावी प्रयोग गर्नु,

४.१.२.२ चुनौती

- जलवायु परिवर्तनको असरका कारण बालीमा देखापर्ने समस्या र त्यसले पुऱ्याउने क्षतिका बारेमा यथेष्ट जानकारी नहुनु र रोकथाम तथा न्यूनीकरणका लागि पहल नहुनु समस्याका रूपमा रहेको छ।
- परम्परागत कृषि प्रणालीमा सीमित हुनु, व्यावसायिक प्रयोजनका लागि आधुनिकीकरण गरी पशुपंक्षीको पालन नगर्नु, परम्परागत प्राकृतिक घाँसमा मात्रै निर्भर हुनाले सुक्खा, खडेरी, अस्वाभाविक प्राकृतिक वातावरणमा हुने परिवर्तन र प्राकृतिक विपत्तीका कारण पशुपंक्षीको व्यावसायिक पालन हुन नसक्नु,
- दक्ष प्राविधिक सेवा नहुँदा पोसिलो घाँस तथा कुडो पराल, गोठ, भकारा र खोरहरू पशुपंक्षी मैत्री नहुनाले दुध, मासु र प्रजनन् स्वास्थ्यमा समस्या उत्पन्न भई अपेक्षित लाभ दिन नसक्नु,
- विपन्न, साना तथा मध्यम आय भएका कृषकहरूका लागि सरल कर्जाको व्यवस्था नभएकाले निर्वाहमुखी पशुपंक्षी पालनमा मात्र सीमित रहनु,

- सीमित स्रोतसाधन, परम्परागत ज्ञान र अनुभवबाट उत्पादित दुग्धजन्य तथा मासुजन्य वस्तुले उचित मूल्य र सहज बजार पाउन नसक्दा कृषकहरू व्यावसायिक पशुपंक्षी पालनप्रति उत्साहित नहुनु,
- आफ्नै पुँजी, सीप र अनुभवका आधारमा पशुपंक्षीजन्य उत्पादनमा संलग्न किसानहरूको व्यावसायिक दक्षता अभिवृद्धिमा संस्थागत ध्यान नजानु,
- गाउँपालिका भित्रका सबै स्थानमा दक्ष जनशक्तिको पहुँच नहुनु, विभिन्न रोग प्रतिरोधात्मक औषधीको अभाव, पशु स्वास्थ्य उपकरणको अभाव, नश्ल सुधार सेवाको कमी, भेट्नरी प्रसार सेवाको कमी हुनु,

### ४.१.३ सम्भावना तथा अवसर

सिद्ध कुमाख गाउँपालिकाको भूबनोट कृषि उत्पादनका दृष्टिले उर्वरायुक्त पाङ्गो माटो धेरैजसो भूभागमा रहेको छ। कृषि क्षेत्रको लागि २७५५ हेक्टर अर्थात् ३१.१ प्रतिशत रहेको छ। कूल कृषि क्षेत्रको ११४४.८ हेक्टर अर्थात ४१.५५ प्रतिशत जमिनमा खेती गरिएको छ। शारदा नदि किनारा र आसपासका भूमिको माटोमा खाद्यान्न बालिको लागि बढी उर्वराशक्ति रहेको पाइन्छ। समृद्धिको यात्रा कृषिको व्यावसायीकरण तथा आधुनिकीकरणबाट गर्न सकिने, खेतीपातीका सुविधा वृद्धिका साथै उच्च मूल्यका वालीनालीको छनौट गरी खेती विस्तार गर्न सकिने संभावना देखिन्छ। यस पालिकाका मानिसहरूले अपनाउँदै आएका पेशाहरूमा मुख्य पेशाको रूपमा कृषि, पशुपालन तथा फलफूल खेती गर्दै आएका छन्। कृषिको आधुनिकीकरण, व्यावसायीकरण र औद्योगिकीकरण गर्न दक्ष जनशक्ति, सिंचाइ सुविधा, सडक पहुँच, कृषि बजारको स्थापना, शीतभण्डारको व्यवस्था, गोदाम घर तथा संकलन केन्द्रको स्थापना, विजुलीको पर्याप्तता, व्यावसायिक उत्पादनका लागि यान्त्रीकीरण तथा बजारीकरणको प्रयास गर्दा उत्पादन बढाउन सक्ने संभावना प्रशस्तै छ। भिरालो तथा पाखोबारीमा फलफूल लहरे तथा कोशे बाली लगाई माटोको संरक्षण र कृषि क्षेत्रको विकास गर्ने सम्भावना रहेको छ।

- सिद्ध कुमाख गाउँपालिकाका बाँझकाँडा, गुईदे, वडा नं. ४, ३, र २ आदि पहाडी भूभागमा परम्परागत पशुपंक्षीहरूमा नश्ल सुधार गरी व्यावसायिक उद्देश्यका साथ पशुपालन गर्न सकिने सम्भावना रहेको छ। साथै परिवर्तित समय सन्दर्भसँगै कानुनको दायरामा रही कतिपय वन्यजन्तु कालिज, बटइ, बदेल तथा घरपालुवा भेंडा, बाख्राको व्यावसायिक फार्महरू संचालन गर्ने राम्रो सम्भावना रहेको छ। यसले आयआर्जन, रोजगारी र मासुमा आत्मनिर्भता प्रदान गर्दछ।
- गाउँपालिकाको मध्य पहाडी भाग बाँझकाँडा, गुईदे, वडा नं. ४, ३, र २ स्थानहरूमा गाई, भैंसी, नश्ल सुधार गरिएका बाख्रा र कालिज जस्ता पशुपंक्षीहरूको व्यावसायिक फार्महरू सञ्चालन गरी दुध तथा दुग्घजन्य उत्पादन र मासुको समेत निर्यात गरी आयआर्जनमा वृद्धि गर्ने सम्भावना रहेको छ। साथै माहुरीको परम्परागत घारमा सुधार गरी व्यावसायिक मौरी पालन गर्ने प्रचुर सम्भावना रहेको छ।
- भौगोलिक बनोट, हावापानी र बजारीकरणको सहजता भएको यस गाउँपालिकाको तल्लो क्षेत्रमा रहेका समर्थर स्थानहरूमा घाँस खेती र भण्डारण गरी पशुपंक्षी पालन र निर्यात गर्न सक्ने सम्भावना रहेको छ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ४.१.४.१ लक्ष्य

- भू-उपभोग नीति तथा योजनाले स्वीकारेका सम्पूर्ण कृषि योग्य जमिनमा पूर्णरुपले सिंचाई सुविधा उपलब्ध गराई उत्पादकत्वमा औषत् १०० प्रतिशतले वृद्धि गरी तरकारी, दाल, तेल, आलु, र महमा गाउँपालिकालाई आत्मनिर्भर बनाउनुको साथै दुध, मासु (बंगुर, कुखुरा, र खसी) च्याउ र माछामा गाउँपालिकालाई पूर्ण आत्मनिर्भर बनाउने।
- कृषिको यान्त्रिकीकरण, व्यावसायीकरण र औद्योगिकीकरणका माध्यमबाट उत्पादन र उत्पादकत्वमा वृद्धि गरी निर्यात वृद्धि गर्ने,
- स्वच्छ एवम् गुणस्तरीय पशुपंक्षी उत्पादनमा व्यावसायीकरण गरी खाद्य तथा पोषण सुरक्षामा गाउँपालिकालाई आत्मनिर्भर गराउनुका साथै जनताको आय स्तरमा सुधार ल्याउने।

#### ४.१.४.२ उद्देश्य

गुजारामुखि कृषि तथा पशुपालनलाई पूर्ण रुपमा व्यवसायिकरण गर्ने साथै दलहन बालीहरु लगायत कृषि तथा पशुपन्छी जन्य उत्पादन वृद्धि गरी गाउँपालिकालाई आत्म निर्भर बनाउने

कृषक तथा कृषक समूहरुको प्रतिस्पर्धात्मक क्षमता विकास गर्दै कृषि तथा पशुपन्छी जन्य उत्पादनमा स्थानीय कृषक तथा कृषक समूहको निकासीयोग्य क्षमताको थप विकास गर्ने

कृषि तथा पशुपन्छी जन्य स्थानीय उत्पादनहरुको विक्री वितरणको सुनिश्चितताका लागि कृषि तथा पशुपन्छी थोकबजार केन्द्रहरुको विकास र व्यवस्थापन गर्ने साथै गाउँपालिका क्षेत्रभित्र रेहका सम्पूर्ण मासुप सलहरुलाई व्यवस्थित गर्ने

कृषि तथा पशुजन्य चिस्यान केन्द्रहरुको निर्माण, सञ्चालन तथा दिगो व्यवस्थापन गर्ने

- कृषि पेशालाई सम्मानित पेशाको रुपमा विकास गर्नु,
- दक्ष कृषि जनशक्तिको उत्पादन गरी आधुनिक कृषि पेशामा जोड्नु,
- उत्पादन र उत्पादकत्व हासिल गरी कृषि उपजमा आत्मनिर्भर गाउँपालिका बनाउनु,
- कृषिलाई नाफामूलक, गुणस्तरीय, दिगो एवं व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु,
- कृषि उद्यमी तथा उद्योगको विकास गरी आय तथा रोजगारी वृद्धि गर्नु र
- कृषि उपजको बजारीकरण तथा निर्यातको लागि व्यावसायिक कृषि उत्पादनलाई बजार सञ्जालमा जोड्नु।
- गाउँपालिका सम्भाव्य वडाहरूमा उन्नत पशुपंक्षीमा विविधीकरण र व्यावसायीकरण गरी गाई र भैंसीको दुध उत्पादनमा वृद्धि गर्न नश्ल सुधार, पशु आहार व्यवस्थापन, गोठ सुधार, पशु स्वास्थ्य सेवामा सुधार गर्नु,
- गाउँपालिकाका सम्भाव्य वडाहरूमा व्यावसायिक भेंडा, बाख्रा, सुँगुर, बँगुर, कुखुरा, हाँस, जस्ता मासुजन्य पशुपंक्षी पालन व्यवसायलाई व्यावसायीकरण गर्न आवश्यक नश्ल सुधार, गोठ तथा खोर सुधार, पशु आहारा र पशु स्वास्थ्य सेवामा सुधार गरी उत्पादकत्व र उत्पादनमा वृद्धि गर्नु,

- व्यावसायिक जोखिमको न्यूनीकरणका लागि पशुपंक्षी बीमा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- पशु तथा पशुपंक्षीजन्य उत्पादन (दुध, दही, घ्यू र मासु)को बजार व्यवस्था गर्नु र
- गाउँपालिको भौगोलिक अवस्थिति, हावापानी तथा प्रचलित कृषि प्रणालीमा व्यावसायिक मौरीपालनको संभावना निकै राम्रो देखिएकोले सम्भाव्य स्थानहरूमा मौरीपालन कार्यक्रम सञ्चालन गर्नु।

### ४.१.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

(कार्यक्रम तथा आयोजनाको ढाँचा तथा कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण क्रमश तालिका नं. ४.१ मा उल्लेख गरिएको छ)

| रणनीति | कार्यनीति |
|---|---|
| • कृषि क्षेत्रको व्यावसायीकरण गरी समग्र कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने र आत्मनिर्भर कृषि प्रणालीको विकास गर्ने, | • व्यावसायिक कृषि, पशु फर्म र कृषक समूह दर्ता तथा नियमनका लागि व्यावहारिक र कृषि मैत्री नीतिको व्यवस्था गर्ने,<br>• कृषि तथ्याङ्क संकलन, प्रशोधन र व्यवस्थापनका लागि प्रविधि मैत्री प्रणाली (Agriculture App) को निर्माण गर्ने,<br>• कृषि तथा पशु व्यवसायलाई निर्वाहमुखीबाट कृषि उद्यमको रूपमा विकास (Agriculture and Livestock as Enterprise) गर्नका लागि लक्षित कृषकहरुलाई व्यावसायिक तालिमका कार्यक्रम संचालन गर्ने,<br>• सिद्ध कुमाख गाउँवासीको आवश्यकतालाई परिपूर्ति गर्न आवश्यक वस्तुहरूको उत्पादनका लागि हाम्रा लागि हाम्रै उत्पादन अभियान संचालन गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउन खाद्यान्न, फलफूल तथा तरकारीजन्य उपजको उत्पादनका लागि प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने,<br>• पशुपंक्षीजन्य उत्पादन दुध, दही, घ्यू, पनिर, चिज, खुवा र मासुमा पालिकालाई आत्मनिर्भर बनाउनका लागि भैंसी, बाख्रा, गाई, भेंडा, कालिज, कुखुरा, माछा, बँगुर, बदेल, खरायो, टर्की, बट्टइ, जस्ता पशुपंक्षी उत्पादन कार्यक्रम संचालन गर्ने,<br>• तरकारी तथा तरकारीजन्य वीउ उत्पादनलाई प्याकेजिङ्, लेवलिङ् र ब्रान्डिङ् गरी भरपर्दो बजारीकरणको सुनिश्चितता गर्ने,<br>• कृषि तथा पशु विकासका लागि पकेट क्षेत्रहरू निर्धारण गर्ने र गाउँपालिकाबाट सम्बद्ध पकेट क्षेत्रहरूमा आवश्यक प्रविधि र प्राविधिक सेवा पालिकाबाट उपलव्ध गराउने र कृषकको वित्तीय क्षेत्रमा पहुँच विस्तारका लागि सहजीकरण गर्ने,<br>• कृषि तथा पशु पकेट क्षेत्रहरूको विकास गरी आधुनिक व्यावसायिक खेती र पशु व्यवसाय सञ्चालन गर्नका लागि गाउँपालिकाले उद्यमशील |

| | |
|---|---|
| | किसानहरूलाई प्रोत्साहन गरी प्राविधिक तथा वित्तीय सहयोग उपलव्ध गराउने,<br>• प्रत्येक वडामा कृषि तथा पशु सम्बन्धि प्राविधिक सेवा र सुबिधा उपलब्ध गराउने,<br>• कृषि तथा पशु उत्पादनमा पकेट क्षेत्रको अवधारणा अनुसार व्यावसायीकरण गर्नका लागि तालिम, लागत सहभागिता, बीउ पूँजी, उत्पादन तथा बाली संरक्षणमा आधारित अनुदान प्रदान गर्ने,<br>• तरकारी तथा तरकारीजन्य वीउ उत्पादनका लागि कृषकहरूलाई प्राविधिक तथा आर्थिक सहयोग गरी उत्पादन बढाउने,<br>• कृषि तथा पशु क्षेत्रको व्यावसायीकरण र यान्त्रिकीकरण गर्नका लागि कृषकहरूलाई आवश्यक पुँजी र पूर्वाधारमा सहयोग गर्ने, किसान तथा व्यावसायीहरूलाई सरल कर्जामा पहुँच वृद्धि गर्न वित्तीय संस्थाहरूसँग सहजीकरण गर्ने,<br>• प्राङ्गारिक कृषि क्षेत्रको वर्गीकरण र नमुना कृषि गाउँको पहिचान गरी एकल तथा सामुहिक प्राङ्गारिक खेती प्रणालीको विकासका कार्यक्रम सञ्चालन गर्ने,<br>• कृषि क्षेत्रको विकास र विस्तार गर्दै प्राङ्गारिक कृषि प्रणालीको विकास गर्ने,<br>• कृषि क्षेत्रको व्यावसायीकरण र यान्त्रीकरण गर्नका लागि कृषकहरूलाई आवश्यक पुँजी र पूर्वाधारमा सहयोग गर्ने,<br>• गाउँपालिकाभित्रको बेरोजगारी समस्याको न्यूनीकरण गर्न गाउँपालिकाले कृषि तथा पशुपालनमा आधारित स्वरोजगार कार्यक्रम संचालन गरी ५०० युवाहरूलाई विभिन्न किसिमका उद्यम संचालन गराउने,<br>• समान उद्देश्य भएका सहकारीहरूलाई मर्ज गरी पुँजी र सीपलाई एकीकृत गरी परिचालन गर्ने,<br>• पशुहरूको गोठ/खोर सुधार र मूत्र संकलन तथा प्राङ्गारिक मल जैविक विषादीका रूपमा उपयोग गर्न कृषकहरूलाई सहजीकरण गर्ने,<br>• वडा नं. ५ दह, र वडा नं. १ लगायतका ठाउँहरुमा मकै, गहुँ, कोदो, फापर, जौं आदि खाद्ययजन्य वस्तुको उत्पादनमा वृद्धि गर्न प्राविधिक सहयोग तथा प्रोत्साहनका कार्यक्रम संचालन गर्ने,<br>• करेन्जि, सडौंटा, माझखर्क, गुईद, घरेली, बाँझकाँडा लगायत वडा नं. १ का विभिन्न ठाउँमा फलफूलका प्रकृति अनुरुपको स्थान छनोट गरी किवी, सुन्तला, कागती, जुनार, एभोकाडो, ड्रागन फ्रुट, नास्पती, पलम, आदि फलफूलको व्यावसायिक खेती प्रवर्द्धन गर्नका लागि विरुवा, मल, औषधिजन्य विषादीमा अनुदान तथा प्राविधिक सेवा र बजारको सुनिश्चितता गर्ने, |

| | |
|---|---|
| | • करेन्जी, चाँदे, सडौंटा, बाँझकाँडा, र वडा नं. १ र २ लगायतका स्थानमा मसलाजन्य उत्पादन क्षेत्रहरुको पहिचान गरी अदुवा, बेसार, लसुन, प्याज, टिमुर, अलैची जस्ता खेतीको प्रवर्द्धनका लागि प्राविधिक सेवा र बजारको सुनिश्चितता गर्ने,<br>• विषेश गरी  वडा नं. ४ लगायत गाउँपालिका भित्रका आर्थिक रुपमा विपन्न र पर्याप्त जमिन नभएका परिवारहरुको पहिचान गरी माहुरी पालन व्यवसायको संचालनका लागि आवश्यक प्राविधिक तालिम र बीउ पूँजीको व्यवस्था गर्ने,<br>• पालिकाभित्रका साना तथा ठुला खोला तटीय क्षेत्र, खोल्सा तथा सिमसार युक्त चिस्यान क्षेत्रहरुमा खोल्साको सुनको उपाधि प्राप्त अलैंची खेतीको व्यावसायिक प्रवर्द्धनका लागि विरुवा वितरण तथा प्राविधिक सेवा उपलव्ध गराउने,<br>• ग्रामीण श्रमको उपयोग वृद्धि गरी कृषि तथा पशु सेवा कार्यकर्ता तयारी र परिचालन गर्ने,<br>• कृषि तथा पशु बीमा कार्यक्रम संचालन गरी कृषकको लगानी जोखिम न्यूनीकरण गर्ने,<br>• कृषि उपजजन्य वस्तुको दिगो सुरक्षा र भण्डारणका लागि शीतगृह निर्माण गर्ने,<br>• कृषिको व्यावसायीकरणलाई मद्दत पुग्ने गरी विभिन्न विकल्पबाट सिंचाइ सुविधा वृद्धि गरी हाल सिंचाइ सुविधा भएको जमिनको प्रतिशत बढाउने,<br>• उत्पादित वस्तुको बजारीकरणका लागि त्यस स्थानबाट बजारसम्मको सहज पहुँचका लागि ग्रामीण कृषि सडकको निर्माण<br>• कृषि क्षेत्रको विकास र प्रवर्द्धनका लागि कृषि प्रसार तथा विस्तारमा जोड दिने,<br>• खाद्यान्न वालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न माटोको प्रकार र हावापानी अनुसार पकेट क्षेत्र पहिचान गर्ने,<br>• व्यावसायिक बन्न इच्छुक कृषकलाई आवश्यक प्राविधिक तथा वीउ पुँजीका लागि वित्तीय संस्थामा पहुँच वृद्धिका लागि सहयोग गर्ने,<br>• सम्भावनाका आधारमा कृषकले छनौट गरेका उच्च मूल्यका बालीहरूमा व्यावसायिक उत्पादन गर्नका लागि व्यावसायिक योजना निर्माण गर्न सहजीकरण गर्ने,<br>• गाउँपालिका भित्रका साना लगानी कर्ताहरूको लागत अद्यावधिक गरी व्यावसायिक क्षमताको विकास गर्न व्यावसाय विकास सेवा प्रदायकहरूको सहयोग लिई कृषकहरूलाई आवश्यक सीप प्रदान गर्ने,<br>• आयात प्रतिस्थापन हुने तथा निर्यात प्रवर्द्धन गर्ने प्रकारका आय मूलक कृषि |

| | |
|---|---|
| | व्यवसाय छनौट र संचालन गर्न ऋणमा पहुँच वृद्धि र प्रविधिसँग जोड्न सहयोग गर्ने,<br>• कृषकहरूको हौसलाका लागि कृषक सम्मान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,<br>• जीविकोपार्जनका लागि कृषिमा आधारित विपन्न वर्गलाई लक्षित गरी आर्यआर्जनका कार्यक्रमहरू सञ्चालन गर्ने,<br>• पाखो जमिन र खेती नगरिएको बाँझो जमिनमा वैकल्पिक बालीहरूको प्रवर्द्धन गर्ने,<br>• जलवायु परिवर्तनको असरका कारण बालीमा देखापर्ने समस्या र त्यसले पुऱ्याउने क्षतिका बारेमा यथेष्ट जानकारी गराइ रोकथाम तथा न्यूनीकरणका लागि पहल गर्ने,<br>• वाह्य तथा आनुवांशिक जातीय शुद्धता र गुणस्तर कम हुने बीउविजनको परीक्षण गरी सस्तो मूल्यमा कृषकलाई वीउ वितरण गर्ने,<br>• स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन हुने खालका विभिन्न प्रजातिका बीउविजन उत्पादन गर्ने नर्सरीको व्यवस्था गरी कृषकहरूको माग र आवश्यकताका आधारमा बोटविरूवा सुलभ मूल्यमा वितरण गर्ने,<br>• प्राकृतिक प्रकोप विभिन्न किसिमका कृषिजन्य रोग र कतिपय जंगली जनावर तथा पंक्षीबाट बाली बालीनाली जोगाउन आवश्यक कार्यक्रम सञ्चालन गर्ने,<br>• कृषि प्राविधिक जनशक्तिको पर्याप्त व्यवस्था गरी परिचालन गर्ने । |
| • कृषि उपजको बजारीकरणका लागि कृषकलाई बजार सञ्जालमा जोड्न सहयोग गर्ने, | • किसानका उत्पादनहरूलाई गाउँपालिकाका मुख्य उत्पादन क्षेत्रदेखि नजिकका ठूला बजार दाङ, बुटवल, भालुवाङ, नेपालगंञ्ज जस्ता शहरहरु सँग जोड्नका लागि आपूर्ति सञ्जाल निर्माण गर्ने,<br>• व्यावसायीकरणमा सहयोग गरिएका साना किसानहरूको उत्पादनको बजारीकरण गर्न आवश्यक संकलन केन्द्रको निर्माण गर्ने,<br>• बजार सञ्जालमा आवद्ध गराउन थोक खरिद कर्ताहरूको पहिचान गरी उत्पादक र थोक खरिद कर्ताबीच समन्वय गराइ उत्पादक र थोक बिक्रेताहरू बीच खरिद विक्री सम्झौताको लागि सहजीकरण गर्ने,<br>• विशेष उत्पादन क्षेत्रमा पायक पर्ने गरी संकलन तथा निर्यात केन्द्रको निर्माण गर्ने र<br>• उत्पादन कर्तालाई बजारीकरणको सगँ जोड्न सहयोग प्रदान गर्ने। |
| • बाली बीमामा जोड, | • किसानको हितका लागि बाली बीमाको महत्व, आवश्यकता र बीमा प्रक्रियाबारे जनचेतनामूलक प्रचार प्रसार कार्यक्रम संञ्चालन गर्ने,<br>• बीमा प्रदायक संस्थाहरू र किसान समूहबीच समन्वय गराई जोखिम |

| | |
|---|---|
| | न्यूनीकरणका लागि कृषकहरूलाई बाली बीमा गर्न प्रोत्साहन गर्ने,<br>• कृषि बीमा, आकस्मिक वाली संरक्षण कोष, बीमाले नसमेटिएका वाली नालीमा राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्ने,<br>• न्यूनतम् समर्थन मूल्यको सुरुवात गर्ने,<br>• जलवायु परिवर्तन अनुकूलका अभ्यासको विस्तार तथा प्रसार गर्ने,<br>• बीमा सहजकर्ताको सेवा धरदैलोमा नै उपलब्ध गराउने। |
| • कृषिमा यान्त्रिकीकरण मार्फत लागत घटाइ युवा जनशक्तिलाई आकर्षित गर्ने, | • सम्भावना र आवश्यकताका आधारमा कृषि क्षेत्रको यान्त्रिकीकरण गर्न सहयोग गर्ने,<br>• युवा जनशक्तिलाई कृषि पेशामा आकर्षित गरी व्यावसायीकरण गर्न प्रविधि हस्तान्तरण तथा कृषि अनुदानको व्यवस्था गर्ने,<br>• विपन्न वर्ग र सामाजिक रूपमा पछाडि पारिएका वर्गलाई लागत सहभागिताको प्रतिशतमा अन्यको तुलनामा २० प्रतिशत कम गराइ यान्त्रिकीकरण गर्न सहयोग गर्ने, |
| • पशुपंक्षी पालनमा व्यावसायीकरण गरी समग्र पशुपंक्षी उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने, | • गाउँपालिका भित्र व्यावसायिक पशुपंक्षी पालनका लागि पकेट क्षेत्र पहिचान गर्ने,<br>• साना तथा विपन्न किसानलाई पशुपंक्षीको व्यावसायिक पालनमा आकर्षित गर्न आवश्यक व्यावसायिक योजना सहित प्राविधिक र बिउ पुंजीको व्यवस्था गर्ने,<br>• पशुपंक्षीजन्य उत्पादन दुध, दही, घ्यू, पनिर, चिज, खुवा र मासुमा पालिकालाई आत्मनिर्भर बनाउनका लागि भैंसी, बाख्रा, गाई, भेंडा, कालिज, कुखुरा, माछा, बँगुर, बदेल, खरायो, टर्की, बट्इ, जस्ता पशुपंक्षी उत्पादन कार्यक्रम संचालन गर्ने,<br>• प्रत्येक वडामा पशुपंक्षी सम्बन्धि प्राविधिक सेवा र सुबिधा उपलब्ध गराउने,<br>• पशुपंक्षी उत्पादनमा पकेट क्षेत्रको अवधारणा अनुसार व्यावसायीकरण गर्नका लागि तालिम, लागत सहभागिता, बीउ पूँजी, उत्पादन तथा बाली संरक्षणमा आधारित अनुदान प्रदान गर्ने,<br>• पशुपंक्षी क्षेत्रको व्यावसायीकरण र यान्त्रिकीकरण गर्नका लागि कृषकहरूलाई आवश्यक पुँजी र पूर्वाधारमा सहयोग गर्ने, किसान तथा व्यावसायीहरूलाई सरल कर्जामा पहुँच वृद्धि गर्न वित्तीय संस्थाहरूसँग सहजीकरण गर्ने,<br>• गाउँपालिकाभित्रको बेरोजगारी समस्याको न्यूनीकरण गर्न गाउँपालिकाले पशुपंक्षी पालनमा आधारित स्वरोजगार कार्यक्रम संचालन गरी ५०० युवाहरूलाई पशुपंक्षी सम्बन्धि उद्यम संचालन गराउने, |

| | |
|---|---|
| | • पशुहरूको गोठ/खोर सुधार र मूत्र संकलन तथा प्राङ्गारिक मल जैविक विषादीका रूपमा उपयोग गर्न कृषकहरूलाई सहजीकरण गर्ने,<br>• बाँझकाँडा, गुईदे,  लगाएत वडा नं. २, ३, ४ लगायतका पालिकाकाको उपल्लो स्थानहरूमा व्यवसायिक मासुजन्य पशु उत्पादनको लागी सम्भाव्यता अध्ययन गरी फर्महरू स्थापना गर्ने,<br>• गाउँपालिकाभित्रका आर्थिक रुपमा विपन्न र पर्याप्त जमिन नभएका परिवारहरुको पहिचान गरी माहुरी पालन व्यवसायको संचालनका लागि आवश्यक प्राविधिक तालिम र बीउ पूजीको व्यवस्था गर्ने,<br>• पशुपंक्षी बीमा कार्यक्रम संचालन गरी कृषकको लगानी जोखिम न्यूनीकरण गर्ने,<br>• व्यावसायिक बन्न इच्छुक कृषकलाई पशुपंक्षी पालनमा व्यावसायीकरण गर्ने योजना, आवश्यक पूर्वाधार विकास, वीउ पूजी, प्राविधिक ज्ञान, राज्यले अंगीकार गरेका नीति, नियम, बारे सचेतना कार्यक्रम संचालन गर्ने,<br>• पशुपंक्षी पालक किसानले छनौट गरेका पशु पैदावारको व्यावसायिक योजना बनाउन सहजीकरण गर्ने,<br>• लगानी सुनिश्चितताका लागि बैंक तथा वित्तीय संस्थाहरू सँग समन्यय गराउने,<br>• साना लगानी कर्ता किसानहरूको लागत अद्यावधिक गरी उनीहरूको व्यावसायिक क्षमताको विकास गर्न व्यवसाय विकास सेवा प्रदायकहरूको सहयोग लिई आवश्यक सीप प्रदान गर्ने,<br>• गाउँपालिकाका सबै वडाहरूमा पशु स्वास्थ्य सेवाको विस्तार गरी आय मूलक पशु व्यवसाय छनौट र प्रविधि सँग जोड्न सहयोग गर्ने,<br>• दुध उत्पादनका लागि पालिएका गाई र भैंसीको नश्ल सुधारको लागि सम्भावित व्यावसायिक गाई र भैंसी पालक समूहमा मुर्रा क्रस राँगा र जर्सी क्रस साँढे वितरण गर्ने,<br>• व्यावसायिक गाई भैंसी पालन पकेट क्षेत्रका पशु पालक कृषकहरूको गोठ सुधारमा सहयोग गर्ने,<br>• गाउँपालिकाका सम्भावित वडाहरूमा बारीको डिल, बाँझो बारी, तथा खरबारीमा उन्नत भुई घाँस तथा डाले घाँसका विरुवा रोप्ने कार्यक्रम सञ्चालन गर्ने,<br>• गाई भैंसीको नश्ल सुधार, पशु आहारा विकास, पशु स्वास्थ्य सेवा र पशु बीमा सेवाको भरपर्दो व्यवस्था गर्ने,<br>• गाउँपालिकाका दुग्ध उत्पादन पकेट क्षेत्रमा दुग्ध उत्पादक सहकारी संस्था मार्फत् दुग्ध संकलन केन्द्र सञ्चालन गर्ने,<br>• गाउँपालिका भित्रका स्थानीय बजारहरूमा दुध तथा दुग्धजन्य पदार्थ (दहि, |

| | |
|---|---|
| | पनिर, मखन र घ्यू) को उत्पादन गरी विक्रीका लागि बजारको व्यवस्था गर्ने,<br>• गाउँपालिकाका सम्भावित व्यावसायिक बाख्रा उत्पादन पकेट क्षेत्रमा स्थानीय बाख्रामा नश्ल सुधारका लागि क्रस वोयर बोका वितरण गर्ने,<br>• व्यावसायिक बाख्रा पालन पकेट क्षेत्रका किसानको बाख्राको खोर सुधार कार्यक्रम संचालन गर्ने,<br>• गाउँपालिकाका सम्भावित बाख्रा उत्पादन पकेट क्षेत्रमा उन्नत भुई घाँस र डाले घाँस उत्पादनको लागि हावापानी सुहाउँदा घाँस तथा डाले घाँसका वीउ र वेर्ना वितरण गर्ने,<br>• व्यावसायिक बाख्रा पालक किसान परिवारलाई आ—आफ्नो बारी र खरबारीमा उन्नत घाँस र डाले घाँसका विरुवा रोप्नका लागि प्रेरित गर्ने,<br>• गाउँपालिकाका सबै व्यावसायिक बाख्रा पालक किसानहरूलाई न्यूनतम प्राविधिक पशु स्वास्थ्य सेवा उपलब्ध गराउने,<br>• गाउँपालिकामा उत्पादित बाख्राको बजार व्यवस्थापनको लागि मोबाइल एप्सको निर्माण गरी आन्तरिक र वाह्य बजारमा विक्री वितरणको व्यवस्था गर्ने,<br>• गाउँपालिकाका सम्भाव्य व्यावसायिक बाख्रापालन पकेट क्षेत्रमा चरी चरणको समस्या रहेकाले स्थानीय सामुदायिक वन उपभोक्ता समूह र सम्बन्धित वन डिभिजन कार्यालयसँग समन्वय गरी बाख्रा चरण क्षेत्रमा चरण संरक्षण तथा विकासका कार्यक्रम सञ्चालन गर्ने,<br>• बाख्राको ऊन काट्ने तथा धागो काट्ने मेसिन औजार उपलब्ध गराउने,<br>• गाउँपालिकाका सम्भावित क्षेत्रहरूमा व्यावसायिक सँगुर, वंगुरका पाठा पाठी उत्पादन गर्ने र सँगुर तथा वंगुर पालनका लागि छनोट भएका किसान परिवारलाई आवश्यक पोथी र भाले सँगुर तथा वंगुरका पाठा उपलब्ध गराउने,<br>• व्यावसायिक सँगुर तथा वंगुरपालक किसानहरूको न्यूनतम पशु स्वास्थ्य सेवामा पहुँचमा वृद्धि गर्ने,<br>• स्थानीय जातका कुखुराको व्यावसायिक उत्पादन गर्न आवश्यक खोर तथा प्राविधिक सहयोग गर्ने,<br>• स्थानीय जातका कुखुराको व्यावसायिक उत्पादन गर्ने सबै किसानहरूलाई आवश्यक तालिमको व्यवस्था गर्ने |
| • उत्पादित पशुपंछीको बजारीकरणका | • विशेष उत्पादन क्षेत्रमा पायक पर्ने गरी संकलन तथा निर्यात केन्द्रको निर्माण गर्ने,<br>• उत्पादकहरूलाई बजारीकरणको सीप प्रदान गर्ने, |

| | |
|---|---|
| लागि पशुपालक कृषकहरूलाई बजार सञ्जालमा जोड्न सहयोग गरिनेछ। | • पशुपालक किसानहरूलाई बजार सञ्जालमा आवद्ध गराउन थोक खरिदकर्ताहरूको पहिचान गरी उत्पादक र थोक खरिद कर्ता माझ समन्वय गराउने,<br>• उत्पादकहरू र थोक बिक्रेताहरू बिच समन्वय गराइ उत्पादकहरू र थोक बिक्रेताहरू बिच खरिद बिक्री सम्झौता गराउन सहजीकरण गर्ने। |
| • पशुपंक्षी पालक किसान व्यावसायहरूमा आउने जोखिम कम गर्नका लागि पशु बीमा कार्यक्रम लागु गरिनेछ। | • किसानको व्यावसायिक हितका लागि बीमाको महत्व, आवश्यकता र बीमा प्रक्रियाबारे जनचेतनामूलक प्रचार प्रसार कार्यक्रम संञ्चालन गर्ने,<br>• बीमा प्रदायक संस्थाहरू र किसान समूहबीच समन्य गराई जोखिम न्यूनीकरणका लागि कृषकहरूलाई पशुपंक्षी बीमा गर्न प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,<br>• बीमा सहजकर्ताको सेवा घरदैलोमा नै उपलब्ध गराउने। |

### ४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको सामान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्तृत विवरण तालिका नं. ४.१ र ४.२ मा समावेश गरिएको छ।

#### ४.१.५.१ अपेक्षित उपलब्धि

गाउँपालिकाका सम्भाव्य वडाहरूमा उन्नत पशुपंक्षीमा बिबिधीकरण र व्यावसायीकरण गरी गाई र भैंसीको दुध उत्पादनमा वृद्धि गर्न नश्ल सुधार, पशु आहार व्यवस्थापन, गोठ सुधार, पशु स्वास्थ्य सेवामा सुधार गरिएको हुनेछ। मासुजन्य पशुपंक्षी पालन व्यवसायलाई व्यावसायीकरण गर्न गाउँपालिकाका सम्भाव्य वडाहरूमा व्यावसायिक भेडा, बाख्रा, सँगुर, बँगुर, कुखुरा, हाँस, जस्ता पशुपंक्षीमा आवश्यक नश्ल सुधार, गोठ तथा खोर सुधार, पशु आहारा र पशु स्वास्थ्य सेवामा सुधार गरी उत्पादकत्व र उत्पादनमा वृद्धि भएको हुनेछ। व्यावसायिक जोखिमको न्यूनीकरणका लागि पशुपंक्षी बीमा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिएको हुनेछ। पशु तथा पशुपंक्षीजन्य उत्पादन (दुध, दही, घ्यू र मासु)को बजार व्यवस्था गर्नका लागि संकलन केन्द्र तथा कृषकहरूलाई बजार सञ्जालमा जोडिएको हुनेछ। गाउँपालिकाको भौगोलिक अवस्थिति, हावापानी तथा प्रचलित कृषि प्रणालीमा व्यावसायिक मौरीपालनको संभावना निकै राम्रो देखिएकोले सम्भाव्य स्थानहरूमा मौरीपालन कार्यक्रम सञ्चालन गरिएको हुनेछ। स्वच्छ एवम् गुणस्तरीय पशुपंक्षी उत्पादनमा व्यावसायीकरण भइ खाद्य तथा पोषण सुरक्षामा गाउँपालिकाले आयातमा कमी र निर्यातमा वृद्धि गरी आत्मनिर्भर भएको हुनेछ। पशुपंछी क्षेत्रको विकास विस्तार र व्यावसायीकरणका माध्यमबाट कृषकको आर्यआर्जनमा वृद्धि भई सिद्ध कुमाख गाउँपालिकाको आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान गरेको हुनेछ।

#### ४.१.५.२ नतिजा/ सूचक

- धान, गहुँ, कोदो, तोरी, मकै र आलु बालीहरुको उत्पादनमा गाउँपालिका आत्मनिर्भर भएको हुनेछ।
- वडा स्तरीय सङ्कलन केन्द्रहरुबाट तरकारी सङ्कलन गरी १ मुख्य सङ्कलन केन्द्र हुदै विभिन्न बिक्रि केन्द्रहरु मार्फत विषादी न्युनिकरण गरिएका तरकारीहरुको विक्री वितरण आ.व. २०८१/०८२ शुरु भएको हुनेछ साथै योजना अवधिको ३ वर्ष भित्रमा तरकारी बालीहरुको न्युनतम बिक्रि मूल्य कायम गरी कार्यान्वयनमा आएको हुनेछ।
- एउटा चिस्यान केन्द्र आवधिक योजना अवधि भित्र निर्माण सम्मन्न गरी  सञ्चालनमा आएको हुने छ।
- तोरी, फापर र फलफुलको क्षेत्र विस्तार संगै विस्तार भएको मौरी पालन व्यवसाय बाट उत्पादित मह प्रशोधन गरी आवधिक योजना अवधि भित्र बजारीकरण गरिने छ।
- नश्ल सुधार र व्यवस्थापनका लागि बाख्रामा २ वटा र बंगुरमा १ वटा व्यवस्थित श्रोत केन्द्रहरु सञ्चालनमा आएका हुनेछन।

- सम्पूर्ण गाउँपालिकाक्षेत्र भित्र व्यवस्थित र सुधारिएका माछा तथा मासु पसलहरु सञ्चालनमा आएका हुनेछन्
- गाउँपालिकाको सहजीकरण सम्पूर्ण व्यवसायिक कृषकहरुको कृषि ऋणमा पहुँच पुगेको साथै आर्थिक क्रियाकलापमा बढोत्तरी भएको हुनेछ।
- आवधिक योजनाको अन्त्य सम्ममा ५ वटा बाख्रा फकेटहरु र २ वटा बंगुर पकेटहरू व्यवसायिक रुपमा सञ्चालनमा आएका हुनेछन् साथै सम्पूर्ण गाई तथा बाख्रा फर्महरू हरियो घाँसमा आधारित भएका हुनेछन।

### ४.१.६ अनुमन तथा जोखिम पक्ष

प्रदेश तथा संघीय सरकारबाट निरन्तर सहयोग प्राप्त हुनेछ।
महामारी तथा दैविक प्रकोपबाट हुने क्षतिमा कृषकहरुलाई क्षतिपूर्ति प्राप्त हुनेछ।

#### ४.१.६.१ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

| क्र.सं. | योजनाको समूहगत शिर्षक | सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीक श्रोत | योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी | योजना सञ्चालन व्यवस्थापनमा आइपर्न सक्ने पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|
| १ | व्यवसायिक कृषि तथा पशुपन्छी | • गाउँ कार्यपालिकाको निर्णय पुस्तिका<br>• गाउँपालिका सभाको निर्णय पुस्तिका<br>• गाउँपालिकाको योजना पुस्तिका<br>• स्थलगत अवस्था<br>• कृषि विकास शाखाका अभिलेख<br>• सञ्चार श्रोत<br>• गाउँपालिकाको वेबसाइट | १.प्रमुख जिम्मेवारी<br>गाउँ कार्यपालिका<br>कृषि विकास शाखा<br>सम्बन्धित कृषक तथा कृषि समूह<br>२.सहयोगी<br>सम्बन्धित वडा समितिको कार्यालय<br>संघीय तथा प्रदेश सरकार<br>विकास साझेदार<br>स्थानीय सरोकारवाला<br>टोल विकास वा सामुदायिक संघ संस्था<br>निजी क्षेत्र | स्रोत र साधनको अभाव<br>सहयोगी तथा साझेदार संघ संस्था<br>बजार सञ्चालनको अभाव<br>प्रविधिको अभाव<br>निर्माण सामग्री<br>मलखाद को अभाव<br>रोगनिरोधक<br>औषधीको अभाव<br>उन्नत जातको विउ बिजन र नश्लको अभाव |

तालिका नं. ४.१ प्रमुख योजना तथा कार्यक्रम

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको | इकाई | कार्यान्वयन हुने स्थान | ५ वर्षको लक्ष्य | | | | | ५ वर्षको लक्ष्य जम्मा | अनुमानित लागत रु. | लागत सहभागिता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | | | |
| सिद्ध कुमाख पालिका स्तरीय कार्यक्रम | | | | | | | | | | | |
| १. | कृषकहरूलाई व्यावसायिरण तालिम संचालन गरी कृषि व्यावसायिकरण अभियान संचालन गर्ने (गाउँपालिका स्तरीय तालिम) | पटक | पालिका स्तर | २ | २ | २ | २ | २ | १० | ५,००,००० | गाउँपालिका |
| २. | कृषकहरूलाई व्यावसायिरण तालिम संचालन गरी कृषि व्यावसायिकरण अभियान संचालन गर्ने (स्थलगत तालिम) | पटक | वडास्तर | २० | २० | २० | २० | २० | १०० | ७,५०,००० | गाउँपालिका |
| ३. | कृषि उपकरण वितरण कार्यक्रम ५० प्रतिशत अनुदान | पटक | पालिका स्तर | १ | १ | १ | १ | १ | ५ | १,००,००,००० | गा.पा./प्रदेश/संघ |
| ४. | बाली संरक्षण कार्यक्रम कीटनाषक, ढुसीनाषक विषादी वितरण शत प्रतिशत अनुदान | पटक | पालिका स्तर | २ | २ | २ | २ | २ | १० | ५०,००,००० | गा.पा./प्रदेश |
| ५. | कृषकहरुलाई कृषि जानकारी गराउनका लागि Agriculture App निर्माण गर्ने | थान | पालिका स्तर | १ | ० | ० | ० | ० | १० | ५,००,००० | गाउँपालिका |
| ६. | एक घर एक करेसावारी कार्यक्रम तरकारीको बीउ वितरण शत प्रतिशत अनुदान | पटक | पालिका स्तर | २ | २ | २ | २ | २ | १० | ५०,००,००० | गा.पा./प्रदेश |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७. | पालिकामा निर्माण भएको सीत भण्डार (Cold Store) लाई संचालनमा ल्याउन मर्मत संम्भार गर्ने | वटा | पालिका स्तर | १ | ० | ० | ० | ० | १ | १०,००,००० | गाउँपालिका र कृषक |
| ८. | माटोको नमुना संकलन गरी माटो जाँच शिविर संचालन गरी उत्पादन पकेट क्षेत्रको प्राथमिकरण गरी सोही अनुसारका बाली लगाउने व्यवस्था मिलाउने | पटक | पालिका स्तर | १ | ० | ० | ० | ० | १ | ५,००,००० | गाउँपालिका र कृषक |
| ९. | व्यावसायिक अगुवा किसानहरुलाई अवलोकन भ्रमणको व्यवस्था गर्ने | पटक | पालिका स्तर | १ | १ | १ | १ | १ | ५ | १५,००,००० | गाउँपालिका र कृषक |
| १०. | उत्पादनका आधारमा कृषक प्रोत्साहन कार्यक्रम संचालन गर्नका लागि कृषि मेला प्रदशनी र उत्कृष्टलाई पुरस्कार | पटक | पालिका स्तर | २ | २ | २ | २ | २ | १० | ५,००,००० | गाउँपालिका र कृषक |
| ११. | जैविक मल तथा विषादी व्यवस्थापनका लागि सहजीकरण | पटक | पालिका स्तर | २ | २ | २ | २ | २ | १० | १०,००,००० | गाउँपालिका र कृषक |
| १२. | फलफूल खेतीको प्रवर्द्धन गर्न पालिका स्तरमा ३ वटा नर्सरी स्थापनाका लागि सहयोग गर्ने | पटक | पालिका स्तर | १ | १ | १ | १ | १ | ५ | ७,५०,००० | गाउँपालिका र कृषक |
| १३. | खाद्यान्न बालीको बीउ वितरण ५० प्रतिशत अनुदान मुल बीउ, | पटक | पालिका स्तर | २ | २ | २ | २ | २ | १० | ५०,००,००० | गा.पा./प्रदेश |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उन्नत बीउ | | | | | | | | | | |
| १४. | च्याउ खेती तथा मौरीपालन व्यवसाय विस्तारका लागि सहयोग गर्ने | पटक | पालिका स्तर | १ | १ | १ | १ | १ | ५ | ५०,००,००० | गाउँपालिका र कृषक |
| १५. | कृषक प्रोत्साहन कार्यक्रम | पटक | पालिका स्तर | १ | १ | १ | १ | १ | ५ | ५०,००,००० | गा.पा./प्रदेश |
| १६. | विभिन्न बालीको खेती प्रविधि सम्बन्धि बुकलेट, लिफलेट, पोष्टर, पम्पलेट छपाई तथा वितरण | पटक | पालिका स्तर | | | | | | | | |
| १७. | तरकारी बीउ उत्पादन, ताजा तरकारी उत्पादन, मसलाबाली उत्पादन र फलफुल वाली उत्पादन पकेट क्षेत्र स्थापना तथा विस्तार | पटक | पालिका स्तर | १० | १० | १० | १० | १० | ५० | १,००,००,००० | गा.पा./प्रदेश/संघ |
| १८. | बाली कटानी रेकर्ड कार्यक्रम | पटक | पालिका स्तर | २ | २ | २ | २ | २ | १० | ५,००,००० | गाउँपालिका र कृषक |
| १९. | व्यवसायिक फलफुल खेती गर्न चाहने किसानहरूको पहिचान गरी ५० प्रतिशत अनुदानमा विरुवा वितरण तथा आवश्यक प्राविधिक सहयोग गर्ने | पटक | पालिका स्तर | २ | २ | २ | २ | २ | १० | ५०,००,००० | गा.पा./प्रदेश |
| २०. | कृषि सामग्री वितरण ५० प्रतिशत अनुदान | पटक | पालिका स्तर | १ | १ | १ | १ | १ | ५ | ५०,००,००० | गा.पा./प्रदेश |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. १ | | | | | | | | | | | |
| १. | व्यावसायिक आलु खेती प्रवर्द्धनका लागि किसानलाई उन्नत जातको विउ तथा प्राविधिक सेवा उपलव्ध गराउने | घरधुरी | | १०० | १०० | १०० | १०० | १०० | ५०० | १,२५,००० | गा.पा. |
| २. | अदुवा, बेसार, लसुन खेति प्रवर्द्धनका लागि विषादी तथा प्राविधिक सहयोग | घरधुरी | करेन्जी | १०० | १०० | १०० | १०० | १०० | ५०० | २,५०,००० | गा.पा. |
| ३. | एक घर एक करेसा बारी निर्माणका लागि बस्तीहरुमा अभियान संचालन गर्ने | घरधुरी | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | १,२५,००० | गा.पा. |
| ४. | किसानहरुको जीविकोपार्जनका लागि व्यावसायिक अलैची खेती प्रवर्द्धन कार्यक्रम | घरधुरी | | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५,००,००० | गा.पा. |
| ५. | हाइटेक टनेल सहितको व्यावसयिक बेमौसमी तरकारी खेति गर्ने किसानलाई सहयोग | घरधुरी | | १० | १० | १० | १० | १० | ५० | २,२५,००० | गा.पा. |
| ६. | व्यावसायिक सुन्तला, जुनार, कागति खेति | घरधुरी | | १० | १० | १० | १० | १० | ५० | ५०,००० | गा.पा. |
| ७. | व्यावसायिक केरा खेति प्रवर्द्धन गर्ने | घरधुरी | | १० | १० | १० | १० | १० | ५० | ५०,००० | गा.पा. |
| ८. | उन्नत जातको खाद्यान्न बाली उत्पादनका लागि वीउ वितरण गर्ने | घरधुरी | | १०० | १०० | १०० | १०० | १०० | ५०० | २५,००० | गा.पा. |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९. | व्यावसायिक टिमुर खेति प्रवर्द्धनका लागि १०० घरधुरीलाई विरुवा वितरण तथा प्राविधिक सहयोग | विरुवा | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ६२,५०० | गा.पा. |
| १०. | व्यावसायिक दाँति ओखर खेती प्रवर्द्धनका लागि १०० घरधुरीलाई विरुवा वितरण तथा प्राविधिक सहयोग | विरुवा | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ६२,५०० | गा.पा. |
| वडा नं. २ | | | | | | | | | | | |
| १. | व्यावसायिक पशुपालन प्रवर्द्धन गर्न घाँसखेती पकेट क्षेत्र निर्माण गर्ने | सबै परिवार | | ४५० | ४५० | ४५० | ४५० | ४५० | २२५० | ५०,००० | गा.पा. |
| २. | विमैचा, स्थानाखर्क, डन्याचौर, चिनछ्रे, डाडा वर्खेडाकुरा अदुवा तथा वेसार पकेट क्षेत्र निर्माण | वर्ष | | १ | १ | १ | १ | १ | ५ | ५,००,००० | गा.पा. |
| ३. | कागती, सुन्तला केरा, अम्बा, मेवा, फलफुल पकेट क्षेत्र निर्माणा लागि विरुवा वितरण र प्राविधिक सहयोग | घरधुरी | | २० | २० | २० | २० | २० | १०० | १,००,००० | गा.पा. |
| ४. | व्यावसायिक माछापालन गर्नका लागि पहिलो पटकका लागि भूरा र प्राविधिक सहयोग | घरधुरी | | ५ | ५ | ५ | ५ | ५ | २५ | १२,००,००० | गा.पा. |
| ५. | वडास्तरका व्यावसायिक कृषकहरु उत्पादन गर्नका लागि छनोट गरिएको विषयमा कृषि पाठशाला तालिम सञ्चालन गर्ने | घरधुरी | | ५ | ५ | ५ | ५ | ५ | २५ | ३,१२,५०० | गा.पा. |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६. | उत्पादित कृषि उपजको बजारीकरणका लागि हाटबजारको व्यवस्थापन तथा संचालन गर्ने | मासिक | | १२ | १२ | १२ | १२ | १२ | ६० | २,५०,००० | गा.पा. |
| ७. | ताजा तरकारी तथा विउ उत्पादन पकेट क्षेत्रको विकास गर्ने | स्थान | | १ | १ | १ | १ | १ | ५ | २,५०,००० | गा.पा. |
| ८. | व्यावसायिक लसुन खेती प्रवर्द्धनका लागि उन्नत जातको विउ र प्राविधिक सहयोग | घरधुरी | | २० | २० | २० | २० | २० | १०० | २,५०,००० | गा.पा. |
| ९. | व्यावसायिक ओखर खेती विस्तार र विकासका लागि विरुवा वितरण तथा प्राविधिक सहयोग | वर्ष | | २० | २० | २० | २० | २० | १०० | २,५०,००० | गा.पा. |
| १०. | व्यावसायिक स्याउ खेती विकास र विस्तारका लागि विरुवा वितरण र प्राविधिक सहयोग | विरुवा | | १००० | १००० | १००० | १००० | १००० | ५००० | २,५०,००० | गा.पा. |
| ११. | व्यावसायिक अलैची खेतीको विकास र विस्तारका लागि विरुवा वितरण तथा प्राविधिक सहयोग | वर्ष | | २००० | २००० | २००० | २००० | २००० | १०,००० | ५०,००० | गा.पा. |
| १२. | तरकारी तथा फलफूल संकलन केन्द्र निर्माण र संचालन | स्थान | | १ | ० | ० | ० | ० | १ | २,५०,००० | गा.पा. |
| वडा नं. ३ | | | | | | | | | | | |
| १ | खाद्यान उत्पादन गर्ने किसानहरुलाई उन्नत जातको मकै विउ वितरण | घरपरिवार | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ३,७५,००० | गा.पा. |
| २ | खाद्यान उत्पादन गर्ने | घरपरि | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५० | ३,७५,००० | गा.पा. |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | किसानहरुलाई गहुँ, धानको विउ वितरण | वार | | | | | | | ० | | |
| ३ | व्यावसायिक फलफुल खेती प्रवद्र्धनका लागि विरुवा वितरण | विरुवा | | १००० | १००० | १००० | १००० | १००० | ५००० | १,७५,००० | गा.पा. |
| ४ | व्यावसायिक अलैची, अदुवा वेसार, मेथि, धनिया, जिरा खेती प्रवद्र्धनका लागि विउ वितरण | घरपरिवार | | ५० | ५० | ५० | ५० | ५० | २५० | ६,२५,००० | गा.पा. |
| ५ | अगार्निक कोदो, जौं, फापरको उत्पादनलाई वृद्धि गर्न प्रोत्साहन गर्न | घरपरिवार | | ५० | ५० | ५० | ५० | ५० | २५० | ६,२५,००० | गा.पा. |
| ६ | प्याज,आलु, भटमास, सिमी, मुसुरो | घरपरिवार | | ५० | ५० | ५० | ५० | ५० | २५० | ६२,५०० | गा.पा. |
| ७ | व्यावसायिक च्याउ खेतीका लागि तालिम तथा पहिलो पटकका लागि विउ वितरण र प्राविधिक सहयोग | घरपरिवार | | १० | १० | १० | १० | १० | ५० | २,५०,००० | गा.पा. |
| ८ | रोजमेरी, टिमुर आदिको व्यावसायिक उत्पादन गर्न विरुवा वितरण तथा प्राविधिक सहयोग गर्ने | घरपरिवार | | ५० | ५० | ५० | ५० | ५० | २५० | ६,२५,००० | गा.पा. |
| ९ | हलो ट्याक्टर वितरण | बस्ती | | ३ | ३ | ३ | ३ | ३ | १५ | ३७,५०० | गा.पा. |
| वडा नं. ४ | | | | | | | | | | | |
| १ | व्यावसायिक खाद्यान उत्पादन गर्ने किसानहरुलाई उन्नत जातको मकै, गहुँ, जौं, कोदो, फापर, आदिको | घरधुरी | | १०० | १०० | १०० | १०० | १०० | ५०० | १,५०,००० | गा.पा. |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वीउ वितरण तथा प्राविधिक सहयोग गर्ने | | | | | | | | | | |
| २ | उत्पादनयोग्य जमिन भएका विपन्न किसानहरुलाई अदुवा, वेसार, टिमुर, अलैची आदिको विउ वितरण गर्ने र व्यावसायिक किसानको उत्पादित मसलाजन्य वस्तुहरुलाई बजारीकरणका लागि सहजीकरण गर्ने | घरधुरी | | ३० | ३० | ३० | ३० | ३० | १५० | १,५०,००० | गा.पा. |
| ३ | व्यावसायिक रुपमा मौसमी तथा वेमौसमी तरकारी खेती गर्ने कृषकहरुलाई लागि वीउविजन, टनेलका लागि आवश्यक सामग्री र प्राविधिक सहयोगको गर्ने गर्ने | घरधुरी | | २० | २० | २० | २० | २० | १०० | ५०,००० | गा.पा. |
| ४ | फलफूल खेतीको उत्पादन र प्रवद्र्धनका लागि वडापालिका भित्र एकवटा नर्सरी स्थापनाका लागि प्राविधिक तथा आर्थिक सहयोग गर्ने | घरधुरी | | १ | | | | | १ | ५०,००० | गा.पा. |
| ६ | सुन्तला, मौसम, कागती, स्टावेरी, रोजमेरी, टिमुर आदिको व्यावसायिक उत्पादन गर्न विरुवा वितरण तथा प्राविधिक सहयोग गर्ने | घरधुरी | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ६२,५०० | गा.पा. |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | कृषि बिमा कार्यक्रम सञ्चालन | घरधुरी | | | | | | | ४५० | १,१२,५०० | गा.पा. |
| ८ | तरकारी संकलन केन्द्र | स्थान | | १ | | | | | | १,५०,००० | गा.पा. |
| वडा नं. ५ | | | | | | | | | | | |
| १ | व्यावसायिक खाद्यान उत्पादन गर्ने किसानहरुलाई उन्नत जातको मकै, गहुँ, जौं, कोदो, फापर, आदिको वीउ वितरण गर्ने | परिवार | | | २० | २० | २० | २० | १०० | ७५,००० | गा.पा. |
| २ | उत्पादन योग्य जमिन भएका विपन्न किसानहरुलाई अदुवा तथा वेसारको विउ वितरण गर्ने | पटक | | २० | २० | २० | २० | २० | १०० | १,००,००० | गा.पा. |
| ३ | व्यावसायिक रुपमा वेमौसमी तरकारी खेती गर्ने कृषकहरुका लागि टनेलका लागि आवश्यक सामग्री वितरण गर्ने | पटक | | २० | २० | २० | २० | २० | १०० | १,५०,००० | गा.पा. |
| ४ | फलफूल खेतीको उत्पादन र प्रवद्र्धनका लागि वडापालिका भित्र एकवटा नर्सरी स्थापनाका लागि प्राविधिक तथा आर्थिक सहयोग गर्ने | पटक | | १ | | | | | १ | १,५०,००० | गा.पा. |
| ५ | सुन्तला, मौसम, कागती, अंगुर स्टावेरी, रोजमेरी, टिमुर, अलैची, आदिको व्यावसायिक उत्पादन गर्न विरुवा वितरण तथा प्राविधिक सहयोग गर्ने | विरुवा | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ६२,५०० | गा.पा. |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | कृषि बिमा कार्यक्रम सञ्चालन | पटक | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ३,२५,००० | गा.पा. |
| ७ | कृषकहरुको पायक पर्ने र व्यापारिक सञ्जालसँग सहज रुपमा जोड्नका लागि तरकारी संकलन केन्द्रको स्थापना गर्ने | पटक | | १ | | | | | १ | १,५०,००० | गा.पा. |
| ८ | रैथाने बाली फापर, कोदो उत्पादनका लागि प्रवद्र्धनात्मक कार्यक्रम संचालन गर्ने | पटक | | १ | १ | १ | १ | १ | ५ | २५,००० | गा.पा. |
| ९ | सिमी, वोडी, चना, केराउ, भटमास उत्पादनका लागि विउ विजन तथा प्राविधिक सहयोग उपलव्ध गराउने | परिवार | | ४०० | २०० | १०० | | | ७०० | ३५,००० | गा.पा. |
| १० | खोला तथा खोल्साको ओसिलो क्षेत्रहरुमा अलैची खेती प्रवद्र्धन गर्नका लागि किसानहरुलाई विउ विजन तथा प्राविधिक सहयोग गर्ने | विरुवा | | १००० | १००० | १००० | १००० | १००० | ५००० | २५,००० | गा.पा. |
| ११ | वडाका अगुवा व्यावसायिक किसानलाई कृषि प्राविधिक तालिम दिने | संख्या | | | २० | | | | २० | २,००,००० | गा.पा. |

तालिका नं. ४.२ प्रमुख योजना तथा कार्यक्रम

| क.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको | इकाई | कार्यान्वयन हुने स्थान | ५ वर्षको लक्ष्य | | | | | ५ वर्षको लक्ष्य जम्मा | अनुमानित लागत रु. | लागत सहभागिता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | | | |
| पालिका स्तरीय कार्यक्रम | | | | | | | | | | | |
| १. | पशु वस्तु पालन गर्ने कृषकहरुको लगानी सुरक्षित राख्नका लागि पहिलो पटक पालिकाले नै एकमुस्त पशु बीमा गरिदिने र अरु वर्षका लागि आवश्यक सहजीकरण गर्ने | परिवार | पालिका भरी | ४००० | | | | | ४००० | ६,००,००० | गा.पा. |
| वडा नं. १ | | | | | | | | | | | |
| १. | व्यावसायिक रुपमा बाख्रापालन गर्न इच्छुक विपन्न परिवारलाई पहिलो पटकका लागि पाँचवटा माउ बाख्रा वितरण गर्ने र उन्नत जातका बोका वडाभरिका लागि चारवटा वितरण | घरधुरी | | २० | २० | २० | २० | २० | १०० | ११,००,००० | गा.पा. |
| २. | व्यावसायिक रुपमा बाख्रापालन गर्न इच्छुक परिवारलाई पहिलो पटकका लागि गोठ सुधार तथा प्राविधिक सहयोग गर्ने | घरधुरी | | २० | २० | २० | २० | २० | १०० | ५,००,००० | गा.पा. |
| ३. | व्यावसायिक रुपमा भैसीपालन गर्न इच्छुक विपन्न परिवारलाई पहिलो पटकका लागि भैसी वितरण गर्ने | घरधुरी | | ५ | ५ | ५ | ५ | ५ | २५ | ७,५०,००० | गा.पा. |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४. | व्यावसायिक लोकल कुखुरा पालनका लागि खोर सुधार तथा प्राविधिक सहयोग | घरधुरी | | ५ | ५ | ५ | ५ | ५ | २५ | २,५०,००० | गा.पा. |
| ५. | अति विपन्न परिवारको आय आर्जनका लागि मौरी पालन व्यवसायको सुरुवात गरिदिने | घरधुरी | | ५ | ५ | ५ | ५ | ५ | २५ | २,५०,००० | गा.पा. |
| ६. | वडा भित्र उत्पादित कृषिजन्य वस्तुको संकलन तथा ढुवानीका लागि गाडीको व्यवस्था गर्ने | | | १ | | | | | १ | १२,५०,००० | गा.पा. |
| वडा नं. २ | | | | | | | | | | | |
| १. | व्यावसायिक रुपमा बाख्रापालन गर्न इच्छुक विपन्न परिवारलाई पहिलो पटकका लागि पाँचवटा माउ बाख्रा वितरण गर्ने र उन्नत जातका बोका वडाभरिका लागि चारवटा वितरण | घरधुरी | | २० | २० | २० | २० | २० | १०० | ११,००,००० | गा.पा. |
| २. | व्यावसायिक रुपमा बाख्रापालन गर्न इच्छुक परिवारलाई पहिलो पटकका लागि गोठ सुधार तथा प्राविधिक सहयोग गर्ने | घरधुरी | | २० | २० | २० | २० | २० | १०० | ५,००,००० | गा.पा. |
| ३. | व्यावसायिक रुपमा भैसीपालन गर्न इच्छुक विपन्न परिवारलाई पहिलो पटकका लागि भैसी वितरण गर्ने | घरधुरी | | ५ | ५ | ५ | ५ | ५ | २५ | ७,५०,००० | गा.पा. |
| ४. | व्यावसायिक लोकल कुखुरा तथा | घरधुरी | | ५ | ५ | ५ | ५ | ५ | २५ | २,५०,००० | गा.पा. |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | हाँस, बट्टई, पालनका लागि खोर सुधार तथा प्राविधिक सहयोग | | | | | | | | | | |
| ५. | व्यावसायिक रुपमा बङ्गुर पालन गर्न इच्छुक परिवारहरुलाई पाठा वितरण तथा प्राविधिक सहयोग | परिवार | | ५ | ५ | ५ | ५ | ५ | २५ | २,५०,००० | गा.पा. |
| ६. | व्यावसायिक रुपमा कालिज, टर्की पालनका लागि इच्छुक परिवारहरुलाई एक पटकका लागि फर्म निर्माण तथा प्राविधिक सहयोग | परिवार | | २ | २ | २ | २ | २ | १० | २,५०,००० | गा.पा. |
| वडा नं. ३ | | | | | | | | | | | |
| १ | व्यावसायिक रुपमा बाख्रापालन गर्न इच्छुक विपन्न परिवारलाई पहिलो पटकका लागि पाँचवटा माउ बाख्रा वितरण गर्ने र उन्नत जातका बोका वडाभरिका लागि चारवटा वितरण | घरधुरी | | २० | २० | २० | २० | २० | १०० | ११,००,०००० | गा.पा. |
| २ | व्यावसायिक रुपमा बाख्रापालन गर्न इच्छुक परिवारलाई पहिलो पटकका लागि गोठ सुधार तथा प्राविधिक सहयोग गर्ने | घरधुरी | | २० | २० | २० | २० | २० | १०० | ५,००,००० | गा.पा. |
| ३ | व्यावसायिक रुपमा भैसीपालन गर्न इच्छुक विपन्न परिवारलाई पहिलो पटकका लागि भैसी वितरण गर्ने | घरधुरी | | ५ | ५ | ५ | ५ | ५ | २५ | ७,५०,००० | गा.पा. |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | व्यावसायिक लोकल कुखुरा तथा हाँस, बट्टई, पालनका लागि खोर सुधार तथा प्राविधिक सहयोग | घरधुरी | | ५ | ५ | ५ | ५ | ५ | २५ | २,५०,००० | गा.पा. |
| ५ | व्यावसायिक रुपमा बङ्गुर पालन गर्न इच्छुक परिवारहरुलाई पाठा वितरण तथा प्राविधिक सहयोग | परिवार | | ५ | ५ | ५ | ५ | ५ | २५ | २,५०,००० | गा.पा. |
| ६ | व्यावसायिक रुपमा कालिज, टर्की पालनका लागि इच्छुक परिवारहरुलाई एक पटकका लागि फर्म निर्माण तथा प्राविधिक सहयोग | परिवार | | २ | २ | २ | २ | २ | १० | २,५०,००० | गा.पा. |
| ७ | अति विपन्न परिवारको आय आर्जनका लागि मौरी पालन व्यवसायको सुरुवात गरिदिने | घरधुरी | | ५ | ५ | ५ | ५ | ५ | २५ | २,५०,००० | गा.पा. |
| ८ | व्यावसायिक माछा पालन गर्नका लागि भौतिक पूर्वाधार निर्माण गरेका परिवारलाई पहिलो पटकका लागि माछाको भुरा उपलब्ध गराउने तथा निरन्तर प्राविधिक सहयोग गर्ने | घरधुरी | | १ | १ | १ | १ | १ | ५ | १,२५,००० | गा.पा. |
| वडा नं. ४ | | | | | | | | | | | |
| १ | व्यावसायिक रुपमा बाख्रापालन गर्न इच्छुक विपन्न परिवारलाई पहिलो पटकका लागि पाँचवटा | घरधुरी | | २० | २० | २० | २० | २० | १०० | ११,००,०० ० | गा.पा. |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | माउ बाख्रा वितरण गर्ने र उन्नत जातका बोका वडाभरिका लागि चारवटा वितरण | | | | | | | | | | |
| २ | वडा भित्रका भैसीको नश्ल सुधारका लागि वडा भरिका लागि एक वटा उन्नत जातको राँगा वितरण गर्ने | घरधुरी | | १ | | | | | १ | १,००,००० | गा.पा. |
| ३ | व्यावसायिक रुपमा भैसी पालन गर्न इच्छुक परिवारलाई उन्नत खालको भैसी वितरण | घरधुरी | | ५ | ५ | ५ | ५ | ५ | २५ | ७,५०,००० | गा.पा. |
| ४ | व्यावसायिक रुपमा बङ्गुर पालन गर्न इच्छुक परिवारहरुलाई पाठा वितरण तथा प्राविधिक सहयोग | परिवार | | ५ | ५ | ५ | ५ | ५ | २५ | २,५०,००० | गा.पा. |
| ५ | व्यावसायिक लोकल कुखुरा तथा हाँस, बट्टई, पालनका लागि खोर सुधार तथा प्राविधिक सहयोग | घरधुरी | | ५ | ५ | ५ | ५ | ५ | २५ | २,५०,००० | गा.पा. |
| ६ | पशु वस्तु पालन प्रवर्द्धनका लागि भकारो सुधार कार्यक्रम संचालन | घरधुरी | | | | | | | ४०० | ११,००,००० | गा.पा. |
| ७ | मौरी पालन गर्न इच्छुक घरपरिवारलाई आधुनिक घारको व्यवस्था गर्ने | घरधुरी | | ५ | ५ | ५ | ५ | ५ | २५ | २,५०,००० | गा.पा. |
| ८ | दुध संकलन केन्द्र | घरधुरी | | | | | | | ४०० | २५,००,००० | गा.पा. |
| ९ | बघशाला निर्माण | घरधुरी | | | | | | | ४०० | २,५०,००० | गा.पा. |
| १० | व्यावसायिक रुपमा कालिज, टर्की | परिवार | | २ | २ | २ | २ | २ | १० | २,५०,००० | गा.पा. |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पालनका लागि इच्छुक परिवारहरुलाई एक पटकका लागि फर्म निर्माण तथा प्राविधिक सहयोग | | | | | | | | | | |
| ११ | पशुको औषधी तथा खोप वितरण | घरधुरी | | | | | | | ४०० | २,५०,००० | गा.पा. |
| वडा नं. ५ | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | |

## ४.२ सिंचाई

### ४.२.१ पृष्ठभूमि

नेपाल परम्परागत कृषिबाट विस्तारै आधुनिक कृषि प्रणालीतर्फ रूपान्तरण हुँदै गैरहेको छ। कृषिको आधुनिकीकरणका लागि वैज्ञानिक कृषि प्रणालीको आवश्यकता पर्दछ। कृषियोग्य भूमिमा बाह्रै महिना सिंचाइ सुविधा पुऱ्याई कृषिको उत्पादकत्व बढाउन सिंचाइको दिगो व्यवस्थापन गर्न आवश्यक छ। सिद्ध कुमाख गाउँपालिकाको भूबनोटको प्रकृति र पानीका स्रोतको अवस्थालाई हेर्दा सीमित मात्रामा परम्परागत सिंचाइ भएको र खोला तटीय क्षेत्रमा साना सिंचाइका कार्यक्रमहरु संचालन भएका छन्। यस पालिकाका प्रायः ठुला बस्तीहरु उच्च स्थानमा रहेका र बस्तीसँगै कृषिजन्य जमिन रहेकाले सिंचाइ आयोजना संचालन गर्न तुलनात्मक रूपमा जटिल रहेको छ। भूबनोट, हावापानी र माटोको प्रकृतिलाई हेर्दा खाद्यान्नजन्य उपज भन्दा फलफूल तथा नगदेबालीका लागि उपयुक्त रहेको छ। सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडाहरूमा विभिन्न साना तथा परम्परागत सिंचाइ आयोजनाहरू सञ्चालित रहेतापनि गाउँपालिकाका अधिकांश भूभागमा सिंचाइ सुविधा पुगी रहेको अवस्था छैन।

कृषि कार्यलाई व्यवसायिक रुप प्रदान गर्न वार्है महिना सिंचाइको दिगो पूर्वाधार निर्माण विकास हुन अनिवार्य छ। राष्ट्रिय कृषिगणना २०७८ अनुसार नेपालमा कृषक परिवार अन्तर्गतको २२ लाख १८ हजार हेक्टर कृषि योग्य जमिन मध्ये करिब १२ लाख ९ हजार हेक्टर जमिन मात्र सिंचाई पुगेको छ। राष्ट्रिय कृषिगणना २०७८ अनुसार यस गाउँपालिका भित्र जम्मा कृषक परिवार २६५९ रहेका छन् र कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल ११४४.८ हेक्टर रहेको छ भने उक्त जग्गा मध्य सिंचाई सुविधा पुगेको जग्गाको जम्मा क्षेत्रफल ३४९.८ हे हेक्टर अर्थात जम्मा कृषक परिवारले चलन गरेको जग्गाको ३०.५५ प्रतिशतमा मात्र सिंचाई सुविधा पुगेको देखिन्छ। गाउँपालिका क्षेत्रभित्र ठुला र साना गरी जम्मा ६२ वटा कुलो सिंचाईहरु रहेका छन्। सिद्ध कुमाख गाउँपालिकालाई ५ वर्ष भित्रमा पूर्ण संचित गाउँ बनाउने कार्यक्रम अनुसार ठुलो सिंचाई विस्तार र मर्मतका कार्यक्रमहरु $P_1$ अन्तर्गत राखी कार्यक्रम तयार गरिएको छ। यसैगरी गाउँपालिका, प्रदेश सरकार, स्थानीय संघ संस्था र कृषकहरुको लागत साझेदारीमा साना सिंचाई (मोटर बोरिङ्ग) कार्यक्रमहरु सञ्चालन गरिने छ।

### ४.२.२ समस्या तथा चुनौती

#### ४.२.२.१ समस्या

- खोला तटीय फाँटहरूमा सिंचाइका लागि परम्परागत कुलोलाई जोखिम रहित नहरमा रूपान्तरण गरी सिंचाइको दिगो व्यवस्थापन गर्न नसक्नु,
- परम्परागत कुलोको मर्मत संभार र संरक्षण नगर्नु तथा सार्वजनिक जवाफदेहीको कमी हुनु,
- सिंचाइका श्रोतहरूको संरक्षण नहुनु,
- सिंचाइ सुविधाबाट वञ्चित रहेका पाखावारीका लागि लिफ्ट पद्धतिबाट सिंचाइ सुबिधा पुऱ्याउन नसक्नु
- अधिकांश सिंचाइ योजना प्राकृतिक नदी प्रणाली (Run off river) मा आधारित भएकाले बाह्रै महिना एकैनासले सिंचाइको भरपर्दो सेवा पुऱ्याउन नसक्नु,

### ४.२.२.२ समस्या

- प्राकृतिक मुहानहरू सुक्दै जानु, उपलब्ध पानीको स्रोतमाथि चाप बढ्नु, सिंचाइ तथा जल उपयोग क्षमता न्यून हुनु, आदि यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन्।
- गाउँपालिकाको सम्पूर्ण कृषियोग्य भूमिमा नवीनतम् प्रविधिको छनोट गरी वर्षैभरि भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराउन साना सिंचाइ प्रणाली निर्माण गर्न नसक्नु,
- सिंचाइ सुविधा उपलब्ध भएका एवम् हुने जमिन कृषिका लागि सुरक्षित नराख्नु र जलवायु परिवर्तनबाट सिर्जित असरका कारण पानीको उपलब्धतामा आएको जोखिम व्यवस्थापन नगर्नु यस क्षेत्रका चुनौती हुन्।

### ४.२.३ सम्भावना तथा अवसर

- शारद नदि किनार र आसपासका भूमिहरुमा तथा तटीय क्षेत्रमा बाह्रै महिना सिंचाइ गरी कृषिमा व्यावसायीकरण गर्न सकिने सम्भावना रहेको छ।
- गाउँपालिकाको मध्य पहाडी भाग सामान्य भिरालो कृषि योग्य जमिनमा लिफ्ट पद्धतिबाट सिंचाइ सुविधा विस्तार गरी फलफूल तथा खाद्य बालीहरूको उत्पादनमा मनग्य वृद्धि गर्न सक्ने संम्भावना रहेको छ।
- सिंचाइ विकास र व्यवस्थापनमा कृषक उपभोक्ताको पहुँच बढ्दै जानु, नयाँ सङ्गठनात्मक परिवर्तनबाट सबै जिल्लामा सिंचाइ कार्यालयको स्थापना भई सेवा प्रवाहमा सुधार हुनु, कृषि क्षेत्रको उत्पादन र उपादकत्व बढाई कृषि उपजमा आत्मनिर्भर बनाउन सिंचाइको भरपर्दो र दिगो व्यवस्था गर्नुपर्ने अवस्था सिर्जना हुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन्

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### ४.२.४.१ लक्ष्य

- नवीनतम् प्रविधिको उपयोग मार्फत कृषि योग्य भूमिमा दिगो एवं भरपर्दो सिंचाइ सुविधा उपलव्ध गराउने,

### ४.२.४.२ उद्देश्य

- सवै कृषि योग्य भूमिमा सिंचाइ सेवा विस्तार गरी वर्षैभरि भरपर्दो सिंचाइ सुविधा उपलव्ध गराउनु,
सिद्ध कुमाख गाउँपालिकाभित्र हाल पूर्ण बेरोजगारको संख्या बढ्दै गएको र उपलब्ध रोजगारी न्यून रहेक छ। कृषिमा लुस बेरोजगारी उच्च बन्दै गएको छ । शैक्षिक बेरोजगार उच्च बन्दै जादा विदेशीने प्रवृति बढ्दै गरेको अवस्था छ। गाउँपालिकाभित्र रहेका विभिन्न उद्योग एवम् निर्माण क्षेत्र लगायतहरुमा दक्ष गाउँपालिका बाहिरका नागरिकहरुले कार्य गर्दै आएका छन्। हाल कृषि तथा पशुपालन क्षेत्र र केहि लघु उद्यमहरुले रोजगारीका अवसरहरु निर्माण गरेतापनि यी क्षेत्रहरु पूर्ण रोजगार उत्पादनका क्षेत्रहरु हुन सकेका छैन। कृषि तथा पशुपालनका क्षेत्रहरुमा युवाहरुको आकर्षण रहेता पनि राज्यको नितिगत कारणले यी क्षेत्रहरु रोजगारकालागि आकर्षक क्षेत्र हुन पुगेका छैन भने स्थानीय कानूनको अभावका कारण गाउँपालीकाले समेत आवश्यक नियमन र व्यवस्थापन गर्न सकिरहेको छैन।

### ४.५.२ समस्या तथा चुनौति

#### ४.५.२.१ समस्या

- स्थानीय श्रम बजारमा श्रर्मिक बन्ने र आफ्नो गाउँघरको विकासमा आफै सहभागी हुने मानसिकताको अभाव रहेकाले युवा युवतीलाई स्थानीय रोजगारीका अवसरहरूमा जोड्न चुनौती देखिएको छ।
- उपलव्ध श्रम शक्तिमा पनि आवश्यकता अनुसारको सीप र ज्ञानको अभाव रहेकाले त्यस्तो श्रमशक्तिलाई रोजगारीमा जोड्न लागत र प्रतिफलका हिसाबले चुनौतीपूर्ण रहेको छ।
- निर्माण कार्यमा जथाभावी आधुनिक उपकरणको प्रयोग गर्ने प्रवत्तिले प्राकृतिक भूवनोट र पर्यावरणीय सुन्दरतामा क्षयीकरण गर्नुका साथै लागत पुँजीको पलायन भएको छ।
- श्रमप्रतिको सम्मानको कमी हुनु, उद्यमशीलताको विकास, स्वरोजगार प्रवर्द्धन र उत्पादन कमजोर रहनु, युवा विदेश पलायन हुनु, वैदेशिक रोजगार सुरक्षित र भरपर्दो हुन नसक्नु, वैदेशिक रोजगारीका नाममा हुने मानव तस्करी नरोकिनु, स्थानीय तहमा रोजगारीको सिर्जना पर्याप्त हुन नसक्नु, वैदेशिक रोजगारीको सीप र पुँजीलाई उत्पादनमा जोड्न नसक्नु, निजी क्षेत्रलाई रोजगार मैत्री लगानीमा प्रोत्साहन गर्न नसक्नु, श्रमबजार सूचना प्रणाली र श्रम प्रशासन चुस्त हुन नसक्नु, स्थानीय स्तरमा आवश्यक जनशक्तिको प्रक्षेपण गर्ने र सोही अनुसार जनशक्तिको उत्पादन नहुनु, उत्पादित जनशक्ति र तिनको बजार व्यवस्थापन हुन नसक्नु, उत्पादित जनशक्तिलाई टिकाइ राख्न नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन्।

#### ४.५.२.२ चुनौति

- स्थानीय स्तरमा श्रमलाई सीप, प्रविधि, उत्पादन र बजारसँग जोड्न नसक्नु, उत्पादनशील क्षेत्रको पहिचान र रोजगारीका अवसरहरू सिर्जना गर्न नसक्नु, अनौपचारिक क्षेत्रका रोजगारीलाई औपचारिक क्षेत्रको दायरामा ल्याई उद्यमशीलता विकास गर्न नसक्नु, असल श्रम सम्बन्धको विकास र श्रमको उत्पादकत्व वृद्धि मार्फत् आर्थिक विकासका सम्भावनाहरूलाई फराकिलो बनाउन नसक्नु, नयाँ श्रम क्षेत्रको पहिचान मार्फत जनशक्ति विकास योजना तयार गरी कार्यान्वयन गर्न नसक्नु, वैदेशिक रोजगारमा जाने ब्यक्तिलाई दक्ष बनाउन नसक्नु र विदेशबाट फर्केर आउने ब्यक्तिको सीप र दक्षतालाई उपयोग गर्न नसक्नु, छोटा, मध्यम तथा लामो अवधिका सीपमूलक तालिम संचालन गरी रोजगारीको क्षेत्रमा जोड्न नसक्नु।

### ४.५.३ सम्भावना तथा अवसर

- सिद्ध कुमाख गाउँपालिकामा बेरोजगारी श्रम शक्ति ६,३६१ जना रहेका छन् (राष्ट्रिय जनगणना, २०७८)। बेरोजगारीको प्रतिशतलाई रोजगारी सिर्जना गर्नका लागि स्थानीय सरकारले नीति

कार्यक्रम र बजेटका माध्यमबाट सम्वोधन गरी श्रम बजारका विभिन्न किसिमका रोजगारीका सीपमूलक अवसरहरू प्रदान गर्न सक्ने सम्भावना रहेको छ।

- श्रम बजारको बदलिँदो आवश्यकता अनुसार सीपमूलक जनशक्ति उत्पादन गर्नका लागि पालिकाले बजेटको व्यवस्था गरी बेरोजगार युवा युवतीलाई रोजगारमूलक सीप विकास तालिम दिएर पनि रोजगारी सिर्जना गर्न सकिने संभावना रहेको छ।
- विकास आयोजनाहरूमा श्रमिक उपयोग गर्दा तुलनात्मक रूपमा मंहगो भएता पनि स्रोतको वितरण गरिब तथा विपन्न वर्गसम्म पुग्न सक्ने भएकाले यसलाई अवसरको रूपमा उपयोग गरी स्वदेशमै रोजगारी सिर्जना गर्ने कार्यलाई प्राथमिकता दिन सकिन्छ।
- श्रममैत्री ऐन कानुनहरू निर्माण हुनु, श्रम तथा रोजगार सम्बन्धि संस्थागत संरचनाहरू स्थापना तथा सञ्चालन हुनु, सामाजिक तथा संस्थाहरू श्रम तथा रोजगारका क्षेत्रमा क्रियाशील रहनु, सरकारको शिक्षालाई बजारसँग जोडने प्राथमिकता रहनु, शिक्षा क्षेत्रमा सीपलाई आबद्ध गर्दै लैजानु, रोजगार तथा सीपमूलक क्षेत्रमा सरकारी तथा निजी क्षेत्रको लगानी बढ्दै जानु, रोजगारमूलक क्षेत्रको विकास तथा विस्तार हुँदै जानु, वैदेशिक रोजगारबाट फर्केको युवाशक्ति यही नै रही स्वरोजगारको क्षेत्रमा आकर्षित हुनु जस्ता अवसरहरू रहेका छन्।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य रणनीति, कार्यक्रम तथा आयोजना

#### ४.५.४.१ लक्ष्य

- सिद्ध कुमाख गाउँपालिका भित्रको मानव पुँजीलाई दक्ष श्रमशक्तिमा रुपान्तरण गरी उत्पादनशील क्षेत्रमा लगाइ बेरोजगारी समस्या न्यूनीकरण गर्ने,

#### ४.५.४.२ उद्देश्य

- गाउँपालिकाका क्षेत्र भित्र पर्याप्त रुपमा उत्पादनशील र मर्यादित आन्तरिक रोजगारीका अवसर सिर्जना गरी बेरोजगारी दर घटाउनु साथै सिप सिकेर मात्र विदेश जाने प्रवृतिको विकास गर्नु
- असल औद्योगिक, व्यापारिक तथा व्यवसायिक श्रम सम्बन्ध स्थापित गर्नु
- निकृष्ट लगायत सवै प्रकारका बालश्रमको अन्त्य गर्नु
- श्रम प्रतिको सम्मान बढोत्तरी ल्याएर वैदेशिक रोजगारीमा जाने संख्या घटाउनु
- आवश्यक जनशक्ति प्रक्षेपण र उत्पादन गर्ने व्यवस्था गर्नु,
- प्रतिस्पर्धी, सक्षम र गुणस्तरीय जनशक्तिको आपूर्ति गर्नु।

#### ४.५.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

| रणनीति | कार्यनीति |
|---|---|
| • श्रम सम्बन्ध सुदृढ गरी रोजगार सिर्जना गर्ने,<br>• श्रमिकको दक्षता वृद्धि गरी प्रतिस्पर्धी बनाउने, | • रोजगार सूचना केन्द्र स्थापना गरी श्रम बजारको माग अनुसार श्रमशक्तिको आपूर्ति गर्ने,<br>• श्रम र ज्याला बीचको सन्तुलन कायम गर्ने,<br>• बेरोजगारलाई प्राविधिक, सीपमूलक तथा व्यावसायिक तालिम |

| | |
|---|---|
| • स्थानीय तहको निम्ति आवश्यक पर्ने दक्ष तथा अर्धदक्ष जनशक्तिको प्रक्षेपण गर्ने,<br>• शिक्षालाई बजारको माग र सीपसँग आवद्ध गर्ने,<br>• स्थानीय सरकार तथा निजी क्षेत्रवीच साझेदारी गर्ने,<br>• जनशक्ति उत्पादन गर्दा प्राविधिक तथा व्यावसायिक सीप विकासमा जोड दिने, | दिइ दक्ष जनशक्ति निर्माण गर्ने,<br>• वैदेशिक रोजगारीमा जानेहरूको अभिलेख राखी त्यसलाई सुरक्षित व्यवस्थित एवं मर्यादित बनाउन आवश्यक समन्वय गर्ने,<br>• वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, अनुभव र पुँजीलाई उत्पादनमा लगाउन प्रोत्साहन गर्ने,<br>• स्थानीय तह र निजी क्षेत्रलाई आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण गर्ने,<br>• शैक्षिक संस्थासँग सहकार्य गरी आवश्यक जनशक्ति उत्पादन गर्ने व्यवस्था गर्ने,<br>• उत्पादन क्षेत्रलाई चाहिने मध्यम खाले जनशक्ति उत्पादनलाई प्राथमिकता दिने,<br>• युवाहरूलाई माग तथा आवश्यकताका आधारमा अल्प, मध्यम तथा लामो अवधिका व्यावसायिक तालिम संचालन गर्ने,<br>• विदेशबाट फर्केका व्यक्तिको सीपको प्रयोग गरी स्वरोजगार हुन तथा रोजगारी सिर्जना गर्न प्रोत्साहन गर्ने,<br>• नयाँ रोजगारका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने,<br>• आर्थिक तथा सामाजिक हिसाबले पछि परेका समूहको क्षमता विकासका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसरमा छात्रवृत्ति लगायत सुविधाहरू प्रदान गर्ने,<br>• युवाहरूलाई स्वरोजगारतर्फ आकर्षित गर्न अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरी २०० जना बेरोजगारलाई प्रति वर्ष स्वरोजगार बनाउन व्यवसायमा बिउ पुँजीको रूपमा अनुदान दिने र अन्य आवश्यक सहयोग गर्ने,<br>• निर्माण दलको गठन र परिचालनः स्थानीय बेरोजगार युवाहरूलाई विकास निर्माणका कार्यहरूको जिम्मेवारी दिने गरी वडाध्यक्षहरूको प्रत्यक्ष निगरानीमा रहने १० देखि १५ जनाको एक निर्माण दल गठन गर्ने र निश्चित र समयबद्ध जिम्मेवारी दिने, आवश्यक तालिम दिने, निर्माण दलका सदस्यहरूको क्षमता पहिचान गरी जिम्मेवारी दिने, कामका आधारमा पारिश्रमिक र मूल्याङ्कन गर्ने र सीप प्रमाणीकरण गरी प्रमाणपत्र उपलब्ध गराउने।<br>• महिलाहरूको घरयासी कामको मूल्यांकन प्रमाणीकरण गरी प्रमाणपत्र उपलव्ध गराउने, आयमूलक सीपको तालिम दिने र |

| | |
|---|---|
| | महिला स्वरोजगार प्रवर्द्धन गर्ने,<br>• विभिन्न सीपमूलक तालिम जस्तैः विद्युत् जडान, सिकर्मी, डकर्मी, सिलाई बुनाई, इलेक्ट्रोनिक्स, प्लम्बिङ्, कम्प्यूटर आदि छोटो तथा लामो अवधिका तालिम सञ्चालन गरी उद्यमशीलता र रोजगारी अभिवृद्धि गर्ने,<br>• गरिवी मापन र नक्सांकन गरी निरपेक्ष गरिवीको रेखामुनि रहेका घर परिवारको पहिचान गर्ने,<br>• गरिवीको रेखामुनि रहेका घर परिवारको सदस्यलाई कम्तिमा १०० दिनको रोजगारी सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने (जस्तैः गाउँपालिकावाट सञ्चालित विकास निर्माण कार्यहरूमा गरिव परिवारका सदस्यहरूलाई प्राथमिकता दिने, स्थानीय विकास निर्माणका कार्यहरूमा श्रममूलक प्रविधिलाई प्राथमिकता दिने),<br>• कृषिमा आधुनिकीकरण र उन्नत पशुपालन कार्यक्रमहरूलाई गरिव लक्षित गर्दै आयस्तरमा वृद्धि गर्ने,<br>• गरिव परिवारका महिलाहरूलाई केन्द्रित गरी स्वरोजगार सीप प्रदान गर्ने तालिम कार्यक्रम सञ्चालन गर्ने,<br>• स—साना व्यवसाय सञ्चालन गर्न लघुवित्त संस्था मार्फत वीउ पुंजी उपलब्ध गराउन गाउँपालिकाले आवश्यक समन्वय र सहयोग गर्ने,<br>• गरिब घर परिवारलाई सहकारी मार्फत सामुहिक खेती, पशुपालन, स—साना व्यवसाय सञ्चालन गर्न गाउँपालिकाले आवश्यक समन्वय र सहयोग गर्ने (जस्तै भूमि बैंक मार्फत जमिन उपलब्ध गराउने),<br>• गरिब परिचय पत्र प्राप्त परिवारलाई सुपथ मूल्यमा खाद्यान्न तथा अन्य सेवा उपलब्ध गराउने,<br>• गरिब व्यक्तिसँग भएको परम्परागत सीप तथा ज्ञानको पहिचान गरी तदनुसारको कार्यक्रमतर्फ उन्मुख गराउन उत्प्रेरित गराउने,<br>• गरिब परिवारको शिक्षा स्वास्थ्य र आय आर्जनको क्षेत्रमा पहुँच बढाउन वडास्तरमा १ वर्षमा २ पटक परामर्श सेवा (Counseling) अभियान सञ्चालन गर्ने। |

### ४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको सामान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्तृत विवरण तालिका नं. ४.५ मा समावेश गरिएको छ।

#### ४.५.५.१ अपेक्षित प्रतिफल तथा उपलब्धि

योजनाको अन्तमा स्रोतको उपलब्धता, बजार र श्रमको अवस्था विश्लेषण भएको हुने, बजारको माग अनुसार प्राविधिक, सीपमूलक तथा व्यावसायिक तालिम सञ्चालन भएको हुने, उद्यमबाट उत्पादित वस्तुको बजार व्यवस्थापनमा सहयोग पुगेको हुने, वैदेशिक रोजगारीमा जानेको अभिलेख तयार भएको हुने र बेरोजगारहरूलाई उत्पादनमा लगाउन न्यून ब्याज दरको ऋण तथा अन्य सहयोग प्रवाह भएको हुनेछ। जनशक्ति प्रक्षेपण तथा उत्पादन योजना निर्माण तथा कार्यान्वयन पश्चात् स्थानीय तहको आवश्यकता बमोजिम सीपयुक्त जनशक्ति उत्पादन भएको हुनेछ। श्रम बजारमा जनशक्तिको माग र आपूर्ति बीच सन्तुलन कायम भएको हुनेछ। जनशक्ति विकासमा स्थानीय तह तथा निजी क्षेत्रहरूबीच सहकार्य र समन्वय उन्नत अवस्थामा हुनेछ।

#### ४.५.५.२ नतिजा/सूचक

- आवश्यक पालिका स्तरीय ऐन कानून निर्माण भई कार्यान्वयनमा आएका हुनेछन
- गाउँपालिकामा बसोबास गर्ने गरिब घरपरिवारका तथा बेरोजगारीहरूको विवरण तथा तथ्याङ्क अध्यावधिक भएको हुनेछ
- आवधिक योजनाको ५ वर्ष भित्र गाउँपालिकाका ५० प्रतिशत बेरोजगारहरु स्वरोजगार एवम् रोजगारीमा संलग्न भई गाउँको अर्थतन्त्रमा सकारात्मक योगदान पुगेको हुनेछ
- आवधिक योजना अवधि भित्र कम्तिमा थप ५००० प्रत्यक्ष रोजगारी श्रीजना भइ वर्तमान समग्र शहरी तथा ग्रामिण गरिविमा ६५% ले कमी आएको हुनेछ

### ४.५.६ अनुमान तथा जोखिम पक्ष

रोजगारीका क्षेत्रहरुको विकास र स्वरोजगारिका क्षेत्रको विस्तार भएको हुनेछ। रोजगारदाता र श्रमिक बिच असल श्रम सम्बन्धको विकास साथै गाउँपालिका सँग असल समन्वय र साझेदारी कायम र दिगो भएको हुनेछ।

#### ४.५.६.१ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

| क्र.सं. | योजनाको समूहगत शिर्षक | सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत | योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी | योजना सञ्चालन व्यवस्थापनमा आइपर्न सक्ने पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|
| १ | श्रम, रोजगारी र | गाउँपालिका सभाको निर्णय पुस्तिका | १.प्रमुख जिम्मेवारी<br>गाउँपालिका कार्यपालिका | स्रोत र साधनको अभाव |

| | | | | |
|---|---|---|---|---|
| | सामाजिक सुरक्षा | गाउँपालिका कार्यपालिकाको निर्णय पुस्तिका<br>गाउँपालिकाको योजना पुस्तिका<br>स्थलगत अवस्था<br>आर्थिक विकास तथा रोजगार शाखा अभिलेख<br>गाउँपालिकाको वएभसाइट<br>विषयगत समितिको निर्णय तथा अभिलेख<br>सञ्चारका श्रोत | आर्थिक विकास/रोजगार शाखा<br>सम्बन्धित उद्योग, व्यापारी, औद्योगिक, व्यापारिक तथा व्यावसायिक प्रतिष्ठान साथै श्रमिक तथा श्रमिक सँग सम्बन्धित संघ संगठनहरु<br>२.सहयोगी<br>सम्बन्धित वडा समितिको कार्यालय<br>संघीय तथा प्रदेश सरकार<br>विकास साझेदार<br>स्थानीय सरोकारवाला<br>टोल विकास वा सामुदायिक संघ संस्था<br>निजी क्षेत्र | सहयोगी तथा साझेदार संघ संस्था<br>सरोकारवाला संघ संस्थाको निस्कृयता<br>प्रविधि तथा उपकरणको अभाव<br>विद्यमान ऐन कानून |

तालिका नं. ४.७ प्रमुख योजना तथा कार्यक्रम

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको | इकाई | कार्यान्वयन हुने स्थान | ५ वर्षको लक्ष्य | | | | | लक्ष्य | अनुमानित लागत रु. | लागत सहभागिता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | | | |
| पालिकास्तरीय | | | | | | | | | | | |
| १ | बेरोजगार व्यक्तिहरुको तथ्यांक सङ्कलन र सूचीकरणका लागि डिजिटल एप निर्माण | वटा | पालिकाभर | १ | | | | | १ | २,५०,००० | |
| वडा नं. १ | | | | | | | | | | | |
| १ | छोटो अवधिका सिपमुलक सिलाई बुनाई, प्लम्बर, हाउस वाइरिङ, स्काभेटर ड्राइभर, इलेक्ट्रोनिक मर्मत, कम्प्युटर तालिम आदि दिएर युवा युवतीलाई आत्मनिर्भर बनाउने | संख्या | | २० | २० | २० | २० | २० | २० | १५,००,००० | |
| वडा नं. २ | | | | | | | | | | | |
| १ | छोटो अवधिका सिपमुलक सिलाई बुनाई, प्लम्बर, हाउस वाइरिङ, स्काभेटर ड्राइभर, इलेक्ट्रोनिक मर्मत, कम्प्युटर तालिम आदि दिएर युवा युवतीलाई आत्मनिर्भर बनाउने | | | २० | २० | २० | २० | २० | २० | १५,००,००० | |
| वडा नं. ३ | | | | | | | | | | | |
| १ | छोटो अवधिका सिपमुलक सिलाई | | | २० | २० | २० | २० | २० | २० | १५,००,०० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बुनाई, प्लम्बर, हाउस वाइरिङ, स्काभेटर ड्राइभर, इलेक्ट्रोनिक मर्मत, कम्प्युटर तालिम आदि दिएर युवा युवतीलाई आत्मनिर्भर बनाउने | | | | | | | | | ० | |
| २ | घरेलु तथा साना उद्योग सञ्चालन तथा व्यवस्थापन तालिम | | | | | | | | | | |
| वडा नं. ४ | | | | | | | | | | | |
| १ | छोटो अवधिका सिपमुलक सिलाई बुनाई, प्लम्बर, हाउस वाइरिङ, स्काभेटर ड्राइभर, इलेक्ट्रोनिक मर्मत, कम्प्युटर तालिम आदि दिएर युवा युवतीलाई आत्मनिर्भर बनाउने | | | २० | २० | २० | २० | २० | २० | १५,००,००० | |
| वडा नं. ५ | | | | | | | | | | | |
| १ | छोटो अवधिका सिपमुलक सिलाई बुनाई, प्लम्बर, हाउस वाइरिङ, स्काभेटर ड्राइभर, इलेक्ट्रोनिक मर्मत, कम्प्युटर तालिम आदि दिएर युवा युवतीलाई आत्मनिर्भर बनाउने | | | २० | २० | २० | २० | २० | २० | १५,००,००० | |
| २ | सुधारिएको चुलो निर्माण तालिम | | | | | | | | २ | ५०,००० | |
| जम्मा | | | | | | | | | | | |

# परिच्छेद (पाँच)
# सामाजिक क्षेत्र

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ को भाग ३ को धारा ३५ मा प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ। स्वस्थ र उत्पादनशील नागरिकको महत्वलाई दृष्टिगत गरी यस क्षेत्रमा लगानी वृद्धि मार्फत गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो। यसै संदर्भमा लोककल्याणकारी राज्यको अवधारणा अनुरूप स्वास्थ्य क्षेत्रलाई नाफामूलकबाट क्रमशः सेवामूलक क्षेत्रमा रूपान्तरण गर्दै लैजानु पर्ने आवश्यकता छ। संविधानको एकल तथा साझा अधिकार सूची अनुसार संघ, प्रदेश र स्थानीय तहलाई स्वास्थ्य सेवाको जिम्मेवारी दिएको छ। स्वास्थ्य सम्बन्धि उपरोक्त संवैधानिक व्यवस्था एवम् दिगो विकासका लक्ष्य हासिल गर्न योगदान गर्ने सोचका साथ स्वास्थ्य क्षेत्रको प्रवर्द्धन गर्न आवश्यक भएको छ। सिद्ध कुमाख गाउँपालिकामा विभिन्न कारणले गर्दा स्वास्थ्य सेवा भरपर्दो र सर्वसुलभ हुन सकेको छैन। विगत केही वर्षदेखि विश्वव्यापी रुपमा आएको पर्यावरणीय परिर्वतन सँगै रोग तथा तिनको संक्रमणको लक्षण तथा संरचना बदलिएको छ। पहिले झाडापखाला र सरुवा रोगवाट मृत्यु हुनेको संख्या बढी थियो भने हाल निको हुन गाह्रो हुने रोगहरू जस्तै क्यान्सर, श्वासप्रश्वास, मुटु रोग र मृगौला सम्बन्धि समस्याबाट मृत्यु हुनेको संख्या बढ्दै गएको पाइन्छ। यसले गाउँपालिकामा स्वास्थ्य सेवामा विशिष्टिकृत सेवाहरूको माग बढ्दै गएको देखिन्छ। संविधानको मर्मानुसार मानव विकास सूचकाङ्कमा अपेक्षित उपलब्धि हासिल गरी गाउँपालिकाले "स्वस्थ गाउँपालिका र निरोगी गाउँवासी" तयार गर्ने नीति तथा कार्यक्रमहरू संचालन गर्नु पर्ने देखिन्छ।

### ५.१.२ समस्या र चुनौती

#### ५.१.२.१ समस्या

- भौगोलिक बिशिष्टता र समतामूलक हिसाबले स्वास्थ्य संस्थाहरुको अपेक्षित रुपमा व्यवस्था हुन नसकेकोले सवै तह, वर्ग र क्षेत्रका समुदायको आधारभूत स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन कठिनाइ।
- अझै पनि महिलाहरु घरैमा सुत्केरी हुने, किशोरावस्थामै बिवाह गर्ने र बच्चा जन्माउने गरेकाले मातृ तथा नवजात शिशु र पाँच वर्ष मुनीका बालबालिकाको मृत्यूदरमा कमी आउन नसकेको।
- ज्येष्ठ नागरिक तथा फरक क्षमता भएका ब्यक्तिहरुको स्वास्थ्य उपचार, किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रर्बद्धनका लागि आवश्यक स्वास्थ्य सेवाको व्यवस्थापन कमजोर रहेको।
- स्वास्थ्य संस्थाहरुमा दरवन्दी अनुसारका स्वास्थ्यकर्मीहरु पूर्ति हुन नसकेको।
- औषधी तथा औषधीजन्य सामाग्रीहरुको नियमित आपुर्ती ब्यवस्थापन, उचित भण्डारण र कोल्डचेनको प्रभावकारी व्यवस्थापनको अभावका कारणले आपुर्ति तथा वितरणमा सहज पहुँच हुन नसकेको।

- नसर्ने खालका रोगहरु जस्तैः क्यान्सर, मुटु, मृगौला, मधुमेह र मानसिक रोगहरुको रोकथाम र नियन्त्रण गर्नमा कठिनाइ।
- केही स्वास्थ्य संस्थाहरुको भौतिक अवस्था कमजोर भएको, समयानुकुल सुधार गर्न नसकिएकोले गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध हुन नसकेको।
- गुणस्तरीय स्वास्थ्य सेवाको पहुचमा कमि र भौगालिक विकटता एवं छरिएर रहेको वस्तीहरुको कारण सेवा प्राप्त गर्न जान कठीन भएको कारण नवजात शिशु, बाल स्वास्थ्य तथा मातृ स्वास्थ्य जस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुन नसकेको।
- स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग सहितको स्वास्थ्य सेवा र ऐन नियमका कार्यान्वयनको सम्वन्धमा नियमित र प्रभावकारी अनुगमनको कमि।
- गाउँपालिकाभित्र स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको सहभागीता ब्यवस्थित गर्न नसकिएको।
- स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिहरुलाई आफ्नो भूमिका र जिम्मेवारी प्रति क्रियाशील गराई स्वास्थ्य संस्था स्तरबाट नै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गर्ने संयन्त्रको विकास गर्न
- निजि क्षेत्रलाइ स्वास्थ्य क्षेत्रमा लगानी गर्न अभिप्रेरित गर्दै सार्वजनिक निजि साझेदारीमा सर्वसुलभ स्वास्थ्य सेवाको बिस्तार र स्तरोन्नती गर्नु।
- दूरदराज एबम् आर्थिक रुपले बिपन्न नागरिकहरुमा सर्वसुलभ औषधी उपचार र स्वास्थ्य सेवाको सुनिश्चित गर्नु।

५.१.२.२ चुनौति

- सिद्ध कुमाख गाउँपालिकाभित्र राज्यले अङ्गीकार गरेको आधारभूत एबम् आकस्मिक स्वास्थ्य सेवाको पहुँचलाइ प्रत्येक नागरिकको घरदैलोमा पुऱ्याउनु।
- स्वास्थ्य क्षेत्रमा व्यक्तिगत रुपमा हुने खर्चलाई कम गर्नका लागि नागरिकहरुमा ब्यबहार परिवर्तन गर्न र प्रबद्र्धनात्मक एबम् प्रतिकारात्मक उपचार सेवाको उपयोगितामा सुधार गर्नु।
- बिद्यमान स्वास्थ्य संस्थाहरु र प्रत्येक वडामा रहेका आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको सेवाग्राही मैत्री पूर्वाधार बिकास गरी गुणस्तरीय सेवा प्रवाहको पद्धतीको पुर्ण रुपमा स्थापना गर्नु।
- परम्परागत रुपमा अपनाईउदै आएका रुढीवादी विश्वास, मुल्य र मान्यताहरुलाई फड्को मार्दै स्वस्थ सामाजिक अभ्यासमा पूर्ण रुपले रुपान्तरण ल्याउनु।
- आयुर्बेद तथा बैकल्पिक चिकित्सा पद्धतीको अनुसन्धान, उत्पादन र प्रयोगमा ल्याउनु।
- सबै नागरिकलाई निशुल्क र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा दिन नसक्नु, अति विपन्न र जोखिममा परेका नागरिकलाई निशुल्क स्वास्थ्य सेवा सम्बन्धि राज्यले भरपर्दो व्यवस्था गर्न नसक्नु,
- सेवा सुविधा र सहरी मानसिकताका कारण दक्ष जनशक्तिको अभाव हुनु,
- परम्परागत मूल्य, मान्यता, स्वास्थ्य सेवाप्रति सचेतनाको कमी र पर्याप्त मात्रामा बर्थिङ सेन्टरको व्यवस्था नहुँदा असुरक्षित सुत्केरी हुने अवस्थालाई पूर्ण रूपमा रोक्न नसक्नु,
- आधारभूत स्वास्थ्य सेवा तथा कुपोषणका कारण गाउँपालिकाको अभिलेख अनुसार २०७९/०८० मा वाल मृत्यु ० जना तथा मातृ मृत्यु ० मै यथावत कायम राख्न चुनौतीपूर्ण रहेको छ।

- यस पालिकाका जम्मा २८९८ घरधुरी मध्ये २७४३ घरधुरीले स्वास्थ्यका हिसावले हानीकारक रहेको काठदाउराबाट खाना पकाउने गरेका छन् (राष्ट्रिय जनगणना, २०७८)। कतिपय विद्यालयमा अझैं व्यवस्थित शौचालय नहुनु र यथेष्ट रूपमा सार्वजनिक शौचालयको अभाव पनि स्वास्थ्य सँग जोडिएका चुनौतीहरू हुन्।

### ५.१.३ सम्भावना र अवसर

- गाउँपालिका सेवाको समानुपातिक वितरण, पहुँच र उपभोग बढाउन स्वास्थ्य क्षेत्रमा निजी तथा गैह्र सरकारी क्षेत्रसँगको साझेदारीलाई सदुपयोग गर्ने।
- गाउँपालिका भित्रका सामाजिक, साँस्कृतिक तथा भौगोलिक बिशिष्टताका आधारमा नीति तथा योजना निर्माण गरी कार्यन्वयन गर्ने।
- राजनैतिक परिवर्तन र संघियताको सन्दर्भमा स्थानीय स्तरबाटै स्रोत परिचालन र अनुगमन गर्ने।
- स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको पहुँचमा बृद्धि, एकिकृत सुचना प्रणालीलाइ सुदृढीकरण गर्ने।
- नेपालको संविधानले गुणस्तरीय स्वास्थ्यमा सबैको सहज पहुँचलाई राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा समावेश गरेको छ। संविधानतः स्वास्थ्य जस्तो आधारभूत विषय मौलिक हकको रूपमा स्थापित भइसकेको छ। दिगो विकास लक्ष्य सन् २०१६—२०३० सम्ममा सबै नेपालीलाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउने लक्ष्य राखेको छ। स्वास्थ्य सेवाका क्षेत्रमा राज्यले व्यक्त गरेको प्रतिवद्धता सकारात्मक रहेको छ।
- आधारभूत स्वास्थ्य उपचारका लागि प्रमुख अस्पतालदेखि सबै वडासम्म सडक सञ्जालको विस्तार हुनु अवसरका रूपमा रहेको छ।
- आधारभूत स्वास्थ्य सेवाप्रति सबै नागरिक सचेत र सजग रहनु पनि स्वास्थ्य सेवा सुविधाका लागि एक अवसर हो।

### ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ५.१.४.१ लक्ष्य

- आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने।

#### ५.१.४.२ उद्देश्य

- आधारभूत स्वास्थ्य सेवा निःशुल्क र पहुँच योग्य बनाउनु,
- विशिष्ट सेवा सर्वसुलभ, गुणस्तरीय र विश्वसनीय बनाउनु,
- स्वास्थ्य सम्बन्धि जनचेतनामूलक कार्यक्रम संचालन गर्नु,
- पोषण सुरक्षा सुनिश्चित गर्नु,
- सुरक्षित मातृत्वको सुनिश्चिता गर्दै बाल मृत्यु दर र मातृ मृत्यु दरमा कमी ल्याउनु,
- स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढीकरण गर्नु र
- स्वास्थ्य बीमालाई अनिवार्य गर्नु।

### ५.१.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

| रणनीति | कार्यनीति |
|---|---|
| • जनस्वास्थ्य सम्बन्धि सेवाहरू जनमैत्री बनाइने, | • गाउँपालिका भित्र हाल संचालित स्वास्थ्य संस्थाहरूको स्तरोन्नति गर्ने,<br>• आवश्यकताका आधारमा थप स्वास्थ्य केन्द्र तथा चौकीहरूको निर्माण गर्ने,<br>• वडामा भएका बर्थिङ्ग सेन्टरलाई सुविधा सम्पन्न बनाई संचालन गर्ने,<br>• स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता विकासका लागि योजनाबद्ध कार्यक्रम संचालन गर्ने,<br>• निश्चित समयावधिमा विशेष किसिमका रोगको निदानका लागि विशेषज्ञ घुम्ती स्वास्थ्य सेवा तथा शिविर कार्यक्रमको सञ्चालन गर्ने,<br>• आधारभूत खोप र प्रसूति सेवालाई प्रभावकारी रूपमा संचालन गर्ने,<br>• स्वास्थ्य सेवालाई विपन्न, सीमान्तकृत, ज्येष्ठ नागरिक, दीर्घ रोगी, अपाङ्ग तथा अशक्तहरूका लागि विशेष कार्यक्रम संचालन गर्ने,<br>• गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरूमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने र थप विशेषज्ञ सुविधा सहितको दक्ष जनशक्तिको व्यवस्था गर्ने,<br>• स्वास्थ्य सेवाको पहुँच विस्तार गर्नका लागि वडा स्तरीय स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूमा अतिरिक्त सुविधासहितको विस्तारित स्वास्थ्य सेवा कार्यान्वयन गर्ने,<br>• नयाँ प्रविधिजन्य स्वास्थ्य सामग्रीहरूका साथै औषधी तथा औषधीजन्य सामग्रीको आयात, भण्डारण, वितरण तथा प्रयोगको नियमन तथा व्यवस्थापन गर्ने,<br>• गाउँवासीको सुरक्षित र स्वस्थ जीवनको सुनिश्चितताका लागि स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने,<br>• विशेषज्ञ स्वास्थ्य सेवा तथा आयुर्वेद लगायत अन्य स्वास्थ्य सेवालाई बीमा कार्यक्रम मार्फत् उपलब्ध गराउने,<br>• प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवाका बारेमा जनचेतना अभिवृद्धि गर्ने,<br>• विपद् तथा महामारीको तत्काल सम्बोधन, एम्बुलेन्स सेवाको एकीकृत विकास, साधन सम्पन्न तालिम प्राप्त चिकित्सक र स्वास्थ्यकर्मीको टोलीलाई परिचालन गर्ने,<br>• फोहोर मैलाको उचित व्यवस्थापन गर्ने,<br>• जनस्वास्थ्य विपद् व्यवस्थापनका एकीकृत उपायहरू अवलम्बन गर्ने,<br>• स्वाथ्य सम्बन्धि निर्णय प्रक्रियालाई तथ्यमा आधारित बनाउँदै लगनका |

| | |
|---|---|
| | लागि अनुसन्धान तथा विकासमा जोड दिने र सबै विकास कार्यक्रममा स्वास्थ्यलाई एकीकृत गर्दै लैजाने,<br>• छोरा छोरी बीचको विभेद अन्त्य गर्न गर्भ पहिचान गरी गर्भपतन गर्ने प्रचलनलाई निरुत्साहित गर्न सचेतना कार्यक्रम सञ्चालन गर्ने,<br>• कुपोषित गर्भवती तथा सुत्केरी आमा तथा बालबालिकाहरूका लागि विशेष पोषण कार्यक्रम संचालनका लागि गाउँपालिकाले विशेष पहल गर्ने,<br>• खोप, औषधी तथा उपकरणको भण्डारणका लागि आधुनिक सुविधा सम्पन्न Cold Qmorage भवनको निर्माण गर्ने र Blood Bank को समेत व्यवस्थापन गर्ने,<br>• एम्वुलेन्स सेवा प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि स्थानीय क्लब, समुदाय वा संस्थाहरूलाई व्यवस्थापनको जिम्मा दिने,<br>• स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरूलाई अतिरित्त कामको आधारमा प्रोत्साहन सुविधा उपलब्ध गराउने र<br>• सूर्तिजन्य, मदिराजन्य र लागूऔषधजन्य पदार्थहरूका प्रयोगलाई निरुत्साहित पार्दै लिने। |
| • बालबालिकाको पोषण स्थितिमा सुधार ल्याउने, | • रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नदिनका लागि पोषणयुक्त आहारमा लगानी गर्ने बानीको विकास गर्न बालबालिकाको पोषण स्थितिमा सुधार ल्याउन जनचेतना अभिवृद्धि गर्ने,<br>• आयातित वस्तुहरूको न्यूनीकरण गर्दै स्थानीय परिवेश अनुकूल उपलब्ध अर्गानिक खाद्य पदार्थ, फलफूल र हरियो तरकारी उत्पादन तथा उपभोग गर्ने बानीको विकास गराउने,<br>• कुपोषण न्यूनीकरण गर्न गुणस्तरीय एवं स्वास्थ्य वर्द्धक खाद्य पदार्थको पहुँच सुनिश्चित गरी उपभोग बढाउँदै स्वस्थ बानी र व्यवहारलाई प्रवर्द्धन गर्ने,<br>• प्राकृतिक तथा मानवीय विपद् र महामारीका कारण उत्पन्न हुने खाद्य संकट न्यूनीकरणलाई तत्काल सम्बोधन गर्न खाद्य बैंकको स्थापना गर्ने,<br>• 'सुनौला हजार दिन÷ सम्बन्धि जनजागरण अभियानलाई निरन्तरता दिने। |
| • एक घर एक घरबारी (Home Garden) | • आगनमै पोषणयुक्त खाद्य वस्तुहरूको उत्पादनका लागि एक घर एक घरबारी कार्यक्रम संचालन गर्ने,<br>• प्रत्येक घरको एक जनालाई घरबारी व्यवस्थापन तालिम दिइ घरबारी स्थापना र स्तरोन्नतिका लागि लागत सहभागितामा सिंचाईका लागि पाइप र न्यूनतम् औजार प्रदान गर्ने। |

### ५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको सामान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्तृत विवरण तालिका नं. ५.१ मा समावेश गरिएको छ।

#### ५.१.५.१ अपेक्षित उपलब्धि

गाउँबासीले आधारभूत स्वास्थ्य सेवा निशुल्क र गुणस्तरीय प्राप्त गरेका हुनेछन्। अति विपन्न, असहाय र जोखिममा परेका नागरिकलाई गाउँपालिकाले निशुल्क स्वास्थ्य सेवा उपलव्ध गराएको हुनेछ। सिद्ध कुमाख गाउँपालिकाका स्वास्थ्य संस्थाहरूमा राज्यको मापदण्ड अनुसारका दक्ष जनशक्तिको व्यवस्था भएको हुनेछ। परम्परागत मूल्य, मान्यता र स्वास्थ्य सेवाप्रति सचेतनाको कमी तथा पर्याप्त मात्रामा बर्थिङ सेन्टरको अभावका कारण हुने असुरक्षित सुत्केरीको अवस्थालाई पूर्ण रूपमा रोकिएको हुनेछ। शिशु मृत्यु, वाल मृत्यु तथा मातृ मृत्यु दरमा न्यूनीकरण भएको हुनेछ। स्वच्छ, सफा र शुद्ध खानेपानीको व्यवस्था गरिएको हुनेछ। गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयमा व्यवस्थित लैगिंक मैत्री शौचालयको व्यवस्था गरिएको हुनेछ। यथेष्ट रूपमा सार्वजनिक शौचालयको व्यवस्था गरिएको हुनेछ। सिद्ध कुमाख गाउँपालिका भित्रका प्रत्येक घरले घरबारी निर्माण गरी पोषणयुक्त खानेकुरा उत्पादन तथा उपभोग गर्ने बानीको विकास भएको हुनेछ। गाउँवासीको सुरक्षित र स्वस्थ जीवनको सुनिश्चितताका लागि स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिएको हुनेछ।

#### ५.१.५.२ नतिजा/सूचक

- सिद्ध कुमाख गाउँपालिका स्वास्थ्य ऐन, तयार भई कार्यान्वयनमा आएका हुनेछन
- नेपाल सरकारको घोषित नीति बमोजिम सम्पूर्ण सेवा सुविधा सहित १५ सैयाको अस्पताल निर्माण भई सञ्चालनमा आएको हुनेछ
- आधारभुत स्वास्थ्य केन्द्र तथा चौकी हरुमा वार्थिङ सेन्टरको समेत सुविधा थप गरी सवै केन्द्रहरुको स्तरोउन्नती भई दक्ष जनशक्तिको व्यवस्थापन र सेवा सुविधाको प्रभावकारी व्यवस्थापन बाट गाउँबासीले सुर्वसुलभ रुपमा स्वास्थ्य सेवा उपभोग गरेको हुनेछन्
- सिद्ध कुमाख गाउँपालिकाका गर्भवती महिलाहरुले कम्तिमा प्रसुती पुर्व ४ पटक र प्रसुती पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएका, टिटानस विरुद्धको २ वटा खोप लिएका, आवश्यक मात्रामा आइरन चक्की खाएका तथा दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनेछन
- जन्मेको १ वर्ष भित्रका सवै बालबालिकाले नियमित रुपमा पूर्ण खोप पाएका तथा ६ महिनादेखि पाँच वर्षमुनिका सवै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएका हुनेछन्
- आगामी २ वर्ष भित्र अस्थाई रुपमा रहेका सवै खोप केन्द्रको स्थायी संरचना निर्माण गरी खोप प्रदान गर्न योग्य स्थलको रुपमा विकास भएका हुनेछन
- ६ महिना सम्म उमेर समुहका ९०% बालबालिकाले आमाको दुध मात्र खाएका साथै एच आई भी संक्रमित आमाबाट जन्मिएकासवै बालबालिका हरुले ARV Prophylaxis पाएका हुनेछन

### ५.१.६ अनुमान तथा जोखिम पक्ष

आर्थिक, प्राविधिक, सामाजिक, राजनैतिक पक्ष बलियो र दृढ भएको हुनेछ। श्रोत साधनको पर्याप्तता हुनेछ। प्राकृतिक प्रकोप तथा दुर्घटनाका घट्नामाकमी आएको हुनेछ।

#### ५.१.६.१ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

| क्र.सं. | योजनाको समुहगत शिर्षक | सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत | योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी | योजना सञ्चालन व्यवस्थापनमा आइपर्ने सक्ने पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|
| १ | स्वास्थ्य तथा पोषण | गाउँ कार्यपालिकाको निर्णय पुस्तिका<br>गाउँपालिकासभाको निर्णय पुस्तिका<br>गाउँपालिकाको योजना पुस्तिका<br>स्थलगत अवस्था<br>स्वास्थ्य शाखाका अभिलेख<br>अस्पताल तथा स्वास्थ्य केन्द्र साथै स्वास्थ्य चौकीहरुका अभिलेख<br>सञ्चार श्रोत<br>गाउँपालिकाको वेबसाइट | १. प्रमुख जिम्मेवारी<br>गाउँ कार्यपालिका<br>स्वास्थ्य शाखा<br>अस्पताल<br>स्वास्थ्य केन्द्र तथा चौकीहरु<br>सहयोगी<br>सम्बन्धित वडा समितिको कार्यालय<br>संघीय तथा प्रदेश सरकार<br>विकास साझेदार<br>स्थानीय सरोकारवाला<br>टोल विकास वा सामुदायिक संघ संस्था, निजी क्षेत्र | विद्यमान ऐन कानून<br>स्रोत र साधनको अभाव<br>सहयोगी तथा साझेदार संघ संस्थाको अभाव<br>प्रविधिको अभाव<br>निर्माण सामाग्रीको अपर्याप्तता तथा अभाव<br>रोगनिरोधक औषधीको अभाव |

तालिका नं. ५.१ प्रमुख योजना तथा कार्यक्रमहरु

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको | इकाई | कार्यान्वयन हुने स्थान | ५ वर्षको लक्ष्य | | | | | लक्ष्य | अनुमानित लागत रु. | लागत व्यहोर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | | | |
| १ | अस्पताल, स्वास्थ्य चौकी तथा स्वास्थ्य केन्द्रमा औषधीको नियमित व्यवस्था | | पालिका भर | १२ | १२ | १२ | १२ | १२ | ६० | १,००,००,००० | गा.पा./ प्रदेश/संघ |
| २ | अन्धो अपाङ्गहरूको लागि निःशूल्क औषधी उपचार | | | | | | | | | २५,००,००० | गा.पा./ प्रदेश |
| ३ | स्वास्थ्य शिविर | | पालिका भर | ५ | ५ | ५ | ५ | ५ | २५ | १२,५०,००० | गा.पा./ प्रदेश |
| ४ | एम्बुलेन्सको व्यवस्था | | पालिका भर | | २ | | | | | ५०,००,००० | प्रदेश/संघ |
| ५ | परिवार योजनाका पाँच वटै अस्थायी साधनको व्यवस्था | | पालिका भर | १ | १ | १ | १ | १ | ५ | २,५०,००० | गा.पा |
| ६ | टेलिमेडिसिनको लागि पहल गर्ने | | पालिका भर | १ | १ | १ | १ | १ | ५ | १०,००,००० | गा.पा |
| ७ | स्वास्थ्य चौकी, बाझकाँडाको पर्खाल तथा घेरवार गेट निर्माणको लागि अनुदान माग | वर्ष | वडा नं. १ | | | | | | | १०,००,००० | गा.पा |
| ८ | स्वास्थ्य चौकी, बाझकाँडाको खानेपानि लागि अनुदान माग | वर्ष | वडा नं. १ | | | | | | | १५,००,००० | गा.पा./ प्रदेश |
| ९ | स्वास्थ्य चौकी, बाझकाँडामा आवश्यकता अनुसार शौचालय निर्माणका लागि अनुदान माग | | | | | | | | | ८,००,००० | गा.पा |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | सामुदायिक स्वास्थ्य ईकाइ, भडारेमा भवन निर्माण तथा पुरानो/जिर्ण भवन मर्मतका लागि अनुदान माग | | | | | | | | | १५,००,००० | गा.पा./ प्रदेश |
| ११ | डाँडाकटेरी आधारभूत स्वास्थ्य केन्द्र डाँडाकटेरीमा पर्खाल तथा घेरवार गेट निर्माणको लागि अनुदान माग | | | | | | | | | १०,००,००० | गा.पा |
| १२ | डाँडाकटेरी आधारभूत स्वास्थ्य केन्द्र डाँडाकटेरीमा खानेपानीको लागि अनुदान माग। | | | | | | | | | १२,००,००० | गा.पा./ प्रदेश |
| १३ | डाँडाकटेरी आधारभूत स्वास्थ्य केन्द्र डाँडाकटेरीमा इन्टरनेट सुविधाको लागि अनुदान माग | | | | | | | | | २,००,००० | गा.पा |
| १४ | डाँडाकटेरी आधारभूत स्वास्थ्य केन्द्र डाँडाकटेरीमा भवन अपर्याप्त भएको, आवश्यकता अनुसार भवन निर्माण गर्नको लागि अनुदान माग | | | | | | | | | ५०,००,००० | प्रदेश/संघ |
| १५ | डाँडाकटेरी आधारभूत स्वास्थ्य केन्द्र डाँडाकटेरीमा स्वास्थ्य संस्था जोड्ने करिब ५० मिटर सडक निर्माको लागि अनुदान माग | | | | | | | | | ५,००,००० | गा.पा |
| १६ | सामुदायिक स्वास्थ्य ईकाइमा पर्खाल तथा घेरवार गेट निर्माणको लागि अनुदान माग | | | | | | | | | १०,००,००० | गा.पा |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | सामुदायिक स्वास्थ्य ईकाइमा खानेपानी पुर्ण रुपमा अपुग भएको, यसको मर्मत संम्हारको लागि अनुदान माग | | | | | | | | | ५,००,००० | गा.पा |
| १८ | सामुदायिक स्वास्थ्य ईकाइमा, बर्थिंग सेन्टर, क्षयरोग उपचार केन्द्र निर्माणको लागि अनुदान माग | | | | | | | | | ५,००,००० | गा.पा |
| १९ | स्वास्थ्य चौकी चादे करेन्जीमा भवन पुरानो भएको, यसको मर्मत लागि अनुदान माग | | | | | | | | | १०,००,००० | गा.पा |
| २० | स्वास्थ्य चौकी चादे करेन्जीमा खानेपानी मर्मत सम्हारको लागि अनुदान माग | | | | | | | | | ५,००,००० | गा.पा |
| २१ | सबै स्वास्थ्य संस्थाहरुमा स्तनपान कक्ष निर्माण | वर्ष | छ वटा स्वास्थ्य संस्था | २ | १ | १ | १ | १ | ६ | ७,५०,००० | गा.पा |
| २२ | पोषणमैत्री टोल स्थापना गर्ने | वर्ष | पालिका भर | १ | १ | १ | १ | १ | ५ | १,००,००,००० | गा.पा./ प्रदेश/संघ |
| २३ | स्वास्थ्य प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने, खोप, सुरक्षित मातृत्व, परिवार नियोजन आदि। | वर्ष | पालिका भर | | | | | | १ | ५,००,००० | गा.पा |
| २४ | प्रथमिक उपचारको व्यवस्था | वर्ष | सबै | १ | १ | १ | १ | १ | ५ | २५,००,००० | प्रदेश |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | विद्यालय | | | | | | | | |
| २५ | महिला स्वास्थ्य स्वयमसेविका र आमा समूहलाई तालिम | वर्ष | सबै आमा समूह | २० | २० | २० | २० | २० | १०० | २,००,००० | गा.पा |
| २६ | सुत्केरीको लागि आवासको व्यवस्था | | सबै बर्थिङ सेन्टरमा | ५ | ५ | ५ | ५ | ५ | २५ | १०,००,००० | गा.पा |
| २७ | दक्ष प्रसुति कर्मीको तालिमको व्यवस्था | | पालिका भर | | | | | | | ५०,००० | गा.पा |
| २८ | स्वास्थ्य व्यवस्थापन समितिलाई तालिमको व्यवस्था | | | | | | | | | ५,००,००० | गा.पा |
| २९ | डिजिटल हाजिरीको व्यवस्था | | सबै स्वास्थ्य संस्था | | | | | | | २,५०,००० | गा.पा |
| ३० | बर्थिङ सेन्टरमा उपकरण र औषधीको व्यवस्था | | सबै बर्थिङ सेन्टर | | | | | | | २०,००,००० | गा.पा./ प्रदेश |
| ३१ | बहुक्षेत्रिय पोषण व्यवस्थापन समितिलाई तालिमको व्यवस्था | पटक | पालिका भर | १ | १ | १ | १ | १ | ५ | १०,००,००० | गा.पा |
| ३२ | गरिव तथा पिछडिएका र अनाथ वालवालिकालाई अण्डा वितरणको कार्यालय | | पालिका भर | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०,००० | गा.पा |
| ३३ | पोषणयुक्त खाना तथा सरसफाई सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरुको व्यवस्था | | पालिका भर | | | | | | | २,५०,००० | गा.पा |
| ३४ | वडास्तरमा बालविवाह नियन्त्रण सम्बन्धि चेतनामुलक कार्यक्रम | | पालिका भर | | | | | | | २,५०,००० | गा.पा |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३५ | स्वास्थ्य संस्थाहरुमा विभिन्न सामाग्री तथा औषधीको व्यवस्था | | पालिका भर | १२ | १२ | १२ | १२ | १२ | ६० | २५,००,००० | प्रदेश |
| ३६ | मानसिक स्वास्थ्य सेवा विस्तार | | पालिका भर | | | | | | | २,००,००० | गा.पा |
| ३७ | स्वास्थ्य सम्बन्धि आकस्मिक कोषको स्थापना | | पालिका भर | १ | | | | | | २०,००,००० | गा.पा |
| ३८ | स्यानिटरी प्याडको व्यवस्था र वितरण तथा प्रयोग सम्बन्धि तालिम | | पालिका भर | १ | १ | | | | २ | २,५०,००० | गा.पा |
| ३९ | स्टेचरको व्यवस्था | वर्ष | पालिका भर | ५ | | ५ | | | १० | ५,००,००० | गा.पा |
| ४० | विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम | वर्ष | पालिका भर | | | | | | ५ | २,५०,००० | गा.पा |
| ४१ | स्वास्थ्य केन्द्रको आन्तरिक खर्च | वर्ष | पालिका भर | १२ | १२ | १२ | १२ | १२ | ६० | ६,००,००० | गा.पा |
| ४२ | स्वास्थ्य केन्द्रमा शौचालय अपाङ्ग तथा लैङ्गिक मैत्री | वर्ष | पालिका भर | १० | १० | १० | १० | १० | ५० | २०,००,००० | प्रदेश |
| ४३ | प्रतिक्षालयको निर्माण | वर्ष | पालिका भर | | | | | | ५ | १२,००,००० | गा.पा./ प्रदेश |
| ४४ | गरिब, दलित, जनजाती, गर्भवती महिलाको लागि निशुल्क क्याल्सियम वितरण | वर्ष | पालिका भर | | | | | | ५ | ५,००,००० | गा.पा |
| ४५ | नेट जडान र कम्प्यूटर ल्यावटप प्रिन्टर व्यवस्थापन | वर्ष | सबै स्वास्थ्य संस्थामा | ६ | | | | | ६ | ७,५०,००० | गा.पा |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४६ | सार्वजनिक शौचालय निर्माण काप्रेचौर मिनिपार्क वरिपरि, ढारखोली वडा कार्यलय वरीपरी, वन नर्सरी फलाटे, तिनकुने चौतारी फलाटे, बानिचची कालालेख | | वडा नं. ३ | | | | | | | ५०,००,००० | प्रदेश/संघ |
| ४७ | EHRS सिस्टम सञ्चालन | | सबै स्वास्थ्य संस्थामा | | | | | | | २,००,००० | गा.पा |
| ४८ | मर्मत सम्भार कोष स्थापना | | पालिका भर | १ | | | | | | १,००,००,००० | गा.पा./ प्रदेश/संघ |
| ४९ | शव वहान खरिद | | | | | १ | | | | ४०,००,००० | गा.पा./ प्रदेश |
| ५० | डम्पिङ साइड निर्माण | | सबै स्वास्थ्य संस्थामा | | | | | | | ५,००,००० | गा.पा |
| जम्मा | | | | | | | | | | | |

### ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

#### ५.२.१ पृष्ठभूमि

गाउँपालिकाको शिक्षा क्षेत्रको अध्ययन प्रतिवेदन २०८० अनुसार यस गाउँपालिकाभित्र ५ वटा प्राथमिक, २० वटा आधारभूत र ६ वटा माध्यमिक गरी जम्मा ३१ वटा विद्यालय रहेका छन्। जस मध्य ४ वटा नीजि र २७ वटा सार्वजनिक विद्यालय ......वटा सामुदायिक बाल विकास केन्द्र गरी जम्मा ..... वटा शैक्षिक संस्थाहरू रहेका छन्। राष्ट्रिया जनगणना २०७८ अनुसार यस गाउँपालिकाको जम्मा १३,१२७ जनसंख्या मध्ये अधिकांश जनसंख्या १०,१५४ साक्षर रहेको छ। जसमा ५,३५७ पुरुष र ४,८०२ महिला रहेका छन् भने कूल जनसंख्यामा २,९७३ जना भने निरक्षर रहेका छन।

सिद्ध कुमाख गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार कुल जनसंख्या १३१२७ को अर्थात ७७.३५ प्रतिशत जनसंख्या साक्षर रहेको देखिन्छ। यसमध्ये पुरुष साक्षरता दर ८५.५९ प्रतिशत र महिला साक्षरता दर ६९.९० प्रतिशत रहेको छ।

गाउँपालिका बाट हालै प्राप्त रेकर्ड अनुसार प्रारम्भिक बाल विकासमा कूल भर्नादर १०० प्रतिशत छ भने खुद भर्ना दर ९७.५२ प्रतिशत छ। त्यसै गरी आधारभूत तहमा कूल भर्नादर १२१.३४ प्रतिशत तथा खुद भर्ना दर ९२.२५ प्रतिशत रहेको छ भने माध्यमिक तहको कूल भर्ना दर ६५.३१ प्रतिशत तथा खुद भर्ना दर ४८.२१ प्रतिशत रहेको छ।

#### ५.२.२ समस्या र चुनौती

##### ५.२.२.१ समस्या

- संवैधानिक अधिकारको प्रयोग गरी शैक्षिक क्षेत्रको विकासका लागि गुरु योजना नबन्नु, प्राप्त अधिकार बमोजिमका जिम्मेवारी कार्यान्वयन गर्नका लागि पर्याप्त स्रोत साधनको अभाव हुनु,
- तुलनात्मक रूपमा भौतिक पूर्वाधार भएपनि गुणस्तरीय सिकाइका लागि आवश्यक प्रविधिमैत्री भौतिक पूर्वाधारको अभाव हुनु, विज्ञान प्रयोगशाला नहुनु, बालबालिका मैत्री पूर्वाधार नहुनु,
- प्राविधिक शिक्षालयको अभावका कारण प्राविधिक शिक्षा विकास चुनौतीको रूपमा रहेको छ।
- पालिका भित्रका विद्यालयमा विद्यालय छाड्ने दरमा अपेक्षित सुधार नहुनु, दलित तथा न्यून आय भएका परिवारका बालबालिकाहरूको भर्नादरमा कम हुनु, विद्यालयहरू आर्थिक रूपले सबल हुन नसक्नु, विषयगत शिक्षक दरबन्दी कम हुनु, शिक्षामा राजनीतिकरण हुनु, शिक्षण पेशाप्रति प्रतिवद्धताको कमी, आधुनिक प्रविधिको प्रयोग नहुनु जस्ता समस्याहरू विद्यमान छन्।

##### ५.२.२.२ चुनौती

- शिक्षाको गुणस्तर सुधारका लागि विषयगत दरबन्दी मिलान, विद्यालय समायोजन, पाठयोजना सहितको शिक्षणमा जोड, स्थानीय पाठ्यक्रमको निर्माण तथा प्रयोग र प्रविधिमैत्री शिक्षण सिकाइमा जोड दिन नसक्नु,
- शारीरिक, मानसिक तथा संम्वेगात्मक रूपमा समस्यामा परेका बालबालिकाहरूका लागि विद्यालय पहुँच सहज नहुनु, बालमैत्री वातावरणको अभावमा पठनपाठन सञ्चालन हुनु।

- सार्वजनिक विद्यालयहरूलाई आत्मनिर्भर बनाउन आवश्यक योजना, बजेट, कार्यक्रम र सवल नेतृत्व क्षमताको अभाव हुनु,

### ५.२.३ सम्भावना र अवसर

- स्थानीय सरकारको अभ्यास गरेसँगै शिक्षाले व्यावहारिक, जीवनउपयोगी, सीपमूलक, प्रतिस्पर्धी र समसामयिक चुनौतीको सामना गर्नसक्ने जनशक्ति उत्पादन गर्नका लागि संवैधानिक अधिकार क्षेत्रभित्र रही विभिन्न नीतिगत र आर्थिक कार्यक्रमको व्यवस्था गर्न सक्ने अधिकार नेपालको संविधान २०७२ ले गरेको छ।
- शिक्षा क्षेत्रको विकासका लागि आवश्यक पर्ने आधुनिक भौतिक पूर्वाधारको विकास अधिकांश विद्यालयमा भएकाले शैक्षिक क्षेत्रको विकासका लागि योजनावद्ध कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक आधार तयार भएको छ।
- राष्ट्रय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा कुल ३,५९४ विद्यार्थिहरु विद्यालयको पुहँचमा थिए भने कुनै पनि स्कुल वा कलेजमा कहिले पनि उपस्थित नभएका विद्यार्थी ६९ जना थिए।
- पालिका भित्रका विद्यालयको संख्या र पालिका भित्रका विद्यालय जाने उमेर समूहका बालबालिकाको जनसंख्यालाई विश्लेषण गर्दा माध्यमिक तहमा १ः र आधारभूत तहमा १ः विद्यार्थी भएकाले यो अनुपातलाई हेर्दा विद्यालयको संख्या सरदर पालिकाको आवश्यकतालाई परिपूर्ति गर्न सक्ने रहेकाले यी विद्यालयमा आधुनिक शैक्षिक प्रविधिः कम्प्युटर ल्याव र विज्ञान प्रयोगशाला, ई—लाईब्रेरी तथा ICT को व्यवस्था गर्न सकेमा गुणस्तरीय र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न सक्ने सम्भावना रहेको छ।

### ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ५.२.४.१ लक्ष्य

- विश्व बजारका सबै क्षेत्रमा स्वस्थ्य प्रतिस्पर्धा गरी राष्ट्र निर्माणमा योगदान पुऱ्याउनसक्ने सीपयुक्त जनशक्ति उत्पादन गर्ने,

#### ५.२.४.२ उद्देश्य

- सिद्ध कुमाख गाउँपालिका अन्तर्गतका सबै वर्ग तथा क्षमताका बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सुनिश्चित गर्नु,
- विद्यालय उमेर समूहका बालबालिकाको आधारभूत तथा माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित गर्नु,
- शिक्षालाई समावेशी, जीवनोपयोगी, व्यावहारिक, प्रविधिमैत्री र गुणस्तरीय बनाइ बालबालिकाको सिकाइलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धी बनाउनु,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोडदिँदै उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउनु,
- शैक्षिक पूर्वाधारहरू आधुनिक, समावेशी, पर्यावरण मैत्री, सुरक्षित, र प्रविधि मैत्री बनाउनु र
- गुणस्तरीय शिक्षाका लागि योग्य, दक्ष र विषयगत शिक्षकको व्यवस्थापन गर्नु।

### ५.२.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

| रणनीति | कार्यनीति |
|---|---|
| • प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकालाई बालमैत्री वातावरणमा पठनपाठनको सुनिश्चित गर्ने, | • स्थानीय समुदाय सँगको सहकार्यमा प्रत्येक वडा तथा वस्तीहरूमा सामुदायिक बालविकास केन्द्रको स्थापना गरी आवश्यक भौतिक, प्राविधिक एवं शैक्षिक जनशक्तिको प्रवन्ध मिलाउने,<br>• यस्ता केन्द्रहरूमा दिवा खाजा, पोशाक, शैक्षिक सामग्री र अन्य साधनहरू उपलब्ध गराउन गाउँपालिका/वडाले आवश्यक वित्तीय सहयोग गर्ने ।<br>• वाल विकास केन्द्रको पहुँच नभएका बालबालिकाको बाहुल्यता भएको स्थानहरूको छनौट गरी थप बाल विकास केन्द्रहरूको स्थापना गर्ने, |
| • दक्ष जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरूको आधुनिकीकरण गर्ने, | • पालिका भित्रका सबै सार्वजनिक विद्यालयहरूको भौतिक पूर्वाधार तथा शैक्षिक सामग्री, विषयगत प्रयोगशाला, सुरक्षित खेलमैदान, स्वच्छ र शुद्ध पिउने पानी तथा सरसफाइ आदिको राष्ट्रिय मापदण्ड अनुसार व्यवस्था गर्ने,<br>• आधुनिक प्रविधिमैत्री शैक्षिक कार्यक्रम संचालन गर्ने,<br>• विद्यालयहरूमा विज्ञान प्रयोगशाला स्थापना गर्ने,<br>• ई. लाईब्ररीको व्यवस्था गर्ने,<br>• कक्षा कोठाहरू प्रविधियुक्त बनाउने |
| • साक्षरता दर शत प्रतिशत पुऱ्याउने, | • विद्यालय उमेर समूहका बालबालिकाका लागि आधारभूत शिक्षा अनिवार्य गर्ने,<br>• प्रौढहरूका लागि प्रौढ र अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने,<br>• विद्यालय शिक्षा छोडेका बेरोजगार युवायुवतीहरूलाई सीपमूलक, जीवनउपयोगी र बजारको माग अनुसारका शैक्षिक कार्यक्रम संचालन गर्ने,<br>• निरक्षर जनसंख्याको पहिचान गरी सघन साक्षरता कार्यक्रम सञ्चालन गर्न प्रत्येक वस्तीमा आमा समूह, महिला समूहलाई परिचालन गरी साक्षरता अभियान सञ्चालन गर्ने,<br>• आगामी ४ वर्षमा सिद्ध कुमाख गाउँपालिकालाई पूर्ण साक्षर घोषणा गर्ने। |
| • प्राविधिक शिक्षामा जोड दिने, | • खेलकुद तथा तालिम सामग्री सहयोग गर्ने,<br>• विद्यालयहरूको स्तरोन्नति तथा अपुग दरबन्दी पुरा गर्ने,<br>• पालिकाभित्र कम्तिमा एक वटा नमूना विद्यालयहरूको स्थापना |

| | |
|---|---|
| | गर्ने,<br>• विद्यालय शिक्षालाई प्राविधिक शिक्षामा जोड्ने।<br>• आधारभूत तथा माध्यमिक तहको शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन हाम्रा विद्यालय हामी आफै चलाउछौं कार्यक्रम सञ्चालन गर्ने।<br>• आवश्यक जनशक्ति स्थानीय पाठ्यक्रम, शैक्षिक सामग्री तर्जुमा, शैक्षिक सामग्री तथा भौतिक सुविधाको विकासमा (कम्पाउन्ड वाल सहित) गाउँपालिकाले वडा मार्फत सहयोग गर्ने।<br>• सबै माध्यमिक विद्यालयहरूलाई प्रभावकारी व्यावसायिक शिक्षा प्रारम्भ गर्न आवश्यक सहयोग गर्ने।<br>• पाठ्यपुस्तक, पुस्तकालय तथा आधुनिक सञ्चार प्रविधि (ईन्टरनेट) माथिको पहुँच सवै विद्यालयहरूमा पुऱ्याउने,<br>• विषयगत शिक्षक व्यवस्थापन, शिक्षकहरूको नियमित विषयगत पुनतार्जगी तालिम, नियमित पठनपाठनको अनुगमन उपलब्धिका आधारमा शिक्षकको कार्यदक्षता मूल्याङ्कन, वार्षिक शैक्षिक परीक्षण गर्ने र दण्ड एवं पुरस्कारको व्यवस्था लागू गर्ने। यस कामको लागि आवश्यक कानुनी र संस्थागत संयन्त्रको व्यवस्था गर्ने,<br>• विद्यालयको शैक्षिक स्तरको उन्नतिको लागि शैक्षिक नेतृत्वको आवश्यकता भएकोले प्रत्येक विद्यालयमा सक्षम व्यक्तिलाई प्रधानाध्यापक नियुक्त गर्ने र उनको निरन्तरता शैक्षिक उपलब्धिको मूल्याङ्कनमा निर्भर हुने व्यवस्था गर्ने,<br>• जेहेन्दार, गरिब, उत्पीडित, असहाय र महिला छात्राहरूका लागि आधारभूत तथा माध्यमिक विद्यालयमा छात्र, छात्रालाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाउने,<br>• गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयका विद्यार्थीहरूलाई दिवा खाजाको कार्यक्रम सञ्चालन गर्ने,<br>• सम्पूर्ण विद्यालयमा भौतिक सुविधा सहित खेलकुद (Indoor and Outdoor Games) को व्यवस्था गर्ने,<br>• आगामी ४ वर्ष भित्रमा CTEVT बाट सम्वन्धन लिई कार्यक्रम संचालन गर्न चाहने विद्यालयहरूलाई सहजीकरण गरी प्राविधिक शिक्षाको व्यवस्था गर्ने,<br>• शिक्षाको गुणस्तर सुधार तथा प्रविधिमैत्री भौतिक पूर्वाधार निर्माण गर्न आवश्यक योजना बनाई केन्द्र र प्रदेशवाट समपूरक वा विशेष अनुदान प्राप्त गर्न पहल कदमी गर्ने,<br>• प्राविधिक उच्च शिक्षा हासिल गर्न चाहने सिद्ध कुमाख |

| | |
|---|---|
| | गाउँपालिकाभित्रका विद्यार्थीहरूलाई उच्च शिक्षामा आंशिक छात्रवृत्ति प्रदान गर्ने,<br>• शैक्षिक गुणस्तर सुधारका लागि प्रयोगात्मक शिक्षण, स्थानीय पाठ्यक्रम (व्यावसायिक शिक्षा) र अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने,<br>• आगामी ४ वर्ष भित्रमा गाउँपालिकाका एक वडा एक नमुना विद्यालयको (सुविधा सम्पन्न छात्रावास सहितको) रूपमा व्यवस्थापन गर्ने,<br>• शिक्षकलाई प्रविधिसँग परिचित हुन ICT तालिम एवं अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने,<br>• गाउँपालिका भित्रका विद्यालयहरूमा किशोरीहरूलाई निःशुल्क सेनिटरी प्याड वितरण गर्ने,<br>• गाउँपालिका भित्रका विद्यालयहरूमा किशोर किशोरीहरूलाई प्रजनन् स्वास्थ्य तथा लैङ्गिक समानता सम्बन्धि सचेतना कार्यक्रम संचालन गर्ने,<br>• विद्यालयका भौतिक पूर्वाधारहरू वाल मैत्री, अपाङ्गता मैत्री र किशोरी मैत्री बनाउने,<br>• आधारभूत तहका प्राथमिक कक्षाहरूमा स्थानीय मातृभाषामा पठनपाठनको संभाव्यताको अध्ययन गरी क्रमशः लागू गर्दै जाने,<br>• गाउँपालिका भित्रका विद्यालयहरूको अनुगमन गरी विद्यालय समायोजन प्रकृयालाई अगाडि बढाउने,<br>• सिद्ध कुमाख गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार गर्न शिक्षा शाखाले स्थानीय पाठ्यक्रम निर्माण, शिक्षण सिकाई, शिक्षक तालिम, भौतिक सुविधा, अभिभावक सचेतना, विद्यालय समायोजन लगायत विद्यालयको समग्र व्यवस्थापनको लागि कार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने। |
| • समावेशी शिक्षामा जोड दिने, | • दलित तथा पिछडा वर्गका किशोर किशोरीहरू मध्ये जेहेन्दार विद्यार्थीको छनौट गरी उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने,<br>• अपाङ्गता भएका विद्यार्थी मध्ये जेहेन्दारहरूको छनौट गर्ने,<br>• जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षाका लागि भर्ना शुल्कमा अनुदान दिने। |

### ५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका
यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको सामान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्तृत विवरण तालिका नं. ५.२ मा समावेश गरिएको छ।

#### ५.२.५.१ उपलब्धिः
सिद्ध कुमाख गाउँपालिका अन्तर्गतका सबै वर्ग तथा क्षमताका बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सुनिश्चित गरिएको हुनेछ। विद्यालय उमेर समूहका बालबालिकाको आधारभूत तथा माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित गरिएको हुनेछ। शिक्षालाई समावेशी, जीवनोपयोगी, व्यावहारिक, प्रविधिमैत्री र गुणस्तरीय बनाइ बालबालिकाको सिकाइलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी गर्न योग्य बनाइएको हुनेछ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिँदै उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाएको हुनेछ। शैक्षिक पूर्वाधारहरू आधुनिक, समावेशी, पर्यावरण मैत्री, सुरक्षित, र प्रविधि मैत्री बनेका हुनेछन्। गुणस्तरीय शिक्षाका लागि योग्य, दक्ष र विषयगत शिक्षकको व्यवस्थापन गरी पेशागत दक्षता वृद्धि गरिएको हुनेछ। विश्व बजारका सबै क्षेत्रमा स्वस्थ प्रतिस्पर्धा गरी राष्ट्र निर्माणमा योगदान पुऱ्याउन सक्ने सीपयुक्त जनशक्ति उत्पादन गरिएको हुनेछ।

#### ५.२.५.२ नतिजा/सूचक
१. भौतिक पूर्वाधार विकास

१.१ गाउँपालिका क्षेत्र भित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालय तथा उच्च शिक्षाप्रदान गर्ने

- शिक्षालयहरुमा देहाय बमोजिमका न्युनतम भौतिक पूर्वाधारहरुको निर्माण विकास कार्य पुरा भएको हुनेछन
- सुविधा सम्पन्न भवन, कक्षा कोठा तथा फर्निचर १००%
- कम्पाउण्ड घेराबारा ९५ %
- विद्युतीकरण १००%
- विद्यालय तथा सबै शिक्षालयमा छात्र छात्राको लागि अलग अलग र वास (wash) सहितको पर्याप्त शौचालयको व्यवस्था १००% साथै सामुदायिक सिकाइ केन्द्रमा सुविधा सम्पन्न वास सहितको शौचालय निर्माण
- शुद्ध र सुरक्षित खानेपानी को सुविधा १००%
- कक्षा ६ भन्दा माथिको कक्षामा अध्ययन गर्ने बालबालीकाका लागि चेन्जिङ कक्ष १००%
- खाजा कक्ष निर्माण १००%
- फोहोरमैला व्यवस्थापन १००%
- पुस्तकालय (ई-पुस्तकालय समेत) ७५ %
- विज्ञान प्रयोगशाला ७५%

१.२ गाउँपालिका क्षेत्रमा १ वटा कृषि विज्ञान समेतको प्राविधिक विद्यालय वा क्याम्पसको स्थापना र सञ्चालन गर्ने साथै सम्भाव्य माध्यमिक तहमा कृषि विज्ञान तथा प्राविधिक विषयको पठन पाठनको व्यवस्था मिलाउने।

१.३ सिद्ध कुमाख गाउँपालिका भित्र सञ्चालनमा रहेका सवै धार्मिक विद्यालयहरु वर्तमान ऐन कानूनको परिधि भित्ररही सामुदायिक विद्यालयमा रुपान्तरण भएका हुनेछन।

२. विद्यालय भर्ना तथा नियमितता

- सवै विद्यालयहरुमा न्युनतम पूर्वाधार सहितका बाल विकास केन्द्रहरुको स्थापना र व्यवस्थापन भएको हुनेछ।
- गाउँपालिका क्षेत्रका ४ वर्ष सम्मका ८५% बालबालिकाहरु प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका हुनेछन।
- कक्षा १ को लागि विद्यालय जाने उमेर समुहका सतप्रतिशत बालबालिकाहरु विद्यालय भर्ना भएका हुनेछन्।
- ५ देखि १२ वर्ष उमेर समुहका ९५ % बालबलिका आधारभुत शिक्षा (१ कक्षा देखि ८ सम्म) क्रमिक रुपले पुरा गर्दै गरेका हुनेछन।
- आवश्यक न्यूनतम पूर्वाधारको व्यवस्थापन गरी औपचारिक शिक्षाबाट वन्चित वालबालिकाको लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्थाको सुरुवात भएको हुनेछ।
- बालबालिकाले बिचैमा विद्यालय छाड्ने (Dropout) दर ९५% ले घटेको हुनेछ।

३. बालमैत्री वातावरण र गुणस्तर सुधार

- सवै समुदायिक तथा संस्थागत रुपमा संचालित बालकक्षा, पूर्व प्राथमिक विद्यालय र सो भन्दा माथिका सवै विद्यालय तथा शिक्षालयमा बालमैत्री वातावरणमा पठनपाठन प्रकृया र पद्धतिको विकास भई बालमैत्री विद्यालय घोषणा भएका हुनेछन
- प्रत्येक वर्ष प्रत्येक वडाका कम्तिमा १-१ वटा श्रोत साधन युक्त नमुना विद्यालय विकास हुँदै जानेछन साथै इच्छुक कुनै १ वटा माध्यमिक विद्यालयमा विद्यार्थी कृषि सहकारी कार्यक्रम सञ्चालन भई प्राविधिक कृषि शिक्षा कार्यक्रम सञ्चालन भएको हुनेछ
- सिद्ध कुमाख गाउँपालिकाको आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्ष समेत समेटेको स्थानीय पाठ्यक्रमको विकास भई कार्यान्वयनमा आएको हुनेछ
- वालाबलिकको वर्तमान सिकाई उपलब्धिमा २ अंकले बढोत्तरी भएको हुनेछ।
- संघीय तथा प्रदेश सरकारको समेत सहयोगमा तालिम प्राप्त विषयगत दक्ष जनशक्तिको व्यवस्थापन ९५% पुगेको हुनेछ
- सामुदायीक सिकाई केन्द्र (CLC) लाई भौतिक पूर्वाधार सहित सुविधा सम्पन्न भएका हुनेछन्।

**५.२.६ अनुमान तथा जोखिम पक्ष**

बालमैत्री विद्यालय व्यवस्थापन र गुणस्तर सुधारकालागि आर्थिक तथा प्राविधिक पक्ष बलियो रहेको हुनेछ। विषयगत जनशक्ति व्यवस्थापन पूर्ण भएको हुनेछ।

### ५.२.६.१ जानकारीका स्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

| क.सं. | योजनाको समुहगत शिर्षक | सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत | योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी | योजना सञ्चालन व्यवस्थापनमा आइपर्न सक्ने पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|
| १ | शिक्षा, विज्ञान तथा नवप्रवर्तन | गाउँ कर्यापलिकाको निर्णय पुस्तिका<br>गाउँ सभाको निर्णय पुस्तिका<br>गाउँपालिकाको योजना पुस्तिका<br>स्थलगत अवस्था<br>शिक्षा शाखाका अभिलेख<br>विद्यालय तथा शिक्षालयहरुका अभिलेख<br>सञ्चार श्रोत<br>गाउँपालिकाको वेबसाइट | प्रमुख जिम्मेवारी<br>गाउँ कार्यपालिका<br>शिक्षा शाखा<br>विद्यालय तथा शिक्षालयहरु<br>२. सहयोगी<br>सम्बन्धित वडा समितिको कार्यालय<br>संघीय तथा प्रदेश सरकार<br>विकास साझेदार<br>स्थानीय सरोकारवाला<br>टोल विकास वा सामुदायीक संघ संस्था<br>निजी क्षेत्र | विद्यमान ऐन कानून<br>श्रोत र साधनको अभाव<br>सहयोगि तथा साझेदार संघ संस्थाको अभाव<br>प्रविधिको अभाव<br>निर्माण सामग्रीको अपर्याप्तता तथा अभाव<br>प्रविधियुक्त पाठ्यक्रम र पाठ्य पुस्तकको अभाव |

तालका नं. ५.२ प्रमुख योजना तथा कार्यक्रमहरु

| क.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको | इकाई | कार्यान्वयन हुने स्थान | ५ वर्षको लक्ष्य | | | | | लक्ष्य | अनुमानित लागत रु. | लागत व्यहोर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | | | |
| पालिका स्तरीय | | | | | | | | | | | |
| १ | विद्यालय अनुगमन र सुपरीवेक्षण | ४ पटक | २७ विद्यालय | ३१ | ३१ | ३१ | ३१ | ३१ | १५५ | ४,६५,००० | गा.पा |
| २ | शैक्षिक वुलेटीन प्रकाशन | ५ पटक | शिक्षा युवा तथा खेलकुद शाखा | १ | १ | १ | १ | १ | ५ | २,५०,००० | गा.पा |
| ३ | शैक्षिक अभिमुखीकरण कार्यक्रम | ५ पटक | शिक्षा युवा तथा खेलकुद शाखा | १ | १ | १ | १ | १ | ५ | ७५,००० | गा.पा |
| ४ | वैठक तथा अन्तरक्रिया<br>(क) गाउँपालिका स्तरीय शिक्षा समितिको वैठक<br>(ख) प्र.अ वैठक<br>(ग) परीक्षा समितिको वैठक | ३० पटक | शिक्षा युवा तथा खेलकुद शाखा | ६ | ६ | ६ | ६ | ६ | ३० | ७०,००० | गा.पा |
| ५ | पालिका भित्रका सबै सार्वजनिक विद्यालयमा शिक्षक, विद्यार्थीका लागि छुटाछुटै आधुनिक | संख्या | सबै विद्यालय | ९ | | | | | ९ | ६३,००,००० | गा.पा. /प्रदेश /संघ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शौचालयको व्यवस्था गर्ने | | | | | | | | | | |
| ६ | विद्यार्थीको शारीरिक तथा मानसिक तन्दुरुस्तीका लागि आधारभूत सामग्रीको व्यवस्था गर्ने | | सबै विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २७ | ५०,००,००० | गा.पा. /प्रदेश /संघ |
| ७ | शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्न तालिमको व्यवस्था गर्ने | | सबै विद्यालयहरु | ५ | | | | | ५ | १०,००,००० | गा.पा |
| ८ | सार्वजनिक विद्यालयका सबै प्रधानाध्यापकलाई नेतृत्व विकास सम्वन्धि तालिमको व्यवस्था गर्ने | | सबै विद्यालयहरु | ५ | | | | | ५ | १०,००,००० | गा.पा |
| ९ | विद्यालय हाताभित्र जैविक तारवारको अनिवार्य व्यवस्था गर्ने | | सबै विद्यालयहरु | ५ | | | | | | ५०,००,००० | गा.पा. /प्रदेश /संघ |
| वडा नं. १ | | | | | | | | | | | |
- सामाजिक रूपमा असुरक्षित महसुस गरेका समुदायलाई सुरक्षाको प्रत्याभूति प्रदान गर्नु।

#### ५.४.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

| रणनीति | कार्यनीति |
|---|---|
| • लैङ्गिक तथा जातीय विभेद न्यूनीकरणका लागि दलित एवं पीछडिएको वर्गको उत्थानका लागि कार्यक्रम संचालन गर्ने, | • लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जनचेतना कार्यक्रम संचालन गर्ने,<br>• गाउँपालिकाभित्र रहेका सबै दलित तथा उत्पीडितहरूका लागि शसक्तीकरण कार्यक्रम सञ्चालन गर्ने, शिक्षा, स्वास्थ्य, सीप तथा स्वरोजगारमूलक आयआर्जनका कार्यक्रमका माध्यमबाट सशक्त तुल्याउने,<br>• छुवाछुत र जातीय विभेद जस्ता कुरीतिको अन्त्य गर्न सचेतना कार्यक्रमहरू (पोष्टर, जनचेतना, गोष्ठी, सार्वजनिक सूचना) सञ्चालन गर्ने।<br>• दलित तथा विपन्न युवा युवतीलाई सीपमूलक व्यावसायिक तालिम प्रदान गर्ने।<br>• आधारभूत तथा माध्यमिक तहको शिक्षामा दलितहरूलाई छात्रवृत्तिको व्यवस्था गर्ने |
| • पीछडिएका वर्गका किशोर किशोरीको आर्थिक उत्थान गर्ने, | • अवसरबाट वञ्चितीकरणमा परेका किशोर किशोरीहरूमा अन्तरनिहित प्रतिभा पहिचानका लागि वडा स्तरीय प्रतिभा पहिचान कार्यक्रम संचालन गर्ने,<br>• जोखिममा परेका र अवसर नपाएका युवा युवतीको पहिचान गरी उद्यशीलता विकास तालिमको व्यवस्था गर्ने,<br>• जोखिममा परेका र अवसर नपाएका युवा युवतीलाई उद्यम संचालन गर्नका लागि बीउ पुँजीको व्यवस्था गर्ने,<br>• जोखिममा परेका र अवसर नपाएका युवा युवतीहरूले संचालन गरेका उद्यमहरूलाई समयानुकूल प्रविधिकरण गर्न आवश्यक सहयोग गर्ने,<br>• विद्यालय छाडेका विपन्न वर्गका किशोर किशोरीहरूलाई उच्च शिक्षाको लागि सहयोग गर्ने |

| | |
|---|---|
| | • कक्षा १२ पछि विद्यालय छाड्ने विपन्न वर्गका किशोरीहरूलाई ICT प्रयोगका लागि तालिमको व्यवस्था गर्ने, |
| • परम्परागत पेशाहरूको संरक्षण गर्ने, | • परम्परागत रूपमा चलिरहेको स्थानीय पेशाहरूलाई आधुनिक र प्रविधिकरण गर्न शिल्पीहरूको पहिचान गरी तिनलाई नवीनतम् पेशामा जोड्ने,<br>• समयानुकूलका प्रविधि, सीप तथा लगानीका लागि वित्तीय संस्थाहरूसँग समन्वय गर्ने, |
| • जेष्ठ नागरिकको सम्मान तथा सुरक्षाका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने, | • वृद्धवृद्धाहरूको भेला तथा भलाकुसारीका लागि विश्राम स्थल र मनोरञ्जनयुक्त सार्वजनिक स्थलको निर्माण गर्ने,<br>• वृद्ध वृद्धा हरूलाई विभिन्न कार्यक्रमका माध्यमबाट सम्मान गर्ने र<br>• वार्षिक रूपमा पर्यटकीय तथा धार्मिक स्थलहरूको भ्रमणको व्यवस्था मिलाउने |
| • अनाथ तथा जोखिममा परेका बालबालिकाहरूका लागि विशेष कार्यक्रम संचालन गर्ने, | • अनाथ तथा जोखिममा परेका बालबालिकाहरूको अवस्था अद्यावधिक गर्ने,<br>• पालिकाभित्र रहेका अनाथ तथा जोखिममा परेका बालबालिकाका लागि शिक्षा, स्वास्थ्य, आवास, लत्ता कपडाको सुनिश्चितता गर्ने,<br>• गाउँपालिका भित्रका सबै वडाका वस्तीहरूमा बाल स्वास्थ्य सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,<br>• गाउँपालिका भित्र संचालित बालविकास केन्द्रहरूको अनुगमन र सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने तथा आवश्यक ठाउँमा बालविकास केन्द्रको स्थापना गरी सञ्चालन गर्ने,<br>• गाउँपालिका भित्रका पायक पर्ने ठाउँहरूमा बाल उद्यान एवं बाल क्लवको निर्माण गर्ने,<br>• गाउँपालिका भित्र बाल पुस्तकालय स्थापना तथा सञ्चालन सहयोग कार्यक्रम सञ्चालन गर्ने,<br>• बालबालिकाको मानसिक स्वास्थ्यलाई ध्यान दिइ मनोरञ्जनयुक्त बाल उद्यान निर्माण गर्ने,<br>• बाल शिक्षा सम्बन्धि प्रकाशनमा सहयोग गर्ने,<br>• गाउँपालिक स्तरीय बाल सञ्जाल गठन गर्ने,<br>• प्रारम्भिक बाल विकासका लागि अभिभावक सचेतना तथा पोषण कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाले सहयोग गर्ने र<br>• बालबालिकाको चौतर्फी विकासका लागि विभिन्न अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्न सहयोग गर्ने। |
| • महिला विकास तथा | • गाउँपालिका भित्र महिला सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने, |

| | |
|---|---|
| लैङ्गिक समानतामा जोड दिने | • आगामी ५ वर्ष भित्रमा गाउँपालिकालाई महिला हिंसा मुक्त बनाउने,<br>• गाउँपालिका भित्र बाल विवाहलाई निरुत्साहित गर्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने,<br>• महिला तथा विपन्न बालबालिकाहरूका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने,<br>• हाल कार्यरत महिला स्वंयसेविका/सामाजिक परिचालकहरूलाई उत्प्रेरित गरी उनीहरूको कार्य क्षमता वृद्धि गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्ने,<br>• गाउँपालिका भित्र निर्माण हुने विकास निर्माणका परियोजनाहरूमा महिलाहरूको सहभागिता सुनिश्चित हुने खालका कार्यक्रमहरू संचालन गर्ने।<br>• गाउँपालिकाभित्र परम्परागत सीपमा आधारित भइ उत्पादन क्षेत्रमा लागेका महिलाहरूलाई उन्नत सिप, तथा क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम एवं कार्यशालाको व्यवस्था गर्ने,<br>• महिलाद्वारा सञ्चालित उद्योग तथा आर्थिक क्रियाकलापलाई सघाउन सहुलियत ऋण र अनुदानका कार्यक्रम सञ्चालन गर्ने,<br>• गाउँपालिकाभित्र रहेका दलित, पीछडिएको वर्ग एवं गरिब महिलाहरूको क्षमता अभिवृद्धि गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्ने,<br>• गाउँपालिकाभित्र विद्यालयको पहुँचभन्दा टाढा रहेका छोरीहरूलाई विद्यालय पठाउने कार्यक्रम सञ्चालन गर्ने र आगामी ४ वर्षभित्र गाउँपालिकाका सबै छोरीहरूलाई विद्यालय पठाउन अभिप्रेरित गर्ने,<br>• गाउँपालिकाभित्र समूहमा उद्यम गर्न खोज्ने महिला समुह तथा क्लबहरूलाई सहुलियत दरमा ऋण उपलब्ध गराउने तथा अनुदानको कार्यक्रम सञ्चालन गर्ने,<br>• महिलाहरूको घरायसी कामको मूल्याङ्कन गरी प्रमाणपत्र प्रदान गर्ने र राष्ट्रिय आम्दानीमा त्यसको गणना गर्न पहल गर्ने,<br>• मुलुकी संहिता र अन्य कानुनी सचेतना सम्वन्धि कार्यक्रम सञ्चालन गर्ने, |
| • जेष्ठ नागरिक सम्मान तथा हेरचाह कार्यक्रम संचालन गर्ने | • जेष्ठ नागरिकहरूको तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने,<br>• जेष्ठ नागरिकहरूका लागि बस्ती स्तरमा जेष्ठ नागरिक केन्द्र स्थापना गर्ने र उक्त केन्द्रमा योगा, मनोरञ्जन तथा अन्य अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,<br>• जेष्ठ नागरिकहरूको नियमित स्वास्थ्य परीक्षण सेवा उपलब्ध गराउने,<br>• सामाजिक सुरक्षा भत्ता नियमित रूपमा उपलब्ध गराउने, |

| | |
|---|---|
| | • प्रदेश सरकारको कार्यक्रम अन्तर्गत एक स्थानीय तह एक जेष्ठ नागरिक आश्रय स्थलको छनोट गरी निर्माणका लागि प्रदेश सरकार सँग समन्वय गर्ने, |
| • असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सम्मानित जीवन यापनका कार्यक्रम संचालन गर्ने | • पालिकाभित्र रहेका असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूको सूची तयार गर्ने,<br>• असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूको फरक क्षमताको पहिचान गर्ने,<br>• शिक्षा, स्वास्थ्य, आवास तथा लत्ता कपडामा सुनिश्चितताका लागि आवश्यक पहल गर्ने,<br>• फरक क्षमता भएका युवायुवतीका लागि स्वःरोजगारका कार्यक्रम संचालन गर्ने,<br>• अपाङ्गताका प्रकृतिअनुसार सहज जीवनका लागि सहयोगी सामग्री उपलब्ध गराउने,<br>• अपाङ्गता भएकाहरूका लागि आयमूलक सिप प्रदान गर्ने,<br>• असहाय, द्वन्द्व पीडित बालबालिका तथा एकल महिलालाई संरक्षण गरी आयमूलक कार्यक्रमका माध्यमबाट आत्मनिर्भर बनाउन पहल गर्ने,<br>• अपाङ्गताको किसिम अनुसार वर्गीकरण गरी परिचय पत्र अनुरूप भत्ता उपलब्ध गराउने,<br>• गाउँपालिकाभित्रका सार्वजनिक पूर्वाधारहरू लैङ्गिक तथा अपाङ्गमैत्री बनाउने। |
| • जनजाति उत्थान कार्यक्रम संचालन गर्ने, | • गाउँपालिकामा बसोबास गर्ने जनजातिहरूको तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने र उनीहरूको भाषा, संस्कृति, पुरातात्विक स्थलहरूको संरक्षण गर्ने,<br>• जातीय पहिचान र मौलिक परम्परा झल्किने किसिमका जातीय संग्रहालय निर्माण गर्ने,<br>• जनजातिको भाषा, कला, संस्कृति र मौलिक परम्पराको संरक्षण गर्न आधारभूत तहमा पाठ्यक्रम निर्माण गरी विद्यालय शिक्षा कार्यक्रम लागू गर्ने। |

### ५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको सामान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्तृत विवरण तालिका नं. ५.३ मा समावेश गरिएको छ।

#### ५.४.५.१ अपेक्षित उपलब्धिः

सामाजिक रूपमा असुरक्षित महसुस गरेका समुदायलाई सुरक्षाको प्रत्याभूति प्रदान गर्नका लागि विशेष कार्यक्रम सञ्चालन भइरहेका हुनेछन्। महिला हिंसामा कमी, अनाथ तथा जोखिममा परेका बालबालिकाको सुरक्षा, फरक क्षमता भएका र जेष्ठ नागरिकको सम्मानजनक व्यवस्थापन गरी लक्षित समुदायको सम्मानजनक उपस्थिति तथा सामाजिक सम्मानको अनुभूति भएको हुनेछ। महिला, बालबालिका तथा किशोर किशोरीहरूको विकास तथा सामाजिक सुरक्षाको सुनिश्चितता गरी भेदभाव मुक्त गाउँपालिका घोषणा गरिएको हुनेछ।

#### ५.४.५.२ नतिजा/सूचना

- आवश्यकता स्थानीय ऐन, नियम निर्देशिका वा कार्यविधि तयार भएको हुनेछ।
- घरपरिवार र समुदयबाट महिला हिंसा, बेचबिखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्ने कार्ययोजना तयार गरी कार्यान्वयनमा आएको हुनेछ।
- सरोकारवालाहरु संघ संस्था कार्यालय, उद्योग, व्यापारी तथा व्यवसायीहरुले महिला तथा बाल अधिकार संरक्षण र सम्बर्द्धन प्रतिवद्धता जाहेर गरेका हुनेछ र आ-आफ्ना क्षेत्र बाट आचार संहिता निर्माण गरी कर्यान्वयनमा ल्याएका हुनेछन
- आ.व. २०८०/०८१ भित्र सिद्ध कुमाख गाउँपालिका बालमैत्री गाउँपालिकाको रुपमा घोषित भई यसको दिगो पना व्यवस्थापन क्रियाशील भएको हुनेछ साथै श्रम शोषण र बालविवाहको अन्त्य भएको हुनेछ
- महिला तथा लक्षित वर्ग र समुदायको सिप विकास र व्यवसाय सञ्चालन क्षमता विकास र व्यवस्थापनको हिसाबले सिद्ध कुमाख गाउँपालिका अशक्त भएको हुनेछ साथै महिला तथा लक्षित वर्ग र समुदायहरुको आर्थिक आत्मनिर्भताको मात्रामा ५०% ले वृद्धि भएको हुनेछ तथा सिद्ध कुमाख गाउँपालिका कम्तिमा एक वडा ५ महिला उद्यमी अन्तर्गत २५ जना महिला उद्यमीको विकास भएको हुनेछ

### ५.४.६ अनुमान तथा जोखिम पक्ष

स्थानीय ऐन कानुनको निर्माण र कार्यान्वयनमा गाउँपालिका, प्रदेश सरकार र संघीय सरकारको समन्वय स्थापित भएको हुनेछ। सामाजिक सचेतना वृद्धिका साथ सामाजिक न्याय र समानताका पक्षमा वकालत तथा पैरवी र क्रियाशिलतामा अभिवृद्धिका साथ चेतनाको स्तर उच्च भएको हुनेछ।

#### ५.४.६.१ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

| क्र.सं. | योजनाको समूहगत शिर्षक | सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत | योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी | योजना सञ्चालन व्यवस्थापनमा आइपर्न सक्ने पुर्वानुमन तथा जोखिम पक्ष |
|---|---|---|---|---|
| १ | महिला | गाउँसभाको निर्णय | १. प्रमुख जिम्मेवारी | विद्यमान ऐन कानून |

| | | | | |
|---|---|---|---|---|
| | बालबालिका तथा लक्षित वर्ग | पुस्तिका<br>गाउँ कार्यपालिकाको निर्णय पुस्तिका<br>गाउँपालिकाको योजना पुस्तिका<br>स्थलगत अवस्था<br>सामाजिक विकास शाखा अभिलेख<br>महिला तथा बालबालिका, लक्षित वर्ग र समुदाय सँग सम्बन्धित संघ संस्थाका अभिलेख<br>सञ्चार श्रोत<br>गाउँपालिकाको वेबसाइट | गाउँ कार्यपालिका<br>सामाजिक विकास शाखा<br>विद्यालय<br>बालक्लब<br>२. सहयोगी<br>सम्बन्धित तथा प्रदेश सरकार<br>विकास साझेदार<br>स्थानीय सरोकारवाला<br>टोल विकास वा सामुदायिक संघ संस्था<br>निजी क्षेत्र | स्रोत साधनको अभाव/अपर्याप्त<br>सहयोगी तथा साझेदार संघ संस्थाको अभाव<br>प्रविधि तथा उपकरणको अभाव |

**तालिका नं. ५.५ प्रमुख योजना तथा कार्यक्रम**

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको | इकाई | कार्यान्वयन हुने स्थान | ५ वर्षको लक्ष्य | | | | | लक्ष्य | अनुमानित लागत रु. | लागत व्यहोर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | | | |
| १ | अपांगता भएका व्यक्तीको लागि ह्विल चियर वितरण | जना | पालिका | ५ | | ५ | | ५ | १५ | ५,००,००० | गा.पा. |
| २ | सिलाई कटाई तालिम Level (2,3) | जना | पालिका | १० | | | १५ | | २५ | ८,००,००० | गा.पा. |
| ३ | आरण सुधार तालिम | जना | वडा | १ | २ | १ | २ | १ | २ | ३,००,००० | गा.पा. |
| ४ | सिकर्मी डकर्मी तालिम | जना | पालिका | १० | | १० | | १० | ३० | २,५०,००० | गा.पा. |
| ५ | पलम्बिङ तालिम | जना | पालिका | | १० | | १० | १० | | २,००,००० | गा.पा. |
| ६ | द्वन्द्व प्रभावित महिलाहरुको लागि जिविकोपार्जनको लागि कार्यक्रम | जना | पालिका | २० | | | | | ५ | ३,००,००० | गा.पा. |
| ७ | महिलाहरुको वैठक हल निर्माण | | वडा | | | | | | ३ | २,००,००० | गा.पा. |
| ८ | आपतकालिन बाल उद्धार कोष स्थापना | पटक | पालिका | | | | | | १ | ५०,००० | गा.पा. |
| ९ | वाल क्लव गठन गर्न तथा नियमन | पटक | पालिका | ४ | | ४ | | | ८ | ३,००,००० | गा.पा. |
| १० | अपाङ्गता भएका व्यक्तिको लागि सीपमुलक तथा रोजगारमुलक तालिम | जना | पालिका | | | | | | | २,००,००० | गा.पा. |
| ११ | अपाङ्गता परिचयपत्र वितरण कार्यक्रम (वैठक तथा शिविर) | | पालिका | | | | | | | २,५०,००० | गा.पा. |
| १२ | ज्येष्ठ नागरिक परिचयपत्र (छपाई) वितरण (शिविर) | | पालिका | | | | | | | २,५०,००० | गा.पा. |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | ज्येष्ठ नागरिक दिवा सेवा घर | पटक | पालिका | १ | | | | | | ३,००,००० | गा.पा. |
| जम्मा | | | | | | | | | | | |

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

स्थानीय विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गरी युवाहरूको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनु पर्दछ। नेपालमा १६ देखि ४० वर्ष उमेर समूहको जनसंख्या करिव ४३ प्रतिशत रहेको छ। जनसांख्यिकी पुँजीको रूपमा रहेका युवाहरूको विदेश पलायन रोक्दै स्थानीय विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक आर्थिक रूपान्तरणमा युवाहरूलाई मूलप्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरूबाट स्थानीय विकासमा योगदानको वातावरण सिर्जना गर्नु आवश्यक छ। त्यसरी नै व्यक्तिको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा खेलकुदको महत्वपूर्ण भूमिका रहन्छ। खेलकुद मानिसको संर्वाङ्गिन विकासका लागि महत्वपूर्ण पक्ष हो। वर्तमान सन्दर्भमा सबैका लागि खेलकुद भन्ने अभियान सञ्चालन गरी समाजमा रहेका खेलाडी, खेल प्रशिक्षक, बालबालिका, युवा, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरू सबैलाई खेलकुदको माध्यमबाट निरोगी एवम् अनुशासित तुल्याई देश विकासको पथमा संलग्न गराउनु अहिलेको प्रमुख आवश्यकता हो। खेलकुदलाई मनोरञ्जनका रूपमा मात्र नलिई मानव विकासको सूचकाङ्कको रूपमा लिई यस क्षेत्रमा लगानी बढाउन सकेको खण्डमा स्थानीय विकासमा महत्वपूर्ण योगदान सावित हुन सक्दछ।

### ५.५.२ समस्या र चुनौती

- खेलकुद क्षेत्र सामाजिक विकासको महत्वपूर्ण अंग हो भन्ने कुरालाई समाजमा बोध गराउन नसक्नु र युवा जनशक्तिको स्वास्थ्य शारीरिक विकासको लागि नभइ नहुने खेलकुदको क्षेत्रमा पर्याप्त लगानी नहुनु,
- पालिका भित्र निर्मित खेलकुदसम्बन्धि पूर्वाधारहरूको मर्मत सम्भार समयमा हुन नसक्नु,
- बालबालिकाको मानसिक तथा शारीरिक विकाससँगै खेलकुदको महत्व सम्वन्धि सकारात्मक धारणाको विकास गर्नका लागि खेल प्रशिक्षकको व्यवस्था नहुनु,
- राष्ट्रिय स्तरका भलिबल, फुटबल, व्याडमिन्टन, क्रिकेट, एथ्लेटिकस जस्ता खास खेलहरूमा विशेष रुचि भएका खेलाडीहरूका लागि दक्ष प्रशिक्षक र राज्यको तर्फबाट प्रोत्साहित गर्ने वातावरणको निर्माण गर्न नसक्नु।

### ५.५.३ सम्भावना र अवसर

- खेलकुद राष्ट्रको पहिचान र युवाको आकर्षणको क्षेत्र भएकाले यसको विकास र विस्तार गर्नु राज्यको दायित्व हो। खेलकुद क्षेत्रको विकासका माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याती प्राप्त गर्ने भएकाले यसका लागि आवश्यक पर्ने विभिन्न किसिमका खेल पूर्वाधार निर्माणका सम्भावनाहरू रहेको छ।
- सार्वजनिक विद्यालयमा रहेका चौवरहरु तथा पालिकाका विभिन्न क्षेत्रमा रहेका सार्वजनिक स्थानहरुमा विभिन्न किसिमका शारीरिक व्यामयुक्त खेल खेल्ने र विद्यालयमा रहेका खुल्ला चौवरहरूलाई प्रयोग

गरी भलिवल, फुटवल, क्रिकेट, ब्याडमिन्टन आदि खेल पूर्वाधारहरूको निर्माण गर्न सके खेलकुद क्षेत्रको विकास गर्न सकिने सम्भावना रहेको छ।

- विद्यालय स्तरदेखि नै खेल प्रशिक्षकको व्यवस्था गरी दक्ष र उर्जावान खेलाडी उत्पादन गरी प्रतियोगितात्मक खेलकुदका माध्यमबाट क्षेत्रीय तथा राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न सकिने सम्भावना रहेको छ।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ५.५.४.१ लक्ष्यः

- युवा जनशक्तिलाई गाउँपालिकाको सामाजिक र आर्थिक विकासमा मूल प्रवाहीकरण गर्ने र गाउँपालिकालाई खेलकुद केन्द्र (हव) का रूपमा विकास गर्ने।

#### ५.५.४.२ उद्देश्य

- युवाको जोश, जाँगर, सीप र नेतृत्व क्षमतालाई प्रस्फुटन गर्दै पालिकाको समग्र विकासमा युवाको सहभागिता वृद्धि गर्नु,
- युवालक्षित व्यावसायिक तथा प्राविधिक तालिमको व्यवस्था गर्नु,
- युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउनु,
- खेलकुदका माध्यमबाट युवा युवतीको शारीरिक विकासको सुनिश्चितता गर्नु,
- खेलकुद पूर्वाधारको विकास गर्नु,
- खेलाडीलाई स्वस्थ, अनुशासित, प्रतिस्पर्धी र व्यावसायिक बनाउनु र
- युवा युवतीलाई खेलकुदका पूर्वाधारमा पहुँच वृद्धि गर्दै खेलकुद सामग्री उपलब्ध गराउनु।

#### ५.५.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

| रणनीति | कार्यनीति |
|---|---|
| • युवा वर्गको शारीरिक, मानसिक तथा संवेगात्मक क्षमताको विकास गर्ने,<br>• युवालाई उद्यमशील, व्यावसायिक र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने,<br>• युवा केन्द्रित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गरी उद्यमशील बनाउने,<br>• युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने, | • युवालक्षित व्यावसायिक तथा प्राविधिक तालिमको व्यवस्था गर्ने,<br>• रोजगार तथा स्वरोजगार सिर्जनाका लागि वित्तीय संस्थाहरू मार्फत् सहुलियत व्याज दरमा लगानीका लागि कर्जा प्रवाहको व्यवस्था गर्ने,<br>• युवाहरूमा नैतिकता, सदाचारको विकास गरी देश, समाज, र ज्येष्ठ नागरिक प्रतिको दायित्व बोध गराउने,<br>• खेलकुदको विकासका लागि खेल पूर्वाधारहरूको विकास र विस्तार गर्ने,<br>• स्थानीयस्तरमा खेलकुद प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान् खेलाडीहरूको पहिचान तथा विकास गर्ने,<br>• खेल मैदान नभएका वडाहरूमा पायक पर्ने गरी खेल मैदानहरू निर्माण गर्ने, |

| | |
|---|---|
| • खेलकुदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण, संरक्षण र स्तरोन्नति गर्ने | • सबै वडामा कम्तिमा पनि एक भलिबल मैदान र कभर्डहलको व्यवस्था गर्ने,<br>• वार्षिक रूपमा खेलकुद प्रतियोगिता आयोजना गरी ठूलो संख्यामा युवाहरूलाई सहभागी गराउने। |

### ५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको सामान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्तृत विवरण तालिका नं. ५.५ मा समावेश गरिएको छ।

#### ५.५.५.१ अपेक्षित उपलब्धिः

युवा लक्षित व्यावसायिक तथा प्राविधिक तालिमको व्यवस्था भएको हुनेछ। सिद्ध कुमाख गाउँपालिका भित्रका वेरोजगार युवा युवतीले साना तथा ठुला उद्योगहरू खोली स्वरोजगार बन्नका लागि वित्तीय संस्थाहरू मार्फत् सहुलियत व्याज दरमा कर्जा प्रवाहको व्यवस्था भएको हुनेछ। खेलकुदको विकासका लागि खेल पूर्वाधारहरूको विकास र विस्तार भएको हुनेछ। स्थानीय स्तरमा विभिन्न किसिमका खेलकुद प्रतियोगिताहरू सञ्चालन भई प्रतिभावान् खेलाडीहरूको पहिचान गरी प्रदेश तथा राष्ट्रिय स्तरका खेलाडीका रूपमा विकास भएका हुनेछन्। खेल मैदान नभएका वडा तथा वस्तीहरूमा खेल मैदानहरू निर्माण भएका हुनेछन्। सबै वडामा कम्तिमा पनि एक भलिबल मैदान र कभर्डहलको व्यवस्था भएको हुनेछ। वार्षिक रूपमा खेलकुद प्रतियोगिता आयोजना गरी ठूलो संख्यामा युवाहरूलाई सहभागी गराइएको हुनेछ। युवाहरू सदाचार, नैतिकवान् र व्यावसायिक भइ समाज र देशलाई योगदान दिइरहेका हुनेछन्।

#### ५.५.५.२ नतिजा/सूचक

१. युवा विकास

- युवा विकास कार्यक्रम सँग सम्बन्धित स्थानीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार भई कार्यान्वयनमा आएको हुनेछ
- वर्तमान रोजगारीको अवस्थामा ४०% ले वृद्धि भई रोजगारी र अवसरको खोजीमा विदेशिने युवा युवतीको वर्तमान संख्यामा ५० % ले कमी आएको हुनेछ
- रोजगारी तथा स्वरोजगारी सिर्जना र व्यवस्थापनको माध्यम बाट पालिकामा रहेको वर्तमान निरपेक्ष गरिवी ३० देखि ३५ % ले घटेको हुनेछ

२. खेलकुद

- गाउँपालिका स्तरीय रंगशाला (खेलमैदान) को निर्माण तथा सञ्चालन व्यवस्थापनको कार्य पुरा भएको हुनेछ
- गाउँपालिका भित्र सत प्रतिशत विद्यालयहरुमा न्युनतम मापदण्ड बमोजिमका खेलमैदानको व्यवस्था भई सञ्चालनमा आएका हुनेछन
- वार्षिक रुपमा गाउँपालिका स्तरीय सिद्ध कुमाख रनिंग सिल्ड गोल्ड कप प्रतियोगिता सञ्चालनमा आएको हुनेछ सवै व्यवसायिक खेलाडी उत्पादनका साथ सिद्ध कुमाख गाउँपालिका खेलकुदको माध्यम बाट आफ्नो पहिचान स्थापित गरेको हुनेछ

### ५.५.६ अनुमान तथा जोखिम पक्ष

- गाउँपालिका क्षेत्र भित्र रोजगारीका अवसरहरुको सिर्जना र विकास पर्याप्त भएको हुनेछ।
- रोजगारी र अवसरको जोखिमा विदेशिनुपर्ने वर्तमान वाध्यात्मक अवस्थाको अन्त्य भएको हुनेछ।

- खेलकुद सँग सम्बन्धित संरचनागत पूर्वाधारहरु सुविधा सम्पन्न भएको हुनेछन।
- स्रोत र साधनको पर्याप्तता रहेको हुनेछ।

**५.५.६.१ जानकारीका स्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष**

| क्र.सं. | योजनाको समूहगत शिर्षक | सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारी श्रोत | योजना सञ्चालन व्यवस्थापन हो जिम्मेवारी | योजना सञ्चालन व्यवस्थापनमा आइपर्ने सक्ने पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|
| १ | युवा तथा खेलकुद | गाउँ कार्यपालिकाको निर्णय पुस्तिका<br>गाउँसभाको निर्णय पुस्तिका<br>गाउँपालिकाको योजना पुस्तिका<br>स्थलगत अवस्था<br>सामाजिक विकास शाखाका अभिलेख<br>युवा विकास तथा खेलकुद सँग सम्बन्धित संघ<br>सञ्चार श्रोत<br>गाउँपालिकाको वेबसाइट | १. जिम्मेवारी<br>गाउँ कार्यपालिका<br>सामाजिक विकास शाखा<br>विद्यालय<br>गाउँ खेलकुद विकास समिति तथा बालक्लब<br>२. सहयोगी<br>सम्बन्धित वडा समितिको कार्यालय<br>संघीय तथा प्रदेश सरकार<br>विकास साझेदार<br>स्थानीय सरोकारवाला संघ संस्था<br>टोल विकास वा सामुदायिक संघ संस्था<br>निजी तथा सामुदायिक क्षेत्र | विद्यमान ऐन कानून<br>उपयुक्त स्थानमा जग्गा जमिनको अभाव<br>स्रोत साधनको अभाव/अपर्याप्तता<br>सहयोगी तथा साझेदार संघ संस्थाको अभाव<br>प्रविधि तथा उपकरणको अभाव<br>निर्माण सामग्रीको अपर्याप्तता तथा अभाव |

तालिका नं. ५.६ प्रमुख योजना तथा कार्यक्रमहरु

| क.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको | इकाई | कार्यान्वयन हुने स्थान | ५ वर्षको लक्ष्य | | | | | ५ वर्षको लक्ष्य जम्मा | अनुमानित लागत रु. | लागत व्यहोर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | | | |
| १ | लैङ्गिक हिंसा निवारण गर्न गोप्य उजुरी पेटिका | वटा | ५ वटै वडा | ५ | | | | | | १,००,००० | गा.पा. |
| २ | छोराछोरीलाई वरावर अंश दिनेलाई सम्मान कार्यक्रम | पटक | पालिका | | १० | १० | | | २० | ५,००,००० | गा.पा. |
| ३ | दाइजो प्रथाको न्यूनीकरणका लागि जनजागरण | पटक | ५ वटै वडा | १ | २ | ३ | २ | १ | २ | ३,००,००० | गा.पा. |
| ४ | बालविवाह, वहुविवाह र अनमेल विवाह न्यूनीकरणको लागि सडक नाटक र जनचेतना कार्यक्रम | वटा | पालिका | ३ | | १ | | २ | | १,५०,००० | गा.पा. |
| ५ | वालविवाह मुक्त कार्यक्रम | पटक | ५ वटै वडा | १ | २ | ३ | १ | १ | २ | ५,००,००० | गा.पा. |
| ६ | महिला समुह आमा समुह, सशक्तिकरणको लागि अनुशिक्षण तालिम | पटक | ५ वटै वडा | २ | २ | २ | २ | २ | १० | ५,००,००० | गा.पा. |
| ७ | विपन्न, एकल महिलाहरुको लागि सिप विकास तालिम | जना | पालिका | १० | | १० | | १० | ३० | ५,००,००० | गा.पा. |
| ८ | विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरु | , | | | | | | | | २०,००,०० | गा.पा. |
| ९ | मनोपरामर्शको व्यवस्था | जना | सबै | १ | | | | | १ | २,००,००० | गा.पा. |
| १० | सासु वुहारी प्रशिक्षण कार्यक्रम | पटक | ५ वटै वडा | १ | २ | २ | १ | २ | २ | ५,००,० | गा.पा. |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | ०० | |
| ११ | महिला पुरुष (जोडी तालिम) लैङ्गिक हिंसा अन्त्यको लागि | जना | ५ वटै वडा | १० | १० | १० | १० | १० | ५० | २,५०,०<br>०० | गा.पा. |
| १२ | अन्धविश्वास तथा जातीय विभेद सामाजिक गलत अभ्यास अन्त्यका लागि कार्यक्रम<br>पटक | पटक | ५ वटै वडा | २ | १ | २ | १ | २ | १ | २,५०,०<br>०० | गा.पा. |
| १३ | महिला तथा बालिका आत्मरक्षा तालिम | पटक | ५ वटै वडा | २ | २ | १ | २ | १ | २ | २,५०,०<br>०० | गा.पा. |
| १४ | किशोरी शिक्षा | जना | ५ वटै वडा | १० | १० | १० | १० | १० | ५० | २,५०,०<br>०० | गा.पा. |
| १५ | वाल उद्दार कोषको स्थापना | पटक | १ पालिका | १ | | | | | | ५०,००० | गा.पा. |
| १६ | लैङ्गिक हिंसा कोषमा रकम थप | पटक | १ पालिका | | १ | | | | | ५०,००० | गा.पा. |
| १७ | क्षमता तथा नेतृत्व विकास कार्यक्रम | पटक | ५ वटै वडा | २ | १ | २ | २ | १ | २ | २,५०,०<br>०० | गा.पा. |
| जम्मा | | | | | | | | | | | |

# परिच्छेद (छ)
# पूर्वाधार क्षेत्र

## ६.१ बस्ति, आवास भवन तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

नेपालका अधिकांस बस्तीहरु ग्रामिण स्तरका छन्। संघीयता सँगै भएको राज्यको पुनरसंरचनाले अत्यधिक ग्रामिण बस्तीलाई शहर उन्मुख गाउँपालिका अन्तर्गत समेटेको अवस्था छ। नेपालको संविधानले आवासको हकलाई मौलिक हकको रुपमा स्थापित गर्दै सवै नागरिक सुरक्षित, उपयुक्त र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्ने आवास बिहिन नागरिकलाई आवास सुविधा उपलब्ध गराउने, अव्यवस्थित बसोबासलाई योजनाबद्ध विकासको माध्यम बाट व्यवस्थापन गर्ने साथै विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा बसोबास गरिरहेका परिवारलाई नजिकको सुरक्षित स्थानमा आर्थिक रुपले सबल हुने गरी एकिकृत बस्तीमा स्थानान्तरण गर्नु पर्ने व्यवस्थापन सहित नागरिकको सुरक्षित आवासको हकको पूर्ण प्रत्याभूति गरेको अवस्था छ।

यस पालिका भित्र बढ्दो शहरीकरण सँगै आवास तथा व्यवसायिक भवन संरचनाको निर्माण र वस्ती विकास तिब्र गतिमा बढी रहेको अवस्था छ। स्थानीय भू-उपयोग नीति तथा योजना तर्जुमा गरी सिद्ध कुमाख गाउँपालिकाको सम्पूर्ण भू-भागलाई आवासीय क्षेत्र औद्योगीक व्यापरिक तथा व्यवसायिक क्षेत्र, कृषि तथा पशुपंछी पालन क्षेत्र, पर्यटकीय क्षेत्र, वन क्षेत्र, कार्यालय तथा सेवा प्रवाह क्षेत्र लगायतका आवश्यक भू-उपयोगका क्षेत्रहरुमा विभक्त गरी सो मा आधारित संरचनागत निर्माण व्यवस्थापन हुनु पर्ने साथै भवन संहितालाई कडाईका साथ कार्यान्वयन गर्नु, हाल रहेको भवनको जोखिम परिक्षण गरी आवश्यकता अनुसार सवलीकरण गर्नु, वातावरणीय दृष्टिले स्वच्छ, वित्तीय दृष्टिले सम्भाव्य र प्राविधिक दृष्टिले उपयुक्त र सुरक्षित भवन निर्माण प्रविधिको प्रयोगलाई प्रोत्साहन, परम्परागत निर्माण प्रबिधि र वास्तुकलाको संरक्षण, प्रोत्साहन र योजना गर्नु गाउँपालिकाको जिम्मेवारी भित्र रहेको छ। वर्तमान अवस्थामा सिद्ध कुमाख गाउँपालिकामा ८० भन्दा बढी टोल तथा वस्ती रहेको। अधिकांस वस्तीहरुमा क्रमिक रुपले उच्च घनत्व बढ्दै गइरहेको। शहरी क्षेत्रमा बाक्लो र ग्रामिण क्षेत्रमा छरिएको वस्ती रहेको। गाउँ क्षेत्र भित्र सार्वजनिक, सरकारी जग्गाहरु न्यून उपलब्धता रहेको।

### ६.१.२ समस्या तथा चुनौती

#### ६.१.२.१ समस्या

भूउपयोग योजना तथा नीति तयार नभएको, यस पालिकाको ग्रामिण स्तरमा रहेको अधिकांस बस्ति छरिएर रहेको साथै खोला कठिन भएका कारण एकिकृत वस्ती विकासको कार्य सार्थक रुप धारण गर्न नसके साथै एकिकृत वस्ती विकासका लागि जग्गा जमिनको अभाव रहेको, सुविधा सम्पन्न एकिकृत वस्ती विकासका लागि आर्थिक श्रोतको समस्या रहेको, विगतमा विकास भएका असुरक्षित वस्ती र कमजोर संरचनाका कारण प्राकृतिक प्रकोपका कारण वर्षेनी ठुलो धनरासी नोक्सान भइरहेको, निर्माण सामग्रीको मूल्य वृद्धि, महँगो श्रम शक्ति, कमजोर आर्थिक स्थितिका कारण व्यक्तिगत रुप दुर्गम टोल वस्तीमा बसोबास गर्ने गाउँपालिकाले आफ्नै लगानीमा भवन निर्माण गर्दा खर्चिलो र लागत बढी हुने गरेको, सामुहिक आवास कार्यक्रममा स्थानीयबासीको आकर्षण बढ्न नसकेको, सामुहिक आवास कार्यक्रममा निजी क्षेत्रलाई आपेक्षाक्रित आकर्षण

गर्न नसकिएको, परम्परागत निर्माण सामग्रीको प्रयोग दिन प्रति दिन साघुरिदै गएको आदि अहिलेका यस पालिकाका विद्यमान समस्या रही आएका छन्।

नेपालमा बि.सं. २०७२ सालको भूकम्प पछि भूकम्प प्रतिरोधक संरचना निर्माणको कार्य वास्तविक गति लिन थालेको भएता पनि यस कार्यले संस्थागत रुप लिन नसकेको कारण अपेक्षित उपलब्धि हासिल हुन सकिरहेको छैन भने भवन आचार संहिताको पूर्ण पालनामा स्थानीयबासीको सहभागित उत्साहजनक रहेको छैन भेने गुणस्तरीय निर्माण सामाग्रीको सहज उपलब्धता र निर्माण कार्यको गुणस्तरताको सुनिस्चितता गर्न कठिन रहेको छ। यस पालिकाको हकमा प्राविधिक जनशक्तिको न्यूनता को कारण यस प्रावधानलाई कडाईकासाथ कार्यान्वयनमा ल्याउन कठिन भइरहेको छ भने कम लागतका भूकम्प प्रतिरोधक संरचनाका बारेमा अध्ययन अनुसन्धान गरी स्थानीयबासीलाई जानकारी र सहभागिता गराउन सकिएको छैन।

- सडक सँगै भवन आचारसहिता अनुसारका आधुनिक भवन निर्माण गरी छरिएर रहेका बस्तीहरूलाई एकीकृत बस्तीमा रूपान्तरण गर्न दीर्घकालीन योजना बनाउने सोच नहुनु,
- संघीयता कार्यान्वयन सँगै स्थापना भएको सिद्ध कुमाख गाउँपालिकाले भवन निर्माण सम्वन्धि दीर्घकालीन योजना ल्याउन नसक्नु,

## ६.१.२.२ चुनौती

भू-उपयोगको वास्तविक अवस्था निर्धारण गरी कार्यान्वयन गर्न छरिएर रहेका वस्तीहरुलाई भू-उपयोगको आधारमा एकिकृत गरी एकिकृत बस्ति वा सामुहिक आवास अन्तर्गत ल्याउन, सुकुम्बासी समस्याको पूर्ण समाधान गर्न स्थानीय श्रोत तथा साधन (निर्माण सामग्री समेत) प्रयोग गरी कम लागतमा मापदण्ड बमोजिमका सुरक्षित भवन तथा घर निर्माण गर्ने, गरिब सिमित स्रोत र साधनका कारण न्यून आय भएका, सिमान्तकृत तथा विपद् जोखिममा रहेका वर्ग तथा ग्रामिण गरिबीमा परेकालाई आवास सुविधा उपलब्ध गराउने, एकिकृत बस्ति तथा सामुहिक आवासका फाइदाका बारेमा सकारात्मक वातावरण सिर्जना गर्ने सामुहिक आवास योजनामा निजी क्षेत्रलाई सहभागी गराउने, निर्माण सामग्रीको गुणस्तरमा सुधार सहितको एकरुपता ल्याउने, वर्तमानको आवश्यकता बमोजिम नयाँ प्रविधिलाई प्रयोगमा ल्याउने, गाउँपालीका भित्र भूकम्प प्रतिरोधक भवन निर्माणलाई प्रभावकारी रुपमा पूर्ण कार्यान्वयन गराउन, परम्परागत सिप, निर्माण प्रविधि तथा बस्तुकलाको संरक्षण र सम्बर्द्धन गर्ने तथा निर्माण कार्यमा संलग्न सवै जनशक्तिलाई समयानुकुल तालिम प्रदान गरी दक्ष बजाउने जस्ता कार्य चुनौतीको रुपमा रहेका छन्।

- सार्वजनिक सेवालाई एकीकृत रूपमा प्रवाह गर्नका लागि निर्माण गर्नुपर्ने संरचनाहरूको डिपिआर समयामा गराउन नसक्नु तथा स्रोत जुटाउन नसक्नु,
- सिद्ध कुमाख गाउँपालिका यातायात सञ्जालमा जोडिए सँगै गाउँबासीहरूले पक्की घर निर्माण गर्ने क्रममा रहेकाले गाउँपालिकाले घरनिर्माणको मापदण्ड तयार गरी लागु गर्न सके जोखिम प्रतिरोधात्मक, वातावरण अनुकुल, पर्यटन मैत्री गाउँ निर्माण हुन सक्ने सम्भावना रहेको छ।

## ६.१.३ सम्भावना तथा अवसर

संघीय तथा प्रदेश सरकारबाट अति बिपन्न, लोपोन्मुख र सिमान्तकृत जातजातिका लागी नागरिक आवास र जनता आवास कार्यक्रम सञ्चालनमा आउनु, यस प्रकारका कार्यक्रम सञ्चालनका लागि सिद्ध कुमाख

गाउँपालिकाले नीतिगत व्यवस्थाको थालनी गर्नु आवास अधिकार सम्बन्धित ऐन, २०७५ कार्यान्वयनमा आउनु, राष्ट्रिय भवन संहिता स्थानीयकरण हुनु, भवन निर्माण पूर्ण पालिकाकालागि सरोकारवाला संस्था र निकाय बाट प्रतिवद्धता जाहेर हुनु, सुरक्षित र भूकम्पप्रतिरोधी भवन निर्माण तर्फ क्रमिक रुपले जनचेतना अभिवृद्धि हुदै जानु सुरक्षित तथा व्यवस्थित वस्ती विकास तथा भूकम्प प्रतिरोधी भवन निर्माणमा गाउँपालिकाबासि जागृत हुदैं जानु तथा चासो बढ्दै जानु सुरक्षित भवन निर्माण सबन्धि डिजाइन क्याटलग निर्माण भइ कार्यान्वयनमा आउनु, प्राविधिक क्षमता बढ्दै जानु, विशेष गरी ठुला शहरहरुमा सामुहिक आवास निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी क्षेत्रको संलग्नता बढ्दै जानु, एकिकृत वस्ती विकासको महत्व बारेमा विस्तारै चेतना अभिवृद्धि हुदै जानु साथै सामुदायिक भवन निर्माणका लागि कार्यक्रम सुरुवात हुन भूकम्प प्रतिरोधि भवन निर्माणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न दक्ष कर्मी स्थानीय स्तरमा उत्पादन गर्न सकिने अवस्था रहनु वर्तमानका सम्भावना र अवसरको रुपमा रहेको छन्।

- बदलिदो परिस्थिति सँगै मानिसमा शहरीकरणको प्रवृत्ति बढेको, अव्यवस्थित बस्तीको विकासले उत्पादन योग्य जमिनलाई ओगटेको, संघीयता कार्यान्वयन सँगै जनताको सेवाका लागि प्रशासनिक तथा सामुदायिक संरचनाहरू नयाँ निर्माण गर्नुपर्ने भएकाले एकीकृत सार्वजनिक सेवा र आवास तथा स्मार्ट सिटी निर्माण गर्न सकिने संभावना रहेको छ।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ६.१.४.१ लक्ष्य

गाउँ क्षेत्र भित्रका पालिका बासिको चेतनाको स्तर र अवस्थामा सकारात्मक अभिवृद्धि गरी योजनाबद्ध एकिकृत वस्ती विकास सुरक्षित, आकर्षक, लैंगिक तथा अपाङ्ग मैत्री, वातावरणमैत्री र भूकम्प प्रतिरोधि किफायती  सार्वजनिक तथा निजी भवन निर्माण गरी दिगो र भरपर्दो आवासको सुनिश्चितता गर्ने

#### ६.१.४.२ उद्देश्य

भू-उपयोग नीति तथा योजना तर्जुमा गरी सुरक्षित तथा व्यवस्थित वस्ती विकासको व्यवस्थापन गर्नु
गाउँपालिका बासीको आवश्यकता र चाहना बमोजिमका उपयुक्त, सुरक्षित, वातावरणमैत्री, सुलभ र उत्थानशिल आवास निर्माण गर्नु वर्तमान आवास व्यवस्थापनको स्तरोउन्नती गर्नु
राष्ट्रिय भवन संहिताको पूर्ण पालना हुने गरी स्थानिकरण गर्नु
भू-उपयोग नक्सा तयार पारि कार्य गर्ने
सडक गुरुयोजना तयार गरी लागु गरिनेछ
भवन आचार संहिता तयार गरी लागु गरिनेछ

- एकीकृत आवास तथा बस्ती विकास गरी अनाधिकृत, अव्यवस्थित र छरिएर रहेका विपन्न तथा सीमान्तकृत घर परिवारलाई सुरक्षित आवासको व्यवस्था गर्नु,

#### ६.१.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

| क्र.सं. | रणनीति | क्रियाकलाप (कार्यक्रम तथा आयोजना) |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रको भौगोलिक | • वर्तमान भू-उपयोगलाई आधार बिन्दु मानि वर्तमान |

| | | |
|---|---|---|
| | बनोट र अवस्थालाई आधार मानि भू-उपयोग योजना तर्जुमा गरी भौगोलिक रुपमा बिकट, विपदको उच्चा जोखिम युक्त क्षेत्र तथा स्थानमा रहेका बस्तीहरूलाई एकिकृत बस्ति विकास गरी वा सामुहिक आवास गृह निर्माण व्यवस्थापन गरी स्थानान्तरण गर्ने | आवश्यकता र दिगो विकास लक्षलाई सार्थक बनाउन गाउँपालिकाको भू-उपयोग नीति तथा योजना निर्माण गर्ने<br>• भू-उपयोग नीति योजनको पूर्ण कार्यान्यवनका लागि आवश्यक ऐन नियम, निर्देशिका वा कार्यविधि तयार गर्ने<br>• आवधिक गाउँपालिका विकास योजनाले औल्याएका समेत गरी सम्भाव्य सवै खाले भूमिको उपयोगिताका आधारमा आवास क्षेत्र, कृषि तथा पशुपालन क्षेत्र, ग्रामिण बजार तह शहर उन्मुख क्षेत्र, औद्योगिक क्षेत्र, पर्यटन क्षेत्र, वन क्षेत्र लगायतका भू-उपयोग क्षेत्रको सार्थक बर्गिकरण गर्ने<br>• आवश्यकताका आधारमा LAND POOLING समेतको नीति अवलम्बन सहित भू-उपयोग नीति, योजना र कार्यत्रम तर्जुमा गरी कृषि योग्य जग्गा जमिनको अनावश्यक र अनुपयुक्त खण्डिकरण उपयोगितामा आएको ह्रासलाई (बाँझो छाड्ने प्रचलनलाई समेत) रोकेर व्यवस्थित र दिगो गाउँपालिका विकासको आधारमा तयार गर्ने |
| २ | गाउँपालिका बासीको आर्थिक हैसियत समेतलाई केन्द्रमा राखेर वातावारिणीय हिसाबले उपयुक्त, लागतको हिसाबले किफायती, प्रविधिको हिसाबले सुरक्षित र व्यवस्थित एकिकृत वस्तीहरुको निर्माण विकास गर्ने साथै उक्त वस्तीमा कमजोर आर्थीक अवस्था भएका लक्षित वर्ग र समुदायका परिवारलाई विशेष अवसर प्रदान गरी सुरक्षित आवासको सुनिश्चितता गर्ने | • एकिकृत वस्ती विकास (Intergrated Settlement Development) कालागि जग्गाको एकीकरण तथा जग्गा विकास कार्यक्रमको तर्जुमा र व्यवस्थापन गर्ने साथै एकिकृत आवास विकास (House Pooling) जस्ता योजना कार्यान्वयन गर्ने<br>• क्रमिक रुपले प्राथमिकताका आधारमा गाउँपालिकाका गौरवका आयोजना भित्र समेटिएका मुख्य बजारको व्यवस्थित शाहरीकरण, विद्यमान अवस्थामा गाउँपालिकाका ग्रामिण क्षेत्रमा रहेका बजारहरुलाई क्रमश वस्ती विकास सम्बन्धि नीति कानून मापदण्ड तथा सो सम्बन्धि योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने<br>• गाउँपालिकाका सम्भाव्य वडाहरुमा जग्गा एकीकरण, निर्देशित जग्गा विकास तथा निर्देशित योजनाबद्ध विकास मध्ये कुनै एक वा मिश्रित योजना लागु गर्ने<br>• सुकुम्बासी समस्या समाधान, घरजग्गा नहुनेका लागि आवास क्षेत्रको व्यवस्थापन र अव्यवस्थित बसोबास व्यवस्थापन लगायातका लागि आधारभुत आवास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने<br>• आर्थिक अवस्था कमजोर भएका सवै वर्ग र तहका व्यक्ति |

| | | |
|---|---|---|
| | | तथा परिवार लाई सुरक्षित आवास उपलब्ध गराउने |
| ३ | भवन संहिताको पूर्ण कार्यान्वयन मार्फत वर्तमानमा रहेको सवै प्राकृतिक घर तथा भवनहरु अनिवार्य अभिलेखीकरण र नयाँ बन्ने घरको अनिवार्य रुपमा निर्माण इजाजत लिनुपर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याउने | • भवन निर्माण सम्बन्धि नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धि योजना तर्जुमा गर्ने, भवन आचार संहिता<br>• राष्ट्रिय भवन संहिता तथा निर्माण हुने मापदण्ड लाई स्थानिकरण गरी भवन निर्माण अनुमति र नियमन गर्ने<br>• गाउँपालिका भित्र निर्माण हुने सवै खाले भवन निर्माणका लागि तहगत नक्सा स्वीकृत, संसोधन नियमन गर्ने,<br>• पुरातत्व, प्राचिन स्मारक र संग्राहलय संरक्षण, सम्बर्द्धन र पुनःनिर्माण लाई प्राथमिकता दिने<br>• सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह तथा अन्य सर्वाजनिक भवन तथा संरचना निर्माण र मर्मत संभार गर्ने<br>• एकिकृत बस्ति विकास योजना अन्तर्गत कम लागतका भूकम्प प्रतिरोधी भवन निर्माणलाई प्रोत्साहनका साथ कार्यान्वयनमा ल्याउने<br>• खर वा फुसको छाना भएका घरहरुको छानालाई जस्तापाताले परिस्थापना गर्ने |

### ६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको सामान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्तृत विवरण तालिका नं. ६.१ मा समावेश गरिएको छ।

#### ६.१.५.१ अपेक्षित प्रतिफल तथा उपलब्धि

गाउँपालिकाको सम्पूर्ण भू-भागलाई भौगोलिक अवस्थिति र उपयोगिताको आधारमा आवासीय क्षेत्र, औद्योगिक, व्यापारिक तथा व्यवसायिक क्षेत्र, कृषि तथा पशुपन्छी पालन क्षेत्र, पर्यटकीय क्षेत्र, वन क्षेत्र, कार्यालय तथा सेवा प्रवाह क्षेत्रहरुमा विभक्त भई सोहि बमोजिम निर्माण व्यवस्थापन हुनु पर्ने आवासीय तथा बजार क्षेत्र यातायात सञ्जालकालागि आवश्यक पुल सहितका सडक, ढल तथा नाला, स्वास्थ्य खानेपानी विद्युत, सञ्चार तथा मनोरञ्जन, हरियाली विकास लगायत बस्ति विकास, भवन र सार्वजनिक निर्माणका कार्यहरु कार्यान्वयनमा आएका हुनेछन् साथै जग्गा जमिनको अनाधिकृत र अनुपयुक्त खण्डिकरण अन्त्य हुनेछ।

राष्ट्रिय भवन संहिता पूर्ण रुपले स्थानीयकरण भई कार्यान्वयनमा आई पालिकाभित्र बन्ने आवासीय साथै सरकारी, निजी तथा संस्थागत नयाँ भवनहरु सतप्रतिसत भूकम्प प्रतिरोधी मापदण्ड निर्माण भएका हुनेछन तथा जोखिमयुक्त पुरानाघरहरु मापदण्ड बमोजिम पुननिर्माण भएका हुनेछन

गाउँपालिका क्षेत्रका सवै घरहरुमा घर नम्बर को अनिवार्य व्यवस्था भई सूचना तथा सेवा प्रवाहमा सहजता आउनुको साथै आर्थिक र सामाजिक विकासमा महत्वपूर्ण योगदान हुनेछ साथै स्थानीय सरकारको हैसियतमा गाउँपालिका प्रति सर्वसाधारण गाउँपालिकाबासीको विस्वासमा बढोत्तरी भएको हुनेछ।

भवन निर्माण संहिता (भूकम्प प्रतिरोधात्मक, प्रविधि, पर्यावरण र लैंगिक तथा अपाङ्ग मैत्री) बमोजिमका सुरक्षित सार्वजनिक तथा निजी भवन निर्माणको मापदण्ड बनाइ लागु गरिएको हुनेछ। छिटो छरितो प्रविधिमैत्री गुणस्तरीय सार्वजनिक सेवा प्रवाह गर्नका लागि गाउँपालिकाका सम्पूर्ण प्रशासनिक भवनहरू भूकम्प प्रतिरोधात्मक, प्रविधि, पर्यावरण, लैंगिक तथा अपाङ्ग मैत्री र सुरक्षित भवन निर्माण भएका हुनेछन्। एकीकृत आवास तथा बस्ती विकास गरी अनाधिकृत, अव्यवस्थित र छरिएर रहेका विपन्न तथा सीमान्तकृत घर परिवारलाई सुरक्षित आवासको व्यवस्था गरिएको हुनेछ।

### ६.१.५.२ नतिजा/सूचक

- भू-उपयोग योजना तर्जुमा भई कार्यान्वयन आएको हुनेछ
- विपन्न आवास निर्माण भएका हुनेछन्
- सामुदायिक भवन निर्माण भएको हुनेछ
- सडक गुरु योजना तयार भई  कार्यन्वयनमा जाने छ
- भवन आधार संहिता तयार भई कार्यान्वियन कम्तिमा २०० जना क्षमताको गाउँपालिका स्तरीय सभाहल निर्माण भएको हुनेछ
- सामाजिक विकास पूर्वाधार अन्तर्गत रहेका सामुदायिक भवन नभएका वडाहरुमा सामुदायिक भवन निर्माणका लागि `साथै सवै वडामा कम्तिमा १-१ वटामा सामुदायिक भवन निर्माण भई सञ्चालनमा आएका हुनेछन
- सामाजिक विकास पूर्वाधार अन्तर्गत समावेस भएका वर्तमान अवस्थामा जिर्ण रहेका सवै सार्वजनिक पाटीपौवा र चौतारहरुको स्तरोउन्नती भई थप व्यवस्थापन सहित सञ्चालनमा आएको हुनेछन
- संघीय तथा प्रदेश सरकारको सहयोगमा यस गाउँपालिकाको मुख्य बजार बाहेकका अन्य वडाहरुमा स्थायी प्रहरी सुरक्षा चौकी वा पोस्ट निर्माण व्यवस्थापन भई सुरक्षित प्रत्याभूति भएको हुनेछ।

### ६.१.६ अनुमान तथा जोखिम पक्ष

भू-उपयोग नीति तथा योजना कार्यान्वयन का लागि संघ तथा प्रदेश सरकारको आवश्यक श्रोत साधन सहित समन्वय र साझेदारी भएको हुनेछ

प्रकोप पुर्व तयारी र प्रकोप व्यवस्थापन भएको हुनेछ

### ६.१.६.१ जानकारीका श्रोत, जिम्मेवारी तथा जोखिम पक्ष

| क्र.सं. | योजनाको समूहगत शिर्षक | सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत | योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी | योजना सञ्चालन व्यवस्थापनमा आइपर्न सक्ने पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|
| १ | बस्ति, आवास, भवन तथा सार्वजनिक निर्माण | गाउँ कार्यपालिकाको निर्णय पुस्तिका<br>गाउँपालिकाको योजना पुस्तिका<br>गाउँपालिका योजना | १. प्रमुख जिम्मवारी<br>गाउँ सभा<br>गाउँ कार्यपालिका<br>स्थानीयबासि<br>भौतिक पूर्वाधार निर्माण/योजना | विद्यमान ऐन कानून<br>जग्गा जमिन तथा स्रोत र साधनको अभाव<br>निर्माण उपकरण |

| | | | | |
|---|---|---|---|---|
| | | पुस्तिका<br>स्थलगत अवस्था<br>भौतिक पूर्वाधार निर्माण/योजना शाखाको अभिलेख<br>वडा समितिको अभिलेख<br>सञ्चार श्रोत<br>गाउँपालिकाको वेबसाइट | शाखा<br>निर्माण व्यवसायी<br>उपभोक्ता समिति<br>२.सहयोगी<br>सम्बन्धित वडा समितिको कार्यालय<br>संघीय तथा प्रदेश सरकार<br>विकास साझेदार<br>स्थानीय सरोकारवाला व्यक्ति वा समुदाय<br>टोल विकास वा सामुदायिक संघ संस्था<br>निजी क्षेत्र | सहयोगी तथा साझेदार संघ संस्थाको अभाव<br>प्रविधिको अभाव<br>निर्माण सामग्रीको अपर्याप्तता तथा अभाव<br>दक्ष निर्माण जनशक्तिको अभाव |

तालिका नं. ६.१ प्रमुख योजना तथा कार्यक्रमहरु

| क.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको | इकाई | कार्यान्वयन हुने स्थान | ५ वर्षको लक्ष्य | | | | | ५ वर्षको लक्ष्य जम्मा | अनुमानित लागत रु. | लागत व्यहोर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | | | |
| वडा नं. १ | | | | | | | | | | | |
| १ | श्री देउरालि माध्यमिक विद्यालयमा भवन निर्माण | | | | | | | | | | |
| २ | सरस्वती आधारभूत विद्यालयमा भवन निर्माण | | | | | | | | | | |
| ३ | श्री महेन्द्र आदर्श माध्यमिक विद्यालयमा भवन निर्माण | | | | | | | | | | |
| ४ | सामुदायिक खोपकेन्द्र भवन निर्माण | | | | | | | | | | |
| वडा नं. २ | | | | | | | | | | | |
| १ | सामुदायिक खोपकेन्द्र भवन निर्माण | | | | | | | | | | |
| २ | श्री सिद्ध माध्यमिक विद्यालयमा भवन निर्माण गर्ने | | | | | | | | | | |
| ३ | श्री विष्णु आधारभूत विद्यालयमा भवन निर्माण | | | | | | | | | | |
| ४ | श्री देउरालि माध्यमिक विद्यालयमा भवन निर्माण | | | | | | | | | | |
| वडा नं. ३ | | | | | | | | | | | |
| २ | सामुदायिक खोपकेन्द्र भवन निर्माण | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. ४ | | | | | | | | | | | |
| १ | श्री शान्ति सुन्दर माध्यमिक विद्यालयमा भवन निर्माण | | | | | | | | | | |
| २ | श्री युवा जनता आधारभूत विद्यालयमा भवन निर्माण | | | | | | | | | | |
| ३ | श्री जनता कालिका आधारभूत विद्यालयमा भवन निर्माण | | | | | | | | | | |
| वडा नं. ५ | | | | | | | | | | | |
| १ | नेपाल राष्ट्रिय माध्यामिक विद्यालयमा उच्च शिक्षा सञ्चालनकव लागि भवन निर्माण | | | | | | | | | | |
| २ | श्री तारादेवि आधारभूत विद्यालयमा भवन निर्माण | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | |

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

आर्थिक समृद्धि निर्माणको अर्को महत्वपुर्ण समवाहक यातायात पूर्वाधारनै हो। मानिसहरुलाई एक ठाउँ बाट अर्को ठाउँमा जानहोस वा व्यापार, व्यवसाय तथा सेवा प्रवाहलाई सहज र सम्भव पार्न होस् यातायात क्षेत्रको महत्वपूर्ण भूमिका रहिआएको छ र रहन्छ पनि। आर्थिक पूर्वाधारका रुपमा स्थापित रहेका कृषि पशुपालन, उद्योग, पर्यटन, व्यापार, व्यवसाय, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको सन्तुलित र दिगो विकास यातायात क्षेत्रको विकास बाट मात्र सम्भव छ र रहन्छ। यस पालिकाको समग्र आर्थिक समृद्धि निर्माणकालागि सडक यातयात नै प्रमुख रहेको छ। सिद्ध कुमाख गाउँपालिकामा सेवा केन्द्रको रुपमा ५ वटा वडा रहेका छ। सवै वडा र टोलसम्म सहज रुपमा पुग्न सकिने गरी सडक ट्र्याक खोलिएको छ भने गाउँ भित्र करिब ३२८ कि.मि. सडक रहेको संख्या ६१ भन्दा बढी रहेको छ।

### ६.२.२ समस्या तथा चुनौती

#### ६.२.२.१ समस्या

स्थानीयबासीको माग बढ्दो शहरीकरणका आधारमा विद्यमान स्रोत साधन रहेको, मापदण्ड विना योजनाको छनोट र कार्यान्वयन गर्ने परम्परागत प्रचलन र अभ्यासको अन्त्य हुन नसक्नु, निजी क्षेत्रको व्यवसायिक क्षमता समयानुकुल विकास हुनु नसक्नु, उपभोक्ताको सार्थक सहभागिता न्यून हुन साथै क्षमता अपेक्षाकृत विकास हुन नसक्नु, सानासाना योजना धेरै हुनुदक्ष प्राविधिक जनसक्ति न्यून हुनु तथा तालिम प्राप्त श्रमिकको अभाव रहनु, संस्थागत व्यवस्थापकीय क्षमता अपेक्षाकृत विकास गर्न नसक्नु गुणस्तरीय निर्माण सामाग्रीको समयानुकुल अभाव रहिरहनु, सडक नाला तथा पुल पुलेसा प्रति स्थानीयबासीको अपनत्व विकास हुन नसक्नु, पानी निकासकालागि निर्माण गरिएका अधिकांस नाला फोहोरमैला विर्षजनस्थानको रुपमा रहनु, खरिद ऐन बमोजिम न्यूनतम अंकमा ठेक्का लगाउनु पर्ने बाध्यकारी व्यवस्थाका कारण गुणस्तर कायम गर्न कठिनाई हुनु, जग्गा अधिग्रहण र साइट क्लियर गर्ने कार्यमा सहज नहुनु साथै जग्गा जमिनमा विवाद रहनु, स्थानीयबासीको अवरोध हुनु, आवश्यक स्थानमा पार्किङ्ग तथा बसपार्कको लागि जग्गा जमिनको अभाव रहनु चेकलिष्टका आधारमा अनुगमन तथा मुल्याङ्कन गर्ने पद्धतिको विकास नहुनु जस्ता समस्याहरु यस पालिकामा रहेको छन्।

- भौगोलिक विकटता र जटिलताका कारण पनि अपेक्षित पूर्वाधार विकासका लागि श्रोत साधनको जोहो गर्न समस्या परेको छ।

#### ६.२.२.२ चुनौती

स्रोत र साधनको सीमितताका कारण सडक लगायतका पूर्वाधार निर्माणमा अपनाउनु पर्ने प्रबिधि, लागत र गुणस्तरमा सन्तुलन कायम गर्ने, मापदण्ड बमोजिमका सडक लगायातका पूर्वाधार निर्माण गर्ने, सडक सञ्जाल धेरै भएको सवै सडक कालोपत्रे गर्ने, स्थानीयबासीको माग पर्याप्त रुपले सम्बोधन गर्ने, प्रस्तावित योजना, आयोजना तथा परियोजनाहरुको प्राथमिकिकरण गर्ने, आयोजना बैंकको अवधारणालाई कार्यान्वयनमा ल्याउने, सडक लगायतका निर्मित संरचानाकालागी दिगो रुपमा मर्मत सम्भारको सुनिस्चितता गर्ने, आवश्यक स्थानमा जग्गाको व्यवस्थापन गर्ने साथै मापदण्ड बमोजिम पूर्वाधार निर्माणकालागि साइट क्लियर गर्ने अन्तर स्थानीय तह तथा अन्तर सरकारी निकाय समन्वय र साझेदारी विकास गर्ने योजनाका लागि आवश्यक पूर्व तयारीका

सम्पूर्ण चरण समय सिमा भित्र पुरागर्ने, प्राकृतिक प्रकोप बाट निर्मित सडक लगायतका पूर्वाधारलाई सुरक्षित राख्ने निजी क्षेत्रको व्यवसायिक क्षमता अभिवृद्धि गर्ने साथै निजी क्षेत्रको लगानीलाई आकर्सित गर्ने जस्ता कार्य वर्तमान चुनौतीका रुपमा रहेका छन।

- सिद्ध कुमाख गाउँपालिकाको अधिकांश भूभाग भिरालो पहाडी भूभाग र बाढी, पहिरो, खहरे, भूक्षय जस्ता कारणले सडक तथा पुल निर्माण तथा दिगो व्यवस्थापन गर्न चुनौतीपूर्ण रहेको छ।

### ६.२.३ सम्भावना तथा अवसर

वर्तमान संविधानमा तीन तहका सरकारले निर्माण विकास गर्ने सडक सञ्जालनको जिम्मेवारी तोकिनु, सडक सञ्जाल निर्माण विकासको कार्य गाउँपालिका सहित तिन तहका सरकारको उच्च प्राथमिकतामा पर्नु, गाउँबासीलाई बार्है महिना सहज यातायात सुविधा उपलब्ध गराउने लक्ष्य स्थापित गरी आन्तरिक क्षमता विकासका साथ आफ्नो जिम्मेवारीलाई कुसलता पूर्वक अघि बढाउनु, सवै वडा र टोलसम्म सहज रुपमा पुग्न सकिने गरी सडकको निर्माण गरी कार्यान्वयन ल्याउने तयारीमा रहनु, स्थानीय उपभोक्ताको सार्थक सहभागित क्रमश परिणाममुखी हुदै जानु, निर्माण व्यवसायी आफ्नो क्षमता विकासकालागि आफै प्रयासरत रहनु, स्रोत र साधनको मात्रामा बढोत्तरी हुँदै जानु, सवै सरोकारवाला पक्ष गुणस्तर कायम राख्ने कार्यमा प्रतिवद्ध हुनु यस क्षेत्रका विकास र सेवा प्रवाहका सम्भावना र अवसरहरु रहेका छन्।

- सिद्ध कुमाख गाउँपालिका सडक तथा पुल पूर्वाधारको दृष्टिले रासी राजमार्ग, नजिकैको मध्यपहाडी लोकमार्ग जस्ता राष्ट्रिय सडक सञ्जालमा जोडिएकाले स्थानीय सडक पूर्वाधारको निर्माण, विकास र विस्तार गरी राष्ट्रिय तथा क्षेत्रीय यातायात सञ्जालमा जोडिन सक्ने सम्भावना रहेको छ।
- सिमाना बजार धाने टाकुरा हम्पाल कुकुरे खोर उपल्लो बाझकाडा खानीगाउँ टाकुरा कालालेख सडक खण्डलाई बाह्रै महिना यातायातका साधन चल्न सक्ने गरी राष्ट्रिय मापदण्ड अनुसार स्तरोन्नति गरी आर्थिक तथा सेवाका क्षेत्रमा गाउँवासीलाई जोड्न सक्ने राम्रो सम्भावना रहेको छ।
- वडास्तरमा सञ्चालनमा आएका सडकलाई मापदण्ड अनुसार सडक नाली र ढलको व्वस्थापन गरी बाह्रै महिना चल्न सक्ने बनाउन सके गाउँवासीलाई गुणस्तरीय सेवा प्रदान गर्न सकिने सम्भावना रहेको छ।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ६.२.४.१ लक्ष्य

आगामी ५ बर्ष भित्रमा प्राथमिकता $P_1$ मा रहेका सवै सडक, नाला तथा पुल निर्माण गरिएको हुनेछ। गाउँपालिका क्षेत्र भित्रका मानव बस्ती, उद्योग, व्यापार र व्यवसायिक क्षेत्र समेतका आर्थिक गतिविधि सँग जोडिएका सम्पूर्ण स्थान र क्षेत्रमा बाह्रै महिना यातायात साथै ढुवानी र निर्माण उपकरण हरुको सहजरुपमा आवत जावत हुन सक्ने गरी सडक, पुल, कलभर्ट सहितका यातायात पुर्वाधार सञ्जालको निर्माण विकास बाट पालिकाको आर्थिक समृद्धि निर्माणमा गणनायोग्य योगदान पुगेको हुनेछ।

- गाउँपालिकाका सबै वडा तथा बस्तीहरूमा सडक सञ्जालको विस्तार गरी यातायात प्रणालीको दिगो तथा वैज्ञानिक व्यवस्थापन गर्ने।

### ६.२.४.२ उद्देश्य

- गाउँपालिकाका सबै वडाका महत्वपूर्ण क्षेत्र र स्थानमा न्युनतम ग्राभेल सडक र अधिकतम कालोपत्रे सडक निर्माण गरी गाउँपालिकाको सन्तुलित विकासको आधार निर्माण गर्नु
- वर्तमानमा भई रहेको यातायात तथा ढुवानी लागत खर्च घटाएर स्थानीय बासीको जनजीवन सञ्चालन व्यवस्थापनलाई सहज र प्रभावकारी बनाउनु
- सडक, पुल कलभर्ट लगायतका संरचनाको सुरक्षा, संरक्षण र मर्मत सम्भार गरी सहज र सुरक्षित सवारी तथा ढुवानीका साधनको आवतजावतको सुनिश्चितता गर्नु
- प्रभावकारी, दिगो, भरपर्दो, र सुरक्षित यातायात सेवा मार्फत अन्तर वडा, अन्तर पालिका तथा जिल्ला र प्रदेश हुँदै राष्ट्रिय सडक सञ्जालमा जोडी आर्थिक क्षेत्रमा सिद्ध कुमाखबासीलाई जोड्नु,
- गाउँपालिकामा हाल संचालनमा रहेका सम्पूर्ण सडकहरूलाई राष्ट्रिय मापदण्ड अनुसारका सडकमा रूपान्तरण गर्नु,
- गाउँपालिकामा हाल ट्र्याक मात्र खोलिएका सडकहरूको स्तरोन्नति गर्नु,
- गाउँपालिकाका सबै वडा तथा बस्तीहरूमा सडक सञ्जालको विस्तार गर्न नयाँ सडकहरूको निर्माण गर्नु,
- गाउँपालिकाकामा यातायात सेवालाई बाह्रै महिना सञ्चालनका लागि आवश्यक स्थानमा मोटरेवल पुलको निर्माण गर्नु।

### ६.२.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

| क्र. सं. | रणनीति | क्रियाकलाप (कार्यक्रम तथा आयोजना) |
|---|---|---|
| १ | सडक गुरुयोजना बमोजिम सडक सञ्जाल निर्माण गर्ने | • सडक गुरुयोजना तयार/अध्यावधिक गर्ने (ढल तथा नाला निर्माण सहितको)<br>• यातायात व्यवस्थापन ऐन तथा कार्यविधि निर्माण गर्ने<br>• संघीय तथा प्रदेश सरकारको मापदण्ड बमोजिमका सडकको हकमा सोहि बमोजिम र गाउँपालिकाले मापदण्ड निर्धारण गर्नु पर्ने सडकहरुको हकमा न्यूनतम चौडाई सेडव्यक बाहेक देहाय बमोजिम कायम गर्ने<br>• क्लास ए सडक १४ मिटर<br>• क्लास बि सडक १० मिटर |

| | | |
|---|---|---|
| | | • क्लास सि सडक ६ मिटर<br>• मापदण्डका आधारमा क्रमिक रुपले प्राथमिकता क्रम अनुसार सञ्चालनमा ल्याउने सडक पूर्वाधारहरुको बिस्तृत परियोजना प्रस्ताव (डीपीआर) तयार गर्ने<br>• संघीय तथा प्रदेश सरकार साथै विकास साझेदार निकाय र संघ संस्था सँग समन्वय गर्ने<br>• प्राथमिकता क्रम बमोजिम बिशेष प्राथमिकता क्षेत्र निर्धारण गरी सोहि बमोजिम सडक पूर्वाधार निर्माण कार्यको कार्यान्वयन तालिका तयार गर्ने<br>• प्रचलित कानूनको अधिनमा रहि गाउँपालिकाका दर रेट निर्धारण तथा अध्यावधिक गर्ने<br>• सडक पूर्वाधार निर्माणकालागि आवश्यक यन्त्र उपकरण र निर्माण सामाग्रीको उपलब्धताको सुनिस्चितता गर्ने<br>• सडक पूर्वाधार गुणस्तर मापदण्ड निर्धारण गर्ने<br>• अनुगमन मुल्याङ्कन कार्यविधि सहित चेक लिस्ट तयार गरी अनुगमन तथा मुल्याङ्कनलाई प्रभावकरी बनाउने<br>• निर्धारित समय सिमा भित्र कार्य सम्पन्न गर्ने निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई पुरस्कार सहित सम्मान गर्ने<br>• सडक पूर्वाधार निर्माण अन्तर्गतका योजना तथा कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनका लागि दिगो आधार तयार गर्ने<br>• अनुसूचीमा उल्लेखित प्राथमिकता प्राप्त आयोजनाहरु निर्माण गर्ने<br>• सडक मार्ग चित्रः सडकको नामाङ्कनका अधर्म GPS संहिताको सडक सञ्जाल सूचना प्राप्त गर्न सक्ने गरी मार्ग चित्र निर्धारण गर्ने<br>• सफ्टवेयरमा आधारित सडक सूचना सञ्जाल निर्माण विकास गर्ने |
| २ | सडक, नाला, पुल तथा कल्भर्टको डिजाईन, निर्माण मर्मत सम्भार समेतमा आधुनिक प्रविधिको उच्चतम प्रयोग गर्ने साथै स्रोत साधनको प्रयोगमा क्रमश परनिर्भरता घटाउनका लागि संस्थागत क्षमता अभिवृद्धि गर्ने | • वर्तमान आधुनिक प्रविधिको उच्चतम प्रयोग गरी गाउँपालिकाको भौगोलिक अवस्थिती र स्वरूप बमोजिम सडक, नाला, पुल तथा कलभर्टको डिजाईन गर्ने<br>• सडक पूर्वाधार निर्माण तथा मर्मत सम्भार लागत घटाउन बढी टिकाउ हुने कम लागतक साथै उपभोक्ताको सार्थक सहभागिता हुने योजनालाई उच्च प्राथमिकता दिने<br>• निर्माण व्यवसायी तथा उपभोक्तालाई आधुनिक प्रबिधि र परम्परागत प्रबिधि बिचको फरक साथै त्यसले गुणस्तर र लागतमा पार्ने प्रभाव समेतका विषयमा तालिम तथा प्रशिक्षण मार्फत क्षमता विकास गर्ने<br>• क्षमता विकास योजना समेत तयार पारि पालिकाका प्राविधिक जनशक्तिको कार्य क्षमता र प्रविधिप्रतिको ज्ञान र जागरुकता |

| | | |
|---|---|---|
| | | अभिवृद्धि गर्ने<br>• आन्तरिक आय वृद्धिका वैकल्पिक उपायहरुको खोजी गरी स्रोत व्यवस्थापन गर्ने |
| ३ | प्राकृतिक प्रकोप बाट हुन सक्ने सम्भावित हानी नोक्सानीलाई न्यूनिकरण गर्ने | • सडक, ढल/नाला, पुल तथा कलभर्ट निर्माण गर्दा मापदण्डका आधारमा कमसल गुणस्तर हुने गरी कुनै सम्झौता नगर्ने<br>• सडक समेतका पूर्वाधार निर्माणका लागि न्यूनतम गुणस्तर मापदण्ड निर्धारण गर्ने साथै यसका बारेमा सर्वसाधारण लाई जानकारी गराउने<br>• अनुगमन मुल्याङ्कन कार्यविधि सहित चेक लिष्ट तयार गर्ने<br>• प्राकृतिक प्रकोप बाट हुन सक्ने सम्भावित जोखिम न्यूनिकरणका लागि स्थानीय उपभोक्ता सडक सचेतना समूह निर्माण गर्ने<br>• बाढी तथा सडक दुर्घटनाका कारण सडक बन्द हुन सक्ने सम्भावनालाई न्यूनीकरण गर्न सम्बन्धित सचेतना समूह मार्फत वैकल्पिक खोजी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने |
| ४ | गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने सवै प्रकारका सवारी तथा ढुवानीका साधनकालागि आवश्यक पार्किङ्ग स्थलको व्यवस्था गर्ने साथै ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउने | • यातायात व्यवस्थापन ऐन तथा कार्यविधि निर्माण गर्ने<br>• सवै प्रकारका सवारी तथा ढुवानीका साधनको सुरक्षित पार्किङ्गका लागि आवश्यकता बमोजिम जग्गा खरिद तथा प्राप्ति गर्ने<br>• वर्तमान गाउँपालिका स्तरीय बसपार्कको स्तरोउन्नतीका साथ व्यवस्थित सञ्चालन को सुनिश्चितता गर्ने साथै अन्य आवश्यक स्थानको पहिचान गरी पार्किङ्ग स्थलको विस्तृत परियोजना प्रस्ताव तयार पार्ने<br>• सर्व प्रथम बस लगायत सानासवारीका साधनको पार्किङ्ग स्थल तथा बस सञ्चालनका लागि टर्मिनल भवनको निर्माण गर्ने साथै दोस्रो चरण अन्तरगत ढुवानीका साधनका लागि पार्किङ्ग स्थान निर्माण गर्ने<br>• एकीकृत पार्किङ्ग स्थलको सञ्चालन व्यवस्थापनकालागि सार्वजनिक निजी साझेदारी वा सार्वजनिक सामुदायीक साझेदारी प्रकृया र प्रद्धती अवलम्बन गर्ने<br>• मुख्य बजार क्षेत्र भित्र प्रत्यक पसल वा व्यवसाय स्थलको अगाडि सवारी साधन पार्किङ्ग गर्ने कार्यको अन्त्य गर्ने<br>• सडक मार्किङ्ग तथा सवारीका साधनको व्यवस्थित सञ्चालनकालागि ट्राफिक कार्यालय र ट्राफिक प्रहरी सँग समन्वयात्मका साझेदारी गर्ने<br>• मूख्य सडक तथा राजमार्ग साथै सहायक सडकका निश्चित स्थानमा मात्र आवधिक रुपमा सवारी तथा ढुवानीका साधन रोक्न पाउने गरी स्टेसन सुनिस्चित गर्ने |

| | | |
|---|---|---|
| | | • बालबालिका, जेष्ठ नागरिक लगायतका सवै खाले पैदल यात्रीको सुरक्षाकालागि मुख्य बजारको मुख्य सडकमा जेब्रा क्रसिंङ्गको व्यवस्था मिलाउने साथै सडकको बिच तथा किनारमा मार्क लगाउन।<br>• सार्वजनिक भवन, स्थल र स्थाको निर्माण गर्दा पर्याप्त पार्किङ्ग स्थलको समेत व्यवस्था गर्न अनिवार्य गर्ने |

### ६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका स्रोत र अनुमान तथा जोखिम पक्षको सामान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्तृत विवरण तालिका नं. ६.२ र ६.३ मा समावेश गरिएको छ।

#### ६.२.५.१ अपेक्षित प्रतिफल तथा उपलब्धि

- प्रस्तावित प्राथमिकता क्रम बमोजिमका सडक पूर्वाधारको निर्माण विकास भई आर्थिक पूर्वाधारका प्रमुख सम्बाहक कृषि तथा पशुपालन र पर्यटन साथै तीनमा आधारित उद्योग, व्यापार र व्यवसायको प्रवर्द्धन र विकासमा बढोत्तरी हुने तथा रोजगारीको सिर्जना र आय आर्जन बाट आगामी ५ वर्ष भित्र समग्र गाउँपालिकाबासीको वर्तमान आयमा ५५ प्रतिशतले वृद्धि भएको हुनेछ साथै त्यसपछिका वर्षहरुमा समेत क्रमिक वृद्धि हुने गरी दिगो आधार निर्माण भएको हुनेछ
- विषयगत र क्षेत्रगत रुपमा प्राथमिकता क्रम बमोजिम निर्माण हुने ढल र नाला तथा सडक सञ्जाल निर्माण विकास र विस्तार अन्तर्गत निर्माण हुने सवै सडक किनारमा सतह नाला निर्माण भएको हुनेछ साथै उक्त नाला निर्माण बाट सडक पूर्वाधारहरुको टिकाउ पनमा अभिवृद्धि भई प्रत्यक वर्ष सडक मर्मत सुधारमा लाग्ने ठुलो धनरासीको खर्चमा कटौती भएको हुनेछ
- गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने सवै प्रकारका सवारी तथा ढुवानीका साधनकालागि आवश्यक पार्किङ्ग स्थलको व्यवस्था भई आन्तरिक तथा बाह्य यात्रुलागयत सवारी तथा ढुवानीका साधन र चालकहरुले पार्किङ्गको सुबिधा उपभोग गर्न पाएका हुनेछन साथै सवारीका साधन लगायत सर्वसाधारण गाउँपालिकाको सुरक्षाको सुनिस्चितता भएको हुनेछ।
- प्राथमिकता प्राप्त प्रस्तावित पुल (मोटरेवल पक्की तथा झोलुङ्गे) कलभर्ट स्ल्याब निर्माण भएका हुनेछन् साथै उक्त पुल, कलभर्ट तथा स्ल्याब निर्माणका कारण सडक पूर्वाधारहरुको माध्यम बाट एउटा वस्ति वा टोल बाट अर्को वस्ति वा टोल, एक स्थानीय तहबाट अर्को स्थानीय तह, एक बजार केन्द्र बाट अर्को बजार केन्द्र वा शहर सम्मको आवागम र ढुवानी साथै आपतकालिन सेवामा सहजता पुग्ने तथा रोजगारीका अवसरमा पहुँच वृद्धि भई समग्र आर्थिक गतिविधिमा बढोत्तरी हुने भए बाट स्थानीयबासीको आय आर्जनमा वृद्धि भई ग्रामिण तथा शहरी गरिवीको न्यूनीकरणकालागि पर्याप्त सहयोग पुगेको हुनेछ

स्थानीय सरकार प्रति सवै गाउँबासीहरुको विस्वासमा अभिवृद्धि भएको हुनेछ

- प्रभावकारी, दिगो, भरपर्दो र सुरक्षित यातायात सेवा मार्फत अन्तर वडा, अन्तर पालिका तथा जिल्ला र प्रदेश हुदै राष्ट्रिय सडक सञ्जालमा जोडी आर्थिक क्षेत्रमा सिद्ध कुमाखबासीलाई जोडिएको हुनेछ। गाउँपालिकामा हाल संचालनमा रहेका सम्पूर्ण सडकहरूलाई राष्ट्रिय मापदण्ड अनुसारका सडकमा रूपान्तरण गरिएको हुनेछ। गाउँपालिकामा हाल ट्र्याक मात्र खोलिएका सडकहरूको स्तरोन्नति गरिएको हुनेछ। गाउँपालिकाका सडक सञ्जालमा नजोडिएका सबै वडा तथा बस्तीहरूमा नयाँ सडकहरूको विस्तार गरिएको हुनेछ। गाउँपालिकामा यातायात सेवालाई बाह्रै महिना संचालनका लागि आवश्यक स्थानमा मोटरेवल पुलको निर्माण कार्य सम्पन्न भएको हुनेछ। गाउँपालिकाका सबै वडा तथा बस्तीहरूमा सडक सञ्जालको विस्तार गरी यातायात प्रणालीको दिगो तथा वैज्ञानिक व्यवस्थापन गरिएको हुनेछ।

### ६.२.५.२ नतिजा/सूचक

- आवधिक गाउँपालिका विकास योजनामा प्रस्ताव गरिएको सडकहरुलाई समावेश गरी ढल तथा सतहको पानी निकास सहितको सडक गुरु योजना तयार/अद्यावधिक भएको हुनेछ
- प्राथमिकता नं. "P१" मा परेका सडकहरुको वर्गिकृत क्षेत्र मध्ये मुख्य शहरी सडक, कृषि र पर्यटन प्रवर्द्धन र गाउँपालिकाका गौरवका आयोजना साथै स्याटलाइट स्मार्ट ग्रामिण बजारहरुलाई जोड्ने कार्यमा योगदान पुऱ्याउने सडकहरुलाई बिशेष प्राथमिकतामा राखि निर्माण कार्य सम्पन्न गरिएको हुनेछन।
- यस आवधिक योजनामा सम्पन्न हुने नसकेका प्राथमिकता "P१" का बाँकी तथा प्राथमिकता "P२" र "P३" का सडकहरुलाई यस पछि अद्यावधिक हुने आवधिक गाउँपालिका विकास योजनामा विशेष र प्रथम प्राथमिकतामा राखि कार्यान्वयनमा आउनु प्रक्रियाको सुनिश्चितता हुनेछ।
- सडक पूर्वाधार विकास गत गाउँपालिकाको समग्र आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा गुणात्मक वृद्धि भई वर्तमान ग्रामिण गरिवी ५०% ले घटेको हुनेछ।
- वडा वडामा निर्माण, सञ्चालन तथा व्यवस्थापन हुने संघीय तथा प्रदेश स्तरीय, गाउँपालिका स्तरीय र वडा स्तरीय प्राथमिकता नं. "P१" मा परेका सडक किनारामा निकास सहितको पक्कि ढल/सतह नालाको निर्माण भएको हुनेछ
- प्रथम आवधिक योजना आवधिमा सम्पन्न हुन नसकेका प्राथमिकता नं. P१ का बाँकी रहेका साथै "P२" र "P३" मा रहेका अनुसुचिमा परेका सडक हरुमा निर्माण गरिनु पर्ने सतह नाला तथा ढल यस पछिको आवधिक योजनाको प्रथम प्राथमिकतामा राखि कार्यान्वयनमा आएका हुनेछन।
- प्राथमिकता P१ मा परेको अनुसूचीमा प्रस्ताव गरिएका अतिआवश्यक स्थानमा पक्की झोलुङ्गे पुल निर्माणका लागि ड्रईङ् डिजाईन र लागत अनुमानको कार्य सम्पन्न भएको हुनेछ

### ६.२.६ अनुमान तथा जोखिम पक्ष

प्रस्तावित योजनाको आवश्यकता बमोजिम गाउँपालिका बाट प्रस्ताव गरे अनुसार संघ, प्रदेश र विकास साझेदार बाट आवश्यक श्रोत र साधनको उपलब्धता रहेको छ। गाउँपालिकाको आन्तरिक क्षमतामा विकास भएको हुनेछ। मूल्य स्थिरता, आधुनिक उपकरणको उपलब्धता, स्थानीय उपभोक्ता र साझेदारहरुको सकारात्मक सहयोग रहनेछ साथै प्राकृतिक प्रकोपको प्रभाव न्यून रहेको हुनेछ।

#### ६.२.६.१ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

| क्र.सं. | योजनाको समूहगत शिर्षक | सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत | योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी | योजना सञ्चालन व्यवस्थापनमा आइपर्न सक्ने पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|
| १ | सडक, पूल तथा यातायात | गाउँसभाको निर्माण पुस्तिका गाउँ<br>गाउँ कार्यपालिकाको निर्णय पुस्तिका<br>गाउँपालिकाको सडक गुरुयोजना<br>गाउँपालिकाको योजना पुस्तिका<br>सम्बन्धित योजनाका डिपिआर तथा नक्साहरु<br>स्थलगत अवस्था<br>भौतिक पूर्वाधार निर्माण/योजना शाखाको अभिलेख<br>वडा समितिको अभिलेख<br>सञ्चार श्रोत<br>गाउँपालिकाको वेबसाइट | १.प्रमुख जिम्मेवारी<br>गाउँ सभा<br>गाउँ कार्यपालिका<br>भौतिक पूर्वाधार निर्माण/योजना शाखा<br>निर्माण व्यवसायी<br>उपभोक्ता समिति<br>२.सहयोगी<br>सम्बन्धित वडा समितिको कार्यालय<br>संघीय तथा प्रदेश सरकार<br>विकास साझेदार<br>स्थानीय सरोकारवाला व्यक्ति वा समुदाय<br>टोल विकास वा सामुदायिक संघ संस्था<br>निजी क्षेत्र | विद्यमान ऐन कानून<br>जग्गा जमिन तथा स्रोत र साधनको अभाव<br>निर्माण उपकरण<br>सहयोगी तथा साझेदार संघ संस्थाको अभाव<br>प्रविधिको अभाव<br>निर्माण सामाग्रीको अपर्याप्तता तथा अभाव<br>दक्ष निर्माण जनाशक्तिको अभाव |

तालिका नं. ६.२ प्रमुख योजना तथा कार्यक्रम

| सडक, ढल तथा नालाको वर्तमान अवस्था र आवश्यकता | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | नाम | देखि सम्म | लम्बाई कि.मि. | चौडाई (मिटर) | वर्तमानको अवस्था | लाभान्वित घरधुरी | अव के गर्ने | प्राथमिकताको स्तर (p१,p२,p३) | अनुमानित लागत रु. करोडमा | कार्यान्वयनको आधारमा परियोजनाको स्तर र श्रोत | | | | |
| | | | | | | | | | | वडा स्तर | न.पा./गा.पा. स्तर | प्रदेश स्तर | केन्द्र स्तर | अन्य |
| **वडा नं. १** | | | | | | | | | | | | | | |
| १.१ | वडा नं. १ रिङ्गरोड, मोखला सिमाना बजार देखि कागखोला सम्म कच्ची सडक | मोखला सिमाना बजार-कागखोला | १६ कि.मी. | ४ मी. | ट्र्याक खुलेको | | | p१ | | | गा. पा. | | | गौरव का योजना |
| १.२ | पटारे हामपाल हुँदै बा.न.पा जोड्ने कच्ची सडक | पटारे हामपाल-बा.न.पा | ११ कि.मी. | ४ मी. | ट्र्याक खुलेको ५ कि. मी. खन्न बाकि | | | p१ | | | | प्रदेश | | |
| १.३ | पटारे कुख्रेखोर कृषि कच्ची सडक | पटारे-कुख्रेखोर | ६ कि.मी. | ४ मी. | | | | p२ | | | गा. पा. | | | |
| १.४ | सतिपोले | सतिपोले- | ४ | ४ मी. | स्तरोन्न | | | p३ | | | गा. | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | धनेटाकुरा कच्ची सडक | धनेटाकुरा | कि.मी. | | ती | | | | | | पा. | | | |
| १.५ | वडा कार्यालय हुँदै उपल्लो बाझकाँडा जोड्ने कच्ची सडक | वडा कार्यालय- उपल्लो बाझकाँडा | ६ कि.मी.. | ४ मी. | स्तरोन्न ती | | | **p३** | | | गा. पा. | | | |
| १.६ | मेलबोट पटारे हुँदै उपल्लो बाझकाँडा जोड्ने कच्ची सडक | मेलबोट- पटारे- उपल्लो बाझकाँडा | ३ कि.मी.. | ४ मी. | स्तरोन्न ती | | | **p३** | | | गा. पा. | | | |
| १.७ | ज्यामिरे हुँदै तल्लो बाझकाँडा जोड्ने कच्ची सडक | ज्यामिरे- तल्लो बाझकाँडा | ३ कि.मी. | ४ मी. | स्तरोन्न ती | | | **p२** | | | गा. पा. | | | |
| १.८ | बेलाउति घारि उपल्लो बाझकाँडा जोड्ने कृषि कच्ची सडक | बेलाउति घारि- उपल्लो बाझकाँडा | ६ कि.मी. | ४ मी. | स्तरोन्न ती | | | **p२** | | | गा. पा. | | | |
| १.९ | गुनखोलि हुँदै बेलाउति घारि जोड्ने कच्ची सडक | गुनखोलि- बेलाउति घारि | १.५ कि.मी. | ४ मी. | ट्र्याक खुलेको | | | **p१** | | | गा. पा. | | | |
| १.१० | त्रिवेणी हुँदै उपल्लो | त्रिवेणी- उपल्लो | ८ कि.मी. | ४ मी. | १ कि. मी. | | | **p३** | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाझकाँडा जोड्ने कच्ची सडक | बाझकाँडा | | | खन्न बाकि | | | | | | | | | |
| १.११ | तल्लो बाझकाँडा मेलचौर कच्ची सडक | तल्लो बाझकाँडा-मेलचौर | २.५ कि.मी. | ४ मी. | | | | **p२** | | | | | | |
| १.१२ | चाख्लिघाट देखि कागखोला कुमाख जोड्ने कच्ची सडक | चाख्लिघाट - कागखोला-कुमाख | ११ कि.मी. | ४ मी. | | | | **p३** | | | | | | |
| १.१३ | कागखोला ढाडबास बिसाउन कच्ची सडक निर्माण कच्ची सडक | कागखोला-ढाडबास-बिसाउन | ३ कि.मी. | ४ मी. | ट्र्याक खुलेको २.५ कि. मी. खन्न बाकि | | | **p१** | | | गा.पा. | | | |
| **जम्मा** | | | | | | | | | | | | | | |
| **वडा नं. २** | | | | | | | | | | | | | | |
| २.१ | चाख्लिघाट देखि वडा कार्यालय हुदै गोलटाकुरा जोड्ने कच्ची सडक | चाख्लीघाट -वडा कार्यालय-गोलटाकुरा | १० कि.मी. | ४ मी. | स्तरोन्न ती | | | **p३** | | | गा.पा. | | | |
| २.२ | त्रिवेणी हुदै पेदिखोला, खानीगाउँ, | त्रिवेणी-पेदिखोला-खानीगाउँ- | ८ कि.मी. | ४ मी. | स्तरोन्न ती | | | **p१** | | | गा.पा. | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | रोगागाउँ जोड्ने कच्ची सडक | रोगागाउँ | | | | | | | | | | | | |
| २.३ | चाख्लीघाट हुदै महेन्द्र आ. वि. जोड्ने कच्ची सडक | चाख्लीघाट - महेन्द्र आ. वि | ४ कि.मी. | ४ मी. | स्तरोन्नती | | | p२ | | | गा.पा. | | | |
| २.४ | तोरिखोला हुदै महेन्द्र आ. वि. जोड्ने कच्ची सडक | तोरिखोला-महेन्द्र आ. वि. | १.५ कि.मी. | ४ मी. | स्तरोन्नती | | | p१ | | वडा | | | | |
| २.५ | कोप्चिखोला देखि खर्केडाँडा जोड्ने कच्ची सडक | कोप्चिखोला-खर्केडाँडा | २ कि.मी. | ४ मी. | स्तरोन्नती | | | p१ | | वडा | | | | |
| २.६ | कोप्चिखोला देखि माथिगाउँ जोड्ने कच्ची सडक | कोप्चिखोला-माथिगाउँ | २.५ कि.मी. | ४ मी. | स्तरोन्नती | | | p२ | | | गा.पा. | | | |
| २.७ | बोरिखोला देखि बिष्णु आ. वि. जोड्ने कच्ची सडक | बोरिखोला-बिष्णु आ. वि. | २ कि.मी. | ४ मी. | स्तरोन्नती | | | p१ | | | | प्रदेश | | |
| २.८ | रातामाता हुदै पेदिखोला जोड्ने कच्ची सडक | रातामाता-पेदिखोला | ३ कि.मी | ४ मी. | स्तरोन्नती | | | p२ | | | गा.पा. | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.९ | फलेखर्क देखि बराहथान जोड्ने कच्ची सडक | फलेखर्क-बराहथान | २ कि.मी. | ४ मी. | स्तरोन्नती | | | p१ | | | | | संघ | |
| २.१० | नयाँखोला हुदै भङ्गाचौर जोड्ने कच्ची सडक | नयाँखोला-भङ्गाचौर | १.५ कि.मी. | ४ मी. | स्तरोन्नती | | | p१ | | | | | संघ | |
| २.११ | फल्लेखर्क, नयाँखोला हुदै चौकेडाँडा कच्ची सडक | फल्लेखर्क-नयाँखोला-चौकेडाँडा | २ कि.मी. | ४ मी. | स्तरोन्नती | | | p२ | | | | गा.पा. | | |
| २.१२ | फल्लेखर्क आर्यचौर कच्ची सडक | फल्लेखर्क-आर्यचौर | १.५ कि.मी. | ४ मी. | | | | p१ | | वडा | | | | |
| २.१३ | आर्यचौर बोराधारा सडक | आर्यचौर-बोराधारा | १ कि.मी. | ४ मी. | | | | p२ | | | गा.पा. | | | |
| २.१४ | महेन्द्र आ. वि. देखि माथिगाउँ जोड्ने कच्ची सडक | महेन्द्र-माथिगाउँ | १.५ कि.मी. | ४ मी. | | | | p२ | | | गा.पा. | | | |
| **माग गरिएको** | | | | | | | | | | | | | | |
| २.११ | महेन्द्र आ. वि. देखि माथिल्लो बढाचौर जोड्ने सडक | हेन्द्र आ. वि.-माथिल्लो बढाचौर | ३ कि.मी | ६ मी. | नयाँ ट्र्याक माग | | | p१ | | | गा.पा. | | | |
| २.१२ | राबजीगाउँ देखि | राबजीगाउँ- | १ | ६ मी. | नयाँ | | | p१ | | | गा.पा. | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सिद्धगुफा जोड्ने सडक | सिद्धगुफा | कि.मी | | ट्रयाक माग | | | | | | | | | |
| २.१३ | लाकुरीबोट देखि पैयाहाल्ने डाँडा जोड्ने सडक | लाकुरीबोट -पैयाहाल्ने | १ कि.मी | ६ मी. | नयाँ ट्रयाक माग | | | **p२** | | | | प्रदेश | | |
| २.१४ | तल्लोखर्के डाँडा देखि माथिल्लो खर्के डाँडा जोड्ने सडक | तल्लोखर्के डाँडा-माथिल्लो खर्के डाँडा | २ कि.मी | ६ मी. | नयाँ ट्रयाक माग | | | **p१** | | | | प्रदेश | | |
| २.१५ | टोनचौर देखि पिपलारुख जोड्ने सडक | टोनचौर-पिपलारुख | १.५ कि.मी. | ६ मी. | नयाँ ट्रयाक माग | | | **p३** | | | गा.पा. | | | |
| २.१६ | खेतापाखा देखि बयल टाकुरा जोड्ने सडक | खेतापाखा-बयल टाकुरा | १ कि.मी | ६ मी. | नयाँ ट्रयाक माग | | | **p२** | | | | प्रदेश | | |
| २.१७ | पैयाँ डाँडा बाजारुख पिरो हाल्ने गैरी हुदै चौरगाउँ जोड्ने सडक | पैयाँ डाँडा-बाजारुख-पिरो हाल्ने-चौरगाउँ- | २ कि.मी | ६ मी. | नयाँ ट्रयाक माग | | | **p१** | | | | | संघ | |
| | | | | | | | | | | | | | | |
| **वडा नं. ३** | | | | | | | | | | | | | | |
| ३.1 | मेलटाकुरा देखि गर्तेना कच्ची सडक | मेलटाकुरा-गर्तेना | ३ कि.मी. | ६ मी. | स्तरोन्नती | | | **p३** | | | गा.पा. | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.२ | खरीखोला देखि वडा कार्यलय जोड्ने कच्ची सडक | खरिखोला-वडा कार्यलय | ३ कि.मी. | ४ मी. | | | | p२ | | | | प्रदेश | | |
| ३.३ | ढोरचौर देखि बिसन्थली हुदै हिमालय आ. वि. जोड्ने कच्ची सडक | ढोरचौर-बिसन्थली-हिमालय | ५ कि.मी. | ६ मी. | | | | p३ | | | | प्रदेश | | |
| ३.४ | दलितटोल देखि बराहचौर हुदै सालघारी जोड्ने कच्ची सडक | दलितटोल-बराहचौर-सालघारी | ५ कि.मी. | ४ मी. | | | | p१ | | | | | संघ | |
| ३.५ | वमिथान पिनारा हुदै वडा कार्यलय जोड्ने कच्ची सडक | वमेथान पिनारा-वडा कार्यलय | २ कि.मी. | ४ मी. | | | | p२ | | | गा.पा. | | | |
| ३.६ | बिसन्थली हुदै गर्कच जोड्ने कच्ची सडक | बिसन्थली-गर्कच | ३ कि.मी. | ४ मी. | | | | p१ | | वडा | | | | |
| ३.७ | वडा कार्यलय देखि चिनाली जोड्ने कच्ची सडक | वडा कार्यलय-चिनाली | १० कि.मी. | ८ मी. | | | | p१ | | | | | संघ | |
| ३.८ | मर्मल चौर | मर्मल | ५ | ४ मी. | | | | p३ | | | | प्रदेश | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सिमपाखा हुदै तल्लो उचाल्ने कच्ची सडक | चौर-सिमपाखा-उचाल्ने | कि.मी. | | | | | | | | | | | |
| ३.९ | कल्लेचौर देखि बिसन्थली जोड्ने कच्ची सडक | कल्लेचौर-बिसन्थली | ४ कि.मी. | ४ मी. | मर्मत | | | p१ | | | | प्रदेश | | |
| ३.१० | सचेतना भवन देखि विसाखोला हुदै पत्लेनी जोड्ने कच्ची सडक | सचेतना भवन-विसाखोला-पत्लेना | ३ कि.मी. | ४ मी. | | | | p३ | | | | प्रदेश | | |
| ३.११ | सिमाधारा देखि वाल्लोकल्लेचौर हुदै भालुखोला जोड्ने कच्ची सडक | सिमाधारा-वाल्लोक ल्लेचौर- | ३ कि.मी. | ४ मी. | मर्मत | | | p१ | | | गा.पा. | | | |
| **माग गरिएको** | | | | | | | | | | | | | | |
| ३.१२ | धुपिसल्ला देखि मुल जोड्न सडक | | | | ट्र्याक नखुले को | | | p१ | | | | | संघ | |
| ३.१३ | सिमपाखा हुदै तीनकुने चौतारी कच्ची सडक | सिमपाखा-तिनकुने चौतारी | ५ कि. मी. | ४ मी. | ट्र्याक खुलेको | | | p१ | | | | प्रदेश | | |
| ३.१४ | माझगाउँ, खानिगैरा, | माझगाउँ-खानिगैरा- | ५ कि. मी | ६ मी. | ट्र्याक नखुले | | | p२ | | | गा.पा. | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जुगेखोला हुदै तिनकुने चौतारी जोड्ने कच्ची सडक | जुगेखोला- तिनकुने चौतारी | | | को | | | | | | | | | |
| ३.१५ | डुरा खोला हुदै धाराटाकुरा जोड्ने सडक | डुरा खोला- धाराटाकुरा | ३ कि. मी. | ६ मी. | ट्र्याक नखुले को | | | **p१** | | वडा | | | | |
| ३.१६ | धोविसल्ला हुदै मुल जोड्ने सडक | धोविसल्ला- मुल | ३ कि. मी. | ६ मी. | ट्र्याक नखुले को | | | **p२** | | | गा.पा. | | | |
| ३.१७ | पाल्लोकल्लेचौर देखि जलुकेखोला हुदै पोखरा डाँडा जोड्ने सडक | वाल्लोक ल्लेचौर- जलुकेखोला- पोखरा डाँडा | ३ कि. मी. | ६ मी. | ट्र्याक नखुले को | | | **p३** | | | गा.पा. | | | |
| ३.१८ | परिगाउँ देखि मुलाखोला हुदै पोखरा डाँडा जोड्ने सडक | परिगाउँ- मुलाखोला- पोखरा डाँडा | ४ कि. मी. | ६ मी. | ट्र्याक नखुले को | | | **p२** | | | | प्रदेश | | |
| ३.१९ | जिउला मन्दिर देखि माझगाउँ हुदै हिमालय आ. वि. जोड्ने सडक | जिउला मन्दिर- माझगाउँ- हिमालय आ. वि. | ३ कि. मी. | ६ मी. | ट्र्याक नखुले को | | | **p२** | | | | | संघ | |
| | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **वडा नं. ४** | | | | | | | | | | | | | | |
| ४.१ | ढोरचौर, छापडाँडा, उचाल्ने, रतनताल, सल्लीबजार निर्माणाधीन नाली सहितको सडक | ढोरचौर-छापडाँडा-उचाल्ने-रतनताल-सल्लीबजार | ३० कि.मी. | ६ मी. | | | | **p१** | | | | | संघ | |
| ४.२ | उचाल्ने, खर्वन, सागीनी,सल्लीबजार (समपुरक) सडक | उचाल्ने-खर्वन-सागीनी-सल्लीबजार | ४० कि.मी. | | | | | **p२** | | | | | | |
| ४.३ | उचाल्ने, चनाली कच्ची सडक | उचाल्ने-चनाली | ७ कि.मी. | ३ मी. | | | | **p३** | | | | प्रदेश | | |
| ४.४ | उचाल्ने, सौंडोटा, चिनाली, घरजले माथिल्लो सागिने कच्ची गाडी गुड्ने सडक | ढोरचौर-सौंडोटा-चिनाली-तिमीले-सागिने | ३० कि.मी. | ४ मी. | | | | **p२** | | | | प्रदेश | | |
| ४.५ | चिनाली, खार्वन कच्ची गाडी गुड्ने सडक | चिनाली-खार्वन | ८ कि.मी. | ३ मी. | | | | **p२** | | | | प्रदेश | | |
| ४.६ | उचाल्ने, | उचाल्ने- | ६ | ३ मी. | | | | **p३** | | | | प्रदेश | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | करेन्जी, दरिमटाकुरा, कच्ची सडक | करेन्जी-दारिमाटाकुरा | कि.मी. | | | | | | | | | | | |
| ४.७ | खार्वन, जिउला, कृषि सडक निर्माणाधीन नयाँ ट्र्याक खुल्दै | खार्वन-जिउला | ६ कि.मी. | | | | | p१ | | | गा.पा. | | | |
| **माग गरिएको** | | | | | | | | | | | | | | |
| ४.८ | करेन्जी, छापडाँडा सडक | करेन्जी-छापडाँडा | ६ कि.मी | ६ मी. | ट्र्याक नखुलेको | | | p२ | | | | प्रदेश | | |
| ४.९ | चिनाली, सल्लेरी सडक | चिनाली-सल्लेरी | ६ कि.मी | ६ मी. | ट्र्याक नखुलेको | | | p१ | | | गा.पा. | | | |
| ४.१० | सागीनी तल्लो टोल बाट माथिल्लो टोल जाने सडक | सगीनी तल्लो टोल-माथिल्लो टोल | २ कि.मी | ६ मी. | ट्र्याक नखुलेको | | | p३ | | | गा.पा. | | | |
| **वडा नं. ५** | | | | | | | | | | | | | | |
| ५.१ | माथिल्लो घडेरी हुदै बाघखोर सम्म सडक | उचाल्ने-दह-घरेली | १४ कि.मी. | ८ मी. | | | | p२ | | | | प्रदेश | | |
| ५.२ | भैसिमारे, सिमखेत हुदै | भैसिमारे-सिमखेती- | ५ कि.मी. | ८ मी. | | | | p१ | | | गा.पा. | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लामपोखारा जोड्ने सडक | लामपोखरा | | | | | | | | | | | | |
| ५.३ | टिमुरखोला, राम्री, दह, हुदै छापडाँडा जोड्ने सडक | टिमुरखोला -राम्री-दह-छापडाँडा | १५ कि.मी. | ८ मी. | | | | **p१** | | | गा.पा. | प्रदेश | संघ | |
| ५.४ | उचाल्ने हुदै माझखर्क जोड्ने सडक | उचाल्ने-माझखर्क | ४ कि.मी. | ८ मी. | | | | **p३** | | | गा.पा. | | | |
| ५.५ | शारदा नगरपालिका वडा न. ७ को तिलपोखरा हुदै राम्री जोड्ने बाटो | तिलपोखरा -राम्री | ३ कि.मी. | ८ मी. | | | | **p२** | | | | | संघ | |
| **माग गरिएको** | | | | | | | | | | | | | | |
| ५.११ | गुईदे देखि बारमासे सागिने जोड्ने बाटो | गुईदे-बारमासे-सागिने | १२ कि.मी. | ८ मी. | ट्रयाक नखुले को | | | **p३** | | | | | संघ | |
| ५.१२ | टिमुरखोला हुदै गतेखोला बयलडाडा जोड्ने | | | | | | | **p२** | | | गा.पा. | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मोटरबाटो | | | | | | | | | | | | | |
| ५.१३ | दह तल्लो पिपलवोट हुदै जिउला जोड्ने मोटरबाटो | | | | | | | p३ | | | | | संघ | |
| ५.१४ | दहनेटा हुदै दलितटोल मोटरबाटो | | | | | | | p२ | | | गा.पा. | | | |
| | | | | | | | | | | | | | | |
| **कुल जम्मा** | | | | | | | | | | | | | | |

तालिका नं. ६.३ प्रमुख योजना तथा कार्यक्रमहरु

| पुल तथा कलभर्टको वर्तमान अवस्था र आवश्यकता | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | नाम | देखि सम्म | लम्बाई कि.मि. | चौडाई (मिटर) | वर्तमान को अवस्था | लाभान्वित घरधुरी | अव के गर्ने | प्राथमिकताको स्तर (p१,p२,p३) | अनुमानित लागत रु. करोडमा | कार्यान्वयनको आधारमा परियोजनाको स्तर र श्रोत | | | | |
| | | | | | | | | | | वडा स्तर | न.पा./ गा.पा. स्तर | प्रदेश स्तर | केन्द्र स्तर | अन्य |
| वडा नं. १ | | | | | | | | | | | | | | |
| | | | | | पक्कि पुल | | | | | | | | | |
| १.१ | पटारे (पक्किपुल) | राजमार्ग अन्तरगत | ८ मी. | ७ मी. | निर्माण सम्पन्न/ चलिरहेको | | मर्मत संभार | p३ | | | गा.पा. | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.२ | मोखला बजार (पक्किपुल) | मोखला बजार-पाल्लो मोखला जोड्ने | २० मी. | ८ मी. | निर्माण सम्पन्न/ चलिरहेको | | मर्मत संभार | **p२** | | | गा.पा. | | | |
| १.३ | चाखिलघाट – (पक्किपुल) | पाल्लो चाखिलघाट - टिमुरखोली जोड्ने | ३० मी. | ८ मी. | निर्माण सम्पन्न/ चलिरहेको | | मर्मत संभार | **p१** | | वडा | | | | |
| **झोलुङ्गे पुल** | | | | | | | | | | | | | | |
| १.१ | राउताकुना (झोलुङ्गे पुल) | बेलाउति घारि देखि चुचुरे ढुङ्ऊँ | २५ मी. | १.५ मी. | निर्माण सम्पन्न/ चलिरहेको | | मर्मत संभार | **p२** | | | गा.पा. | | | |
| १.२ | बाटिक टोल (झोलुङ्गे पुल) | बाटिका टोल देखि काफल रुख जोड्ने | ६० मी. | १.५ मी | निर्माण सम्पन्न/ चलिरहेको | | मर्मत संभार | **p३** | | वडा | | | | |
| १.३ | झोलुङ्गे पुल | रानी सेला देखि थाङ्नेखोला गाँउ जोड्ने | २० मी. | १.५ मी. | निर्माण सम्पन्न/ चलिरहेको | | मर्मत संभार | **p२** | | | गा.पा. | | | |
| १.४ | चाखिलघाट (झोलुङ्गे पुल) | चाखिलघाट -स्याला | ६० मी. | १.५ मी | निर्माण सम्पन्न/ | | मर्मत संभार | **p२** | | | | प्रदेश | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जोड्ने | | | चलिरहेको | | | | | | | | | |
| १.५ | झोलुङ्गे पुल | धने टाकरा-काप्रीखोला जोड्ने | ८० मी. | १.५ मी | निर्माण सम्पन्न/ चलिरहेको | | मर्मत संभार | p३ | | | गा.पा. | | | |
| १.६ | झोलङ्गे पुल | वडा नं १ खड्केडाडा देखी वडा नं २ को बाहुनमर्या डाडा | १०० मि | | नयाँ माग | | मर्मत संभार | p१ | | | | प्रदेश | | |
| **वडा नं. २** | | | | | | | | | | | | | | |
| | | | | | **पक्कि पुल** | | | | | | | | | |
| २.१ | पक्कि पूल | चाखिलघाट -सिद्ध कुमाख गा. पा. १ | ४० मी. | ७ मी. | निर्माण सम्पन्न/ चलिरहेको | | मर्मत संभार | p२ | | | गा.पा. | | | |
| २.२ | त्रिवेणी घाट पक्कि पूल | | १७ मी. | १.५ मी. | निर्माण सम्पन्न/ चलिरहेको | | मर्मत संभार | p२ | | | गा.पा. | | | |
| २.३ | लाटीछरा पक्कि पूल | | २० मी. | १.५ मी. | निर्माण सम्पन्न/ चलिरहे | | मर्मत संभार | p२ | | | गा.पा. | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | को | | | | | | | | | |
| २.४ | रातामाटा पक्कि पूल | | २० मी. | १.५ मी. | निर्माण सम्पन्न/ चलिरहेको | | मर्मत संभार | p१ | | | गा.पा. | | | |
| २.५ | गरेली खोला पक्कि पूल | | २० मी. | १.५ मी. | निर्माण सम्पन्न/ चलिरहेको | | मर्मत संभार | p३ | | | गा.पा. | | | |
| २.६ | पदीखोला पक्कि पूल | | ७ मी. | १.२ मी. | निर्माण सम्पन्न/ चलिरहेको | | मर्मत संभार | p२ | | | गा.पा. | | | |
| **झोलुङ्गे पुल** | | | | | | | | | | | | | | |
| २.१ | सालघारी झोलुङ्गे पुल | सालघारी-खर्केडाँडा | ४० मी. | १.५ मी. | निर्माण सम्पन्न/ चलिरहेको | | मर्मत संभार | p३ | | | गा.पा. | | | |
| २.२ | बुरेसेनीडाँडा-तेर्छाबाटा | बुरेसेनीडाँडा-तेर्छाबाटा | ३०० मी. | १.५ मी. | निर्माण सम्पन्न/ चलिरहेको | | मर्मत संभार | p३ | | | गा.पा. | | | |
| २.३ | झोलङ्गे पुल | भडारेदेखी तेर्छाबाटा | १५० मि | | नयाँ माग | | निर्माण गर्ने | p१ | | | | | संघ | |
| **वडा नं. ३** | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पक्कि पुल** | | | | | | | | | | | | | | |
| ३.१ | पक्किपुल | ढोरचौर बजार-शारदा नगरपालिका, ७ | २३ मी. | ८ मी. | निर्माण सम्पन्न/चलिरहेको | | मर्मत संभार | **p३** | | | गा.पा. | | | |
| **झोलुङ्गे पुल** | | | | | | | | | | | | | | |
| ३.१ | झोलुङ्गे पुल | ढोरचौर बजार-शारदा नगरपालिका, १४ | ८० मी. | १.५ मी. | निर्माण सम्पन्न/चलिरहेको | | मर्मत संभार | **p२** | | | गा.पा. | | | |
| **ट्रस पुल** | | | | | | | | | | | | | | |
| ३.१ | ट्रस पुल (फलाटे खोला) | ढोरचौर-झारगाउँ | १० मी. | १.५ मी. | नर्माण सम्पन्न | | मर्मत संभार | **p२** | | | गा.पा. | | | |
| ३.२ | ट्रस पुल (माझखर्कखोला) | मर्मल चौर-माझखर्क | १० मी. | १.५ मी. | नर्माण सम्पन्न | | मर्मत संभार | **p३** | | | गा.पा. | | | |
| **वडा नं. ४** | | | | | | | | | | | | | | |
| **झोलुङ्गे पुल** | | | | | | | | | | | | | | |
| ४.१ | झोलुङ्गे पुल | सिम्टारे-छापडाँडा | ७० मी. | १.५ मी. | निर्माण सम्पन्न/चलिरहेको | | मर्मत संभार | **p२** | | | गा.पा. | | | |
| **ट्रस पुल** | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.१ | ट्रस पुल | खार्वन-जिउला | १५ मी. | १.५ मी. | निर्माण सम्पन्न/ चलिरहेको | | मर्मत संभार | **p२** | | | गा.पा. | | | |
| **माग गरिएको** | | | | | | | | | | | | | | |
| ४.१ | झोलुङ्गे पुल | सिम्टारे-छापडाँडा | ७० मी. | १.५ मी. | नयाँ माग | | निर्माण गर्ने | **p१** | | | गा.पा. | | | |
| ४.२ | झोलुङ्गे पुल | घटलाचौर खारबन | १०० मि | | नयाँ माग | | निर्माण गर्ने | **p१** | | | | | संघ | |
| **वडा नं. ५** | | | | | | | | | | | | | | |
| **झोलुङ्गे पुल** | | | | | | | | | | | | | | |
| ५.१ | माझखर्क देखि फलाटे जोड्ने पूल | माझखर्क-फलाटे | २०० मी. | १.५ मी. | निर्माण सम्पन्न/ चलिरहेको | | मर्मत संभार | **p३** | | | गा.पा. | | | |
| **कुल जम्मा** | | | | | | | | | | | | | | |

## ६.३ जलश्रोत, विद्युत तथा बैकल्पिक उर्जा

### ६.३.१ पृष्ठभूमि

प्राकृतिक रुपले नेपाल जलश्रोतको धनी देश हो। जलविद्युत् र सिंचाई जलश्रोतको प्रयोगका प्रमुख गन्तव्य हुन। सिद्ध कुमाख गाउँपालिका क्षेत्र भित्रका खोलाहरु बाट बग्ने पानीलाई सिंचाईको रुपमा केही प्रयोग भएतापनि उर्जाको प्रयोगकालागि भने प्रयोग हुन सकेको छैन। तसर्थ सिद्ध कुमाख गाउँपालिका जलश्रोत वायोग्यास, सोलार, गोबर को थुप्रै सम्भावना रहेको क्षेत्र हो। यहाको अधिकांस टोल तथा वस्तीहरुमा विद्युतको पहुँच पुगेका अवस्था रहेको र ग्रामिण भेगमा वैकल्पिक उर्जा अन्तर्गतको बायोग्यासको प्रयोग हुने गरेको साथै विभिन्न महत्वपूर्ण सडक तथा चोक हरुमा सोर्य बत्तीको व्यवस्था भएको छ।

### ६.३.२ समस्या तथा चुनौती

#### ६.३.२.१ समस्या

राष्ट्रिय विद्युत विवरण प्रणाली व्यवस्थित र सुदृढ रहनु, विशेषत पातलो साथै छरिएर रहेक ग्रामिण बस्तीको हकमा उपभोगको मात्रका आधारमा पूर्वाधार निर्माण लागत अत्यन्तै बढी हुनु, विद्युत आपूर्ति र गुणस्तरीय नहुनु वातावरण प्रभाव मुल्याङ्कन प्रभावकारी हुन नसक्नु, ग्रामिण क्षेत्र लगायत सुकुम्बासि र सिमान्तकृत परिवारको आय स्रोत कमजोर रहेका कारण परम्परागत रुपमा प्रयोग गरिदै आएको दाउरा, काठ दाउराको प्रयोग अपेक्षाकृत रुपमा घट्न नसक्नु विद्युत वितरण लाईन निर्माण व्यवस्थापनकालागी स्थानीयबासीको पूर्ण सहयोग नहुनु साथै जग्गाको उपलब्धता नहुनु साथै उच्च महत्व सडक तथा स्थानहरुमा सौर्य सडक बत्तिको स्थापना वा जडान लागत खर्चिलो हुनु, गाउँ क्षेत्र भित्र जडित कम क्षमताका ट्रान्सफरमरहरुलाई आवश्यक क्षमतामा अपग्रेड गर्न नसकिएको कारण लो भोल्टेज समस्या रहने जस्ता समस्या रहेका छन्।

- उर्जा उत्पादनको सम्भावना र उपयोगका लागि दीर्घकालीन योजना बनाउन नसक्नु प्रमुख समस्या रहेको छ।

#### ६.३.२.२ चुनौती

औद्योगीकीकरण, व्यवसायिकीकरण, प्रविधिको बढ्दो प्रयोग र घरायसी आवश्यकता बमोजिम विद्युत माग पुरा गर्ने राष्ट्रिय प्रसारणलाई दिगो र भरपर्दो बनाउने, विद्युत प्राविधिकरण र गाउँपालिका बीच समन्वय र सहकार्य गरी विद्युत वितरणको कार्यलाई साझा जिम्मेवारी भित्र समेटेर एक द्वारा प्रणाली मार्फत स्थानीयबासिका माग बमोजिमको आवश्यकता पुरा गर्ने, सिमित स्रोतका कारण पालिकाको लगानीलाई यस क्षेत्रमा प्रसस्तीकरण गर्ने, वैकल्पिक उर्जा सम्बन्धी चेतना अभिवृद्धि गरी स्थानीयबासीको सहभागिता र साझेदारीलाई परिमाणमुखी बनाउने जस्ता कार्यहरु चुनौतिको रुपमा रहेका छन्।

- सरकारी, सहकारी र निजी क्षेत्रको पुजीलाई एकीकृत गरी उर्जा क्षेत्रको उत्पादन र दिगो प्रयोगका लागि लगानी मैत्री वातावरण निर्माण गर्न नसक्नु,

### ६.३.३ सम्भावना तथा अवसर

केन्द्रीय प्रशारणलाईन गाउँपालिकाका सवै बडामा माग बमोजिम क्रमश विस्तार हुदै जानु, गाउँपालिका क्षेत्रमा आर्थिक गतिसिलता सहितका औद्योगिक, व्यापारिक, व्यवसायिक कृषि तथा पशुपालन, पर्यटनका क्षेत्रहरु

क्रमश विकास र विस्तार हुदैं जानु, राष्ट्रिय रुपमा सञ्चालन भएका र हुने विद्युत आयोजनाहरुमा सर्वसाधारण नेपाली नागरिकको लगानी बढ्दै जानु, स्थानीय तहको विद्युत व्यवस्थापन र वितरण प्रणाली स्रोत र साधन सहित स्थानीय तहको जिम्मेवारी भित्र समेटिने क्रममा हुनु साथै विधुतको बहुउपयोगिता बारेमा सर्वसाधारण स्थानियबासी जानकार र आकर्सित हुदै जानु पशुपालन व्यवसाय बढ्दै वैकल्पिक उर्जा केन्द्र लगायत विभिन्न सरकारी तथा गैर सरकारी संस्थाबाट अनुदानको व्यवस्था रहनु यस क्षेत्रको सम्भावना तथा अवसरका रुपमा रहेका छन्।

### ६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ६.३.४.१ लक्ष्य

ग्रामिण क्षेत्रमा बायो ग्यास र बजार क्षेत्रमा सोलार प्रणाली जस्ता वैकल्पिक तथा नविकरणीय उर्जाको विकास, विस्तार तथा सञ्चालन व्यवस्थापन साथै राष्ट्रिय विद्युत प्रसारणलाई व्यवस्थित बनाउदै योजना अबधि भित्र सिद्ध कुमाख गाउँपालिकाका सवै घरपरिवार, उद्योग, व्यापार तथा व्यावसायिक क्षेत्र लगायतमा विद्युत तथा उर्जा सेवा सहज, सरल, नियमित र प्रयाप्त रुपमा वितरणको व्यवस्था मिलाएर आर्थिक गतिविधिमा गुणात्मक र मात्रात्मक बढोत्तरी गर्ने।

#### ६.३.४.२ उद्देश्य

- फोहोर व्यवस्थापनबाट गाउँ सुन्दर राख्ने, गोबर ग्यास प्रविधिको विस्तार एवंम् प्रवर्द्धन गर्ने साथ बायो ग्यास र सौर्य उर्जा जस्ता वैकल्पिक तथा नविकरणीया उर्जाको उत्पादन र उत्पादकत्व बढाउने साथै सोलार सिस्टमलाई व्यापक दिई शहरी भवन निर्माणमा सोलार को प्रयोग गर्ने कार्यलाई विशेष प्राथमिकता दिई उर्जाको सहज व्यवस्थापन गर्ने
- गाउँपालिका क्षेत्रको सवै घरपरिवार र आर्थीक उपार्जन सँग सम्बन्धित क्षेत्रमा गुणस्तर युक्त र भरपर्दो विद्युत सेवाको पहुँच विस्तार गर्ने

#### ६.३.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

| रणनीति | कार्यनीति |
|---|---|
| • जलविद्युत् विकासमा लगानी वृद्धिको वातावरण सिर्जना गर्ने,<br>• प्राविधिक र आर्थिकरूपमा आकर्षक आयोजनाको पहिचान र उत्पादन मार्फत स्थानीय अर्थतन्त्रलाई दिगो र सबल बनाउने,<br>• प्रसारण लाइन नपुगेका र सम्भाव्यता नभएका क्षेत्रमा नवीकरणीय उर्जाको माध्यमबाट विद्युतीकरण गर्ने,<br>• नवीकरणीय उर्जाको स्रोतलाई उत्पादनमा वृद्धि र व्यावसायिक | • विद्युत् उर्जामा पहुँच नपुगेका परिवारको लगत संकलन गरी विद्युत् प्राधिकरणसँगको सहकार्यमा यथाशीघ्र सुरक्षित र सर्व सुलभ विद्युतीकरण गर्ने,<br>• प्राविधिक र आर्थिक रूपमा आकर्षक आयोजनाको पहिचान र उत्पादन गर्न स्थानीय जनतासँगको सहकार्यमा आयोजना संचालन गर्ने,<br>• स्थानीय जनतालाई जलविद्युत् आयोजनाहरूमा सेयर लगानी गर्ने अवसर सिर्जना गर्ने,<br>• विद्युत् वितरण लाइनका काठेपोलहरू प्रतिस्थापन गर्ने,<br>• विद्युत् चुहावट रोक्न र विद्युत् सेवालाई प्रभावकारी बनाउन स्मार्ट मिटर तथा स्मार्ट ग्रिड र अनलाइन सिस्टम बाट |

| | |
|---|---|
| उर्जाको रूपमा विकास गर्ने, <br>• वैकल्पिक तथा विद्युत् उर्जामा पहुँच वृद्धि गरी दैनिक इन्धनलाई न्यूनीकरण गर्ने, <br>• विद्युत् विरणको वर्तमान अवस्थामा सुधार गरी सुरक्षित र सबैको पहुँचमा पुऱ्याउने | बिल भुक्तानीको व्यवस्था गर्ने, <br>• विद्युत् जडान तथा मर्मत सम्भार गर्न तालिम प्राप्त दक्ष जनशक्ति उत्पादन गर्ने, <br>• लघुजलविद्युत्, वायु तथा सौर्य विद्युत्का साना आयोजना संचालन गरी विद्युत्मा नागरिकको पहँच वृद्धि गर्ने, <br>• विद्युतीय चुलो प्रयोगको लागि प्रोत्साहन गर्ने, |

### ६.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको समान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्तृत विवरण तालिका नं. ६.४ र ६.५ मा समावेश गरिएको छ।

#### ६.३.५.१ अपेक्षित प्रतिफल तथा उपलब्धि

सिद्ध कुमाख गाउँपालिकाको सबै क्षेत्रमा विद्युत् लाईन विस्तार भई उद्योग, व्यापार, व्यवसाय, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य तथा अन्य सेवा प्रवाहको सञ्चालन तथा व्यवस्थापन कार्यमा सहजता आउनुको साथै आर्थिक विकासको कार्यमा प्रयाप्त सहयोग पुग्नुको साथै आन्तरिक उत्पादनमा दोब्बरले वृद्धि भएको हुनेछ।

#### ६.३.५.२ नतिजा/सूचक

- सिद्ध कुमाख गाउँपालिकाको बिधुत वितरण तथा व्यवस्थापन गुरुयोजना तयार भएको हुनेछ
- बिधुत सेवा नपुगेको सवै वडाका टोल बस्ति, समुदाय तथा परिवारले सहज रुपमा विद्युत सेवा उपभोग गरेका हुनेछन
- सिद्ध कुमाख गाउँपालिकाका औद्योगिक क्षेत्र, व्यापार तथा व्यवसायिक क्षेत्र, कृषि तथा पशुपालन क्षेत्र, पर्यटन क्षेत्र लगायतका महत्वपूर्ण क्षेत्र र स्थानमा पर्याप्त बिधुत सेवा प्रवाह हुन सक्ने वातावरणको विकास भइ उद्योग, व्यापार तथा व्यवसायको विकास र विस्तारले गति प्राप्त गरेको हुनेछ
- सिद्ध कुमाख गाउँपालिका उर्जाको आन्तरिक आवश्यकता र खपतको कम्तिमा ५ प्रतिशत हिस्सा वैकल्पिक उर्जा (शौर्य, बायु तथा बायोग्याँस) ले ओगटेको हुनेछ

### ६.३.६ अनुमान तथा जोखिम पक्ष

वैकल्पिक तथा नविकरणीय उर्जा (बायो, वायु तथा सोर्य समेत) को उत्पादन तथा व्यवस्थापनकालागि स्रोत र साधनका पर्याप्तता भएको हुनेछ। संघीय तथा प्रदेश सरकार र वैकल्पिक उर्जा केन्द्र लगायतका विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुको सहयोग र साझेदारी प्राप्त भएको हुनेछ। प्राकृतिक प्रकोपको कमी हुनुको साथै स्थानीयबासीको रुची र आकर्षणमा बढोत्तरी भएको हुनेछ।

६.३.६.१ जानकारीक श्रोत, जिम्मेवारी तथा अनुमान तहत जोखिम पक्ष

| क्र. सं. | योजनाको समूहगत शिर्षक | सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत | योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी | योजना सञ्चालन व्यवस्थापनमा आइपर्न सक्ने पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|
| १ | जलश्रोत विद्युत तथा वैकल्पिक उर्जा | गाउँ सभाको निर्णय पुस्तिका<br>गाउँ कार्यपालिकाको निर्णय पुस्तिका<br>गाउँपालीकाको योजना पुस्तिका<br>सम्बन्धित योजनाका डिपीआर तथा नक्साहरु<br>स्थलगत अवस्था<br>भौतिक पूर्वाधार निर्माण/योजना शाखाको अभिलेख<br>वडा समितिको अभिलेख<br>सञ्चार स्रोत<br>गाउँपालिकाको वेबसाइट | १.प्रमुख जिम्मेवारी<br>गाउँ कार्यपालिका<br>विद्युत प्राविधिकरण तथा उर्जा उत्पादन व्यवस्थापन सँग सम्बन्धित संघ संस्था<br>भौतिक पूर्वाधार निर्माण/योजना शाखा<br>सम्बन्धित वडा समितिको कार्यालय<br>उपभोक्ता समिति<br>२. सहयोगी<br>संघीय तथा प्रदेश सरकार<br>विकास साझेदार<br>स्थानीय सरोकारवाला व्यक्ति वा समुदाय<br>टोल विकास वा सामुदायिक संघ संस्था<br>निजी क्षेत्र | विद्यमान ऐन कानून<br>जग्गा जमिन तथा स्रोत र साधनको अभाव<br>निर्माण उपकरण<br>सहयोगी तथा साझेदार संघ संस्थाको अभाव<br>उपयुक्त प्रविधिको अभाव<br>निर्माण सामाग्रीको अपर्याप्तता तथा अभाव<br>दक्ष निर्माण जनशक्तिको अभाव<br>प्राकृतिक प्रकोप |

**तालिका नं. ६.४ प्रमुख योजना तथा कार्यक्रम**

**उर्जा**

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको | इकाई | कार्यान्वयन हुने स्थान | ५ वर्षको लक्ष्य | | | | | ५ वर्षको लक्ष्य जम्मा | अनुमानित लागत रु. | लागत व्यहोर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | | | |
| पालिका स्तरीय | | | | | | | | | | | |
| १ | दुई वर्ष भित्रमा पालिकाका सबै घरधूरीमा केन्द्रीय विद्युत विस्तारका लागि पहल | पटक | पालिका स्तरीय | १ | १ | | | | २ | | |
| २ | विद्युत प्रवधिकरण सँगको सहकार्यमा सडक तथा बजारमा बत्ती | पटक | पालिका स्तरीय | | १ | | | | १ | १,५०,००० | |
| वडा नं. १ | | | | | | | | | | | |
| १ | सुधारीएको चुलो निर्माण | | | | | | | | | | |
| २ | सुधारीएको चुलो वितरण | | | | | | | | | | |
| वडा नं. २ | | | | | | | | | | | |
| १ | सुधारीएको चुलो निर्माण | | | | | | | | | | |
| २ | सुधारीएको चुलो वितरण | | | | | | | | | | |
| वडा नं. ३ | | | | | | | | | | | |
| १ | सुधारीएको चुलो निर्माण | | | | | | | | | | |
| २ | सुधारीएको चुलो वितरण | | | | | | | | | | |
| वडा नं. ४ | | | | | | | | | | | |
| १ | सुधारीएको चुलो निर्माण | | | | | | | | | | |
| २ | सुधारीएको चुलो वितरण | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. ५ | | | | | | | | | | | |
| | सुधारीएको चुलो निर्माण | | | | | | | | | | |
| | सुधारीएको चुलो वितरण | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | |

**तालिका नं. ६.५ प्रमुख योजना तथा कार्यक्रमहरु**

**बैकल्पिक उर्जा**

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको | इकाई | कार्यान्वयन हुने स्थान | ५ वर्षको लक्ष्य | | | | | ५ वर्षको लक्ष्य जम्मा | अनुमानित लागत रु. | लागत व्यहोर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | | | |
| पालिका स्तरीय | | | | | | | | | | | |
| १ | सुधारीएको चुलो कार्यक्रम | घर | सबै | २० | २० | २० | २० | २० | १०० | २,००,००० | |
| २ | गोबर ग्यास चुलो व्यवस्थापन | घर | सबै | २० | २० | २० | २० | २० | १०० | ५,००,००० | |
| ३ | विद्युतीय चुलो | घर | सबै | | | | | | १०० | २,००,००० | |
| वडा नं. १ | | | | | | | | | | | |
| १ | सौर्य उर्जा वत्ति विस्तार | | | | | | | | | | |
| २ | सुधारीयको घट्ट निर्माण | | | | | | | | | | |
| वडा नं. २ | | | | | | | | | | | |
| १ | सौर्य उर्जा वत्ति विस्तार | | | | | | | | | | |
| | सुधारीयको घट्ट निर्माण | | | | | | | | | | |
| वडा नं. ३ | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सौर्य उर्जा वत्ति विस्तार | | | | | | | | | | |
| २ | सुधारीयको घट्ट निर्माण | | | | | | | | | | |
| वडा नं. ४ | | | | | | | | | | | |
| १ | सौर्य उर्जा वत्ति विस्तार | | | | | | | | | | |
| २ | सुधारीयको घट्ट निर्माण | | | | | | | | | | |
| वडा नं. ४ | | | | | | | | | | | |
| १ | सौर्य उर्जा वत्ति विस्तार | | | | | | | | | | |
| २ | सुधारीयको घट्ट निर्माण | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | |

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

पछिल्लो समयमा बढ्दै गएको सूचना तथा सञ्चार प्रविधिको विकासको आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक विकास र विस्तारमा तिब्रता ल्याइरहेको छ। नेपालको संविधानले पूर्ण प्रेस स्वतन्त्रता, वाक तथा प्रकास स्वतन्त्रता साथै सञ्चार र सुचनाको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ। सुचना र सञ्चार प्रविधिको विकासको वर्तमान विश्वलाई एउटा साँघुरो कोठामा ल्याई पुऱ्याउने छ। सूचना र सञ्चार विनाको दुनिया अधेरी रात जस्तै हुन पुगेको छ। विश्वका कैयन आर्थिक कारोबार एकै स्थान बाट संसारभर फैलाउन सूचना र सञ्चार क्षेत्रकै विकास बाट सम्भव हुन पुगेको छ। नगद रकम बोकेर आर्थिक कारोबार गर्ने प्रचलन दिन प्रतिदिन साँघुरिदै गएको छ। नेपालको दिगो विकास लक्ष्यले समेत सवै धान्न सक्ने गरी नेट इन्टरनेटको पहुँचलाई विस्तार गर्ने अठोट लिइएको छ। आ.व. २०७५/७६ सम्ममा नेपालमा कुल जनसंख्याको ७२ प्रतिशतमा टेलिभिजन, ८६ प्रतिशतमा रेडियो, ६५.९ प्रतिशत इन्टरनेट पहुँच पुगेको छ भने डिजिटल साक्षरता ४० प्रतिशतको हाराहारीमा रहेको छ।

सिद्ध कुमाख गाउँपालिकाको अधिकान्स स्थानमा सूचना प्रविधिको पहुँच विस्तार भएको छ। कार्यपालिका भवन, वडाकार्यालय भवन, सार्वजनिक स्थल तथा सेवाको क्षेत्र, उद्योग, व्यापार तथा व्यवसायका क्षेत्र. विद्यालय, स्वास्थ्य केन्द्र, चौकी साथै स्वास्थ्य सेवा प्रदायक संघ संस्था, पर्यटन क्षेत्र लगायतमा नेट इन्टरनेटको सेवा विस्तार भई सकेको अवस्था छ भने केहि विद्यालय साथै सार्वजनिक महत्वका स्थलहरुमा यसको व्यवस्थापन गर्न बाँकि रहेको अवस्था छ। विद्यालय अवस्थामा नेपाल टेलिकम ऐनसेल, नेपाल टेलिभिजन, रेडियो नेपाल, कान्तिपुर समेतका विभिन्न एफ एम रेडियो लगायतका प्रयास सवै संचारका श्रोत साधन र ऐन्टिसि, वर्ड लिंक लगायतका संस्थाहरुबाट नेट इन्टरनेटको सेवा प्रवाह हुदै आएको छ। आ.व. २०७८ को विवरणका आधारमा २४८४ जनाले मोबाईल प्रयोग गरिरहेको छ भने १९९५ घरपरिवारमा रेडियो ३३१ घरपरिवारमा टेलिभिजन, ६६ घरपरिवारमा लेनलाइन ११५ घरपरिवारमा कम्प्युटर र ४६.१६ प्रतिशत घरपरिवारमा इन्टरनेटको पहुँच पुगी सकेको अवस्था छ भने आवधिक योजना निर्माणको यस अवस्था सम्ममा यसको प्रयोगको अवस्था करिब ४० प्रतिशतले वृद्धि भएको अनुमान गरिएको छ।

### ६.४.२ समस्या तथा चुनौती

#### ६.४.२.१ समस्या

सञ्चारका साधन प्रयोगकर्ताको यथार्थ विवरण सङ्कलन गर्न, छरिएर रहेको टोल बस्तिका कारण दुर सञ्चार सेवामा सवै गाउँपालिकाबासीको पहुँच स्थापित गर्न, सूचना प्रविधि सेवाको विस्तार र व्यवस्थापनकालागि पर्याप्त संरचनागत व्यवस्थाको कमि, सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको न्यून प्रयोग, स्थानीय हुलाक सेवालाई प्रभावकारी बनाउन, अधिकांस स्थानीयबासीको आयस्रोत न्यून रहनु साथै विज्ञापन व्यवस्थित हुन नसक्नु, गाउँपालिका बाट पर्याप्त बजेट विनियोजन नहुनु, बजेट नीति तथा कार्यक्रममा समावेश हुने गरेको भएता पनि सुत्र बजेटमा समावेश नगरिनु सबैले आवश्यकता महसुस गर्ने तर प्राथमिकतामा नराखिने जस्ता समस्या रहेका छन्।

### ६.४.२.२ चुनौती

स्थानीय स्तरमा प्रवाह हुने समाचारहरुलाई विश्वसनीय बनाउन, यस पालिका भित्रको छरिएर रहेका बस्ति सम्म सहजै सञ्चनागत सुविधा सहज रुपमा पुऱ्याउन सामाजिक सञ्चालनको दुरुपयोगलाई नियन्त्रण गर्न सूचना तथा सञ्चार क्षेत्रको नविनतम प्रविधिको प्रयोग र विस्तार गर्न बिगतमा सञ्चार दुनियाँको एक मात्र विश्वासिलो माध्यमको रुपमा स्थापित परम्परागत हुलाक सेवाको संरक्षण, प्रवर्द्धन र प्रभावकारी बनेर स्थानीय स्तरको प्रमुख आधारको रुपमा पुनर्स्थापित गर्न तथा दुर सञ्चार सेवाको गुणस्तरमा एकरुपता कायम गर्न साथै सहलगानी र प्रतिफलको सह वितरणको वातावरण सिर्जना गर्न, गाउँपालिका आफैले एफ एम रेडियो सञ्चालन व्यवस्थापन गर्न, सवै सामुदायिक तथा संस्थागत विद्यालयलाई डिजिटल प्रविधिमा सहज प्रवेश र प्रयोगको व्यवस्थापन गर्न सूचना प्रविधिको बढ्दो परिवर्तन, प्रयोग र प्रभावलाई पूर्ण आत्मसाथ गरी सोहि बमोजिम बजेटको व्यवस्था गर्न सूचना प्रविधि मैत्री पालिकाको रुपमा पूर्णता विकास गर्न यस क्षेत्रका चुनौतिका रुपमा रहेका छन्।

### ६.४.३ सम्भावना तथा अवसर

संविधानमा सवै नागरिकको सुचनाको हक सुनिश्चित हुनु, डिजिटल प्रविधिको विकासले विश्व बजार एकध्रुबिय गतिमा अघि बढ्नु, सञ्चार गृहहरुको सेवा प्रणाली बस्ति सम्म विस्तार हुदै जानु, शैक्षिक तथा आर्थिक गतिबिधिहरुमा सञ्चार प्रविधिको प्रयोगमा उल्लेख्य बढोत्तरी हुँदै जानु, व्यापार व्यवसाय, सार्वजनिक सेवा, प्रविधिको विकास र सो सम्बन्धी ज्ञानको प्रवाहका क्षेत्र समेत डिजिटल मैत्री हुँदै जानु, गाउँपालिकाले समेत डिजिटल प्रविधिको प्रयोगलाई प्रथम प्राथमिकता राखी आफ्ना सवै गतिविधिलाई वेबसाइट मार्फत सरोकारवालाको सहज स्थापित गर्नु, सञ्चार स्रोतका प्रयोग र विस्तारमा स्थानीय युवाशक्तिको आकर्षण दिन प्रतिदिन बढ्दै जानु, सूचना प्रविधि आर्थिक विकासको एक आधारभुत अङ्गको रुपमा स्थापित हुदै जानु, गाउँपालिकामा मोबाइल, नेट इन्टरनेट प्रयोगकर्ताको संख्या तिब्रताले बढ्दै जानु तथा सिद्ध कुमाख गाउँपालिका सहित विश्व बजार सूचना प्रविधि मैत्री बन्दैजानु यस क्षेत्रका सम्भावना र अवसरहरु रहेका छन्।

### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति कार्यत्रम तथा आयोजना

#### ६.४.४.१ लक्ष्य

सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सर्वसुलभ, प्रभावकारी व्यवस्थापन र प्रयोग बाट गाउँपालिकाबासीको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने साथै आगामी ५ वर्षभित्र व्यवस्थिति नेटवोर्किङ्ग, फ्री वाईफाई, सिसि क्यामेरा जडान आईपी फोन, प्रविधि मैत्री गाउँपालिका र वडा स्थापना गर्ने।

#### ६.४.४.२ उद्देश्य

- गाउँपालिकाबासी, पर्यटक, उद्योग, ब्यापारी, व्यवसाय लगायत सबैमा सूचना तथा सञ्चार प्रविधि सेवाको पहुँचस्थापित गर्नु साथै उपयोगिताको विविधिकरण र विस्तार गर्नु
- सूचना प्रविधिको सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउन सम्बन्धित सेवा प्रदायक संघ संस्थालाई सहयोग र समन्वय गर्नु
- सूचना र सञ्चार प्रविधि मैत्री उद्योग, व्यापार, व्यवसाय तथा सेवाको विकास र विस्तार बाट रोजगारीका अवसरहरु सिर्जना गर्नु

- सफ्टवेयर, डाटाबेस, सर्भर लाई सुरक्षित र व्यवस्थित बनाएर नागरिकलाई सूचना तथा प्रबिधिमैत्री सेवा सञ्चालन गर्न साथै सूचना प्रविधिको प्रयोग बाट पालिका स्तरका विकास निर्माण र सेवा प्रवाहलाई जनता सँग प्रत्यक्ष जोडिने अवस्थाको विकास गरी स्थानीय सरकार प्रति स्थानीयबासीको विश्वासर भरोसा स्थापित गर्नु

### ६.४.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

| क्र. सं. | रणनीति | क्रियाकलाप (कार्यक्रम तथा आयोजना) |
|---|---|---|
| १ | सवै गाउँपालीकाबासिमा सुचनाको हक स्थापित गर्ने | • सवै गाउँपालिकाबासीमा सुचनाको पहुँच स्थापित गर्न आवश्यक संस्थागत, नितिगत तथा कानूनी व्यवस्था गर्ने<br>• दुर सञ्चार टावर निर्माणः उपयुक्त जग्गा र स्थानको व्यवस्था गरी गाउँपालिका सहित सवै वडाकार्यालयको समन्वयमा सम्बन्धित दुरसञ्चार संस्थाहरु सँग समन्वय गरी सम्बन्धित दुरसञ्चार संस्थाकै लगानीमा दुरसञ्चार टावर निर्माण तथा दुरसञ्चार सेवा विस्तार गर्ने<br>• सर्वसाधारण गाउँपालिकाबासी लगायत विद्यालय, स्वास्थ्य केन्द्र, उद्योगी, व्यापारी, व्यवसायी लगायत सवै सरोकारवालालाई नेट इन्टरनेट सेवाको पहुँच सुनिश्चित गर्ने<br>• सिद्ध कुमाख गाउँपालिकाको बजारका मुख्य केन्द्र सार्वजनिक स्थल, सरकारी तथा गैरसरकारी कार्यालय लगायत गाउँपालिकाका गौरवका आयोजना भित्र समेटिएका प्रस्तावित स्याटलाइट स्मार्ट ग्रामिण बजारका प्रास्तावित केन्द्रहरुमा फ्री वाईफाई जडान गर्ने<br>• हुलाक सेवाः संघीय तथा प्रदेश सरकार र हुलाक सेवा कार्यालय सँग समन्वय गरी सिद्ध कुमाख गाउँपालिकाको ग्रामिण स्याटलाइट ग्रामिण बजार केन्द्र निर्माण विकास हुने मुख्य बजार केन्द्रमा सुविधायुक्त हुलाक सेवा सञ्चालन गर्ने |
| २ | गाउँपालिकाका सवै टोल बस्तीमा सूचना तथा सञ्चार स्रोतको पहुँच सुनिश्चित गर्ने साथै हुलाक सेवाको संरक्षण र सम्बर्द्धनकालागि संघीय तथा प्रदेश सरकार सँग समन्वय र साझेदारी गर्ने | • संघीय तथा प्रदेश सरकार र हुलाक सेवा कार्यालय सँग समन्वय गरी गाउँपालिकाको ग्रामिण बजार केन्द्र निर्माण विकास हुने मुख्य बजार केन्द्रमा सुविधा युक्त हुलाक सेवा सञ्चालन गर्ने<br>• गाउँपालिकाले आफ्नै रेडियो सञ्चालनमा नल्याऊदा सम्म सञ्चार माध्यम सँग साझेदारीको नीति अवलम्बन गर्ने |
| ३ | गाउँपालिका क्षेत्र भित्र सञ्चालन तथा व्यवस्थापन हुने | • इन्टरनेट तथा नेटवर्किङ्ग, सिसिटिभी, आइपीफोन, निशुल्क वाइफाई सवै वडा विद्यालय, गाउँपालिका, स्वास्थ्य संस्थामा |

| | | |
|---|---|---|
| | सबै प्रकृति र प्रकारका विकास निर्माण लगायतका आर्थिक सामाजिक सांस्कृति वातावरणीय तथा वित्तीय व्यवस्थापनका कार्य साथै सेवा प्रवाहलाई डिजिटल प्रविधिमा आवद्ध गरी आन्तरिक आय आर्जनमा गुणात्मक परिवर्तन ल्याउने साथ विज्ञापन सेवालाई समेत व्यवस्थित बनाउने | व्यवस्थापन गर्ने। अनलाईन/भुक्तानी प्रणाली प्रयोग गरी राजश्व कर सङ्कलन गर्ने र विभिन्न आवश्यकता अनुसारका सफ्टवेयर प्रयोगमा ल्याउने<br>• गाउँपालिका भित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयमा अनिवार्य नेट इन्टरनेट सेवा जडान गर्ने<br>• गाउँपालिकाको वित्तीय व्यवस्थापनलाई सूचना प्रविधि सँग आवद्ध गरी कर तथा गैरकर राजश्व सङ्कलन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने<br>• सूचना प्रविधिको माध्यम बाट स्थानीय भाषा, कला संस्कृति तथा मौलिकताको संरक्षण र सम्बर्द्धन गर्ने |

### ६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारी श्रोत र अनुमान जोखिम पक्षको सामान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्तृत विवरण तालिका नं. ६.६ मा समावेश गरिएको छ।

#### ६.४.५.१ अपेक्षित प्रतिफल तथा उपलब्धि

हुलाक तथा दुरसञ्चार सेवाको क्षमता विस्तार, विकास र सहज पहुँच सहितको सुविधाले शिक्षा, स्वास्थ्य, उद्योग, व्यापार व्यवसाय तथा प्रशासनिक सेवा प्रवाहमा बढोत्तरी हुनुको साथै सर्वसाधारण गाउँपालिकाबासि आन्तरिक तथा बाह्य पर्यटक, अध्ययन तथा अनुसन्धान कर्ता लगायत सम्पूर्ण सरोकारवालालाई सूचना ग्रहण र प्रवाहमा सहजता भएको हुनुको साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय घटना परिघटनाका बारेमा सहज जानकारी उपलब्ध गर्न सक्ने अवस्थाको सृजना भई आर्थिक, सामाजिक र संस्कृतिक जीवन पद्धती तथा जीवन स्तरमा सकारात्मक प्रभाव परेको हुनेछ। सर्भर र डाटा सुरक्षा सहित वडा कार्यालय, विद्यालय, गा.पा. स्वास्थ्य संस्था सबै एकआपसमा जोडिन गई सेवा प्रवाह सरल, सहज, सर्वसुलभ र प्रभावकारी भएको हुनेछ।

#### ६.४.५.२ नतिजा/सूचक

- नेपाल सरकारको लगानी सिद्ध कुमाख गाउँपालिकाका ग्रामिण स्याटलाइट ग्रामिण बजार निर्माण हुने बजार केन्द्रमा व्यवस्थित हुलाक सेवा सञ्चालनमा आएका हुनेछन
- सम्बन्धित दुरसञ्चार संस्थाहरु सँग समन्वय गरी सम्बन्धित दुरसञ्चार संस्थाकै लगानीमा गाउँपालिका क्षेत्रका सबै वडा आवश्यक स्थानमा दुरसञ्चार टावर निर्माण भई आगामी २ वर्ष भित्र वडाका सबै स्थानमा दुरसञ्चार तथा नेट इन्टरनेटको सहज पहुच र गुणस्तरीय सेवा पुगेको हुनेछ

### ६.४.६ अनुमान तथा जोखिम पक्ष

गाउँपालिकाका सबै स्थान र सेवाका क्षेत्रमा नेट इन्टरनेटको सेवा स्थापित भएको हुनेछ। दुरसञ्चार सेवा प्रदायक संस्थाहरुले आफ्नो कार्यक्षेत्र विस्तार गरेको हुनेछन्।

६.४.६.१ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

| क्र.सं. | योजनाको समूहगत शिर्षक | सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत | योअजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी | योजना सञ्चालन व्यवस्थापनमा आइपर्न सक्ने पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|
| १ | सूचना, सञ्चार तथा प्रबिधि | गाउँ सभाको निर्णय पुस्तिका गाउँ<br>गाउँकार्यपालिकाको निर्णय पुस्तिका<br>गाउँपालिकाको योजना पुस्तिका<br>सम्बन्धित योजनाका डीपीआर तथा नक्साहरु<br>स्थलगत अवस्था<br>सूचना तथा सञ्चार प्रविधि शाखा/उपशाखाको अभिलेख<br>वडा समितिको अभिलेख<br>सञ्चार स्रोत<br>गाउँपालिकाको वेबसाइट | १.प्रमुख जिम्मेवारी<br>गाउँ कार्यपालिका<br>सञ्चार गृह तथा सो सँग सम्बन्धित संस्था वा निकाय<br>भौतिक पूर्वाधार निर्माण/योजना शाखा<br>सूचना तथा सञ्चार प्रविधि शाखा<br>सम्बन्धित वडा समितिको कार्यालय<br>२.सहयोगी<br>संघीय तथा प्रदेश सरकार<br>विकास साझेदार<br>स्थानीय सरोकारवाला व्यक्ति वा समुदाय<br>टोल विकास वा सामुदायिक संघ संस्था<br>निजी क्षेत्र | विद्यमान ऐन कानून<br>जग्गन जमिन तथा स्रोत र साधनको अभाव<br>निर्माण उपकरण<br>सहयोगी तथा साझेदार संघ संस्थाको अभाव<br>उपयुक्त प्रविधि अभाव<br>निर्माण सामग्रीको अपर्याप्त तथा अभाव<br>दक्ष निर्माण जनसक्तिको अभाव<br>प्राकृतिक प्रकोप |

**तालिका नं. ६.६ प्रमुख योजना तथा कार्यक्रमहरु**

**सञ्चार**

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको | इकाई | कार्यान्वयन हुने स्थान | ५ वर्षको लक्ष्य | | | | | लक्ष्य | अनुमानित लागत रु. | लागत व्यहोर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | | | |
| | पालिका स्तरीय | | | | | | | | | | |
| १ | नेपाल दूरसञ्चार प्राधिकरण सँग आवश्यक समन्वय गरी पालिकाका सबै स्थानमा भरपर्दो र गुणस्तरीय टेलिफोन नेटवर्क पुग्ने कुराको सुनिश्चित गर्ने | पटक | पालिका स्तरीय | | | | | | | | |
| २ | सार्वजनिक सेवा प्रवाह गर्ने सबै निकायमा निशुल्क इन्टरनेट सेवा प्रवाह गर्ने र सामाजिक सञ्जालको दुरुपयोगलाई नियन्त्रण गर्ने | पटक | पालिका स्तरीय | १ | १ | १ | १ | १ | ५ | ३,००,००० | |
| **जम्मा** | | | | | | | | | | | |

## परिच्छेद (सात)
## वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

### ७.१ वन तथा जैविक विविधता

#### ७.१.१ पृष्ठभूमि

हरीयो वन नेपालको धन भन्ने लोकगित अहिले पनि उत्तिकै सार्थक देखिएको र रहको छ। नेपालको कुल भू-भाग मध्ये ४४.७४ प्रतिशत क्षेत्रफल वनजङ्गलले ओगटेको छ। वनजङ्गल भित्र पाईने विभिन्न प्रजातीको रुख बोट विरुवा वा वनस्पति, बन्यजन्तु जैविक विविधता लगायतका यी क्षेत्र पर्यापर्यटन, कृषि, पशुपालन, वन तथा जडिबुटीमा आधारित उद्योग सँग प्रत्यक्ष रुपमा जोडिएका छन् र रहन्छन्। गाउँपालिकाको उत्तरी भेगमा रहेको सिद्ध कुमाख धार्मिक वन पर्यटन तथा पर्यापर्यटनको महत्वपूर्ण क्षेत्र मानिन्छ। यहाँ पाइने वनस्पति वन्यजन्तुले यस क्षेत्रको महत्व झनै बढाएको छ। सिद्ध कुमाख गाउँपालिकाको कुल भू-भाग मध्ये ५९ प्रतिशत वन क्षेत्रले ओगटेको छ।जिल्ला वन कार्यालयको कार्यक्षेत्र भित्र पर्ने गरी यस गाउँपालिकाकव वन क्षेत्रलाई व्यवस्थापन गरिएको छ। सिद्ध कुमाख गाउँपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरुमा खोटे सल्ला, साल, साज, बाँझ, कटुस, लालीगुराँस, काफल, उतिस, चिउरी, पैयु, कोइरालो, वोटधाइरो, जामुन, टुनी, सान्दन, तिजु, टुनी, आदी रहेका छन् र लघु वन पैदावारहरुमा खोटो, टिमुर, तेजपात, दारुहल्दी, काउलो, गोकुलधुप, अमला, रिठा, पाखनवेद, बोझो, काफलको बोक्रा आदी हुन् र यस गाउँपालिकामा कस्तुरी, मृग, घोरल, झारल, थार, बाघ, फ्याउरो, नितुवा, बाँदर, भालु, स्याल, रतुवा, दुम्सी, पाखे वेत, खरायो, बँदेल, मलसाप्रो, ब्वाँसो लगाउतका स्तनधारी जनावर र डाँफे, मुनाल, कालिज, तित्रा, कोईली, ढुकुर, बकुल्ला, पानी हाँस, गिद्ध, चिल, काग, गौथली, भंगेरा, लुँईते, लामपुच्छे, च्याखुरा, मलेवा, लुइचे, जुरली, धनेस, हुचिल, आदि विभिन्न प्रजातीका चराहरु रहेको अनुमान छ। छेपारो, अजिंगर, सर्प, सालक आदि सरीसृप भ्यागुता र पाहाँ आदी उभयचर र खजुरो, कन्सुत्लो, पुतली, फट्याङ्ग्रा जस्ता किरा तथा पुतलीहट्ट पाइने गर्दछन्। यस पालिका भित्र उल्लेखित वनजङ्गलबाट प्राप्त हुनेकाठ दाउरा, जडिबुटी, प्राकृतिक रमणीयताका साथै विभिन्न प्रकारका बन्यजन्तु र चराचुरुंगी यस क्षेत्रको आर्थिक विकासका सूचक हुन यस पालिका भित्र रहेका उल्लेखित वनजङ्गल भित्रको वन बनस्पति, जैविक विविधता समेतको अध्ययन अनुशन्धान गरी तुलनात्मक लाभ लिन सक्ने वातावरण सिर्जन गर्न सकिने अवस्था रहेको छ।

#### ७.१.२ समस्या तथा चुनौती

##### ७.१.२.१ समस्या

यस पालिका क्षेत्र भित्र रहेको करिव ५१३६ हे. क्षेत्रफलमा फैलिएका वन बाट अपेक्षाकृत लाभ हाँसिल गर्न सक्ने गरी व्यवसायिक व्यवस्थापना र उपयोग गर्न नसक्नु, यस क्षेत्रमा रहेको वनस्पति, बन्यजन्तु तथा जैविक विविधता यथार्थ विवरण सङ्कलन तथा अद्यावधिक हुन नसक्नु, यस पालिकाको आर्थिक समृद्धिको आधारस्तम्भको रुपमा स्थापित गर्न नसक्नु, अनाधिकृत रुपमा हुने वन अतिक्रमण, चोरी शिकारी, अबैध व्यापार, मानव र वन्य जन्तु विचको द्धन्द व्यवस्थापन र नियन्त्रण गर्न नसक्नु, वनजङ्गल क्षेत्रमा पानीको श्रोत सुक्दै जानु, जलाधार तथा जङ्गली जनावरको वासस्थान घट्दै जानु जङ्गली जनावरको आतंक बढ्दै जानु, वनजङ्गलमा रहेका बन्यजन्तुका लागि वनजङ्गलमानै उपयुक्त र पर्याप्त आहारको व्यवस्था हुन नसक्नु वन

क्षेत्रमा घेराबार नहुनु, निजी वन दर्ता गर्न कानूनी प्रावधान झन्झटिलो हुन नसक्नु, गाउँपालिकामा वनजङ्गल विज्ञ प्राविधिक जनशक्तिको अभाव रहनु यस क्षेत्रको प्रमुख समस्याका रुपमा रहेका छन्।

- बढ्दो जनसंख्या, शहरीकरण, भू-उपयोगमा आएको परिवर्तन, विस्तारित सडक सञ्जाल, बढ्दो सवारी यातायात र डिजेल पेट्रोलको खपत, फोहोरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहोर निष्कासन र अव्यवस्थित भौतिक निर्माणका कारण वायु र पानीजन्य प्रदुषण, बाह्य मिचाहा झार (Invasive plant species) को प्रकोप, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु,
- नागरिक सचेतना कम हुनु, वन जंगलको अतिक्रमण तथा ह्रास हुनु, विषादीको प्रयोग, वातावरण संरक्षण र पूर्वाधार विकासबीच सामन्जस्यता स्थापित हुन नसक्नु,
- हरित सिद्ध कुमाख बनाउन वन क्षेत्रको संरक्षण र विस्तार गरी जलवायु परिवर्तन अनुकूलनका कार्यक्रम संचालन गर्न नसक्नु र
- जलवायु परिवर्तनका कारण वन तथा वातावरणमा परेको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न नसक्नु।

### ७.१.२.२. चुनौती

यस पालिका क्षेत्र भित्र रहेका धार्मिक सामुदायिक वन तथा कबुलियत वनमा उपलब्ध रुख विरुवा तथा बनस्पति र जैविक विविधताको पूर्ण सदुपयोग गर्न, गाउँपालिका, वन उपभोक्ता समिति, संघ तथा प्रदेश सरकार र निजी क्षेत्र विच समन्वय विस्तार र व्यवस्थापन गर्न, विद्यमान ऐन कानूनलाई समयानुकुल परिवर्तन गर्न, वनजङ्गल, जैविकविविधता र स्थानीय स्तरमा हुने भौतिक पूर्वाधार निर्माण विच उत्पादन हुने द्धन्द व्यवस्थापन गर्न यस क्षेत्र बाट वस्तु र सेवाको विस्तार र तीनबाट प्राप्त हुने लाभलाई समन्यायिक वितरण गर्नु, खुल्ला सिमानाका कारण हुने निकासी लाई नियन्त्रण गर्न, वन क्षेत्रलाई पूर्ण तारवार गर्न, पुराना पोखरीहरुको संरक्षण, हरितगृहको प्रभाव सन्तुलन गर्न, वनजङ्गलमानै बन्यजन्तुकालागि आवश्यक र पर्याप्त आहारको व्यवस्थापन गर्नु यस क्षेत्रका चुनौतिका रुपमा रहेका छन्।

- वन क्षेत्रको स्थानीय अर्थतन्त्रमा उल्लेख्य रूपमा योगदान पुग्ने गरी व्यावसायिक व्यवस्थापन र उपयोग गर्न नसक्नु,
- पूर्वाधार विकास र पर्यावरणीय प्रणालीबीच योजनाबद्ध तरिकाले सन्तुलन कायम गर्न नसक्नु,
- वन अतिक्रमण, वन्य जन्तुको अवैध चोरी शिकार तथा व्यापार, वन्य जन्तुको प्रकोप, मानव र वन्यजन्तु वीचको द्वन्द्वलाई प्रभावकारी रूपमा नियन्त्रण एवं व्यवस्थापन गर्न नसक्नु,
- वन अतिक्रमण बढ्दै जानु, वन पैदावारको चोरी निकासी, वन्यजन्तुको अवैध शिकार तथा व्यापार, नदी कटान, भू-क्षय, वन डढेलो, अनियन्त्रित चरिचरन  हुनु,

### ७.१.३ सम्भावना तथा अवसर

नेपाल प्राकृतिक श्रोत र साधन सम्पन्न मुलक हो। प्राकृतिक स्रोत साधन मध्ये वन, वन्यजन्तु र जैविक विविधता मानव विकास क्रम सँगै सदियौं देखि नेपाली जनताको जीविकोपार्जन सँग जोडिएको अति महत्वपूर्ण विषय बस्तु हुन। यसको प्रत्यक्ष प्रभाव र अवस्था यस गाउँपालीकामा समेत रहेको छ। स्थानीय स्तरमा महिला, दलित तथा स्थानीय समुह सम्मिलित समुदाय, सामुदायिक वन संरक्षण/उपभोक्ता समिति गाउँपालिका,

निजी क्षेत्र मार्फत वन्य जन्तुको संरक्षण गर्न, वनक्षेत्र भित्र पाइने विभिन्न प्रकारका जडिबुटीको खोजि, संरक्षण र विकास गर्न, घाँस दाउराको नाममा हुने वन क्षेत्रको अनाधिकृत अतिक्रमण रोक्न, धार्मिक तथा सामुदायिक वनजङ्गल भित्र पाइने साल, सिमल, कदम, हर्रो, चिलाउने, खयर लगायतकारुख विरुवाको संरक्षण र सार्थक रुपमा स्थानीयबासीको जीवनस्तरको सुधारमा प्रयोग योग्य बनाउन, वनजङ्गलमा आधारित उद्योग व्यवसायको स्थापन र विकास गर्न वन क्षेत्र भित्रका खुल्ला स्थानको पूर्ण सदुपयोग गर्न, खोला किनारमा वृक्षारोपण गरी पार्क निर्माण गर्न, वन क्षेत्रमा खुल्ला पोखरी निर्माण गरी संरक्षण सिंचाईको प्रबन्ध गर्न, वन्यजन्तुकालागि आहारजन्य वनस्पतिको वृक्षारोपणको कार्यलाई प्राथमिकताका साथ अघि बढाउन, थोरै भए पनि कार्बन संचितीबाट अन्तराष्ट्रिय भुक्तानीमा संघीय सरकारलाई सहयोग पुऱ्याउने साथै कानूनी प्रावधानको व्यवस्थापन गरी निजी स्तरमा वन क्षेत्रको विकास गर्न साथै वातावरणीय सन्तुलनमा योगदान पुऱ्याउन सकिने प्रसस्त सम्भावना र अवसर रहेका छन्।

- उपलव्ध वन क्षेत्रबाट वनपैदावारको औद्योगिक उपयोग तथा कार्वन व्यापार गरी अर्थोपार्जन गर्ने सम्भावना रहेको छ।
- सिद्ध कुमाख गाउँपालिकामा रहेका निजी तथा सार्वजनिक खाली जमिन, खोला तटीय क्षेत्र र सडकका किनारमा सामुदायिक वन उपभोक्ता समिति सँगको सहकार्यमा वृक्षारोपन गरी भूक्षयको नियन्त्रण र पर्यावरण सन्तुलन कायम गर्ने सम्भावना रहेको छ।
- जिल्ला वन कार्यालय, सामुदायिक वन उपभोक्ता समिति, वन तथा वातावरण सम्वन्धि काम गरिरहेका संघसंस्था र विकास साझेदार निकायहरू सँगको सहकार्यमा प्रत्येक वर्ष अनिवार्य रूपमा खाली जमिन, खोला तटीय क्षेत्र र सडकका किनारमा वृक्षारोपन कार्यक्रम संञ्चालन गरी सिद्ध कुमाख गाउँपालिकालाई हराभरा बनाउँन सकिने प्रशस्तै संभावना छ।
- भौतिक एवं आर्थिक विकासका कार्यक्रम संचालन गर्दा स्थानीय स्तरमा उपलव्ध वन, जलाधार, वनस्पति तथा जैविक विविधताको सदुपयोग गरी लाभ लिन सकिन्छ।
- औषधीजन्य तथा मानव हितकारी जडिवुटीको संरक्षण सम्वर्द्धन र व्यापार गरी आर्थिक लाभ लिन सकिने सम्भावना रहेको छ।
- प्राकृतिक वन तथा वातावरणको संरक्षण गरी जैविक विविधता युक्त परिवेशमा वन्यजन्तु तथा पंक्षीको संरक्षण गरी पर्यापर्यटनको माध्यमबाट लाभ लिन सकिने सम्भावना रहेको छ।

### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य रणनीति, कार्यक्रम तथा आयोजना

#### ७.१.४.१ लक्ष्य

यस पालिका क्षेत्रभित्र उपलब्ध र भविष्यमा विस्तार हुने समेतको वन तथा जैविक विविधताको संरक्षण र विकास गरी सहभागितामुलक व्यवस्थापन बाट दिगो विकासमा आधारित वातावरणीय सन्तुलन कायम राख्दै वनजन्य उद्यम तथा पर्यटनको विकास साथै बस्तु तथा सेवाको उत्पादन गरी स्थानीयबासीको जिवनस्तरमा गुणात्मक सुधार गर्ने साथै गाउँपालिकाको आन्तरिक आयमा योगदान पुऱ्याउने।

- वन पैदावार उद्यम तथा पर्यापर्यटन र कार्वन व्यापार मार्फत स्थानीय अर्थतन्त्रमा सुधार गर्ने,

- वन तथा वातावरणको संरक्षण मार्फत जैविक विविधता कायम गरी स्वच्छ र स्वस्थ वातावरणको निर्माण गर्ने,

### ७.१.४.२ उद्देश्य

वन तथा जैविक विविधताको संरक्षण, सम्बर्द्धन र विकासका साथमा उत्पादन, उत्पादकत्व र वातावरण सुदृढिकरणमा अभिवृद्धि गर्ने

वन क्षेत्र बाट प्राप्त लाभको न्यायोचित वितरण गर्न सहयोग गर्ने साथै निजी वनको विकास र विस्तारमा स्थानीयबासीलाई प्रोत्साहन गर्ने

वन, वनपैदावर र जैविक विविधतामा हुने गरेको अतिक्रमण र चोरी निकासी नियन्त्रण र निरुत्साहित गरी सार्थक सदुपयोगकको वातावरण तयार गर्ने

- सिद्ध कुमाख गाउँपालिकामा उपलव्ध वनको वैज्ञानिक रूपमा दिगो व्यवस्थापन गर्नु,
- स्वच्छ र स्वस्थ वातावरण निर्माणका लागि वन तथा वातावरण मैत्री जैविक विविधता संरक्षण गर्नु,
- वन अतिक्रमण, वन पैदावारको चोरी निकासी, वन्यजन्तुको अवैध शिकार तथा व्यापार, नदी कटान, भू-क्षय, वन डढेलो, अनियन्त्रित चरिचरन, अनियन्त्रित ढुंगा/गिट्टी/वालुवा संकलन तथा निकासी कार्यको नियन्त्रण गर्नु,
- वन तथा वातावरणको महत्व र पर्यावरणीय सन्तुलन कायम गर्नका लागि जनचेतनामूलक कार्यक्रम संचालन गर्नु,
- वन तथा वातावरण सँग सम्वन्धित उद्यमहरू संचालन गर्नु,
- आर्थिक उपार्जन, वनको संरक्षण र दिगो उपयोगका लागि लाभ दिनयोग्य रुखको कटान गरी नयाँ विरुवा रोप्ने कार्यक्रम संचालन गर्नु,
- आर्थिक उपार्जन, पर्यटकीय गन्तव्यको विकास र जैविक विविधता कायम गर्नका लागि वन्यजन्तुको संरक्षण र सम्वर्द्धन गर्नु,

### ७.१.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

| क्र.सं. | रणनीति | क्रियाकलाप (कार्यक्रम तथा आयोजना) |
|---|---|---|
| १ | वनजङ्गलको संरक्षण, सम्बर्द्धन, विकास र व्यवस्थापन गरी बहुउपयोगी बनाउदै स्थानीयबासीको जीवनस्तर उठाउने | • हरियाली प्रवर्द्धन तथा वातावरण संरक्षण र विकास गुरुयोजना तयार गर्ने<br>• वन को महत्व र वातावरणमैत्री व्यवहार, आचरण र सैलिको महत्वका बारेमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने<br>• सरकारी तथा सामुदायिक वनको संरक्षण, सम्बर्द्धन र आवश्यकताका आधारमा वृक्षारोपण र घेराबारा समेत गर्ने<br>• वृक्षारोपण हुन सक्ने तथा गर्न सकिने सम्भाव्य क्षेत्र र स्थानको विवरण तयार पारि सम्बन्धित स्थानमा अनिवार्य वृक्षारोपण गर्ने तथा आयमुलक तथा आयआर्जनमा आधारित वृक्षारोपणको कार्यलाई विशेष प्राथमिकता दिने |

| | | |
|---|---|---|
| | | • सार्वजनिक ऐलानी, पर्ती जग्गा, स्थान तथा नदि किनारा छेउ<br>• मुख्य राजमार्गमा आइल्याड भित्र तथा सहायक सडक किनाराको दुवै तर्फ सेड व्यक छाडेर वृक्षारोपण गर्ने<br>• विभिन्न स्थानमा अग्नीरेखा हरुको निर्माण गर्ने<br>• आकाशे पानी सङ्कलन गर्ने पुराना पोखरीहरुको खोज गरी संरक्षण गर्ने<br>• सवै घरमा कम्तिमा २-२ वटा बिरुवा अनिवार्य रोप्ने (बजार क्षेत्रको हकमा स्थान अभाव भएमा गमलाको प्रयोग गर्न सकिने) कार्यलाई गाउँपालिका तथा वडा कार्यालयबाट प्रवाह हुने सेवा सुविधा सँग आवद्ध गर्ने<br>• सम्भाव्य सवै वडामा नर्सरी स्थापना गरी आवश्यक विरुवाको व्यवस्थापन गर्ने<br>• दिगो वन व्यवस्थापन अवलम्बन गर्ने तथा खाली तथा नाङ्गो रहेका सरकारी, पर्ती तथा निजी जग्गामा वृक्षारोपण गर्ने गराउने<br>• निजी वन लगाउने लाई प्रोत्साहन गर्ने साथै अवस्था हेरी सहुलियत प्रदान गर्ने<br>• विभिन्न जङ्गली जनावर तथा पशुपन्छी नियन्त्रण, संरक्षण तथा व्यवस्थापन गरी पर्यटकीय गन्तव्यको रुपमा समेत विकास गर्ने<br>• सिमसार तथा पोखरीको वरिपरी वृक्षारोपण सहित संरक्षण सम्बर्द्धन तथा प्रबर्द्धनमा जोड़ दिने<br>• लोपोन्मुख र सङ्कटाग्रस्त वनस्पति र बन्यजन्तुको संरक्षण र विकास गर्ने<br>• वनमा आधारित उद्यम सञ्चालनमा जोड़ दिने साथै सम्भाव्य स्थानमा वन पैदावर प्रशोधन उद्योगको स्थापना गरी रोजगारी सिर्जना गर्ने साथै हरित रोजगारमा वृद्धि गर्ने गराउने।<br>• सडक छेउ किनाराका विरुवाहरुकालागि नियमित सिचाई र टयाङ्की तथा ट्रीमिङ्गको व्यवस्था मिलाउने<br>• रुख तथा बोट बिरुवा बाट झर्ने पात पतिङ्गरको प्रयोग गरी कम्पोष्ट मल निर्माण कारखानाको विकास गर्ने<br>• वनजङ्गललाई डढेलो बाट जोगाउन अग्नि सुरक्षाको व्यवस्था गर्ने। |
| २ | विद्यालय वन क्षेत्रमा रहेको वन तथा वनस्पति, बन्यजन्तु र जैविक विविधताको अध्ययन अनुसन्धान गरी | • सम्बन्धित विश्वविद्यालय, अध्ययन संस्थान, स्थानीय विद्यालय साथै सम्बन्धित सरोकारवाला संघ संस्था सँग साझेदारीमा विद्यालय वन क्षेत्रमा रहेको वन तथा वनस्पति, वन्यजन्तु र जैविक विविधताको अध्ययन अनुसन्धान गर्ने<br>• पालिका स्तरको विद्यालय पाठ्यक्रममा स्थानीय वन बन्यजन्तु |

| | | |
|---|---|---|
| | जनचेतना अभिवृद्धि गर्ने | तथा जैविक विविधतालाई समावेश गर्ने |
| ३ | वन क्षेत्रको दिगो व्यवस्थापनकालागि संघीय तथा प्रदेश सरकार सँग समन्वय गरी आवश्यक कानून निर्माण र कार्यन्वयनमा सहयोग गर्ने | • वातावरण संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन सँग सम्बन्धित गाउँपालिका स्तरीय ऐन, कानून तथा कार्यविधि निर्माण गर्ने<br>• पालिका क्षेत्र भित्रका सामुदायिक वन लगायत समुदायमा आधारित तथा सरकारद्वारा व्यवस्थित वन समेतमा उद्यम विकास गर्ने साथै निजी वन बाट उत्पादित वन पैदावारको सङ्कलन, ओसार-पसार, प्रशोधन बिक्रीवितरण र बजारीकरणलाई सरलीकरण गर्न, संस्थागत तथा व्यक्तिगत रुपमा हुने चोरी निकासी, वन डढेलो नियन्त्रण गर्न, मिचाहा प्रवृतिका बोट बिरुवा वा प्रजातिको नियन्त्रण र व्यवस्थापन गर्न, स्रोत साधन माथिको पहुच र लाभको बाँडफाँड लाई न्यायोचित बनाउन, सरोकारवाला निकायको आचरण र व्यवहारमा सुधार गरी पारदर्शीता कायम गर्न साथै अनुगमन र नियमनका कार्यमा तिनै तहका सरकारको स्पष्ट जिम्मेवारीको व्यवस्थापन गर्ने गरी कानून निर्माण गर्न संघीय तथा प्रदेश सरकार सँग समन्वय र साझेदारी गर्ने |
| ४ | भौतिक पूर्वाधार निर्माण विकासका लागि वनक्षेत्रको उपयोग गर्दा एकिकृत प्रणालीका माध्यम बाट यसको संरक्षण र विकासमा एकिकृत सोच बनाउने साथै स्थानीय स्तरका भौतिक पूर्वाधार निर्माण विकास गर्दा हरियाली प्रवर्द्धनलाई विशेष प्राथमिकताका साथ अघि बढाउने | • संघीय, प्रादेशिक साथै स्थानीय स्तरको भौतिक संरचना निर्माणका लागि वन क्षेत्रको उपयोग गर्दा वा वनक्षेत्र भएर जाने पूर्वाधारको हकमा वातावरण तथा पर्यावरणमा गम्भीर क्षति नपुग्ने गरी निश्चित क्षेत्रको व्यवस्थापन हुने तर्फ आवश्यक व्यवस्था गर्न वातावरण प्रभाव मुल्याङ्कन वातावरण अध्यनलाई प्रभावकारी र व्यवहारिक बनाउने साथै<br>• उपभोक्ता समिति, निर्माण व्यवसायी लगायत गाउँपालिका आफैले गर्ने विकास निर्माण सँग सम्बन्धित कार्यमा सम्भाव्य सवै सडकको दुवै किनारमा वृक्षारोपण गर्ने कार्यलाई डिजाईन तथा लागत इस्टिमेटमा आवद्ध गरी कार्यान्वयनमा ल्याउने<br>• घना बस्तीमा बनेका साथै साँघुरो क्षेत्रफल बनेका सवै घरमा कम्तिमा २-२ वटा बिरुवा अनिवार्य रोप्ने (बजार क्षेत्रको हकमा स्थान अभाव भएमा गमलाको प्रयोग गर्न सकिने) कार्यलाई गाउँपालिका तथा वडा कार्यालय बाट प्रवाह हुने सेवा सुविधा सँग आवद्ध गर्ने<br>• वन क्षेत्रमा विकास निर्माण कार्यगर्दा EIA/IEE/BSE लाई अनिवार्य गर्ने |

### ७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको सामान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्तृत विवरण तालिका नं. ७.१ मा समावेश गरिएको छ।

#### ७.१.५.१ अपेक्षित उपलब्धि

सिद्ध कुमाख गाउँपालिका क्षेत्र भित्र सरकारी धार्मिक सामुदायिक, कबुलियत तथा निजी वनको संरक्षण र सम्बर्द्धन हुनुको साथै बृक्षारोपणको माध्यम बाट गाउँपालिका क्षेत्र थप हरियाली तथा हराभरा भई वातावरण संरक्षण र सम्बर्द्धनमा उल्लेख्य योगदान पुगेको हुनेछ साथै वनजङ्गल उद्योग र पर्यटनको विकास बाट स्थानीयबासीको जीवनस्तर र पालिकाको आन्तरिक आयमा गुणात्मक योगदान पुगेको हुनेछ।वन अतिक्रमण, वन पैदावारको चोरी निकासी, वन्यजन्तुको अवैध शिकार तथा व्यापार, खोला कटान, भू–क्षय, वन डढेलो, अनियन्त्रित चरिचरन नियन्त्रण गरिएको हुनेछ। वन तथा वातावरणको महत्व र पर्यावरणीय सन्तुलन कायम गर्नका लागि जनचेतनामूलक कार्यक्रम संचालन भइरहेका हुनेछन्। वन तथा वातावरणसँग सम्वन्धित उद्यमहरू स्थापना भइ संचालन गरिएका हुनेछन्। आर्थिक उपार्जन, वनको संरक्षण र दिगो उपयोगका लागि लाभ दिनयोग्य रुखको कटान गरी नयाँ विरुवा रोप्ने कार्यक्रम संचालन गरिएका हुनेछन्। आर्थिक उपार्जन, पर्यटकीय गन्तव्यको विकास र जैविक विविधता कायम गर्नका लागि वन्यजन्तुको संरक्षण र सम्वर्द्धन गरिएको हुनेछ। गाउँपालिकामा संञ्चालन हुने उत्पादनमूलक उद्योग तथा विकास आयोजनाका पूर्वाधार वातावरणमैत्री बनाएका हुनेछन्। वन उद्यम तथा वन पैदावरको व्यवसायीकरण भई आयआर्जनमा वृद्धि गरी जीविकोपार्जनमा सुधार आएको हुनेछ। यो योजनाको अवधिमा लोपोन्मुख, सङ्कटापन्नर जोखिममा परेका प्रजाति/वनस्पतिको संरक्षण भएको हुनेछ। वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताका साथै गाउँपालिकामा अवस्थित विभिन्न ताल तलैयाहरूको संरक्षण भई पर्यापर्यटनको प्रवर्द्धन भएको हुनेछ। स्थानीय तहमा फोहर व्यवस्थापन तथा प्रशोधनका पूर्वाधार विकास भएको हुनेछ। वायु प्रदुषण हानिकारक तहभन्दा कम रहनेछ। वातावरण स्वच्छता सम्बन्धी जनचेतना विकास भएको हुनेछ। प्राकृतिक स्रोतको पूर्ण रूपमा संरक्षण भएको हुनेछ।

#### ७.१.५.२ नतिजा/सूचक

- हरियाली प्रवर्द्धन तथा वातावरण संरक्षण र विकास सँग सम्बन्धित गाउँपालिका स्तरीय ऐन, नियम तथा कार्यविधि साथै गुरुयोजना तयार भएको हुनेछ
- गाउँपालिका क्षेत्रका प्रत्येक घर परिवारले आफ्नो घर आगनमा कम्तिमा २-२ वटा विरुवा (बजार क्षेत्रको हकमा स्थान अभाव भएमा गमलाको प्रयोग गर्न सकिने) अनिवार्य हुर्काएका हुनेछन।
- संघीय तथा प्रदेश सरकारको समेत सहयोग र साझेदारीमा सिद्ध कुमाख गाउँपालिका क्षेत्र भित्र प्राथमिकता नं. $P_१$ मा परेका वनजङ्गलको पूर्णसंरक्षण भएको हुनेछ साथै निजी सामुदायिक वनको मात्रामा वृद्धि भएको हुनेछ
- सरकारी तथा सामुदायिक वनलाई डढेलो वा आगलागी बाट जोगाउन अन्य आधुनिक प्रबिधि र यन्त्र उपकरणको व्यवस्था नहुदा सम्म विभिन्न स्थानमा पक्कि पोखरी निर्माण र डिपबोरिङ्ग पाइपको, लिफ्ट खानेपानी/सिंचईको व्यवस्था गरिएको हुनेछ।
- सिद्ध कुमाखमा रहेको धार्मिक बनलाई संरक्षण गरी पार्क तथा पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ।
- सरकारी, सामुदायिक तथा निजी वनमा पशुआहारका लागि उपयुक्त विरुवाहरुको वृक्षारोपण गरी घाँसको विकास गरिनेछ भने झाडी र बुट्यान खाली रहेका क्षेत्रहरु पशु चरणको रुपमा विकास गरिएको हुनेछ साथै पात पतिङ्गर बाट कम्पोष्ट मल बनाउने कार्यको विकास भएको हुनेछ।

- वनजङ्गलको संरक्षण र सम्बर्द्धनका साथमा वन्यजन्तुको समेत संरक्षण गरी पालिका भित्रका वनलाई पर्यटन गन्तब्यको रुपमा समेत विकसित गरिएको हुनेछ
- सार्वजनिक तथा सामुदायिक स्थल खोला किनारा, नहरको दायाँबायाँ, विद्यालय, सडक पेटी किनारा, सडक आईल्याण्ड लगायतका सम्भाव्य सवै स्थान र क्षेत्रमा वृक्षारोपण भई सिद्ध कुमाख गाउँपालिका हरित गाउँपालिकाको रुपमा थप स्थापित र विकासित भएको हुनेछ
- हरित गाउँपालिकाको विकास बाट वायुमण्डलमा रहेका तथा रहने कार्बन तथा क्लोरोफ्लोरो कार्बनको मात्र साथै वायुमण्डलीय तापक्रम लाई कमी पार्न गणनायोग्य सहयोग पुगेको हुनेछ।

### ७.१.६ अनुमान तथा जोखिम पक्ष

वन विनासको रोकावट, खाद्यजालमा न्यून प्रभाव भई वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण भएको हुनेछ। श्रोत र साधनको पर्याप्त साथै संघीय तथा प्रदेश सरकार, वन उपभोक्ता समिति र गाउँपालिका बीच समन्वय र साझेदारीको दरिलो आधार तयार भएको हुनेछ।

### ७.१.७ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

| क्र.सं. | योजनाको समूहगत शिर्षक | सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत | योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी | योजना सञ्चालन व्यवस्थापनमा आइपर्न सक्ने पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|
| १ | वन तथा जैविक विविधता | गाउँ कार्यपालिकाको निर्णय पुस्तिका<br>गाउँसभाको निर्णय पुस्तिका<br>गाउँपालिकाको योजना पुस्तिका<br>सम्बन्धित वन उपभोक्ता समितिका अभिलेख<br>संघीय तथा प्रदेश सरकारका अभिलेख<br>स्थलगत अवस्था<br>वातावरण शाखाको अभिलेख<br>वडा समितिको अभिलेख<br>सञ्चार स्रोत<br>गाउँपालिकाको वेबसाइट | १. प्रमुख जिम्मेवारी<br>गाउँ कार्यपालिका<br>स्थानीयबासी<br>वातावरण शाखा<br>उपभोक्ता समिति<br>२. सहयोगी<br>सम्बन्धित वडा समितिको कार्यालय<br>संघीय तथा प्रदेश सरकार<br>विकास साझेदार<br>स्थानीय सरोकारवाला व्यक्ति वा समुदाय<br>टोल विकास वा सामुदायिक संघ संस्था<br>निजी क्षेत्र | विद्यमान नीति ऐन, नियम तथा कानून<br>स्रोत र साधनको अभाव<br>यन्त्र उपकरणको अभाव<br>सहयोगी तथा साझेदार संघ संस्था<br>उपयुक्त प्रविधिको अभाव<br>निर्माण सामग्रीको अपर्याप्तता तथा अभाव<br>दक्ष जनशक्तिको अभाव |

तालिका नं. ७.१ प्रमुख योजना तथा कार्यक्रम

वन तथा जैविक विविधता

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको | इकाई | कार्यान्वयन हुने स्थान | ५ वर्षको लक्ष्य | | | | | लक्ष्य | अनुमानित लागत रु. | लागत व्यहोर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | | | |
| वडा नं. १ | | | | | | | | | | | |
| १ | वन तथा वातावरण सरसफाई संरक्षण तालिम र अन्तरक्रिया | पटक | वडाभरी | १ | १ | १ | १ | १ | ५ | ५०,००० | |
| २ | वृक्षा रोपन कार्यक्रम | बोट | वडाभरी | १ | १ | १ | १ | १ | ५ | ५०,००० | |
| ३ | बहुमुल्य जडिबुटी खेति तथा वन्यजन्तु संरक्षण | | वडाभरी | १ | १ | १ | १ | १ | ५ | ५०,००० | |
| वडा नं. २ | | | | | | | | | | | |
| १ | वृक्षरोपन | विरुवा | वडाभरी | १ | १ | १ | १ | १ | ५ | ५०,००० | |
| २ | वन तथा वातावरण सरसफाई संरक्षण तालिम र अन्तरक्रिया | विरुवा | वडाभरी | १ | १ | १ | १ | १ | ५ | ५०,००० | |
| ३ | नर्सरी सम्बन्धी तालिम | पटक | वडाभरी | १ | १ | १ | १ | १ | ५ | १,००,००० | |
| ४ | बहुमुल्य जडिबुटी खेति तथा वन्यजन्तु संरक्षण | | वडाभरी | १ | १ | १ | १ | १ | ५ | ५०,००० | |
| वडा नं. ३ | | | | | | | | | | | |
| १ | वृक्षरोपन | विरुवा | वडाभरी | | १ | १ | १ | १ | ४ | ५०,००० | |
| २ | वन व्यवस्थापन तालिम | पटक | वडाभरी | | १ | १ | १ | १ | ४ | ५०,००० | |
| ३ | बहुमुल्य जडिबुटी खेति तथा वन्यजन्तु संरक्षण | | वडाभरी | १ | १ | १ | १ | १ | ५ | ५०,००० | |
| वडा नं. ४ | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | वृक्षारोपन | पटक | वडाभरी | १ | १ | १ | १ | १ | ५ | ५०,००० | |
| २ | वन तथा वातावरण सरसफाई संरक्षण तालिम र अन्तरक्रिया | पटक | वडाभरी | १ | १ | १ | १ | १ | ५ | ५०,००० | |
| ३ | बहुमुल्य जडिबुटी खेति तथा वन्यजन्तु संरक्षण | | वडाभरी | १ | १ | १ | १ | १ | ५ | ५०,००० | |
| वडा नं. ५ | | | | | | | | | | | |
| १ | वृक्षरोपन कार्यक्रम | पटक | पटक | १ | १ | १ | १ | १ | ५ | ५०,००० | |
| २ | वन तथा वातावरण सरसफाई संरक्षण तालिम र अन्तरक्रिया | पटक | पटक | १ | १ | १ | १ | १ | ५ | ५०,००० | |
| ३ | जडिबुटि खेति | घरधुरी | पटक | १ | १ | १ | १ | १ | ५ | ५०,००० | |
| ४ | बहुमुल्य जडिबुटी खेति तथा वन्यजन्तु संरक्षण | | वडाभरी | १ | १ | १ | १ | १ | ५ | ५०,००० | |
| जम्मा | | | | | | | | | | | |

### ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

#### ७.२.१ पृष्ठभूमि

नदि किनार तथा सिमसार संरक्षण, क्षतिग्रस्त भूमिको पुनर्स्थापना, पानीको मुहान संरक्षण जस्ता कार्य स्थानीय सरकारको हैसियतमा यस पालिकाका प्रमुख जिम्मेवारी भित्र समेटिएका छन्। प्राकृतिक प्रकोपका कारण देशमा वर्षेनी सयौं विगाहा जमिन तथा हजारौं मानिसहरुको ज्ञान गुमाईरहनु परेको अवस्था छ भने सिद्ध कुमाख गाउँपालिका पनि यस परिस्थिति बाट अलग हुन सकेको छैन। यस गाउँपालिका क्षेत्र शारदा नदि, हमपाल खोला, पटारे खोला, जलुके खोला, पनेरी खोला, सागिनी खोला आदि अवस्थित रहेका छन्। उल्लेखित खोलानालाले वर्षेनी जनिम कटान गर्ने गरेका तथा वर्षायाममा खोला किनाराका बस्तीमा बाढी पसी जनधनको क्षति गर्ने गरेको अवस्था छ। यस पालिका क्षेत्रका खोला किनाराका विभिन्न स्थानमा स्थायी तथा अस्थायी तटबन्ध निर्माण गरी भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यहरु भईरहेका छन्। यसका अतिरिक्त भू-संरक्षण तथा जलाधार व्यवस्थापनमा स्थानीयबासीको चासो, सरोकार तथा सहभागितामा बढोत्तरी समेत भईरहेका कारण जलाधार संरक्षण सहयोग पुगिरहेको छ।

#### ७.२.२ समस्या तथा चुनौती

##### ७.२.२.१ समस्या

खोलानाला बाट अनाधिकृत रुपमा गिट्टी, ढुङ्गा तथा बालुवा निकाल्ने कार्यले तिब्रता पाउनु वातावरण प्रभाव मुल्याङ्कन एकातिर गिट्टी ढुङ्गा तथा बालुवा निकाल्ने कार्य अर्कातिर रहनु, भू-संरक्षण तथा जलाधार व्यवस्थापन सँग सम्बन्धित पूर्वाधार विकास र व्यवस्थापन बिच संघीय तथा प्रदेश सरकार साथै सरोकारवाला स्थानीय तह बीच समन्वय र साझेदारीलाई प्रभावकारी बनाउन नसकिएको, अन्तर सरकारी तथा अन्तर स्थानीय तहका इच्छाशक्ति एकिकृत गर्न नसकिएको, गाउँपालिकाको आन्तरिक स्रोतले तटबन्ध निर्माण गरी खोला किनारा तथा जलाधार संरक्षण गर्न सक्ने अवस्था नरहेको, संघीय तथा प्रदेश सरकार बाट यस क्षेत्रकालागी प्राप्त हुने रकम ज्यादै न्यून रहेको, प्राकृतिक प्रकोपले पार्ने क्षतिको आँकडाको बस्तुगत अवस्थाका बारेमा पूर्वानुमान गर्न सक्ने व्यवस्था गर्न नसकिएको, खोलानालाले खेतीयोग्य जमिन कटान गर्ने गरेको, विपन्न तथा सुकुम्बासी बसोबास गरिरहेका खोला किनार क्षेत्रमा वर्षायाममा बाढी कटान गरी नियमित रुपमा नोक्सानी पुऱ्याउने गरेको लगायतका समस्या रहेका छन्।

##### ७.२.२.२.चुनौती

खोलानाला बाट अनाधिकृत रुपमा निकालीने ढुङ्गा, गिट्टी तथा बालुवाको नियन्त्रण गर्न वातावरण प्रभाव मुल्याङ्कन वातावरणीय अध्ययन वास्तविक धरातलिया यथार्थ बमोजिमको बनाउन भू-संरक्षण तथा जलाधार व्यवस्थापन सँग सम्बन्धित पूर्वाधार विकास र व्यवस्थापन बिच संघीय तथा प्रदेश सरकार साथै सरोकारवाला स्थानीय तह बिच समन्वय र साझेदारीलाई प्रभावकारी बनाउन अन्तर सरकारी तथा अन्तर स्थानीय तहका इच्छाशक्ति एकिकृत गर्न, गाउँपालिकाको आन्तरिक स्रोत पर्याप्त पार्न तथा संघीय तथा प्रदेश सरकार बाट यस क्षेत्रकालागी प्राप्त हुने रकम बढोत्तरी हुने वातावरण सिर्जना गर्ने प्राकृतिक प्रकोपले पार्ने क्षतिको आँकडाको बस्तुगत अवस्थाकाबारेमा पूर्वानुमान गर्ने साथै न्युनलागतमा गुणस्तरीय पूर्वाधारको निर्माण व्यवस्थापन गर्ने जस्ता कार्य यस क्षेत्रका चुनौतिको रुपमा रहेका छन्।

### ७.२.३ सम्भावना तथा अवसर

यस पालिका क्षेत्र भित्रका खोलानाला, सिमसार पोखरीहरुलाई प्राकृतिक उपहारको रुपमा स्वीकार गरी तिनको संरक्षण र सम्बर्द्धन बाट यस पालिकाको दिगो आयको आधारमा निर्माण गर्दै आर्थिक समृद्धि निर्माण गर्न सकिने सम्भावना रहेको अवस्था छ। वर्तमान समस्या र चुनौतिको सहज समाधान गरी तिनलाई आर्थिक रुपान्तरण र स्थानीयबासीको जीवनस्तर माथि उठाउने साधनको रुपमा उपयोग गर्न सके यी क्षेत्र र स्थानबाट गाउँपालिकाले आन्तरिक आयमा पर्याप्त वृद्धि गर्न सक्ने र उक्त आयलाई गाउँपालिकाको विकास निर्माण र सेवा प्रवाहमा प्रयोग गर्न सकिने सम्भावना र अवसर रहेका छन्।

### ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ७.२.४.१ लक्ष्य

तटबन्ध निर्माण, वृक्षारोपणले नदि तथा खोला जन्य उत्खननको नियमन साथै प्राकृतिक प्रकोपका कारण हुने भू-क्षय न्यूनीकरण तथा व्यवस्थापनकालागि पुर्व तयारी समेतका प्रबन्ध गरी सिद्ध कुमाख गाउँपालिका प्राकृतिक प्रकोप भू-क्षय न्यून प्रभावित क्षेत्रको रुपमा स्थापित गर्ने साथै विद्यमान जलाधारको उपयुक्त व्यवस्थापन बाट गाउँपालिकाको आन्तरिक आयमा गणनायोग्य योगदान पुऱ्याउने।

#### ७.२.४.३ उद्देश्य

- भू-संरक्षण तथा जलाधार व्यवस्थापनको माध्यम बाट उर्वर क्षति न्यूनीकरण गर्ने
- खोला किनारमा बालउद्यान तथा पार्क र कोरिडोर जस्ता संरचनाको विकासका साथ जलाधार व्यवस्थापन बाट पालिका क्षेत्रमा भईरहेको तथा सम्भावित आर्थिक तथा सामाजिक क्षति न्यूनीकरण गर्ने
- विद्यमान जलाधारलाई यस गाउँपालिकाको प्राकृतिक देनको रुपमा स्थापित गर्न सवै सरोकारवालाको साझेदारी स्थापित गर्ने

#### ७.२.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

| क्र.सं. | रणनीति | क्रियाकलाप (कार्यक्रम तथा आयोजना) |
|---|---|---|
| १ | भू-संरक्षण तथा जलाधार व्यवस्थापनलाई दिगो बनाउनुको साथै कटान साथै बाढी जन्य जोखिमको दिगो एवं भरपर्दो व्यवस्थापनका लागि संरचनागत तथा गैर संरचनागत प्रविधिको उपयोग गर्ने | • जोखिमयुक्त क्षेत्रको लागत सङ्कलन गर्ने<br>• आवश्यक ऐन, नियम निर्देशिका तथा कार्यविधि निर्माण गर्ने<br>• भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी एकिकृत गुरु योजना निर्माण गर्ने<br>• गाउँपालिका स्तरीय जलाधार संरक्षण तथा व्यवस्थापन समितिको निर्माण गर्ने<br>• गाउँपालिका क्षेत्र भित्र खोलानालामा प्राथमिकताका आधारमा आवश्यक तटबन्ध निर्माण गर्ने<br>• खोला किनारका आवश्यक स्थानमा वृक्षारोपण गर्ने<br>• खोला क्षेत्रको अनाधिकृत दोहनलाई पूर्ण रुपमा नियन्त्रण गर्ने |
| २ | भू-संरक्षण र जलाधार व्यवस्थापनकालागि जनचेतना | • भू-क्षय र जलाधारको व्यवस्थापन साथै खोलानको अनाधिकृत दोहन बाट निम्तन सक्ने जोखिमको बारेमा जनचेतना |

| | | |
|---|---|---|
| | अभिवृद्धि गर्नको साथै स्थानीय साझेदारी विकास र व्यवस्थापन गर्ने | कार्यक्रम सञ्चालन गर्ने<br>• सहयोगी र साझेदारहरुको पहिचान गरी सहभागी गराउने साथै जलाधार संरक्षण र व्यवस्थापनकालागि संघीय तथा प्रदेश सरकार सँग समन्वय गर्ने |

### ७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका जानकारीका श्रोत र साधन तथा जोखिम पक्षको सामान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्तृत विवरण तालिका नं. ७.३ मा समावेश गरिएको छ।

#### ७.२.५.१ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आवधिक योजना अवधि भित्र पालिका भित्रका जोखिमपूर्ण जलाधार क्षेत्रमा आवश्यक तटबन्ध र वृक्षारोपण समेतको कार्य भई वर्तमान भू-क्षयको दर ५५ प्रतिशतले घटेको हुने साथै बाढी पहिरो बाट मानव तथा मानवबस्तीमा हुने क्षति ९० प्रतिशत घटेको हुनेछ।

#### ७.२.५.२ नतिजा/सूचक

- सम्भावित भू-क्षय हुन सक्ने जोखिम युक्त स्थानको लागत सङ्कलन तथा अभिलेखीकरण गरी उच्च जोखिम, मध्यम जोखिम र सामान्य जोखिमका क्षेत्रमा विभाजन गरी विवरण अद्यावधिक भएको हुनेछ
- भू-संरक्षण तथा जलाधार संरक्षण कोष सञ्चालन व्यवस्थापन कार्यविधि समेत तयार भई कार्यान्वयनमा आएको हुनेछ
- सम्भावित बाढीको प्रकोप रहन सक्ने मुख्य स्थानीय खोला किनारमा वृक्षारोपण सहित संघीय तथा प्रदेश सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा उच्च जोखिमयुक्त स्थानमा निर्माण स्रोत र साधनको पर्याप्तता रहनुको साथै प्राकृतिक प्रकोपको प्रभाव न्यून रहेको हुनेछ।

### ७.२.६ अनुमान तथा जोखिम पक्ष

गाउँपालिका, संघीय तथा प्रदेश सरकार, स्थानीयबासि लगायत विकास साझेदारको सहयोगमा जोखिमयुक्त क्षेत्र र स्थानमा तटबन्ध निर्माण गरिएको हुनेछ। भू-संरक्षण तथा जलाधार व्यवस्थापनकालागि आर्थिक तथा भौतिक स्रोत र साधनको पर्याप्तता रहनु साथै प्राकृतिक प्रकोपको प्रभाव न्यून रहेको हुनेछ।

#### ७.२.६.१ जानकारीका स्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

| क्र.सं. | योजनाको समूहगत शिर्षक | सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत | योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी | योजना सञ्चालन व्यवस्थापनमा आइपर्न सक्ने पुर्वानुमन तथा जोखिम पक्ष |
|---|---|---|---|---|
| १ | भु-संरक्षण तथा जलाधार व्यवस्थापन | गाउँसभाको निर्णय पुस्तिका<br>गाउँ कार्यपालिकाको निर्णय पुस्तिका<br>गाउँपालिकाको योजना | १.प्रमुख जिम्मेवारी<br>गाउँ कार्यपालिका<br>स्थानीयबासी<br>वातावरण शाखा | विद्यमान नीति, ऐन, नियम तथा कानून<br>स्रोत र साधनको अभाव<br>यन्त्र उपकरणको |

| | | | | |
|---|---|---|---|---|
| | | पुस्तिका<br>योजना/वातावरण शाखाको अभिलेख<br>संघीय तथा प्रदेश सरकारका अभिलेख<br>स्थलगत अवस्था<br>वडा समितिको अभिलेख<br>सञ्चार स्रोत<br>गाउँपालिकाको वेबसाइट | उपभोक्ता समिति<br>२.सहयोगी<br>सम्बन्धित वडा समितिको कार्यालय<br>संघीय तथा प्रदेश सरकार<br>विकास साझेदार<br>स्थानीय सरोकारवाला व्यक्ति वा समुदाय<br>टोल विकास वा सामुदायिक संघ संस्था<br>निजी क्षेत्र | अभाव<br>सहयोग तथा साझेदार संघ संस्था<br>उपयुक्त प्रविधिको अभाव<br>निर्माण सामग्रीको अपर्याप्तता तथा अभाव<br>दक्ष जनशक्तिको अभाव |

तालिका नं. ७.२ प्रमुख योजना तथा कार्यक्रम

जल उत्पन्न प्रकोप नियन्त्रण

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको | इकाई | कार्यान्वयन हुने स्थान | ५ वर्षको लक्ष्य | | | | | लक्ष्य | अनुमानित लागत रु. | लागत व्यहोर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | | | |
| वडा नं. १ | | | | | | | | | | | |
| २ | बाढी पहिरो न्युनिकरणका लागि वृक्षारोपन गर्ने | पटक | वडा नं. १ | | | | | | | ५०,००० | |
| वडा नं. २ | | | | | | | | | | | |
| १ | पहिरो जाने सम्भाव्य ठाउँमा वृक्षरोपन गर्ने | वर्ष | वडा नं. २ | | | | | | | २५,००० | |
| वडा नं. ३ | | | | | | | | | | | |
| १ | जलउत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी जनचेतना | वर्ष | वडा नं. ३ | | | | | | | ५०,००० | |
| २ | प्रत्येक सडकका नाला निर्माण | वर्ष | वडा नं. ३ | | | | | | | ५,००,००० | |
| ३ | जोखिमपूर्ण खोला नालामा तटबन्धन तथा जालिको व्यवस्था | वर्ष | वडा नं. ३ | | | | | | | ५,००,००० | |
| वडा नं. ४ | | | | | | | | | | | |
| १ | बाढी पहिरो न्युनिकरणका लागि वृक्षारोपन गर्ने | पटक | वडा नं. ४ | | | | | | | ५०,००० | |
| वडा नं. ५ | | | | | | | | | | | |
| १ | जोखिमपूर्ण खोला नालामा तटबन्धन तथा जालिको व्यवस्था | पटक | वडा नं. ५ | | | | | | | ५०,००० | |
| | | | | | | | | | | | |

## ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

वातावरण संरक्षण र व्यवस्थापन विश्वव्यापी रुपमा स्वीकारीएको एक जटिल, बहुक्षेत्रीय र बहुआयामिक विषय क्षेत्र भएकोले यसको व्यवस्थापनमा प्रत्येक व्यक्ति, स्थानीय तह (स्थानीय सरकार) संघीय तथा प्रादेशिक सरकार वा तिनका निकाय र क्षेत्रको अहम भूमिका, जिम्मेवारी, सहयोग र सहकार्य एक अनिवार्य र अपरिवर्तनिय शर्त हो। दिन प्रतिदिन बढ्दै गएको वातावरण विनास अनियन्त्रित मानव क्रियाकलापको उपज हो। वातावरण व्यवस्थापन मानव जीवन सँग प्रत्यक्ष जोडिएको विषय हो। दैनिक रुपमा अनियन्त्रित तवरले बढ्दै गएका मानवीय क्रियाकलापका कारण वातावरणमा दिन प्रतिदिन जोखिम निम्ति रहेको अवस्था छ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वास्थ्य वातावरणमा बाँच्न पाउने गरी मौलिक हकको व्यवस्था गरेको छ। तसर्थ संविधानमा भएको यस जिम्मेवारीलाई स्थानीय सरकारको हैसियतमा पुरा गर्न सिद्ध कुमाख गाउँपालिकाले विगत वर्षहरुबाटै वातावरण संरक्षण र व्यवस्थापनका निम्ति नीतिगत निर्णयका साथ कार्यान्वयनको क्षेत्रमा अघि बढेको अवस्था छ। प्रदुषण रोकथाम र नियन्त्रणका माध्यम बाट वातावरण संरक्षणलाई टेवा पुऱ्याउन ध्वनि, जल जमिन र वायु सँग सम्बन्धित केहि मापदण्ड निर्धारण भई कार्यान्वयनमा आएका छन्।

संघीय सरकार बाट जारी भएको वातावरणमैत्री स्थानीय शासन सम्बन्धि प्रारूप समेतको प्रभावकारी कार्यान्वयन गर्ने नीतिगत व्यवस्था सहित गाउँपालिका भित्रका मुख्य सडक र शाखा सडकका दुवै किनारा लगायतका सम्भाब्य स्थानमा वृक्षारोपण गर्ने, वातावरण मैत्री स्थानीय शासनलाई प्रबर्द्धनका लागि हरित सिद्ध कुमाख नामक अभियान सञ्चालन गर्ने घरपरिवार तथा उद्योग, व्यापार र व्यवसायबाट निस्कने फोहोरमैला तथा धुलो धुवाँ स्वास्थ्य लाई प्रतिकुल असर गर्ने सवै खाले प्रदुषणलाई न्यूनीकरण गर्न सरोकारवाला सँग समय समयमा छलफल तथा अन्तरक्रिया गर्ने, घरपरिवार लगायत बाट निस्कने फोहोरमैला निश्चित स्थानमा मात्र फाल्न पाईने, जैविक विविधता र श्रोतको संरक्षण लगायतका वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गरी त्यसलाई न्यायोचित विवरण सुनिश्चित गर्ने जस्ता कार्यहरु कार्यान्वयन गर्दै आएको छ।

### ७.३.२ समस्या तथा चुनौती

#### ७.३.२.१ समस्या

फोहोरमैला व्यवस्थापनको उपयुक्त र व्यवस्थित क्षेत्र वा स्थलको अभाव रहनु, वर्तमानमा समेत फोहोरमैलालाई प्रयोग गरी मानव जीवन उपयोग बस्तुमा परिवर्तन गर्न सकिने स्थानीयबासीको चेतना विकास सहित फोहोरमैला प्रशोधन केन्द्रको स्थापना गर्न नसक्नु, फोहोर उत्पादक वा जन्मजात मानव स्वयम् भएको पनि यसको व्यवस्थापनमा आफ्नो कर्तव्य र जिम्मेवारी बाट पन्छिनु साथै बोध नगर्नु, स्थानियबासीका अनियन्त्रित क्रियाकलापका कारण फोहोरमैला सडक किनारा, खाली जमिन, खोला किनारा, पोखरी छेउ लगायतका स्थानमा यत्रतत्र फाल्ने गरेको कारण जल तथा जमिनमा प्रदुषणको मात्रा बढ्दै जानु, फोहोरको वर्गीकरण गरेर मात्र आफ्नो कार्यस्थल बाहिर निकाल्ने कार्यको दिगो नियम तथा व्यवस्थापन गर्न नसक्नु, परम्परागत धर्म, संस्कृति र रितिरिवाजका कारण विभिन्न सामाजिक क्रियाकलापमा प्रयोग हुने माइक, सवारी तथा ढुवानीका साधनमा प्रयोगमा भएका प्रेसर हर्न लगायतका कारण अत्याधिक ध्वनि प्रदुषण बढ्दै जानु निर्धारित मापदण्ड बाहिरका सवारी तथा ढुवानीका साधनको प्रयोगका कारण तिनबाट निस्कने धुँवाका कारण

वायुमण्डल प्रदुषित हुनु, कृषि तथा पशुबालीमा अत्याधिक मात्रामा रसायनहरुको प्रयोग भईरहनु, अनुगमन प्रणालीलाई व्यवस्थित र विश्वाशिलो तुल्याउन नसक्नु, भौतिक पूर्वाधार निर्माण र विकास क्रमका कारण भइरहेका हरियाली क्षेत्र क्रमिक रुपले नासहुँदै जानु गाउँपालिकाका मुख्य र अतिआवश्यक क्षेत्र तथा स्थानमा सार्वजनिक शौचालयको उपयुक्त व्यवस्थापन गर्न नसक्दा खुला सचको प्रभाव र असर रहिरहनु साथै संघीय तथा प्रदेश सरकार, स्थानीय सरोकारवाला संघ संस्था र स्थानीय सरकार बीच उपयुक्त समन्वय र संयन्त्रको विकास हुन नसक्नु साथै स्थानीय सरकारको हैसियतमा निर्वाह गर्नु पर्ने जिम्मेवारी बमोजीम गाउँपालिकाको स्रोत साधनको क्षमता न्यून हुन यस क्षेत्रका समस्याहरु रहेका छन्।

### ७.३.२.२ चुनौती

फोहोरमैला व्यवस्थापनको उपयुक्त र व्यवस्थित क्षेत्र वा स्थलको व्यवस्थापन गर्ने, प्लाष्टिक तथा अस्पताल जन्य फोहोरमैलाको उचित व्यवस्थापन गर्ने, फोहोरमैला प्रशोधन केन्द्रको स्थापना, सञ्चालन तथा व्यवस्थित गर्ने, आफुले उत्पादन गरेको फोहोरमैलालाई वर्गीकरण गरी गाउँपालिकाले निर्धारण गरेको समय र स्थानमा मात्र विषर्जन गर्ने बानीको विकास गर्ने, बजारका मूख्य र महत्वपूर्ण स्थान र क्षेत्रमा सार्वजनिक शौचालयका लागि जग्गाको व्यवस्थापन गर्ने, अवैज्ञानिक तथा अव्यवहारिक मानवीय क्रियाकलाप निरुत्साहित गर्ने, वातावरण संरक्षण प्रति नागरिकको दायित्व बोध गराउने, वायु, जल तथा जमिनमा हुने प्रदुषण रोक्ने, वायु प्रदुषणको मापनका लागि यन्त्र उपकरणको व्यवस्था गर्ने गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका २० वर्ष भन्दा पुराना सवारी तथा ढुवानीका साधनको प्रयोग रोक लगाउने, सवारी तथा ढुवानीका साधनमा प्रयोग भएका प्रेसर हर्नको नियन्त्रण गर्ने कृषि तथा पशुबालीमा हुने रसायनको नियन्त्रण गर्ने, वातावरण प्रदुषण गर्ने गराउने बाट दायित्व वहन गराउने, अनुगमन प्रणालीमा सवै सरोकारवाला लाई नियमित बनाउने, संघीय तथा प्रदेश सरकार, स्थानीय सरोकारवाला संघ संस्था र स्थानीय सरकार बीच समन्वय र संयन्त्रको विकास गर्ने साथै स्थानीय सरकारको हैसियतमा निर्वाह गर्नु पर्ने जिम्मेवारी बमोजिम गाउँपालिकालाई स्रोत साधनयुक्त बनाउने कार्य वर्तमानमा यस क्षेत्रका प्रमुख चुनौतिका रुपमा रहेका छन्।

### ७.३.३. संभावना तथा अवसर

स्वच्छ तथा स्वस्थ वातावारणको अनिवार्य व्यवस्थालाई संविधानले मौलिक हकको रुपम स्थापित गर्नु, वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापनमा सर्वसाधारण नागरिक, उद्योगी, व्यापारी तथा व्यवसायिको दायित्व स्थापित हुदै जानु, जग्गा जमिन प्रसस्त रहेकै बेला फोहोरमैला प्रशोधन केन्द्रका लागि जग्गाको व्यवस्थापनमा गाउँपालिका क्रियाशील हुनु, फोहोरमैलाको उपयुक्त प्रशोधन गरी मानव उपयोगी बस्तु (ग्यास, प्राङ्गारिक मल तथा अन्य बस्तु) उत्पादन कार्यमा छिमेकी स्थानीय तह सँग समन्वयात्मक साझेदारीको वातावरण बन्दै जानु, वातावरणीय स्वच्छताका लागि सवै सरोकारवालाहरुले आफ्ना क्रियाकलाप लाई केन्द्रिकृत गर्दै जानु साथै जनचासोमा वृद्धि हुदै जानु, सरसफाई अभियान कर्ताको फोहोरमैला व्यवस्थापनमा सहयोगी र सकारात्मक भावनाका साथ कर्यान्वयनमा रहनु, वातावरण प्रदुषण कर्ताले नै दायित्व निर्वाह गर्नु पर्ने विश्वव्यापि मान्यता स्थानीय स्तरमा स्थापित हुदै जानु, पर्यटन विकासको माध्यम बाट अर्थतन्त्रमा योगदान पुऱ्याउने कार्यमा स्वच्छ तथा स्वस्थ वातावारणको भूमिका क्रमश स्थापित हुदै जानु संघीय तथा प्रदेश सरकारका सम्बन्धित निकाय तथा विभागहरु स्थानीय तहहरु सँग समन्वय र साझेदारीका लागि तयार रहनु, फोहोरमैला लाई कच्चा पदार्थको रुपमा प्रयोग गरी बस्तु तथा सेवाको उत्पादन र विक्रि वितिरण बाट रोजगारी सिर्जना गर्ने साथै अर्थतन्त्रमा योगदान गर्ने कुरामा संघीय तथा प्रदेश सरकार सहमत हुदै जानु

वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा स्थानीय तहको समन्वयात्मक कार्यजालो स्थापित हुदै जानु वर्तमानमा सम्भावना र अवसर रहेका छन्।

### ७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ७.३.४.१ लक्ष्य

फोहोरमैला प्रशोधन तथा व्यवस्थापन स्थल तथा केन्द्रको सञ्चालन व्यवस्थापन गरी गाउँपालिका क्षेत्र भित्रको फोहोरमैलाको उचित व्यवस्थापन, प्रदुषण नियन्त्रण र वातावरण संरक्षणका साथ गाउँपालिका बासीको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने संवैधानिक अधिकारको सुनिश्चितता गर्ने।

#### ७.३.४.२ उद्देश्य

- वातावरण संरक्षण र प्रदुषण नियन्त्रणका लागि अति आवश्यक रहेका आवश्यक रहेका स्थानीय ऐन कानूनको निर्माण गरी कार्यान्वयनमा ल्याउने
- प्रदुषण नियन्त्रण सहितको पालिका स्तरीय वातावरण व्यवस्थापनका लागि स्थानीय स्तरका सवै सरोकारवालाको प्रतिनिधित्व रहने गरी प्रभावकारी संरचना निर्माण गर्ने
- जनचेतना विकास गरी वातावरण संरक्षणमा आम गाउँबासीको सहभागिताको सुनिश्चितता गर्ने साथै घरपरिवार, उद्योग, व्यापार व्यवसायिक तथा सेवाका क्षेत्र समेत बाट सिर्जित फोहोरमैलाको उचित र उपयुक्त व्यवस्थापन गर्ने
- पालिका क्षेत्र भित्रका सवै प्रकृति र स्वरूपका पूर्वाधार निर्माण विकास र प्राकृतिक वातावरण बिच सन्तुलन कायम गर्ने
- जल, वायु ध्वनि तथा विकिरण समेतका प्रदुषणको नियन्त्रण गर्ने

#### ७.३.४.३ रणनीति, कार्यत्रम तथा आयोजना

| क्र.सं. | रणनीति | क्रियाकलाप (कार्यक्रम तथा आयोजना) |
|---|---|---|
| १ | फोहोरमैलाको उपयुक्त प्रशोधन बाट मानव उपयोगिता वस्तु तथा सेवाको उत्पादन गर्ने साथै यस कार्यकालागि नविन प्रविधिको प्रयोग सहित निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गर्ने | • वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धि आवश्यक स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधि लगायत नीति निर्माण गर्ने<br>• गाउँपालिका क्षेत्र भित्र दैनिक रुपमा उत्पादन हुने फोहोर र तिनको प्राकृतिको तथ्याङ्क निकाल्ने<br>• वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन र प्रदुषण नियन्त्रण गुरुयोजना तयार गर्ने<br>• फोहोरमैला प्रशोधन केन्द्रकालागि आवश्यक जग्गा जमिनको व्यवस्थापन, स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने साथै फोहोरमैला प्रशोधन गरी सम्भाव्य बस्तुको उत्पादन गरी बजारीकरण गर्ने<br>• सडक किनारा, सार्वजनिक स्थल, खाली रहेका जग्गा जमिन, खोला किनार पोखरी, पार्क ताल सिमसार क्षेत्रमा फोहोर फाल्न प्रतिबन्ध लगाउने |

| | | |
|---|---|---|
| | | • स्थानीय खोला नालामा हुने गरेको फोहोरको नियन्त्रण गरी खोला बग्ने पानीलाई उपयोग योग्य बनाउने<br>• फोहोरमैला व्यवस्थापन तथा यसको उपयोग सम्बन्धि जनचेतनामुलक तालिम, गोष्ठी तथा सेमिनारहरु सञ्चालन गर्ने<br>• सवै घरपरिवार, पर्यटन तथा सार्वजनिक स्थल लगायत व्यवसायिक र व्यापारिक प्रतिष्ठानमा फोहोरमैला लाई प्रकृति अनुसार कुहिने नकुहिने र पुनचक्र हुने नहुने गरी अलग राख्ने तथा छुट्याउने व्यवस्था मिलाउने<br>• फोहोरमैला प्रशोधनको कार्य सञ्चालन नहुँदा सम्म गाउँपालिकाका सम्भाव्य सवै वडाहरुमा (विशेषत मुख्य बजार केन्द्र) सामुदायिक कम्पोष्ट प्लान्टको स्थापना र विकास गर्ने साथै कृषि उत्पादनमा कम्पोष्ट मलको प्रयोगलाई अनिवार्य गर्ने<br>• sanitary landfill side को सम्भाव्यता अध्ययन गरी आवश्यक पूर्वाधारको निर्माण गर्ने<br>• बजार क्षेत्र बाहेकका स्थानमा सहयोगी संस्था सँगको साझेदारी तथा समन्वयमा घरघरमा कम्पोष्ट तथा खाल्डे कम्पोष्ट प्रविधिको प्रयोग गर्ने साथै फोहोरको उत्पादनमानै कमी ल्याउने<br>• फोहोरमैला प्रशोधन केन्द्र सञ्चालनमा नआउदा सम्मकालागि उपयुक्त स्थानमा ल्याडफिल साइड वा डम्पीङ्ग साईडको व्यवस्था गर्ने<br>• गाउँपालिका क्षेत्रमा रहेका मुख्य बजार क्षेत्रमा समय तालिकाका आधारमा सवै घरधुरी व्यापारिक तथा व्यवसायिक प्रतिष्ठान बाट फोहोरमैला सङ्कलन, सुरक्षित ढुवानी र विसर्जन गर्ने साथै सडक सफाई लाई नियमित र व्यवस्थित गर्ने<br>• फोहोरमैला व्यवस्थापनकालागि आवश्यक जनशक्तिको थप व्यवस्थापन गर्ने<br>• आफुले उत्पादन गरेको फोहोरमैलाको व्यवस्थापन आफै गर्नु पर्ने व्यवस्था मिलाउने<br>• फोहोरमैला उत्पादनका आधारमा सफाई शुल्कको व्यवस्था गरी तोकिएको क्षेत्र र स्थान बाहेकका ठाउँमा जथाभावी फोहोरमैला फाल्नेलाई आवश्यक दण्डजरिवानाको व्यवस्था गर्ने<br>• फोहोरमैलाको सुरक्षित ढुवानीकालागि मुख्य बजार केन्द्रलाई लक्षित गरी पालिकामा आवश्यक मात्रामा उपयुक्त फोहोरमैला ढुवानीका साधन खरिद गरी सञ्चालनमा ल्याउने<br>• ५ के.जि भन्दा माथिको खाद्यान्नको प्याकिङमा अनिवार्य जुट तथा कपडाको थैलीको प्रयोग गर्नु पर्ने साथै २० माइक्रोन भन्दा |

| | | |
|---|---|---|
| | | कमका प्लास्टिक झोला तथा थैलाको प्रयोगमा पूर्ण प्रतिबन्ध लाग्ने गरी कार्यक्रमको सुरुवात गर्ने<br>• प्रत्येक घरपरिवार, विद्यालय र सार्वजनिक तथा पर्यटकीय स्थल, बसपार्कहरुमा फोहोरमैला व्यवस्थापनका लागि विशेष अभियान सञ्चालन गर्ने<br>• अस्पताल तथा स्वास्थ्य चौकी वा केन्द्र जन्य फोहोरमैलाको उपयुक्त र सुरक्षित व्यवस्थापनकालागि इन्सिनरेटरको प्रयोगमा अन्य स्थानीय तह वा स्वास्थ्य संस्थाहरु सँग समन्वय र साझेदारी गर्ने<br>• ढल तथा नाला निर्माण गर्दा अनिवार्य ढक्कनको व्यवस्था गर्ने साथै खुल्ला ढल तथा नालालाई अनिवार्य ढक्कन लगाउने तथा सुरक्षित र वातावरण मैत्री बनाउने<br>• औद्योगिक भवन तथा सामुदायिक र संस्थागत भवनको नक्सा पास गर्दा फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षण कार्यविधिमा भएको व्यवस्था बमोजिम मात्र जाँच पास गर्ने<br>• पूर्ण सरसफाई र वातावरण मैत्री टोल तथा वडा को थप व्यवस्थापन गरी समग्र गाउँपालिकालाई वातावरण मैत्री गाउँपालिकाको रुपमा स्थापित गर्ने<br>• सवै वडाका मुख्य बजार केन्द्रमा एक एक वटा सुविधा सहितका पशु बधस्थलको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्ने |
| २ | राष्ट्रिय मापदण्डका आधारमा जल, वायु, ध्वनि, विकिरणजन्य तथा घातक फोहोरमैला नियन्त्रण गरी प्रदुषणको रोकथाम गर्ने | • खोलानाला, पोखरी तथा तलाउ साथै सिमसार क्षेत्रको पानी परिक्षणको व्यवस्था गर्ने र स्रोत को संरक्षण गर्ने<br>• यातायातका साधनबाट हुने वायु तथा ध्वनि प्रदुषण नियन्त्रण गर्ने साथै नियमित प्रदुषण निरीक्षण कार्यक्रम सञ्चालन गर्ने तथा वातावरण सुरक्षित स्टिकर अनिवार्य गर्ने<br>• गाउँपालिकाका सवै वडामा गरिब तथा बिपन्न वर्ग तथा समुदायका परिवारलाई विशेष सहुलियत प्रदान गरी सुधारिएको चुलो वितरण गर्ने तथा वायो ग्यास प्लान्ट निर्माणमा जोड़ दिने<br>• विद्यालय तथा शिक्षालयको वरिपरी, सार्वजनिक स्थान, अस्पताल, मन्दिर, गुम्बा लगायतका स्थान तथा स्थल साथै भोज भतेर र विवाह र उत्सवमा अन्य सर्वसाधारण, छिमेकी तथा बालबालिकालाई असर गर्ने गरी प्रेसर हर्न, माइक साथै गाउँपालिका क्षेत्र भित्र डिजेबाजाको प्रयोगमा प्रतिबन्ध लगाउने<br>• गाउँपालिका क्षेत्र भित्र आपतकालीन अवस्थामा बाहेक साइरन बजाउन प्रतिबन्ध लगाउने<br>• प्रदुषण रहित इलेक्ट्रिक यातायातका साधनहरुको प्रयोगमा |

| | | |
|---|---|---|
| | | गाउँपालिकाको अधिकार क्षेत्र भित्र रही विशेष सहुलियत प्रदान गर्ने<br>• उद्योगहरुले प्रयोग गर्ने चिम्नीको न्युनतम उचाई सम्बन्धि नियम तयार गरी कार्यान्वयनमा ल्याउने<br>• पालिकामा र सम्भव भएका वडाहरुमा पृथ्वी दिवस, पानी दिवस, वातावरण दिवस तथा सरसफाई दिवस मनाउने<br>• वातावरण संरक्षण तथा व्यवस्थापनका विषयमा सरोकारवालाको क्षमता विकास गर्ने<br>• गाउँपालिकाले निर्धारण गरेको क्षेत्र, स्थान र समय सिमा बाहेकका स्थानमा जथाभावी फोहोर गर्ने वा फाल्नेको सूचना दिनेको हकमा गोपनीयता कायम गरी पुरस्कारको व्यवस्था गर्ने |
| ३ | पूर्वाधार निर्माण र वातावरणबीच सन्तुलन कायम गर्न पालिका क्षेत्र भित्र वातावरण प्रभाव मुल्याङ्कन/वातावारिणीय अध्ययनलाई पूर्वाधार निर्माणको अभिन्न अङ्ग बनाउने | • सबै प्रकारका भौतिक संरचना निर्माण अघि वातावरणीय अध्ययन अनिवार्य गर्ने<br>• हरियाली प्रवर्द्धनकालागि वृक्षारोपण गर्ने तथा पुष्प बाटिका निर्माण व्यवस्थापन गर्ने<br>• सामुदायिक वन क्षेत्र बाट कुनै एक रुख तथा विरुवा काटेमा वा हटाएमा त्यसको सट्टामा थप १० वटा रुख तथा विरुवा रोप्नै पर्ने बाध्यकारी व्यवस्था गर्ने<br>• सम्बन्धित सरोकारवालाको क्षमता विकास गर्ने<br>• अनुगमन तथा मुल्याङ्कन विधि र प्रक्रियालाई प्रभावकारी बनाउने |

### ७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारी स्रोत र अनुमान तथा जोखिम पक्षको सामान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्तृत विवरण तालिका नं. ७.३ मा समावेश गरिएको छ।

#### ७.३.५.१ अपेक्षित प्रतिफल तथा उपलब्धि

फोहोरमैला प्रशोधन केन्द्रको स्थापना भई फोहोरमैलाको उपयुक्त प्रशोधनबाट बस्तुको उत्पादन, रोजगारीको सिर्जना र वातावरणमा स्वच्छता हुनेछ जल वायु तथा ध्वनि प्रदुषणमा कमी आउनुको साथै प्रदुषणका कारण गाउँपालिकाबासि तथा पशुपंक्षी र बन्यजन्तुको स्वास्थ्यमा पर्न जाने प्रतिकुल असर बाट सम्पूर्ण प्राणि जगत सुरक्षित भएको हुनेछन।

#### ७.३.५.२ नतिजा/सूचक

१. फोहोरमैला व्यवस्थापन

- फोहोरमैला प्रशोधन केन्द्रको स्थापना भई पूर्ण कार्यान्वयनमा नआउदाका बखत सम्म अस्थाई फोहोरमैला व्यवस्थापन सुरक्षित ल्याण्डफिल साइडहरु वा डम्पिङ्ग साईडहरुको व्यवस्थापन भई कार्यान्वयन आएको हुनेछ

- फोहोरमैलाको उचित र उपयुक्त व्यवस्थापन बाट गाउँपालिका स्वास्थ, सफा र व्यवस्थित भएको हुनेछ साथै सडक पेटी किनारमा फोहोरमैला फाल्ने प्रक्रिया र पद्धतिको अन्त्य भएको हुनेछ।
- वातावरण संरक्षण तथा सम्वर्द्धन
- खाना पकाउने इन्धनको रुपमा दाउराको प्रयोग गरिरहेका सम्पूर्ण घर परिवारले सुधारिएको चुलोको प्रयोग गरेका हुनेछन
- खोला, पोखरी तथा नालामा जल प्रदुषण सम्बन्धि समस्यामा कमी आई सफा पानीको प्रवाह हुनुको साथै जल तथा थल चर पशुपन्छीका लागि पिउन योग्य प्रवाह भएको हुनेछ
- सवै खाले ध्वनि प्रदुषण सँग सम्बन्धित वस्तु तथा साधनको प्रयोगमा रोक लागेको हुनेछ साथै ध्वनि प्रदुषणका कारण मानिसको मुटुमा तथा सुन्ने शक्तिमा पर्ने असर लगायत बालबालिकाको पठन पाठनमा पुग्न गएको क्षति न्यूनीकरण भएको हुनेछ

### ७.३.६ अनुमान तथा जोखिम पक्ष

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापनका लागि गाउँपालिका, संघीय तथा प्रदेश सरकार, स्थानीय गाउँपालिकाबासी, उद्योगी, व्यापारी तथा व्यवसायिको सझेदार र समन्वय विकास भएको हुनेछ। आवश्यक स्रोत र साधनको उपलब्धताको सुनिश्चितता भएको हुनेछ।

### ७.३.६.१ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

| क्र.सं. | योजनाको समूहगत शिर्षक | सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत | योजना सञ्चालन व्यवस्थापन हो जिम्मेवारी | योजना सञ्चालन व्यवस्थापनमा आइपर्न सक्ने पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|
| १ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | गाउँसभाको निर्णय पुस्तिका<br>गाउँ कार्यपालिकाको निर्णय पुस्तिका<br>गाउँपालिकाको योजना पुस्तिका<br>योजना तथा वातावरण शाखाको अभिलेख<br>संघीय तथा प्रदेश सरकारका अभिलेख<br>स्थलगत अवस्था<br>वडा समितिको अभिलेख<br>सञ्चार स्रोत<br>गाउँपालिकाको वेबसाइट | १.प्रमुख जिम्मेवारी<br>गाउँ कार्यपालिका<br>स्थानीयबासी<br>वातावरण शाखा<br>उपभोक्ता समिति<br>२.सहयोगी<br>सम्बन्धित वडा समितिको कार्यालय<br>संघीय तथा प्रदेश सरकार<br>छिमेकी पालिकाहरु<br>विकास साझेदार स्थानीय सरोकारवाला व्यक्ति वा समुदाय<br>टोल विकास वा सामुदायिक संघ संस्था<br>निजी क्षेत्र | विद्यमान नीति, ऐन नियम तथा कानून<br>स्रोत र साधनको अभाव<br>यन्त्र उपकरणको अभाव<br>सहयोगी तथा साझेदार संघ संस्था<br>उपयुक्त प्रविधिको अभाव<br>निर्माण सामग्रीको अपर्याप्तता तथा अभाव<br>दक्ष जनशक्तिको अभाव |

तालिका नं. ७.३ प्रमुख योजना तथा कार्यक्रम

फोहोरमैला व्यवस्थापन

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको | इकाई | कार्यान्वयन हुने स्थान | ५ वर्षको लक्ष्य | | | | | लक्ष्य | अनुमानित लागत रु. | लागत व्यहोर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | | | |
| पालिका स्तरीय | | | | | | | | | | | |
| १ | नकुहिने फोहोर व्यवस्थापनको लागि डम्पिङ साइट निर्माण | वटा | पालिका भरी | | | | | | १ | १५,००,००० | |
| २ | फोहरमैला व्यवस्थापनको लागि गाडी किन्ने | वटा | पालिका भरी | | | | | | १ | २५,००,००० | |
| ३ | प्रत्येक घरमा एक पटकका लागि नकुहिने फोहोर व्यवस्थापनका लागि डस्टविनको व्यवस्था | घरधुरी | पालिका भरी | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | १०,००,००० | |
| ४ | प्रत्येक घरमा कुहिने फोहोर व्यवस्थापनका लागि अनिवार्य खाल्डो खन्ने लगाउने अभियान संचालन | पटक | पालिका भरी | १ | १ | १ | १ | १ | ५ | ५,००,००० | |
| वडा नं. १ | | | | | | | | | | | |
| १ | फोहरमैला सम्बन्धित जनचेतना मुलक कार्यक्रम | पटक | वडा नं. १ | | | | | | १ | ५०,००० | |
| वडा नं. २ | | | | | | | | | | | |
| १ | फोहरमैला व्यवस्थापन तथा अनुगमन कार्यक्रम | वर्ष | वडा नं. २ | | | | | | १ | ५०,००० | |
| वडा नं. ३ | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | फोहोरमैला व्यवस्था तथा जनचेतना कार्यक्रम | | वडा नं. ३ | | | | | | १ | ५०,००० | |
| २ | सार्वजनीक स्थानमा डस्टवीन खरिद | | वडा नं. ३ | २ | २ | २ | २ | २ | १० | ५०,००० | |
| ३ | प्लाष्टिक प्रयोग न्यूनीकरण र व्यवस्थापनका लागि सचेतना कार्यक्रम | | वडा नं. ३ | | १ | | | १ | २ | ५०,००० | |
| वडा नं. ४ | | | | | | | | | | | |
| १ | फोहोरमैला व्यवस्था तथा जनचेतना कार्यक्रम | | वडा नं. ४ | | | | | | १ | ५०,००० | |
| वडा नं. ५ | | | | | | | | | | | |
| १ | फोहोरमैला व्यवस्था तथा जनचेतना कार्यक्रम | | वडा नं. ५ | | | | | | १ | ५०,००० | |
| जम्मा | | | | | | | | | | | |

## ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थाशिलता

### ७.४.१ पृष्ठभूमि

नेपालको संविधानले प्राकृतिक प्रकोप बाट हुने सम्भावित जोखिम न्युनिकरण गर्न पूर्व सुचना, तयारी उद्धार, राहत एवं पुनरस्थापना गर्ने जस्ता विपद् व्यवस्थापन सम्बन्धि कार्यलाई स्थानीय तहको एकल अधिकार तथा संघ, प्रदेश र स्थानीय तहकोसाझा अधिकारमा राखेको अवस्था छ। उल्लेखित संवैधानिक व्यवस्था बमोजिम अन्तराष्ट्रिय सन्धि सम्झौता, अनुबन्ध, दिगो विकास लक्ष्य, पन्द्धौ योजनामा समेत स्पष्ट व्यवस्था गरी समन्वयात्मक कार्य प्रणालीको विकास गरेको अवस्था छ। पानीको उचित निकास तथा तटबन्धको उपयुक्त व्यवस्थापन हुन नसकेका कारण यस गाउँपालिका भएर बग्ने सागिनी, सतिपोले, पटारे, शारदा जस्ता खोलाबाट वर्षायाममा बाढीजन्य प्रकोपका सम्भावना उच्च रहेको छ गाउँपालिकाका क्षेत्र भित्र क्रमश आवासीय तथा व्यापारिक क्षेत्रको तिब्र विकासका कारण बढ्दै भवन लगायतक पुर्वाधारहरु निर्माण भईरहेका र यस प्रकृतिका घना वस्तीमा खुल्ला क्षेत्रको अभाव रहेका कारण आगलागी तथा भूकम्प जस्ता प्राकृतिक प्रकोप र विपत्ती बाट जोगिने तथा संरक्षित हुने स्थानको अभाव रहेको, भूकम्प प्रतिरोधक मापदण्ड बमोजिमका घर तथा भवन संरचना निर्माण गर्ने प्रवित्ती एकदमै कमजोर अवस्थामा रहेको कारण विपद् जोखिम उच्च रहेको छ। तसर्थ सिद्ध कुमाख गाउँपालिकाका क्षेत्र भित्र हुन सक्ने सम्भावित विपद् जोखिम न्यूनीकरण व्यवस्थापन तथा जलवायु उत्थानशिलता जस्ता कार्यको प्रमुख जिम्मेवारी स्थानीय सरकारको हैसियतमा रहेको कारण समन्वय र साझेदारीको प्रारूप निर्धारण गर्ने कार्य गाउँपालिकाको अहम भूमिका निर्वाह गर्न अनिवार्य भएको छ।

विपद् भन्नाले चट्याङ्ग, असिना, भूकम्प, आगलागी, बाढी पहिरो, अनावृष्टि, अतिवृष्टि, अनिकाल, महामारी, युद्ध, भोकमरी, आदिबाट सिर्जित समाजको अस्तव्यस्त अवस्थालाई बुझिन्छ। सिद्ध कुमाख गाउँपालिका पनि विभिन्न किसिमका प्राकृतिक तथा मानव सिर्जित प्रकोपबाट अछुतो रहन सकेको छैन्। त्यसैले अप्रत्यासित विपत्तिहरूको व्यवस्थापनका लागि पूर्वतयारी गर्नुपर्ने आवश्यकता रहेको छ। प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने तथा जलउत्पन्न प्रकोप नियन्त्रण र खोलाको व्यवस्थापन जस्ता कार्य आवश्यक हुन्छन्। विपत् व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि नीतिगत, संरचनागत र संस्थागत विकास गरी प्रकोप प्रतिरोध तथा सहनशील क्षमताका माध्यमबाट प्रकोपको सामना गर्न र त्यसको असरबाट पुरानै अवस्थामा पुनरुथापित हुन सक्ने समाज र अर्थतन्त्र निर्माण गर्न आवश्यक रहेको छ।

### ७.४.२ समस्या तथा चुनौती

#### ७.४.२.१ समस्या

ढल निकासको उचित व्यवस्थापन नभएका कारण वर्षायाममा ढल बस्तीमै आउने गरेको, गाउँपालिकाका सवै टोलबस्तीमा जाने सडक साँघुरो भिरालो, रहेकाकारण दमकलको सेवा सुविधा नरहेको, एम्बुलेन्स पुग्न कठिनाई रहेको, विगतमा निर्माण भएका साथै वर्तमानमा समेत मापदण्ड बमोजिम भवन निर्माण नभएको, उद्धार केन्द्रको अभाव रहेको, गाउँपालिकामा विपद् जोखिम व्यवस्थापनका लागि दक्ष जनशक्ति अभाव रहेको,

विपद जोखिम व्यवस्थापन बारेमा पर्याप्त ज्ञान, सिप र सूचना प्रणालीको कमी रहेको, विपद् जोखिम न्यूनीकरण र भौतिक संरचना निर्माणका कार्यमा आवश्यक तालमेलको कमि, छरिएर रहेका पहाडी वस्तीका कारण प्राकृतिक श्रोतहरुको अनियन्त्रित र अव्यवस्थित दोहन, विपद् जोखिम व्यवस्थापनका लागि कार्ययोजनाको निर्माण हुन नसकेको, आपतकालीन व्यवस्थापनका लागि यथेष्ट मानवीय स्रोत, यन्त्र उपकरण, बन्दोवस्त तथा राहतको सामग्रीको कमि, आपतकालीन स्रोत व्यवस्थापनमा कठिनाई लगायत यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन्।

- विपद् जोखिमका बारेमा पर्याप्त सूचना र ज्ञानको कमी हुनु,
- विपद् जोखिम न्यूनीकरण र विकास निर्माण कार्यबीच आवश्यक तालमेलको कमी हुनु,
- विपद् उत्थानशील विकास प्रक्रियाको कमजोर अवलम्बन हुनु,
- विकास निर्माणमा विपद् व्यवस्थापनको न्यून मूल प्रवाहीकरण हुनु,
- सबै विषयगत क्षेत्रमा विपद् जोखिमको पहिचान तथा नक्साङ्कन हुन नसक्नु,
- प्राकृतिक स्रोतहरूको अव्यवस्थित एवम् अत्यधिक दोहन हुनु,
- सबै विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि स्पष्ट कार्ययोजना र पर्याप्त लगानीको कमी हुनु,
- सरोकारवालाहरू बीचको कार्यमा सामाञ्जस्यताको कमी हुनु,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको सूचकमा आधारित सूचना व्यवस्थापन प्रणालीको अभाव हुनु
- आपतकालीन अवस्थाका लागि दक्ष र यथेष्ट मानव स्रोत, उपकरण, बन्दोबस्ती तथा राहत सामग्रीको कमी हुनु,

### ७.४.२.२ चुनौती

ढल तथा सतह पानी निकासको उपयुक्त प्रबन्ध गर्ने, खोला किनारा छेउमा रहेका वस्तीलाई उपयुक्त र सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गाउँपालिकामा विपद जोखिम व्यवस्थापनका लागि दक्ष जनशक्तिको पर्याप्त व्यवस्थापन गर्ने, अग्रिम सूचना प्रणालीको स्थापना र विकास, छरिएर रहेका बस्तिका कारण विपद् उत्थानशिल विकास प्रक्रिया अवलम्ब गर्ने तथा विकास आयोजनाको छनोट प्रक्रिया देखि कार्यसम्पन्नको अवस्था सम्म विपद् जोखिम मुल्याङ्कन प्रद्धति अवलम्बन गर्ने, जोखिममा आधारित योजना तर्जुमा गर्ने तथा निर्णय प्रकृया अवलम्बन गर्ने, प्राकृतिक श्रोतहरुको अनियन्त्रित र अव्यवस्थित दोहन गर्ने, विपद् जोखिम व्यवस्थापनका लागि कार्ययोजनाको निर्माण गरी कार्यान्वयमा ल्याउने, आपतकालीन व्यवस्थाका लागी यथेष्ट मानवीय स्रोत, यन्त्र उपकरण, बन्दोवस्त तथा राहतका सामग्रीको व्यवस्थापन गर्ने, विपद् व्यवस्थापन कोषलाई पर्याप्त पार्ने, विपद् जोखिमको कार्यलाई तिन तहका सरकार बीच समन्वय गरी आन्तरिकरण गर्ने साथै पूर्व तयारी कार्यमा नजरअन्दाज गर्ने जस्ता कार्य क्षेत्रका प्रमुख चुनौतिका रुपमा रहेका छन्।

- विकास आयोजनाहरूको छनोट प्रक्रियादेखि नै आयोजना व्यवस्थापनका प्रत्येक चरणमा विपद् जोखिम मूल्याङ्कनलाई समाविष्ट गराउनु,
- जोखिममा आधारित योजना तथा निर्णय प्रक्रिया अवलम्बन गराउनु,
- विपद् जोखिम न्यूनीकरणका लागि पर्याप्त लगानीको अभाव हुनु,
- अव्यवस्थित एवम् छरिएर रहेका बस्तीलाई विपद्को दृष्टिकोणबाट उत्थानशील बनाई नागरिकलाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन नसक्नु,
- सरोकारवालाहरू बीचको आपसी समन्वय र सहकार्य सुदृढ नगर्नु,
- संघ, प्रदेश र स्थानीय तहमा विपद् व्यवस्थापन सम्वन्धी पर्याप्त कोषको व्यवस्थापन नहुनु,
- एकीकृत विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र सञ्चालन गर्न नसक्नु,
- संघीय शासन प्रणाली अनुसार विपद् व्यवस्थापनलाई संघ प्रदेश र स्थानीय तहको अधिकार क्षेत्र र जिम्मेवारीमा आन्तरिकीकरण गर्दै कार्यान्वयन क्षमता अभिवृद्धि गर्न नसक्नु,
- पूर्व मनसुन र मनसुनको समयमा हुने मेघगर्जन र चट्याङ्ग, मनसुनी वर्षाले नियमित रूपमा सिर्जना गर्ने बाढी, पहिरो, डुवानका अतिरिक्त विकासका लागि भैरहेको डोजरको जथाभावी प्रयोगले भू'क्षय भई ताल, तलैया, खेतीवारी, जलविद्युत्का बाँध पुरिने तथा भौतिक पूर्वाधारमा समेत क्षति हुनु र
- गुणस्तरीय स्वास्थ्य सेवा नहुनु, सरसफाइ तथा खानपानमा सतर्कता सम्बन्धी चेतनाको कमी, क्षति न्यूनीकरण सम्बन्धि अध्ययन अनुसन्धानमा कमी हुनु।

### ७.४.३ सम्भावना तथा अवसर

विपद् जोखिम न्युनिकरण र व्यवस्थापनका लागि तिनवटै तहका सरकार बीच स्पष्ट कार्य विभाजन सहितको संवैधानिक व्यवस्था हुनु, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८-२०३० लगायतका संघीय नीति तथा ऐन कानूनको व्यवस्था हुन साथै प्रादेशिक ऐन कानूनको समेत व्यवस्था हुन, गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बधि ऐन निर्माण गरी कार्यान्वयनमा ल्याउनु, ढुङ्गा गिट्टी बालुवा उत्खनन बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ स्थानीय तहको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भीक वातावरणीय अध्ययन कार्यविधी २०७७, कार्यान्वयनमा ल्याउनु, विपद् जोखिम न्यूनीकरणका लागि समुदाय तथा निजी क्षेत्र समेत सचेत रहनु साथै सहयोग र साझेदारीमा संलग्न हुनु गैरसरकारी संघ संस्थाको सक्रियता अभिवृद्धि हुनु दिन प्रतिदिन आधुनिक प्रविधिको विकास र व्यवस्थामा पहुँच वृद्धि हुँदै जानु, यस पालिकाको अधिक क्षेत्र निर्माण र खुला रहेका कारण व्यवस्थित शहरी विकास तथा बस्ति विकास गुरुयोजना तर्जुमा गरी यसलाई समयमा कार्यान्वयनमा ल्याउन साथै उक्त क्षेत्रमा ढल तथा सतह पानी निकासको दिगो व्यवस्थापन गर्ने जस्ता अवस्था यस क्षेत्रका सम्भावना र अवसरको रुपमा रहेका छन्।

### ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ७.४.४.१ लक्ष्य

- खोलानालामा तटबन्ध निर्माण, दमकल तथा एम्बुलेन्स सहज सञ्चालन हुने गरी सडक पूर्वाधार, खुला क्षेत्र तथा उद्धार केन्द्रको बन्दोबस्त, ढल तथा सतह पानी निकासको उपयुक्त व्यवस्थापन, भवन संहिताको पूर्ण पालना समेतका व्यवस्थापन बाट गाउँपालिका क्षेत्र भित्र सम्भावित सवै प्रकृति र प्रकारका प्राकृतिक तथा गैर प्राकृतिक प्रकोप तथा विपति वा घटना बाट सिर्जित हुन सक्ने मानवीय, भौतिक आर्थिक, सामाजीक र वातावरणीय क्षति कम गर्ने

#### ७.४.४.२ उद्देश्य

- गाउँपालिकाका क्षेत्र भित्र विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापनका लागि विपद् उत्थानमैत्री स्थानीय शासन पद्धति र प्रणालीको विकास, व्यवस्थापन तथा सुदृढीकरण गर्ने
- विपद् जोखिम नक्साङ्कन पूर्वानुमान, सूचना प्रणाली, पुर्वतयारी, प्रतिकार्य र पुनरलाभ सम्बन्धि कार्यमा पालिका साथै स्थानीय सरोकारवालाको क्षमताको विकास गर्ने
- विपद् जोखिम सम्वेदनशील योजना तथा पूर्वाधार निर्माण प्रक्रियालाई सुनिश्चित गर्ने
- सार्वजनिक, निजी तथा सामुदायिक लगानी मार्फत श्रोत र साधनको व्यवस्थापन गर्ने
- पालिका स्तरमा व्यापक जनचेतना अभवृद्धि गर्दै पुर्व तयारीको सुनिश्चिताका साथ विपद् पश्चातको पुनःनिर्माण, पुनर्स्थापना, पुनर्लाभ र नव निर्माणको कार्यलाई सवल र उत्थानशिल बनाउने
- जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणाली सुदृढ गर्नु,
- प्राकृतिक तथा मानवीय कारणबाट हुने विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय सरकार संघसंस्था, क्लब, उपभोक्ता समिति मार्फत जनसचेतना मूलक कार्यक्रम सञ्चालन गर्नु,
- विपद् जोखिम पूर्वानुमान पूर्वतयारी प्रतिकार्य सम्बन्धि क्षमताको विकास गरी जोखिमको न्यूनीकरणका लागि पूर्वाधार निर्माणका कार्यक्रम संचालन गर्नु,

#### ७.४.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

| क.सं. | रणनीति | क्रियाकलाप (कार्यक्रम तथा आयोजना) |
|---|---|---|
| १ | विपद् उत्थानमैत्री स्थानीय शासन पद्धतिको विकास र व्यवस्थापन गर्न नीतिगत, संस्थागत र प्रक्रियागत व्यवस्था गर्ने | • विपद् जोखिम न्यूनीकरण र उत्थानमैत्री स्थानीय शासन पद्धति विकास र व्यवस्थापनका लागि आवश्यक नीति, स्थानीय ऐन नियम कार्यविधि तर्जुमा गर्ने<br>• गाउँपालिका स्तरीय प्राकृतिक प्रकोप उद्धार समितिको निर्माण गर्ने<br>• अन्तर सरकार समन्वयलाई प्रभावकारी बनाउने |

| | | |
|---|---|---|
| | | • विपद् जोखिम न्युनिकरण सम्बन्धि योजना तथा आयोजना साथै कार्यक्रम तर्जुमा गर्दा लक्षित वर्ग र समुदायमैत्री बनाउने<br>• गाउँ कार्यपालिका तथा वडा कार्यालयहरुमा कार्य प्रवाह तालिम निर्माण गर्ने<br>• दमकल तथा एम्बुलेन्स खरिद गर्ने वा नजिकका पालिका तथा संघ संस्था सँग साझेदारी र समन्वय विस्तार गर्ने<br>• प्रत्येक वडामा आकस्मिक स्वास्थ्य उपचार कक्षको व्यवस्था मिलाउने<br>• प्रकोप उद्धारकालागि मुख्य बजार केन्द्रहरु दीर्घकालिन खुला तथा पोखरीको व्यवस्थापन गर्ने<br>• विपद् व्यवस्थापनका लागि राहत तथा उद्धार सामग्री भण्डारण गृहको निर्माण गर्ने साथै उक्त भण्डार गृहमा अत्यावश्यक उद्धार सामाग्री तयारी अवस्थामा राख्ने<br>• गाउँपालिका क्षेत्र भित्र ढुङ्गा तथा खर तथा परालको छानाभएका गरिब परिवारका लागि न्युनतम मापदण्ड सहितको एकिकृत बस्तीको विकासका साथमा सुरक्षित घरहरुको निर्माण गरी सुरक्षित बसोबासको दिगो व्यवस्था गर्ने<br>• भवन निर्माण संहितालाई कडाईका साथ कार्यान्वयन गर्ने<br>• ढल तथा सतह पानी निकासको उपयुक्त व्यवस्थापन गर्ने<br>• प्राकृतिक प्रकोप बाट निम्तन सक्ने जोखिमका बारेमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने |
| २ | विपद् जोखिम न्यूनीकरण गर्न, उत्थानशिलता अभिवृद्धि गर्न सार्वजनिक, निजी सामुदायिक साझेदार तथा सहकार्य अभिवृद्धि गर्ने | • विपद् जोखिम न्यूनीकरणकालागि विषयगत विकास प्रक्रियाको अनुगमन प्रक्रिया र प्रणालीलाई सुचकमा आधारित बनाउने<br>• सम्भावित जोखिमलाई न्यूनीकरण गर्न साथै थप जोखिम हुन नदिन गाउँपालिका, निजी क्षेत्र र समुदाय स्तरमा विपद् प्रभाव मुल्याङ्कन पद्धतिको विकास गर्ने, जीवन तथा निर्जीवन बिमा, सामाजिक सुरक्षा लगायतका विधि र प्रक्रियाहरु स्थापना र प्रवर्द्धन गर्ने<br>• विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनकालागि सार्वजनिक, निजी सामुदायिक साझेदार तथा सहकार्यलाई सुद्रीढ र प्रभावकारी बनाउने |
| ३ | जोखिम नक्साङ्कन, आङ्कलन तथा पूर्वानुमान पूर्व तयारी, प्रतिकार्य, पुनर्लाभ सम्बन्धी आवश्यक भौतिक पूर्वाधार, संरचना, जनशक्ति साथै | • विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन र व्यवस्थापनकालागि आवश्यक ज्ञान र सिपको अभिवृद्धि र व्यवस्थापन गर्ने<br>• सवै सरोकारवालाको क्षमता विकास गर्ने<br>• विपद् जोखिम न्यूनीकरण, प्रतिकार्य तथा व्यवस्थापनका सम्पूर्ण प्रकृया पद्धति साथै साझेदारहरुको पहिचानको |

| | | |
|---|---|---|
| | प्राविधिक क्षमताको विकास र व्यवस्थापन गर्ने | जानकारी प्रविधि सँग आवद्ध गर्ने |
| ४ | विपद् जोखिम न्यूनीकरण कोषलाई मजबुत र पर्याप्त गर्ने | • विपद् जोखिम न्यूनीकरण कोषको स्थापना र विकास गर्ने<br>• सहयोगी तथा साझेदार व्यक्ति, संघ संस्था, निजी क्षेत्र सरकारी निकाय वा कार्यालय साथै तालुक सरकार बाट प्राप्त नगद तथा जिन्सी आय, स्थानीय स्तरमा प्राकृतिक स्रोतको उपयोग बाट प्राप्त हुने आयको एक निश्चित प्रतिसत लगायत यस क्षेत्रको नियम गर्ने कार्यबाट प्राप्त आय लाई विपद् जोखिम न्यूनीकरण कोषमा जम्मा गरी एक द्वार प्रणाली मार्फत सञ्चालन व्यवस्थापन गर्ने<br>• विपद् न्यूनीकरण कोषमा गाउँपालिकाको अन्तरिक आयको १०% रकम जम्मा गर्ने व्यवस्था मिलाउने<br>• विपद् जोखिम न्यूनीकरण गरी सम्भावित मानवीय, आर्थिक, भौतिक, सांस्कृतिक, वातावरणीय समेतका सम्भाव्य सवै प्राकृति र प्रकारका क्षेती कम गर्न विपद् न्यूनीकरण कोष सञ्चालन व्यवस्थापन वित्तीय रणनीति तयार गरी कार्यान्वयनमा ल्याउने |

### ७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको सामान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्तृत विवरण तालिका नं. ७.४ मा समावेश गरिएको छ।

#### ७.४.५.१ अपेक्षित उपलब्धि

विपद् जोखिम न्यूनीकरण योजना, कार्ययोजना तर्जुमा भई कार्यान्वयनमा आएको हुनेछ साथै प्राकृतिक प्रकोप तथा विपत्ती बाट भईरहेको वर्तमान मानविय, भौतिक सांस्कृतिक, वातावरणीय क्षती ६० प्रतिशत घट्न गई सिद्ध कुमाख गाउँपालिका प्राकृतिक प्रकोप भू-क्षय न्यून प्रभावित क्षेत्रको रुपमा स्थापित भएको हुनेछ।जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणाली सुदृढ बनाइएको हुनेछ। प्राकृतिक तथा मानवीय कारणबाट हुने विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय सरकार संघसंस्था, क्लब, उपभोक्ता समिति मार्फत् जनसचेतना कार्यक्रम सञ्चालन गरिएको हुनेछ। विपद् जोखिम पूर्वानुमान पूर्वतयारी प्रतिकार्य सम्वन्धि क्षमताको विकास गरी जोखिमको न्यूनीकरणका लागि पूर्वाधार निर्माणका कार्यक्रम संचालन गरिएका हुनेछन्। विपद् पश्चात्को पुनर्लाभ, पुनःस्थापना, पुनर्निर्माण र नव निर्माणका कार्यलाई सबल र उत्थानशील बनाइएको हुनेछ। प्राकृतिक तथा गैर–प्राकृतिक विपद् एंव जोखिम न्यूनीकरण गर्दै विपद् उत्थानशील समाज निर्माण भएको हुनेछ।

#### ७.४.५.२ नतिजा/सूचक

- भवन निर्माण संहिता पूर्ण रुपले कार्यान्वयनमा आएको हुनेछ साथै लक्षित समुदाय वा परिवारका ढुङ्गा, खर, माटोको छाना भएका घरहरुको स्थानमा आवश्यक मापदण्ड सहितका सुरक्षित घरहरुको निर्माण

तथा व्यवस्थापन हुने क्रमले थप तिब्रता पाउने र सम्बन्धित परिवारका लागि सुरक्षित बासको व्यवस्था हुने कार्यले थप गति प्राप्त गरेको हुनेछ

- प्राकृतिक प्रकोप उद्धार कोष स्थापना तथा कोष सञ्चालन व्यवस्थापन कार्यविधि समेत तयार भई कार्यान्वयन आएको हुनेछ
- कम्तिमा १ थान दमकल र ३ थान एम्बुलेन्स व्यवस्था भएको हुनेछ
- सम्भावित बाढीको प्रकोप रहन सक्ने उच्च जोखिम रहेका स्थानीय खोला किनारमा अनुसूचीमा उल्लेख भएका स्थानमा वृक्षारोपण सहित संघीय तथा प्रदेश सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा तटबन्ध निर्माण भएको हुनेछ
- सम्भावित जोखिम क्षेत्रको नक्साङ्कन, पहिचान तथा व्यवस्थापकीय योजना निर्माण हुनेछ।

७.४.६ अनुमान तथा जोखिम पक्ष

अनाधिकृत रुपमा हुने गरेको खोला क्षेत्रको दोहनको अन्त्य, सतहपानी निकासको उपयुक्त व्यवस्थापन, आपतकालीन उद्धारका यन्त्र, उपकरण तथा साधन तथा तटबन्धको निर्माण र पुर्व सूचना प्रणालीको विकास भएको हुनेछ। आर्थिक तथा मानवीय स्रोत साधनको व्यवस्थापन संघीय तथा प्रदेश सरकार विकास साझेदारको साझेदारी भएको साथै प्राकृतिक प्रकोपको खतरा कम भएको हुनेछ।

**७.४.६.१ जानकारीका स्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष**

| क्र.सं. | योजनाको समूहगत शिर्षक | सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका स्रोत | योजना सञ्चालन व्यवस्थापन को जिम्मेवारी | योजना सञ्चालन व्यवस्थापनमा आइपर्न सक्ने पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|
| १ | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिलता | गाउँ सभाको निर्णय पुस्तिका<br>गाउँ कार्यपालिकाको निर्णय पुस्तिका<br>गाउँपालिकाको योजना पुस्तिका<br>योजना तथा वातावरण शाखाको अभिलेख<br>संघीय तथा प्रदेश सरकारका अभिलेख<br>स्थलगत अवस्था<br>वडा समितिको अभिलेख<br>सञ्चार स्रोत<br>गाउँपालिकाको वेबसाइट | १.प्रमुख जिम्मेवारी<br>गाउँ कार्यपालिका<br>स्थानीयबासि<br>वातावरण शाखा<br>२.सहयोग<br>सम्बन्धित वडा समितिको कार्यालय<br>संघीय तथा प्रदेश सरकार<br>विकास साझेदार<br>स्थानीय सरोकारवाला व्यक्ति वा समुदाय<br>टोल विकास वा समुदायिक संघ संस्था<br>निजी क्षेत्र | विद्यमान नीति, ऐन नियम तथा कानून<br>स्रोत र साधनको अभाव<br>यन्त्र उपकरणको अभाव<br>सहयोगी साझेदार संघ संस्था<br>उपयुक्त प्रविधिको अभाव<br>निर्माण सामग्रीको अपर्याप्तता तथा अभाव<br>दक्ष जनशक्तिको अभाव |

तालिका नं. ७.४ प्रमुख  योजना तथा कार्यक्रमहरु

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको | इकाई | कार्यान्वयन हुने स्थान | ५ वर्षको लक्ष्य | | | | | लक्ष्य | अनुमानित लागत रु. | लागत व्यहोर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | | | |
| वडा नं. १ | | | | | | | | | | | |
| १ | पटारे बजारमा बाढीको क्षति पुऱ्याउन नदिन सबन्धित स्थानमा जाली तथा तटबन्ध निर्माण | पटक | वडा नं. १ | | | | | | १ | ५,००,००० | |
| २ | पहिरो तथा भू-क्षय आउने स्थान मेलबोट जिमाल गाउँ, पटारे पल्लो बजार आदि ठाउँहरुमा भएका रुख विरुवाहरु कटानी नगर्ने र वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने। आवश्यक ठाउँमा ग्याविन लगाउने | पटक | वडा नं. १ | | | | | | २ | ५०,००० | |
| वडा नं. २ | | | | | | | | | | | |
| १ | काब्रासिम, हस्यकाफल, राउतिखोर्य, लार्मीखोर्य, उखुबारी खोला, बल्लेजुरा, ठाटीभिर, पाखापानी, जम्मुकोरु लगायत सम्भाव्य स्थानमा पहिरो तथा भू-क्षय नियन्त्रणकालागि भएका रुख विरुवाहरु कटानी नगर्ने र वृक्षारोपण कार्यक्रम सञ्चालन | पटक | वडा नं. २ | २ | २ | २ | २ | १ | ९ | २,२५,००० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गर्ने। आवश्यक ठाउँमा ग्याविन लगाउने | | | | | | | | | | |
| २ | टाकुरा, भडारे, कुईयाझोल, बढाचौर लगायत अगोलागि बाट जोखिममा रहेका स्थानहरुमा अग्निरेखा निर्माण गर्ने। जनचेतना सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने | पटक | वडा नं. २ | | | | | | ४ | १,००,००० | |
| वडा नं. ३ | | | | | | | | | | | |
| १ | गरकच, खानिगैरा, काप्रेचौर, मर्मालचौर, काप्रेचौर फलाटे, कालालेख ओलीको सिम, माझगाउँ फलाटे, जिउला खाली, चोरपानी माटेखानी फलाटे लगायत पहिरो तथा भू-क्षयबाट जोखिममा रहेका स्थानहरुमा रुख विरुवाहरु कटानी नगर्ने र वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने। आवश्यक ठाउँमा ग्याविन लगाउने | पटक | वडा नं. ३ | | | | | | ९ | २,२५,००० | |
| २ | मर्मालाचौर, कालालेख, कल्याचौर, डाँडा कटेरी पल्लो दलित टोल, भालुखोला डाँडा कटेरी, तोरिहाल्ना फलाटे, झारगाउँ टोल, गतेर्ना टोल, ढारटाकुरा टोल, ढोरचौर टोल लगायत अगोलागि बाट | पटक | वडा नं. ३ | | | | | | १० | १,५०,००० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जोखिममा रहेका स्थानहरुमा अग्निरेखा निर्माण गर्ने। जनचेतना सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने | | | | | | | | | | |
| वडा नं. ४ | | | | | | | | | | | |
| १ | सौंडोटा, (गैरागाउँ, सिर्मिला) करेन्जी, (मगर टोल, नाउला) चाँदे, (छिपछिपे, सिस्नेरी टोल) खार्वन, किर्मीरे, सागा लगायत पहिरो तथा भू-क्षयबाट जोखिममा रहेका स्थानहरुमा रुख विरुवाहरु कटानी नगर्ने र वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने।आवश्यक ठाउँमा ग्याविन लगाउने | पटक | वडा नं. ४ | | | | | | १० | २,५०,००० | |
| २ | मालुगैरा, खारा, जनकल्याण प्रारम्भिक बाल विकास केन्द्र लगायत अगोलागि बाट जोखिममा रहेका स्थानहरुमा अग्निरेखा निर्माण गर्ने। जनचेतना सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने | पटक | वडा नं. ४ | | | | | | | ७५,००० | |
| वडा नं. ५ | | | | | | | | | | | |
| १ | आगलागी नियन्त्रण सम्बन्धि जनचेतना मुलक कार्यक्रम गर्ने | पटक | वडा नं. ५ | | | | | | | २५,००० | |

ख. योजाना प्रगति प्रतिवेदन प्रणालीको ढाँचा

नतिजामुलक अनुगमन प्रणाली अनुसार नतिजा खाकाको उपयोग गरी प्रस्तावित सूचक अनुसार हासिल हुनुपर्ने लक्ष्य हासिल भए नभएको विषयमा लेखाजोखा गर्न देहाय बमोजिमको योजना प्रगति प्रतिवेदन प्रणालीको ढाँचा प्रयोग गर्न सकिनेछ। अनुगमन गर्दा योजनाको लक्ष्य, उदेश्य, प्रतिफल र कार्यक्रम समेत गरिनु पर्ने भएकाले गाउँपालिकाले आफ्ना आवश्यकता र उपलब्ध सूचना र विवरणका आधारमा अनुगमन तथा प्रतिवेदन प्रणालीको समेत विकास गर्न सक्नेछ। नतिजामुलक अनुगमन प्रणाली मार्फत तोकिएको ढाँचामा तयार गरिएको प्रतिवेदन उपर विषयगत समिति, कार्यपालिका तथा सभामा छलफल गरी आवश्यकता अनुसार प्रदेश तथा संघीय सरकार समक्ष पेश गर्न सकिनेछ।

तालिका नं. ७.५ प्रगति प्रतिवेदन ढाँचा

| नतिजा शृङखला | कार्य सम्पादनको सूचकहरु | | | भौतिक लक्ष्य | प्रगति (भौतिक र वित्तिय) | लक्ष्य र प्रगति बिचको अन्तर | कारण | समाधानका रणनीति |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | आधार तथ्यांक | | | | | |
| लक्ष्य | | | | | | | | |
| असर | | | | | | | | |
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| प्रतिफल | | | | | | | | |
| २.१ | | | | | | | | |
| २.२ | | | | | | | | |
| प्रमुख कार्यक्रम | | | | | | | | |
| १.१.१ | | | | | | | | |
| १.१.२ | | | | | | | | |
| १.१.३ | | | | | | | | |

# परिच्छेद ८ (आठ)
# संस्थागत विकास तथा सुशासन क्षेत्र

## ८.१ संस्थागत विकास तथा सुशासन

### ८.१.१ पृष्ठभूमि

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतीको प्रारम्भ भएको करिब ९ वर्ष व्यतित भईसकेको छ। संघीय लोकतान्त्रिक गणतन्त्रको प्रारम्भ सँगै नेपालमा राज्य शक्तिको बाँडफाँड संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजन गरिएको छ। नेपालको संविधानले नेपाललाई बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथ भौगोलिक विभिदतायुक्त मुलुकको रुपमा परिभाषित गर्दै विभिदता बिचको एकता सम्बर्द्धन गर्ने सङ्कल्प गरेको छ। राज्य शक्तिको बाँडफाँड सँगै स्थानीय तह स्थानीय सरकारको हैसियतमा क्रियाशिल भएका छन्। राज्य सञ्चालनका तीनै तहबिच एकल र साझा अधिकारहरुको सिमाङ्कन भएको छ। स्थानीय तह विधायीकि, कार्यकारिणी र न्यायीक अधिकार सहित आफ्ना जिम्मेवारी निर्वाह गरिरहेका छन्। संविधानको मूलमर्म र भवना बमोजिम स्थानीय स्तरमा रहेका विभिन्न जात, जाति, धर्म ,भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिस्णुता र ऐक्यवद्धता कायम गरी विकास निर्माण र सेवा प्रवाहलाई संस्थागत सुदृढिकरणका साथ सुशासनको माध्यम बाट स्थानीय आवश्यकता र स्थानीय बासिको माग बमोजिम प्रवाह गर्ने महत्वपूर्ण जिम्मेवारी स्थानीय तहको जिम्मामा आइपुगेको छ।

नेपालको संविधानले कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका आधारभूत मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशिकरण, सहभागिता र सामाजिक न्यायको माध्यम बाट सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोक कल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्ने, शासन व्यवस्थामा समानुपातिक सहभागितामूलक सिद्धान्तलाई आत्मसात गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गरेको छ। संविधानले निर्देश गरेका सिद्धान्तमा आधारित भई देश र सर्वसाधारण नागरिकका लागि परिलक्षित दायित्व पुरागर्न, संघीय लोकतान्त्रिक प्रणालिको जग बलियो बनाउने दायित्व बोध, अपनत्व र विश्वास गर्ने, विकास र सेवा प्रवाहका प्रत्येक अङ्गमा अहम् भूमिका निर्वाह गर्न सक्ने राजनीतिक र प्रशासनिक प्रणालिको विकास र स्थायीत्व आजको प्रमुख आवश्यकता हो। मानव अधिकारको संरक्षण, प्रवर्द्धन, सम्मान सहितको सुशासन र विकास दिगो शान्ति र स्थिरताको मूल आधार भएकाले यस प्रकारको गहन जिम्मेवारी पुरा गर्न इमान्दार र अनुकरणीय स्थानीय नेत्रीत्वको आवश्यकता रहेको छ।

अन्तरतह समन्वय, सहयोग र सहकार्यमा आधारित संघीयता नेपालको शासन पद्धतिको मूल आधार हो। नेपालको समृद्धि निर्माणको मूल कडी स्थानीय तथा प्रदेश तहको सन्तसलित र दिगो विकास गर्नुनै हो। संघीय शासन प्रणाली अनुरुप विकास निर्माण र सेवा प्रवाहका आधार तयार भए सँगै आवश्यक कानूनी ढाँचा तयार पार्ने, समन्वय र सहकार्यलाई अभ्यासमा उतार्ने, संघीयताको आधारभूत जगको रुपमा स्थापित रहेको स्थानीय तहलाई क्षमता विकासका साथ सक्षम तुल्याउने कार्य भईरहेको भएता पनि अझ थप प्रयास गर्नु पर्ने अवस्था छ।

सिद्ध कुमाख गाउँपालिकाले आफ्नो स्थापना काल बाटै नेपालको संविधानमा भएका अनुसूचि-८ बमोजिमका व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएका साथै र जनप्रतिनिधि लाई प्राप्त अधिकार, पन्ध्रौ योजना, दिगो विकासका लक्ष्यहरु, अर्थ मन्त्रालय बाट प्राप्त मार्गदर्शन, संघीय मामिला तथ सामान्य प्रशासन मन्त्रालय बाट जारी भएका परिपत्रहरु, गाउँ कार्यपालिका बाट गठित विभिन्न विषयगत समिति र राजश्व परामर्श समिति, सम्पूर्ण वडा समिति, बजेट, नीति तथ कार्यक्रम तर्जुमा समेत बाट प्राप्त सुझावहरु लाई समेटेर आफ्नो नीति तथा कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गर्दै आएको छ। स्थानीय बासी आम नागरिकहरुको विकास प्रतिको उच्च आकाङ्क्षा लाई सुशासनको माध्यम बाट न्यायोचित रुपमा सम्बोधन गर्नका लागि गाउँपालिकाको दिगो विकास र समृद्धिकोलागि राष्ट्रियता, लोकतन्त्र र कानूनी शासनलाई आतमसात गर्दै शान्ति र स्थिरता कायम गर्न जनताद्धारा, जनताका लागि जनताको शासन भन्ने मूल सिद्धान्त लाई आत्मसात गर्दै गाउँको विकास र समृद्धिलाई यथार्थमा परिणत गर्ने उद्देश्यका आफ्ना नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दै आएको अवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ५ को दफा २०, २१ र २२ मा स्थानीय तह र स्थानीय सरकारको हैसियतमा स्थानीय आवश्यकता बमोजिम आफ्ना अधिकारका क्षेत्रहरुलाई व्यवस्थित रुपमा सञ्चालान व्यवस्थापन गर्न सिद्ध कुमाख गाउँपालिकाले ११ वटा ऐन कानून र ३१ वटा कार्यविधि मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ। स्थानीय सरकारको हैसियतमा यस पालिकाले आफ्ना दैनिक जिम्मेवारी हरुलाई सुशासनको माध्यम बाट सञ्चालान, व्यवस्थापन गर्न वर्तमानको आवश्यकता साथै कर्मचारीको बृत्ति विकास र स्थयीत्वका लागि संगठन विकास तथ व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना, संरचना बमोजिम आवश्यक जनशक्तिको प्रक्षेपण, सम्बन्धित शाखा र कर्मचारीका कार्य विवरण समेत तयार गर्ने कार्यलाई अन्तिम चरणमा पुऱ्याएको छ।

स्थानीय तह सदस्य निर्वाचन बाट गाउँ प्रमुख र गाउँ उपप्रमुख सहित ५ वटै वडा बाट २९ जना जनप्रतिनिधि निर्वाचित भई सम्बन्धित जनप्रतिनिधिले नेत्रित्व ग्रहण गर्नु भएको छ। सिद्ध कुमाख गाउँपालिकाको तत्कालिन संगठन संरचना अनुसार मौजूदा अवस्था अध्ययन गर्दा यस गाउँपालिकामा १२, शाखा, ३ इकाई, १ केन्द्र र स्वास्थ्य चैकी/स्वास्थ्य केन्द्र/स्वास्थ्य इकाई रहेको पाईन्छ भने ५ वडा समितिका कार्यालयहरु  रहेका छन्। यस गाउँपालिकामा अधिकृत सातौं तहमा १ जना र छैठौं तहमा ६ जना गरी जम्मा ७ जना, सहायका स्तर पाँचौमा १५ जना, सहायका स्थर चौथोमा २६ जना, र श्रेणी विहिन १५ जना गरी कुल ६३ जना कर्मचारी (जसमध्य ३६ जना करारमा कार्यरत रहेको देखिन्छ) बाट विकास निर्माण, सेवा प्रवाह र प्रशासनिक क्षेत्रका दैनिक कार्य जिम्मेवारीहरु सम्पादन तथा व्यवस्थापन हँदै आएको अवस्था छ।

वर्तमान अवस्थामा गाउँपालिकामा ६३ जना  कर्मचारीहरु कार्यरत रहेका छन्। संगठन विकास सर्वेक्षणले प्रतिवेदनका आधारमा स्थायी पदपुर्ति गर्न नहुने भनिएका पदहरु (गाउँ शान्ति सुरक्षा प्रहरी, सवारी चालक, कार्यक्रम सञ्चालनका सहजकर्ताहरु, कार्यालय सहयोगी) बाहेक जम्मा १०० प्रस्ताव गरेको संगठन संरचना अनुसार जनशक्ति व्यवस्थापन भईरहेको अवस्था छैन। सेवा प्रवाहलाई छिटो छरिता र पारदर्शि बनाउन गाउँपालिकाको संगठन संरचना अनुसारको जनशक्ति व्यवस्थापन अपरिहार्य हुन्छ। जसमा संगठनका लागि आवश्यक जनशक्तिको पदपूर्ति, क्षमता र आवश्यकता अनुसार क्षमता विकास योजना समेत तर्जुमा गरी

कर्मचारीहरुका लागि तालिम अभिमुखिकरण दिने कार्यमा गाउँपालिका क्रियाशिल रहेको छ। स्थानीय सरकार संचालन ऐन २०७४ वित्तिय उत्तरदायित्व ऐन, सार्वजनिक खरीद ऐन तथा नियमावलीले स्थानीय सरकार संचालन  गर्न निर्देशित गरेको छ भने आजको सूचना प्रविधियुक्त समाजले घेरिएको युगमा सिद्ध कुमाख गाउँपालिका कार्यालय र ५ वटा वडा कार्यालय लाई प्रविधिमैत्री विद्युतिय आधुनिक र झन्झटमूक्त सेवा प्रवाह गर्नु प्रक्रिया र पद्धतिको तिव्र व्यवस्थापन गरिदै आएको छ।

### ८.१.२ समस्या तथा चुनौती

#### ८.१.२.१ समस्या

संघीय शासन व्यवस्था बमोजिम संविधान प्रदत स्थानीय तहको विकास निर्माण र सेवा प्रवाह सम्बन्धि जिम्मेवारी व्यवस्थापन तथा सञ्चालनका लागि चाहिने स्रोत साधन रहितको क्षमता अभिवृद्धि नहुनु, पर्याप्त दक्ष कर्मचारीको अभाव रहनु, सिमित श्रोतसाधनले कर्मचारीका मौद्रिक तथा गैर मौद्रिक आवश्यकता पूर्ति गर्न, सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा नवीनतम विकास एवं प्रविधिको समुचित उपयोग र विस्तार गर्न नसकिनु, कर्मचारी लाई उत्प्रेरित गर्ने तत्वहरुको अपूर्णता रहनु, झन्झटिलो प्रशासनीक प्रक्रियाका कारण पारदर्शिता र जवाफ देहिताको स्थानीय प्रणाली पूर्ण रुपले विकास भैनसक्नु, कर्मचारी तथा जनप्रतिनिधि हरुमा ऐन कानूनको पर्याप्त जानकारी नहुनु, प्रविधिमैत्री सेवा प्रवाहको अभाव, अन्तर सरकारी तहबिच समन्वयको दरिलो र भरपर्दो आधार तयार भईनसक्नु तथा समन्वय हुन नसक्नु, सुशासन र सार्वजनिक दायित्व अपेक्षित रुपमा बहन हुन नसक्नु साथै स्थानीय आवश्यकताका आधारमा गाउँपालिकाको विकास बजेट धेरै कम हुनु, विकास निर्माण र सेवा प्रवाहका लागि नयाँ प्रविधिमा आधारित यन्त्र, उपकरणको व्यवस्था गर्न नसकिनु यस क्षेत्रका समस्याका रुपमा रहेका छन्।

- कर्मचारी संगठन र व्यवस्थापन (O&M Survey) नहुनु,
- गाउँपालिकाका कतिपय वडाका आफ्नो स्वामित्वका वडा कार्यालय भवन नभएका र भएका पनि व्यवस्थित नभएकाले सेवासुविधा प्रवाहमा सहज हुन नसकेको,
- वडाहरूमा सुविधा सम्पन्न सामुदायिक हल नभएकाले सभा, गोष्ठी, तालिम, अन्तरक्रिया आदि जस्ता कार्यक्रम सञ्चालन गर्न नसकिएको,

#### ८.१.२.२ चुनौती

संविधान, स्थानीय सरकार सञ्चालन ऐन लगायत प्रचलित ऐन कानूनले निर्दिष्ट गरे बमोजिम सार्वजनिक क्षेत्रमा पारदर्शिता, जवाफदेहिता, निष्पक्षता र प्रभावकारिता कायम गरी उत्तरदायित्व निर्वाहाका साथ गाउँपालिका बासीको घरदैलो सम्म विकास निर्माण र सेवा प्रवाह पुर्‍याउने, गाउँपालिकाको विकास प्रशासनको आधुनिक प्रविधि सहितको क्षमता अभिवृद्धि गर्ने, गाउँपालिका प्रति स्थानीय बासीको विश्वास अभिवृद्धि गर्ने, अन्तर सरकार, अन्तर स्थानीय तह र अन्तर समुदाय र निजी क्षेत्रबिच समन्वलाई प्रभावकारी बनाउने, वर्तमान प्रणालीगत व्यवस्थाको सञ्चालन लागत कम खर्चिलो बनाएर पूँजीगत लगानी बृद्धि गर्ने, पारदर्शिता र जवाफदेहिताको स्तर बृद्धि गर्ने, ठूला र देखिने योजना, प्रत्येक्ष आर्थिक विकासमा योगदान पुर्‍याउने, सर्वसाधारण स्थानीय बासीको जीवनस्तर माथि उठाउने जस्ता क्षेत्रमा लगानी बढाउने सर्वसाधारण गाउँपालिका बासी, उद्योगि, व्यापारी तथ व्यवसायिहरुलाई आन्तरिक आय बृद्धिका क्षेत्रमा क्रियाशिल गराउने, शासन

सञ्चालनमा सदाचार र मितव्ययिता कायम गर्ने, जनप्रतिनिधि र कर्मचारीको दृष्टिकोणमा सकारात्मक ल्याई जीवनशैली लाई सादा, सरल र सुहाउदो बनाउने, संगठन संरचना छरितो बनाउने, उच्च उत्प्रेरणा तथा मनोबलयुक्त कर्मचारी व्यवस्थापन गर्ने, झन्झटिला ऐन कानून र प्रक्रियलाई सरल र सहज बनाउने गाउँपालिकाका बैठक, कार्य प्रक्रियालाई प्रत्यक्ष, पारदर्शि र उत्तरदायी बनाउने जस्ता कार्य वर्तमानका चुनौतीको रुपमा रहेका छन्।

- गाउँपालिकाका वडाहरूमा स्वास्थ्य संस्थामा आवश्यक स्रोत, साधन र दक्ष जनशक्तिको व्यवस्था नहुनु,
- गाउँपालिकालाई संविधान प्रदत्त एकल र साझा अधिकारहरू प्राप्त भएता पनि विकास व्यवस्थापन, वित्तीय व्यवस्थापन, सूचना व्यवस्थापन, सेवा प्रवाह मापदण्ड निर्धारण, राजश्व परिचालन र वित्तीय अनुशासन जस्ता एकल, साझा तथा संघीय कानुनबाट व्यवस्थित अधिकारहरूको प्रभावकारी उपयोगका लागि भौतिक स्रोत साधनको व्यवस्था, नीति, योजना, ऐन/नियम/कार्यविधि तयारी, मानव संसाधन प्राप्ति जस्ता कुराहरूमा खासै ध्यान नपुगेको।

### ८.१.३ संभावना तथा अवसर

संघीय शासन प्रणाली क्रमश सुदृढ हँदै गएको, राजनीतिक अस्थिरताको अन्त्य हुँदै गएको, संघीयताको मूल मर्म र भावना बमोजिम स्थानीय जनप्रतिनिधि स्थानीय तहका नीति निर्माण, योजना तर्जुमा र कार्यान्वियन साथै स्थायी शासन सञ्चालनमा निपुर्ण हुँदै गएको, कर्मचारीको क्षमता अभिबृद्धि हुँदै गएको, सिद्ध कुमाख गाउँपालिका दाङ जिल्लाकै मुटुको रुपमा स्थापित हुँदै गएको, उच्च आन्तरिक श्रोत परिचालनको सम्भाव्यता रहेको, शिक्षित तालिमयुक्त तथा सकारात्मक सोच भएका कर्मचारी साथै नवउर्जा सहितका सेवा प्रवाह तथा जनसेवामा उत्प्रेरित जनप्रतिनिधिको बाहुल्यता रहेको, गाउँपालिकाको भर्खरै पारित गरेको संगठन तथा व्यवस्थापनको कार्यान्वयन आएको, आवश्यताका आधारमा विभिन्न नयाँ ऐन नियम कार्यविधि निरन्तर निर्माण भई कार्यान्वयनमा आएका, वैज्ञानिक तथा आधुनिक प्रविधियुक्त अनलाइन सेवा प्रवाहको प्रारम्भ भएको, गाउँपालिका क्रमिक रुपले स्रोत र साधनयुक्त हुँदै गएको, स्थानीय बासीमा विकास प्रतिको चाहाना दिन प्रति दिन बढ्दै गएको, स्थानीय बासीहरु समूहगत रुपमा तथा सहकारीको माध्यम बाट कृषि, पशुपालन, उद्योग, व्यापार तथा व्यवसायमा संलग्न हुने र कृषि तथा पशुपालन लाई व्यवसायिकरण तर्फ अघि बढाउने कार्यमा संलग्न र क्रियाशिल हुँदै गएको, स्थानीय बासीमा शिक्षा र चेतनाको विकास र विस्तार हुँदै गएको, स्थानीबासीले स्थानीय सरकार लाई नजिकबाट अवलोकन र निगरानि गर्ने बानीको विकास हुँदै गएको, शिक्षा, स्वास्थ्य, खानेपानी, सडक सञ्जाल, सञ्चार, विद्युत लगायतका सेवामा गाउँपालिका बासीको पहुँच क्रमश अभिबृद्धि हुँदै गएको, स्थानीय ऐन कानून निर्माणले गति लिएको, गाउँपालिका हरुले आफ्ना सबै गतिविधि वेबसाइट मार्फत सर्वसाधारणको जानकारीमा राख्ने गरेको, विकास आयोजनाहरुको प्राथिमिकिकरण र कार्यान्वयनमा स्थानीय जनताको सहभागिता बढ्दै जानु यस क्षेत्रका संभावना र अवसर रहेका छन्।

स्थानीय सरकार आधारभूत सेवा प्रवाहका माध्यमबाट नागरिकको जीवनस्तर सुधारका लागि एकीकृत रूपमा कार्य गर्ने जिम्मेवार निकाय हो। स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरू कत्तिको कुशल रूपमा

सम्पादन हुन्छन् भन्ने कुरा जनप्रतिनिधि र कर्मचारी प्रशासनको कार्यकुशलता र संस्थागत सेवा प्रवाहको क्षमतामा भर पर्दछ। लोकतान्त्रिक पद्धतिमा राज्यले दिने सेवा प्रवाहको मूल्याङ्कन शासक तथा प्रशासक र सेवाग्राहीको सक्षमतामा भर पर्दछ। संविधान प्रदत्त एकल तथा साझा अधिकार र जिम्मेवारीहरूलाई कुशल रूपमा सम्पादन गरी नागरिकहरूलाई छिटो, छरितो, कम झन्झटिलो, पारदर्शी र गुणस्तरीय सेवा प्रवाह गर्ने जिम्मेवारी र दायित्व स्थानीय सरकारको कार्य क्षेत्रमा रहेको छ। तसर्थ यस योजनाले सिद्ध कुमाख गाउँपालिकाको संस्थागत क्षमता विकास गरी सेवा प्रवाहमा प्रभावकारिता र सुशासनमा पारदर्शीता कायम गर्ने छ। यसले संस्थागत सुदृढीकरणका साथै गाउँबासीलाई प्रवाह गर्ने सेवा सुविधालाई प्रभाकारी बनाउने विश्वास गरिएको छ।

### ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ८.१.४.१ लक्ष्य

उपयुक्त संगठनात्मक संरचनाको विकास, उचित जनशक्ति व्यवस्थापन, आवश्यक कानूनको तर्जुमा साथै गुणस्तरिय सेवा प्रवाहको माध्यम बाट पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व, सदाचारयुक्त र आधुनिक प्रविधिमा आधारित स्थानीय शासन व्यवस्थाको कार्यान्वयन बाट संगठनको उत्पादकत्व बढाउने साथै गाउँपालिका बासीको विश्वास अभिबृद्धिका साथ विधिको शासन सुदृढ बनाउने

- गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माणमा प्रभावकारिता वृद्धि गरी आम जनतामा समावेशी र सहभागितामूलक असल शासनको अनुभूति गर्ने,

#### ८.१.४.२ उद्देश्य

1. गाउँपालिकाको राजनैतिक एवं प्रशासनिक नेत्रित्व सक्षम, विश्वासिलो र प्रभावकारी बनाउने
2. सुदृढ सांगठनिक संरचना, दक्ष र क्षमतावान जनशक्ति, नवीन प्रविधियुक्त यन्त्र उपकरण लगायतको व्यवस्थापनका साथ गाउँपालिका बाट सम्पादन गरिने विकास निर्माण र सेवा प्रवाहका कार्य छिटो, छरितो, निष्पक्ष, गुणस्तरीय, नतिजा तथा परिणाममूखि र प्रभावकारी बनाउने
3. विकास निर्माण र सेवा प्रवाह समेतका सम्पूर्ण काम कारवाही लाई पारदर्शि, जवाफदेही, सदाचारयुक्त र प्रविधिमैत्री बनाएर जनसहभमगिता र जनविश्वासमा अभिबृद्धि गर्दै जनशक्तिको परिचालन मार्फत नागरिक सेवा अभिबृद्धि गरी सुशासनको प्रत्याभूती दिलाउने साथै संगठनको शाखा अभिबृद्धि मार्फत विधिको शासन र सेवा प्रवाहमा नागरिक अधिकार सुनिश्चित गर्ने

४. मूल संविधानको अधिनमा रही सेवामुखी आवश्यक कानुन निर्माण, समयसापेक्ष संशोधन र कार्यान्वयन गर्नु,

५. सेवा बजारहरूको विकास, विस्तार र परिचालन गर्नु,

८.१.४.३ रणनीति, कार्यक्रम तथा आयोजना

| क्र.सं. | रणनीति | क्रियाकलाप (कार्यक्रम तथा आयोजना) |
|---|---|---|
| १ | **भौतिक पूर्वाधार विकासः** गाउँपालिका बाट प्रवाह हुने सेवा तथा प्रशासनिक कार्यको क्षमता धान्न सक्ने गरी चुलाचुली गाउँपालिका नव निर्मित कार्यपालिका भवन सुविधा सम्पन्न बनाउने साथै आफ्नै कार्यालय भवन पर्याप्त र व्यवस्थित वडा कार्यालयका कार्यालय भवन पर्याप्त हुने गरी निर्माण, पुननिर्माण, स्तरउन्नती गर्ने | • कार्यालय भवन हरुको निर्माणका लागि नपुग रहेको जग्गा खरित गर्ने वा प्राप्ति गर्ने<br>• नवनिर्मित गाउँकार्यपालिका भवन बाट सेवा प्रवाहका लागि नपुग रहेको अनुसूचिमा उल्लेख भएको भौतिक पूर्वाधारको निर्माण कार्य सम्पन्न गर्ने<br>• कार्यालय भवनहरुलाई शौचालय, शुद्ध र सुरक्षित खानेपानी, प्रतिक्षालय, स्तनपान कक्ष, अपाङ्गमैत्री, पर्याप्त पार्किङ स्थल लगायतका सेवा सुविधायुक्त बनाउने<br>• गाउँकार्यपालिकाको कार्यालय भवन तथा वडा कार्यालय भवनहरुमा आवश्यक फर्निचर, कम्प्यूटर, प्रिण्टर, सर्वर, विद्युतीय सामान लगायत कार्यालयको व्यवस्थित सञ्चालनका लागि आवश्यक आधारभूत सामाग्रिहरुको खरिद गर्ने तथा व्यवस्थापन गर्ने<br>• विकास निर्माण तथा सेवा प्रवाहका कार्य सञ्चालन तथा व्यवस्थापनमा भौतिक संरचनाको अभावमा बाधा व्यवधान आउन नदिने<br>• आर्थिक श्रोतको व्यवस्थापन गर्ने |
| २ | **सेवा प्रवाहः**<br>क. पालिकाको सांगठनिक संरचनाको पूर्ण कार्यानवयन बाट विकास निर्माण र सेवा प्रवाहलाई प्रभावकारी र विश्वासिलो बनाउने<br>ख. गाउँ कार्यपालिका तथा वडा कार्यालयहरुका | • संगठन विकास तथा व्यवस्थापन सर्वेक्षण मार्फत तयार भएको संगठन संरचना लाई कार्यान्वयन गर्ने साथै शाखागत कार्य विवरणका आधारमा कर्मचारीहरुको कार्य विवरण तयार गरी कार्यान्वयनमा ल्याउने<br>• विषयगत समितिहरुको समेत कार्य विवरण तयार गरी थप क्रियाशिल बनाउने<br>• कर्मचारी तथा जनप्रतिनिधि हरुलाई अध्ययन अवलोकन भ्रमण गर्ने<br>• आवश्यक यन्त्र उपकरण, सवारीका साधन, फोहोरमैला सङ्कलन गर्ने, दमकल, एम्बुलेन्स लगायतका साधनहरु खरिद गर्ने/व्यवस्था गर्ने<br>• सेवा प्रवाहका स्रोत र साधनले नियमित सेवा प्रवाह गर्न सक्ने |

| | | |
|---|---|---|
| | लागि आवश्यक फर्निचर, यन्त्र उपकरण, सवारीका साधन, दमकल, एम्बुलेन्स लगायतका साधनहरुको व्यवस्था गरी सेवा प्रवाहको गुणस्तर र प्रभावकारितामा बढोत्तरी गर्ने<br>ग. सबै सेवा ग्राहिले पालिका बाट प्राप्त गर्नु पर्ने सेवा सर्वशुलभ, व्यवस्थित, पारदर्शि समयबद्ध र प्रभावकारी रुपमा प्राप्त गर्ने कुराको सुनिश्चित गर्ने | गरी दुरुस्त राख्ने<br>• GIS प्रणालीको विकास गरी कार्यान्वयन गर्ने साथै MIS (Management Information System) को विकास र कार्यान्वयन गर्ने<br>• संस्थागत सञ्जाल समन्वय समितिको निर्माण तथा व्यवस्थापन गर्ने<br>• आधुनिक प्रविधि तथा नेट ईन्टरनेटको पूर्ण सुविधा र मोवाइल एप्स सहितको सुचना केन्द्रको थप व्यवस्थापन र क्षेत्र विस्तार गर्ने<br>• सबै वडा कार्यालयहरु बाट हुने सेवा प्रवाह विवरण तथा घट्ना दर्ता विवरणलाई सफ्टवेयर र सूचना प्रणालीको माध्यम बाट कार्यपालिकाको केन्द्रमा नियमित प्रवाह र प्रविष्ट हुने व्यवस्था मिलाउने<br>• पत्र पत्रिकामा स्थानीय एफ.एम रेडियो लगायतका सञ्चारका साधनको प्रभावकारी प्रयोजन गरी सूचना प्रवाह गर्ने<br>• त्रैमासिक रुपमा गाउँपालिका विकास सूचाङ्कहरु प्रकाशन गर्ने<br>• विकास निर्माण र सेवा प्रवाहका कार्यको परिमाणात्मक उपलब्धिका लागि नियमित समिक्षा, सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण र सामाजिक परीक्षण नियमित र प्रविधिमैत्री बनाउने<br>• गुनासो सुन्ने र व्यवस्थापन गर्ने कार्यलाई थप प्रभावकारी पार्ने |
| ३ | **स्थानीय ऐन, नियम, कार्यविधि तथा निर्देशिकाः** संविधानले निर्दिष्ट गरेको क्षेत्राधिकार भित्र रहि आफ्नो कार्य जिम्मेवारी बमोजिम संघीय तथा प्रदेश कानून सँग नबाझिने गरी स्थानीय कानून निर्माण गरी कार्यान्वयन गर्ने | • बिधायन समितिलाई पूर्ण क्रियाशिल बनाउने<br>• संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेको विषयगत क्षेत्रका बन्न बाँकी रहेका आवश्यक ऐन, नियम, कार्यविधि तथा निर्देशिकाको सूची तयार पार्ने<br>• कानून निर्माण तथा कार्यान्वयनका सम्बन्धमा जनप्रतिनिधिलाई तथा कार्यान्वयन सन्दर्भमा कर्मचारीलाई तालिमको उपलब्धता गराउने<br>• स्थानीय सरोकारवाला सँग स्थानीय कानून निर्माण गर्ने सिलसिलामा पर्याप्त छलफल तथा परामर्श गरी सुझाव सङ्कलन गर्ने<br>• सूचि बमोजिमका आवश्यक ऐन, नियम, कार्यविधि तथा निर्देशिका निर्माण गरी कार्यान्वयनमा ल्याउने |

| | | |
|---|---|---|
| | | • स्थानीय कानून हरुका बारेमा सबै सरोकारवाला लाई सूचना तथा सञ्चारका माध्यम बाट जानकारी गराउने |
| ४ | **जनशक्ति व्यवस्थापन** पालिकाको सांगठनिक संरचना बमोजिम आवश्यक न्यूनतम जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहका कार्यमा थप प्रभावकारिता र गुणस्तरियतामा बृद्धि गर्ने | • सांगठन संरचना बमोजिम गाउँ कार्यपालिका, विषयगत शाखा, अस्पताल, स्वस्थ्य चौकी वा केन्द्र तथा वडा कार्यालयका लागि आवश्यक दरबन्दी सिर्जना गर्ने<br>• विषयगत कार्यालय वा समायोजन बाट आएका कर्मचारी हरुलाई पूर्ण जिम्मेवारी प्रदान गर्ने<br>• आवश्यकताका आधारमा दरबन्दी बमोजिमका कर्मचारीहरुको प्रचलित कानून बमोजिम स्थायी, तथा करारमा पदपुर्ति गर्दै जाने<br>• विगत दखिनै अस्थायी तथा करारमा कार्यरत कर्मचारी हरुलाई समेत नियमानुसार स्थायी गर्ने<br>• श्रोत व्यक्तिहरुको रोष्टर तयार गर्ने<br>• क्षमता विकास योजना तयार गरी जनप्रतिनिधि लगायत कार्यपालिका तथा वडा कार्यलय समेतका सम्पूर्णका कर्मचारी हरुलाई आन्तरिक तथा बाह्य रुपमा समेत विषयगत तालिम तथा प्रशिक्षण मार्फत क्षमता विकास गर्ने<br>• गाउँपालिकाका सबै वडा अध्यक्ष, विभाग वा शाखाका जिम्मेवार कर्मचारी हरुलाई जिम्मेवारीका आधारमा कम्प्यूटर, नेटवर्क लगायतका सेवा प्रवाहका साधन उपलब्ध गराई थप जिम्मेवार बनाएर सेवा प्रवाहका कार्यमा थप गति प्रदान गर्ने<br>• अनलाइन सेवा प्रवाह, डिजिटल नागरिक वडा पत्र, वेबसाइट सदुपयोग जन्य आदि अभ्यास बढाउने<br>• सकारात्मक दृष्टिकोण र व्यवहारका साथ सेवा प्रदान गर्न |

### ८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका, जानकारीका श्रोत र अनुमान तथा जोखिम पक्षको सामान्य विवरण यहाँ उल्लेख गरिएको छ भने यसको विस्त्रित विवरण तालिका नं. ८.३ मा समावेश गरिएको छ।

#### ८.१.५.१ अपेक्षित प्रतिफल तथा उपलब्धि

- गाउँ कार्यपालिका तथा वडा कार्यालयको हाता भित्र जनप्रतिनिधि, कर्मचारी तथा सेवाग्राहीका सवारीका साधन पार्किङका लागि हाल रहेको पार्किङ स्थल व्यवस्थित हुनेछ
- संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन लगायतका प्रचलित ऐन कानून निर्दिष्ट गरेका कार्यक्षेत्रको व्यवस्थित कार्य सञ्चालन गर्न पालकाको सांगठनिक संरचना अद्यावधिक र व्यवस्थित हुनुको साथै

सोहि संरचना बमोजिको कार्य विवरण समेत तयार/अद्यावधिक भई पूर्ण रुपले क्रियाशिल भएको हुनेछ साथै संरचना बमोजिमका जनशक्ति व्यवस्थापनको कार्यले गति लिएको हुनेछ

- पालिकाको सांगठनिक संरचना बमोजिम आगामी ५ वर्षभित्र आवश्यक न्यूनतम जनशक्ति व्यवस्थापन भई विकास निर्माण र सेवा प्रवाहका कार्यमा थप प्रभावकारिता र गुणस्तरियतामा बृद्धि भई सुशासनको प्रत्याभूति भएको हुनेछ।
- आवश्यकता अनुसार सबै प्रकारका स्थानीय ऐन, नियम, कार्यविधि, निर्देशिका तयार भई पूर्ण रुपले कार्यान्वयनमा आएका हुनेछन।
- सबै सेवा ग्राहिले पालिका बाट प्राप्त गर्नु पर्ने सेवा सर्वशुलभ, व्यवस्थित समयबद्ध र प्रभावकारी रुपमा प्राप्त गरेका हुनेछन्
- सेवा प्रवाहमा सबलीकरण, विकास निर्माणमा प्रभावकारिता, समावेशिता र सहभागितामा वृद्धि भएको हुनेछ। मूल संविधानको अधिनमा रही सेवामुखी आवश्यक कानुन निर्माण, समयसापेक्ष संशोधन र कार्यान्वयन गरिएको हुनेछ। एकीकृत सेवा प्रवाहका लागि प्रविधि मैत्री भौतिक पूर्वाधारहरूको निर्माण र मर्मत सम्भार गरिएको हुनेछ। समयानुकूल सेवा प्रवाहका लागि दक्ष मानव संशाधनको व्यवस्था गरिएको हुनेछ। सेवा बजारहरूको विकास, विस्तार र परिचालन गरिएको हुनेछ।

### ८.१.५.२ नतिजा/सूचक

**१. भौतिक पूर्वाधार निर्माण विकास**

गाउँपालिकाको गौरवको आयोजना अन्तरगत सिमाना बजार धाने टाकुरा हम्पाल कुकुरे खोर उपल्लो बाझकाडा खानीगाउँ टाकुरा कालालेख सडक लम्बाइ ३९ कि.मि. चौडाइ ६ मि. निर्माण भएको हुनेछ।

- नयाँ निर्माण हुने तथा स्तरोन्नती हुने गाउँ कार्यपालिकाको कार्यालय भवन तथा वडा कार्यालय भवनहरु सेवा प्रवाहका लागि आवश्यक घेराबार, शौचालय, खानेपानी, प्रतिक्षालय, फर्निचर, कम्प्यूटर तथा इन्टरनेट सि.सि. क्यामेरा लगायतका सबै सेवा प्राप्त हुने गरी आगामी ५ वर्षभित्र व्यवस्थित भएका हुनेछन्

**२. सेवा प्रवाह**

- पालिकाको कार्य प्रवाह विवरण तत्काले तयार भई कार्यान्वयनमा आएको हुनेछ
- सांगठनिक संरचना बमोजिम सबै शाखा, उपशाखा, इकाई तथा वडा कार्यालयहरु बाट सेवा ग्राहिले समय सिमा भित्र सेवा प्राप्त गर्ने कार्यको सुनिश्चित भएको हुनेछ
- शाखागत कार्य विवरणका आधारमा सम्बन्धित शाखामा काम गर्ने कर्मचारीहरुको सेवा प्रवाह कार्यमा गुणात्मक सुधार  भएको हुनेछ
- पालिकाका सबै कर्मचारी हरुले सेवा प्रवाह, जिम्मेवारी र दायित्वका विषय निरन्तर तालिम प्राप्त गरेका हुनेछन्
- पालिकाको वर्तमान Web Page निरन्तर अद्यावधिक तथा अपडेट हुने साथै मोबाइल एप्स सञ्चालनमा आउने र GIS प्रणालीको विकास र नेट ईन्टरनेटको पूर्ण व्यवस्थापन भई सेवा प्रवाहका सबै अङ्ग सूचना प्रणाली भित्र आवद्ध हुनेछन

- पालका क्षेत्रका सबै सरोकारवाला क्षेत्र, निकाय तथा अंगहरु समन्वयात्मक कार्य प्रणाली भित्र आवद्ध भई सेवा प्रभावमा प्रभावकारिता आएको हुनेछ

**३. स्थानीय ऐन, नियम, कार्यविधि तथा निर्देशिकाः**

- विषयगत समितिहरु थप क्रियाशिल भएका हुनेछन्
- गाउँपालिका स्तरीय बिधायन समिति थप क्रियाशिल भएको हुनेछ
- गाउँपालिकाका लागि आवश्यक आर्थिक ऐन, विनियोजना ऐन, सामाजिक सुरक्षा ऐन, शिक्षा ऐन लगायतका ऐन निर्माण वा अद्यावधिक भई पुर्ण रुपले कार्यान्वयनमा आएका हुनेछन
- योजना तर्जुमा तथा कार्यान्वयन कार्यविधि, राजश्व सङ्कलन तथा व्यवस्थापन कार्यविधि, सामाजिक संघ संस्था कार्यविधि, बिपद् ब्यवस्थापन कार्यविधि लगायतका आवश्यक सम्पूर्ण कार्यविधि तथा निर्देशिका तयार भई कार्यान्वयनमा आएका हुनेछन्

**४. जनशक्ति व्यवस्थापन**

- पालिकाको वर्तमान सांगठनिक संरचना तयार/अद्यावधिक भई कार्यान्वयनमा आई प्रस्तावित दरबन्दी ५ वर्ष भित्र पुरा भएको हुनेछ
- सांगठनिक संरचना बमोनिम सबै शाखा तथा वडा कार्यालय हरुको कार्य विवरण तयार भई कार्यान्वयनमा आएको हुनेछ
- शाखागत कार्य विवरणका आधारमा सम्बन्धित शाखामा काम गर्ने कर्मचारी हरुको जिम्मेवारी बमोजिमको कार्य विवरण कार्यान्वयनमा आएको हुनेछ
- यस आवधिक योजनाको मध्यावधि सम्ममा सांगठनिक संरचना बमोजिम प्राविधिक तथा प्रशासनिक कर्मचारी हरुको योग्यता कम तथा सेवा सुविधा नेपाल सरकारले तोकेको अतिरिक्त थप सेवा सुविधा उपलब्ध गराई उत्प्रेरित जनशक्तिको बाहुल्यता हुनेछ।

### ८.१.६ अनुमान तथा जोखिम पक्ष

प्रस्तावित संगठन संरचना बमोजिमको दरबन्दी पुरा भई सेवा प्रवाहमा बढोत्तरी भएको हुनेछ साथै स्थानीय ऐन कानून समेत निर्माण भई सुशासनको प्रत्याभूति भएको हुनेछ। स्थानीय बासीको सहयोग साझेदारी, जनशक्तिको दक्षता, श्रोत साधनको पर्याप्ता को सुनिश्चितता रहेको हुनेछ।

#### ८.१.६.१ जानकारीका श्रोत, जिम्मेवारी तथा अनुमान तथा जोखिम पक्ष

| क्र.सं. | योजनाको समूहगत शिर्षक | सञ्चालन हुने वा सञ्चालन भएका योजना बारे प्राप्त हुने जानकारीका श्रोत | योजना सञ्चालन व्यवस्थापनको जिम्मेवारी | योजना सञ्चालन व्यवस्थापनमा आईपर्न सक्ने पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|
| १ | **संस्थातग विकास तथा सुशासन** | • गाउँ कार्यपालिकाको निर्णय पुस्तिका गाउँ<br>• गाउँसभाको निर्णय | **१. प्रमुख जिम्मेवारी**<br>• गाउँ कार्यपालिका<br>• वडा समितिको | • विद्यमान नीति, ऐन, नियम, तथा कानून<br>• स्रोत र साधनको |

| | | | | |
|---|---|---|---|---|
| | | पुस्तिका<br>• गाउँपालिकाको योजना पुस्तिका<br>• संघीय तथा प्रदेश सरकारका अभिलेख<br>• स्थलगत अवस्था<br>• सामान्य प्रशासन शाखाको अभिलेख<br>• वडा समितिको अभिलेख<br>• सञ्चार श्रोत<br>• गाउँपालिकाको वेबसाइट | कार्यालय<br>• प्रमुख प्रशासकीय अधिकृत<br>• सम्बन्धित शाखा<br>• विषयतग समिति<br>**२. सहयोगी**<br>• संघीय तथा प्रदेश सरकार<br>• विकास साझेदार<br>• स्थानीय सरोकारवाला व्यक्ति वा समुदाय<br>• टोल विकास वा सामुदायिक संघ संस्था<br>• निजी क्षेत्र | अभाव<br>• यन्त्र उपकरणको अभाव<br>• सहयोगी तथा साझेदार संघ संस्था<br>• उपयुक्त प्रविधिको अभाव<br>• निर्माण सामाग्रीको अपर्याप्तता तथा अभाव<br>• दक्ष जनशक्तिको अभाव |

तालिका नं. ८.१: कार्यक्रम तथा आयोजना विवरण खाका

| उद्देश्य नं. | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक (लक्ष्य रु हजारमा) | | | | | | प्रति एकाई लागत | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| **१. संस्थागत विकास तथा सुशासन** | | | | | ...... | ...... | ...... | ...... | ...... | ...... | | गाउँ सभा, कार्यपालिका, सामान्य प्रशासन शाखा, संघीय तथा प्रदेश सरकार | ८.१.४.३ को रणनीति तथा कार्यक्रम स्तम्भका संलग्न |
| १ | संस्थागत पूर्वाधार विकास | | | | | | | | | | | | |
| | पूर्वाधार विकास र व्यवस्थापन साथै क्षमता विकास कार्यक्रम मार्फत गाउँपालिकाको राजनैतिक एवं प्रशासनिक नेत्रित्व सक्षम, विश्वासिलो र प्रभावकारी बनाउने | संख्या | क्षमता विकास योजना तर्जुमा गर्न बाँकि रहेको | क्षमता विकास योजना तयार गरी योजना अवधिमा ५० वटा कार्यक्रम सञ्चालन गर्ने | | | | | | | | | |
| २ | संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेको | | ..... | थप ... वटा | ..... | ..... | ..... | ..... | ..... | ..... | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विषयगत क्षेत्रका बन्न बाँकी रहेका आवश्यक ऐन, नियम, कार्यविधि तथा निर्देशिकाको सूचि तयार पार्ने | | | | | | | | | | | | |
| ३ | संगठन विकासका साथमा स्वीकृत दरबन्दी बमोजिम जनशक्ति व्यवस्थापन गर्ने | संख्या | ..... | ..... | ..... | ..... | ..... | ..... | ..... | ..... | | | |
| ३ र ४ | विकास निर्माण र सेवा प्रवाहलाई प्रभावकारी र विश्वासिलो बनाउने | % | अनुमानित ७० प्रतिशत | ..... | ..... | ..... | ..... | ..... | ..... | ..... | | | |

तालका नं. ८.२ कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण खाका

| उद्देश्य नं. | कार्यक्रम तथा आयोजनाको विवरण | स्थानीय दीर्घकालिन लक्ष्य/रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य सङ्केत | दिगो राष्ट्रिय लक्ष्य सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| **१. संस्थागत विकास तथा सुशासन** | | | १६ | ८ | २.३ | | |
| १ | गाउँपालिकाको राजनैतिक एवं प्रशासनिक नेत्रीत्व सक्षम, विश्वासिलो र | ८.१.४.३ | | ८ | ७ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रभावकारी बनाउने | | | | | | |
| २ | संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेको विषयगत क्षेत्रका बन्न बाँकी रहेका आवश्यक ऐन, नियम, कार्यविधि तथा निर्देशिकाको सूचि तयार पार्ने | ८.१.४.३ | | ८ | १ | | |
| ३ र ४ | विकास निर्माण र सेवा प्रवाहलाई प्रभावकारी र विश्वासिलो बनाउने | ८.१.४.३ | | ८ | ७ | | |

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | | पुष्ट्याइका आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| **१. संस्थागत विकास तथा सुशासन** | | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | प्रशासनिक र सेवा प्रवाहलाई प्रभावकारी बनाउने कार्यपालिका र वडा कार्यालयहरु भौतिक पूर्वाधार निर्माण विकास हुने | १ | संख्या | ११ | ३ | २ | २ | २ | २ | ११ | गाउँ सभा, गाउँ कार्यपालिकाको निर्णय अभिलेख, सामान्य प्रशासन शाखा साथै सम्बन्धित शाखा, इकाईहरु साथै स्थानीय बासी | गाउँ पालिकाको निर्णय र कार्यान्वयन क्षमतामा बढोत्तरी भएको हुनेछ साथै संस्थागत सम्यन्त्रले प्रभावकारी रुपमा कार्य गर्ने वातावरण विकास |
| | गाउँपालका बाट प्रवाह हुने सेवा सुशासनयुक्त, पारदर्शि, मितव्यी र प्रभावकारी हुनुको साथै स्थानीय बासीको सहज पहँच स्थापित भएको हुने | २ | | करिब ७० प्रतिशत | ७५ | ८५ | ९० | ९५ | १०० | १०० | | |
| | स्थानी ऐन कानूनको निर्माण भई स्थानीय तहका | ३ | संख्या | ४२ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | काम कर्तव्य र अधिकारको पूर्ण र व्यवस्थित रुपमा कार्यान्वयन हुने | | | | | | | | | | | |
| | संगठन संरचनाको विकास र सो बमोनिमको जनशक्ति व्यवस्थापन बाट सेवा प्रवाह र विकास निर्माणका कार्यमा प्रभावकारीता बढ्ने | ४ | संख्या | २७ | १५ | १५ | २० | २५ | २५ | १०० | | |
| अवसर | प्रशासनिक तथा सेवा केन्द्रहरु भौतिक पूर्वाधार युक्त बनाउने | | संख्या | पूर्वाधार विकास खण्डमा समेत समावेश | | | | | | | कार्यपालिका, संघीय तथा प्रदेश सरकार साथै संथानीय सरोकारवाला | भूउपयोग योजना तथा नीति र वनजङ्गल संरक्षण योजना पूर्ण रुपले कार्यान्वयनमा |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | आएको हुनेछ |
| | सेवा प्रवाह तथा विकास निर्माण सुशासनयुक्त, पारदर्शि, मितव्यी र प्रभावकारी बनाउनु | | % | करिब ७० प्रतिशत | ७५ | ८५ | ९० | ९५ | १०० | १०० | | |
| | बलियो संगठन र दक्ष तथा जनशक्तिको परिपुर्ति गर्नु | | संख्या | ६३ | | | | | | | | |
| प्रतिफल | गाउँकार्यपालिका भवन, वडा कार्यालयहरु साथै अस्पताल र स्वास्थ्य केन्द्र तथा चौकीहरु न्यूनम रुपमा भौतिक पूर्वाधार युक्त भएका हुनेछन् | | संख्या | पूर्वाधार विकास खण्डमा समावेश | | | | | | | सम्बन्धित उपभोक्ता समिति, गाउँ कार्यपालिका, योजना शाखा, स्थानीय उपभोक्ता र व्यवसायीहरु | उपभोक्ता समिति, स्थानीय बासीको सहभागिता र सहयोगमा अभिवृद्धि भएको हुने साथै श्रोत र साधनको पर्यासता र |
| | गाउँपालिकाका | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सबै निकाय तथा शाखा, उपशाखा र इकाई बाट प्रवाह हुने सेवा सुविधा सुशासनयुक्त, पारदर्शि, मितव्यी र प्रभावकारी भएका हुनेछन् | | | | | | | | | | | मूल्य स्थिर रहेको हुने |
| | दक्ष र क्षमतावान कर्मचारीको व्यवस्थापन बाट संगठन बलियो र क्षमतावान भएको हुनेछ | | संख्या | ६३ | | | | | | | | |
| असर | प्रशासनिक तथा सेवा भौतिक पूर्वाधार युक्त बनाउने | | संख्या | पूर्वाधार विकास खण्डमा समेत समावेश | | | | | | | कार्यपालिका, संघीय तथा प्रदेश सरकार साथै स्थानीय सरोकारवाला | भूउपयोग योजना तथा नीति र वनजङ्गल संरक्षण योजना पूर्ण रुपले |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सेवा प्रवाह तथा विकास निर्माण सुशासनयुक्त, पारदर्शि, मितव्यी र प्रभावकारी बनाउनु | | % | करिब ७० प्रतिशत | ७५ | ८५ | ९० | ९५ | १०० | १०० | | कार्यान्वयनमा आएको हुनेछ |
| | बलियो संगठन र दक्ष तथा सिपयुक्त जनशक्तिको परिपुर्ति गर्नु | | संख्या | ६३ | | | | | | | | |
| प्रतिफल | गाउँ कार्यपालिका भवन, वडा कार्यालयहरु साथै अस्पताल र स्वास्थ्य कन्द्र तथा चौकिहरु न्यूनतम रुपमा भौतिक पूर्वाधार युक्त भएका हुनेछन् | | संख्या | पूर्वाधार विकास खण्डमा समावेश | | | | | | | सम्बन्धित उपभोक्ता समिति, गाउँ कार्यपालिका, योजना शाखा, स्थानीय उपभोक्ता र व्यवसायीहरु | उपभोक्ता समिति, स्थानीय बासीको सहभागिता र सहयोगमा अभिबृद्धि भएको हुने साथै श्रोत र साधनको पर्याप्तता र मूल्य स्थिर रहेको हुने |
| | गाउँपालिकाका सबै निकाय | | % | ७० | ७५ | ८५ | ९० | ९५ | १०० | १०० | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथा शाखा, उपशाखा र इकाई बाट प्रवाह हुने सेवा सुविधा सुशासनयुक्त, पारदर्शि, मितव्यी र प्रभावकारी भएको हुनेछन् | | | | | | | | | | | |
| | दक्ष र क्षमतावान कर्मचारीको व्यवस्थापन बाट संगठन बलियो र क्षमतावान भएको हुनेछ | | संख्या | ६३ | | | | | | | | |
| प्रमुख कार्यक्रम | पूर्वाधार विकास र व्यवस्थापन साथै क्षमता विकास कार्यक्रभ मार्फत गाउँपालिकाको राजनैतिक एवं प्रशासनिक | | | क्षमता विकास योजना तर्जुमा गर्न बाँकि रहेको | | | | | | | | भू-उपयोग योजना अद्यावधिक भई कार्यान्वयनमा आएको हुनेछ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नेत्रीत्व सक्षम, विश्वासिलो र प्रभावकारी बनाउने | | | | | | | | | | | |
| | संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेको विषयगत क्षेत्रका बन्न बाँकी रहेका आवश्यक ऐन, नियम, कार्याविधि तथा निर्देशिकाको सूचि तयार पार्ने | | संख्या | ४२ | | | | | | | | |
| | संगठन विकासका साथमा स्वीकृत दरबन्दी बमोजिम जनशक्ति व्यवस्थापन गर्ने | | संख्या | ६३ | | | | | | | | |
| | विकास निर्माण र सेवा प्रवाहलाई | | % | ७० | ७५ | ८५ | ९० | ९५ | १०० | १०० | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रभावकारी र विश्वासिलो बनाउने | | | | | | | | | | | |

# परिच्छेद ९ (नौ)
# कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

समृद्धिको मार्ग योजनाबद्ध विकासको प्रारम्भ बाट थालनी हुन्छ। विश्वका विकसित र विकाससील मुलुकहरुको वर्तमान उपलब्धि योजनाबद्ध विकास क्रमले सार्थक बनाएको अवस्था हो। नेपालको हकमा संघीय तहमा योजनाबद्ध विकासको प्रयास थालिएको करिब ६५ वर्ष व्यतित भैसकेको अवस्था छ। संघीयताको सुरुवात सँगै स्थापित भएको प्रदेश सरकारहरुले समेत आ-आफ्ना आवधिक योजना तयार पारी योजनाबद्ध विकासको प्रयासको प्ररम्भ गरिसकेका छन्। विगतमा जिल्ला विकास समितिहरुले आवधिक योजना तयार गरी आफ्ना विकास अभियानहरु सञ्चालन व्यवस्थापन गर्दै आएका थिए। नेपालमा बहुदलिय प्रजातन्त्रको पुनरस्थापन भए पछि विगतका केहि स्थानीय निकायहरु आवधिक योजना तयार गर्ने प्रयास गरेको, केहिले तयार गरेको भएता पनि उक्त दस्तावेजहरु एकातिर वार्षिक योजना तथा कार्यक्रम अर्कातिर हुने गरेको थियो। संघीयताको कार्यान्वयन सँगै स्थानीय सरकारको हैसियतमा स्थापित भएका स्थानीय तहहरु मध्ये केहिले आवधिक योजना निर्माण गरी योजनाबद्ध विकासको प्रयास गरिएको भएता पनि योजना छनोट र कार्यान्वयनको परम्परागत शैली र व्यवहारलाई परिवर्तन गर्न नसकेका कारण उक्त दस्तावेजहरु समेत निरर्थक रहन पुगेको तितो यथार्थ हामि माझ रहेको छ। वर्तमान अवस्थामा संघीय तथा प्रदेश सरकारहरुले समग्र विकास योजना र स्रोत व्यवस्थापनलाई योजनाबद्ध विकासको प्रारुप, प्रारम्भ र परिणाम सँग जोडिदिएका कारण स्थानीय तहहरु  योजनाबद्ध विकासका लागि आवधिक योजना तर्जुमा मार्फत अघि बढ्ने प्रयत्न गरिरहेका छ। यहि प्रयत्न सिद्ध कुमाख गाउँपालिकाले समेत गरेको छ। सिद्ध कुमाख गाउँपालिकाले चालु आ.व सम्म आईपुग्दा वार्षिक योजनाको निर्माण गर्ने र सोहि योजना मार्फत आफ्ना विकास अभियानगत नीति तथा कार्यक्रम हरुलाई सञ्चालन व्यवस्थापन गर्दै आएको छ। यस पालिकामा समेत प्रत्येक वर्ष वार्षिक योजना निर्माण गर्ने र सोहि बमोजिम बहुवर्षिय योजनाहरु समेत सञ्चालन गर्दै जाने प्रचलन स्थापित रहेको छ।

स्थानीय तहको योजना प्रणालीलाई संघीयताको मूल मर्म र भावना बमोनिम स्थापित राजनीतिक परिवर्तन सापेक्ष यथार्थपरक र नतिजामुखि बनाउन नतिजा खाकाको अवधारणा लाई आत्मसात गरी मध्कालिन खर्च संरचना र वार्षिक विकास कार्यक्रम लाई आवद्ध गर्दै लाने प्रयास स्वरुप स्थानीय योजना तर्जुमा दिग्दर्शन तयार गरी कार्यान्वयनमा आएको अवस्था छ। स्थानीय तहको योजना प्रक्रियालाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखि बनाउने नतिजा खाकाको प्रयोग र स्थानीय आयोजना बैंक तयार गर्ने कार्यको प्रारम्भ गरिएको छ।

सिद्ध कुमाख गाउँपालिकाको स्रोत आवधिक विकास योजनाले संघीयताको मूल मर्म र भावना बमोनिम यस पालिकाको आर्थिक बृद्धि, उत्पादनशील रोजगारी सिर्जना र विकासका प्रतिफल र अवसरहरुमा स्थानीय बासीहरुको समतामूलक पहुँच स्थापित गर्दै **" समृद्ध नेपाल सुखी नेपाली "** को राष्ट्रिय सोच र समाजबाद उन्मुख अर्थतन्त्रको आधार निर्माण गर्ने कार्यमा आफ्नो योगदानलाई गणनायोग्य बनाउने प्रयास गरेको छ।

यस दोस्रो आवधिक योजनाले यस पालिकामा एकीकृत योजना प्रणालीको विकास **"शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, पर्यटन, उद्योग, संस्कृति र वनजङ्गल अभिवृद्धि, सिद्ध कुमाख गाउँको, विकास र सुशासन सहितको समृद्धि" दीर्घकालिन सोच साथै "मानव विकासका तिन वटै सुचाङ्कमा वृद्धि गर्दै आगामी २० वर्षमा सिद्ध कुमाख गाउँपालिका कर्णाली प्रदेशको मानव विकास सुचकांकमा शिर्ष पाँच स्थानमा रहेको गाउँपालिका हुनेछ"** लक्ष्य र उद्देश्य हाँसिल गर्ने गरी सिद्ध कुमाख गाउँपालिका लाई मार्ग निर्देशन गर्नेछ। स्थानीय बासीको माग, स्थानीय स्तरका आवश्यकताका आधारमा योजना तथा आयोजना पहिचान, नतिजामूलक प्रणालीको संस्थागत विकास र सुदृढिकरणका साथ स्थानीय बासीको जीवनस्तर माथि उठाउदै आफ्ना विकास अभियान हरुलाई समय सिमा सहितको योजनाबद्ध विकासको माध्यम बाट अघि बढाउने र समृद्धि निर्माणमा सबै सरोकारवालाको सहभागिता र अपनत्व स्थापित गर्न यो योजना केन्द्रित रहेको छ।

### ९.२ संस्थागत व्यवस्था तथा मानव संशोधन योजना

स्थानीय सरकारको हैसियतमा यस पालिकाले निर्वाहा गर्ने जिम्मेवारी संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले गरेको व्यवस्था बमोनिम जन निर्वाचित प्रतिनिधिहरु बाट नेत्रीत्व प्रदान गर्ने व्यवस्था रहेको छ। यस पालिकाको कार्य जिम्मेवारी सम्पादन गर्न समग्र विकास निर्माण, सेवा प्रवाह र प्रशासनिक कार्यका लागि कार्यपालिका कार्यालय रहेको छ भने सेवा इकाईका रुपमा ५ वटा वडामा विभक्त गरी वडागत रुपमा वडा समितिका कार्यालयहरु रहेका छन्। गाउँ सभा यस पालिकाको सर्वोच्च निकाय रहेको छ भने दैनिक कार्य व्यवस्थापन, नीति निर्णयको कार्यान्वयन र व्यवस्थापनको जिम्मेवारी गाउँ कार्यपालिकाले गर्ने छ। यस पालिकाका आवधिक तथा वार्षिक निति, कार्यक्रम तथा बजेट साथै ऐनहरुको सफल कार्यान्वयनको वातावरण तयार गर्ने साथै उक्त ऐनहरुको कुसल संयोजना र व्यवस्थापनका लागि आवश्यक नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड सहितका आधार तयार गर्ने कार्य कार्यपालिकाले गर्नेछ। गाउँसभा तथा कार्यपालिकाले गर्ने कार्यहरुलाई सहज बनाउन लेखा, विधायन, सुशासन जस्ता समितिको व्यवस्था गाउँ सभाले गर्ने छ भने कार्यपालिकाले गर्ने कार्यमा सहजिकरण गर्न, तल्लो तह बाटै संयोजना र व्यवस्थापन गरी कार्यपालिकाको तह सम्म पुऱ्याउन सहयोगीको भूमिका निर्वाह गर्ने कार्यका लागि आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकास समितिहरु गाउँ कार्यपालिकाले व्यवस्था गर्नेछ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम गाउँ प्रमुखको संयोजकत्वमा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, गाउँपालिकाका उपप्रमुखको संयोजकत्वमा बजेट, नीति तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति, योजना अनुगमन तथा सुपेरिवक्षण समिति, उपभोक्ता हित संरक्षण समिति जस्ता समितिहरु रहने छन भने निर्धारित सिमा रेखा भित्र बसेर प्राप्त अधिकारका आधारमा सिङ्गो गाउँपालिका भित्रमा केहि महत्वपूर्ण न्याय सम्पादनको कार्यका लागि समेत उपप्रमुखको संयोजकत्वमा न्यायीक समिति क्रियाशिल रहने व्यवस्था छ।

यस पालिकाले आफ्ना विकास निर्माण, सेवा प्रवाह साथै दैनिक प्रशासन सञ्चालन व्यवस्थापन तथा कार्यान्वयनका लागि प्रमुख प्रशासकिय अधिकृतको मातहतमा रहने गरी १२, शाखा, ३ इकाई, १ केन्द्र र स्वास्थ्य चैकी/स्वास्थ्य केन्द्र/स्वास्थ्य इकाई रहेको पाईन्छ भने ५ वडा समितिका कार्यालयहरु रहेका

छन्। गाउँ कार्यपालिकाको दैनिक प्रशासन सञ्चालन व्यवस्थापनकव जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृत मातहत रहने व्यवस्था गरिएको छ भने वडा समितिको दैनिक प्रशासनिक कार्य वडा सचिवले गर्ने व्यवस्था रहेको छ। आवधिक योजनाले प्रस्ताव गरेको योजनाहरुमा आधारित भई बजेट सिमा भित्र रहेर विषयगत योजनाहरुको प्ररम्भिक प्रस्ताव वडा समिति बाट प्राप्त हुने, वडा बाट प्राप्त प्रस्तावहरु, गाउँपालिका स्तरीय योजनाहरु साथै संघ प्रदेश र विकास साझेदारहरु सँग प्रस्ताव गरिने योजनाहरुका हकमा सम्बन्धित शाखा मार्फत प्रस्ताव भई बनेको सिमा भित्र रहेर कार्यान्वयनमा लैजाने गरी विषयगत समितिमा छलफल हुने, विषयगत समिति बाट छलफल भई प्रस्ताव भएको योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरु योजना तर्जुमा समितिमा छलफल तथा निर्णय भई कार्यपालिकामा पेश गरिनेछ। कार्यपालिकाको प्ररम्भिक सहमति सिफारिस बमोजिम यसरी तयार भएका विषयगत योजना हरु गाउँसभामा पेश हुने र गाउँ सभा बाट बजेट विनियोजन सहित स्वीकृत भएका योजनाहरु पारित नीति निर्णय बमोजिम वडा तथा पालिका स्तर बाट नियमानुसार कार्य सम्पन्न गर्ने गरी कार्यान्वयनमा जानेछन्। गाउँसभा बाट स्वीकृत भएका योजनाहरुमा हुने खर्चको अख्तियारी गाउँ प्रमुखले गाउँसभा सम्पन्न भएको मितिले ७ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतलाई दिनु हुनेछ भने प्रमुख प्रशासकीय अधिकृतले खरिद योजना निर्माण गरी प्रचलित संघीय, प्रादेशिक तथा गाउँपालिकाले पारित गरेको ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड समेतका आधारमा आफु मातहतका शाखा, उपशाखा तथा इकाई मार्फत कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ। संविधान तथा अन्य प्रचलित ऐन कानून मार्फत प्राप्त अधिकार हरुको सफल कार्यान्वयनका लागि गाउँसभा बाट स्वीकृत गाउँपालिकाको कार्य विभाजन नियमावली तथा कार्य सम्पादन नियमावलीले निर्देशन गरेअनुसारको संगठन संरचना तयार गरिएको छ।

सिद्ध कुमाख गाउँपालिकाको तत्कालिन संगठन संरचना अनुसार मैजूदा अवस्था अध्ययन गर्दा यस १२, शाखा, ३ इकाई, १ केन्द्र र स्वास्थ्य चैकी/स्वास्थ्य केन्द्र/स्वास्थ्य इकाई रहेको पाईन्छ भने ५ वडा समितिका कार्यालयहरु रहेका छन्। यस गाउँपालिकामा अधिकृत सातौं तहमा १ जना र छैठौं तहमा ६ जना गरी जम्मा ७ जना, सहायका स्तर पाँचौमा १५ जना, सहायका स्थर चौथोमा २६ जना, र श्रेणी विहिन १५ जना गरी कुल ६३ जना कर्मचारी (जसमध्य ३६ जना करारमा कार्यरत रहेको देखिन्छ) बाट विकास निर्माण, सेवा प्रवाह र प्रशासनिक क्षेत्रका दैनिक कार्य जिम्मेवारीहरु सम्पादन तथा व्यवस्थापन हँदै आएको अवस्था छ।

संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन सहितका प्रचलित ऐन कानून र स्थानीय आवश्यकता बमोजिमका यस पालिकाले प्रदान गर्ने सेवालाई प्रभावकारी बनाउन पर्याप्त नरहेको र कार्यबोझ समेतलाई आधार मान्दा वर्तमान दरबन्दी संरचना पर्याप्त नरहेकोले संगठन तथा व्यवस्थापन सर्भेक्षण मार्फत नयाँ संगठन संरचना तथा दरबन्दि सुनिश्चित गरिएको छ। संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८० का आधारमा गाउँपालिकाको कार्य प्रकृतिलाई दृष्टिगत गर्दा गाउँ कार्यपालिका तर्फ प्रशासन शाखा, ग्रामीण शहरी तथा पूर्वाधार विकसा शाखा, सामाजिक विकास शाखा, आर्थिक विकास शाखा, आर्थिक प्रशासन शाखा, सुचना प्रविधि तथा मानव वृद्धि व्यवस्थापन शाखा, सामाजिक विकास शाखा गरी ७ वटा शाखा र तिनको मातहनमा रहने गरी १९ वटा उपशाखा भने ५ वटा वडा समितिका कार्यालयहरु र स्वास्थ्य चौकी/इकाई रहने

व्यवस्था गरिएको छ। गाउँपालिका लाई प्राप्त अधिकारका आधारमा तयार गरिएको आवधिक योजनाले निर्दिष्ट गरेका विषयगत तथा क्षेत्रगत लक्ष्य प्राप्त गर्न आवश्यक जनशक्ति व्यवस्थापनको तयारी स्वरुप सोहि सर्वेक्षणमा जनशक्तिको प्रस्ताव तयार गरिएको छ। संगठन संरचनामा आधारित जनशक्ति प्रक्षेपण र प्रस्तावित संगठन भित्र समेतिएका शाखा, उपशाखा तथा इकाई साथै कर्मचारी हरुको कार्य विवरण समेत तयार पारेको अवस्था छ। प्रस्तावित संगठन संरचना बमोजिम प्रमुख प्रशासकिय अधिकृत सहित अधिकृत स्तर वा सो सरहका १४ जना, सहायक स्तर पाँचौ वा सो सरहका ५६ जना, सहायक स्तर चौथो वा सो सरहका ३४ जना साथै कार्यालय सहयोगी, सवारी चालक, गाउँ शान्ति सुरक्षा प्रहरी समेतका गरी ३३ जना समेत गरी कुल १३७ जना कर्मचारीको आवश्यकता प्रस्ताव गरिएको छ। यो प्रस्ताव वर्तमानमा कार्यरत कर्मचारी संख्या भन्दा ७४ जना (५४.०१ प्रतिशत) ले बढी रहेको छ। विद्यमानमा कार्यरत जनशक्ति तथा थप भई आउने जनशक्तिको लागि क्षमता विकास योजना मार्फत कार्य सम्पादन क्षमतामा बढोत्तरी गरिने छ। प्रस्तावित दरबन्दी बमोजिमका आवश्यक पदहरुको पदपूर्तिका लागि आवधिक योजनाको दोस्रो वर्ष बाटै सुरुवात गरिने छ। प्रथप वर्ष भित्र प्रस्ताव भए बमोजिम दरबन्दी स्वीकृति, क्षमता विकास योजना तर्जुमा, अति आवश्यक पदमा पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगमा प्रस्ताव र क्षमता विकास योजना बमोजिमका जनशक्तिको क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छन्। प्रस्तावित जनशक्ति गाउँपालिकाको वित्तीय स्रोत समेतलाई आधार मानि ३ वर्ष भित्र पुरा गरिनेछ भने क्षमता विकास योजना तर्जुमा र दरबन्दी स्वीकृतिको कार्य दोस्रो वर्ष भित्रै सम्पन्न गरिनेछ। आवधिक गाउँपालिका विकास योजनाले स्वीकार गरेको तमाम विकास निर्माण र सेवा प्रवाह सँग सम्बन्धित योजना हरुको सफल र समयबद्ध कार्यान्वयन बाट स्थापित लक्ष्य तथा उद्देश्य पुरा गर्न गाउँपालिकाको क्षमता विकास एक अनिवार्य सर्तको रुपमा रहेको साथै सो क्षमता बमोजिम मानव संशाधनाको कार्य सम्पादन कुसलता थप प्रभावकारी हुनु पर्ने भए बमोजिम क्षमता विकास योजना बमोजिमका कार्यहरु निरन्तर सञ्चालन व्यवस्थापन हुनेछन्। वर्तमानमा कार्यरत साथै प्रस्तावित जनशक्ति वा मानव संशासनको खाका अनुसूचि ८ मा उल्लेख गरिएको छ।

**तालिका नं. ९.१ मानव संशाधनको आवश्यकता पहिचान र प्रक्षेपण**

| अधिकृत सातौं | अधिकृत छैटौं | सहायक पाँचौ | सहायक चौंथो | सहायक तेश्रो | गाउँ प्रहरी | श्रेणी विहिन | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १३ | ५६ | ३४ | ० | ८ | २५ | १३७ |

चित्र नं. ९.१ प्रस्तावित जनशक्तिको तहगत विवरण, २०८०




तालिका नं. ९.२  मानव संशाधन विकास योजना

| क्र.स | कार्यक्रम तथा कार्ययोजना | योजना अवधि वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | दोस्रो | दोश्रो | तेश्रो | चौथो | पाँचौ |
| १ | जनशक्ति क्षमता विकास योजना तर्जुमा | | | | | |
| २ | प्रस्तावित जनशक्तिको दरबन्दी स्वीकृति | | | | | |
| ३ | प्रस्तावित जनशक्तिको पदपूर्तिका लागि लोकसेवा आयोगमा प्रस्ताव | | | | | |
| ४ | प्रस्तावित जनशक्तिको पदपूर्ति | | | | | |
| ५ | क्षमता विकास योजना सञ्चालन व्यवस्थापन | | | | | |

## ९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट

आवधिक योजना तर्जुमाको सिलसिलामा टोल बस्ती हुँदै वडा तथा गाउँपालिका स्तरको विषयगत समिति तथा सरोकारवाला सँगको छलफल अन्तरक्रिया मार्फत परिचालन भएका चालु खर्च बाहेकका योजनाहरुको कुल लागत रु १ अरब १८ करोड १५ लाख देखिएको छ। उल्लेखित योजनाहरु लाई निर्धारण गरी अध्ययन

गर्दा प्राथमिकता नं. P१ मा रु ४३ करोड ४४ लाख, प्राथमिकता नं. P२ अन्तरगत ३८ करोड ६२ लाख र प्राथमिकता नं. P३ अन्तरगत ३६ करोड ८ लाख लाग्ने अवस्था छ। यस पालिकाको वर्तमान सिमित स्रोत र साधनका आधारमा योजना बैंकमा आएका यी तमाम योजनाहरु यस दोस्रो आवधिक योजना अवधि भित्रै कार्यान्वयनमा लैजान असम्भव प्राय छ। तसर्थ यस दोस्रो आवधिक योजना अवधिमा सकेसम्म प्राथमिकता P१ मा उल्लेख भएका योजना हरुलाई कार्यान्वयनमा लैजाने र दीर्घकालिन सोच र लक्ष्यका आधारमा प्रस्तावित बाँकि योजनाहरु दोश्रो, तेश्रो र चौथो आवधिक योजनामा प्राथमिकताका साथ समावेश गर्दै लगिने छ। अनुमानित लगानी प्रक्षेपणका आधारमा सिद्ध कुमाख गाउँपालिकाले यस आवधिक योजना अवधिका लागि (मूल्य स्थिरताका आधारमा लगानी साझेदारी लाई आधार मान्दा) रु ५ अरब ७५ लाख बराबरको लगानी सुनिश्चितता गर्नु पर्ने छ भने थप व्यवस्थापनका लागि संघीय तथा प्रदेश सरकार साथै विकास साझेदार र स्थानीय सरोकारवाला सँग साझेदारीताका लागि थप समन्वय र प्रयास अनिवार्य देखिएको छ। यस सम्बन्धि विवरण अनुसूचि ९(ख) मा उल्लेख गरिएको छ।

तालिका नं. ९.३ चालु खर्च बाहेकका प्रस्तावित योजनाहरुको प्राथमिकता बमोजिमको लागत अनुमान

| क.स | लगानीको विषय क्षेत्र | प्राथमिकताका आधारमा लगानी रु लाखमा | | | |
|---|---|---|---|---|---|
| | | P१ | P२ | P३ | |
| १ | आर्थिक विकास | २२२५७००० | २,२०,४०,००० | २,३९,१८,००० | |
| २ | सामाजिक विकास | १६६७१४००० | १६,२२,३८,७५० | १४,५२,८१,००० | |
| ३ | पूर्वाधार विकास | ९६५७०००० | ८,८०,१५,००० | ८,३०,९१,४२९ | |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३८७७५००० | २,०१,००,००० | ३४,६०,००० | |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८४४१९००० | ९,३९,०४,४४२ | १०,५०,५७,८९९ | |
| जम्मा | | ४०८७३५००० | ३८,६२,९८,१९२ | ३६,०८,०८,३२८ | १,१८,१५,७०,७३२ |

चित्र नं. ९.२ प्राथमिकता P१ मा परेका योजनाहरुको विषयगत आधारमा अनुमानित लगानीको संरचना



तालिका नं. ९.५ आवधिक योजना अवधिका लागि P१ का योजनाहरुको वार्षिक लगानीको अनुमानित मात्रा (रु लाखमा)

| आय तर्फ | | | | ५ वर्षको आय प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| शिर्षक/स्रोत | आ.व. २०७८/०७९ को यथार्थ | आ.व. २०७९/०८० को यथार्थ | आ.व. २०८०/०८१ को अनुमानित | आ.व. २०८१/०८२ को प्रक्षेपण | आ.व. २०८२/०८३ को प्रक्षेपण | आ.व. २०८३/०८४ को प्रक्षेपण | आ.व. २०८४/०८५ को प्रक्षेपण | आ.व. २०८५/०८६ को प्रक्षेपण | ५ वर्षको प्रक्षेपण |
| आर्थिक विकास | २२२५७००० | २२९८०००० | २३९१८००० | २५३५६८३३ | २७८९२५१६ | ३०६८१७६८ | ३३७४९९४५ | ३७१२४९३९ | १५४८०६००३ |
| सामाजिक विकास | १६६७१४००० | १३१६३५००० | १४५२८१००० | १६२६६४३३३ | १७८९३०७६६ | १९६८२३८४३ | २१६५०६२२७ | २३८१५६८५० | ९९३०८२०२१ |
| पूर्वाधार विकास | ९६५७००००० | ९५१७००००० | ८३०९१४२९ | १००७७१५२४ | ११०८४८६७६ | १२१९३३५४४ | १३४१२६८९८ | १४७५३९५८८ | ६१५२२०२३१ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३८७७५००० | २२४५०००० | ३४६०००० | २३७१७८३३ | २६०८९६१६ | २८६९८५७८ | ३१५६८४३६ | ३४७२५२७९ | १४४७९९७४४ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ८४४१९००० | ९१७७८००० | १०५०५७८९९ | १०३१२६७९६ | ११३४३९४७५ | १२४७८३४२३ | १३७२६१७६५ | १५०९८७९४२ | ६२९५९९४०४ |
| जम्मा व्यय | ४०८७३५००० | ३६४०१३००० | ३६०८०८३२८ | ४१५६३७३२० | ४५७२०१०५२ | ५०२९२११५७ | ५५३२१३२७३ | ६०८५३४६०० | २५३७५०७४०४ |
| पुग तथा अपुग बजेट | | | | २८२५७०७२४ | २८९१०६२१२ | २९४५१९५६८ | ३०००७७७८२ | ३०४२३८५६८ | १४७०५१२८५७ |

चित्र नं. ९.३ योजना अवधिका लागि P१ का लागि वार्षिक आवश्यक लगानी प्रक्षेपण



## ९.४ स्रोत अनुमान तथा प्रक्षेपण

कुनै पनि योजना तथा आयोजनाको सफल कार्यान्वयनका लागि स्रोतको सुनिश्चितता एक अनिवार्य र अपरिहार्य शर्त हो। सिद्ध कुमाख गाउँपालिकाले संविधान प्रदत्त अधिकारको प्रयोग गरेको पनि करिब ५ वर्ष ब्यतित हुन लागेको छ। संविधान तथा प्रचलित ऐन कानून बमोजिम आन्तरिक आयको क्षेत्राधिकार भित्र रहेर आफ्नो पालिका भित्र लगाउन सकिने सम्पत्ति कर, व्यापार व्यवसाय कर, बहाल बिटौलि कर तथा शुल्क जस्ता महत्वपूर्ण क्षेत्रलाई करको दायरा भित्र जति समेटिनु पर्ने थियो त्यस्तो हुन सकेको छैन। तसर्थ यस पालिकाले राजश्व सुधार योजनाका आधारमा प्रगतिशिल कर प्रणालीको अवलम्बन गरी करका दायरा विस्तार गर्न अनिवार्य छ। सिद्ध कुमाख गाउँपालिकाले आ.व २०७९/०८० मा आन्तरिक तर्फ ३२ करोड ५९ लाख १८ हजार २५० आम्दानी गरेकोमा आ.व २०८०/८१ का लागि रु ३६ करोड ०८ लाख ८ हजार ३२८ आय हुने अनुमान गरेको मा चालु आ.व को जेष्ठ मसान्त सम्ममा ३५ करोड ५८ लाख ८ हजार ३२८ को हाराहारीमा (कुल अनुमानको ९०.२९ प्रतिशत) प्राप्त भएको देखिन्छ। यस पालिकाले आन्तरिक आयको प्रमुख स्रोतको रुपमा रहेको सम्पत्ति कर, भूमिकर घर बहाल कर लगायतका करका क्षेत्राधिकार हरुलाई फराकिलो बनाउने अपेक्षाका साथ यस आवधिक योजना को दोस्रो वर्षमा वर्तमान आन्तरिक आयको कर राजश्व तर्फ ४० प्रतिशत वृद्धि गर्न सकिने र गैर कर राजश्व तर्फ २० प्रतिशतले वृद्धि हुन सक्ने अनुमान गरिएको छ। यसैगरी दोश्रो वर्ष क्रमश ३० र १५ प्रतिशत, तेश्रो वर्ष २० र १० प्रतिशत तथा सो पछिका वर्षहरुमा स्थिर वृद्धि हुने अनुमान गरिएको छ। यसका अतिरक्त संघीय तथा प्रदेश सरकार बाट प्राप्त हुने वित्तीय हस्तान्तरण तथा विशेष सहयोग चालु आ.व को तुलनामा प्रत्येक वर्ष १० प्रतिशतका दरले वृद्धि भई प्राप्त हुने अनुमान गरिएको छ भने यस पालिकाले आफुले सम्पादन गर्नु पर्ने विकास निर्माण र सेवा प्रवाहका कार्यलाई प्रभावकारी र नतिजामूखी रुपमा सम्पन्न गर्न सके संघीय तथा प्रदेश सरकार बाट थप सहयोग प्राप्त हुने साथै स्थानीय उपभोक्ता, निजी क्षेत्र साथै गैर सरकारी संघ संस्थाको समेत सार्थक सहभागिता हुने अपेक्षका साथ आवधिक योजनाको दोस्रो वर्ष ९.६२ प्रतिशत वृद्धि हुने साथै त्यस पछिका पर्षहरुमा क्रमश १३.४५, १२.६४, १३.०४ र १३.५० प्रतिशत वृद्धि हुँदै जाने अनुमान गरिएको छ। यस गाउँपालिकाले आकधिक योजनाको अन्तिम वर्ष पुग्दा कुल वार्षिक आय रु. ५२ करोड ५ लाख ८९ हजारको हाराहारी पुग्ने छ भने आवधिक योजना अवधिको कुल आय रु. २ अरव १७ करोड २४ लाख ४६ हजार को हाराहारी पुग्ने अपेक्षा गरिएको छ। आन्तरिक आय, वाह्य आय तथा योजना अवधिको कुल आय प्रक्षेपण अनुसूचि ७ मा उल्लेख गरिएको छ।

तालिका नं. ९.५ संभाव्य स्रोतको अनुमान तथा प्रक्षेपण

| आय तर्फ | | | | ५ वर्षको आय प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| शिर्षक/स्रोत | आ.व. २०७८/०७९ को यथार्थ | आ.व. २०७९/०८० को यथार्थ | आ.व. २०८०/०८१ को अनुमानित | आ.व. २०८१/०८२ को प्रक्षेपण | आ.व. २०८२/०८३ को प्रक्षेपण | आ.व. २०८३/०८४ को प्रक्षेपण | आ.व. २०८४/०८५ को प्रक्षेपण | आ.व. २०८५/०८६ को प्रक्षेपण | ५ वर्षको प्रक्षेपण |
| **नेपाल सरकार** | | | | | | | | | |
| समानिकरण अनुदान | ७५६००००० | ७९८००००० | ७१३००००० | ८३१२३३३३ | ९१४३५६६७ | १००५७९२३३ | ११०६३७१५७ | १२१७००८७२ | ५०७४७६२६२ |
| शसर्त अनुदान | १५६६२१३३३ | १५१९३७००० | १३४३००००० | १६२३८१३८९ | १७८६१९५२८ | १९६४८१४८० | २१६१२९६२८ | २३७७४२५९१ | ९९१३५४६१६ |
| समपुरक अनुदान | ० | ० | ८०००००० | २९३३३३३ | ३२२६६६७ | ३५४९३३३ | ३९०४२६७ | ४२९४६९३ | १७९०८२९३ |
| विषेश अनुदान | ० | ० | ५०००००० | १८३३३३३ | २०१६६६७ | २२१८३३३ | २४४०१६७ | २६८४१८३ | १११९२६८३ |
| **प्रदेश सरकार** | | | | | | | | | |
| समानिकरण अनुदान | ७२६२००० | ७२६२००० | ७२६२००० | ७९८८२०० | ८७८७०२० | ९६६५७२२ | १०६३२२९४ | ११६९५५२४ | ४८७६८७६० |
| शसर्त अनुदान | १३९५५८२ | १४९५०००० | १५५८३००० | ११७०७१४७ | १२८७७८६१ | १४१६५६४८ | १५५८२२१२ | १७१४०४३४ | ७१४७३३०२ |
| समपुरक अनुदान | १५०००००० | १५०००००० | १५०००००० | २०००००० | २०००००० | २०००००० | २०००००० | २०००००० | १०००००००० |
| विषेश अनुदान | | | | ५०००००० | ५५००००० | ६०५०००० | ६६५५००० | ७३२०५०० | ३०५२५५०० |
| **राजश्व बाँडफाँट** | | | | | | | | | |
| नेपाल सरकार | ५१९२५६९५ | ६८०७१००० | ६७३६३३२८ | ६८६९८६७५ | ७५५६८५४३ | ८३१२५३९७ | ९१४३७९३७ | १००५८१७३० | ४१९४१२२८२ |
| प्रदेश सरकार | | | | ५६१६००० | ६१७७६०० | ६७९५३६० | ७४७४८९६ | ८२२२३८६ | ३४२८६२४२ |
| **आन्तरीक श्रोत** | | | | | | | | | |
| संचित कोष | ८०९२४६६ | ३३३०९४२ | २०००००० | ४९२१९१६ | ५४१४१०८ | ५९५५५१९ | ६५५१०७० | ७२०६१७८ | ३००४८७९१ |
| राजश्व | | | | | | | | | |
| जम्मा आय रु. | ३१५८९७०७६ | ३४०३५०९४२ | ३२५८०८३२८ | ३५६२०३३२६ | ३९१६२३६६१ | ४३०५८६०२५ | ४७३४४४६२८ | ५२०५८९०९१ | २१७२४४६७३१ |

चित्र नं. ९.४ आवधिक योजना अवधिको आय प्रक्षेपण



## ९.५ स्रोत परिचालन रणनीति

संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय सरकारको हैसियतमा सिद्ध कुमाख गाउँपालिकाले निर्वाह गर्नुपर्ने विकास नर्माण र सेवा प्रवाहका कार्यहरु पुरा गर्न प्राथमिकता P१, P२ र P३ अन्तरगत रहने गरी योजनाहरुको वर्गिकरण गरिएको छ। यसको संक्षिप्त विवरण तालिका नं. ९.३ देखि ९.५ सम्ममा उल्लेख गरिएको छ। योजना बैंक अन्तरगत विषयगत अनुसूचिमा समावेश गरिएको योजनाका लागि यस पालिकाको सिमित स्रोत र साधनले यो परिमाणको लगानीको सुनिश्चितता प्रयास असम्भव देखिन्छ। तसर्थ यस आवधिक योजना अवधिमा प्राथमिकता P१ मा परेका योजनामा मात्र कार्यान्वयनमा ल्याउने गरी स्रोत परिचालन रणनीति तर्जुमा गरिएको छ। जुन यस प्रकार रहेका छन्।

- सबै विषयगत क्षेत्रका आवश्यक आधारभूत तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्ने
- वित्तीय व्यवस्थापन तथा स्रोत परिचालन सँग सम्बन्धित सबै खाले स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने
- बजेट विनियोजन गर्दा यस आवधिक योजना अवधिको हकमा विषयगत क्षेत्रको महत्व र भारका आधारमा योजना बैंकमा रहेका प्राथमिकता P१ मा परेका योजनामा मात्र कार्य सम्पन्न हुने गरी बजेट विनियोजन गर्ने
- स्रोत व्यवस्थापनको हकमा वित्तीय हस्तान्तरण बाट प्राप्त आय साथै राजश्व बाँडफाँड र आन्तरिक आय बाट प्राथमिकता P१ मा परेका योजनाका लागि समेत अपुग हुने भएकाले संघीय तथा प्रदेश सरकार साथै विकास साझेदार र स्थानीय सरोकारवालाको सहभागिता लाई विशेष महत्व दिने
- स्रोत परिचालन गर्दा स्थानीय बासीको जिवनस्तर माथि उठाउने, छिटो प्रतिफल प्राप्त हुने र परिवर्तनको आभास हुने गरेका आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, वातावरण विकास र संस्थागत विकास सँग सम्बन्धित योजना हरुलाई प्राथमिकता P१ थप प्राथमिकरण गरेर मात्र परिचालन गरिनेछ
- प्राथमिकता P१/ P२ मा परेका योजनाहरुको हकमा प्राथमिकता P१ का योजना सम्पन्न भए पछि स्वतह क्रमश प्राथमिकतामा आउने छन्। स्रोतको पर्याप्त व्यवस्थापन भएको अवस्थामा प्राथमिकता P२/ P३ का योजनाहरु समेत कार्यान्वयनमा आउन सक्ने व्यवस्था मिलाउन सकिनेछ।
- सकेसम्म घाटा बजेट निर्माण नगर्ने यदी गर्नु पर्ने परिस्थिति सिर्जना भए त्यसको पूर्तालका लागि भरपर्दो आधार अनिवार्य खोजी र उल्लेख गर्ने
- बजेट सिमा निर्धारण समिति, बजेट तर्जुमा समिति र राजश्व परामर्श समितिलाई थप क्रियाशिल बनाएर बजेट व्यवस्थापन तथा राजश्वका क्षेत्र र दायराको खोजी, व्यवस्थापन र विकासमा लगाउने
- अनुत्पादक खर्चको कटौति गरी उद्योगको स्थापना र विकास, व्यापार तथा व्यवसायको अभिवृद्धि साथै व्यवसायिक कृषि तथा पशुपन्छी पालन, पर्यटन लगायतका उत्पादनमुलक योजना तथा आयोजना तथा सो सँग प्रत्यक्ष सरोकार राख्ने योजना आयोजनामा अधिक लगानीको वातावरण सिर्जना गर्ने
- अवण्डा शिर्षकमा बजेट राख्ने परिपाटीको अन्त्य गरिनेछ।
- गाउँपालिकाका सबै खाले विकास निर्माण सँग सम्बन्धित विषय वस्तुलाई उत्पादन र उत्पादकत्वको मापदण्ड भित्र आवद्ध गर्ने

- राजश्व सुधार योजनाका आधारमा आवधिक रुपमा राजश्व सम्भाब्यता अध्ययन गरी कर तथा राजश्वका क्षेत्रहरुको पहिचान तथा नक्साङ्कन समेत गर्ने
- राजश्व तथा सेवा शुल्क दरलाई व्यवहारिक र पारदर्शि बनाउन निजी क्षेत्र तथा नागरिक समाज सँग समन्वय र साझेदारी गर्ने
- गाउँपालिका बासीको आय आर्जन क्षमता सँग मिलान हुने गरी व्यावहारिक राजश्व प्रणालीको विकास गर्ने
- राजश्व प्रासिका क्षेत्रका आधारमा सम्बन्धित क्षेत्रगत लगानी र उपयोगको विश्वासिलो वातावरण सिर्जना गरी गाउँबासिको विश्वास आर्जन गर्ने
- राजश्वको दायरा भित्र सहज रुपमा आउने करदाता लाई विशेष सहुलियत प्रदान गर्ने साथै प्रतयेक वर्ष कम्तिमा ३ जना असल र अधिक करदाता लाई पुरस्कार बाट सम्मान गरिनेछ
- मदिरा तथा सूर्तिजन्य पदार्थहरुको बेग्ला बेग्लै पसल राखी विक्रि वितरण गर्ने व्यवस्था मिलाईनेछ। साथै छुट्टाछुट्टै प्रकृतिका व्यवसायका लागि छुट्टाछुट्टै व्यवसाय दर्ता गरी सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।
- आर्थिक वर्षको क्रमश सुरु ३ महिनाभित्र, ६ महिनाभित्र र ९ महिनाभित्र कर तथा राजश्व बुझाउनेको हकमा विशेष छुट, छुट र सामान्य छुटको व्यवस्था गर्ने
- तोकिएको समय सिमाभित्र बेरुजु फछ्यौट गर्ने व्यक्तिलाई छुट तथा पुरस्कारको व्यवस्था मिलाउने
- व्यवशायिक लेखा प्रणालीको माध्यम बाट गाउँपालिकाको वित्तीय व्यवस्थापन लाई प्रभावकारी, पारदर्शि र व्यवहारिक बनाउने
- गाउँपालकाका सबै वडा केन्द्रमा बैंकिङ सेवा विस्तार गर्ने, बैंक तथा वित्तीय संस्था हरुलाई परिचालन गरी बैंकिङ साक्षरता अभिवृद्धि गर्ने साथै गाउँपालिकाको समेत साथ र सहयोगमा सबै गाउँबासीको अनिवार्य बैंक खाता हुने व्यवस्था मिलाउने

## ९.६ आवधिक योजना कार्यान्वयन

सिद्ध कुमाख गाउँपालिकाको यो दोस्रो आवधिक योजनाको अन्तिम दस्तावेजलाई गाउँपालिका बाट विधायिकी प्रकृया पुरागरी स्वीकृति गरिनेछ। यसरी स्वीकृत भएको योजना प्रकाशन गरी गाउँपालिकाका सम्बन्धित शाखा, उपशाखा, इकाई, वडा कार्यालय लगायत यस पालिकाका सहयोगी तथा सझेदार निकाय, गैर सरकारी संघ संस्था, सामुदायिक संघ संस्था र सरोकारवाला लाई उपलब्ध गराइनेछ। यस आवधिक योजनाको पूर्ण कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलापहरु गरिने छ।

- स्वीकृत भएको यस आवधिक योजनालाई वार्षिक बजेट तथा योजनाको माध्यम बाट कार्यान्वयनमा लगिने छ
- आवधिक योजनाका आधारमा मध्यकालिन खर्च संरचना तयार पारी कार्यान्वयनमा ल्याइने छ
- आवधिक योजनामा प्रस्ताव गरएका कार्यक्रम तथा आयोजना हरुको संभाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रस्ताव तयार गरिनेछ

- विस्तृत परियोजना प्रस्तावका आधारमा आयोजना अवधारणा पत्र तयार गरिनेछ भने आयोजना बैंकको रुपमा प्रस्तावित अनुसूचि हरुमा उल्लेखित विषयगत योजनका प्रथमिकता क्रमलाई पुनरसंयोजन गरिनेछ
- मध्यकालिन खर्च संरचना तयार गरी स्रोतको सुनिश्चितता गरी सोहि बमोजिम वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ
- यस आवधिक योजनालाई आयोजना बैंक र मध्यकालिन खर्च संरचना मार्फत वार्षिक बजेट तथा कार्यक्रममा जोडेर कार्यान्वयन गरिनेछ

### ९.७ अनुगमन तथा मूल्याङ्कन योजना

कुनै पनि योजनाको सफल कार्यान्वयनको एक महत्वपूर्ण पक्ष अनुगमन तथा मूल्याङ्कन हो। प्रत्येक तथा सबै खाले योजना, आयोजना तथा परियोजना वा कार्यक्रमको सफल सम्पन्नका लागि प्रवेश मार्ग, कार्यान्वयन मार्ग तथा निस्कासन मार्ग गरी जम्मा ३ वटा महत्वपूर्ण मार्ग पुरा गर्नु पर्दछ। सबै प्रकृतिका वा प्रकारका नीति, योजना कार्यक्रम तथा आयोजनामा लगानी तथा साधनको प्रवाह निर्धारित कार्यढाँचा वा निर्धारित गुणस्तर वा समुचित ढङ्गले भएको छ या छैन, निर्धारित कार्यतालिका बमोजिम क्रियाकलाप हरुको कार्यान्वयन भई अपेक्षित प्रतिफल प्राप्त हुने अवस्था छ या छैन सोको निगरानी राख्ने र पृष्ठपोषण गर्ने कार्य अनुगमन हो।

कुनै पनि योजना तथा आयोजनाको कार्यान्वयन बाट निर्दिष्ट उद्देश्य हाँसिल भए नभएको, लक्षित जनसङ्ख्या, वर्ग तथा समुदायले फाईदा पाए वा पाएनन् फाईदा पाएको भए के कस्ता फाईदा पाए साथै कार्य सम्पन्न भएका योजनाको दिगो पनाको अवस्था के रहेको छ र भावि दिनमा के कस्ता उपाय अवलम्बन गर्नु पर्छ भन्ने लगायतका विषयमा समेत कार्य सम्पन्न पश्चात अनुगमन तथा मूल्याङ्कन गरी भावी संभावना, अवसर, समस्या र चुनौतीका विषयमा निष्कर्शमा पुग्ने कार्यलाई मूल्याङ्कन भनिन्छ। कुनै पनि योजना, आयोजना तथा परियोजनाको मूल्याङ्कन साधरणतय मद्यावधि रुपमा र कार्य सम्पन्न भईसकेपछि अन्तिम मूल्याङ्कनको रुपमा गरिन्छ।

### ९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

कुनै पनि योजना, आयोजना तथा कार्यक्रमको सफल कार्यान्वयन एक अनिवार्य शर्त हो। सबै प्रकृतिका योजना तथा कार्यक्रमहरु आवश्यक प्रारम्भिक प्रकृया पुरागरी ठिक सँग कार्यान्वयनमा गए या गएनन् भन्ने विषयमा प्रारम्भिक अनुगमन तथा मूल्याङ्कनको आवश्यकता रहेको छ भने कार्यान्वयनमा गए पछि समयमै सम्पन्न उन्मुख छ या छैन, निर्धारित गुणस्तर कायम भएको छ या छैन, कार्यस्थलमा कुनै प्रकारको अवरोध वा बाधा व्यवधान भएको छ या छैन, सम्बन्धित योजनाको जिम्मा लिने व्यक्ति वा संस्थाले समय सिमा भित्रै तथा नियमित रुपमा सम्बन्धित सरोकारवाला बाट राय सल्लाह तथा सुझाव प्राप्त गरेका छन् या छैनन् भन्ने विषयका बारेमा अध्ययन गरी कहि कतै समस्या देखिएमा तत्काल समाधान गर्न अनिवार्य छ भने कार्य सम्पन्न पछि यसको प्रभाव मूल्याङ्कन समेत त्यतिकै अपरिहार्य छ।

उपरोक्त उल्लेख भए बमोजिम आवधिक योजनाले निर्धारित गरेको लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफलहरु हाँसिल उन्मुख भए नभएको निगरानी गर्न र लक्ष्य तथा उद्देश्य प्राप्तिको मद्यावधि तथा अन्तिम लेखा जोखा

गरी अगामि दिनको कार्यदिशा निर्धारण गर्न अनुगमन मूल्याङ्कन अपरिहार्य छ। तसर्थ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता देहाय बमोजिमका कार्यका लागि महत्वपूर्ण अङ्गको रुपमा स्वीकारिएका छन्।

- योजना कार्यान्वयनमा जानु अघि सम्पूर्ण प्रकृया सफल र सकारात्मक रुपमा अघि बढाउन
- कार्यान्वयनको दौरानमा आईपर्ने समस्याहरुको सहज समाधान गर्न
- योजनामा गरिएको लगानी तथा स्रोत साधनको प्रवाह अपेक्षा गरिए बमोजिम भए नभएको जानकारी प्राप्त गर्न
- कार्य सम्पन्न पश्चात अपेक्षित उपलब्धि हाँसिल भए नभएको पत्ता लगाउन
- सम्बन्धित योजना कार्यान्वयनको दौरानमा देखिएको समस्याहरु भविष्यमा अन्य योजना, आयोजना तथा कार्यक्रममा दोहोरिने अवस्था आउन नदिन पूर्व सतर्कताको सुनिश्चित गर्न

### ९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

यस आवधिक योजनाको कार्यान्वयन, यसको प्रभाव, असर र प्रतिफल तथा नतिजाको मापन गर्ने दोस्रो जिम्मेवारी गाउँ कार्यपालिकाको रहने भए बाट यसको समग्र अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी समेत कार्यपालिकाको हुनेछ। आवधिक योजनाले निर्दिष्ट गरेको लक्ष्य र उद्देश्य प्राप्त गर्न वार्षिक रुपमा सञ्चालनमा आएका योजना तथा आयोजना र कार्यक्रम हरुको अनुगमन, सुपरिवेक्षण र प्रतिवेदनको जिम्मेवारी गाउँपालिकाको उपप्रमुखको संयोजनकत्वमा गठित अनुगमन तथा सुपरिवेक्षण समितिको हुनेछ। यस आवधिक योजनाको अनुगमन र मूल्याङ्कनमा देहायका निकायहरु समेत संलग्न हुन सक्नेछन्।

- गाउँकार्यपालिका
- जिल्ला समन्वयन समिति, सल्यान
- गाउँकार्यपालिकाले कानून गठन गरेको अनुगमन तथा सुपरिवेक्षण समिति
- गाउँकार्यपालिकाका विषयगत समितिहरु
- गाउँपालिकाका विषयगत शाखा, उपशाखा तथा एकाई, परियोजना तथा संघ संस्था
- वडा समिति
- नागरिक समाज, संघ संस्था तथा तेश्रो पक्ष

### ९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

#### क. अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनको ढाँचा र प्रक्रिया साथै सो को व्यवस्था गाउँ कार्यपालिकाले मिलाउनु पर्नेछ। अनुगमन तथा मूल्याङ्कनका लागि देहाय बमोजिमको प्रक्रिय अवलम्बन गरिनेछ भने आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनको ढाँचा र प्रक्रिया तालिकामा उल्लेख भए बमोजिम हुनेछ।

- विषयगत योजनाका आधारमा चेक लिष्ट तयार पार्ने
- स्थालगत अनुगमन गर्ने
- लक्ष्य र प्रगति बिचको तुलना गर्ने
- प्रगति र नतिजामा आधारित ढाँचा अनुसार त्रैमासिक, अर्धवार्षिक तथा बार्षिक समिक्षा गर्ने
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक मध्यावधि मूल्याङ्कन गर्ने (तेश्रोपक्ष बाट)

- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक अन्तिम मूल्याङ्कन गर्ने (तेश्रोपक्ष बाट)

तालिका नं. ९.७ आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनको ढाँचा र प्रक्रिया

| क्र.सं. | गर्नु पर्ने कार्य | पुष्ट्याईका आधार | समय सिमा | गर्ने तरिका | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | कार्यक्रम/आयोजना को प्रकृया अनुगमन | • मासिक प्रगति प्रतिवेदन<br>• त्रैमासिक प्रगति प्रतिवेदन<br>• गुणस्तर अनुगमन प्रतिवेदन | • पटके<br>• मासिक,<br>• चौमासिक र<br>• वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• त्रैमासिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>• विषयगत समिति र कार्यपालिकाको बैठकमा समिक्षा गर्ने | • अनुगमन तथा सुपरिवेक्षक समिति<br>• वडा समिति<br>• शाखा<br>• परियोजना<br>• गै.स.स. |
| २ | योजनाको प्रभाव लेखा जोखा तथा मापन गर्ने | • प्रभाव मूल्याङ्कन प्रतिवेदन<br>• प्रभाव अनुगमन प्रतिवेदन<br>• नमूना अध्ययन वा सर्वेक्षण<br>• मध्यावधि समिक्षा प्रतिवेदन<br>• बस्तुस्थिति विवरण<br>• आयवजना/कार्यक्रम प्रभाव मूल्याङ्कन प्रतिवेदन | • योजना को अन्त्यमा तथा समाप्ति पछि<br>• मध्यावधि (तेश्रो वर्षको समाप्ति पछि)<br>• प्रभाव अनुगमन (अन्तिम वर्ष) | • नतिजामूलक अनुगमन खाका अनुसार प्रभाव मापन गर्ने<br>• सहभागितामूलक छलफल गर्ने<br>• नमूना अध्ययन/सर्वेक्षण गर्ने<br>• कार्यपालिका र सभाको बैठकमा समिक्षा गर्ने | • गाउँ सभा<br>• कार्यपालिका<br>• सरोकारवाला<br>• तेश्रो पक्ष |
| ३ | योजनाको असर मापन तथा मूल्याङ्कन गर्ने | • मध्यावधि समिक्षा प्रतिवेदन<br>• असर अनुगमन प्रतिवेदन | • वार्षिक<br>• मध्यावधि र<br>• अन्तिम | • नतिजामूलक अनुगमन खाका अनुसार असर मापन गर्ने | • कार्यपालिका<br>• सुपरिवेक्षण तथा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • वार्षिक समिक्षा प्रतिवेदन<br>• नमूना अध्ययन/सर्वेक्षण<br>• बस्तुस्थिति विवरण | वर्ष | • नमूना अध्ययन/सर्वेक्षण गर्ने<br>• कार्यपालिकामा समिक्षा गर्ने<br>• आयोजना/कार्यक्रमको कार्य सम्पन्न प्रतिवेदन अध्ययन गर्ने<br>• आयोजना/कार्यक्रममा भएको खर्चको अध्ययन गर्ने<br>• सामाजिक परीक्षण र प्रतिवेदन विश्लेषण गर्ने<br>• सहभागितामूलक रुपमा समिक्षा गोष्ठी गर्ने | अनुगमन समिति<br>• तेश्रो पक्ष |
| ४ | प्रतिफलको अनुगमन तथा मूल्याङ्कन गर्ने | • त्रैमासिक प्रगति प्रतिवेदन<br>• वार्षिक समिक्षा प्रतिवेदन<br>• वस्तुस्थिति विवरण | • त्रैमासिक<br>• अर्धवार्षिक<br>• वार्षिक र<br>• मध्यावधि | • स्थलगत अनुगमन गर्ने<br>• वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार प्रतिफल मापन गर्ने<br>• कार्यपालिका र विषयगत समितिको बैठकमा समिक्षा गर्ने<br>• सामाजिक परीक्षण | • कार्यपालिका<br>• सुपरिवेक्षण तथा अनुगमन समिति<br>• विषयगत समिति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गर्ने तथा प्रतिवेदन विश्लेषण गर्ने | |

**ख. योजना प्रगति प्रतिवेदन प्रणालीको ढाँचा**

नतिजामूलक अनुगमन प्रणाली अनुसार नतिजा खाकाको उपयोग गरी प्रस्थावित सूचक अनुसार हाँसिल हुनुपर्ने लक्ष्य हाँसिल भए नभएको विषयमा लेखाजोखा गर्न देहाय बमोजिमको योजना प्रगति प्रतिवेदन प्रणालीको ढाँचा प्रयोग गर्न सकिनेछ। अनुगमन गर्दा योजनाको लक्ष्य, उद्देश्य, प्रतिफल र कार्यक्रम समेत गरिनु पर्ने भएकाले गाउँपालिकाले आफ्ना आवश्यकता र उपलब्ध सूचना र विवरणका आधारमा अनुगमन तथा प्रतिवेदन प्रणालीको समेत विकास गर्न सक्नेछ। नतिजामूलक अनुगमन प्रणाली मार्फत तोकिएको ढाँचामा तयार गरिएको प्रतिवेदन उपर विषयगत समिति, कार्यपालिका तथा सभामा छलफल गरी आवश्यकता अनुसार प्रदेश तथा संघीय सरकार समक्ष पेश गर्न सकिनेछ।

तालिका नं. ९.८ प्रगति प्रतिवेदनको ढाँचा

| नतिजा श्रृङ्खला | कार्य सम्पादनको सूचकहरु | | | भौतिक लक्ष्य | प्रगति (भौतिक र वित्तीय) | लक्ष्य र प्रगति बिचकव अन्तर | कारण | समाधानका रणनीति |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाई | आधार तथ्याङ्क | | | | | |
| लक्ष्य | | | | | | | | |
| असर | | | | | | | | |
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| प्रतिफल | | | | | | | | |
| २.१ | | | | | | | | |
| २.२ | | | | | | | | |
| प्रमुख कार्यक्रम | | | | | | | | |
| १.१.१ | | | | | | | | |
| १.१.२ | | | | | | | | |
| १.१.३ | | | | | | | | |

# माइन्यूट र तस्विर

DATE..................

आज मिति २०८० साल फागुन महिनाको १४ गते सिद्ध कुमाख गाउँपालिकाको सभाहलमा सोसियो रेजिलियन्ट स्ट्रक्चरल सोलुसन प्रा.लि. काठमाडौंको परामर्शमा तथा सिद्ध कुमाख गाउँपालिकाका अध्यक्ष श्री भरत गिरीको अध्यक्षतामा सिद्ध कुमाख गाउँपालिकाको आवधिक योजना तर्जुमाको अभिमुखीकरण तथा कार्यशाला गोष्ठी सु-सम्पन्न गरियो।

उपस्थिति

श्री भरत गिरी - अध्यक्ष
श्री राम बहादुर बस्नेत - उपाध्यक्ष
श्री डिल्ली खड्का - प्रमुख प्रशासकीय अधिकृत
श्री विश्व के.सी. - परामर्शदाता
श्री रमेश चलाउने - १ नं वडा अध्यक्ष
श्री मेघ बहादुर बुढाथोकी - २ नं वडा अध्यक्ष
श्री जीवराज बोहरा - ३ नं वडा अध्यक्ष
श्री खड्क बि रोका - ४ नं वडा अध्यक्ष
श्री चुडामनी रेउले - ५ नं वडा अध्यक्ष
श्री करुणा राना बस्नेत - कार्यपालिका सदस्य
मनि श्री मनि कार्की - " "
श्री आशा परियार - " "
श्री बदि कवर - " "
श्री कैलाश परियार - " "
भिम श्री भिम बहादुर विक - " "
श्री राजेश बोहरा - अधिकृत द्वैत
श्री शोभा राम रावल - प्राविधिक शाखा प्रमुख
श्री [illegible] - स्वास्थ्य शाखा प्रमुख
श्री निशान खड्का मगर - कृषि विकास शाखा प्रमुख
श्री हर्ष क रोकाया - आ.ले.प. शाखा प्रमुख
श्री प्रेमराज वि.क. - खा.पा.स.ई.
श्री प्रमोदलाल श्रेष्ठ - (वाश संयोजक)
श्री निर्मला रकी - महिला तथा बालबालिका शाखा
श्री भिमलाल भण्डारी - सूचना प्रविधि अधिकृत

DATE............

श्री रामकुमार डाँगी (संमार संयोजक)
श्री लक्ष्मी कुमारी अधिकारी फिल्ड सहायक
श्री प्रतिभा ओली खड्का शिक्षा अधिकृत
श्री चेतना थापा प्रा·स·
श्री कमल चन्द स·चौ.
श्री चन्द्रा देवकोटा बुढाथोकी स·म·वि·नि·
श्री सर्मिला चौधरी - क·अ·
श्री तुलसा कवर - पो·स·
श्री अंकित यादव - अ·नि·ई
श्री बुद्धिराम बुढाथोकी - रो. प्राविधिक
श्री नर बहादुर ओली रो·सहायक
श्री हिमा कुमारी रेउले - का·स·
श्री सरीता खड्का - सि·अ·हे·व·
श्री सन्तोष बोहरा - का·स·
श्री तोला कुमारी बुढाथोकी · का·स·
श्री सुनिता खड्का · सा·प·
श्री चेतना थापा प्रा० त०
श्री रेकम वि·इ
श्री करविर बोहरा - का·स·
श्री ..
श्री

DATE......................

आज मिति २०८० फाल्गुन २० गतेका दिन सिद्ध कुमाख गाँउपालिका वडा नं १ बाँसखोलाको सभाहलमा रमेश चलाउनेको अध्यक्षतामा बसेको आवधिक योजना निर्माण गर्नेको लागी कार्यशाला गोष्ठि गरि निम्न प्रस्तावना छलफल गरी निर्णय पारित गरियो।

उपस्थिति :

| | | |
|---|---|---|
| श्री | रमेश चलाउने | (वडा अध्यक्ष) |
| श्री | कृष्ण प्रसाद अर्याल | (वडा सचिव) |
| श्री | कमला वली | (सि. अ. हे. मी) |
| श्री | लोन बहादुर बुढाथोकी | |
| श्री | चक्र बहादुर वली | (ना. प्र. स्वा. वा) |
| श्री | लेव बहादुर बुढाथोकी | |
| श्री | वीर बहादुर बुढाथोकी | |
| सेते श्री | सेते बुढाथोकी | |
| श्री | ओपेन्द्र बहादुर बुढाथोकी | |
| श्री | रुपा बुढाथोकी | |
| श्री | सुरेन्द्र बुढाथोकी | |
| श्री | लाली बस्नेत | |
| श्री | दिलमाया बस्नेत | (वडा सदस्य) |
| श्री | विश्व के. सी | परामर्श दाता |
| श्री | रेकम वि. क | " |

प्रस्ताव :

(१) आवधिक योजना निर्माण गर्ने बारे।

निर्णयहरु:

(१) प्रस्ताव नं १ माथि व्यापक छलफल गर्दा यस सिद्ध कुमाख गाउपालिका वडा नं १ बाँसखोलामा आ.व. २०८१/८२ को आवधिक योजना लागी टोल बस्तीमा रहेका योजनाहरुको बारेमा छलफल गरी वडा स्तरीय कार्यशाला गोष्ठी सम्पन्न गरियो।

सिद्ध कुमाख गाउँपालिका
२ नं. वडा कार्यालय
भडारे

आज मिति २०८०।११।१८ गते का दिन यस सिद्ध कुमाख गा. पा. वडा नं २ का वडा अध्यक्ष श्री मेक बहादुर बुढाथोकी ज्यू को अध्यक्षताम्मा आवधिक योजना निर्माण गर्नका लागी कार्यशाला गोष्ठी गरी निम्न प्रस्तावहरु मा छलफल गरी निर्णय पारित गरियो ।

उपस्थिती

| | | |
|---|---|---|
| श्री मेक बहादुर बुढाथोकी | — | वडा अध्यक्ष |
| श्री कलिराम चलाउने | — | " सदस्य |
| श्री सिता वस्नेत | — | " " |
| श्री राजेश कुमार वस्नेत | — | " " |
| श्री लक्ष्मी वि क | — | " " |
| श्री केशर परियार | — | कार्यपालिका सदस्य |
| श्री हरिहर बुढाथोकी | — | सिद्धमा वि प्र अ |
| श्री विश्व के सी | — | ग्रामसेवा दाता |
| श्री रेकम वि क | — | ग्रामसेवा दाता |
| श्री तिलक बहादुर चलाउने | — | |
| श्री रेशम चलाउने | | |
| श्री मनिराम बुढाथोकी | | |
| श्री बल बहादुर वस्नेत | | |
| श्री प्रेम बहादुर चलाउने | | |
| श्री हेमन्त चलाउने | | |
| श्री कृष्ण बहादुर चलाउने | — | वडा सचिव |
| श्री ताराध्वज कवर | — | पशु प्राविधिक |
| श्री निशा के सी | — | कृषि प्राविधिक |
| श्री बल बहादुर चलाउने | — | का स |
| श्री आतिराम वस्नेत | — | जिल्लुमा वि प्र अ |
| श्री धन बहादुर चलाउने | — | सिद्धमा वि प्र अ |
| श्री हुमा बुढाथोकी | — | |
| श्री चुके रोका | — | |
| श्री कुमार रेड्ले | | |

प्रस्तावहरु

१- आवधिक योजना तर्जुमा सम्बन्धमा ।

२-

निर्णयहरु

निर्णय नं १ प्रस्ताव नं १ माथि छलफल गर्दा यस सिद्ध कुमाख गा.पा. वडा नं २ भंडारे आ.व. २०८१/०८२ को लागी टोल-बस्तीमा रहेका योजनाहरु बारेमा छलफल गरी यस वडा को कार्यशाला गोष्ठी सम्पन्न गरियो ।

DATE......................

आज मिति २०८०।११।१६ गते बिहिवारका दिन यस सिद्ध कुमाख गाउँपालिका वडा नं ३ का वडा अध्यक्ष श्रीजिवराज बोहराको अध्यक्षतामा आवधिक योजना निर्माण गर्नको लागि कार्यशाला गोष्ठी गरी निम्न प्रस्तावहरूमा छलफल गरी निर्णय पारित गरियो

उपस्थिति

श्री जिवराज बोहरा (वडा अध्यक्ष)
श्री कुलाराम रेग्ले (वडा सदस्य)
श्री भिम बहादुर रेग्ले ''
श्री आसा परियार (का. सदस्य)
श्री वुदी कवर (का. सदस्य)
श्री बिश्व के.सी (परामर्श दाता)
श्री रेकम वि.क ''
श्री हर्क बहादुर रेग्ले (प्र.अ बालकल्याण आ.वि)
श्री मोहन देवकोटा ('' हिमालय आ.वि)
श्री कुपे ~~लाल~~ थापा (वि.व.स अध्यक्ष निराजन मा.वि)
श्री निशा बुढाथोकी (जनमी)
श्री दुर्गालाल गिरी (बुद्धिजिवी)
श्री रमेश डि.सी (व्यापारी)
श्री ललिता गौतम न्यौपाने (अध्यक्ष सानाकिसान)
श्री दल बहादुर बोहरा
श्री लोकबहादुर बुढाथोकी
श्री मनविर बुढाथोकी
श्री सितला कुमारी रोकाया (वडा सचिव)
श्री शोभा लामिछाने (स्वा. प)
श्री चन्द्री कुमारी बुढाथोकी-चलाउने (का.स)
श्री मनिराम बुढाथोकी
श्री उमा चलाउने (अ. हे. व)

प्रस्तावहरू

प्रस्ताव नं. १ आवधिक योजना तर्जुमा सम्बन्धमा ।

सिद्ध कुमाख गाउँपालिका ३ नं. वडा कार्यालय डाँडाकटेरी, सल्यान

DATE....................

## निर्णयहरू

निर्णय नं. १. प्रस्ताव नं. १ माथी व्यापक छलफल गर्दा यस सिद्ध कुमाख गाउँपालिका वडा नं. ३ डाँडाकटेरीमा आ.व २०८१/८२ को लागि योल वस्तीमा रहेका योजनाहरूको बारेमा छलफल गरी यस वडाको कार्यशाला गोष्ठी सम्पन्न गरियो।

आज मिति २०८० साल [illegible] महिनाको १६ गतेका दिन यस सिद्ध कुमाख गाउँपालिका वडा नं ४ का वडा अध्यक्ष श्री खड्कवीर रोका ज्यु को अध्यक्षतामा वडाको आवधिक योजना निर्माण गर्नको लागी कार्यशाला गोष्ठी गरी निम्न प्रस्तावहरुमा छलफल गरी निर्णय पारित गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| [signature] | श्री खड्कवीर रोका | (वडा अध्यक्ष) |
| [signature] | श्री करुणा राना बस्नेत | (महिला वडा सदस्य) |
| [signature] | श्री माने खड्की | (वडा सदस्य) |
| [signature] | श्री नर ब. बस्नेत | (वडा सदस्य) |
| [signature] | श्री शेर ब. रोका | (वडा सदस्य) |
| [signature] | श्री विश्व के.सी. | (परामर्श दाता) |
| [signature] | श्री रेशम वि.क. | (परामर्श दाता) |
| [signature] | श्री नवराज आचार्य | (वडा सचिव) |
| [signature] | श्री सिलास बस्नेत | (प्रा.स. प्राविधिक) |
| [signature] | श्री भाविशा बुढाथोकी | (अ.हे.व.) |
| [signature] | श्री विजय राना | (शिक्षक) |
| [signature] | श्री कर्ण बहादुर बुढा | (शिक्षक) |
| [signature] | श्री सुशिला राना | (शिक्षिका) |
| [signature] | श्री प्रेमि रोका | (शिक्षिका) |
| [signature] | श्री सिता रोका | (शिक्षिका) |
| [signature] | श्री प्रेम ब. बुढामगर | (शिक्षक) |
| [signature] | श्री रमेश बस्नेत | (कृषि व्यवसायी) |
| [signature] | श्री पुनाराम रेउले | (कृषि व्यवसायी) |
| [signature] | श्री देविका रोका | (अ.हे.) |

प्रस्तावहरु

प्रस्ताव नं १ – वडा नं ४ को आवधिक योजना तर्जुमा सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं १ प्रस्ताव नं १ माथि व्यापक छलफल गर्दा यस सिद्ध कुमाख गाउँपालिका वडा नं ४ रवावतमा आ.व. २०८१/८२ को लागी टोल-बस्तीमा रहेका योजनाहरुको बारेमा छलफल गरी यस वडाको कार्यशाला गोष्ठी सम्पन्न गरियो ।

[signature]

DATE.......................

आज मिति २०८०।११।१५ गतेका दिन यस सिद्ध कुमाख गा.पा. वडा नं. ५ का वडा अध्यक्ष श्री चुडामणि रेउले ज्यूको अध्यक्षतामा आवधिक योजना निर्माण गर्नाको लागि कार्यशाला गोष्ठी गरी निम्न प्रस्तावहरुमा छलफल गरी निर्णय पारित गरियो।

उपस्थिति

| | | |
|---|---|---|
| श्री | चुडामणि रेउले | (वडा अध्यक्ष) |
| श्री | भुपलाल वोहरा | (वडा सदस्य) |
| श्री | चन्द्रा बुस्लेत वोहरा | ( '' ) |
| श्री | पवित्रा वोहरा | ( '' ) |
| श्री | सावित्रा कामी | ( '' ) |
| श्री | भिम ब. वि.क | (का. सदस्य) |
| श्री | विरख केसी | करार्क दाता |
| श्री | रेजम कि.क | -"- |
| श्री | रिका बस्नेत | (पशु.प्रा.) |
| श्री | तिला कु. रेउले | (कृषि.प्रा.) |
| श्री | विर ब. वि.क | (व्यापारी) |
| श्री | रिता घर्ती वोहरा | (व्यापारी) |
| श्री | रेशम बुढाथोकि | (शिक्षक) |
| श्री | सुनिता रोक | (स्वा.चौ.) |
| श्री | प्रकाश घर्ति | (वडा सचिव) |
| श्री | लहकी कु. पुन | (स्वा.पि.) |
| श्री | तिलाराम खड्का | (का.स) |

प्रस्तावहरु

प्रस्ताव नं १ आवधिक योजना तर्जुमा सम्बन्धमा।

निर्णयहरु

निर्णय नं १ प्रस्ताव नं १ माथि छलफल गर्दा यस सिद्धकुमाख गाउँपालिका वडा नं ५ छापगाडामा आव २०८१।८२ को लागि टोलबस्तीमा रहेका योजनाहरुको बारेमा

DATE.....................

छलफल गरि यस पत्रको कार्यशाला गोष्ठी सम्पन्न गरियो

## अनुसूची एघारः मस्योदा प्रतिवेदन प्रस्तुतिकरणको माईन्यूट

DATE......................

आज मिति २०८१ साल वैशाख महिनाको १०गते सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री भरत गिरीज्यूको अध्यक्षतामा गाउँपालिकाको पञ्च वार्षिक योजना (आ.व. २०८१/८२ देखी २०८५/८६) को तर्जुमा तथा निर्माण सम्बन्धमा परामर्शदाता र गाउँपालिका पदाधिकारी तथा सरोकारवालाको कार्यशाला गोष्ठी देहायको उपस्थितिमा सम्पन्न गरीयो।

श्री भरत गिरी - अध्यक्ष
श्री राम बहादुर बस्नेत - उपाध्यक्ष
श्री डिल्ली खड्का - प्र.प्र.अ.
श्री रमेश चलाउने - वडाध्यक्ष
श्री मेक बहादुर बुढाथोकी - वडाध्यक्ष
श्री शिवराज बोहरा - वडाध्यक्ष
श्री खड्गविर रोका - वडाध्यक्ष
श्री चुडामणी रेउले - वडा अध्यक्ष
श्री कुंदी कवर - कार्यपालिका सदस्य
श्री आशा परीयार - ” ”
श्री करुणा राना बस्नेत - ” ”
श्री मनि सार्की - ” ”
श्री केशर परीयार - ” ”
श्री भिम बहादुर परीयार - ” ”
श्री भिमलाल भण्डारी
श्री रविन्द्र बहादुर थापा
श्री मदन बुढाथोकी सि.पा.अ.
श्री अंकित [illegible] अ.ल.ई.
श्री [illegible] रोकाया आ.लं.प.
श्री सोलाराम रावल प्राविधिक शाखा प्रमुख
श्री सुरेन्द्र [illegible] स्वा.शाखा प्रमुख
श्री राजेश बोहरा - आधिकृत (छैठौं)
श्री गोविन्द चलाउने (कृ.वि.स)
श्री पारस बुढाथोकी (प्राविधिक)
मनोज वि.क. (पि.को.प्र.)
अमित कुमार यादव (अ.स.ई.)
प्रमोद [illegible] श्रेष्ठ, यारस संयोजक

DATE.....................

श्री लक्ष्मी कुमारी अधिकारी - फिल्ड सहायक
श्री तुलसा कुमारी कवर - पोषण सहजकर्ता
श्री कमल चन्द - सहायक चौथो
श्री प्रदिप खड्का - ते.का.स.का. वि प्र.०अ. द्वार
श्री विमला खत्री - ध. न. वि. नि.
श्री चन्द्रा देवकोटा - सि. प्र. वि. नि.
श्री सुनिता गिरी - स्वा. स. स्वा. सा. प.
श्री विष्ण के.सी. - परामर्शदाता
श्री किरण के.सी. - परामर्शदाता
श्री प्रविण नवाली - परामर्शदाता
श्री नर बहादुर वली - रोजगार सहायक
श्री चेतना थापा - प्रा० स्व०

प्रस्तावहरु,

१. आवधिक योजनामा समेटिने योजनाको प्राथमिकिरण सम्बन्धमा।
२. आवधिक योजनाको मस्यौदा प्रतिवेदन तयार गर्ने सम्बन्धमा।

निर्णयहरु,

१) प्रस्ताव नं १ माथी छलफल गर्दा गाउँपालिकाको आ.व. २०८१/८२ - २०८५/८६ को पञ्च वार्षिक योजना निर्माण अन्तरगत वडा कार्यालय मार्फत संकलन भएका योजनाको सुचीमा प्राथमिकिरण गर्ने निर्णय गरियो।

२) प्रस्ताव नं २ माथी छलफल गर्दा परामर्शदाताको टोली बाट तयार गरेको आवधिक योजनाको प्रारम्भिक मस्यौदा प्रतिवेदन स्वीकृत गरी तयार गर्ने निर्णय गरियो।






आवधिक योजना तर्जुमाको अभिमुखिकरण तथा तयारी कार्यशालाका तस्बिरहरु
मिती :- २०८०/११/१४ गते



आवधिक योजना तर्जुमाको अभिकुखिकरण तथा तयारी कार्यशालाको वडागत तस्बिरहरु (वडा नं. १)



आवधिक योजना तर्जुमाको अभिकुखिकरण तथा तयारी कार्यशालाको वडागत तस्बिरहरु (वडा नं. २)







आवधिक योजना तर्जुमाको अभिकुखिकरण तथा तयारी कार्यशालाको वडागत तस्बिरहरु (वडा नं. ३)



आवधिक योजना तर्जुमाको अभिकुखिकरण तथा तयारी कार्यशालाको वडागत तस्बिरहरु (वडा नं. ४)



आवधिक योजना तर्जुमाको अभिकुखिकरण तथा तयारी कार्यशालाको वडागत तस्बिरहरु (वडा नं. ५)



मस्योदा प्रतिवेदन प्रस्तुतिकरण तस्बिरहरु
मिती :- २०८१/०१/१० गते